# नरेन्द्रराज प्रसाईकृत भानुजीवनी : मूल्य र मान्यता

(समालोचनासङ्ग्रह)

नइ प्रकाशन

# नरेन्द्रराज प्रसाईकृत भानुजीवनी
# मूल्य र मान्यता

इन्दिरा प्रसाई

प्रकाशक : नइ प्रकाशन
पोस्टबक्स : ११४४१, काठमाडौं (नेपाल)
टेलिफोन : ४७७१४५५, फ्याक्स : ४७७०५८०
Email : nai.com.np@gmail.com
website : www.nai.com.np
संशोधक : पुष्पराज राई
आवरण चित्रकार : इन्द्र खत्री
आवरण सज्जा : बुद्ध प्रधान
कम्प्युटर : आयुष्मान शाक्य
मुद्रक : सिग्मा जनरल अफसेट प्रेस
सुरक्षित : २०७३ साल (2016)

Narendra Raj Prasai Krit Bhanu Jivani : Mulya Ra Manyata
Edited by: Indira Prasai

# प्रकाशकीय

नेपाली वाङ्मयको श्रीवृद्धिका लागि २०५२ साल माघ १५ गते नइ प्रकाशनको स्थापना भएको हो । नेपाली भाषा संसारप्रतिको साधना हेतु जन्मेको नइ प्रकाशन वसुधैव कुटुम्बकम्को आदर्शमा आबद्ध छ । नइ प्रकाशनले परम्परागत नेपाली सांस्कृतिक मूल्य, मान्यता र धारणालाई सदैव शिरोपर गर्दै आएको छ । देशदेशान्तरका प्रतिभाको सम्मान गर्नु पनि यस संस्थाको प्रमुख उद्देश्य रहेको छ ।

नेपाली भाषासाहित्य, कला, संस्कृति, समाजसेवा, ज्ञानविज्ञान, चिन्तन, खेलकुदलगायत अन्य विविध क्षेत्रका प्रतिभाको खोजी र तिनीहरूको अर्चनामा नइ प्रकाशन अग्रसर छ । यस संस्थाबाट बेलामौकामा साहित्यिक, सांस्कृतिक कार्यका अतिरिक्त विविध ग्रन्थमालाको पनि प्रकाशन भइरहेको छ ।

नइ प्रकाशन विशुद्ध नेपाली मूल्य, मान्यता र धारणालाई अङ्गीकार गर्दै नेपाली प्रतिभाका सिर्जनात्मक कौशललाई सुन्दर एवम् सुरुचिपूर्ण ढङ्गले प्रस्तुत गर्नसमेत अग्रसर छ । जगत्मा जन्मेर जीवन चलाउन जमजमाउने हरेकले जन्मभूमिको जयगानमा आफूलाई समर्पित गर्नु उसको पुनीत कर्तव्य हो । यस सन्दर्भमा वाङ्मयसेवा पनि राष्ट्रसेवाको महत्त्वपूर्ण कडी हो भन्ने भावनाले यो संस्था उत्साहित एवम् क्रियाशील छ ।

नइ प्रकाशनको प्रस्तावनामा उल्लिखित उद्देश्यअनुरूप विविध कार्यक्रम र योजनामुताबिक प्रस्तुत कृति पनि प्रकाशमा आएको हो ।

नरेन्द्रराज प्रसाईकृत 'भानुभक्त आचार्यको जीवनवृत्त' नामक जीवनी कृति अहिलेसम्म प्रकाशित भानुजीवनीमध्ये मोतीराम भट्टलिखित भानुजीवनीपछिको अद्यावधिक र मानक भानुजीवनी भएको बेहोरा सर्वविदितै छ । नेपालका सुप्रसिद्ध र प्रमुख समालोचकलगायत समकालीन पुस्ताका प्रतिनिधि समालोचकहरूसमेतले प्रसाईकृत भानुजीवनीको मूल्य र मान्यतालाई दृष्टिगत गरी लेखिएको समालोचनाले माथि उल्लिखित बोलीलाई नै अङ्गीकार गरेको पाइन्छ । नेपाली साहित्याकाशमा जीवनी लेखनमा आफ्नो हैसियतलाई विश्वसनीयताको नापोमा बाँध्न सफल नरेन्द्रराज प्रसाईकृत भानुजीवनीबारे विद्वान् र विदुषीहरूको मत र सर्वेक्षण यस ग्रन्थमा प्रविष्ट भएको छ ।

इन्दिरा प्रसाईद्वारा सम्पादित ग्रन्थ 'नरेन्द्रराज प्रसाईकृत भानुजीवनी : मूल्य र मान्यता' नेपाली साहित्यको समालोचकीय भण्डारमा एउटा विशिष्ट प्राप्ति भएको छ । भानुजीवनीकै सन्दर्भमा कुरा गर्ने हो भने पनि हालसम्मकै अद्यावधिक र मानक भानुजीवनी प्रसाईकृत नै भएको हुँदा त्यस कृतिका विशेषतालाई एकएक केलाएर समालोचकहरूबाट समीक्षात्मक अभिलेख तयार भएको प्रस्तुत कृतिले नेपाली साहित्यको भानुभक्तीय शृङ्खलामा आफ्नै आयाम स्थापित गर्नेछ भन्ने हामीलाई लागेको छ ।

कविता, कथा, उपन्यास, निबन्ध, समालोचना र सम्पादनसमेतमा आफ्नो सशक्त कलम र कला प्रस्तुत गरिसकेकी इन्दिरा प्रसाईद्वारा सम्पादित यस कृतिको महिमा र महत्ता पनि विशेष हुनेछ भन्ने हामीलाई लागेको छ ।

**नरेन्द्रराज प्रसाईकृत भानुजीवनी : मूल्य र मान्यता**नामक कृति प्रकाशन गर्न पाउनु नइ प्रकाशनका लागि एउटा विशेष गौरवको अवसर हो ।

• नइ प्रकाशन

# विषयसूची


- **सम्पादकीय • ११**
  नरेन्द्रराज प्रसाईकृत भानुजीवनी : मूल्य र मान्यता

१. **प्रा.डा.उषा ठाकुर • ४९**
   गहिरो खोज र ठोस प्रमाणको ग्रन्थ

२. **प्रा.कपिल अज्ञात • ५५**
   मानकीय स्वरूपको मूल्यवान् सामग्री

३. **प्रा.डा.कपिल लामिछाने • ६८**
   सम्यक् अध्ययन

४. **डा.कविता लामा • ७९**
   सत्य घटनाको खोजी : विवाद र भ्रमको अन्त्य

५. **प्रा.डा.केशवप्रसाद उपाध्याय • ८५**
   निष्पक्ष र निर्भीकताको मूल्यवान् प्रस्तुति

६. **प्रा.केशव सुवेदी • ८९**
   सम्परीक्षण र परिमार्जन

७. **प्रा.डा.गार्गी शर्मा • ९५**
   सत्यको खोजी

८. **प्रा.गोपीकृष्ण शर्मा • १०७**
   अद्यावधिक र मानक

९. **प्रा.डा.घनश्याम नेपाल • ११६**
भानुभक्तीय शृङ्खलाको महत्त्वपूर्ण प्राप्ति

१०. **प्रा.डा.दयाराम श्रेष्ठ • १२१**
भानुबारे तथ्यानुसन्धान

११. **डा.देवीप्रसाद सुवेदी • १२७**
सार्थक उपलब्धि

१२. **डा.पुष्प शर्मा • १३४**
तथ्यपरक निष्कर्ष

१३. **प्रेमप्रसाद तिवारी • १५६**
प्राज्ञिक समस्याहरूको तथ्यात्मक समाधान

१४. **प्रा.डा.महादेव अवस्थी • १६६**
सर्वाधिक गहकिलो र विश्वसनीय अभिलेख

१५. **प्रा.डा.माधवप्रसाद पोखरेल • १७२**
अनुसन्धानको अपरिहार्य दस्तावेज

१६. **प्रा.डा.मुरारीप्रसाद रेग्मी • १८२**
भानुजन्मकुण्डली किन बनाइयो ?

१७. **डा.मोदनाथ प्रश्रित • १९१**
विशिष्ट उपलब्धि

१८. **प्रा.मोहनराज शर्मा • १९७**
खोजपरक, तथ्यमूलक र विश्लेषणात्मक कृति

१९. **रजनी ढकाल • २०३**
विवाद र शङ्काको निवारण

२०. **प्रा.राजेन्द्र सुवेदी • २१०**
मिथ्याको बहिष्कृति : सत्यको स्वीकृति

२१. **डा.लक्ष्मणप्रसाद गौतम • २३०**
अन्तर्मन्थनबाट निस्केको नौनी

२२. **डा.लेखप्रसाद निरौला • २३८**
गहकिला तर्क र प्रमाणको दस्तावेज

२३. **प्रा.डा.वासुदेव त्रिपाठी • २५२**
अद्यावधिक मानक भानुजीवनी

२४. **डा.विष्णु के.सी. • २८०**
कोसेढुङ्गामा आबद्ध गाथा

२५. **प्रा.डा.शर्वराज आचार्य • २९०**
कपोलकल्पित कुराको खण्डन

२६. **शान्तिमाया गिरी • ३०१**
ज्ञान र सूचनाको केन्द्र

२७. **शालिकराम पौड्याल • ३०८**
ऐतिहासिक पुनरुत्खनन

२८. **डा.सुकुम शर्मा • ३२१**
जीवनवृत्तको मूल्यबोध

२९. **ज्ञानु अधिकारी • ३३०**
भानुभक्तमाथिको मूल्यवान् प्राप्ति

# नरेन्द्रराज प्रसाईकृत भानुजीवनी मूल्य र मान्यता

समाज, राष्ट्र वा विश्वकै सन्दर्भमा उपयोगी कर्म गरेर जीवन रित्त्याउने व्यक्तित्वहरूको जीवनगाथालाई अक्षरमा लिपिबद्ध गरिने साहित्यको एउटा विधालाई जीवनी साहित्य भनिन्छ । वास्तवमा नै मानव जाति कृतज्ञ जातिमा दरिन्छ पनि । मानव जातिले सम्पूर्ण प्राणीहरूमध्ये सचेतनामा वर्चस्वता प्राप्त गरेको छ । मानवीयताको यही प्राप्तिको एक थरी मूल्यवेत्तता पनि हो– जीवनी लेखनको कार्य । यिनै कारणहरूले गर्दा पनि त्यही व्यक्ति, समाज वा राष्ट्र नै कृतज्ञ ठहरिन्छ जसद्वारा गुणीको इतिहास लेखिने क्रममा जयगान गरिन्छ ।

त्यसो त कुनै पनि मान्छेको समग्र जीवनकथाका केही पाटामा कालो छाया पनि परेको हुन सक्छ र सच्चा जीवनीकारले सो पाटोमा पनि प्रकाश पारेको हुन सक्छ । लेखन इमानका सन्दर्भमा ती कालो पाटा पनि उल्लिखित हुनै पर्ने हुन्छ । एउटा व्यक्तिको साङ्गोपाङ्गो कथाव्यथा नै उक्त व्यक्तिको जीवनीमा समाहित भएको हुन्छ भन्नु युक्तिसङ्गत हुनेछ । हुन त कालो पाटोमै चुर्लुम्म डुबेको व्यक्तिले पनि सर्लक्क सेतो कर्म गरेको हुन सक्छ । भौतिक चोला विसर्जनपछि वा अघि नै पनि व्यक्तिको कर्मको लेखाजेखा गर्दा उक्त व्यक्तिविशेषको भौतिकी भन्दा उसको कर्मकै पल्लापटि भार ज्यादा खोजिन्छ र त्यसरी प्राप्त हुने भारत्वका कारण उसलाई

कालो भौतिकीबाट क्षयित बनाउँदै उसका तत्तत सत्कर्ममा प्रकाश पार्न आवश्यक हुन्छ । समाज कालो र सेतोकै सम्मिश्रणबाट विनिर्मित हुन्छ । अझ किटेर भन्नुपर्दा बाहुल्यता कालोकै हुने गर्छ । यस अर्थमा कालोबाट सेतोको उत्सर्जन हुनुको महिमाले कालोको सङ्ख्या न्यूनीकरण हुने सम्भावना अत्यधिक हुन्छ । त्यसैले पनि कालोबाट उत्पादित सेतोको पनि महत्ता हुने निश्चित छ । जीवनी साहित्यको अभावमा 'हिँड्दै छ पाइला मेट्दै छ'को गतिमा मात्र हामी सीमित रहनेछौँ ।

नेपाली साहित्यको समृद्ध इतिहास दुई सय वर्ष लामो छैन । यही दुई सय वर्षभित्र नै जे जति लेख्य साहित्यको चर्चा हुने हो, भएका छन् र हुँदै छन् पनि । अझ नेपाली भाषासाहित्यका अन्य विधाका तुलनामा जीवनीविधा सघन हुन सकेको छैन । सर्वप्रथम भानुभक्तकै जीवनी लेखेर मोतीराम भट्टले नेपाली साहित्यमा जीवनीविधा भित्र्याएको मानिन्छ । त्यस हिसाबले जीवनीविधा पनि नवीनतम विधा नहुँदानहुँदै पनि नेपाली साहित्यमा जीवनी साहित्य अलि अपहेलित जस्तो, अलि उपेक्षित जस्तो भएर बितिरह्यो । निर्क्योल स्वरूप जसको, जसले र जुन बेला जीवनी लेख्नुपर्थ्यो ती लेखिएका छैनन् । यसै तथ्यले नेपाली जीवनी साहित्यको फाँट झन्नै रित्तोजस्तै बितेको पाइन्छ ।

यसै सन्दर्भमा जनराष्ट्रकवि ईश्वरवल्लभले नरेन्द्रराज प्रसाईको जीवनी साहित्य लेखनका सन्दर्भमा उल्लिखित अक्षरहरू पनि पैँचो लिन मलाई मन लागेको छ–

"आफूले गरेका काम मर्दैनन् भन्न त भन्छन् मानिसहरू तर ती कामहरूबारे लेखिदिने र भनिदिने नरेन्द्रराज प्रसाईजस्ता मोतीरामहरू भइदिएनन् भने जस्तैसुकै महान् भानुभक्तहरू पनि समाजमा अपरिचित भएर बिलाउन पनि सक्छन् ।" (समाजका केही चिन्तक : २०४७)

नेपाली साहित्यका स्वाभिमानका सग्ला प्रतिमूर्ति एवम् अब्बल कवि ईश्वरवल्लभले सङ्क्षेपमा जीवनी साहित्यको महत्त्वका सन्दर्भमा विद्यावारिधिको ठेलीले दिने निष्कर्ष बोलेका छन् । वास्तवमा जीवनीको समग्र महत्त्व नै अग्रजको सम्मान वा गुणगान र आगामी पुस्ताका लागि प्रेरक गाथाको प्रस्तुति हो । त्यसैले जुन भाषासाहित्यमा जीवनी साहित्यको आधिक्य हुन्छ त्यस भाषासाहित्यको भविष्य उर्वर हुने पनि निश्चित छ । नरेन्द्रराज प्रसाई प्रवृत्ति जीवनी लेखकहरूका कारण हाम्रो नेपाली साहित्यको मात्र नभएर समग्र हाम्रो समाजको भविष्य उज्ज्वलतातर्फ अभिमुख छ भनेर हामी पनि भन्न सक्छौँ ।

हामीमाऽ अझैसम्म पनि अर्काको कृति गाथा गाउनुको साटो आफ्नै कृति तुल्याउने असफल प्रयासीको लर्को देखिन्छ । यस्तो मान्यता, संस्कार र धर्म अपनाइएको समाजमा नरेन्द्रराज प्रसाई भने अर्काको व्यक्तित्व र कृतित्वमाथि टर्चलाइट मात्र नदेखाएर मैनटोल नै बाल्न र अझै एक पाइलाअगाडि टचुबलाइट नै बाल्न अघि सर्नु आश्चर्यकै कुरा हो ।

तीसको दशकदेखि नै लेखनप्रकाशन आरम्भ गरेका नरेन्द्रराज प्रसाई गीतगजल, निबन्ध, प्रबन्ध, जीवनी, पत्रकारिता र समालोचना हुँदै जीवनीमा डुब्न थालेपछि अहोरात्र जीवनी लेखक बने । साहित्यिक संस्थाहरू संस्थापन, सञ्चालनमा सिद्धि हासिल गरेका प्रसाईको लेखकीय धरातल फैलावटको अवस्थाबाट साँगुरिएको अवस्थामा पुगिसकेको छ । विविध विधामा सफल लेखक जब एउटै विधामा साँगुरिन्छ, उसको लेखनले पनि ओजस्वितापूर्णको गति लिन थालेको हुन्छ । पूर्वार्धमा राजनैतिक तिक्खरताद्वारा लेखनलाई परिपोषित तुल्याउँदै आएका प्रसाई उत्तरार्ध प्रवेशका क्षणसम्म आइपुग्दा केवल र केवल साहित्यिक परी संसारका निवासी लाग्छन् । इतिहासमा कर्मजीवी कुनै व्यक्तिको हाडको स्यानो एकाइ मात्र फेला पार्न सके भने त्यस

हाडको टुक्रालाई आफ्नो लेखकीय साधना, विषयमाथिको वकोदृष्टि क्षमता र विशिष्ट अन्वेषणकलाका कारण साक्षात् तुल्याउने शिल्पी हुन् प्रसाई । अर्थात् उनको जीवनी लेखनलाई बिन्दुबाट सिन्धुमा रूपान्तरण गर्न सक्ने क्षमताका लेखक भनेर उद्घोष गर्नु अत्युक्ति पटक्कै हुने छैन । इतिहासको गर्भमै विलयको स्थितिमा रहेका ललितत्रिपुरसुन्दरीलाई प्रथम नारीस्रष्टा र सेतुराम प्रधानलाई प्रथम गायकका रूपमा प्रसाईकै जीवनी लेखनका कारण स्थापित गराइछोडेको प्रमाणले पनि यस लेखकको अग्रपङ्क्तिलाई पुष्टि गर्ने नै छ । प्रसाईप्रतिका यी विशेषण यस पङ्क्तिकारको अनर्गल प्रलाप नभएर उनीसँगको साक्षात्कार, सहयात्रा र सहकर्मपछिको निर्क्योल हो । यसै सन्दर्भमा समालोचक डा.लक्ष्मणप्रसाद गौतमको स्वरमा स्वर मिलाउँदै भन्नै पर्ने हुन्छ, 'नरेन्द्रराज प्रसाई नेपाली साहित्यमा जीवनी लेखनका लागि नै ईश्वरीय अनुकम्पाद्वारा यस पृथ्वीमा पठाइएका लेखक हुन् जस्तो लाग्छ ।'

नरेन्द्रराज प्रसाईकृत जीवनी साहित्य लेखनको अर्को महत्त्वपूर्ण कृति 'भानुभक्त आचार्यको जीवनवृत्त' पनि एक हो । नेपाली भाषासाहित्यका सन्दर्भमा भानुभक्त आचार्य नेपाली भाषाको पर्यायवाची शब्दझैँ भएका छन् । भानुभक्त आचार्य भन्नासाथ नेपाली भाषा र नेपाली भाषा भन्नासाथ भानुभक्त आचार्य दृश्यअदृश्य रूपमा हाम्रा मानसपटमा एकसाथ उदाउने गर्छन् । यो एकातिर भानुभक्तको विजयगाथा हो भने अर्कातिर नेपाली भाषाको प्राप्ति पनि हो । नेपाली भाषासाहित्यले गर्वका साथ आफ्ना आदिकवि वा शिखर व्यक्तित्व भनेर शिरमा राखिने कविको नाउँ नै भानुभक्त आचार्य हुन गयो । नेपाल मात्र नभएर नेपाली भाषी पुगेको संसारका जुनसुकै विराट् अट्टालिका वा साँघुरा छिँडीमै किन नहोस् भानुभक्त आचार्य पनि सँगसँगै पुगेका छन् । नेपाली भाषीको प्राणतत्त्वमा रहेका भानुभक्त आचार्य अब नेपाली संस्कार र सभ्यताका प्रतीकसमेत बनिसकेका छन् ।

भानुभक्तको लोकप्रियता, जनप्रियता वा सर्वप्रियताको महत्त्वपूर्ण कडी 'रामायण'को अनुवादको गाथा पनि त्यसको मौलिकताका कारण नै गाइएको हो । सबैलाई ज्ञात भएकै कुराको पुनरावृत्ति गराउँदा कुनै थप आश्चर्य हुने छैन । संस्कृत साहित्यको कठोर पिँजडामा रहेको र समाजका उपल्ला तह अनि विद्वान्हरूका माझ मात्र प्रिय रहेको 'रामायण' सरल सहज नेपाली भाषा, शैली, परिवेश र गाउँलेका रासोबासोसँग मिसिन आउँदा तत्कालीन समाजका लागि मार्गदर्शकसमेत बन्न गयो । त्यसैले एकातिर समाजले आफ्नै भाषाभेषमा रामसीता प्राप्त गरे, त्यसै गरी मौलिक काव्यरस पान गरेर स्वस्थ मनोरञ्जन प्राप्त गरे भने अर्कातिर नेपाली भाषासाहित्यको पनि बलियो धागोमा उन्नयन भयो । डेढ सय वर्षअघि नेपाली भाषासाहित्यको मन्दिरको मूल देवताको रित्तो गर्भगृहमा भानुभक्तकृत 'रामायण' नै देवताका रूपमा प्रतिस्थापित भयो । एउटा साधारण ढुङ्गालाई त अबिर फूलपातीले अविरल पुजेपछि त्यहाँ देवताले बास गर्नै पर्ने हुन्छ । झन् भाव, शैली, मौलिकता र तत्कालीन समसामयिकी समेत खामेर आदर्श समाज निर्माणका उद्देश्यका साथ सृजना गरिएको 'भानुभक्तीय रामायण' देवस्थानमा स्थापित मात्र हैन निरन्तर सम्पूज्य रह्यो, रहेको छ, रहिरहनेछ र रहनै पर्छ पनि । विश्वव्यापीकरण र विश्वबजारीकरणको यस युगमा नेपाली भाषाको अपरिहार्यता छ र नेपाली भाषासँगसँगै भानुभक्त पनि अन्योन्याश्रित रहेका छन् ।

शक्तिशालीको गाथा, पूजा, आराधना गर्ने, बलेको आगो मात्र ताप्ने, आआफ्नै डम्फु बजाउने र आफू र आफ्नैका सन्तुष्टिका लागि मात्र नृत्य गर्ने हाम्रो सामाजिक परिपाटीबाट त्यस बेलाको परिवेश पनि अछुतो थिएन । यति हुँदाहुँदै पनि उक्त चलनको विपरीत कृति सुगन्धका पछि लागेर मोतीराम भट्टले खोजिनिधी गर्दै अप्रकाशित र छरिएका पाण्डुलिपिसमेत सङ्कलन गरेर 'रामायण' छापे । त्यतिले मात्र उनलाई सन्तुष्टि भएन, उनले त रामायण लेख्ने कवि भानुभक्तको

जीवनी पनि लेखे र छापे । आफैँ प्रतिभासम्पन्न मोतीरामले आफ्नो भन्दा भानुभक्त आचार्यको प्रकाश र प्रचार गर्न रुचाए । यसै क्रियाले उनको महत्ता चुलियो । यस कार्यका लागि मोतीरामीय हिम्मतको जति प्रशंसा गर्दा पनि थोरै नै हुन्छ ।

भानुभक्त आचार्यको देहावसानको बाइसतेइस वर्षपछि ती अप्रकाशित कविलाई प्रकाशमा पार्ने निरपेक्ष मोतीराम प्रेरक व्यक्तित्व हुन् । तर मोतीरामप्रति कृतज्ञ नभई उनको ढाडमा चढेर उनैलाई लात्ती हान्न खोज्ने भानुभक्त आचार्यकी नातिनी विष्णुमाया र सुब्बा रङ्गनाथ शर्मा तथा नरनाथ आचार्यप्रति सकारात्मक धारणा राख्नुको कुनै औचित्य छैन । तथापि मोतीरामपछि भानुभक्त आचार्यको प्रचारप्रसारमा सहभागिता गरेका त्यस धारका लेखकहरूप्रति पनि हामी भाषासेवीहरू कृतज्ञ हुन भने आवश्यक छ । जसका कारण खडेरी धानिरहेको नेपाली साहित्यको जीवनीविधामा केही थोपा पानीका रूपमा तिनको स्वागत नै गर्नुपर्ने हुन्छ । तर मोतीरामपछिका अधिकांश भानुभक्तीय जीवनीले सग्लो र यथार्थपरक भानुजीवनी हुन नसकेकै बिल्ला टाँसेका भने छन् ।

नेपाल सरकारले २०७१ साललाई भानुभक्त द्विशतवार्षिकीका रूपमा आयोजना गरेर निकै स्तुत्य कार्य गरेको थियो । नेपाल सरकारद्वारा सञ्चालित विविध कार्यक्रमहरूका साथसाथै उक्त आयोजनाअन्तर्गत नइ प्रकाशनमार्फत आठ ओटा पुस्तकहरूको प्रकाशन गरिएको थियो । यसैमध्ये सोही अवसरको महत्त्वपूर्ण उपलब्धिका रूपमा 'भानु विमर्श' (समालोचनात्मक ग्रन्थ, सम्पादक : नरेन्द्रराज प्रसाई र प्रा.डा.महादेव अवस्थी) तथा 'भानुभक्त आचार्यको जीवनवृत्त' (आदिकवि भानुभक्त आचार्यको जीवनी, लेखक : नरेन्द्रराज प्रसाई) प्रकाशित भयो ।

दुई सय वर्षअघि जन्मेका भानुभक्त आचार्यको जीवनी प्रकाशन मात्र नभएर आदिकवि भानुभक्त आचार्यका विषयमा देश र विदेशमा

समेत विभिन्न शोध तथा विद्यावारिधिसमेत भइसकेको अवस्थामा अहिले आएर फेरि नरेन्द्रराज प्रसाई नै किन भानुभक्तको जीवनी लेख्न अघि सरे ? अनि उनीद्वारा लेखिएर प्रकाशन भइसकेको यस जीवनीका सन्दर्भमा समालोचनाको आवश्यकता किन पर्‍यो ? भन्ने सम्भावित यी दुई प्रश्नको उत्तर पनि मैले दिनु आवश्यक छ ।

मोतीराम भट्टबाट सुरु भएको भानुभक्त आचार्यको जीवनी लेखन विभिन्न कालखण्डमा कहिले मोतीरामसँग सहमति जनाइएर, कहिले उनीविपरीतको धारणामा उनिएर आइरहेकै हो । एउटा मानिसको जीवनीमा जसले लेखे पनि एउटै कुरा र एकै किसिमका तथ्य हुनुपर्ने हो । तर भानुभक्तको देहावसान भएको तेइस वर्षपछि मोतीराम भट्टद्वारा लेखिएको भानुजीवनीमा भएको जन्ममितिप्रति पचास वर्षपछि असहमति जनाएर आचार्यवंशीहरू नै अघि लागेपछि भानुभक्तका जीवनीमा विवादहरू क्रमश: जन्मिएको देखिन्छ । मोतीरामले नै पनि आफ्ना कृतिनायकलाई विशेष बनाउन खातिर 'घाँसी' कथा बुनिदिनाले पनि यस सन्दर्भमा विमतिका कुरा आएका छन् । त्यसै गरी आदिकविको प्रसङ्ग पनि छ, शाब्दिकतामा भानुभक्तभन्दा अघिका कविलाई पो आदिकवि भन्नुपर्छ भन्ने तर्क पनि बेलाबखत उठाइएको छ । भानुभक्तको तस्बिर र तस्बिरमा भानुभक्तले पहिरिएको साफा सही तरिकासँग नलगाइएको प्रसङ्ग पनि छ । भानुभक्तले जागिर खाए खाएनन् ? दुई मत यसमा पनि देखा परेको छ । वेश्या र वैश्या प्रकरण पनि चुलिएर भानुभक्त नारीमैत्री वा नारीविरोधी हुन् ? भन्ने विवाद पनि आएको छ । यी सारा तर्कवितर्कहरूले भानुभक्तलाई जेल्याइएको स्थितिमा ती सबबाट भानुभक्तलाई मुक्त, स्वतन्त्र र निश्चिन्त पार्नका लागि एउटा बलियो लेखनीको खाँचो पूरा गर्ने सवालमा 'भानुभक्त आचार्यको जीवनवृत्त' लिएर प्रसाईले आउनुपरेको साक्ष्य मैले प्रस्तुत गर्नै पर्ने भएको छ । एउटा व्यक्ति जन्मेको दुई सय वर्षपछि र उनको मृत्यु

भएकै पनि एक सय छयालीस वर्षपछि उनको विवादास्पद बनेको जीवनीका प्रसङ्गलाई अत्यन्त सुझबुझका साथ र निरपेक्ष भाव राखेर सच्याउनुपर्ने आवश्यकता टड्कारो रूपमा देखिएको थियो । यसै सन्दर्भमा जीवनी लेखनलाई नै आफ्नो वैशिष्टच बनाइसकेका साहित्यकार नरेन्द्रराज प्रसाईले अत्यन्त परिश्रमका साथ राजहाँसले दूध मिसिएको जलाशयबाट केवल दूध मात्र ग्रहण गरेजस्तो गरी मोतीराममलगायत हालसम्मका देशविदेशका लेखकहरूबाट लेखिएका आदिकवि भानुभक्तका सम्पूर्ण जीवनीलाई पर्गेलेर सत्य पूर्णका तथ्य र घटनाहरू प्रस्तुत गरी 'भानुभक्त आचार्यको जीवनवृत्त' लेखे । यसरी नेपाली भाषासाहित्यका आदिकवि भानुभक्त आचार्यले आफ्नो सत्यतथ्यको जीवनी प्रकाशित हुन जन्मको द्विशतवार्षिकी पर्खिनुपऱ्यो । 'भानुभक्त आचार्यका विषयमा त राम्रोसँग समालोचना भएको छैन । अरूको के कुरा गर्नु ?' महासमालोचक प्रा.डा.वासुदेव त्रिपाठीले डा.लक्ष्मणप्रसाद गौतमलाई भनेको वाणी यहाँनेरि फेरि सान्दर्भिक भएको छ । तर जे भए पनि हाम्रा नेपाली साहित्यकारहरूले आदिकवि भानुभक्तका बारेमा यथेष्ट जीवनीहरू लेखेका थिए । प्रसाईले तिनै पुस्तकहरूमा भएका तथ्याङ्कहरूलाई छानेर, केलाएर, चालेर, धोइपखाली गरेर आफ्नो पुस्तकलाई सत्यतथ्यपूर्ण बनाएका हुन् । आजभन्दा अघि प्रसाईका अग्रज र समकालीन साहित्यकारहरूबाट जानी वा नजानी गरिएको भानुभक्तबारेका मिथ्या र झुटा कुराहरू प्रमाणको फेरोमा राखेर उनले 'भानुभक्त आचार्यको जीवनवृत्त' मा सच्याएका छन् । हुन त विगतमा प्रकाशित कृतिमध्ये कतिपय जीवनीका पुस्तकहरू 'बिरालो बाँधेर श्राद्ध गर्ने' ढाँचाभन्दा अघि बढ्न सकेका छैनन् । अनुसन्धान वा खोज गर्ने र विषयलाई गहिरिएर हेर्ने सन्दर्भमा हामी अझै निकै पछि छौँ भन्ने कुरा भानुभक्तको भर्खरै मात्र अद्यावधि हुन सकेको प्रसाईकृत जीवनीले पनि प्रस्ट पारेको छ । जे होस्, यस युगका साथै आगामी युगले पनि प्रसाईलाई धन्यवाद भन्नुपर्ने हुन्छ । किनभने प्रसाईले नै भानुभक्त

आचार्यको 'कच्चा जीवनकथा'लाई 'पक्का जीवनकथा'मा जीवन्त गरिदिएका छन् ।

नरेन्द्रराज प्रसाईकृत 'भानुभक्त आचार्यको जीवनवृत्त' भन्दा अघिका जीवनीकारहरूमध्ये भानुभक्तका प्रथम जीवनीकार मोतीराम भट्ट र त्यसपछिका जीवनीकारहरूमा भानुभक्तकै नातिनी विष्णुमायाले सुब्बा रङ्गनाथको सहयोगमा प्रकाशन गरेको जीवनी र पं.नरनाथ आचार्यकृत जीवनी नै बढी चर्चामा छन् । मोतीराम भट्ट अन्धकारमा छोपिएका भानुभक्त आचार्यलाई प्रकाशित गर्नाले चर्चित भए । विष्णुमाया मोतीरामद्वारा उल्लिखित भानुभक्तको जन्ममिति फेरबदल गर्नाका कारण र भानुभक्तको महिमा मण्डितकर्ता मोतीरामप्रतिको अकृतज्ञ भावले चर्चामा आइन् । पं.नरनाथ आचार्य मोतीरामप्रतिको असहिष्णु भावका कारण र आचार्यवंशी नै भएका कारण चर्चामा आए । त्यसपछि नेपाल सरकार र अरू लेखकहरू अधिकांशले विष्णुमायाको जन्ममिति, मोतीरामप्रदत्त भानु तस्बिर र घाँसी प्रकरण, नरनाथको भानु जागिर प्रसङ्ग हुँदै भानुभक्तलाई नारीमैत्री स्थापनार्थ भानुलिखित 'वेश्या'लाई हास्यास्पद 'वैश्या'को पाठभेद गर्ने दुस्साहससमेत गरेको पाइयो । राष्ट्रिय विभूति आदिकवि भानुभक्त आचार्यको जीवनी एकै धारमा, एकै सोलीमा उन्न कठिन हुने अवस्था सृजना हुँदै भानुभक्तलाई अपभ्रंश बनाइने परिपाटीको अन्त्य हुनुपर्ने मान्यतामा जीवनीकार प्रसाई दृढ भएको देखिन्छ । झन्नै झन्नै परिवारवादको साँगुरो सीमाभित्र राष्ट्रिय विभूति भानुभक्त आचार्यलाई कैद गर्ने र आचार्यवंशी हुनुका कारण उनको जीवनी र लेखनीमाथि समेत मनलागी गर्ने अग्रसरतालाई प्रसाईको साहसी कदमले जोगाएको छ । राष्ट्रका पहिचान भइसकेका राष्ट्रिय विभूतिलाई परिवारवादको सङ्कीर्ण घेरामा राख्नु हुँदैन भन्ने मान्यतामा प्रसाई डटेर लागेको देखिन्छ । त्यसैले परापूर्वकालदेखि आफ्ना अग्रजहरूबाट प्रतिपादित भानुभक्त सन्दर्भका सत्यपरक तथ्यहरूलाई स्वीकार्दै

असत्य र भ्रमपूर्ण तथ्यहरूलाई सप्रमाण विस्थापित गर्नुलाई जीवनीकार प्रसाईले आफ्नो जीवनी लेखनधर्मका रूपमा पुष्टित गरेका छन् । विगतका भूलहरूलाई तर्क र प्रमाणका आधारमा सुधार गर्दै अघि बढ्नुलाई नै अग्रगामी कदम मानिन्छ । प्रसाईको 'भानुभक्त आचार्यको जीवनवृत्त' यस अर्थमा अग्रगामी कृतिका रूपमा दर्जित भएको छ । तर भविष्यमा नरेन्द्रोत्तर अग्रगामी जीवनी लेखनले तर्क र प्रमाण जुटाएर अर्को कुनै लेखक अघिल्लो पङ्क्तिमा उभिने छैनन् भन्नु पनि हुँदैन ।

जुन भाषासाहित्यमा जति धेरै अन्वेषण, खोज, चर्चा, विमर्श हुँदै जान्छ सोही भाषासाहित्य जीवन्त हुन्छ र अग्रगामीसमेत हुन्छ । यस्तो भाषासाहित्यलाई नै प्रगतिशील भाषासाहित्य पनि भनिन्छ । कुनै राजनैतिक दलविशेषको भातृ सङ्गठनसँग आबद्ध भएर उसको झन्डामुन्तिर साहित्य बिसाउनुलाई प्रगतिशील भन्नु भनेको हास्यास्पद हुन्छ । 'चरैवेति'को गतिमा नित्य निरन्तरको क्रियाशीलता मात्र प्रगतिवाद हुन सक्छ । यस परिभाषाअन्तर्गत प्रसाईको 'भानुभक्त आचार्यको जीवनवृत्त' प्रगतिशील जीवनी हो । यसका साथै नेपाली साहित्यका भावी साधकहरूका लागि, 'भानुभक्त आचार्य' माथिको खोजका लागि प्रसाईको 'भानुभक्त आचार्यको जीवनवृत्त' बलियो स्रोतग्रन्थ पनि हो । प्रसाईकृत 'भानुभक्त आचार्यको जीवनवृत्त'ले चिर भविष्यसम्म पनि भानुभक्तबारेको चर्चा, परिचर्चा र विमर्शको विश्वासिलो ढोका खोलिदिएको छ, भानुभक्तलाई साँघुरो गल्लीबाट विशाल राजमार्गमा ल्याइपुऱ्याएको छ । प्रसाईले अन्योलको यात्रामा भानुभक्तलाई रकेटमा राखेर आकाशमा उडाएका छैनन् बरु सप्रमाण धरतीमै बलियोसँग टेकाएका छन् । उनको लेखनले अनुसन्धानको कसी पटक्कै बिर्सेको छैन बरु उनले प्रमाणबिनाको धरातललाई स्वीकार गरेका छैनन् । जसरी प्रसाईले यस कृतिमा सवा सय वर्षको हाराहारीमा लेखिएका भानुभक्तको जीवनीमा भएका विवादास्पद

कुराहरूको चिरफार गरेका छन् र आदिकविले लेखेर छोडेको कवितामा पनि मुढेबलले पाठभेद गरेर शक्तिको दुरुपयोग गर्दै जथाभाबी गर्ने स्वनामधन्य लेखकहरूको कर्तुतको शिष्ट, सभ्य र शालीन भाषाशैलीमा जुन हुर्मत प्रसाईले लिएका छन् त्यो पनि प्रेरक छ । अबका लेखकहरूले त्यसरी मनपरीतन्त्र गरेर कुनै पनि लेखकका कृतिमाथि खेल नखेलून्, नत्र भविष्यले उनीहरूको कुनै पनि कालो कर्तुत उदाङ्गो पार्नेछ भन्ने सन्देश पनि यस कृतिले दिएको छ । अक्षरलाई सत्य साक्षी राखेर मात्र प्रकाशन गर्नुपर्छ । जीवनी लेखनमा लेखकको निरपेक्ष भावको ज्यादै ठूलो महत्त्व हुन्छ भन्ने सन्देश दिन प्रसाईकृत 'भानुभक्त आचार्यको जीवनवृत्त' सक्षम छ ।

यथास्थितिवादका अनुयायी विकासवादका विरोधी हुन्छन् । जीवनीकार प्रसाई पर्याप्त प्रमाणरूपी हतियारका साथ यथास्थितिवादसँगको सङ्घर्षका लागि तयार भएका छन् । त्यसैले उनका जीवनी कृतिहरूमध्ये सर्वथा जीवन्त कृतिको महारथप्राप्त 'देवकोटाको जीवनशैली' (२०६६) झैँ यस कृतिमा पनि प्रसाई मुढेबलमा नभएर सप्रमाण बौद्धिक तर्क प्रस्तुतिबाट विजयी बन्न निर्धक्कताका साथ आएका छन् । जसले गर्दा युगौँदेखिको यथास्थितिवादको घेरामा कैदीझैँ सकस भोग्न बाध्य भानुभक्त आचार्यलाई २०७१ सालदेखि प्रसाईको लेखनीले उन्मुक्ति दिलाएको अनुभूति यस कृतिको पारण गर्नेले सहजै गर्न सक्छ । निहित स्वार्थको भुमरीमा परेर गलत भावभूमिमा जकडाइएका भानुभक्त आचार्यलाई सत्यतथ्यको धरातलमा उभ्याउन प्रसाई सफल भएका छन् । प्रसाईको यो सफलता उनको व्यक्तिगत सफलता मात्र नभएर समग्र नेपाली भाषासाहित्यको सफलता हो । साथै प्रसाईको यस कार्यलाई प्रत्येक भाषासेवीले प्रेरक कार्यका रूपमा अङ्गीकार गरेर आआफ्नो पथ निर्देशकका रूपमा उनलाई स्वीकार गर्नु नै सकारात्मकता हुनेछ । जसको कारण इतिहासका भूलहरूको आड लागेर त्यसैको चाङमाथि महल

बनाएर अनुयायी परम्परा पालनका कारण भविष्यलाई थप धराशयी बनाउने उद्योगको अन्त्य हुनेछ भन्ने मलाई लागेको छ । प्रसाईको लेखक निजी सुझबुझ र चेतनाले युक्त छ र कसैको पनि अन्धो समर्थक छैन । त्यसैले नै उनको लेखकले निर्भीक भएर आदिकवि भानुभक्तका सन्दर्भमा विषयवस्तु खोतलेर स्वमत दिने सामर्थ्य राख्न सकेका हुन् भन्न सकिन्छ । नेपाली साहित्यको इतिहासमा भएको यस घटनालाई ईर्ष्या, द्वेष, वाद, विवाद वा पूर्वाग्रहको चस्मा खोलेर हेर्ने हरेकका लागि यो घटना स्वर्णिम हो भनेर स्वीकार गर्नै पर्छ । यस विचारलाई पुष्ट पार्दै नेपाली भाषासाहित्यका स्वनामधन्य शीर्षस्थ समालोचकहरूद्वारा जीवनीकार नरेन्द्रराज प्रसाईलाई उनको 'भानुभक्त आचार्यको जीवनवृत्त' को मूल्यका सन्दर्भमा आआफ्ना विचाररूपी मान्यताको माल्यार्पण गरिएको प्रमाणका रूपमा यो ग्रन्थ प्रस्तुत भएको छ ।

नेपाली भाषाको अन्तर्राष्ट्रिय विस्तारका क्रममा अब भानुभक्त पनि अन्तर्राष्ट्रिय भइसकेका छन् । राष्ट्रभित्र तेरो, मेरो, उसको अथवा हाम्रो भनेर भाषामा नाक खुम्च्याए पनि अन्तर्राष्ट्रिय जगत्मा नेपाल र नेपाली चिनाउने, नेपाली र नेपालीलाई विश्वभर एकताको डोरीले बाँधेर एक ढिक्का पार्ने काम नेपाली भाषाले नै गरेको छ । हाम्रो नेपाली भाषा मात्र नभएर कुनै पनि देशको अन्तर्राष्ट्रिय पहिचानका लागि त्यस देशको एउटा विकसित भाषाले मात्र अन्तर्राष्ट्रिय रूपमा प्रतिनिधित्व गरेको हुन्छ । नेपालको सीमाभित्र नेपाली भाषालाई खसबाहुन वा नाक चुच्चे क्षत्रीबाहुनको भाषा भनेर विभेद गर्न खोजे पनि देशको सीमा नाघ्नेबित्तिकै नेपाली भाषाकै कारणले एक नेपालीको अर्को नेपालीसँग सम्पर्क, परिचय, माया, प्रेम र सद्भावना हुने गर्छ । त्यसैले हाम्रा भाषिक लडाइँ वा बुझाइ भनेको देशका सीमाभित्रसम्म जति गरे पनि त्यसमा खासै दोष छैन । हरेक जातिका मातृभाषाको जागरण, संरक्षण र विकासप्रति

व्यक्ति, समाज र राष्ट्रकै पनि दायित्व हुन्छ । त्यसैले राष्ट्रभित्र राष्ट्रिय भाषाहरू समृद्ध हुँदै जानु र अन्तर्राष्ट्रिय रूपमा राष्ट्रभाषाको विस्तार र विकास भएमा नै राष्ट्रको सर्वहितकारी क्रिया सम्पन्न हुन सकेको ठहरिन्छ ।

आदिकवि भानुभक्त आचार्य नेपाली साहित्यका महिमामयी हिमालयझैँ सर्वोच्च शिखर व्यक्तित्व हुन् । यस्ता व्यक्तित्वको जीवनीमा पनि द्वन्द्व, द्वेष, लुछातानी हुनु निश्चय नै प्रिय कुरा हुँदै होइन । राष्ट्रिय व्यक्तित्वलाई कूटको नालीबेलीले बेरेर राख्नु अति अप्रिय र लज्जाजनक घटना हो । प्रसाईको अनुभवी र पारखी दृष्टिले भानुभक्तको जेल्याइएको अवस्था देखेपछि त्यहाँबाट भानुभक्तलाई स्वच्छ पार्नु उनले आफ्नो कर्तव्य ठानेको हुनुपर्छ ।

'मैले दशकौँसम्म विश्वविद्यालयमा भानुभक्त पढेँ र पढाएँ । तर भानुभक्तको वास्तविकता त चिर्नै सकिएको रहेनछ । नरेन्द्रराज प्रसाईले 'भानुभक्त आचार्यको जीवनवृत्त'मा मैले समयाभावले पनि गर्न नसकेको काम गरेको देख्दा मलाई औधी खुसी लागेको छ ।' महासमालोचक प्रा.डा.वासुदेव त्रिपाठीकै निवासमा उनले यस कृतिको महिमा मसँग पनि अभिव्यक्त गरेको कुरा पनि मलाई यहाँ प्रस्तुत गर्न सन्दर्भ लागेको छ । यिनै भावप्रसारणकै क्रममा महासमालोचक प्रा.डा.त्रिपाठीले प्रसाईको कृतिभन्दा पनि दोब्बर ठूलो प्रसाईकै भानुजीवनीबारेको समालोचनात्मक ग्रन्थ 'भानुसन्दर्भ र नरेन्द्रराज प्रसाईकृत भानुजीवनी : समीक्षात्मक अभिमत (२०७२)' लेखेका हुन् । महासमालोचक त्रिपाठीको यस कृतिले एकातिर प्रा.डा.त्रिपाठीमा भएको सकारात्मक र गहन प्राज्ञिक चिन्तनको प्रमाण पेस गरेको छ भने अर्कातिर प्रसाईको कृतिको ओजस्विताबारे पनि वकालत गरिएको छ । प्रसाईद्वारा लेखिएको 'भानुभक्त आचार्यको जीवनवृत्त'ले महासमालोचक प्रा.डा.त्रिपाठीलाई उनीभित्र अटेसमटेस भरिएको विराट् ज्ञानको महासागर बहाउन अग्रसर गराएको छ । यस कार्यले

गर्दा पितापुस्ताका त्रिपाठी र पुत्रपुस्ताका प्रसाई भएर भानुभक्त आचार्यको सत्यतथ्य जनसामु प्रकाशित गरिछाडे । यस कर्मलाई नेपाली साहित्यको महिमामयी आश्चर्यजनक प्राज्ञिक कर्मको उपमाले सम्बोधन गर्नुपर्छ । साथै यस कार्यले भविष्यमा पनि गुरुपुस्ता र चेलापुस्ताको सहकार्यमा विराट् र विशाल साहित्यान्वेषण गर्न सकिनेछ भन्ने मृदु सूचनासमेत प्रवाह गरेको छ । त्यसै गरी प्रसाईको लेखनलाई फूलपाती सिउरिदिने र हर्षबढाइँ गर्ने प्रा.डा.महादेव अवस्थी र प्रा.केशव सुवेदी पनि प्रेरक व्यक्तित्वका रूपमा देखा परेका छन् ।

यसरी आदिकवि भानुभक्त आचार्यको जीवनगाथाका रूपमा आएको नरेन्द्रराज प्रसाईकृत 'भानुभक्त आचार्यको जीवनवृत्त'का सन्दर्भमा विद्वत्जनहरूबाट निकै चासो र जिज्ञासा राखिएपछि 'नरेन्द्रराज प्रसाईकृत भानुजीवनी : मूल्य र मान्यता' नामक यस ग्रन्थको जन्म हुनै पर्ने भयो । आदिकवि भानुभक्त आचार्यका बारेमा प्रसाईले प्रस्तुत गरेको जीवनीको विश्लेषणात्मक चियोचर्चाका बारेमा केन्द्रित रहेर यस ग्रन्थको निर्माण गरिएको छ । आदिकवि भानुभक्त आचार्यबारेको शोधका लागि वा जनमानसमा पारिएको भ्रम निवारण गर्नका लागि तथा भविष्यका लागि समेत बलियो दस्तावेजका रूपमा सुरक्षित राख्नका लागि समेत नरेन्द्रराज प्रसाईकृत 'भानुभक्त आचार्यको जीवनवृत्त'लाई गहिरिएर अध्ययन गर्ने नेपाली साहित्यका वरिष्ठ समालोचकहरूबाट लेखिएका समालोचनाहरू यहाँ सङ्गृहीत गरिएको छ ।

यस ग्रन्थमा खामिएका समालोचनाहरूका सन्दर्भमा केही विचार प्रस्तुत गर्नु पनि यहाँ सन्दर्भ हुनेछ भन्ने मलाई लागेको छ । यसै परिप्रेक्ष्यमा **प्रा.डा.उषा ठाकुर** लेख्छिन्, *'गहिरो खोज र ठोस प्रमाणहरूको दस्तावेज रहेको नरेन्द्रराज प्रसाईकृत भानुजीवनी नेपाली जीवनी लेखनको फाँटमा एउटा अत्यन्त महत्त्वपूर्ण उपलब्धि सिद्ध भएको*

*छ । तटस्थ भावले सन्तुलन र सामञ्जस्य राख्दै जीवनीकार प्रसाईले भानुभक्तका जीवनका घटनाहरूलाई वैज्ञानिक ढङ्गबाट नयाँ रूपमा प्रस्तुत गरेका छन् ।'* नेपाली साहित्यको समालोचनाका क्षेत्रमा अग्रणी भूमिका भएकी प्रा.डा.ठाकुरले प्रसाईकृत भानुभक्तको यस जीवनीलाई नेपाली जीवनी साहित्यको वैज्ञानीकरणप्राप्त जीवनीको उपमा दिएकी छिन् ।

नेपाली साहित्यका प्रखर समालोचक **प्रा.कपिल अज्ञात**का शब्दमा *'भानुभक्तविषयक सोधखोज र जीवनीपरक लेखन विशुद्ध साहित्यिक भावनाले अभिप्रेरित थियो तर पछिपछि भानुभक्तविषयक अध्ययन र सोधखोजमा क्रमशः आग्रह र चलखेलले प्रवेश पायो । अध्ययन र अनुसन्धानको क्रम जति अघि बढ्दै गयो, विवादित तथ्यहरू सुल्झिँदै स्पष्ट र खुलस्त हुँदै जानुको सट्टा झन्झन् बल्झिँदै र बटारिँदै गएको स्थिति देखिन्छ । यस्तो किन हुन गयो भन्दा मोतीराम भट्टप्रतिको दुराग्रह एवम् भानुभक्तलाई आफ्नो गोत्रीय सम्पत्ति सम्झने सङ्कुचित धारणाबाटै हुन गएको होला भन्ने अनुमान गर्नुबाहेक अर्को विकल्प देखिन्न । यस्तो अन्योल, अस्पष्ट र दुविधाग्रस्त स्थितिलाई भानुभक्तविषयक समग्र कृतिको गहिरो अध्ययन गरी आफ्नो बुद्धि, विवेक, तार्किक क्षमता, समीक्षात्मक चेत, सिर्जनशील शक्तिको अधिकतम उपयोग गर्दै लेखक प्रसाईले गम्भीर प्रयत्नबाट यथासम्भव उत्कृष्ट स्वरूप प्रस्तुत गरेको देखिन्छ । यसबाट एक शक्तिशाली जीवनी लेखकबाट भानुभक्तविषयक सुन्दर र सकारात्मक पक्ष बढी उघ्रेर आएको पाइन्छ ।'* प्रा.अज्ञातले आफ्नो लेखनमा प्रसाईको यस जीवनीले आदिकवि भानुभक्तबारेका धेरै विवादहरूको सकारात्मक समाधान गरेको विश्लेषण गरेका छन् ।

नेपाली साहित्यका उम्दा समालोचक **प्रा.डा.कपिल लामिछाने**का विचारमा, *'नरेन्द्रराज प्रसाईले मोतीराम भट्टले शिलान्यास गरेको जीवनीपरक समालोचनाको मार्गलाई पछ्याउँदै त्यसको प्रवर्धन र*

*विस्तार गर्ने अथक प्रयत्न गरेका छन् । भट्टले भानुभक्तको जीवनी पहिलो पटक लेखे । त्यति बेला यतिको खोज गरी जीवनी लेख्नु महान् काम थियो । केही कल्पनाको जलप रहे पनि यसमा आएका अधिकांश तथ्यहरू प्रामाणिक छन् । त्यसपछि पनि भानुभक्तका जीवनीबारे धेरैले लेखे, तर नयाँ र सत्यतथ्य खासै आएनन् । बरु भएकै तथ्यलाई पनि यताउति पारेको पाइन्छ । मोतीराम भट्टले लेखेको जीवनी प्रकाशित भएको करिब सवा सय वर्षपछि प्रसाईले यसपूर्वका जीवनीको सम्यक् अध्ययन गरी यथास्थान सन्दर्भ र स्रोतसमेत दिएर प्रस्तुत कृति तयार पारेका छन् । तसर्थ मोतीराम भट्टपछि भानुभक्तको जीवनीका बारेमा लेखिएका कृतिमध्ये प्रस्तुत कृति सर्वाधिक बढी प्रामाणिक, आधिकारिक र विश्वसनीय रहेको पाइन्छ ।'* विद्वान् समालोचक प्रा.डा.लामिछानेले यस कृतिमा प्रस्तुत भएको सत्यतथ्यले गर्दा प्रसाईको भानुजीवनी आधिकारिक भएको दाबी गरेका छन् ।

नेपाली भाषासाहित्यमा आदिकवि भानुभक्त आचार्यबारेको प्रथम विद्यावारिधिजस्तो गर्विलो कार्य गरेकी वरिष्ठ समालोचक **डा.कविता लामा** *भानुभक्त अध्ययन परम्परामा विवाद उठाउने कलम, समस्या देखाउने हात र मस्तिष्क अनेक देखिए तापनि त्यसका निराकरणतर्फ जाने र सोच्ने मनहरू कविले कमै पाएका छन् । तीमध्ये जीवनी लेखक नरेन्द्रराज प्रसाईले कवि भानुभक्तसम्बन्धी यस्ता भ्रम फैलाउने केही प्रसङ्ग, अनि अपत्यारिला चर्चाले कविको व्यक्तित्व धमिल्याउने कतिपय प्रयासहरूलाई तथ्यका आधारमा र सत्य घटनाको खोजी गरी ठोस उदाहरणसहित सही कुरा प्रस्तुत गर्न सफल भएका छन् । भानुभक्तका अन्य जीवनीकारले अघि गर्न नसकेका अथवा गरेर पनि काँचो स्थितिमा छोडेका, अपूर्ण प्रसङ्गहरूको स्पष्टतः खण्डन गर्दै प्रसाई यस पुस्तक लेखनकालमा खूबै सचेत, विवेकीपूर्ण, विनयशील रही सुन्दर ढङ्गमा कुराहरूको बिट मार्न सक्षम देखिन्छन् ।* डा.लामाले भानुभक्तको काव्यिक व्यक्तित्व धमिलो

पार्न उद्यत प्रयासहरूलाई यस कृतिले असफल बनाएकोमा सन्तुष्टि अभिव्यक्त गरेकी छिन् ।

नेपाली साहित्यका अग्रणी वरिष्ठ समालोचक **प्रा.डा.केशवप्रसाद उपाध्याय** प्रसाईकृत 'भानुभक्त आचार्यको जीवनवृत्त'प्रति सकारात्मक धारणा प्रेषित गर्दै भन्छन्, *विषयवस्तुअन्तर्गत भानुभक्तको जीवनी, व्यक्तित्व र कृतित्वको शोधपरक समीक्षात्मक प्रस्तुति रहेको यस ग्रन्थमा लेखक नरेन्द्रराज प्रसाईले आफ्ना धारणा र सुझाउ कुनै आग्रह वा दुराग्रहबिना एक सत्यान्वेषीका रूपमा निभ्रान्त र निष्पक्ष भएर निर्भीकतासाथ प्रस्तुत गरेको पाइन्छ । भानुभक्तका समकालीन व्यक्तिहरूदेखि लिएर, दुई सय वर्षमा उनका विषयमा लेखिएका परस्पर विरोधी कुराहरूदेखि लिएर भानुभक्तका वंशजहरूले सत्यतथ्यलाई प्रकाशमा ल्याइदिनाको साटो त्यसको ढाकछोप गर्ने काम गरेर उनको जीवनवृत्तलाई झन् शङ्कास्पद र रहस्यात्मक बनाइदिएको कुराहरूप्रति ग्रन्थकारको अप्रसन्नता र गुनासो मलाई जायज लागेको छ ।* वार्धक्य र प्राज्ञिकताको ओजले प्रकाशित नेपाली साहित्यका ओजस्वी समालोचक प्रा.डा.उपाध्यायले प्रसाईको निर्भीक र निरपेक्ष लेखनव्यक्तित्वका कारण आदिकविबारेको भ्रम निवारण भएको कुरामा सन्तुष्टि व्यक्त गरेका छन् ।

नेपाली समालोचनाका क्षेत्रमा बिन्दुमा सिन्धु समालोचक **प्रा.केशव सुवेदी** वैचारिक सहजता र सरलताका साथ भन्छन्, *नरेन्द्रराज प्रसाईद्वारा लेखिएको यस जीवनवृत्तमा भानुभक्तको जीवनकथासँग जोडिँदै आएका कतिपय तथ्यहरूको तार्किक खण्डनमण्डन र भानुभक्तले जिएको जिन्दगीका नयाँ परिघटनाहरूतर्फ सङ्केत पनि गरिएको छ । यसमा भानुभक्तीय जीवनचरित्रको चर्चाका क्रममा देखा परेका तर परस्पर बाझिएका कतिपय तथ्यहरूको सम्परीक्षण र परिमार्जन गरिएको छ । त्यसैले पनि यस जीवनवृत्तले पाठकहरूलाई नयाँ स्वाद त दिन्छ नै यसबाहेक यो अरूभन्दा भिन्नै र नयाँ पनि बन्न पुगेको*

*अनुभव हुन्छ ।* समालोचक प्रा.सुवेदी प्रसाईको शैलीगत मनोरमता र प्रमाणगत प्रस्तुतिप्रति गद्‌गद विचार प्रस्तुत गर्छन् ।

**प्रा.डा.गार्गी शर्मा**का विचारमा नरेन्द्रराज प्रसाईकृत *आदिकविको जीवनीमा कतिपय कपोलकल्पित कथाहरू, घटनाहरू थपेर सत्य कुरालाई बङ्ग्याएर विभिन्न व्यक्तिले आआफ्नो इच्छानुसार व्याख्या गरेकाले उनका बारेमा एकै मत हुन सकेको छैन । यसै कारण नरेन्द्रराज प्रसाईले 'भानुभक्त आचार्यको जीवनवृत्त' लेखेर सत्यचाहिँ यो हो है भन्दै पाठकहरूलाई यसबारे घोत्लिएर चिन्तन र मनन गर्न घचघच्याएका छन् ।* नेपाली साहित्यकी नारीचुली समालोचक प्रा.डा.शर्माले 'भानुभक्त आचार्यको जीवनवृत्त' मार्फत नरेन्द्रराज प्रसाई आदिकविको जीवनीमा भित्र्याइएका भ्रम चिर्न सफल भएको उद्‌घोष गरेकी छिन् ।

नेपाली भाषासाहित्यका अविश्रान्त एवम् अविचलित साधक तथा समालोचक **प्रा.गोपीकृष्ण शर्मा**का मतमा *अहिलेसम्म पनि भानुभक्तका साहित्यिक तथा वैयक्तिक घटनापरिघटनासँग सम्बन्धित अनेक चिन्तन र तथ्यहरू पनि प्रकाशनमा आएका छन् । यस परिप्रेक्ष्यमा साहित्यकार नरेन्द्रराज प्रसाईले भानुभक्तबारे लेखिएका उपलब्ध कृतिहरूको समेत अध्ययन गरेर आफ्नो जीवनी लेखन शिल्पको उपयोग गरी यो जीवनीकृति तयार पारेका हुन् । सरल, वस्तुनिष्ठ र रुचिपूर्ण भाषामा तयार पारिएको यो जीवनीकृति आदिकवि भानुभक्तलाई चिनाउने आधिकारिक सामग्री हुन पुगेको छ । भनौँ, मोतीराम भट्टले तयार पारेको भानुजीवनीपछि यति गहन रूपमा अध्ययन गरेर तयार पारिएको जीवनीकार प्रसाईको प्रस्तुत कृति गहकिलो अध्ययन भएको आधिकारिक भानुजीवनी पनि हो । भानुजीवनीको लेखनपरम्परामा जीवनीकार प्रसाईको 'भानुभक्त आचार्यको जीवनवृत्त' नामक यो कृति अद्यावधिक मानक कृति हुँदै हो र यस क्षेत्रमा भएको गहकिलो अध्ययन पनि हो ।* प्रा.शर्माको अभिमतमा पनि जीवनीकार प्रसाईद्वारा आदिकविबारेका विविध भ्रमपूर्णका

दस्तावेजहरूबाट भानुभक्त आचार्यलाई मुक्त पार्ने प्रशंसनीय कार्य भएको ठहर भएको छ ।

विद्वान् एवम् नेपाली साहित्यका ऊर्जावान् समालोचक **प्रा.डा.घनश्याम नेपाल**द्वारा प्रस्तुत गरिएको समीक्षात्मक मतमा *भानुभक्तको जन्म संवत्बारे उठेको विवादको समाधान नरेन्द्रराज प्रसाईले व्यावहारिक तर्कका आधारमा जुन गरेका छन् त्यो सबैलाई स्वीकार्य लाग्नु युक्तिसम्मत हुन्छ । आङ्किक प्रमाणभन्दा लोकप्रचलनको मर्यादा उच्च छ भन्ने उनको तर्क स्वागतयोग्य छ ।* भारतीय भूमिमा नेपाली भाषासाहित्यको प्राज्ञिक सेवाद्वारा उच्च महिमामयी व्यक्तित्व आर्जनमा सफल स्रष्टा प्रा.डा.नेपालले पनि प्रसाईद्वारा 'भानुभक्त आचार्यको जीवनवृत्त'मा प्रस्तुत गरिएका प्रमाणसम्मत विषयवस्तुसँग सहमतीय स्वर मिसाएका छन् ।

नेपाली भाषासाहित्यमा वरिष्ठ समालोचकका रूपमा ख्याति आर्जन गरिसकेका **प्रा.डा.दयाराम श्रेष्ठ**को अभिमतमा *नरेन्द्रराज प्रसाईले न त आदिकवि भानुभक्तको छविलाई धमिल्याउने प्रयास गरेका छन्, न त उनको सृजनशील प्रतिभाको अवमूल्यन गर्ने धृष्टता नै गरेका छन् । उनले त बरु भ्रम एवम् शङ्का निवारणार्थ अनेक प्रमाण तथा तर्कहरू दिएर उनले पाउँदै आएको उच्च सम्मानलाई अझ प्रामाणिक र सबल बनाउने काम गरेका छन् । शोधकार्य गर्नु भनेकै प्रचलित तथ्यहरूको प्रशोधन, परिष्करण र संशोधन गरेर तथ्यलाई अद्यावधिक पनि बनाउनु हो । नरेन्द्रराज प्रसाई यस कुरामा चुकेका छैनन् ।* नेपाली समालोचनाका क्षेत्रका शिखर पुरुष प्रा.डा.श्रेष्ठले प्रसाईकृत 'भानुभक्त आचार्यको जीवनवृत्त' भानुबारेको सत्य गाथा भएको दृढ मत प्रस्तुत गरेका छन् ।

समालोचनाका क्षेत्रमा वरिष्ठता प्राप्त समालोचक **डा.देवीप्रसाद सुवेदी**को समीक्षात्मक विचार यसरी प्रस्तुत भएको छ, *नरेन्द्रराज प्रसाईको 'भानुभक्त आचार्यको जीवनवृत्त' मोतीराम भट्ट र उनीपछिका*

*कतिपय जीवनीकार, समालोचक, निबन्धकार आदि लेखकहरूका मतअभिमत, विवेचना, विश्लेषण आदिलाई पर्गेल्दै भानुभक्तको जीवनका सत्यतथ्य पहिल्याउन गरिएका प्रयत्नको सार्थक उपलब्धि हो ।* नेपाली साहित्यको समालोचना क्षेत्रमा अनवरत साधनारत डा.सुवेदीले प्रसाईकृत 'भानुभक्त आचार्यको जीवनवृत्त' नेपाली साहित्यकै सार्थक उपलब्धिका रूपमा मानेका छन् ।

भारतीय नेपाली भाषासाहित्यमा आफ्नो स्पष्ट पहिचान बनाइसकेकी वरिष्ठ समालोचक **डा.पुष्प शर्मा** नरेन्द्रराज प्रसाईद्वारा लेखिएको, 'भानुभक्त आचार्यको जीवनवृत्त'ले साहित्यिक क्रान्ति गरेको ठहर गर्दै भन्छिन्, *वादविवाद, मतभिन्नता, तर्कवितर्कभन्दा माथि उठेर भानुजीवनका तथ्यपरक निष्कर्षलाई चूडान्तसिद्धि दिनका लागि सूक्ष्म शल्यचिकित्सा गरेर एउटा ठोस विवरण दिने काममा प्रसाई अटल र आस्थावान् रहेका छन् । यस प्रकार प्रसाई आफ्नो साधना र बौद्धिक काव्यचेतद्वारा भानुजीवनलाई सार्वजनिक गराउने काममा धेरै सचेत छन् । तथापि सार्वजनिक गर्न अघि अद्यावधिक सन्दर्भभन्दा नयाँ वैज्ञानिकता, तथ्यपरक ऐतिह्य ज्ञान र सृजनात्मक प्रतिमानमा अडानका साथ प्रत्येक प्रश्नको सप्रमाण उत्तर पुष्टि दिन पनि उत्तिकै क्रान्तिकारी हाँकका साथ उनी खडा छन् । यो एक जना जीवनी लेखकमा हुनुपर्ने सबभन्दा बलियो पक्ष हो, जसलाई खूबै औचित्यका साथ न्याय दिन सक्नुपर्ने हुन्छ र लोकका सामु सही कुरा जनाउनुपर्ने हुन्छ ।* डा.शर्माले जीवनीकार प्रसाईलाई असल जीवनी लेखनको धर्ममा लागेका सफल जीवनी लेखकको पङ्क्तिमा राखेर प्रसाईद्वारा प्रस्तुत भानुजीवनीबारेको प्रमाणपूर्णको सत्यतथ्यले नेपाली साहित्यलाई नै लाभान्वित पारेको सशक्त मत दिएकी छिन् ।

समालोचनाका क्षेत्रमा समर्पित स्रष्टा **प्रेमप्रसाद तिवारी** प्रसाईकृत भानुजीवनीले *मोतीराम भट्टले १९४८ सालबाट प्रारम्भ गरेको जीवनी लेखनको परम्परालाई मोतीरामेली मार्गका अनुगामी बन्दै*

*२०७१ सालमा नरेन्द्रराज प्रसाईले निरन्तरता दिने कार्य मात्र गरेका छैनन् अपितु भानुभक्त आचार्यको जीवनीमा विद्यमान कतिपय प्राज्ञिक समस्याहरूको तथ्यात्मक समाधानसमेत पहिचान गर्ने कार्य गरेका छन् । जीवनी लेखन जस्तो गुरुतर कार्यलाई अत्यन्तै सरल, तथ्यात्मक अनि प्रामाणिक स्वरूपमा पस्कने कार्य प्रसाईले गरेका छन् ।* युवा समालोचक तिवारीले जीवनी लेखनजस्तो जटिल र महत्त्वपूर्ण कार्य पनि सहज, सरल र प्रमाणपूर्वक प्रस्तुत गर्न प्रसाई सफल भएको समीक्षात्मक विचार प्रस्तुत गरेका छन् ।

नेपाली साहित्यको समालोचनाक्षेत्रमा महारथ हासिल गरिसकेका वरिष्ठ समालोचक **प्रा.डा.महादेव अवस्थी**द्वारा नरेन्द्रराज प्रसाईकृत 'भानुभक्त आचार्यको जीवनवृत्त'का सन्दर्भमा राखेको अभिमतले प्रा.डा.अवस्थीमा भएको सकारात्मक चिन्तन र भाषासाहित्यका सन्दर्भमा उनको गहिरो अध्ययनलाई प्रस्तुत गरेको छ । *विगत सवा शताब्दीका बीच भानुजीवनीका विभिन्न घटनासन्दर्भलाई उल्थ्याउने र केलाउने प्रयासहरू निकै भए पनि र केही भानुजीवनी लेखिएका देखिए पनि तथ्यनिष्ठ, प्रमाणसिद्ध एवम् तर्कसङ्गत रूपमा भानुभक्त आचार्यका जीवनबारे प्रकाश पार्ने खासै उल्लेख्य प्रयास भएका देखिएनन्; बरु केही तथ्य बङ्ग्याउने र बटार्ने चेष्टा आचार्यवंशीहरूबाटै भएका देखिए । यस परिप्रेक्ष्यमा नरेन्द्रराज प्रसाईले भानुभक्त आचार्यका सबै कृतिको अध्ययन र भानुभक्तका जीवनीसँग सम्बद्ध सबै पूर्वाध्ययनहरूको सूक्ष्म अवलोकनका आधारमा आफ्नो मेधाशक्तिको प्रचुर उपयोग गरी यो भानुभक्त आचार्यको जीवनवृत्त तयार पारेका छन् ।*

महासमालोचक प्रा.डा.वासुदेव त्रिपाठीकै अनुयायी धारमा अग्रसर नेपाली भाषासाहित्यको अध्ययन, अन्वेषण र विश्लेषणमा लगनशीलता र प्रखर विद्वत्चक्षुका प्रयोक्ता भएकै कारण अग्रणी समालोचक प्रा.डा.अवस्थीले आदिकविकै वंशजहरूले बटारेको, बङ्ग्याएको र भाँड्नसमेत खोजेको आदिकवि भानुभक्त आचार्यको जीवनीका सन्दर्भमा

प्रसाईको यस पुस्तकले सत्यतथ्य प्रकाशित गरेको निर्णायात्मक वैचारिक मत प्रस्तुत गरेका छन् ।

नेपाली साहित्यको भाषाविज्ञानका तपस्वी **प्रा.डा.माधवप्रसाद पोखरेल** भानुभक्त आचार्यबारेमा गहन अध्ययनपछिको समालोचकीय विचार प्रस्तुत गर्दै भन्छन्– *'नरेन्द्रराज प्रसाईले भानुभक्तको जीवनीबारे आजसम्म विभिन्न समालोचकहरूका कृतिहरूमा उठेका विवाद र परस्पर विरोधी सूचना र तथ्यहरूलाई आफ्नो विवेक र तर्कले जोड्दै जोख्तै गरेर उनका विचारमा भानुभक्तको जीवनीको अन्तिम र प्रामाणिक पाठ तयार गरेका छन् जसलाई राम्रोसँग नकेलाई पन्छाएर अथवा निच मारेर भविष्यको कुनै पनि भानुभक्तको जीवनीपरक समालोचनाको लेखक अघि बढ्न सक्तैन । यो भानुजीवनीलाई यसरी अनुसन्धानको अपरिहार्य दस्तावेज बनाएकामा नरेन्द्रराज प्रसाईलाई कुनै पनि निष्पक्ष अनुसन्धाताले बधाई नदिई रहन सक्तैन ।*

साहित्यिक एवम् भाषिक कुनै पनि विषयवस्तुमाथि घोत्लिएपछि आफ्नो राय डटेर प्रस्तुत गर्न अग्रसर हुने अग्रगामी विद्वान् समालोचकका रूपमा चिनिएका प्रा.डा.पोखरेलले नरेन्द्रराज प्रसाईकृत 'भानुभक्त आचार्यको जीवनवृत्त'लाई भानुभक्तबारेको अनुसन्धानका लागि अनिवार्य' अपरिहार्य र अत्यावश्यक सामग्री हो भनेर किटानी मत प्रदान गरेका छन् ।

नेपाली साहित्यको मनोवैज्ञानिक पक्षमाथि अध्ययन गर्ने विरालाकोटीका समालोचक **प्रा.डा.मुरारीप्रसाद रेग्मी**का मतमा *नरेन्द्रराज प्रसाईद्वारा लिखित 'भानुभक्त आचार्यको जीवनवृत्त' नामक कृतिमा मुख्य मुद्दा बनाइएको विषयमध्ये भानुभक्तको जन्ममिति र जन्मकुण्डली पनि एक हो । मितिहरूको सत्यापनामा विवाद भएको हुँदा यो कुण्डली भानुभक्त स्वयम्ले बनाएको हो या उनकी नातिनी विष्णुमायाद्वारा बनाउन लगाई प्रस्तुत गरिएको हो, त्यसबारे मेरो भन्नु केही छैन । यदि यो कुण्डली भानुभक्तकालीन समयमा बनाइएको*

*होस् वा भानुभक्त आचार्यद्वारा नै बनाइएको होस् कुण्डलीमा अत्यन्त प्रबल वा तेजस्वी व्यक्तिको गुण देखिन्छ ।*

*१८६९ सालमा भानुभक्त आचार्य जन्मेको तिथिमितिअनुसार यस्तो जन्मकुण्डली भइदिएको भए अथवा मोतीरामले भानुभक्त आचार्य १८७१ असार २९ गते नै जन्मेको लेखिदिएको भए यो जन्मकुण्डली त्यहीअनुसार प्रस्तुत हुन पनि सक्थ्यो र अति सार्थक पनि हुने थियो । तर नरेन्द्रराज प्रसाईले ठोस र अनेक प्रमाण दिएर भानुभक्त जन्मेको मिति १८६९ साल नै हो भनेर ठोकुवा गरेपछि यस जन्मकुण्डलीलाई वैज्ञानिक भनेर किटान गर्न सकिएन ।* भानुभक्त आचार्यको जन्मकुण्डलीका सन्दर्भमा पूर्वलेखकहरूले अनाहक विवाद गरेर प्रमाणहीन जन्ममिति स्थापित गराएको कुरालाई प्रा.डा.रेग्मीले ज्योतिषीय मान्यताबाट विश्लेषण गरेका छन् ।

नेपाली साहित्याकाशका उज्ज्वल नक्षत्र, समालोचक एवम् संस्कृतिविद् **मोदनाथ प्रश्रित**को भनाइ– *मोतीरामले भानुभक्तको जीवनी लेखेर उनका कृति प्रकाशित गर्न थालेपछि मात्र भानुभक्त चम्केका थिए । मोतीरामपछि भानुभक्तकी नातिनी विष्णुमायाले पनि 'भानुभक्त मणिमाला' मार्फत भानुभक्तका थप सेरोफेरोलाई अगाडि ल्याइदिइन् । उनीमार्फत पनि कति सत्य कुरा र कति असत्य कुरा जनसमक्ष आए गहिरिएर कसैले त्यसको लेखाजोखा गरेको पनि पाइएन । त्यसपछि भानुबारेका जीवनी लेखक र समालोचकहरूले कतै मोतीराम र कतै विष्णुमायाका लेखनलाई पछ्याउँदै जान थाले । यी व्यहोराले भानुभक्तका जीवनीका केही प्रसङ्ग पनि धमिलो र अपत्यारिलोसमेत हुन थाल्यो । भानुभक्तको व्यक्तित्वका प्रसङ्गलाई बटारबुटुर पारेर प्रस्तुत गरिने होडबाजी हुन थालेपछि पाठकले सत्य कुन हो र असत्य कुन हो छुट्टयाउन गाह्रै भइसकेको थियो । त्यसमाथि पनि भानुभक्तका मौलिक कवितालाई समेत बङ्ग्याएर यो नै भानुभक्तको वास्तविक कविता हो भनेर प्रकाशित गरिनाले भानुभक्तको व्यक्तित्व र कृतित्वमा*

*नै एक प्रकारको अन्योल सृजना भएको थियो । ती सबै भ्रम, शङ्का र उपशङ्कालाई चिरेर नरेन्द्रराज प्रसाईले 'भानुभक्त आचार्यको जीवनवृत्त' लेखेका छन् । यसलाई भानुबारेको सार्थक र विशिष्ट उपलब्धि मान्नुपर्छ ।*

वामपन्थी राजनैतिक नेतृत्वमा अग्रस्थानका डा.प्रश्रित साहित्यमा बहुविधाका सफल रचयिता हुन् । उनको समालोचकीय धारले एकपक्षीय अपाङ्गता स्वीकार गर्दैन । त्यसैले वादानुकूल चस्माले कृति नहेरेर निष्पक्ष समालोचनात्मक अभिमत प्रस्तुत गर्नु डा.प्रश्रितको विशेषता मानिन्छ । प्रसाईकृत भानुजीवनीबारे पनि उनको वैचारिक मत स्पष्ट, पारदर्शी र गहकिलो देखिन्छ । डा.प्रश्रितले प्रसाईको अन्वेषणात्मक भानुजीवनीप्रति पूर्ण सदाशयता प्रकट गरेका छन् ।

नेपाली साहित्यको आख्यान विधाका समेत अग्रणी, सिद्धहस्त एवम् लब्धप्रतिष्ठित कथाकार **प्रा.मोहनराज शर्मा** नेपाली साहित्यका वरिष्ठ समालोचकहरूमा समेत अग्रस्थानमा स्थापित छन् । प्रा.शर्माको मान्यतामा, *नरेन्द्रराज प्रसाईले लेखेको 'भानुभक्त आचार्यको जीवनवृत्त' नामक कृति खोजपरक, तथ्यमूलक तथा विश्लेषणात्मक भएर पनि सहज र सरल छ । आदिकविको जीवनी, व्यक्तित्व र कृतित्वसँग गाँसिएका विभिन्न मुद्दामा प्रसाईले गरेका बहस र व्याख्या स्पष्ट र पुष्ट भएकाले यसमा कतै पनि पाठक अलमलिनुपर्ने स्थिति देखा पर्दैन । यो पुस्तकमा भानुका सबै महत्त्वपूर्ण पक्षबारे चाहिँदो विमर्श गरिएको छ र यो कृति भानुलाई समग्र रूपमा चिनाउन र उनीबारे रहेका मतमतान्तर चिरेर वास्तविकतामाथि प्रकाश पार्न समर्थ र सफल छ ।* प्रा.शर्माको समालोचनात्मक प्रस्तुतिमा प्रसाईकृत भानुजीवनी कृतिले आदिकवि भानुभक्तबारेका पूर्वविवादास्पद विषयहरूलाई बौद्धिक तर्क र ऐतिहासिक प्रमाणका आधारमा सरलताका साथ प्रस्तुत गरेको छ ।

नेपाली समालोचनाका क्षेत्रमा प्रखर युवा समालोचकका रूपमा स्थापित **रजनी ढकाल**का विचारमा *भानुभक्तमाथि यति अध्ययन*

*हुँदाहुँदै पनि उनीमाथि रहेका अनेक विवाद र शङ्काउपशङ्काको निवारणार्थ प्रसाईको 'भानुभक्त आचार्यको जीवनवृत्त' कृति अगाडि आएको छ । प्रस्तुत कृतिले भानुभक्तमाथि रहेका जन्ममिति, घाँसी र भानुभक्तको प्रसङ्ग, भानुभक्तले जागिर खाएको प्रसङ्ग, वधूशिक्षामा प्रयोग भएको 'वेश्या' शब्द, 'भानुभक्तको जन्मकुण्डली' भानुभक्तको मौलिक तस्बिर आदि विषयको विवादलाई विश्वसनीय ढङ्गले पुष्टि गरेको छ ।* नेपाली साहित्यका विविध विधामा समेत स्थापित भइसकेकी तथा भानुभक्त आचार्यकृत विवादास्पद 'वधूशिक्षा' सन्दर्भमा 'वधूशिक्षा : विश्लेषण र मूल्याङ्कन' (२०७२) नामक समालोचनात्मक ग्रन्थमार्फत आफ्नो समालोचनात्मक गहन चक्षु प्रस्तुत गर्न सक्षम युवा समालोचक हुन् रजनी ढकाल । युवा समालोचक ढकालको मान्यतामा नेपाली साहित्यका शिखर व्यक्तित्व आदिकवि भानुभक्तका बारेमा प्रसाईपूर्वका अध्येताहरूले प्रस्तुत गरेका विविध विवादहरूलाई प्रसाईको यस कृतिमा विश्वसनीय तरिकाले समाधान गरिएको छ ।

नेपाली भाषासाहित्यका गहन तथा लगनशील अध्येता वरिष्ठ समालोचक **प्रा.राजेन्द्र सुवेदी** नरेन्द्रराज प्रसाईका जीवनी लेखनसँग गहिरोसँग परिचित विद्वान् हुन् । प्रा.सुवेदीले बारम्बार नरेन्द्रीय लेखनको नाडी छामेका छन् । 'भानुभक्त आचार्यको जीवनवृत्त'का सन्दर्भमा पनि उनको अध्ययन निकै विश्लेषणात्मक छ । यसै सन्दर्भमा उनको मान्यता यसरी प्रस्तुत भएको छ, *भानुभक्तको जीवनमा आएका विशेष स्थिति र तिनले प्राप्त गर्न लागेका मिथकीय बिम्ब र बन्न लागेका किंवदन्तीहरूको विश्लेषण गर्दै मिथ्याको बहिष्कृति र सत्यको स्वीकृतिका आधारमा प्रस्तुत ग्रन्थले जीवनीका रूप र सन्देशहरू नै प्राप्तिका विषय बनेका छन ।* प्रा.सुवेदीको अभिमतमा प्रसाईको यस कृतिका कारण आदिकवि भानुभक्तका सन्दर्भका सबै मिथ्या कथनहरूलाई सच्याउने नेपाली भाषासाहित्यकै लागि महत्त्वपूर्ण कार्य सम्पन्न भएको छ ।

नेपाली भाषासाहित्यको समालोचना फाँटका अर्का अत्यन्त मेधावी समालोचकको नाउँ हो **डा.लक्ष्मणप्रसाद गौतम** । युवा अवस्थामै आफ्नो समालोचकीय शिल्पका कारण प्रखर समालोचकको उचाइ प्राप्त वरिष्ठ समालोचक डा.गौतमले प्रसाईकृत भानुजीवनीका सन्दर्भमा आफ्नो सशक्त मान्यता प्रस्तुत गरेका छन्, *जीवनीकार प्रसाईले पूर्ववर्ती जीवनीकारहरूले लेखेका भानुभक्तसम्बन्धी सम्पूर्ण जीवनी पढेर तिनको अन्तर्मन्थन गरेका छन् र यही अन्तर्मन्थनबाट निस्केको नौनी बनेको छ यो कृति । यो नै यस कृतिको महत्त्व र गरिमा हो, प्राप्ति हो र भानुभक्तप्रति यस कृतिले धेरै न्याय गरेको छ भन्ने आधार धेरै छन् । यहाँ जीवनीकार प्रसाईले वकिल बनेर बहस गरेका छैनन्, बरु न्यायाधीश बनेर न्याय दिएका छन् । यसर्थ पनि यो कृति औचित्यपूर्ण छ । भानुभक्त सार्वभौम र शाश्वत व्यक्तित्व हुन् । उनी देशकालको सीमाभन्दा माथि छन् । त्यस्ता व्यक्तित्वलाई पारिवारिक, वंशानुगत, जातीय आदि कुनै पनि परिसीमाको सानो पोखरीभित्र परिसीमित गर्नु हुँदैन; सबैलाई चेतना भया ।* डा.गौतम आफ्नो प्रखर समालोचकीय मान्यता राख्ने क्रममा राष्ट्रिय विभूति भानुभक्तलाई कसैले पनि निजी खोपीको देउता बनाउनु हुन्न भन्छन् । यसैका लागि प्रसाईले यस जीवनवृत्तमा प्रस्तुत गरेका सप्रमाण तथ्यहरूलाई स्वीकार गर्दै प्रसाईको निष्पक्ष प्रस्तुतिप्रति पूर्णतया सन्तुष्टि व्यक्त गर्छन् ।

नेपाली समालोचनालेखनमा समर्पित समालोचक **डा.लेखप्रसाद निरौला**को मान्यतामा *नरेन्द्रराज प्रसाईले आदिकवि भानुभक्त आचार्यको जीवनवृत्तलाई सङ्क्षेपमा गहकिला तर्क र प्रमाणहरूका आधारमा खण्डन, मण्डनपूर्वक प्रस्तुत गरेका छन् । उनले भानुभक्त आचार्यको जन्मदेखि मृत्युसम्मका महत्त्वपूर्ण परिघटना र कृतिगत योगदानका विषयहरूलाई प्रमुख रूपमा उठाएका छन् । ...यसरी प्रस्तुत कृतिमार्फत नरेन्द्रराज प्रसाईको जीवनीपरक समालोचकीय व्यक्तित्व अरू विशिष्ट प्रकृतिको बन्दै गएको तथा नेपाली राष्ट्रिय विभूति भानुभक्त आचार्यको*

*राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय ख्यातिसँगै देखा परेका शङ्का, उपशङ्काहरू स्वतः समाप्त हुँदै जाने वातावरण सिर्जना भएको मान्न सकिन्छ ।* समालोचक डा.लेखप्रसाद निरौला नेपाली साहित्यमा प्रसाईकृत भानुजीवनीको प्रकाशनले नेपाली साहित्यको गरिमाशाली व्यक्तित्व आदिकवि भानुभक्त आचार्यका सन्दर्भका अधिकांश भ्रम र अन्योल पन्छाउने महत्त्वपूर्ण काम गरेको ठहर गर्छन् ।

नेपाली साहित्यका महासमालोचकका रूपमा प्रसिद्ध तथा नेपाली समालोचना क्षेत्रमा गुरुतर भूमिका निर्वाह गर्दै आएका **प्रा.डा.वासुदेव त्रिपाठी**ले 'भानुसन्दर्भ र नरेन्द्रराज प्रसाईकृत भानुजीवनी : समीक्षात्मक अभिमत' (२०७२) नामक सिङ्गो कृति नै प्रकाशित गरेर नेपाली साहित्यको भानुसमालोचनाको इतिहासमा कीर्तिमान स्थापना गरेका छन् । महासमालोचक प्रा.डा.त्रिपाठीको मान्यतालाई सङ्क्षिप्त रूपमा यहाँ प्रस्तुत गरिन्छ, *नरेन्द्रराज प्रसाईद्वारा लिखित 'भानुभक्त आचार्यको जीवनवृत्त' नामक जीवनीकृतिका अनेक वैशिष्टचमध्येको एक मुख्य वैशिष्टच मोतीराम भट्टले १९४८ सालमा प्रकाशित गरेको 'कवि भानुभक्तको जीवनचरित्र'को रुन्डै सवा सय वर्षको समयपछि प्रस्तुत हुन आएको अर्को सृजनात्मक भानुजीवनी कृति हुनाको गौरवी पहिचान पनि हुँदै हो । जहाँ मोतीरामकृत भानुजीवनी भानुबारेको प्रथम जीवनीकृति थियो त्यहीँ नरेन्द्रराज प्रसाईकृत यो भानुजीवनी अद्यावधिक मानक भानुजीवनी हुन पुगेको छ ।* महासमालोचक प्रा.डा.त्रिपाठीद्वारा नरेन्द्रराज प्रसाईकृत 'भानुभक्त आचार्यको जीवनवृत्त' लाई मोतीराम भट्टपछिको अद्यावधिक मानक जीवनी नै भनेर किटानी गरिएको छ । नेपाली समालोचना क्षेत्रकै सर्वोच्च शिखर व्यक्तित्व एवम् सम्पूज्य महासमालोचक प्रा.डा.त्रिपाठीबाट यसरी उद्घोषित हुन पाएर नरेन्द्रराज प्रसाईको व्यक्तित्व र कृतित्व दुवैले एकसाथ विराट् साहित्यिक मूल्य र मान्यता प्राप्त गरेको कुरा घमाइलो दिनझैँ छर्लङ्ग छ ।

नेपाली भाषासाहित्यका युवापुस्ताका सक्रिय समालोचक **डा.विष्णु के.सी**. प्रसाईकृत भानुजीवनीका सन्दर्भमा आफ्नो मान्यता यसरी प्रस्तुत गर्छन्, *प्रसाईकृत भानुजीवनी भानुअध्ययन परम्पराको अद्यावधिक प्रामाणिक र आधिकारिक जीवनी ग्रन्थ हो । यसले भानुअध्ययनको परम्परा र नेपाली जीवनी साहित्यका क्षेत्रमा नयाँ क्षितिज उघारिदिएर कोसेढुङ्गाको काम गरेको छ । नेपाली भाषासाहित्यको प्राज्ञिक परम्परामा यो महत्त्वपूर्ण प्राप्ति हो ।* समालोचक डा.विष्णु के.सी. प्रसाईकृत यस भानुजीवनीले नेपाली भाषासाहित्यको जीवनी लेखन परम्परामा नवीनतम क्षितिज उघार्दै जीवनी लेखनमा कोसेढुङ्गा स्थापित भएको मान्यता राख्छन् ।

आचार्यवंशी भएर पनि आचार्यवंशीले नै आदिकवि भानुभक्त आचार्यका सन्दर्भमा गरिआएका तथ्यप्रमाणबिनाका भाँडभैलोलाई भने साथ नदिने वरिष्ठ समालोचक **प्रा.डा.शर्वराज आचार्य** नरेन्द्रराज प्रसाईकृत भानुजीवनीका सन्दर्भमा आफ्नो मान्यता यसरी प्रस्तुत गर्छन्, *जीवनीकारले आजसम्म प्रकाशित जीवनीलाई अध्ययन गरी परिमार्जित, विश्वसनीय, मान्य र निर्क्योलतर्फ डोऱ्याउन कपोलकल्पित कुरालाई खण्डन गर्न विवश भएको कुरा शालीनतापूर्वक व्यक्त गरेका छन् । आनुभविक कलाले जीवनवृत्त लेखिनु कृतिको एउटा विशिष्ट पाटो हो । यस विशिष्ट पाटामा भानुभक्त आचार्यबारे पाइने मतमतान्तरको समीक्षा छ । समीक्षा गर्दा मोतीराम भट्टलिखित 'कवि भानुभक्तको जीवनचरित्र'को सान्दर्भिक तथ्य र तथ्यको पुनर्व्याख्या गरिएको छ । जीवनवृत्त लेखन र जीवनवृत्तमा तथ्यान्वेषणको पुनर्व्याख्याले पुराना नेपाली भाषासेवी तथा प्रचारक मोतीराम र नयाँ नेपाली भाषासेवी तथा प्रचारक नरेन्द्रबीच सम्पर्कसूत्र स्थापित गरेको छ ।* वरिष्ठ समालोचक प्रा.डा.आचार्यको मान्यतामा प्रसाईद्वारा प्रस्तुत भएको भानुजीवनीमा भानुसन्दर्भका सत्यतथ्य प्रकट भएको छ । पूर्वभानुमान्यतालाई विस्थापित गर्ने प्रसाईको शैलीको र शालीनताको

प्रशंसा गर्दै ऐतिहासिक सत्यतथ्य केलाउने प्रसाईको क्षमताको समेत प्रा.डा.आचार्यले प्रशंसा गरेका छन् ।

नेपाली साहित्यको समालोचनाका क्षेत्रमा युवा ओजस्विता लिएर प्रकट हुँदै गरेकी समालोचक **शान्तिमाया गिरी** प्रसाईकृत भानुजीवनीका सन्दर्भमा यसरी प्रस्तुत हुन्छिन्, *भानुभक्त आचार्यसम्बन्धी कतिपय कपोलकल्पित, विवादित, भ्रमात्मक कुराहरूको पनि खण्डन गर्दै भानुभक्त आचार्यबारे आजसम्म प्रकाशित जीवनी प्रसङ्गलाई पनि लेखक प्रसाईले नवीन तथ्य, प्रमाण तथा वैज्ञानिक तर्क समेटी परिमार्जित, विश्वसनीय र परिष्कृत तुल्याएको पाइन्छ । आदिकवि भानुभक्त आचार्यको जन्म वर्ष १८७१ साल कायम भएको सन्दर्भमा लेखक प्रसाईले भानुभक्तले चालीस वर्षको उमेरमा कुमारीचोकबाट श्री ३ कमान्डर इन-चीफलाई १९०९ सालमा कवितामा बिन्तीपत्र लेखेको साक्ष्य र सन्दर्भ प्रस्तुत गर्दै १८६९ मा ४० जोड्दा १९०९ साल नै हुन आएको तर्क दिँदै भानुभक्तको जन्म वर्ष १८६९ साल हो भनी पुष्टि गरेका छन् ।* युवा समालोचक गिरी प्रसाईको जीवनी लेखनमा भएको परिमार्जन, तथ्यहरूको सजीव प्रस्तुति र निर्भीकताप्रति नतमस्तक छिन् । गिरीको मान्यतामा प्रसाईकृत भानुजीवनीले वैज्ञानिक आधारमा आदिकविको पुराना अतथ्यपूर्णको जीवनीलाई तथ्यपूर्ण बनाउनुले समग्र नेपाली भाषासाहित्यको क्षेत्रलाई गुन लगाएको विचार उनले प्रस्तुत गरेकी छिन् ।

नेपाली साहित्यका युवा समालोचक **शालिकराम पौड्याल** पनि जीवनीकार प्रसाईकृत भानुजीवनीमा आफ्नो मान्यता यसरी प्रस्तुत गर्छन्, *भानुभक्तका बारेमा प्रथम पटक सोधखोज गरी भानुभक्तको जीवनचरित्र तयार पार्ने मोतीरामका मान्यताहरूका विपक्षमा अनेक चलखेलहरू भए पनि मोतीरामेली पथमा हिँडी सकेसम्म प्रसाईले भानुविषयक कृति र अनुसन्धानलाई अवलोकन गरी प्रस्तुत कृति तयार पारेर भानुका बारेमा अब कुनै विवाद नगरी*

*यिनै कुराहरूलाई स्वीकार गर्न तथा कतिपय कुराका बारेमा पुनर्विचार गर्न प्राज्ञिक समुदायलाई सुझाव दिएको अनुभूति हुन्छ । प्रस्तुत कृतिमा मोतीराम मतका विपक्षीका तर्कलाई पाठगत टिप्पणी दिई कतिपय औचित्यहीन तर्कलाई दरैसँग खण्डन गरिएको छ भने युगानुकूल, जनमानसले स्वीकार गरिसकेका तथ्यका बारेमा बौद्धिक बाझबाझ आवश्यक नरहेकाले तिनलाई सम्पत्तिका रूपमा स्वीकार गर्नुपर्ने तथ्यसमेत प्रस्तुत गरिएको छ ।* युवा समालोचक पौडचाल आदिकविका सन्दर्भमा बौद्धिक तर्क र ऐतिहासिक प्रमाणका आधारमा पूर्वप्रसारित विवादास्पद विषयहरूलाई बलियोसँग विस्थापित गराउने प्रसाईको कलाका प्रशंसक देखिन्छन् ।

नेपाली भाषासाहित्यमा समालोचनाको प्रगतिशील फाँटका युवा एवम् प्रखर समालोचक **डा.सुकुम शर्मा**ले पनि प्रसाईकृत भानुजीवनीका सन्दर्भमा आफ्नो अभिमत यसरी राखेको पाइन्छ, *भानुभक्तको जीवनप्रसङ्ग र साहित्यिक योगदानको मूल्यबोध गर्दा सन्दर्भगत प्राप्तिमा जोड दिएको पाइन्छ । यो जीवनी लेखनको उल्लेख्य पक्ष हो । यो मूल्यबोध समाजसँग जोडिन्छ र सांस्कृतिक सन्दर्भमा पनि आएको हुन्छ । त्यसको सांस्कृतिक संरचनाभित्र पुराना सामग्रीको पाठभेद गरी विवाद सिर्जना गर्ने प्रवृत्तिको भने यस जीवनवृत्त लेखनका क्रममा आलोचना गरिएको छ ।* समालोचक डा.सुकुम शर्माले आदिकवि भानुभक्तका सन्दर्भमा प्रसाईपूर्वका भानुजीवनीकारहरूले नेपाली साहित्य र संस्कृतिमै असर पर्ने गरी गरिएको भानुभक्तको पाठभेदका सन्दर्भमा प्रसाईकृत जीवनीमा आलोचना गरिएको कुरालाई महत्त्वका साथ प्रस्तुत गरेका छन् ।

नेपाली भाषासाहित्यको समालोचना क्षेत्रकी युवा समालोचक **ज्ञानु अधिकारी**द्वारा प्रसाईकृत भानुजीवनीका सन्दर्भमा प्रस्तुत मान्यता यस प्रकार छ, *जीवनीकार प्रसाईले 'भानुभक्त आचार्यको जीवनवृत्त' पुस्तक लेखेर भानुभक्तका बारेमा सार्वजनिक भएका विवादहरूको*

*शल्यक्रिया गरेका छन् । चिकित्साविज्ञानमा शल्यक्रिया उपचारका लागि गरिन्छ भने जीवनीकार प्रसाईको यस कृतिले तिनै विवादहरूको उपचार गरेको छ । भानुभक्तको जन्मवर्षदेखि लिएर उनको जीवनका विभिन्न घटनावली र प्रसङ्गहरूका साथै उनका कृतिहरूमा नयाँ पाठभेदहरू सृजना भएका कुरासम्मका विवादहरूको किनारा लगाउने काम यस कृतिमा भएको छ ।* युवा पुस्ताकी उर्वर समालोचक अधिकारीले विवादित बनाइएका आदिकवि भानुभक्त आचार्यको जीवनीमाथि सफल शल्यक्रियात्मक उपचार गर्न सफल भएका नरेन्द्रराज प्रसाईद्वारा भानु विवादका सन्दर्भमा तर्क र प्रमाण पुऱ्याएर ल्याइएको निर्णयमा ऐक्यबद्धता जनाएकी छिन् ।

●●

नेपाली भाषासाहित्यमा समालोचनाविधा भित्र्याउने श्रेय पनि युवाकवि मोतीराम भट्टलाई नै छ । भट्टलिखित 'कवि भानुभक्तको जीवनचरित्र' (वि.सं. १९४८)बाटै नेपाली समालोचनाको श्रीगणेश भएको हो । राममणि आ.दी., शम्भुप्रसाद ढुङ्ग्याल, सूर्यविक्रम ज्ञवाली आदि समालोचकहरूले मोतीरामलाई पछ्याउँदै आएको समालोचनाविधाको पुष्टिवर्धन कार्यचाहिँ रामकृष्ण शर्मा, बालचन्द्र शर्मा, प्रा.डा.ईश्वर बराल, इन्द्रबहादुर राई आदिबाट हुँदै आएको देखिन्छ ।

कुनै पनि कृतिमाथिको नकारात्मक पक्षलाई तर्क र प्रमाणका साथ गरिएको कलात्मक लेखकीय प्रस्तुति आलोचनाका सेरोफेरोमा सम्पन्न हुन्छ भने कृतिमाथि सकारात्मक र नकारात्मक पक्षमा समदृष्टि राखेर तर्क र प्रमाणकै सापेक्षमा मूल्याङ्कन गरी कलात्मकताका साथ प्रस्तुत गरिने प्राविधिक लेखन नै समालोचना हो । हाम्रो नेपाली साहित्यमा समालोचनाकै घनत्व छ । कृतिमाथिको आलोचनामा पाश्चात्य साहित्यसँगको तुलनात्मक अध्ययन र अन्वेषणका साथ लेखन प्रस्तुत गर्नमा रामकृष्ण शर्माको प्रखरता देखिन्छ भने डा.ईश्वर बराल र बालचन्द्र शर्मा पनि अन्वेषणात्मक

समालोचनामै अग्रणी रहे । अरू डा.बराल र इन्द्रबहादुर राईको समालोचकीय धार भने काव्यजगत्कै सशक्त तर बौद्धिक शालीनताका रूपमा स्थापित छ । तारानाथ शर्माको कीर्ति स्थापनामा उनको आलोचना लेखनलाई नै श्रेय जान्छ । गणेशबहादुर प्रसाई, गोविन्द भट्ट, कृष्णचन्द्रसिंह प्रधान, घटराज भट्टराई, शरच्चन्द्र शर्मा भट्टराई, कमल दीक्षित, अभि सुवेदी, शिव रेग्मी आदिको लेखनले नेपाली समालोचनाजगत्लाई घनीभूत तुल्याएको छ । घटराज भट्टराई, शरच्चन्द्र शर्मा भट्टराई, कमल दीक्षित, शिव रेग्मीजस्ता समालोचकबाट माध्यमिक कालीन साहित्यलाई उजागर गराउने महत्त्वपूर्ण काम भएको छ । समालोचनाविधाको गरिमा उत्थान गराउने एकाग्र, गहन र अविरल प्राज्ञचिन्तनओजद्वारा सिञ्चन गर्ने श्रेयी प्रा.डा.वासुदेव त्रिपाठी हुन् । डा.त्रिपाठीको अपार र अद्वितीय समालोचनात्मक लेखनका कारण नै उनी नेपाली भाषासाहित्यका महासमालोचक भएका हुन् ।

एउटा सृजनामाथिको बहु र वक्रोदृष्टि, गहन अध्ययन, विश्लेषण र चिन्तन, एकनिष्ठ साधनाका साथसाथै निष्पक्ष प्रक्षेपण नै समालोचनाका औजार हुन् । शाब्दिकतामा 'समालोचना' जति कर्णप्रिय र मीठासयुक्त छ, विधात्मकतामा 'समालोचना'ले निकै गहनता धारण गरेको हुन्छ । यथार्थमा समालोचनाविधामा प्रवेश गर्न सहज भए पनि यस विधामा डुब्नु, पौडिनु र यसबाट सफलतापूर्वक पार हुनका लागि गम्भीर साधना आवश्यक हुन्छ । त्यसैले महासमालोचक डा.त्रिपाठीद्वारा चर्चा गरिएको 'नेपाली साहित्यमा भानुभक्तबारे त राम्ररी समालोचना भएको छैन...' सार्थक वाक्य हो । सर्जकले सृजना गरेको एउटा सृष्टिमाथि विविध आयामहरूको अन्वेषण गर्ने काम समालोचकको हुन्छ । सृजनापछि लेखकको कार्य समाप्त र समालोचकको कार्य प्रारम्भ हुन्छ । समालोचकीय दृष्टिले चिरफार गर्दै सृजनाको विश्लेषणात्मक सूक्ष्म एवम् तुलनात्मक अध्ययन र

निष्पक्ष निर्क्योलले नै समग्र साहित्यको संवृद्धि हुँदै जाने हो । तर गुटबन्दी, राजनैतिक वादका घृणित घेराबन्दी, लोभमोह वा निहित स्वार्थवश गरिएका समालोचनाको जत्रै ठेली पनि दीर्घायु हुन सक्तैन । त्यस्ता समालोचनाहरू भविष्यका प्राज्ञिक कठघरामा अर्थहीन हुँदै अन्तत: तिरोहित हुन्छन् । त्यसैले समालोचनाविधाभित्र प्रवेश गर्न चाहने जोकोही लेखकले आफ्नो लेखन वर्चस्विताका बारे सचेत हुनै पर्छ । अन्यथा समालोचना मात्रै अक्षरहरूको जमात, पुस्तक फगत कागतको ठेली र लेखक हास्यपात्र मात्र बन्न सक्ने प्रबल सम्भावना रहन्छ ।

त्यसैले समालोचकहरू साहित्यका महत्त्वपूर्ण औजार भएको कुरा समालोचना क्षेत्रका साधकहरूले मनन गर्न जरुरी छ । किनभने समालोचकका सचेतनापूर्ण र सक्षम प्रस्तुतिका कारण नै समग्र भाषासाहित्यका कुनै पनि सृजना विशेषलाई आकारप्रकार दिँदै प्रसारित गराउने महत्त्वपूर्ण कार्य सम्पन्न हुन सक्छ ।

विद्वान्हरूले नेपाली भाषासाहित्यको समालोचनाको ऐतिहासिक कालखण्डलाई प्रथम चरण (वि.सं. १९४८–१९९८), द्वितीय चरण (वि.सं. १९९९–२००५), तृतीय चरण (वि.सं. २००६–२०२२) र चतुर्थ चरण (वि.सं. २०२३ देखि हालसम्म) भनेर विभाजन गरेको पाइन्छ । अघिल्ला तीन चरणलाई यथा सीमाङ्कन राखेर अब चतुर्थ चरणको पनि सीमा बाँध्ने बेला आएको महसुस गरिएको छ । २०६२-६३ को आन्दोलनपूर्वसम्मको समयलाई चौथो चरण मानेर वि.सं. २०६३ देखि पछाडिको चरणलाई पञ्चम चरणका रूपमा गणना गर्नुपर्छ । सूचना प्रविधिको विकासले विद्युतीय उपकरणका कारण अहिले नेपाली साहित्य सामाजिक सञ्जालहरूमा उत्पात रूपले विस्तार भएको छ । अब कागजमा छापिएका किताब पढ्नेभन्दा ई-पुस्तक पठनको संस्कृति व्याप्त हुँदै गएको छ । त्यसैले वि.सं. २०२३ सालदेखि हालसम्मको चरणको भाँती र झाँकी एकै प्रकारको हुन सक्तैन । तत्कालीन हाते लेखन, हाते टाइप र हाते कम्पोजपछिको

छपाइको कष्टकर चरण र अहिलेको सहज ई-लेखन प्रकाशनको एकै सतह हुनै सक्तैन । प्रकाशनका दृष्टिले पनि बीसौँ वर्षको साधनापछि एउटा पुस्तक प्रकाशन गर्न सकिने समय र अहिलेको लेखन प्रारम्भ गर्नासाथ भटाभटको प्रकाशन समयबीच पनि तालमेल मिल्दैन । वि.सं. २०३६, २०४६, २०५२ (माओवादी जनयुद्ध घोषणा) र २०६२–०६३ का राजनैतिक उथलपुथलपछि परिवर्तित राजनैतिक, सामाजिक व्यवस्था र त्यसबाट साहित्यिक जगत्मा परेको प्रभावपछिको चरण छुट्टै हुनु आवश्यक छ । यी विविध खाले परिवर्तनपछिको परिणाम अविश्वसनीय किसिमको छ । यसले गर्दा सामाजिक मूल्यमान्यतामै आमूल परिवर्तन भएको छ । सूचना प्रविधिको द्रुततर विकासका कारण पछिल्लो समय पूर्वसमयसँग कतै मेल नखाने खालको छ । त्यसैले यस पञ्चम वा पाँचौँ चरण (वि.सं. २०६४ देखि हालसम्म)लाई पर्गेल्नका लागि समालोचकीय दृष्टिबिन्दु पनि नवीनतम हुन आवश्यक छ । लेखकले रकेटमा चढेर सृजना गरेका रचना, पाठकले जेट विमानमा बसेर पारण गर्लान् अनि समालोचकले चाहिँ बैलगाडीमै बसेर समालोचना गर्दा कस्तो परिणाम निस्केला ? लेखनको चिरफार गर्ने औषधी विज्ञानको शल्यचिकित्सकसरहको समालोचकमा प्राविधिक ज्ञानको कमी भएमा रोगी समालोचनात्मक कृतिको जन्म हुने प्रबल सम्भावना हुन्छ । त्यसैले साहित्यको ज्यादै महत्त्वपूर्ण विधा मानिने समालोचनाविधाका सर्जकहरूले समयसापेक्ष रहँदै अत्यन्त जिम्मेवार बन्न आवश्यक छ । जसले गर्दा समयानुकूल साहित्यसृजना हुन सकेनसकेको तर्जुमा गर्न सकियोस् । ती समालोचकीय तर्जुमालाई पछ्याएर भावी साहित्यकारहरूले सृजना गर्न सकून् ।

हुन त सर्जकहरू र समालोचकहरूका बीचमा केही अन्तर्द्वन्द्व पनि नभएका होइनन् । सर्जकहरू आफ्ना सृजनाको जसोतसो मूल्याङ्कन गरिएका समालोचनालाई स्वीकार गर्दैनन् । समालोचकका अन्तर्गतमा बसेर सृजना गर्न सर्जकले अस्विकार गर्छन् । सर्जकहरू स्वत:स्फूर्ततालाई

नै महत्त्व दिन्छन् भने समालोचकहरूको क्रीडास्थल प्राविधिक हुने गर्छ । दुवै थरीको अहम्का कारण एक किसिमको द्वेषात्मक सम्बन्ध सर्जक र समालोचकबीच हुने गर्छ । समालोचकचाहिँ आफ्नो प्राविधिक फ्रेमभित्र सर्जकको लेखन मूल्याङ्कनमै बाध्य हुन्छ । यसरी एक प्रकारको मानसिक द्वन्द्व यी दुवै थरीले भोग्दै आएका छन् । 'सृजना नै नभए समालोचकले के गर्छन् ?' सर्जकले प्रश्न गर्छ । "सर्जकको अराजकताले पाठकलाई पार्न सक्ने घातको खबरदारी गर्दै सृजनाको सत्यतथ्य पहिचान गरेर विश्लेषण गरिदिनाले नै सृजनाको महिमा चुल्याइदिने महत्त्वपूर्ण काम हामी समालोचकले गरेका छौँ" भन्ने तर्क समालोचकको हुने गर्छ । सर्जक र समालोचक दुवैका मान्यता आफूआफैँका लागि सही भए पनि समग्र साहित्यको सेरोफेरोका लागि भने दुवैको अस्तित्व उत्तिकै महत्त्वपूर्ण छ । आत्मरतिका लागि मात्र लेखिएको भए पनि प्रकाशनपछि सृजना सार्वजनिक चासोको विषय बन्छ । यस अर्थमा लेखन व्यक्तिगत आनन्दको कसीमा जन्मिए पनि प्रकाशन भएपछि सोको 'सार्वजनिक सुनुवाई' पनि हुने गर्छ । साहित्यमा त्यसरी 'सार्वजनिक सुनुवाई' गरिने कार्य सम्पन्न गर्न एकातिर समग्र पाठकसंसार र अर्कातिर समालोचक हुने गर्छन् । पाठक दिग्भ्रमित हुन सक्ने सम्भावना हुन्छ । त्यसैले इमानदार समालोचकको आवश्यकता सृजनाका लागि अपरिहार्य हुन्छ । समालोचकको निष्पक्ष र तटस्थ समालोचनाका कारण सर्जकहरू र सम्पूर्ण साहित्यका पाठकहरूसमेत समालोचकप्रति आस्थावान् हुने वातावरण निर्माणको दायित्व पनि समालोचकमा हुन्छ । त्यसैले मलाई लाग्छ, एकातिर अबको समालोचनाको वर्गक्षेत्र घनत्वपूर्ण भएको छ भने अर्कातिर समालोचकको दायित्व त्यसभन्दा धेरै गुणा बढी थपिएको छ ।

•

नेपाली साहित्यको इतिहासमा एउटा जीवनीको पुस्तकमाथि विशेष समालोचना भएको यही प्रथम कृति हुनुपर्छ । आदिकवि भानुभक्त

आचार्यका सन्दर्भमा यस प्रकारको समालोचनात्मक कृति लेखिनु अति आवश्यक भएको ठहर गरी यस योजनालाई अघि बढाइएको हो । हाम्रो यस योजनामा सहभागी समग्र विद्वत्जनमा कृतज्ञता निवेदन गर्न चाहन्छु । नरेन्द्रराज प्रसाईकृत 'भानुभक्त आचार्यको जीवनवृत्त' माथि नेपाली भाषासाहित्यका महासमालोचक, विशिष्ट समालोचक एवम् युवापुस्ताका प्रखर समालोचकहरूबाट विहङ्गम दृष्टिका साथ गहन अध्ययन गर्दै आआफ्ना विशिष्ट समालोचना प्रदान गरेर नइ प्रकाशन र म स्वयम्लाई अनुगृहीत तुल्याउने सबैमा नइ प्रकाशनका तर्फबाट र व्यक्तिगत रूपले समेत आभार प्रकट गर्छु ।

यसका साथै आदिकवि भानुभक्त आचार्य र युवाकवि मोतीराम भट्टप्रति गहिरो श्रद्धासुमन अर्पण गर्छु । साथसाथै यस 'भानुभक्त आचार्यको जीवनवृत्त' लेखेर नेपाली जीवनी साहित्यको इतिहासमै क्रान्तिकारी परिवर्तन गर्ने मेरा सहयात्री नरेन्द्रराज प्रसाईप्रति म विशेष धन्यवादका पुष्पहार समर्पण गर्छु ।

**• इन्दिरा प्रसाई**

# नरेन्द्रराज प्रसाईकृत भानुजीवनी : मूल्य र मान्यता

# गहिरो खोज र ठोस प्रमाणको ग्रन्थ



**प्रा.डा.उषा ठाकुर**

**जन्म** : १९५१ जुन ६ (पटना, विहार); **शिक्षा** : एमए, पिएचडी; **कृति** : ८ पुस्तक (समालोचना, निबन्ध, अनुवाद र सम्पादन); **पुरस्कार** : भानुभक्त प्रज्ञा पुरस्कार, भानुभक्त स्वर्णपदक, महेन्द्रविद्याभूषण (प्रथम), रत्नश्री स्वर्णपदक, वीरेन्द्र ऐश्वर्य पदक, नवदेवी सम्मान (भगवती पुरस्कार), अक्षरम् हिन्दी साहित्य सम्मान, नइ खरा प्रदीप्ति पुरस्कार, भद्र घले पुरस्कार, दीर्घसेवा पदक, विश्व नारी नेपाली साहित्य पदक; **केन्द्रीय अध्यक्ष** : सत्यमोहन जोशी शताब्दी महोत्सव (त्रिमूर्ति निकेतन); **केन्द्रीय उपाध्यक्ष** : विश्व नारी नेपाली साहित्य सम्मेलन; **कार्यकारी सदस्य** : नेपाल प्रज्ञाप्रतिष्ठान; **हिन्दी केन्द्रीय विभागका पूर्वप्रमुख तथा प्राध्यापक** : त्रिभुवन विश्वविद्यालय ।

नेपाली भाषासाहित्यको जीवनीविधा लेखनका क्षेत्रमा नरेन्द्रराज प्रसाईको स्थान अग्रगण्य छ । जीवनीविधामा उनले स्थापना गरेको नयाँ मोडले जीवनी साहित्यलाई नै विशिष्ट स्थान प्रदान गरेको छ । जीवनी, निबन्ध, प्रबन्ध, समीक्षा, गीत, सम्पादन, अन्तर्वार्ता आदि साहित्यको विविध क्षेत्रमा प्रतिष्ठित प्रसाईका लगभग छ दर्जन पुस्तकहरू प्रकाशित भइसकेका छन् र जीवनी साहित्यअन्तर्गत नै उनका दुई दर्जन जीवनी ग्रन्थ प्रकाशित भएका छन् । प्रसाईका कतिपय जीवनी कृतिहरू अङ्ग्रेजी भाषामा पनि रूपान्तरित भएर प्रसिद्धि प्राप्त गरेका छन् ।

नरेन्द्रराज प्रसाईद्वारा नेपाली जीवनी साहित्य आन्तरिक तथा बाह्य साक्ष्यहरूका आधारमा सत्यतथ्यहरूको खोजीद्वारा र कैयौँ वर्ष अनुसन्धान गरिएर शोधमूलक ढङ्गले लेखिएको हुनाले उनीद्वारा प्रस्तुत जीवनी लेखन अतुलनीय र अद्वितीय भएका छन् ।

प्रसाईको प्रस्तुत 'भानुभक्त आचार्यको जीवनवृत्त' पनि प्रामाणिक, तर्कसङ्गत ढङ्गले प्रस्तुत भएर जीवनी साहित्यको क्षेत्रमा एउटा सर्वथा नवीन माइलखुट्टीका रूपमा स्थापित भएको छ ।

भानुभक्तका बारेमा धेरै साहित्यकारहरूले कलम चलाएका छन्; तर प्रस्तुत जीवनी ग्रन्थ अत्यन्त इमानदारीपूर्वक भानुभक्तको जीवनीसँग तादात्म्य भएर, अत्यन्त लगन र परिश्रमले तयार पारिएको शोधोन्मुखका साथै सरस, सरल, प्राञ्जल भाषाशैलीमा तयार गरिएको छ । एक विशेष प्रकारको चुम्बकीय शक्तिले, हृदयस्पर्शिताको भावले यस कृतिले हामीलाई तानेको अनुभूत हुन्छ । यस कृतिमा प्रयुक्त तार्किक कुराहरू पनि शुष्क र नीरस नभएर सरस र सजीव रूपमा प्रस्तुत भएकाले पाठक वर्गलाई एक विशेष आह्लाद र प्रेरणा प्रदान गरेको छ । त्यसैले होला यसमा व्यापक र सूक्ष्मतम अन्वेषण हुँदा पनि जीवनीको सहजता र स्वाभाविकता कायम भएको छ ।

गहिरो खोज र ठोस प्रमाणहरूको दस्तावेज रहेको नरेन्द्रराज प्रसाईकृत भानुजीवनी नेपाली जीवनी लेखनको फाँटमा एउटा अत्यन्त महत्त्वपूर्ण उपलब्धि सिद्ध भएको छ । तटस्थ भावले सन्तुलन र सामञ्जस्य राख्दै जीवनीकार प्रसाईले भानुभक्तका जीवनका घटनाहरूलाई वैज्ञानिक ढङ्गबाट नयाँ रूपमा प्रस्तुत गरेका छन् । यस कृतिमा रोचकता छ, गुणवेत्ता छ साथै प्रेरणादायी सन्देशमूलकता पनि छ ।

नेपाली साहित्यको श्रीवृद्धिमा सदा समर्पित साधक नरेन्द्रको जीवनी लेखनमा घटनाहरूको सत्यतालाई रोचक ढङ्गले सुन्दर

भावप्रस्तुतिद्वारा आकर्षक शैलीमा वैज्ञानिक बनाइएको छ । सत्यको रक्षा गर्दै घटना र प्रमाणबीच अद्‌भुत सन्तुलन राख्नु नै प्रसाईको असाधारण क्षमताको प्रतीक हो । सूक्ष्म, सुदूरव्यापिनी दृष्टि, लोकहितको भावनाले अभिप्रेरित र युगप्रति साहित्यकारको दायित्व र सचेततालाई उनले पूर्ण रूपमा अङ्गीकार गरेका छन् । जटिल अन्तर्विवादका सन्दर्भहरूलाई पनि मनोहारी, रोचक ढङ्गले तर्कसम्मत, प्रामाणिक रूपमा प्रस्तुत गर्नु निश्चय नै प्रसाईको लेखनीको सन्तुलन हो; वैचारिक व्यापकता र सूक्ष्म दृष्टिकोण हो । नि:स्वार्थ भावनाले साहित्यसाधनामा लिप्त भएर मानवकल्याण गर्नु र नेपाली साहित्यलाई विश्वमा नै उच्च शिखरमा पुऱ्याउनु प्रसाईको एउटा उच्च सोचाइ हो ।

राष्ट्रिय विभूति आदिकवि भानुभक्त आचार्यको योगदानलाई नेपाल र विश्वमा चिनाउने उद्देश्यले प्रसाई भानुभक्तप्रति आफ्नो अविचल निष्ठा भावले भानुजीवनी लेखनतर्फ अग्रसर भए । नेपाली साहित्यका गौरव, नेपाली एकताका प्रतीक भानुभक्तको जीवनीबाट सम्पूर्ण नेपालीहरूलाई ऊर्जा र प्रेरणा मिलोस् भन्ने उद्देश्यले नै आदिकवि भानुभक्तको द्विशतवार्षिकीको अवसरमा नेपाल सरकारको सौजन्यमा नइ प्रकाशनमार्फत प्रसाईले यो कृति सार्वजनिक गरे । निश्चय नै यस सत्प्रयासलाई उपलब्धि मान्नुपर्छ ।

नरेन्द्रराज प्रसाई सल्लाहकारका रूपमा उभिएर नै सरकारी स्तरमा आदिकवि भानुभक्तको द्विशतवार्षिकी समारोह भव्य रूपमा मनाइयो । यस महायज्ञलाई साकार रूप दिने संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयप्रति नेपाली साहित्य र साहित्यकार सदा आभारी रहनेछन् । यस महान् अवसरमा नेपालका राष्ट्रिय विभूति, जातीय एकताका प्रतीक आदिकवि भानुभक्त आचार्यप्रति श्रद्धा व्यक्त गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा भानुभक्तबारेमा भव्य, विशद, प्रेरणादायी कार्यक्रमहरूको आयोजना गरियो । प्रसाईको

लगनशीलता र कर्मठताले यो विशिष्ट आयोजना सहजै रूपमा सफल भएको थियो ।

भानुभक्त आचार्य द्विशतवार्षिकीको समारोह समितिमा नेपाल सरकारबाट मनोनीत कार्यकारी सदस्यका रूपमा म पनि आबद्ध थिएँ । त्यो पर्वका अवसरमा मैले पनि 'तुलसीकृत रामचरितमानस र भानुभक्तीय रामायणसँग त्यसको सम्बन्ध' शीर्षकमा एउटा कार्यपत्र लेख्ने अवसर पाएकी थिएँ । संस्कृति मन्त्रालयको यस महान् योजनामा म सुरुदेखि नै सम्बद्ध भएकी हुनाले ममा पनि भानुजीवनीप्रति झनै गहिरो चासो हुनु स्वाभाविकै हो । अतः म आफ्नो ध्यान नरेन्द्रराज प्रसाईकृत भानुजीवनीकै मूल्याङ्कनतर्फ केन्द्रित गर्न चाहन्छु ।

तार्किकता, प्रामाणिकता र विश्वसनीयतालाई आफ्नो जीवनी लेखनका मूल आधार बनाई प्रसाईले भानुभक्तको जीवनी प्रस्तुत गरेका छन् । त्यस बहुमूल्य योगदानका लागि नेपाली साहित्यका स्थापित साहित्यकार, समालोचकहरूले मुक्त कण्ठले नरेन्द्रराज प्रसाई र उनका सशक्त लेखनीको प्रशंसा गरेका छन् । यसबारेमा महासमालोचक प्रा.डा.वासुदेव त्रिपाठीको कथन उल्लेखनीय छ–

> "नरेन्द्रराज प्रसाईद्वारा लिखित 'भानुभक्त आचार्यको जीवनवृत्त' नामक जीवनीकृतिका अनेक वैशिष्टचमध्येको एक मुख्य वैशिष्टच मोतीराम भट्टले १९४८ सालमा प्रकाशित गरेको 'कवि भानुभक्तको जीवनचरित्र'को झन्डै सवा सय वर्षको समयपछि प्रस्तुत हुन आएको अर्को सृजनात्मक भानुजीवनी कृति हुनाको गौरवी पहिचान पनि हुँदै हो । जहाँ मोतीरामकृत भानुजीवनी भानुबारेको प्रथम जीवनीकृति थियो त्यहीँ नरेन्द्रराज प्रसाईकृत यो भानुजीवनी अद्यावधिक मानक भानुजीवनी हुन पुगेको छ ।"

त्यस्तै यस कृतिबारे विद्वान् प्रा.डा.महादेव अवस्थीको कथन पनि सटीक र महत्त्वपूर्ण रहेको छ–

"प्रसाईले लेखेको प्रस्तुत भानुजीवनी प्राज्ञिक प्रकृतिको नवउपलब्धि बन्न गएको छ; किनभने उनले यसमा भानुजीवनीका कतिपय अशोधित पक्षलाई वस्तुनिष्ठ तथ्य, ठोस प्रमाण र अकाटच तर्कको उपयोगद्वारा शोधन गरी सत्यापन गर्ने बौद्धिक पथको अनुसरण गरेका छन् । यस जीवनीमा प्रसाईले पुराना प्रतिभाहरूका जीवनीलाई कसरी वस्तुनिष्ठ, प्रमाणसिद्ध र तर्कसङ्गत रूपमा प्रस्तुत गर्न सकिन्छ भन्ने पथनिर्देश गर्नुका साथै आदिकवि भानुभक्त आचार्यको जीवनीबारेका कतिपय सूचनाको नवीन प्राज्ञिक प्रतिपादन एवम् संस्थापन गरिदिएका छन् र यस दृष्टिले प्रसाईले लेखेको यो भानुजीवनी मोतीराम भट्टको भानुजीवनीपछिको सर्वाधिक गहकिलो र विश्वसनीय कृति बन्न गएको छ ।"

यस कृतिबारेमा अधिकांश विद्वान्, समालोचकहरूले यसका महत्त्व र उपयोगिताका चर्चा गर्दै यस कृतिलाई नेपाली साहित्यको गहकिलो बहुमूल्य निधि भनेका छन् ।

नेपालका राष्ट्रिय विभूति आदिकवि भानुभक्त आचार्यप्रति श्रद्धा समर्पणस्वरूप प्रसाईले लेखेको 'भानुभक्त आचार्यको जीवनवृत्त'मा बाह्र अध्याय छन् । योभन्दा पूर्व लेखकीयद्वारा जीवनीकारले विशेष महत्त्वपूर्ण सन्दर्भहरूको चर्चा गर्दै भानुका महिमाबारेमा लेखेका छन् तथा भानुप्रति आफ्नो समर्पण, श्रद्धा र आफ्नो सङ्कष्टपूर्ण सहभागिताको चर्चा गरेका छन् ।

यस कृतिका अनेक अध्यायहरूमार्फत अनुभवी र प्रतिष्ठित जीवनीकारले भानुभक्तको जन्म र जीवन सम्बन्धित कतिपय विवादहरूलाई तार्किक खण्डनमण्डनद्वारा भानुभक्तका जीवनचर्चाका क्रममा देखा परेका तर परस्पर बाझिएका कतिपय कुराहरूमा ठोस परीक्षण र स्वस्थ परिमार्जनद्वारा समन्वयात्मकताको दृष्टिकोण राख्दै

सहज, सरल प्रवाहमय ढङ्गले प्रस्तुत गरेका छन्, जसले गर्दा नयाँपन स्पष्ट देखिएको छ ।

भानुभक्तद्वारा लिखित पत्रको हस्तलिपिका छायाचित्र र भानुभक्तसम्बन्धी विशेष सामग्री जस्तै– भानु, मोतीराम भट्ट, भानुभक्तका छोरा पं.रमानाथ र भानुभक्तकी नातिनी विष्णुमायाको तस्बिरका प्रतिकृति पनि राखिएका छन् । भानुभक्त आचार्यको वंशावली पनि अत्यन्त परिश्रमले तयार पारेर प्रस्तुत गरिएको छ । साथै यस कृतिमा सन्दर्भग्रन्थहरूको पनि उल्लेख गरिएको छ । यी सबै सामग्री भानुभक्तका जीवनचरित्रलाई स्पष्ट र यथासम्भव पारदर्शी पार्ने उद्देश्यले प्रस्तुत गरिएको छ ।

सारांशत: 'भानुभक्त आचार्यको जीवनवृत्त'मा उच्च बौद्धिकता छ, निष्पक्षता छ, तटस्थता छ, विश्वसनीयता छ, हार्दिकता छ, कलात्मकता छ, वस्तुनिष्ठता छ र नवीन ढङ्गको प्रस्तुति छ ।

नेपाली जीवनी साहित्यको श्रीवृद्धिमा अतुलनीय योगदान प्रदान गर्ने प्रस्तुत कृति अत्यन्त प्रशंसनीय, पठनीय र सङ्ग्रहणीय छ ।



**प्रा.कपिल अज्ञात**

**जन्म** : २०१४ साल चैत १६ गते (स्याङ्जा); **शिक्षा** : एमए; **कृति** : १५ पुस्तक (समालोचना, निबन्ध, मुक्तक, गजल, कविता); **पुरस्कार** : कालीगण्डकी साहित्यकला पुरस्कार, कृष्णाकुमारी गुरुङ स्मृति पुरस्कार, प्रतिभा पुरस्कार, बलराम वाङ्मय पुरस्कार, शिव पौडेल स्मृति पुरस्कार; **प्राध्यापक** : त्रिभुवन विश्वविद्यालय ।

# मानकीय स्वरूपको मूल्यवान् सामग्री

नेपाली भाषा र साहित्य रहेसम्म आदिकवि भानुभक्त आचार्यको महत्त्व पनि रहिरहनेछ किनकि भानुभक्तको भाषाबाटै नेपाली भाषाको एकीकरण र साहित्यको जग बस्न गएको हो । हुन त भानुभक्तअघि पनि नेपाली भाषाका कविहरू नभएका होइनन् तर जुन भाषिक स्वरूप र काव्यिक प्रखरता भानुभक्तमा देखा पर्छ त्यसबाटै नेपाली साहित्यको बलियो जग बस्न गएको देखिन्छ । त्यही कारणले पनि भानुभक्तलाई प्रदान गरिएको आदिकवित्व गौरवमय रूपमा सम्बद्ध नभै रहन सकेन । नेपाली साहित्यमा कविको नामोच्चारण गर्दा देवकोटा, सम, लेखनाथप्रभृतिको नाम आए पनि भानुभक्त र मोतीराम भट्टको

नाम नआउँदासम्म विशेष कविपङ्क्तिको नाममा अपूर्ण स्थिति नै रहेको अनुभव हुन्छ ।

निबन्ध साहित्यका प्रमुख विधामध्ये एक हो । जीवनी, संस्मरण, नियात्रा, व्यक्तिवृत्तजस्ता विषयहरू निबन्धभित्रकै उपविधा हुन् । नेपाली साहित्यमा नरेन्द्रराज प्रसाईको आख्यानेतर गद्यका सबैजसो विधाउपविधामा राम्रो कलम चलेको देखिन्छ । उनले विशेषत: निबन्धमा आफ्नो राम्रो पहिचान बनाइसकेपछि निबन्धकै अन्य उपविधाहरूमा पनि आफ्नो लेखन ऊर्जा राम्ररी उपयोग गर्दै आएको पाइन्छ । विशेषत: व्यक्तिवृत्त र जीवनी लेखनमा उच्चता हासिल गरी उनी नेपाली साहित्यकै अग्रपङ्क्तिमा स्थापित र प्रतिष्ठित भइसकेका छन् । सरल वाक्ययोजना, सुस्पष्ट कथन, मधुर र मर्मस्पर्शी रागात्मक चित्रण आदि विशेषताले उनको जीवनी लेखन उच्चस्तरको बन्न पुगेको छ । गहन सोधखोज र अध्ययनपछि विषयको सन्तुलित र व्यवस्थित प्रस्तुतिले पनि उनको जीवनी लेखनले प्रौढता र परिपक्वता हासिल गरिसकेको छ । जीवनी विषयमा यिनै प्रतिपादनात्मक सामर्थ्य र सीपका विविध विशेषतालाई दृष्टिगत गरी महासमालोचक प्रा.डा.वासुदेव त्रिपाठीले आफ्नो समालोचनात्मक ग्रन्थ 'भानुसन्दर्भ र नरेन्द्रराज प्रसाईकृत भानुजीवनी : समीक्षात्मक अभिमत' (२०७२) मार्फत मुक्तकण्ठले प्रशंसाका आशीर्वचनहरू प्रस्तुत गर्दै साहित्यमा अति परिश्रमशील बनी लगनधुनपूर्ण लामो खटाइमा निरन्तर लागिपरेका कारण नरेन्द्रराज प्रसाईलाई मोतीराम भट्टकै संज्ञा दिन पनि बाँकी राखेका छैनन् । जसले हजारौँ कृतिका गुणस्तर जाँची नेपाली साहित्यकै नालीबेली केलाएर पर्गेलेका छन्; जो कृतिमा अन्तर्निहित रत्नको समेत पारख गरी त्यसको गुणवेत्ता दर्साउन समर्थ छन्; जो सागर मथेर अमृत र विष दुवै निकाल्न सक्छन्; त्यस्ता महासमालोचकले आफ्नो कृतिमा उनका साहित्यिक कर्मको उन्मुक्त कण्ठले बखान गर्नु सामान्य कुरा होइन । निश्चय नै उनले राम्रो देखेर र त्यसबाट

प्रभावित भएरै एक कृतिका लागि त्यसको अर्को कृतिमा गुणात्मक तत्त्वको पारख गर्ने क्रममा दुगुना शब्दराशि खर्च गरेका छन् । त्रिपाठीकृत कृतिलाई मनोयोगपूर्वक पढी बुझ्दा पनि उनका व्याख्याविश्लेषणमा कहीँकतै अतिशयोक्ति र अतिरञ्जित कथन प्रस्तुत भएको आभाससम्म हुँदैन बरु समालोचकीय दृष्टिचेतको गहनता र सूक्ष्मताले बराबर विस्मित तुल्याउँछ ।

महासमालोचककृत कृतिमा निहित गुणात्मक प्राप्तिको प्रेरणात्मक व्याख्या रहेको छ । प्रसाईको भानुजीवनीका विषयमा महासमालोचक त्रिपाठीले मूलभन्दा झन्डै दुगुना लेखन प्रस्तुत गरेको बुझियो । यो सारगर्भित कृति भएकाले समालोचनात्मक लेख पनि विस्तृत हुन गएको हो । यसको मूल सङ्कथनभन्दा लेखन दुगुना नै भएर यसको झनै ओज बढेको छ । त्रिपाठीको अधिकतम लामो भूमिकाका कारण कृति र भूमिका दुवैप्रति न्याय हुन नसक्ने जस्तो धारणा लेखकले राखेका छन्, त्यो उनको वैयक्तिक आग्रह मात्र हो । पूरा भूमिका प्रकाशित नगर्नु कमजोरी नभए पनि स्वर्णिम अवसरको अवरोधचाहिँ अवश्य हो । यसमा पनि लेखकको अन्य कथ्यसहित तीनै जना विद्वान्को भूमिकालाई हेर्दा झन्डै कृतिको आधा भाग भूमिकाले नै ओगटेको छ र त्यसले कृतिको गुणात्मक पक्षमाथि स्वर्णिम प्रकाश पारेको छ । विषय पनि त्यस्तै विवादयुक्त स्थितिको भएकाले भूमिका पनि लामै हुनु स्वाभाविकै हो । विवादित विषयमा पाठकलाई बढी गम्भीर तुल्याउनुका साथै सकारात्मक तथ्यमाथि बढी जोड पुग्दछ । यो कृति आउनुअगाडि विवादित तथ्यप्रति गम्भीर भइएको थिएन तर लेखकले जुन गहिराइ र कौशलताका साथ विवादित तथ्यमाथि प्रकाश पारेका छन्, त्यसले सोधखोजको आदर्शमय स्थितिलाई लक्षित गर्नुका साथै कृतिलाई मानक तहमा पुऱ्याएको छ ।

जीवनी लेखन जति सरल जस्तो लाग्छ तर यो उत्तिकै जटिल पनि छ । एकातिर परिघटनाहरूको कोरा प्रस्तुति भयो भने सो

व्यक्तिको इतिहास मात्र बन्न सक्छ, अर्कातिर परिघटनाहरू आख्यानमयी हुँदै जाँदा कथा बन्न सक्छ अनि वर्णनबाहुल्य भएमा निबन्ध पनि बन्न सक्छ । यी सबै विपरीत स्थितिहरूबाट बचाएर प्रसाईले सन्तुलित र व्यवस्थित तरिकाबाट सरल, मनोरम र रागात्मक प्राञ्जल शैलीको प्रयोग गरी जीवनीहरू लेख्दै आएका छन् । तिनमा विशिष्टता पनि हासिल गरेका छन् । उनले नेपाली भाषासाहित्यको विशेष दायित्व र जिम्मेवारी पनि पाएका छन् तथा त्यसलाई कुशलतापूर्वक समाल्दै पनि आएका छन् ।

मोतीराम भट्टले कवि भानुभक्तको जीवनी विषयको कृतिको नामकरण 'कवि भानुभक्तको जीवनचरित्र' राखेका छन् भने मूल त्यही विषयलाई लिएर यहाँ प्रसाईले 'भानुभक्त आचार्यको जीवनवृत्त' (२०७१) राखेका छन् । विशेषत: मोतीरामकै सोधखोजको विषयभित्र मोतीरामकै जीवनी ग्रन्थका सूचना र स्थापनासँग यो सम्बन्धित रहे पनि यहाँ लेखकले प्रस्तुत कृतिलाई मौलिक कृतिकै श्रेणीमा दरेका छन् । मूलभन्दा पनि बौद्धिक सीपश्रम खर्चिएको र अभिव्यक्तिको स्वरूप पूरा निजी तुल्याई प्रातिभ क्षमताको मिश्रण पनि उत्तिकै रहेकाले मौलिकताको श्रेणीमा दरिनु अन्यथा देखिँदैन । उच्चस्तरको भाषासाहित्य राष्ट्रिय महत्त्व र सरोकारको विषय हो । भानुभक्त नेपाली भाषासाहित्यकै आदिकवि हुन् । आदिकविका बारेमा गहन सोधखोज राष्ट्रिय सरोकारकै विषय हो र यहाँ संस्थाले गर्नुपर्ने काम व्यक्तिले गरेर देखाएका छन् । यद्यपि प्रसाईलाई संस्थाको सहयोग नरहेको होइन । निरन्तरको लगन र जाँगर चलेपछि संस्थाले गरेभन्दा पनि बढी काम व्यक्तिले गर्न सक्छ भन्ने तथ्यको यो उत्कृष्ट नमुना हो ।

भानुभक्तविषयक घटना र सन्दर्भमा धेरै विवादित पक्षहरू छन् । सर्वप्रथम भानुभक्तको जन्ममितिमै विवाद छ । यो विवादको सुरुआत बढी भानुभक्तकी नातिनी विष्णुमायाद्वारा प्रस्तुत भएको देखिन्छ । मोतीरामले भानुभक्तको जन्म वि.सं. १८६९ हो भनी लेखे,

यो उनले सामान्य भने, सुनेका भरमा नलेखी भानुभक्तकै भतिजा रामदत्तबाट प्राप्त सूचनाका आधारमा लेखेका थिए । उनको भानुभक्तविषयक सोधखोज र जीवनीपरक लेखन विशुद्ध साहित्यिक भावनाले अभिप्रेरित थियो तर पछिपछि भानुभक्तविषयक अध्ययन र सोधखोजमा क्रमश: आग्रह र चलखेलले प्रवेश पायो । अध्ययन र अनुसन्धानको क्रम जति अघि बढ्दै गयो, विवादित तथ्यहरू सुल्झिँदै स्पष्ट र खुलस्त हुँदै जानुका सट्टा झन्झन् बल्झिँदै र बटारिँदै गएको स्थिति देखिन्छ । यस्तो किन हुन गयो भन्दा मोतीराम भट्टप्रतिको दुराग्रह एवम् भानुभक्तलाई आफ्नो गोत्रीय सम्पत्ति सम्झने सङ्कुचित धारणाबाटै हुन गएको होला भन्ने अनुमान गर्नुबाहेक अर्को विकल्प देखिन्न । यस्तो अन्योल, अस्पष्ट र द्विविधाग्रस्त स्थितिलाई भानुभक्तविषयक समग्र कृतिको गहिरो अध्ययन गरी आफ्नो बुद्धि, विवेक, तार्किक क्षमता, समीक्षात्मक चेत, सिर्जनशील शक्तिको अधिकतम उपयोग गर्दै लेखक प्रसाईले गम्भीर प्रयत्नबाट यथासम्भव उत्कृष्ट स्वरूप प्रस्तुत गरेको देखिन्छ । यसबाट एक शक्तिशाली जीवनी लेखकबाट भानुभक्तविषयक सुन्दर र सकारात्मक पक्ष बढी उघ्रेर आएको पाइन्छ ।

प्रसाईले आफ्नो कृतिको रचनाक्रममा भानुभक्तविषयक यावत् कृतिहरूलाई आधार बनाई नि:स्वार्थ र निष्पक्ष ढङ्गले तथ्यहरूलाई गहिराइबाट पक्री आफ्नो विवेक र धारणाको भरपुर उपयोग गरेको देखा पर्छ । तथ्य विवेचनाका क्रममा उनले राखेका सबै तर्क र धारणासँग सहमत हुन सकिन्न तापनि तिनलाई निषेध गर्न पनि सकिँदैन जस्तै 'वधूशिक्षा' को "हाँस्नू हुन्न कदापि नारिहरुले......." भन्ने श्लोकमा 'वेश्या'को सट्टा 'वैश्या' पाठभेद आएको छ र वैश्याको अर्कै अर्थ लगाइएको छ तर पूर्वापर सन्दर्भ र प्रसङ्गका आधारमा त्यो वैश्या नभएर वेश्या नै हो । पहिलो पङ्क्तिमा प्रयुक्त वेश्या शब्दको अर्थलाई त्यहींको दोस्रो पङ्क्तिले पनि वेश्या नै हो भन्ने

स्पष्ट पारेको छ । नेपाली र हिन्दी आदि भाषामा प्रचलित उखानले पनि अस्वाभाविक रूपले हँसीमजाक गर्नेहरू अनैतिक कामवासनामा फसेका हुन्छन् भन्ने तथ्य प्रस्तुत गरेकै पनि छन् ।

भानुभक्त प्रसिद्ध पुराणवाचक थिए । कवि हुनुभन्दा पनि बढी भक्त कहलाउन उनले कविता लेखेका थिए । समको 'भक्त भानुभक्त' नाटकले पनि यही तथ्यको पुष्टि गर्दछ । पाठ्यभन्दा पनि श्रव्य संस्कृतिबाटै भानुभक्तको कविता फस्टाएको र मौलाएको थियो । त्यो बेला बिहेबारीमा वर, कन्या पक्षका बीच श्लोकहरूको जुहारी चल्थ्यो, त्यसमा भानुभक्तीय श्लोकहरूको पनि भूमिका रह्यो होला । भानुभक्त पनि त्यसबाट प्रभावित र प्रेरित रहे होलान् । उनका कविता सरल, सहज र मधुर रूपमा प्रस्तुत छन् । पुराणवाचनकै क्रममा श्लोकहरू सुनाउने गर्दा पक्कै भानुभक्तका कविताले बढी निखारिने अवसर पाए होलान् । भानुभक्त पुराणवाचक भएको सबै जीवनीकारले उल्लेख गरेका छन् तर कहाँकहाँ गएर केकस्तो रूपमा केकति समय उनले पुराणवाचनमा लगाए त्यसको विस्तृत विवरण भने पाइँदैन । प्रसाईले पनि यस कृतिमा भानुभक्त पुराणवाचक भएको तथ्य उल्लेख गरेका छन् । भानुभक्त आचार्यको जीवनवृत्तमा यो महत्त्वपूर्ण शीर्षक हो भन्ने लाग्छ । भानुभक्तीय विषयलाई प्रशस्त अनुकल्पना गरी रागात्मकताले सिँगार्ने काम गरेका प्रसाईले पुराणवाचकको सन्दर्भ र प्रसङ्गलाई लिएर आफ्नो कृतिमा बेग्लै शीर्षकको परिकल्पना र त्यससम्बन्धी दीर्घ प्रयास किन गरेनन् ? भानुभक्त आध्यात्मिक चेतना भएका पूर्वीय वेदान्त दर्शनका अनुयायी, नैतिक उपदेशका कविता सिर्जना गर्ने प्रतिभाशाली कवि थिए । उनले 'रामायण', 'प्रश्नोत्तरमाला', 'वधूशिक्षा', 'भक्तमाला', 'रामगीता' जस्ता जेजति कविताकाव्य सिर्जना गरे त्यसमा पुराणवाचनकै औपदेशिक कार्य, प्रभाव र प्रेरणाको महत्त्वपूर्ण भूमिका थियो । पुराणवाचनको कार्य भानुभक्तको जीवनमा नभएको भए उनका कविताले जनस्तरमा

भिज्ने सहज बाटो पाउँदैनथे र उनका कविताले त्यो माधुर्यको स्तर पनि प्राप्त गर्न सम्भव थिएन । उनले श्रोताबाट पक्कै श्रद्धा र प्रशंसाको वर्षा पाए र त्यस वर्षाले भानुभक्तलाई कविताको दिव्य लोकमा पुऱ्यायो ।

भूमिका र परिशिष्टबाहेक जम्मा ६५ पृष्ठमा विस्तारित रहेको प्रसाईका 'भानुभक्त आचार्यको जीवनवृत्त' (२०७१) का बाह्र शीर्षकमध्ये पहिलो भानुभक्त आचार्यको जन्मसन्दर्भ रहेको छ । धनञ्जय आचार्य चालीस वर्षको हुँदा जन्मिएका भानुभक्तको न्वारनको नाम देवीभक्त आचार्य हो । सूर्यको पर्यायवाची शब्द भानु हो । भानुको व्रत लिएर धनञ्जयले पुत्रको कामना गरेका थिए । त्यही कामनाअनुरूप जन्मेकाले सूर्य वा भानुकै प्रसादस्वरूप नामकरणमा देवीभक्तका साथै भानुभक्त पनि राखियो । यही नाम लोकप्रसिद्ध हुन पुग्यो । भानुभक्त साहित्यिक विभूति भएकाले उनको जन्मको तिथिमिति सही हुनु आवश्यक थियो । भानुभक्तको सर्वप्रथम जीवनी लेख्ने मोतीरामले भानुभक्तको जन्म १८६९ भनेका थिए र पनि पछि भानुभक्तकै नातिनीले १८७१ को जन्ममिति पेस गरिन् । मोतीरामजस्तै निःस्वार्थ रूपले साहित्यिक सेवाको भावना राख्ने व्यक्तिले प्रस्तुत गरेको तथ्यलाई बेवास्ता गरी रक्तनाताको सम्बन्ध भएकी नातिनी विष्णुमायाले भनेको सही हो भन्नेमा विद्वत्जगत् पनि विश्वस्त रह्यो र त्यही मितिले मान्यता पाई सोही मितिमा जन्मजयन्तीसमेत मनाउँदै आएको पाइन्छ । जन्ममितिजस्तो महत्त्वपूर्ण तथ्यलाई बेवास्ता गरिएको सन्दर्भमा प्रसाईजस्ता प्रबुद्ध जीवनी लेखकलाई यो विवादयुक्त स्थिति चित्त बुझ्ने कुरै थिएन । सोधखोजको जिम्मेवारी लिई उपलब्ध प्रमाणहरूको कसी लगाएर उनले सही के हो भन्ने तथ्य औँल्याएरै छाडे । यो यस पाठमा भएको महत्त्वपूर्ण उपलब्धि हो । पछि प्रस्तुत गरिएको भानुभक्तको जन्मकुण्डलीविषयक पद्यमा पनि प्रसाईले प्रश्नहरू उठाएका छन् । ती प्रश्नहरू पनि मनासिब लाग्दछन् । प्रसाईको विवेचना बुझ्दा श्लोक भानुभक्तकै भए पनि

जन्ममितिचाहिँ १९७१ नभएर मोतीरामकै ग्रन्थमा उल्लेख भएको १९६९ नै सही हो भन्ने लाग्दछ । यो सोधखोजतर्फ प्रवृत्त मनोरम अभिव्यक्तिको विषय रहेको पाइन्छ ।

दोस्रो शीर्षक 'भानुभक्तको शिक्षादीक्षा' विषयक रहेको छ । भानुभक्तका बाबु धनञ्जय जागिरे भएका कारण उनको शिक्षादीक्षा उनकै बाजे श्रीकृष्ण आचार्यबाट भएको हो भन्ने स्वयम् भानुभक्तकै कविताले पनि दर्साउँछ । यही विषयलाई प्रसाईले रोचक र मनोरम रागात्मक शैलीमा प्रस्तुत गरेका छन् । बाजेकै रेखदेखमा भानुभक्तको शिक्षादीक्षा राम्रोसँग भएकाले भानुभक्त पुराणवाचकसमेत भएको तथ्य यसमा वर्णित छ ।

तेस्रो शीर्षक 'भानुभक्तसँग गिरिधारीको झगडा'मा केन्द्रित छ । यसमा उनले भानुभक्तको गुणात्मक प्रवृत्तिको मात्र पक्ष नलिएर भानुभक्तमा निहित दुर्बल मानवीय प्रवृत्तिको पनि सूक्ष्म विश्लेषण गरेका छन् । यो जीवनीविषयक लेखकका निम्ति स्वाभाविक धर्म हो । यसमा उनले सोही धर्म पूरा निर्वाह गरेका छन् । यसबाट भानुभक्त पण्डित भईकन समदर्शी र सहनशील नभई रागद्वेषले युक्त प्रपञ्ची र पूर्वाग्रही थिए र आफ्नै कारण आफैँले ठूलो हन्डरठक्कर पनि पाएका थिए भन्ने बोध हुन्छ । यसका निम्ति लेखकले उनकै कविताहरू प्रमाणस्वरूप प्रस्तुत गर्दै झगडाको वास्तविक कारण तथा भानुभक्तमा निहित स्वार्थी प्रवृत्तिको पनि सूक्ष्म विश्लेषण गरेका छन् । यसमा उनले आफ्नो अनुकल्पनाद्वारा कथ्यलाई रोचक र प्रभावोत्पादक तुल्याएका छन् । यसमा लेखकले आफ्नो प्रतिभा क्षमताको अधिकतम उपयोग गरी अन्तर्नाटकीयता र मनोभावगत चित्रण गर्न सक्ने भन्ने महासमालोचक त्रिपाठीको भूमिकामा प्रस्तुत कथन पनि लेखकीय क्षमताप्रतिको सम्मान नै हो भन्ने देखिन्छ ।

चौथो 'भानुभक्तको जागिर र कुमारीचोकमा थुना' भन्ने शीर्षक भानुभक्तको जागिर र थुना विषयमा केन्द्रित छ । यहाँ भानुभक्तका

प्रत्यक्ष र अप्रत्यक्ष अधिक शत्रु तथा त्यसमा गिरिधारी भाट प्रमुख शत्रु भएका कारण उनले प्रस्तुत गरेका गिरिधारी भाटप्रतिका आशङ्काहरू स्वाभाविकै देखा पर्दछन् । भानुभक्तका फुटकर कवितामध्येकै एक श्लोक “जागीर् छैन धनी म छैन घरको...” भन्ने पनि छ । त्यसमा लेखकले आफ्नो सूक्ष्म निरीक्षण र विवेकशक्तिको प्रयोग गरी उक्त श्लोक भानुभक्तले तात्कालिक परिवेशबाट प्रेरित भई व्यङ्ग्यस्वरूप लेखेका थिए । जागिर छैन भने पनि यसैका आधारमा भानुभक्तको जागिर थिएन भन्न नसकिने र अन्य प्रमाणद्वारा भानुभक्तको जागिर भएकै तथ्य सिद्ध हुन्छ भनेका छन् । यहाँ लेखकले भानुभक्तका आफ्नै वंशका व्यक्तिहरूले बङ्ग्याउने र बिथोल्ने गरेको बेहोरा दर्शाउँदै प्रमाणहरूलाई राम्ररी पर्गेली आफ्नो धारणालाई समेत स्पष्ट पारेका छन् । एक त बिर्तावाल श्रीकृष्णको नाति, खरदार धनञ्जयको छोरो अनि त्यसमाथि आफू पनि पण्डित तथा पुराणवाचक व्यक्तित्व भएकाले जागिर छैन, धनी छैन भनी आफूलाई दीनहीन देखाएको तथ्य व्यङ्ग्यको झटारो नै हो । भानुभक्त समग्र जीवनी सम्बद्ध प्रमाणहरूले यही सिद्ध गर्छन् । लेखकको विवेकीय लगनधुन सूक्ष्म दृष्टिचेतको तीव्र कौशलताले यहाँ पनि सही निष्कर्ष निकालेको देखिन्छ । भानुभक्त रिसाहा, झोकी र आक्रामक स्वरूपका भए पनि हक्की, परिहासप्रिय, विनोदी, चतुर र प्रतिभाशाली थिए भन्ने तथ्य उनकै फुटकर कविताले दर्शाएको तथ्यलाई पनि यहाँ लेखकले उल्लेख गरेका छन् । यहाँ लेखकले भानुभक्त थुनिनाको स्पष्ट कारण पहिल्याउन नसकिएको धारणा राखेका छन् । आफूले जागिर खाँदा स्याहास्रेस्ता सही रूपमा फरफारक गर्न नसकेका कारण भानुभक्तले थुनिनुपरेको धारणा अघि सारेका छन् । ऐतिहासिक तथ्य अध्ययन गर्दा उपयुक्त निष्कर्ष पनि त्यही नै हो भन्ने देखिन्छ । जे होस्, भानुभक्त थुना पर्नु उनकै निम्ति दुःखको एक कारण भए पनि साहित्य सिर्जनाका निम्ति वरदानै भएको विचारसँग असहमत हुने स्थिति देखिन्न ।

पाँचौँ शीर्षक 'भानुभक्तको सम्मान' विषयक छ । मोतीरामले भानुभक्तलाई सर्वप्रथम आदिकविको सम्मान प्रकट गरे । भानुभक्तभन्दा अघि पनि केही कविहरू थिए तर तिनका कविता भानुभक्तका जस्ता जनमानसमा भिज्ने खालका थिएनन् । भानुभक्तको 'रामायण' नै यस्तो महाकाव्य थियो जो जनजनमा भिजेको थियो । भानुभक्तको यही सिर्जनात्मक सामर्थ्यलाई पहिचानी मोतीरामले निर्धक्कसँग आदिकविको घोषणा गरे । त्यसपछि सरकारी तहबाट पनि भानुभक्तलाई आदिकविको उपाधि दिइयो । पछि यस विषयमा मतमतान्तर पनि देखिए । यसमा लेखकले विशद चर्चा गर्दै भानुभक्त आदिकविको उच्च सम्मान योग्य कवि भएको धारणा स्पष्ट पारेका छन् ।

'भानुभक्तको जीवनमा घाँसी' विषयक यस छैटौँ शीर्षकमा घाँसीको घटनाबारे चर्चा छ । भानुभक्तले घाँसीको प्रसङ्गलाई लिएर दुई श्लोक रचेका छन् । घाँसीकै प्रेरणाबाट भानुभक्त सिर्जनातर्फ सक्रिय रहे भन्ने मोतीराम भट्टको धारणा छ । यस विषयमा लेखकले घाँसीको घटना मोतीराम भट्टले गरेको सुन्दर कल्पना हो भन्दै त्यो नेपाली जनमानसको चिरसञ्चित पुँजी बनिसकेको धारणा राखेका छन् । कतिपय समीक्षकले घाँसीको घटना नै कपोलकल्पित हो । यो भानुभक्तको रचना नभएर आफ्नो चरित्र नायकलाई राम्रो देखाउने हेतुले लेखिएको मिथ्या कल्पना हो भने पनि यहाँ पूरै घटनाको निषेध नगरी केही कथात्मक परिकल्पना र श्लोकमा भएको वर्णविन्यासगत आंशिक हेरफेरबाहेक श्लोक भानुभक्तकै हुन् भन्ने पक्षमा लेखक उभिएका छन् । मोतीरामले आधिकारिक स्रोतबाट सुनेर लिपिबद्ध गर्दा त्यसमा हेरफेर नभएको होला भन्न सकिन्न । यस किसिमको अभिमतलाई पनि लेखकले देखाएका छन् । उनको प्रतिपादनात्मक प्रस्तुतिगत चातुर्ययुक्त कौशलताले पाठकलाई पनि राम्ररी प्रभाव नपारी छोड्दैन ।

'भानुभक्तलाई मोतीरामको खाँचो' विषयमा यस सातौँ लेखमा साहित्यिक सोधखोज र स्रष्टाप्रति अनन्य श्रद्धा र सम्मानभाव राख्ने मोतीरामका साहित्यिक र सिर्जनात्मक प्रवृत्तिको महिमा गाइएको छ । हुन पनि भानुभक्तलाई चम्काउने महत्त्वपूर्ण देन मोतीरामकै रहेको तथ्यलाई सबै नेपाली समीक्षकले सकारेको पाइन्छ । यहाँनेर लेखकले एक नवीन तथ्य प्रस्तुत गरेका छन् । त्यो के भने मोतीरामकृत 'कवि भानुभक्तको जीवनचरित्र' को आवरणमा रहेको भानुभक्तको तस्बिर काल्पनिक ढङ्गबाट स्थापित गरिएको बेहोरा हो । यहाँ प्रस्तुत भएको लेखकको महत्त्वपूर्ण तर्क र धारणाले एक नवीन तथ्यलाई स्थापित गर्दै जीवनी लेखक र पाठक दुवैलाई जागृत तुल्याएको छ । यसले जीवनी लेखक प्रसाईको उच्च बौद्धिक, तार्किक र सिर्जित क्षमतालाई एकसाथ झल्काउँछ ।

'भानुभक्तको कान्तिपुर प्रवेश' लघु आकारमा रहेको यो आठौँ लेख भानुभक्तकृत 'कान्तिपुर' कविताकै आस्वादनसँग सम्बन्धित छ । यहाँ लेखकले सुन्दर भावनाको अनुकल्पना गरी कथ्यलाई निकै मनोरम तुल्याएका छन् । 'भानुभक्तको देहावसान' नवौँ लेखका रूपमा रहेको छ । यसमा मृत्यु सन्निकट हुँदा पनि भानुभक्तले आफ्नो लेखनकार्य जारी राखे भन्ने सिर्जनशील स्वभावको चर्चा गर्दै भानुभक्तको देहावसान मर्स्याङ्दी, सतीघाटको गाईथुनेघाटमा भएको तथ्यलाई खुलाइएको छ ।

'भानुभक्तका कृति' नामक दसौँ लेखमा भानुभक्तका मौलिक र अनूदित कृति (क) 'भानुभक्तीय रामायण', (ख) 'प्रश्नोत्तर लघुकाव्य', (ग) 'भक्तमाला', (घ) 'वधूशिक्षा' र (ङ) 'रामगीता'को समीक्षात्मक चर्चा छ । यसमा लेखकले विविध कोणबाट रचनाहरूको अवलोकन गरेका छन् । नेपाली लोकगीतपछि नेपाली भाषालाई लोकप्रिय तुल्याउने कार्य रामायणमार्फत नै भएको धारणा पनि राखेका छन् । अन्यभन्दा 'वधूशिक्षा' का बारेमा पृष्ठभूमिसहितको विशद विवेचना पनि छ ।

तत्कालीन परिवेशमा रचिएकाले बढी आलोचना नरहेको तर्क पनि उनले अघि सारेका छन् ।

'भानुभक्तको जन्मकुण्डली' शीर्षकको एघारौँ लेखमा मीनराशि र धनुलग्न रहेको जन्मकुण्डली दिई 'भानुभक्त मणिमाला'मा प्रस्तुत गरिएको ग्रहसम्बन्धी अढाई श्लोक प्रस्तुत गर्दै लेखकले यी भानुभक्तकै रचना हुन् भन्नेमा देखाएको आशङ्काबाट विस्मित तुल्याउँदै जीवनीसम्बन्धी चलखेल हुन सक्ने सम्भावनातर्फ पनि लक्षित गरेका छन् । वास्तविक प्रमाण एवम् घटनासन्दर्भको तारतम्यबिना विवेक र तर्कको कसी नभै सोझै कहीँकसैको कुरा पत्याउन हुन्न भनेर साहित्यका पाठकलाई सचेत र जागरुक तुल्याएका छन् । जीवनी ग्रन्थको अन्तिममा स्रोतव्यक्तिद्वारा 'भानुभक्तको वंशावली' दिइएको छ । यस आरेखीकृत वंशावलीले श्रीकृष्ण आचार्यदेखि छैटौँ पुस्तासम्मको विवरणलाई प्रस्तुत गर्दछ ।

यस प्रकार जीवनी लेखनका क्रममा लेखक नरेन्द्रराज प्रसाईका सामु निकै विवादग्रस्त स्थिति र अप्ठचाराहरू आए पनि आफ्नो अध्ययन, तर्क र विवेकका साथै सम्बद्ध प्रमाणहरूको पृष्ठभूमिसमेत दिएर उनले एक बौद्धिक प्रखर र कुशल जीवनीकारको भूमिका निर्वाह गरेको देखिन्छ ।

सङ्क्षेपमा भन्दा विशद सोधखोजको गुरुतर कार्य एवम् अध्ययन, चिन्तन र मननको गहिराइबाट विवादका जराहरू उधिनी तथ्यसत्य जाँचीबुझी, पर्गेली स्वकीय धारणा, अनुकल्पना र विचारसमेतको समन्वय गरी रागात्मक तत्त्वले पर्याप्त सिँगारेर प्रस्तुत भएको यो जीवनी ग्रन्थ इतिहासमै मानकीय स्वरूपमा निर्मित पठनीय, मननीय र सङ्ग्रहणीय मूल्यवान् कृति हो । डा.त्रिपाठीका शब्दमा अर्को सिर्जनात्मक यस जीवनी कृति हुनुको गौरवशाली पहिचान हो तथा डा.अवस्थीका विचारमा यो अतुलनीय प्राज्ञिक प्रकृतिको नवउपलब्धि हो ।

**कृतिमा निहित सङ्क्षिप्त बुँदागत विशेषता**

- मोतीग्रन्थकै सूचना र स्थापनामा आधारित थप सूचनाको पनि समन्वयात्मक उपयोग,
- वस्तुनिष्ठ विषय र प्राञ्जल अभिव्यक्ति,
- भानुभक्तका विविध जीवनीकारहरूको पृष्ठगत पादटिप्पणी,
- भानुभक्तविषयक अधिकतम सूचनाको उपयोग,
- सोधखोज र विवेचनायुक्त किन्तु जटिलताबाट पृथक्,
- मधुर र मर्मस्पर्शी भावप्रवाहमय तर्कसङ्गत, वस्तुनिष्ठ रचनात्मक शैलीशिल्प,
- सरल वाक्ययोजना, उक्तियोजना, बिम्बालङ्कृतिको समेत उपयोग,
- सन्तुलित र व्यवस्थित वस्तुविन्यास,
- समविषम चरित्राङ्कन र किञ्चित् आलोचनामयी धारणाको समावेश,
- अनुकल्पनाको उपयोग, अनुभव र प्रातिभ कौशलको तादात्म्य,
- आदिकविको समर्थन एवम् कविको सम्मानप्रति प्रकाश,
- भानुभक्तका सरल र रोचक कविताका आस्वादनको मनोरम वर्णन,
- पाठान्तर शब्दका निहितार्थबारे चर्चा र जिज्ञासा,
- ऊहापोहसहित सार्वजनिक मान्यताको समर्थन,
- जीवनवृत्तको रोचक एवम् सौष्ठव प्रस्तुति,
- भानुभक्तका जीवनवृत्तविषयक कृतिहरूमध्ये अधिक महत्त्वपूर्ण,
- सिर्जनात्मक, समीक्षात्मक चेत एवम् मौलिक सोच र सान्दर्भिकतायुक्त मानक जीवनी ग्रन्थ,
- सबै तहका पाठकका निम्ति उपयोगी,
- पठनीय, मननीय एवम् सङ्ग्रहणीय, सारगर्भित कृति ।



**प्रा.डा.कपिल लामिछाने**

**जन्म** : २०१५ साल असोज २४ गते (कास्की); **शिक्षा** : एमए, पिएचडी; **कृति** : ४१ पुस्तक (समालोचना, बालसाहित्य, कविता, पाठ्यपुस्तक); **पुरस्कार** : महेन्द्र विद्याभूषण (द्वितीय), नेपाल विद्याभूषण प्रथम, मकबुल अहमद लारी स्वर्णपदक, नूरगङ्गा बालसाहित्य प्रतिभा पुरस्कार, शिक्षा पुरस्कार, सकला सिद्धार्थ पुरस्कार, सिद्धार्थ साहित्य पुरस्कार, नेपाली रत्न सम्मान, दीर्घसेवा पदक, निर्मलादेवी गौतम साहित्य पुरस्कार, विष्णुमाया हरिनारायण बालसाहित्य पुरस्कार, नइ धनरूप पुरस्कार, नेपाल सरकार राष्ट्रिय प्रतिभा पुरस्कार, भानुभक्त स्वर्णपदक; **संस्थापक अध्यक्ष** : सिद्धार्थ साहित्य परिषद्; **संस्थापक क्याम्पस प्रमुख** : रूपन्देही क्याम्पस; **संस्थापक तथा अध्यक्ष** : प्रश्रित प्रतिष्ठान; **संस्थापक** : सुकदेव सुकमाया लामिछाने बालसाहित्य पुरस्कार; **पूर्व क्याम्पस प्रमुख** : भैरहवा बहुमुखी क्याम्पस; **प्राध्यापक** : त्रिभुवन विश्वविद्यालय ।

# सम्यक् अध्ययन

नेपाली साहित्यजगत्मा बलियो पकड र प्रस्तुति बनाइसकेका नरेन्द्रराज प्रसाई (२०१२ वैशाख १, हाङपाङ, ताप्लेजुङ) सही कृति र व्यक्तिको पहिचान गर्दै सोधखोज, अध्ययन, अनुसन्धान र समालोचनामा समर्पित एक उज्ज्वल नक्षत्र हुन पुगेका छन् । उनी जुन कार्य गरिरहेका छन्, त्यो नेपालीमा मोतीराम भट्टले शिलान्यास गरेको राजमार्ग हो; जीवनीमूलक समालोचनाको मूल बाटो हो । नरेन्द्रराज प्रसाई त्यस बेला मोतीराम भट्टले आरम्भ गरेको जीवनीपरक समालोचनाको मोतीमार्गलाई पछ्याउँदै त्यसको प्रवर्धन र विस्तार गर्ने एक अथक र अद्वितीय साधक हुन् । उनले यस्तो यात्राको आरम्भ ‘अठतीस अनौठा अनुहारहरू’ (२०४१)

बाट गरेका हुन् । यसपछि उनका 'केही चर्चित अनुहार' (२०४२), 'समाजका केही चिन्तक' (२०४७), 'नेपाली भाषाका प्रमुख समालोचक' (२०५४), 'पारिजातको जीवनकथा' (२०५७), 'नेपाली सङ्गीतका शिखर' (२०५९), 'बाङ्देलको जीवनयात्रा' (२०५९), 'The Glory of Nepal' (2003), 'The Legend of Literature' (2003), 'आदिगायक सेतुराम' (२०६०), 'दौलतविक्रम विष्टको परिक्रमा' (२०६०), 'कोइलीदेवीको जिन्दगानी' (२०६१), 'नारीचुली' (२०६३), 'प्रथम नारीस्रष्टा : ललितत्रिपुरसुन्दरी' (२०६४), 'कीर्तिबाबु' (२०६६), 'देवकोटाको जीवनशैली' (२०६६), 'महाकवि देवकोटा' (२०६६), 'त्रिमूर्ति' (२०६९), 'रोहितको आकृति' (२०६९), 'नेपाली साहित्यका विश्व नारी रत्न : वानीरा गिरी' (२०७०), 'त्रिनारी रत्न' (२०७१), 'विश्व नारी नेपाली स्रष्टाकोश' (२०७१) जस्ता जीवनीसम्बद्ध ग्रन्थ प्रकाशित भइसकेका छन् । यस्ता २२ ग्रन्थका लेखक प्रसाईको अनुभवी लेखनीबाट 'भानुभक्त आचार्यको जीवनीवृत्त' (२०७१) र 'शताब्दी पुरुष : सत्यमोहन जोशी' (२०७१) पनि प्रकाशित भइसकेका छन् भने महाकवि मोदनाथ प्रश्रितसम्बद्ध जीवनीको लेखनमा पनि उनी संलग्न रहेको जानकारी प्राप्त भएको छ । नेपाली साहित्यकारको जीवनी लेख्ने प्रथम जीवनीकारको श्रेय युवाकवि मोतीराम भट्टलाई छ भने 'भानुभक्त आचार्यको जीवनीवृत्त'बाट भानुभक्तका बारेमा सर्वाधिक आधिकारिक जीवनी ग्रन्थ लेखनको एक अर्को श्रेय नरेन्द्रराज प्रसाईलाई प्राप्त हुन आएको छ । ३० वर्षमा प्रसाईका २४ जीवनी ग्रन्थ प्रकाशित भइसकेका छन् । उनका जीवनी, निबन्ध, गीत, समालोचना र अन्तर्वार्ता आदि गरी झन्डै ७० पुस्तकाकार कृति प्रकाशित भइसकेका छन् । साठीवर्षे उमेर र तीसवर्षे लेखनयात्रामा यत्तिका ग्रन्थ प्रकाशन हुनुले प्रसाईमा एक अद्भुत लेखन प्रतिभा रहेको प्रस्टचाउँछ । प्रसाई एक अग्रणी तथा जिम्मेवार जीवनीकारका रूपमा प्रतिष्ठित भइसकेका छन् । यही खारिएको कलमबाट समीक्ष्य

‘भानुभक्त आचार्यको जीवनवृत्त’ नामक जीवनी ग्रन्थ तयार भएको छ । प्रस्तुत सन्दर्भमा नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय भानुभक्त आचार्य द्विशतवार्षिकी समारोह समितिको सौजन्यमा नइ प्रकाशनद्वारा २०७१ मा प्रकाशित प्रसाईको यही ‘भानुभक्त आचार्यको जीवनवृत्त’ शीर्षकको जीवनी ग्रन्थको समीक्षा गरिएको छ ।

१८७१ लाई भानुभक्तको जन्म भएको मानी लेखक, समालोचक, नेपाली जनजीवन तथा सरकारबाट २०७१ लाई भानुभक्तको दुई सयौँ वार्षिकी मनाइएको हो । प्रस्तुत ग्रन्थ पनि सोही अभियानको एक कडी हो भन्न सकिन्छ ।

यहाँ भानुभक्तको जीवनीलाई मुख्यतया बाह्र परिच्छेदमा प्रस्तुत गरिएको छ । ‘भानुभक्त आचार्यको जन्मसन्दर्भ’, ‘भानुभक्तको शिक्षादीक्षा’, ‘भानुभक्तसँग गिरिधारीको झगडा’, ‘भानुभक्तको जागिर र कुमारीचोकमा थुना’, ‘भानुभक्तको सम्मान’, ‘भानुभक्तको जीवनमा घाँसी’, ‘भानुभक्तलाई मोतीरामको खाँचो’, ‘भानुभक्तको कान्तिपुर प्रवेश’, ‘भानुभक्तको देहावसान’, ‘भानुभक्तका कृति’, ‘भानुभक्तको जन्मकुण्डली’ र ‘भानुभक्तको वंशावली’ शीर्षकका परिच्छेदहरू रहेका छन् ।

यिनै परिच्छेद शीर्षकभित्र रही यहाँ भानुभक्त आचार्यको जन्म, बाल्यकाल, व्रतबन्ध, शिक्षादीक्षा, गिरिधारीसँगको झगडा, जागिर, बन्दी, बन्दी अवस्थामै कविताको रचना, घाँसीको प्रसङ्ग, भानुभक्तको कान्तिपुर प्रवेश, देहावसानका साथै भानुभक्तका कृतिको परिचय, जन्मकुण्डली र वंशावली पनि दिइएको छ । परिशिष्ट (अनुष्ठानिक सूची) मा भानुभक्तको हस्तलिपि, भानुभक्त, मोतीराम भट्ट, भानुभक्तका छोरा रमानाथ र नातिनी विष्णुमायाका तस्बिर पनि राखिएको छ ।

'भानुभक्त आचार्यको जन्मसन्दर्भ' शीर्षकको यसको पहिलो परिच्छेदमा भानुभक्तको जन्म देखाइएको छ । चुँदी रम्घाका प्रतिष्ठित पण्डित तथा जमिनदार श्रीकृष्ण आचार्यका जेठा छोरा खरदार धनञ्जय र बुहारी धर्मावतीदेवीका सुपुत्रका रूपमा १८७१ असार २९ मा देवीभक्त आचार्यको जन्म भएको बताइएको छ । अट्ठाइस वर्षको हुँदा पनि सन्तान नभएकाले सन्तान होस् भनी बाह्र वर्षसम्म सूर्यको उपासना गरेपछि आइतबारका दिन सन्तान भएकाले न्वारनमा देवीभक्त नाम रहे पनि तिनलाई भानुभक्त भनिएको, आठ वर्षको हुँदा व्रतबन्ध, र परशुराम खनालकी सुपुत्री चन्द्रकान्तादेवीसँग विवाह भएको, अठार महिनापछि तिनको निधन भएकाले पुन: एघार वर्षको उमेरमा मान्हुँ (तनहुँ) का विद्याधर खनालकी दस वर्षीया सुपुत्री चन्द्रकलादेवीसँग विवाह भएको जस्ता प्रसङ्गहरू सप्रमाण दिइएको छ । मोतीराम भट्टले भानुभक्तको जन्म १८६९ भनी लेखेका छन् र तमाम तथ्यबाट पनि यसैको पुष्टि हुन्छ । यति भईकन पनि भानुभक्तभन्दा सतसट्ठी वर्षपछि जन्मेकी उनकी नातिनी विष्णुमायाले 'भानुभक्त मणिमाला'मा भानुभक्तको जन्म १८७१ असार २९ गते आइतबार भएको भनी लेखेको र त्यसपछिका लेखक, समालोचक, जनजीवन र सरकारले पनि १८७१ असार २९ गतेलाई नै भानुभक्तको जन्ममिति स्वीकार गरेको र यही मिति चलनमा आइसकेकाले प्रसाईले पनि १८७१ असार २९ लाई नै भानुभक्तको जन्म मान्नुपर्ने नै भयो भनेको देखिन्छ ।

'भानुभक्तको शिक्षादीक्षा' शीर्षकको दोस्रो परिच्छेदमा भानुभक्तको शिक्षादीक्षाको कुरा छ । बाबु धनञ्जय सरकारी जागिरमा भएकाले भानुभक्त बाजे श्रीकृष्णकै मायाको छहारीमा बढेको, सूर्यकवच, दुर्गाकवच, सप्तशती, चण्डी, अमरकोश, वेद, व्याकरण, दर्शन आदि पढेको, बागलुङ र कास्कीमा गई ज्योतिष पढेको, काशीमा रहेका बेलामा पनि संस्कृत पढेको तथ्य तथा केही जनश्रुतिको प्रमाण दिँदै

उल्लेख गरिएको छ । यहाँ बाबु धनञ्जयले कानुनी लेखापढी पनि सिकाएको उल्लेख छ ।

'भानुभक्तसँग गिरिधारीको झगडा' शीर्षकको तेस्रो परिच्छेदमा गिरिधारी भाटसँग भानुभक्तको झगडा परेको विषय दिइएको छ । गाउँले र सँधियार गिरिधारी भाट र भानुभक्तको खेत सँगै रहेको, बीचमा खोलाको सिमाना रहेको, एक पटक खोलाले भानुभक्तको खेत खाइदिएकाले भाटले बगर आबाद गरेको, चारपाँच वर्षपछि अर्को पटक खोलाले भानुभक्तको जग्गामा बगर छाडी भाटको खेत बेहिसाब गरिदिएको, भानुभक्तले बगर आबाद गरी भोग गर्दा भाटले मेरो जग्गा मिच्यो भनी मुद्दा हालेको, भानुभक्तले यसै विषयलाई लिई कविता लेखी कमान्डर इन-चीफ कृष्णबहादुर राणालाई खुसी पारेको, गिरिधारीको छोरालाई आड बनाएर उसकै खेत खनी कुलो बनाएको, त्यस विषयमा पनि मुद्दा परेको, सुब्बा धर्मदत्त ज्ञवालीसँगको मित्रता र राणाहरूसँगको सम्पर्कले गर्दा अन्तमा दुवै मुद्दामा भानुभक्तले विजय पाएको जस्ता विषयहरू प्रस्तुत गरिएको छ ।

'भानुभक्तको जागिर र कुमारीचोकमा थुना' शीर्षकको चौथो परिच्छेदमा भानुभक्तले जागिर खाएको र हिसाब गडबड भई थुना पर्नुपरेको विषय प्रस्तुत गरिएको छ । कृष्णबहादुर राणालाई खुसी पारी १९०७ वैशाखमा मधेस (बुटवल)मा गई जागिर खाएको प्रसङ्ग त तेस्रो परिच्छेदमै पनि देखाइएको छ । १९०७ वैशाखमा थालेको जागिर आमदानीखर्चको स्याहा बुझाउँदा सरकारी बाँकी लागी पाँच महिना कुमारीचोकमा थुनिएको भन्ने मोतीराम भट्टको कुरा, १९०२ अगावै मेजर पदमा जागिर खाएको बाबुराम आचार्यको भनाइ र सुरुमै खरदारको जागिर पाउनु कठिन भएको भन्दै प्रसाईले यहाँ बाबुरामको मतलाई समर्थन गरेका छन् । यहाँ सम्भवत: भाटको झोसपोल र नामीबेनामी उजुरीसमेत परेकाले जागिरमा लागेको दुई वर्ष (१९०९) मै भानुभक्तको जागिर गएको, 'जागीर्

छैन ...' भन्ने कवितामा आएको यस पदावलीलाई आधार बनाएर उनले जागिर खाएका थिएनन् भन्नु उचित नभएको सार प्रसाईले दिएका छन् । हिसाब नमिलेपछि थुना परेका बेलामा त्यहीँ उनले 'रोज्रोज् दर्शन पाउँछू ...' फुटकर कविता, रामायणका अयोध्याकाण्ड, अरण्यकाण्ड, किष्किन्धाकाण्ड, सुन्दरकाण्ड आदि काव्य कविता पनि लेखे । छोराको व्रतबन्ध गर्ने दायित्व रहेको विषयलाई लिएर 'चालिस् वर्ष भञा...' कविता पनि लेखे र यही लेखेर छुटे । यस्ता कुरा पनि यहाँ छन् ।

'भानुभक्तको सम्मान' शीर्षकको पाँचौँ परिच्छेदमा भानुभक्तको सम्मानको विषय रहेको छ । यहाँ भानुभक्तको भौतिक जीवन छँदाको भन्दा पनि पछि मोतीराम भट्ट, अन्य लेखक, सरकारद्वारा गरिएको सम्मानको वर्णन छ । सरकारले दुई सयौँ वर्षको उपलक्ष्यमा उनको सम्मानखातिर गरेका क्रियाकलापको विवरण छ । मोतीराम भट्टले दिएको आदिकविको सम्मानलाई पछि धेरैले अनुमोदन गरे । त्यसले नेपालका डाँडापाखा र नेपाली संसारलाई ढाक्न थाल्यो भनी टिप्पणी गरिएको छ ।

'भानुभक्तको जीवनमा घाँसी' शीर्षकको छैटौँ परिच्छेदमा भानुभक्त र घाँसीका बीचको प्रेरक प्रसङ्ग छ । सत्य भए पनि नभए पनि भानुभक्तसित घाँसीको प्रसङ्ग जोडिने गरेको छ । जोड्ने काम मोतीरामबाट सुरु भएको हो । त्यो बज्रलेप भइसकेको छ । अनेक थरीका मान्यता अघि सार्दै यहाँ प्रसाईले भानुभक्तले घाँसीका प्रेरणाले कविता लेख्न थालेको भन्ने प्रसङ्गलाई अटल र रमाइलो सिर्जना भनेका छन् ।

'भानुभक्तलाई मोतीरामको खाँचो' शीर्षकको सातौँ परिच्छेदमा भानुभक्तले जति लेखे त्यसलाई मोतीरामले चम्काएको देखाइएको छ । अध्ययनका क्रममा काठमाडौँबाट बनारस पुगेका मोतीराम भट्टले वाल्मीकि र तुलसीदासको कथा सुनेकाले भानुभक्तको खोजी

गरेको, तिनलाई आदिकवि भनेको, तिनलाई समाजमा चिनाएको, जीवनीमा तथ्य मुख्यतया भानुभक्तकै भतिजा रामदत्तमार्फत प्राप्त गरेको, भानुभक्तको मुहार तस्बिर तयार पारेको, सर्वसाधारणको फोटो खिच्न सुलभ नभएको घडीमा आएको त्यो तस्बिर यथार्थ नभएको तर्क प्रस्तुत गरिएको छ ।

'भानुभक्तको कान्तिपुर प्रवेश' शीर्षकको आठौँ परिच्छेदमा भानुभक्त कान्तिपुर प्रवेश गर्दा भएको प्रसङ्ग र कविता लेखनको प्रसङ्ग छ । भानुभक्त गिरिधारी भाटसँग भएको जग्गाको मुद्दा खेप्न पहिलोपल्ट १९०६ मा काठमाडौँ गएको, पाल्पाका धर्मदत्त ज्ञवालीको लगनटोलस्थित डेरामा बसेको, काठमाडौँ पुग्दा भानुभक्त मोहित भएको, 'चपला अबलाहरू' र 'यति दिनपछि' जस्ता कविता लेखेको उल्लेख छ ।

'भानुभक्तको देहावसान' शीर्षकको नवौँ परिच्छेदमा भानुभक्तको पार्थिव शरीरको अन्त देखाइएको छ । अन्तमा उनलाई कालज्वरले मरणासन्न बनाएकै अवस्थामा धर्मदत्त ज्ञवालीका आग्रहमा 'रामगीता' लेखेको र १९२५ असोज ६ गते आइतबार उनले देह त्याग गरेको देखाइएको छ । उनको देहावसान मर्स्याङ्दी नदीको सतीघाटअन्तर्गत गाईथुनेमा भएको भन्ने प्रेमदत्त त्रिपाठीका भनाइलाई यहाँ प्रसाईले समर्थन गरेका छन् ।

'भानुभक्तका कृति' शीर्षकको दसौँ परिच्छेदमा भानुभक्तका कृतिको परिचय, 'भानुभक्तको जन्मकुण्डली' शीर्षकको एघारौँ परिच्छेदमा भानुभक्तको जन्मकुण्डली र त्यससँग सम्बन्धित वर्णन र 'भानुभक्तको वंशावली' शीर्षकको बाह्रौँ परिच्छेदमा वंशावली दिइएको छ ।

भानुभक्त आचार्यका जीवनीका बारेमा जेजति भनाइ प्रकाशमा आएका छन्, ती सबै सत्य र तथ्ययुक्त छैनन् । त्यस्ता ठाउँमा

तथ्यका पक्षविपक्षका प्रमाणहरू पेस गर्दै प्रसाईले सत्यतथ्यका निकट पुग्ने प्रयास गरेका छन् । उदाहरणका लागि भानुभक्तको जन्ममितिसम्बन्धी विवादलाई लिन सकिन्छ । भानुभक्तको प्रथम जीवनीकार मोतीराम भट्टले भानुभक्त आचार्यका भतिजा रामदत्त आचार्यलाई आधार बनाएर जीवनी लेखेका थिए भने त्यहाँ उनले भानुभक्तको जन्म १८६९ मा भएको उल्लेख गरेको, भानुभक्तले चालीस वर्षको उमेरमा कुमारीचोकबाट श्री ३ कमान्डर इन-चीफ कृष्णबहादुर राणालाई १९०९ मा कवितामा बिन्तीपत्र लेख्दा 'चालिस् वर्ष भन्या म पुत्र पनि एक् मात्रै छ आठ् वर्षको' लेखेकाले १८६९ मा ४० जोड्दा १९०९ नै हुने तर्क प्रस्तुत गर्दै यी तथ्यले भानुभक्तको जन्म १८६९ हुने ठहर गरेको देखिन्छ । भानुभक्तभन्दा सतसट्ठी वर्षपछि जन्मेकी उनकी नातिनी रामनाथकी छोरी विष्णुमायाले 'भानुभक्त मणिमाला'मा भानुभक्तको जन्म १८७१ असार २९ गते आइतबार भएको नयाँ तथ्य पेस गरेको, विष्णुमायाले भानुभक्तको भनी पेस गरेको श्लोक पछि भ्रुन्डचाएको भए पनि त्यसपछिका लेखक, समालोचक, जनजीवन र सरकारले पनि १८७१ असार २९ गतेलाई नै भानुभक्तको जन्ममिति स्वीकार गरेको तथ्यलाई प्रसाईले प्रस्ट पारेका छन् । त्यसैले प्रसाईले यहाँ सरसरती विवरण मात्र प्रस्तुत नगरी विषयका पक्षविपक्षहरूलाई समेत छ्यानब्यान पारी आफ्नो सहमति असहमति प्रस्तुत गरेका छन् ।

यसै तथ्यलाई प्रा.केशव सुवेदीले लेखेका छन्– "नरेन्द्रराज प्रसाईद्वारा लेखिएको यस जीवनवृत्तमा भानुभक्तको जीवनकथासँग जोडिँदै आएका कतिपय तथ्यहरूको तार्किक खण्डनमण्डन र भानुभक्तले जिएको जिन्दगीका नयाँ परिघटनाहरूतर्फ सङ्केत पनि गरिएको छ । यसमा भानुभक्तीय जीवनचरित्रको चर्चाका क्रममा देखा परेका तर परस्पर बाझिएका कतिपय तथ्यहरूको सम्परीक्षण र परिमार्जन गरिएको छ । त्यसैले पनि यस जीवनवृत्तले पाठकहरूलाई नयाँ स्वाद

त दिन्छ नै यसबाहेक यो अरूभन्दा भिन्नै र नयाँ पनि बन्न पुगेको अनुभव हुन्छ । (भूमिका, पृ.४९)

प्रा.डा.महादेव अवस्थीको यस भनाइले त्यही कुराको पुष्टि गर्दछ : प्रसाईले लेखेको प्रस्तुत भानुजीवनी प्राज्ञिक प्रकृतिको नवउपलब्धि बन्न गएको छ; किनभने उनले यसमा भानुजीवनीका कतिपय अशोधित पक्षलाई वस्तुनिष्ठ तथ्य, ठोस प्रमाण र अकाट्य तर्कको उपयोगद्वारा शोधन गरी सत्यापन गर्ने बौद्धिक पथको अनुसरण गरेका छन् । यस जीवनीमा प्रसाईले पुराना प्रतिभाहरूका जीवनीलाई कसरी वस्तुनिष्ठ, प्रमाणसिद्ध र तर्कसङ्गत रूपमा प्रस्तुत गर्न सकिन्छ भन्ने पथनिर्देश गर्नुका साथै आदिकवि भानुभक्त आचार्यको जीवनीबारेका कतिपय सूचनाको नवीन प्राज्ञिक प्रतिपादन एवम् संस्थापन गरिदिएका छन् र यस दृष्टिले प्रसाईले लेखेको यो भानुजीवनी मोतीराम भट्टको भानुजीवनीपछिको सर्वाधिक गहकिलो र विश्वसनीय कृति बन्न गएको छ । (भूमिका, पृ.४२–४३)

प्रसाईको भावभूमि र लेखनशैली आफैँमा शोधमूलक, तर्कसङ्गत र प्रमाणयुक्त छ । सँगै नेपाली समालोचनाका स्वनामधन्य प्रतिष्ठित समालोचक प्रा.डा.वासुदेव त्रिपाठी, प्रा.डा महादेव अवस्थी र प्रा.केशव सुवेदीका विश्लेषणात्मक समीक्षात्मक भूमिका यसको साक्ष्य र साक्षी भएर उभिएका छन् । भूमिकाले ग्रन्थको गरिमा बढाएका छन् । त्रिपाठीले विश्लेषणात्मक शैलीमा केही ठाउँमा भानुभक्तको प्रथम जीवनी लेखक मोतीराम भट्टको ‘कवि भानुभक्तको जीवनचरित्र (१९४८) सँग केही तुलना पनि गरेको पाइन्छ ।

हामी भानुभक्त पढेर शिक्षाको आरम्भ गर्दछौँ र भानुभक्तको आलोचना गरेर अन्त गर्दछौँ भन्ने महाकवि देवकोटाको कथन छ । देवकोटाले भानुभक्तलाई नेपाली आकाशका शुक्रतारा र नेपाली मात्रका प्रथम ध्वनि आदि पनि भनेका छन् । भानुभक्तका बारेमा

कसले पो लेखेन र ! अझै पनि लेखिएला । लेखिनै पर्छ, तर अधिकांशले पिष्टपेषण गरेका छन् । गहिरो सोच, अध्ययन लगाव र लगनशीलताका धनी प्रसाईले भने भानुभक्तको जीवनीलाई यहाँ बडो सरल, सुबोध भाषाशैलीमा प्रस्तुत गरेका छन् । उनले यहाँ यथाशक्य सत्यतथ्य वा यथार्थका सन्निकट पुग्ने प्रयास गरेका छन् । जोसुकैले लेखेको होस्, नमिल्ने तथ्यप्रति भद्रतापूर्वक स्पष्टताका साथ आफ्ना असहमति राखेका छन् । उनले अरूका खोज वा कथनलाई आफ्नो बनाएर होइन, उसको सन्दर्भ र विवरण दिएर बौद्धिक बेइमानहरूका बीचमा उनले बौद्धिक इमानदारी प्रदर्शन गरेका छन् ।

प्रसाईसित जीवनी लेखनको साढे तीन दशक लामो परिपक्व अनुभव छ । त्यस अनुभवलाई उनले यहाँ राम्रोसँग उपयोग गरेकैले 'भानुभक्त आचार्यको जीवनवृत्त' यति सुन्दर तथ्यपूर्ण, बौद्धिक तर सरल कृति बनेर प्रकट भएको छ । यसले अवश्य पनि भानु र प्रसाई दुवैको कीर्तिको प्रवर्धन गर्नेछ ।

कताकति प्रसाईले हतारो गरेको पनि देखिन्छ । उदाहरणका लागि 'भानुभक्तको सम्मान' शीर्षकको पाँचौँ परिच्छेदमा जीवनी नटुङ्गिई पछिका कुरा वा सम्मानको विषय राख्नुलाई लिन सकिन्छ । यसलाई उनको शैलीका रूपमा पनि लिन सकिन्छ ।

यसरी ताप्लेजुङमा जन्मेर नेपाली साहित्यमा सशक्त उपस्थिति जनाइसकेका नरेन्द्रराज प्रसाईले मोतीराम भट्टले शिलान्यास गरेको जीवनीपरक समालोचनाको मार्गलाई पछ्याउँदै त्यसको प्रवर्धन र विस्तार गर्ने अथक प्रयत्न गरेका छन् । भट्टले भानुभक्तको जीवनी पहिलो पटक लेखे । त्यति बेला यतिको खोज गरी जीवनी लेख्नु महान् काम थियो । केही कल्पनाको जलप रहे पनि यसमा आएका अधिकांश तथ्यहरू प्रामाणिक छन् । त्यसपछि पनि भानुभक्तका जीवनीबारे धेरैले लेखे, तर नयाँ र सत्यतथ्य खासै आएनन् । बरु

भएकै तथ्यलाई पनि यताउति पारेको पाइन्छ । मोतीराम भट्टले लेखेको जीवनी प्रकाशित भएको करिब सवा सय वर्षपछि प्रसाईले यसपूर्वका जीवनीको सम्यक् अध्ययन गरी यथास्थान सन्दर्भ र स्रोतसमेत दिएर प्रस्तुत कृति तयार पारेका छन् । तसर्थ मोतीराम भट्टपछि भानुभक्तको जीवनीका बारेमा लेखिएका कृतिमध्ये प्रस्तुत कृति सर्वाधिक प्रामाणिक, आधिकारिक र विश्वसनीय रहेको पाइन्छ ।



**डा.कविता लामा**

**जन्म** : १९६५ नोभेम्बर २२ (दार्जिलिङ, भारत); **शिक्षा** : एमए, पिएचडी; **कृति** : ६ पुस्तक (समालोचना, अनुवाद, व्याकरण); **पत्रिका सम्पादन** : हाम्रो नवरत्न पल्लव, चन्द्रिका, वन्दना; **पुरस्कार** : भानुभक्त प्रज्ञा पुरस्कार, भानुभक्त स्वर्णपदक, कमला राई स्मृति पुरस्कार, विश्व नारी नेपाली साहित्य पदक; **पूर्व अध्यक्ष** : आदिकवि भानुभक्त आचार्य द्विशतवार्षिकी समारोह समिति, भारत (नेपाल सरकारबाट मनोनीत) तथा भारतका लागि नेपाली साहित्यिक दूत (त्रिमूर्ति निकेतन); **अध्यक्ष** : नेपाली विभाग, सिक्किम विश्वविद्यालय (भारत); भानुभक्त आचार्यविषयक प्रथम विद्यावारिधि ।

# सत्य घटनाको खोजी विवाद र भ्रमको अन्त्य

समालोचनाका अनेकौँ सम्प्रदायहरू अनि समालोचक अध्येता इलियट, रिचर्ड अनि लेभिसदेखि यता एकपछि अर्को अवधारणा रूपवाद (नवआलोचना), रसियाली रूपवाद, संरचनावाद, उत्तरसंरचनावाद, विनिर्माण, पाठक प्रतिक्रिया सिद्धान्त, नारीवाद, मार्क्सवाद, मनोविश्लेषणात्मक समालोचना, नवइतिहासवाद, लैङ्गिक अध्ययन, समलैङ्गिक सिद्धान्त अनि उत्तरऔपनिवेशिक सिद्धान्तका अनेकौँ दृष्टिले साहित्यिक पाठको अस्तित्वमाथि अहिले धेरै प्रश्नहरू उठाउँदै आएको पाइन्छ । इलियट र रिचर्डले समालोचनाको उद्देश्य लेखकदेखि पाठमा हुन्छ भन्ने विचारमा जोड दिए ।

नवआलोचकहरूले पाठ शब्दलाई लेखक अनि पाठकबाट एक झट्कामा उठाइदिए । पाठक प्रतिक्रिया सिद्धान्तले भन्छ– एउटा पाठ तब मात्र पाठ रहन्छ जब त्यसलाई पढ्ने पाठक हुन्छ नत्र यसको कुनै अस्तित्व रहँदैन । समालोचनाका विभिन्न अवधारणा, विविध सम्प्रदायले एउटा साहित्यिक पाठका अनेकौँ अर्थ र व्याख्याहरू दिँदै आएको पाइन्छ । 'डेथ अव् अथर' लेखमा रोलाँ बार्थले लेखकको मृत्युको घोषणा गरे । एउटा कृति जन्मेपछि त्यसमाथि सर्जकको कुनै हस्तक्षेप वा अधिकार रहँदैन भन्ने अवधारणाले साहित्यिक परिवेशमा चर्चा पाइरहेको समयमा लेखकमा जीवनी लेख्ने सोच पलाउनु त्यो पनि उन्नाइसौँ शताब्दीका कवि भानुभक्त आचार्यको, आजको सन्दर्भमा जोखिमपूर्ण कार्य देखिन्छ । कृतिमाथि कृतिकारको प्रभाव रहे त्यो प्रभाववादी समालोचना हुन्छ भन्ने एक खाले तर्क रहेको साहित्यिक सङ्कथनमा अर्का खाले तर्कले लेखकको जीवनीबारे जान्ने आवश्यकता बोध पनि उत्तिकै प्रखरतासाथ गराउँछ ।

ठूलो जोखिम उठाउँदै लेखिएको नरेन्द्रराज प्रसाईकृत 'भानुभक्त आचार्यको जीवनवृत्त' (सन् २०१५) अध्ययन गरेपछि पुस्तकले यही आवश्यकताबोध गराउँछ । पुस्तक हात लाग्नसाथ यसमा भानुभक्तसम्बन्धी के नयाँ कुरो होला ? भन्ने प्रश्न मनमा उठ्नु स्वाभाविक हो । त्यही जिज्ञासाले पाठक मनलाई पुस्तकतर्फ आकर्षित गर्छ । नेपाली साहित्यको जीवनीपरक समालोचनात्मक अध्ययनपरम्परामा मोतीराम भट्टको 'कवि भानुभक्तको जीवनचरित्र' (सं १९४८)ले एउटा बलियो घडेरी स्थापना गरेपछि यसै परम्परालाई समकालीन नेपाली साहित्यमा अनवरत रूपले लागिपरेर अघि बढाउने एक जना चिन्तक, अध्येता एवम् विद्वान् साहित्यकार हुन् नरेन्द्रराज प्रसाई । बहुआयामिक सर्जक प्रसाई नेपाली साहित्यमा मुख्यत: नारी हस्ताक्षरलाई एउटा बलियो मञ्च प्रदान गर्दै नारी साहित्यकारको अस्तित्वका निम्ति डटेर काम गर्ने चिन्तकका साथै जीवनी लेखनमा असीम आनन्द प्राप्त गर्ने साहित्यकार हुन् ।

नेपाली साहित्यमा कवि भानुभक्तको जीवनीमाथि पहिलो चोटि लेखिएको मोतीराम भट्टको यस पुस्तकबाट थालिएको यस परम्परामा आजसम्म भारत र नेपालबाट कविका जीवनी एवम् कृतिबारे प्रशस्तै पुस्तकहरू प्रकाशित भएका छन् । तीमध्ये केही प्रमुख यस प्रकार छन्– ब्रह्मशमशेरको 'कवि भानुभक्त' (सन् १९३८), पारसमणि प्रधानको 'भानुभक्त ग्रन्थावली' (सन् १९५१), भाइचन्द प्रधानको 'आलोचनात्मक ग्रन्थ आदिकवि भानुभक्त आचार्य' (सन् १९५१), हृदयचन्द्रसिंह प्रधानको 'भानुभक्त : एक समीक्षा' (सन् १९५६), बालचन्द्र शर्माको 'भानुभक्त' (सन् १९५७), नारायण दत्त शास्त्रीलिखित 'भानुको सम्झना' (सन् १९६०), नरनाथ शर्माको 'आदिकवि कविसम्राट् भानुभक्त आचार्यको सच्चा जीवनचरित्र' (सन् १९६१), मुक्तिनाथ आचार्यको 'भानुको भावना' (सन् १९७१), सुमन ढकालको 'कवि भानुभक्त र उनका केही साहित्यिक पक्ष' (सन् १९८८), जुननाथ शर्माको सम्पादनमा प्रकाशित 'भानुका लघु कृतिहरू' (सन् १९६६), इन्द्रबहादुर राईको सम्पादनमा 'भानुभक्तका कृति : अध्ययनहरू' (सन् १९६९), गुमानसिंह चामलिङद्वारा सम्पादित 'कविवर भानुभक्ताचार्यको उपाधि र आदिकवित्वको प्रश्न' (सन् २००१) तथा सत्यप्रकाश तिवारीको सम्पादनमा हिन्दीमा प्रकाशित पुस्तक 'तुलसीदास और भानुभक्त : सामाजिक और सांस्कृतिक परिदृश्य' (सन् २०१२) आदि । उल्लिखित पुस्तकहरू पाठकमा पुगेपछि, ती पुस्तकहरूको गहन अध्ययन भएपछि फेरि प्रसाईले यो पुस्तक लेख्नुको औचित्य किन रह्यो र भन्ने प्रश्नको ठोस र सन्तोषजनक उत्तर यो पुस्तक पढ्नसाथ थाहा भइहाल्छ । कारण कविसम्बन्धी लेखिएका यी पुस्तकहरूले समेट्न नसकेका कतिपय मुख्य आयामहरूलाई प्रसाईलिखित यस पुस्तकले समेट्न सकेको छ ।

कवि भानुभक्तले नेपाली समाज र साहित्यमा आफ्ना उत्कृष्ट कृतिमार्फत जतिको धेर लोकप्रियता प्राप्त गरे त्यसको श्रेय केही

मात्रामा यिनको जीवनी र कृतिसम्बन्धी समयसमयमा उठेका विवादहरूलाई पनि दिन सकिन्छ । भानुभक्त अध्ययनपरम्परामा विवाद उठाउने कलम, समस्या देखाउने हात र मस्तिष्क अनेक देखिए तापनि त्यसका निराकरणतर्फ जाने र सोच्ने मनहरू कविले कमै पाएका छन् । तीमध्ये जीवनी लेखक नरेन्द्रराज प्रसाईले कवि भानुभक्तसम्बन्धी यस्ता भ्रम फैलाउने केही प्रसङ्ग, अनि अपत्यारिला चर्चाले कविको व्यक्तित्व धमिल्याउने कतिपय प्रयासहरूलाई तथ्यका आधारमा र सत्य घटनाको खोजी गरी ठोस उदाहरणसहित सही कुरा प्रस्तुत गरेका छन् । भानुभक्तका अन्य जीवनीकारले अघि गर्न नसकेका अथवा गरेर पनि काँचो स्थितिमा छोडेका, अपूर्ण प्रसङ्गहरूको स्पष्टत: खण्डन गर्दै प्रसाई यस पुस्तक लेखनकालमा खूबै सचेत, विवेकीपूर्ण, विनयशील रही सुन्दर ढङ्गमा कुराहरूको बिट मार्न सक्षम देखिन्छन् । जस्तै, भानुभक्तको जन्ममिति, घाँसी र भानुको प्रसङ्ग, 'वेश्या' शब्दको प्रयोगबारे स्पष्टीकरण, भानु जागिरे हुनुको प्रसङ्ग, कविका मौलिक तस्बिर तथा उनका अन्य फुटकर कविताहरूका सम्बन्धमा गरिएका प्रासङ्गिक अनि समसामयिक कुराहरूले कवि भानुलाई यी विवादहरूबाट मुक्त गर्ने महत् कार्य गरेको छ । भानुभक्त अध्ययनपरम्परामा कविलाई विवादहीन, भ्रमहीन बनाएर यिनको सही मूल्याङ्कन हुन नितान्त जरुरी थियो जो यस पुस्तकले पूरा गरिदिएको छ । कवि कसैको पेवा होइन यिनी नेपाली साहित्यका अमूल्य धरोहर हुन् र यिनका कृतिहरूलाई ससमय साहित्यिक तथा काव्यिक उचाइ प्रदान गर्नु प्रसाईलिखित यो पुस्तक सफल भएको छ ।

नरेन्द्रराज प्रसाई स्पष्टवादी जीवनीकार हुन् । यिनको कलमले कुनै पूर्वाग्रह नलिई साहित्यिक न्याय दिने आग्रह राख्छ, त्यही आग्रह प्रस्तुत जीवनवृत्तमा पनि विद्यमान रहेको छ । उदार मनका धनी र दृढ सङ्कल्पी यिनले आफ्नो अध्ययनको मूल आधारग्रन्थ मोतीराम भट्टलिखित कवि भानुभक्तको जीवनचरित्रलाई मानेका छन् । अग्रज

तथा समकालीन लेखकका सटीक अनि विश्वस्त स्रोतलाई पनि यिनले सन्दर्भअनुरूप आधार लिएका छन् ।

कुमार प्रधान भानुभक्तीय रामायणलाई नेपालीको जातीय महाकाव्य अनि हाम्रो साहित्यको एउटा प्रमुख कृति मान्छन् । उक्त भनाइलाई पुष्टि गर्नाका निम्ति प्रधानले संस्कृत अध्यात्म रामायण र वाल्मीकि रामायणको तुलनात्मक अध्ययन गर्दै कवि भानुभक्तले आफ्ना महाकाव्यमा के कति मौलिकता ल्याएका छन् त्यसबारे विस्तृत एवम् गहन चर्चा गरेका छन् । कुमार प्रधानको भनाइलाई प्रसाई यसरी समर्थन गर्छन्– "भानुभक्तको 'रामायण' नेपाली साहित्यको प्राथमिक कालमा रचिएको पहिलो पूर्ण लोकप्रिय महाकाव्य बन्यो । 'अध्यात्म रामायण'को भावानुवादका रूपमा भानुभक्तले आफ्नो शैलीमा खिपेर छन्द र रामकथा रसको मीठो चास्नीमा 'रामायण' महाकाव्य प्रस्तुत गरे । यही 'रामायण'मा भानुभक्तको सृजनात्मक काव्यसामर्थ्य पनि सबभन्दा बृहद् आयाममा टड्कारो रूपमा देख्न सकिन्छ ।" (पृ. ११६–११७)

नेपाली साहित्यमा जीवनी लेखन विधाले त्यति ध्यान आकर्षित गर्न र महत्त्व पाउन नसकिरहेको स्थितिमा नरेन्द्रराज प्रसाई यस पुस्तक लेखनबाट त्यसै विधालाई एउटा थप उचाइ प्रदान गर्न सक्षम देखिन्छन् । काम गर्नेले गर्दै जान्छन् त्यसको मूल्याङ्कन स्वत: समयले गर्छ भन्ने अटुट विश्वासका साथ अघि बढ्ने सर्जकहरूमा अग्रपङ्क्तिमा देखिने नरेन्द्रराज प्रसाईको मूल विधा नै जीवनी लेखन हो । पारिजात, लैनसिंह बाङ्देल, दौलतविक्रम विष्ट, कोइलीदेवी, ललितत्रिपुरसुन्दरी, देवकोटा, वानीरा गिरी आदिका सुन्दर जीवनगाथा लेख्न प्रसाई सफल छन् । त्यसैले नरेन्द्रराज प्रसाईलाई नेपाली साहित्यका जीवनी लेखनका 'सम्राट्' माने हुन्छ । प्रसाईको यो पुस्तक खोजमूलक, शोधमूलक, अन्य जीवनी पुस्तकहरूको गहन र तुलनात्मक अध्ययन गरी बडो इमानदार, मेहनत र परिश्रमपूर्वक तयार गरेको प्रमाणित

हुन्छ । आउँदा दिनहरूमा कवि भानुभक्त आचार्यमाथि शोधकार्य गर्ने हरेक विद्यार्थी, शोधार्थीका निम्ति कविसम्बन्धी जे जति सामग्री चाहिनेछन् ती सबै यस पुस्तकमा उपलब्ध हुनेछ र यो पुस्तक सन्दर्भग्रन्थ बन्नेछ । जीवनीकार नरेन्द्रराज प्रसाईले यति सुन्दर, उत्कृष्ट एवम् उपयोगीमूलक कृति नेपाली साहित्यमा चढाएबापत हार्दिक बधाई टक्र्याउँछु । कवि भानुभक्तलाई नयाँ आयाम एवम् नवीन दृष्टिबाट चिन्नलाई उनको यो पुस्तक समालोचनाको विकासयात्रामा एउटा माइलखुट्टी साबित भएको छ ।

स्पष्ट विचारसहित लेखिएको यस पुस्तकमा यिनको प्रस्तुतीकरण शैली नितान्त मौलिक छ । प्रयुक्त सरल भाषाले यो जीवनवृत्त खूबै ताजा र चाखलाग्दो भएको छ ।



**प्रा.डा.केशवप्रसाद उपाध्याय**

**जन्म** : १९९० साल पुस १७ गते (मकवानपुर); **शिक्षा** : एमए, पिएचडी; **कृति** : २१ पुस्तक (समालोचना, निबन्ध, प्रबन्ध); **पुरस्कार** : भानुभक्त पुरस्कार, महेन्द्र विद्याभूषण (प्रथम), शिक्षा दिवस पुरस्कार, सैन्यध्वज नन्दकुमारी पुरस्कार, ऊपट पुरस्कार, त्रिमूर्ति पुरस्कार, घटराज पुरस्कार, मदन पुरस्कार, रुद्रराज पुरस्कार; **संस्थापक** : प्रेमनन्द देवकुमारी स्मृति पुरस्कार (पद्मकन्या बहुमुखी क्याम्पस), तीर्थराज प्रेमकुमारी पुरस्कार (कलैया, बारा); **प्राध्यापक** : त्रिभुवन विश्वविद्यालय ।

# निष्पक्ष र निर्भीकताको मूल्यवान् प्रस्तुति

नरेन्द्रराज प्रसाई (२०१२) ले गीत, निबन्ध, प्रबन्ध, नियात्रा, संस्मरण, अन्तर्वार्ता, जीवनी र समीक्षाजस्ता विविध विधाहरूमा सशक्त रूपमा अनवरत कलम चलाउँदै चार दशकको साहित्ययात्रा पूरा गरिसकेको तथ्यसँग म परिचित छु । लेखकका रूपमा उनले उत्कट देशभक्तिको भावना व्यक्त गर्दै जुन प्रखर राष्ट्रवादी चिन्तनको उज्ज्वल छवि प्रस्तुत गरेका छन्, त्यससँग उनका पाठकहरू सुपरिचित छन् भन्ने म ठान्दछु । उनको सुन्दर र प्रभावशाली लेखनसँग तपाईंहामी परिचितै छौँ र प्रभावित पनि छौँ । सम्प्रति नइ प्रकाशन र विभिन्न पुरस्कारहरूको संयोजन तथा

ठूलाठूला अन्तर्राष्ट्रिय स्तरका साहित्यिक कार्यक्रमहरूको आयोजनका कारण उनी विश्वभरमा छरिएर रहेको नेपाली समाजमा पनि कुशल लेखक र विभिन्न साहित्यिक संस्थाहरूका कुशल सङ्गठकका रूपमा परिचित हुन पुगिसकेका छन् । यो पनि सर्वविदित छ ।

नरेन्द्रराज प्रसाईले स्रष्टाका रूपमा नेपाली साहित्यमा जुन मूल्यवान् योगदान दिएका छन् त्यसको मूल्याङ्कन पछि पनि हुँदै रहनेछ; तर उनले लेखनकर्म गर्नाका साथै अनेक साहित्यिक संस्था र अनेक पुरस्कार गुठीहरूको स्थापनामा अपूर्व ऐतिहासिक भूमिका खेल्दै प्रसिद्ध साहित्यकार श्रीमती इन्दिरा प्रसाई अध्यक्ष र आफू सदस्यसचिव भएर नइ प्रकाशनको कुशल सञ्चालनका साथ अनेकौँ पठनीय र सङ्ग्रहणीय ग्रन्थहरूको प्रकाशन तथा निःशुल्क वितरणजस्तो काम गर्नाका साथै राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका ठूलाठूला साहित्यिक समागम एवम् साहित्यकारहरूको सम्मान र उनीहरूलाई पुरस्कार वितरण गर्नेगराउने जस्ता सराहनीय काम गरी साहित्यसंसारमा जुन नयाँनयाँ कीर्तिमान खडा गर्दै आएका छन् त्यो पनि कम स्तुत्य छैन र त्यसको धेरैधेरै प्रशंसा गरिनुपर्छ भन्ने म ठान्दछु । नइदम्पतीबाट यस्ता बृहत् साहित्यिक अनुष्ठान हुँदै रहून् भन्ने मेरो शुभेच्छा छ ।

नइले महाकवि देवकोटाको शताब्दी वर्ष र विश्वनारी नेपाली भाषासाहित्य सम्मेलन अन्तर्राष्ट्रिय स्तरमा भव्य रूपमा मनाएको स्मरण मलाई छ । गत वर्ष यसले त्यस्तै भव्य रूपमा आदिकवि भानुभक्त आचार्यको द्विशतवार्षिकी समारोह भानुभक्त आचार्य द्विशतवार्षिकी समारोह समितिको आयोजना र नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको तत्त्वावधानमा सम्पन्न गरेको मलाई सञ्चारमाध्यमहरूबाट थाहा भएकै हो । त्यसै महान् अवसरमा अवसरोचित रूपमा नरेन्द्रराजद्वारा लिखित 'भानुभक्त आचार्यको जीवनवृत्त' शीर्षक ग्रन्थ प्रकाशित भएको रहेछ । यो ग्रन्थ मलाई लेखकका सौजन्यले उनकै हातबाट प्राप्त भएको छ ।

नरेन्द्रराज आफूले आत्मसात् गरेका सबै विधाहरूमा सबल र सफल छन् तर यता केही वर्षदेखि उनी जीवनी लेखनमा बढी एकोहोरिएका छन् र उनको समर्पण यस विधामा बढी देखिन्छ । उनी एकपछि अर्को साहित्यकारको जीवनी लेख्तै प्रकाशित गर्दै आइरहेका छन् । सोही वर्ष पनि उनको 'शताब्दी पुरुष : सत्यमोहन जोशी' शीर्षक गहकिलो जीवनी ग्रन्थ प्रकाशमा आएको देखिन्छ । साहित्यकारका जीवनीको न्यूनता रहेकामा एकपछि अर्को साहित्यिक जीवनी लेखेर नेपाली साहित्यमा रहेको त्यस न्यूनतालाई हटाउनमा उनी जेजसरी लागेका छन् त्यस्तो गर्ने अर्को लेखक मैले देखेको छैन । यस सन्दर्भमा पनि उनी कीर्तिमानी देखिएका छन् । प्रसाईलाई मेरो बधाई छ ।

विषयवस्तुअन्तर्गत भानुभक्तको जीवनी, व्यक्तित्व र कृतित्वको शोधपरक समीक्षात्मक प्रस्तुति रहेको यस ग्रन्थमा लेखक नरेन्द्रराज प्रसाईले आफ्ना धारणा र सुझाउ कुनै आग्रह वा दुराग्रहबिना एक सत्यान्वेषीका रूपमा निभ्रान्त र निष्पक्ष भएर निर्भीकतासाथ प्रस्तुत गरेको पाइन्छ । भानुभक्तका समकालीन व्यक्तिहरूदेखि लिएर, दुई सय वर्षमा उनका विषयमा लेखिएका परस्पर विरोधी कुराहरूदेखि लिएर, भानुभक्तका वंशजहरूले सत्यतथ्यलाई प्रकाशमा ल्याइदिनाको साटो त्यसको ढाकछोप गर्ने काम गरेर उनको जीवनवृत्तलाई झन् शङ्कास्पद र रहस्यात्मक बनाइदिएको कुराहरूप्रति ग्रन्थकारको अप्रसन्नता र गुनासो मलाई जायज लागेको छ ।

मैले थाहा पाएसम्म भानुभक्तको सबभन्दा पछिल्लो प्रामाणिक जीवनी ग्रन्थ यही हो र मैले पढेका भानुभक्तीय जीवनीहरूमा यत्रो विधि अन्वेषण र परिश्रम गरेर लेखिएको ग्रन्थ पनि यही हो । त्यसैले भानुभक्तसम्बन्धी शोध गर्ने भावी शोधकर्ताहरूका लागि यो नपढी र मनन नगरी नहुने प्रामाणिक सन्दर्भग्रन्थ हुनेछ भन्ने मलाई लाग्छ । भानुभक्तको पक्षविपक्षमा जे लेखिँदै आएको भए पनि र उनको

व्यक्तित्व र कृतित्वबारे जेजस्ता विवादित र शङ्कास्पद सामग्री प्रकाशमा आउँदै गरेको भए पनि उनी विश्वभरका नेपाली समुदायमा सर्वाधिक लोकप्रिय कवि रहिआएका छन् र उनको रामायण सर्वाधिक लोकप्रिय काव्य रहिआएको छ । त्यसैले उनको विषयमा एकपछि अर्को पुस्ताले सोधखोज र अध्ययन गरिरहनेछ । त्यसबाट उनका विषयमा व्यक्त विचार र प्रदत्त सूचनाहरूमा संशोधन हुँदै जानेछ र नयाँनयाँ विचार र नयाँनयाँ सूचनाहरू प्राप्त हुँदै रहनेछन् भन्ने म ठान्दछु ।

परिश्रमी र लगनशील शोधकर्मी नरेन्द्रराज प्रसाईले 'भानुभक्त आचार्यको जीवनवृत्त' शीर्षक राखेर यो भानुसम्बन्धी ग्रन्थ प्रस्तुत गरेका छन् त्यसमा आदिकविको जीवनचरित्रबारे उपलब्ध विवादात्मक, भ्रामक र शङ्कास्पद सामग्रीहरूमा संशोधनको पवित्र भावना अन्तर्निहित रहेको अनुभव मलाई भएको छ । म उनको सत्प्रयासको सराहना गर्दछु र उनीबाट यस्तो काम हुँदै रहला भन्ने आशा पनि गर्दछु ।



**प्रा.केशव सुवेदी**

**जन्म** : २००९ साल असार १५ गते (सल्यान); **शिक्षा** : एमए; **कृति** : ८ पुस्तक (समालोचना, पाठ्यपुस्तक); **पुरस्कार** : भानुभक्त स्वर्णपदक, त्रिमूर्ति पदक, शिक्षा पुरस्कार; **प्राध्यापक** : त्रिभुवन विश्वविद्यालय ।

# सम्परीक्षण र परिमार्जन

जीवनीलेखन अत्यन्त दुष्कर कार्य हो । साहित्यका अरू विधाजस्तो कल्पनाको स्वच्छन्द उडानबाट जीवनी लेखिँदैन । जीवनी लेखक एकातिर व्यक्तिको इतिहास वा जीवनवृत्तान्तसँग परिचित हुनुपर्छ भने अर्कातिर उसमा जीवनीनायकका इतिवृत्तलाई भावनाका रङहरूले रङ्गाउँदै साहित्यका रूपमा पाठकसमक्ष प्रस्तुत गर्ने सृजनात्मक सामर्थ्य पनि हुनुपर्दछ । जीवनीकार जीवनीनायकका जीवनमा परिघटित सत्यतथ्यहरूप्रति निष्ठावान् हुन सकेन भने सच्चा जीवनी लेखिँदैन । जीवनी लेखनका नाउँमा व्यक्ति जीवनका परिघटनाहरूको क्रमबद्ध प्रस्तुतिमा मात्र केन्द्रित हुन खोज्दा त्यस्तो कृति केवल व्यक्तिको इतिहास बन्न

पुग्ने खतरा त्यत्तिकै रहन्छ । त्यसैले व्यक्ति जीवनका सत्यतथ्यसँग सुपरिचित अनि तिनको रागात्मक रूपान्तरणमा समर्थ स्रष्टा मात्रै सच्चा जीवनीकार बन्न सक्छ ।

जीवनी साहित्यका उपर्युक्त आधारभूत अभिलक्षणहरूलाई समेटेर सन्तुलित किसिमले जीवनी लेख्ने परम्परा नेपाली साहित्यमा त्यति समृद्ध छैन । व्यक्तिका विगत जीवनका ऐतिह्य तथ्यहरूलाई समेटेर वस्तुपरक ढङ्गले जीवन इतिहास तयार पार्ने दिशामा अनेक प्रयत्नहरू भएका छन् भने व्यक्ति जीवनसँग सम्बद्ध यथार्थ तथ्यहरूको खोजतलास गर्नुभन्दा समाजमा प्रचलित किंवदन्तीहरूलाई आधार बनाई जीवनकथा जोडजाड पार्ने प्रयासहरू पनि हुँदै आएका छन् । यसले गर्दा 'सच्चा जीवनचरित्र' सृजनाका हाम्रा आकाङ्क्षा र उपलब्धिका बीच त्यति सन्तुलन कायम हुन सकेको देखिँदैन । जीवनी लेखनका निम्ति सम्बद्ध व्यक्तिका जीवनमा घटेका घटनाहरू वा उसले भोगेबेहोरेको जीवनका सत्यतथ्यहरूको अन्वेषण र सङ्कलन आवश्यक छ र तिनै सत्यतथ्यहरूका आधारमा व्यक्ति जीवनको पुन: सृजनका प्रक्रियामार्फत जीवनी कृति तयार हुन्छ । त्यसैले पनि जीवनी लेखकका अगाडि अनेक चुनौतीहरू विद्यमान छन् ।

•

नेपाली भाषामा साहित्यिक जीवनी लेखनको परम्परा प्रारम्भ भएको सवा सय वर्ष पुगिसकेको छ । आजभन्दा लगभग एक सय पच्चीस वर्षअघि नेपाली साहित्यका अग्रज स्रष्टा भानुभक्तलाई विषयवस्तु बनाएर सर्वप्रथम मोतीराम भट्टले साहित्यिक जीवनी लेखनको जग बसालेका थिए । त्यही जगमा उभिएको नेपाली जीवनी साहित्य विधागत यात्राका विभिन्न घुम्तीहरू पार गर्दै आजसम्म आइपुगेको छ र यसबीचमा अनेकौँ लेखकहरूले आआफ्ना रचनामार्फत यस विधालाई सृजनात्मक उचाइमा पुऱ्याउने चेष्टा पनि गर्दै आएका छन् ।

•

नेपाली साहित्यमा जीवनी सृजना परम्पराको उपर्युक्त सवा सय वर्षको पछिल्लो चरणमा जीवनी लेखनमा क्रियाशील सर्जकहरूमध्ये एक नरेन्द्रराज प्रसाई (२०१२ : हाङपाङ, ताप्लेजुङ) हुन् । आधुनिक नेपाली जीवनी साहित्यका सुपरिचित स्रष्टा प्रसाईले बितेका तीन दशकदेखि निरन्तर जीवनी रचनाहरू लेख्दै आएका छन् । हालसम्म उनका ५०० वटाभन्दा बढी सङ्क्षिप्त र दुई दर्जन जति विस्तारित जीवनी कृतिहरू पाठकसमक्ष आइसकेका छन् ।

आफ्नो चार दशक लामो सृजनायात्रामा नरेन्द्रराज प्रसाईले नेपाली सामाजिक, सांस्कृतिक अभियानमा समर्पित अनेक व्यक्तित्वका जीवनकथालाई सङ्क्षिप्त एवम् अत्यन्त विस्तृत आकार र आयाममा प्रस्तुत गरेर तिनका सत्कर्म र योगदानलाई लिपिबद्ध तुल्याउँदै आएका छन् । आआफ्ना कुल र वंश मिलाएर, आआफ्ना फेट र फाँट मिलाएर, आआफ्ना चिन्तन र विचार मिलाएर मात्र होइन; नेपाली वाङ्मयका जोसुकै साधकहरू र तिनका योगदानहरूको कदर गर्दै जीवनचरित्रको निर्माण गर्ने कार्यमा प्रसाईले खेलेको भूमिकाको विशिष्ट महिमा छ । प्रसाईले जीवनी लेख्नका निम्ति चयन गरेका व्यक्तित्वहरू एवम् उनको लेखन र प्रस्तुति शैली अनि उनका विचार र धारणाहरूसँग असहमत हुन सकिन्छ । तर पनि बितेका तीन दशकका अन्तरालमा प्रसाईले नेपाली सामाजिक, सांस्कृतिक जगत्का प्रतिष्ठित व्यक्तित्वहरूका जीवनी लेखेर तिनका योगदानको जेजस्तो सम्झना र सम्मान गर्दै आएका छन् र तिनका जीवनकथालाई लिपिबद्ध गर्ने जेजस्तो दुःसाध्य सृजनकर्म गर्दै आएका छन्, त्यसप्रति नतमस्तक हुनै पर्छ । त्यसैले नरेन्द्रसँग विमति राख्नेहरूले पनि उनले गरेको यस कार्यको प्रशंसा गर्दै आएका छन् । आफ्ना निकटवर्ती एवम् शक्ति र शासनका वरिपरि मण्डली मार्ने र तिनैका स्तुतिगानमा रमाउने दुराग्रहबाट मुक्त नभई नेपाल राष्ट्र, नेपाली जाति र नेपाली संस्कृतिलाई माथि उचाल्न कम्मर कसेर आफ्नो जीवन समर्पण गर्ने साधनाशील

व्यक्तित्वका जीवनकथालाई साहित्यिक संसारमा आलोकित गर्न पक्कै पनि सकिँदैन र यो एउटा चुनौतीपूर्ण कार्य नै हो । तर यसै चुनौतीलाई सहजतासाथ स्वीकार गर्दै प्रसाईले जीवनी लेखनलाई आफ्नो सृजनात्मक कर्मको प्राथमिकतामा राख्दै आएका छन् र दशकौँदेखि यसै क्षेत्रमा आफूलाई समर्पित गर्दै आएका छन् ।

•

नेपाली जीवनी साहित्यका परम्परामा जीवनीकार नरेन्द्रराज प्रसाईको पछिल्लो जीवनीकृति 'भानुभक्त आचार्यको जीवनवृत्त' प्रकाशनमा आइपुगेको छ । नेपाली साहित्यका आदिकवि भानुभक्त आचार्यको द्विशतवार्षिकीको शुभ अवसर पारेर तयार गरिएको यस जीवनीकृतिको विशेष मूल्य र महत्त्व रहेको छ । नेपाली साहित्यका आदिकवि भानुभक्तको जीवनकथाका बारेमा आजसम्म विभिन्न लेखकहरूले कलम चलाइसकेका छन् र यिनका वैयक्तिक तथा साहित्यिक जीवनमा घटेका घटनावलीसँग सम्बद्ध असम्बद्ध अनेक तथ्यहरू पनि पाठकसमक्ष आएका छन् । यस क्रममा नेपाली साहित्यिक संसारमा भानुभक्तले आफ्ना युगीन पृष्ठभूमिमा सृजना गरेका रचनाहरू र तिनले दिएका योगदानको विवेचना गर्ने लेखकीय परम्परा अत्यन्त सबल र सघन बन्दै आएको छ । तर यसबीचमा भानुभक्तको लेखकीय जीवनलाई विषय बनाएर जीवनकथाको रचना गर्न रहर गर्नेहरूले चाहिँ सत्यतथ्यका नाउँमा नानाभाँती जल्प र वितण्डाहरूलाई अगि सारी आआफ्ना सङ्कीर्ण आग्रहहरूलाई पाठकसमक्ष प्रस्तुत गर्ने प्रयत्न गरेको देखिन्छ । उता भानुभक्तका रचनामा केवल भक्ति, नीति र स्तुतिको कुनिउँ लागेको आरोप पनि यिनले नेपाली साहित्यको आधुनिक कालमा निकै खेप्तै र खप्तै आएका छन् । यस स्थितिमा भानुभक्तका बारेमा धेरैजसो चर्चामा आइसकेका तथ्य र सूचनाहरूको संश्लेषण गर्दै प्रसाईले निष्पक्षतापूर्वक यो जीवनीकृति तयार पारेका छन् ।

नरेन्द्रराज प्रसाई भानुभक्तको जीवनचरित्र लेख्दा पक्कै पनि भानुभक्तसम्बन्धी पूर्वाध्ययनहरूबाट पर्याप्त प्रभावित एवम् अनुप्राणित छन् र त्यहाँ भए गरेका तर्कवितर्कबाट पनि उनको अन्तश्चेतना प्रभावित छ । यति हुँदाहुँदै पनि प्रसाईले भानुभक्तबारे ऐतिह्य तथ्यहरूलाई आफ्नो तीन दशकसम्म विस्तारित जीवनी सृजनाको अनुभवले सिँगार्दै यो जीवनवृत्त प्रस्तुत गरेका छन् । यस क्रममा प्रसाईले भानुभक्तको जीवनका वृत्तान्तहरूलाई अरूभन्दा पृथक्, अत्यन्त सरल, रोचक एवम् कलात्मक शैलीमा प्रस्तुत गर्ने मौलिक सामर्थ्य यस कृतिमा स्पष्ट देखाएका छन् । यति मात्र होइन; यस कृतिमा प्रसाईको जीवनीकार ठाउँठाउँमा शोधकर्ता, समालोचकजस्तो पनि बन्न पुगेको छ ।

नरेन्द्रराज प्रसाईद्वारा लेखिएको यस जीवनवृत्तमा भानुभक्तको जीवनकथासँग जोडिँदै आएका कतिपय तथ्यहरूको तार्किक खण्डनमण्डन र भानुभक्तले जिएको जिन्दगीका नयाँ परिघटनाहरूतर्फ सङ्केत पनि गरिएको छ । यसमा भानुभक्तीय जीवनचरित्रको चर्चाका क्रममा देखा परेका तर परस्पर बाझिएका कतिपय तथ्यहरूको सम्परीक्षण र परिमार्जन गरिएको छ । त्यसैले पनि यस जीवनवृत्तले पाठकहरूलाई नयाँ स्वाद त दिन्छ नै यसबाहेक यो अरूभन्दा भिन्नै र नयाँ पनि बन्न पुगेको अनुभव हुन्छ ।

नरेन्द्रराज प्रसाईले तयार पारेको यो जीवनवृत्त पढ्दा अझै पनि भानुभक्तको जन्ममितिदेखि उनको कृतित्वका बहुविध पक्षहरूसँग जोडिएका प्रसङ्गहरू यथार्थ, अनुकल्पना र आग्रहका चापमा पर्दै आएको देखिन्छ । तर पनि आजभन्दा पुगनपुग सवा सय वर्षअगि मोतीरामले आफ्ना अग्रज भानुभक्तका बारेमा नि:स्वार्थ भावले जेजस्ता जीवनतथ्यहरू अगाडि सारे ती सबै अब नेपाली सृजना संसारमा अविस्मरणीय जस्तै भइसकेका छन् । त्यसैले भानु द्विशतवार्षिकी सम्पन्न भइसक्दा पनि भानुभक्तका जीवनतथ्यहरूबारे अनावश्यक तर्कवितर्क

गरिरहनुको कुनै औचित्य छैन भन्ने दृष्टिकोण पनि जीवनीकार प्रसाईले यस जीवनवृत्तमा प्रस्तुत गरेका छन् ।

'भानुभक्त आचार्यको जीवनवृत्त' सामान्यदेखि उच्च बौद्धिक तहका पाठकसम्म पठनीय एवम् रुचिपूर्ण बन्न सकोस् भन्ने प्रसाईको चाहना रहेको छ । त्यसैले भानुभक्तको जीवनसँग जोडिएका र नेपाली समाजमा मिथकजस्तै बनिसकेका कतिपय घटना सन्दर्भहरूका पक्षविपक्षमा तर्कवितर्क र वादविवाद गर्दागर्दै पनि नेपाली भाषासाहित्यको श्रीवृद्धिमा आफ्नो जीवन समर्पण गरेका भानुभक्तप्रति प्रसाईले हृदयदेखि नै श्रद्धा, आस्था तथा सद्भाव र सम्मान प्रकट गरेका छन् । आजका सिर्जनशील स्रष्टाहरूमा पनि भानुभक्त जस्तै सौन्दर्यको अविश्रान्त आराधना गर्ने प्रेरणा पैदा होओस् र नेपाली राष्ट्रिय सांस्कृतिक अभियानलाई गतिशीलता प्रदान गर्न हामी सबै निरन्तर आआफ्ना सृजनकर्ममा लाग्न सकौँ भन्ने प्रसाईको सद्भाव र लेखकीय प्रयास प्रशंसनीय छ ।

'भानुभक्त आचार्यको जीवनवृत्त' सँगसँगै नरेन्द्रराज प्रसाईले आफ्नो सृजनायात्रामा अर्को एक पाइला चालेका छन् र नेपाली जीवनी साहित्यको भण्डारमा अर्को एउटा नयाँ खुड्किला थपेका छन् । यस सुखद अवसरमा जीवनीकार प्रसाईलाई आफ्ना पूर्वज र अग्रज स्रष्टाहरूबाट 'सच्चा जीवनचरित्र' लेख्ने शुभ आशीर्वाद प्राप्त भइरहोस् भनी हार्दिक शुभकामना व्यक्त गर्दछु ।



**प्रा.डा.गार्गी शर्मा**

**जन्म** : २००५ साल फागुन २३ गते (काठमाडौँ) **शिक्षा** : एमए, पिएचडी; **कृति** : १५ पुस्तक (समालोचना, महाकाव्य, बालकथा); **पुरस्कार** : रत्नश्री स्वर्णपदक, रुद्रराज साहित्य पुरस्कार, घटराज पुरस्कार, सैन्यध्वज नन्दकुमारी पुरस्कार, बाबा ओमवीरसिंह पुरस्कार, विश्वनारी नेपाली साहित्य स्वर्णपदक, भानुभक्त स्वर्णपदक, रत्नश्री स्वर्णपदक, महानन्द पुरस्कार, महेन्द्र विद्याभूषण (प्रथम), त्रिवि दीर्घसेवा पदक, नइ रेखा पुरस्कार; **केन्द्रीय अध्यक्ष** : विश्व नारी नेपाली साहित्य सम्मेलन; **प्राध्यापक** : त्रिभुवन विश्वविद्यालय

# सत्यको खोजी

**मेरो जीवन तिमीभित्रै फुल्छु भन्न थाल्यो**
**मेरो जोबन तिमीभित्रै फुल्छु भन्न थाल्यो ।**
**ए हजुर !**
**फुल्छु भन्न थाल्यो, फुल्छु भन्न थाल्यो ।**
**• नरेन्द्रराज प्रसाई**

हो, नरेन्द्रराज प्रसाईको जीवन र जोबन नेपाली भाषासाहित्यभित्रै फुल्न र फुल्न थालेको धेरै भइसक्यो । नेपाली भाषासाहित्यबाहेक उनको दृष्टि अब कतै छरिन चाहन्न । उनी भाषामै फुलेका छन्, साहित्यमै फुलेका छन् । यो प्रेमिल जीवनलाई उनले विश्वभरि अर्थात् जहाँजहाँ नेपाली पुगेका छन् उहीँउहीँ पुऱ्याएका छन् । नेपाली मात्र होइन नेपाली भाषासाहित्यलाई कुनै विदेशीले माया गरेको छ भने ऊसँग पनि उनी माया गाँस्छन्; पुरस्कार र सम्मानले उसलाई अर्चना गर्दै अरू अघि बढ्न प्रेरणा

र प्रोत्साहन दिन्छन् । यसरी नेपाली भाषासाहित्यमा समर्पित जीवन फुलाइरहेछन्; नेपालीहरूको मनमुटु जितिरहेका छन् । नरेन्द्रराज प्रसाई गीतकार र कवि हुन्, नरेन्द्रराज प्रसाई निबन्धकार हुन्, जीवनीकार हुन्, नेपाली भाषासाहित्यलाई काँधमा बोकेर हिँड्न खोज्ने अविश्रान्त यात्री हुन् । उनी स्पष्ट भन्छन्–

**देशको मायाभन्दा ठूलो अरू केही छैन**
**मातृसेवाभन्दा ठूलो धर्म अरू केही छैन ।**

देश र मातृसेवालाई शिरमा राखेर त्रिमूर्ति निकेतनको छाता नेपालीहरूलाई ओढाउन नरेन्द्रराज प्रसाई अहोरात्र खटिन्छन्, आफूले लेखेर अनि अरूलाई पनि लेख्न प्रेरणा दिएर । त्रिमूर्ति निकेतनको छाता लिएर कहिले राष्ट्रिय सम्मेलन, कहिले अन्तर्राष्ट्रिय सम्मेलन गर्छन्, कहिले 'विश्व नारी नेपाली साहित्य सम्मेलन'को महाकुम्भ मेला निम्त्याउँछन्; अनि स्रष्टासम्मान गर्न आफ्नो छातामुनिका सदस्यहरूलाई पनि सशक्त बनाउँछन् । नेपाली साहित्यको गोरेटोमा होइन अब राजमार्गमै हिँड्नुपर्छ भनेर प्रत्येक नेपाली मनमुटुलाई घचघच्याउँछन्, अभिप्रेरित गराउँछन् ।

मैले माथि नै भनिसकेँ नरेन्द्रराज प्रसाई गीतकार हुन्, कवि हुन् र हुन् निबन्धकार, जीवनीकार । हिजोआज उनी जीवनीकारतिर बढी उन्मुख भएका छन् । जीवनीपरक निबन्धलेखनको सुरुआत उनले २०४०/०४१ देखि नै गरेको देखिन्छ । 'अठतीस अनौठा अनुहारहरू' र 'केही चर्चित अनुहारहरू' जस्ता जीवनीपरक निबन्धमा राजनैतिक, सामाजिक र साहित्यिक व्यक्तित्वहरू समेटिएका छन् भने त्यसपश्चात्का जीवनीकृतिहरू प्रायः साहित्यिक नै छन् । हालसम्म प्रकाशित भएका जीवनीपरक कृतिहरू बाइस ओटा देखिएका छन् र पारिजात र लैनसिंह बाङ्देलसम्बन्धी दुई कृति अङ्ग्रेजीमा स्याङपो लामाबाट 'The Legend of Literature' र 'The Glory of Nepal' शीर्षकमा अनुवाद गरिएका छन् । अङ्ग्रेजी भाषामा अनुवाद गरिएका

प्रस्तुत दुई कृतिलाई समेत लिएर कसैकसैले उनका प्रकाशित जीवनी कृतिहरूको सङ्ख्या चौबीस पनि मानेका छन् । यस विषयमा म केही अलमलमा छु । अनूदित कृतिलाई पनि सङ्ख्यामा जोड्ने कि नजोड्ने ? मानौँ कसैको कुनै एउटा कृति दस भाषामा अनुवाद भएमा त्यसलाई उसको दस ओटा कृति मान्ने कि नमान्ने ? वास्तवमा सिर्जना त एउटा मात्र हो, अन्य भाषामा रूपान्तरण गरिएको मात्र हैन र ? यसर्थ स्रष्टालाई आफ्नो कृतिसङ्ख्या देखाउने रहर मात्र हो कि आधिकारिक तथ्य पनि हो ? मैले जान्न सकेकी छैन ।

आधिकारिक जीवनी लेखन र प्रकाशनमा नरेन्द्रराज प्रसाई 'जीवनीशिरोमणि' हुन् भन्नमा अत्युक्ति हुने छैन । विशेष गरेर साहित्यिक हस्तीहरूको जीवनी लेखेर नेपाली साहित्यको इतिहासलाई प्रसाईले ठूलो टेवा दिएका छन् र तिनीहरूको सम्मान गरेका छन् । लैङ्गिक विभेद उनका कुनै कृति तथा रचनामा पाइन्न, न त राजनैतिक गुटबन्दीको गन्ध नै पाइन्छ । नेपाली साहित्य, समाज र राजनीति कुनै पनि क्षेत्रका महान् योद्धाहरूको प्रेरक जीवनी प्रस्तुत गर्नु उनले गरेको प्रशंसनीय कार्य मान्नुपर्छ । उनी कर्मवीर हुन्, कलमवीर हुन् । यसैले काममा खटिइरहनु, लेख्नु र समाजलाई अनुकरणीय योगदान दिनु उनको जीवनको लक्ष्य प्रस्ट हुन्छ । उनी कर्मवीर हुन्; त्यसैले आफू मात्र होइन अरूलाई पनि बनाउन चाहन्छन् । प्रत्येक क्षण उनी कार्यक्षण सम्झन्छन् । 'महाकवि देवकोटा शताब्दी महोत्सव' (२०६६), 'अन्तर्राष्ट्रिय नेपाली भाषासाहित्य सम्मेलन' (२०६६) जस्ता महत्त्वपूर्ण काम गरेर थकाइ मार्न नपाउँदै फेरि 'विश्व नारी नेपाली साहित्य सम्मेलन' (२०७१) तर्जुमा गर्छन्; शताब्दी पुरुषको सम्मान गर्छन्, अनि त्यसमा पनि फेरि 'आदिकवि भानुभक्त आचार्य द्विशतवार्षिकी समारोह' कार्यक्रममा नेपाल सरकार, संस्कृति मन्त्रालयलाई त्यतिकै सहयोग गर्छन्; 'त्रिनारी रत्न' (प्रेमराजेश्वरी, गोमा र पारिजात)को सालिक भव्य रूपमा स्थापना गर्न उनी त्यति नै जुर्मुराएका छन् ।

उनको विशेषता हो– जुनसुकै सरकार, जुनसुकै गुटबन्दीमा पनि आफ्नो साहित्यिक प्रवर्द्धकीय विचार निष्पक्ष रूपमा प्रस्तुत गरेर सबैको चित्त बुझाउन सक्नु । साँच्चि नै उनी एक्काइसौँ सदीका प्रथम प्रहरका कर्मठ कलमवीर र कर्मवीर हुन् अनि उनी नेपाली साहित्यमा अक्लान्त जादुगर हुन् ।

नरेन्द्रराज प्रसाईलाई कुनै पदपदवी चाहिन्न; मात्र स्वतन्त्र रूपमा काम गर्न चाहन्छन् । उनी 'मातृदेव: भव, राष्ट्रदेव भव र साहित्यदेव भव' भन्दछन् । नारीपूजा गर्न अग्रणी भएर नेपाली साहित्यका 'विश्व नारी रत्न', 'नेपाली नारी रत्न' जस्ता सम्मानले नेपाली साहित्यका धरोहरहरूको अर्चना गर्छन् । उनले कुनै पनि काम चिताउनु मात्र पर्छ कसरी र कुन शक्तिबाट अभिसिञ्चित भएर हो; त्यसलाई पूरा गरिछोड्छन् । सङ्गठनात्मक प्रवर्द्धनमा उनी अति सशक्त छन् । जति काम गरे पनि नथाक्ने मनमस्तिष्कका धनी उनी कालजयी भावनाले निथ्रुकिएका छन् । कविवर माधवप्रसाद घिमिरेलाई २०५६ सालदेखि नै 'राष्ट्रकवि' सम्बोधन गर्दागर्दै २०६२ सालमा प्रसाईकै पहलमा राज्यद्वारा 'राष्ट्रकवि'को पदवीबाट माधवप्रसाद घिमिरे सुशोभित गरिएका हुन् । मृत्युलाई पनि चुनौती दिएर आफ्ना चरित्रनायकलाई बोनस (थप) उमेर दिन पनि पछि पर्दैनन् । सुप्रसिद्ध संस्कृतिविद् सत्यमोहन जोशीलाई एक सय वर्षको हाराहारीमा पुगेको भनेर ९५ वर्षमा नै 'शताब्दी पुरुष'को सम्मानित पगरी गुथाउन सक्ने महाबली वीर हुन् नरेन्द्रराज प्रसाई । अनि उनको अग्रणीमा प्रदान गरिएको यो सम्मान, यो पदवी जनताले पनि सहर्ष स्वीकारेर सत्यमोहन जोशी नेपाली समाज र साहित्यसंसारमा शताब्दी पुरुषका रूपमा परिचित भए । यसैले म फेरि पनि भन्छु– नरेन्द्रराज प्रसाईले आँट्नु र परिकल्पना गर्नु मात्र पर्छ; उनी आफ्नो समूहलाई जगाउँछन्, काम गर्न आफैँ अघि सर्छन् र पूरा गरिछोड्छन्; तर उनी केवल एउटा काममा मात्र एकोहोरो लाग्ने हैनन् । कर्मका साथसाथै कलम पनि उत्तिकै दगुराउँछन् ।

यसैले 'विश्व नारी नेपाली साहित्य सम्मेलन', 'शताब्दी पुरुष' कार्यक्रम पूरा गरेर नेपाल सरकार, संस्कृति मन्त्रालयबाट मनाइने 'भानुभक्त द्विशतवार्षिकी समारोह'मा पनि उनले उतिकै साथ दिए । अनि त्यही बेला झन्डै डेढ सय वर्षदेखि स्पष्ट नभएको भानुभक्त आचार्यको जीवनवृत्तको खोजी गरेर यथासक्य सच्चा जीवनी प्रस्तुत गरे 'भानुभक्त आचार्यको जीवनवृत्त' नामक जीवनीकृतिमा । अब म यही जीवनीकृतिमा विहङ्गम दृष्टि दिने जमर्को गर्दैछु ।

२०७१ सालमा नइ प्रकाशनबाट प्रकाशित 'भानुभक्त आचार्यको जीवनवृत्त' नरेन्द्रराज प्रसाईको तेइसौँ जीवनीकृति हो । आदिकवि भानुभक्तको जीवनीलाई सकेसम्म खोतलेर, खोजेर, सत्यतथ्य पत्ता लगाएर लेखिएको कृति भन्ने लेखकको दाबी छ । जम्मा बाह्र शीर्षक प्रस्तुत गरिएको छ । यस कृतिमा कैयौँ वर्षदेखि मानिआएका केही तथ्यहरूलाई खण्डन गरेर प्रसाईले सत्य यो हो भनी तर्कपूर्ण रूपमा प्रस्तुत गरेका छन् ।

भानुभक्त आचार्यलाई नेपालीहरूद्वारा आदिकविको जुन सम्मान दिइएको छ; त्यसमा कुनैकसैको टीकाटिप्पणी छैन । सबैले यसलाई स्विकारेका छन् । राष्ट्रले पनि आदिकविका रूपमा मात्र नहेरी राष्ट्रिय विभूतिको सम्मान पनि दिएको छ । तर यिनै विभूतिको, यिनै आदिकविको जीवनीमा कतिपय कपोलकल्पित कथाहरू, घटनाहरू थपेर सत्य कुरालाई बङ्ग्याएर विभिन्न व्यक्तिले आआफ्नो इच्छाअनुसार व्याख्या गरेकाले उनका बारेमा एकै मत हुन सकेको छैन । यसै कारण नरेन्द्रराज प्रसाईले 'भानुभक्त आचार्यको जीवनवृत्त' लेखेर सत्यचाहिँ यो हो है भन्दै पाठकहरूलाई यसबारे घोत्लिएर चिन्तन र मनन गर्न घचघच्याएका छन् ।

भानुभक्त जन्मेको दुई शताब्दी भइसक्दा पनि उनको जन्मस्थानबारे अझै अलमलमा छन् अन्वेषकहरू । कोही उनका पिता खरदार धनञ्जय आचार्य जागिरे भएकाले उनको जागिर भएकै ठाउँमा

जन्मेको मान्दछन् भने कोही चुँदीबेसी र रम्घागाउँबीचको धर्मशाला ठाउँको शिखर कटेरीमा भानुको जन्म भएको भन्छन् । जति मान्छे उति कुरा । तर भानुभक्तको प्रथम जीवनीकार मोतीराम भट्टले चुँदीरम्घा लेखेकाले त्यसैलाई अब बहुसङ्ख्यको मान्यता छ ।

पुस्तकको आवरणमा भानुभक्तकै चित्र छ र परम्परागत रूपमा रहेको उनको चित्रमा केही फेरबदल भएको छ । भानुभक्तको समयमा आजको जस्तो फोटो खिच्ने सुविधा थिएन र घरघरमा कसैको चित्र कोरेर राख्ने प्रचलन पनि देखिएको छैन । राजामहाराजाहरूको कुरा छोडौँ, नत्र सामान्य जनको चित्र बनाउने र संरक्षण गर्ने कसैको सुझ नै हुँदैनथ्यो । यसर्थ मोतीराम भट्टले भानुभक्तको तस्बिर (आफ्नो चरित्रनायक) आफ्नो पुस्तकमा राख्नुपर्दा भानुभक्तका आफन्तहरूको अनुहार हेरेर, उनीहरूसँग कस्ता थिए, गोरा, अग्ला, होचा आदि जस्ता प्रश्न गरेर उनीहरूकै उत्तरको भरमा तयार गरेको हुनुपर्छ । अनि यसैलाई नरनाथ आचार्यले भानुभक्तसम्बन्धी आफ्नो पुस्तक 'आदिकवि कविसम्राट् भानुभक्त आचार्यको सच्चा जीवनचरित्र' (२०१७–२०१८)मा यही फोटोलाई भानुभक्तको सच्चा फोटो भनी ठोकुवा गरेका छन् । परन्तु नरेन्द्रराज प्रसाईको मतअनुसार यो ब्राह्मण परिवारमा साफा (पछ्यौरी) बायाँबाट दायाँतिर झार्ने प्रचलनमा भानुभक्तको फोटोमा दायाँबाट बायाँतिर झारिएको छ । यस्तो काम भानुभक्तले कदापि गर्न सक्तैनन्, आफ्नो रीतिरिवाजमा उनी क्रान्तिकारी होइन, कट्टर नै थिए । यसैले आजसम्म जुन फोटोलाई भानुभक्तको सक्कली फोटो भन्दै आएका छौँ त्यो नक्कली फोटो हो र त्यसलाई कलाकार इन्द्र खत्रीले सच्याएर अर्को बनाएका छन् । त्यसैलाई भानु द्विशतवार्षिकी महोत्सवमा संस्कृति मन्त्रालयले पनि मान्यता दिएर अबको भानुभक्तको फोटोमा ब्राह्मणीय परम्पराको झलक स्पष्ट गरिएको छ । नरनाथ आचार्यले भानुभक्त र उनका दिदी, भिनाजुसाथमा भएको फोटोबाट झिकिएको उनको सच्चा फोटो भनिएको बेहोरालाई

तर्कविहीन मानिएको छ । प्रसाईका कतिपय कुरा मोतीराम भट्टसँग मेल खाएका छन् अनि कतिपय कुरामा उनीसँग र अन्य लेखकसँग मेल नखाएका छन् ।

बनारसमा अध्ययन गरेका मोतीराम भट्टले भारतीय साहित्यकारहरूको योगदान र समाजमा तिनको सम्मानित स्थान देखेर नेपाली भाषासाहित्यमा नेपाली जनमानसमा भिजेका साहित्यकारको खोजी गर्न उनी प्रोत्साहित भएको हुनुपर्छ । यसैले भानुभक्तको खोजी गर्दै उनका कृतिहरू पाइएका जति प्रकाशन गर्न लागे साथै उनको जीवनी लेख्न पनि अग्रसर भएर भानुभक्तका भतिजा रामदत्तसँग सहयोग लिएर वि.सं. १९४८ मा तयार गरे । आफ्नो चरित्रनायक भानुभक्तको जन्म, जन्मस्थान, आनीबानी, सामाजिक रहनसहन, लेखरचना कृति आदिबारे उनले खोजी गरेर लेख्दै गए । मोतीरामले कतिपय कुरामा आफ्नो तर्कबाट थपघट पनि गरे होलान्, कति सुनेको घटनाको भरमा, कति कपोलकल्पना गरेर आफ्नो नायकलाई सम्मानित कविको रूपमा समाजमा परिचित गराए ।

मोतीराम भट्टका अनुसार भानुभक्त वि.सं. १८६९ मा चुँदी रम्घामा जन्मेका हुन्; तर भानुभक्तकै नातिनी विष्णुमायाले उनको जन्म १८७१ भनेर 'भानुभक्त मणिमाला' (१९९८)मा लेखेकी छन् । अनि वर्तमान नेपाली समाजमा भानुभक्तको जन्म १८७१ नै मानिएको छ । अरू त परै जाओस् नेपाल सरकारको संस्कृति मन्त्रालय, प्रज्ञाप्रतिष्ठान (जसले नेपाली भाषासाहित्यको श्रीवृद्धिको जिम्मा लिएको छ भनिन्छ)ले समेत यही १८७१ लाई मानेका छन्; तर यो गलत हो । स्वयम् भानुभक्तको रचना अर्थात् बिन्तीपत्रअनुसार पनि १८७१ होइन भन्ने स्पष्ट छ भनेर नरेन्द्रराज प्रसाईले स्पष्ट गरिदिएका छन् ।

मोतीराम भट्टअनुसार भानुभक्तको जन्म १८६९ मा भएको र विष्णुमायाका (रङ्गनाथको भूमिका) अनुसार १८७१ मा भएको भनिएको छ । विष्णुमायाले भानुभक्त स्वयम्ले बनाएको आफ्नो जन्मकुण्डली भनी जन्मकुण्डली पनि पेस गरेकी छन् । तर उक्त जन्मकुण्डलीको भाषा भानुभक्तको भाषाशैलीसँग मेल खाँदैन र कतै पनि उनले म भानुभक्त भन्ने उल्लेख पनि नगरेकाले यो कुण्डली नक्कली भन्ने देखिन्छ । यति मात्र होइन भानुभक्तले आफ्नो छोराको व्रतबन्ध गर्न ढिलो भएको र कुमारीचोकको मुद्दा नटुङ्गिएकाले तत्कालीन श्री ३ कमान्डर इन-चीफलाई १९०९ सालमा लेखेको बिन्तीपत्रबाट पनि भानुभक्तको जन्म १८६९ भन्ने स्पष्ट भएको छ ।

**चालिस् वर्ष भञा म पुत्र पनि एक् मात्रै छ आठ् वर्षको**
**आयो काल् व्रतबन्धको नजिकमा बेला त हो हर्षको ।**

१९०९ सालबाट ४० वर्ष घटाउँदा भानुभक्तको जन्मसाल १८६९ नै हुन आउँछ । यति स्पष्ट हुँदाहुँदै पनि विष्णुमायाले भानुभक्तको उमेर दुई वर्ष घटाउनुको उद्देश्य के होला भन्न सकिन्न । सायद नयाँ कुरा लेखेर आफ्नो अस्तित्व जोगाउन खोजेको हो कि ? अथवा भानुभक्तले लेखेको माथिको दुई हरफमा ध्यान नगएर मैले जे लेखेँ त्यही ठीक हुन्छ भन्ने ठानेकी हुन् ? तर उनले जे गरिन् गरिन्, त्यसलाई नै सत्य मानेर अहिलेसम्म त्यही १८७१ लाई सबै सङ्घसंस्था, लेखक, अन्वेषक पछि लाग्नु कागले कान लग्यो भन्दा कानै नछामी कागको पछि लाग्नुजस्तै भएको छ । यसैले नरेन्द्रराज प्रसाईले मोतीराम भट्टले उल्लेख गरेको भानुभक्तको जन्मसाल नै सत्य हो अर्थात् १८६९ नै हो भन्ने प्रमाणसहित प्रस्ट गरिदिएका छन् ।

नरेन्द्रराज प्रसाईलिखित 'भानुभक्त आचार्यको जीवनवृत्त' अनुशीलन गर्दै जाँदा उनले भानुभक्तको जागिरसम्बन्धी प्रश्नको पनि समाधान गरिदिएको पाइन्छ । भानुभक्तका वंशहरूले "भानुभक्तले कहिल्यै जागिर खाएका थिएनन्, हाम्रो मानमर्दन गर्न यस्तो लेखिदिए"

भन्नेहरूलाई उनले प्रमाणसहित जबाफ दिएका छन् । जीवनीकार प्रसाईको भनाइ छ; झन्डै दुई वर्षजति जागिर खाएका भानुभक्तले आफ्नो हिसाबकिताब राम्ररी बुझाउन नसकेर अथवा हुन सक्छ भाटजस्तो कोही बलवन्ती शत्रु लागेर उनी कुमारीचोकमा थुनिए । त्यही बेला उनले थुनिएको रनाहामा लेखेका छन्–

**जागीर् छैन धनी म छैन घरको केबल् कुदालो खनी ।**
**खान्थ्याँ दुक्ख गरेर चाकरी गर्‍याँ मान् पाउँला की भनी ॥**
**एक् मन् चित्त लगाइ चाकरि गर्‍याँ खूसी भया छन् हरी ।**
**मान्माथी पनि भुक्तमान् थपी दिया कैल्ह्यै नखोस्न्या गरी ॥**

यही 'जागिर छैन' भन्ने शब्दलाई बङ्ग्याएर भानुवंश हुँ भन्नेहरूले 'भानुभक्तले जागिर खाएकै थिएनन् । मोतीरामले हाम्रो इज्जत लिइदिए' भन्न लागेका हुन् । तर भानुभक्तको निधन भएको केही वर्षमा नै उनको भतिजासँग सहयोग लिएर लेखिएको मोतीराम भट्टको लेख, अनि इतिहासशिरोमणि बाबुराम आचार्यले पनि 'पुराना कवि र कविता'मा जागिरे भनी उल्लेख गरेको र भानुभक्तकै नाति डि.देवीभक्त आचार्यले पनि स्विकारेकोलाई हिजोआज किन बङ्ग्याउन खोजेका हुन् ? जागिर खोसिइसकेपछि जागिरे छु कोही भन्दैन । यसैले भानुभक्त जागिरे थिए र अबका समालोचकहरू यसरी बाङ्गिनु हुँदैन भन्ने नरेन्द्रराज प्रसाईको सुझाव छ । मोतीरामलाई त्यसै गलत देखाउन कोही अग्रसर हुनु राम्रो होइन ।

भानुभक्त निडर हक्की थिए, सबै अनुशासनमा रहेको हेर्न चाहन्थे र कतैकेही देखे भने तुरुन्तै त्यसको प्रतिकार गर्दथे भन्ने उनका रचनाहरूबाट थाहा पाइन्छ । नारीहरूलाई पनि घरपरिवारमा अनुशासनमा रहनुपर्छ भनेर 'वधूशिक्षा' लेखे । त्यसमा नारी हाँस्नु हुन्न, वेश्या मात्र हाँस्दछन् भनेका छन् ।

**हाँस्नू छैन कदापि नारिहरुले वेश्या हुन्या हाँस्तछन्**
**वेश्या लौ नहउन् तथापि घरको काम ती सबै नास्त छन् ।**

हाँस्ने नारीलाई वेश्या भन्ने जुन शब्द भानुभक्तले प्रयोग गरे त्यो वास्तवमा अति निन्दनीय हो । त्यसैले होला आजकाल केही आचार्य थरका समालोचकहरूले भानुभक्तलाई सभ्य र शिष्ट बनाउन 'वेश्या' भनेका होइनन् 'वैश्या' भनेका हुन् भनी सच्याएर 'वधूशिक्षा'लाई प्रकाशित पनि गरेका छन् । तर गहिरिएर हेर्ने हो भने भानुभक्तले यस्ता शब्द प्रयोग गर्न सक्दैनन् भन्न सकिन्न । साँझमा आफूलाई बास दिइनन् भनेर गजाधर सोतीकी घरबूढीलाई 'अलच्छिनी, नरक जान तयार भएकी बूढी' भन्न सक्छन् भने हाँस्ने नारीहरूलाई वेश्या हुन्छन् भन्नमा कुन आपत्ति पर्छ र उनलाई ? उनी त गाउँका सम्मानित पण्डित, धनीमानी व्यक्ति थिए । त्यसमा पनि पुरुष हुनाले उनले जे भने पनि, जे लेखे पनि त्यस बेलाका नारीहरू के बोल्न सक्नु, के प्रतिकार गर्न सक्नु ? यसैले मोतीरामले भानुभक्तबारे उल्लेख गरेका कतिपय कुराको खण्डन गर्न चाहनेले राम्ररी अध्ययन गरेर मात्र गर्नुपर्छ भन्ने नरेन्द्रराज प्रसाईको सल्लाह छ ।

मोतीराम भट्टले लेखेको जति सबै ठीक छ, आँखा चिम्लेर मान्नुपर्छ भन्ने पनि होइन । यस सम्बन्धमा भानुभक्त र घाँसीसम्बन्धी घटनाचाहिँ खट्किरहने प्रश्न मान्दछन् जीवनीकार प्रसाई । हामी पाठकहरूमा पनि सधैँ प्रश्न उठ्छ "के त्यस बेला चुँदीरम्घाजस्तो गाउँमा घाँसको भारी बेच्ने चलन थियो होला ?" हो, धनीमानी व्यक्तिहरू गोठाला राख्थे, वर्षको दुईचार रुपियाँ तलबस्वरूप दिन सक्थे, अझ ऋण लिएका आसामीहरू ब्याज तिर्नुका सट्टा साहूको घरमा गोठालो अथवा हलीका रूपमा काम गर्न जान्थे भने डोकोको घाँस त्यस बेला पैसा हालेर किन्न सक्ने को हुनु ? घरमा धान नभएर धानचामल किन्न त लाज मान्नुपर्ने युगमा घाँस कसले किन्ने ? फेरि घाँस काट्नु, ढिकीजाँतो गर्नु त छोरीबुहारीहरूको सामान्य र अति सजिलो काम मान्ने

युगमा यसरी डोके घाँस बिक्री हुन्छ भनेर घाँसीको प्रसङ्ग राख्नु मोतीराम भट्टको अलि अपरिपक्व अभिव्यक्ति मान्नुपर्छ । २०७१ सालमा दमौली एफ.एम.ले मलाई पनि घाँसीबारे के भन्नुहुन्छ भनी सोधिएको थियो । मैले घाँसीको यस्तो घाँस बेच्ने कुरामा बिलकुल असहमति जनाएँ । अनि फेरि सोधिएको थियो, "मोतीरामका सबै कुरा पत्याउने घाँसीलाई किन नपत्याउने ?" मैले भनेँ, "मोतीराम भट्ट पनि मानिस हुन्, अनि आफ्नो धेरै समय बनारसमा बिताएको हुनाले त्यहाँ सायद घाँस बिक्री हुने देखेर चुँदीरम्घामा पनि त्यही होला भनेर लेखेको हुनुपर्छ ।" मोतीराम भट्ट नेपाली साहित्यका प्रथम जीवनीकारले जे लेखे त्यसैलाई भट्टपछिका लेखकहरूले आँखा चिम्लेर स्विकारेका मात्र हुन् । विष्णुमायाले भानुभक्तको नक्कली जन्मकुण्डलीमा आफ्नो अस्मिता, आफ्नो परिचय दिन प्रयास गर्नुसट्टा यसबारे छलफल गरेको भए धेरैका आँखा खुल्ने थियो । भानुभक्तको उमेरमा दुई वर्ष घटाउनुको उद्देश्य नै के रह्यो र ?

यसै गरी दमौली एफ.एम.लाई भनेकी थिएँ– "बरु भानुभक्त बनारसमा बस्दा रामायण लेख्ने प्रेरणा त्यहीँबाट पाएको हुन सक्छ । भक्तजनहरू बिहानै स्नान गरेर फर्कंदा तुलसीकृत रामायणका श्लोकहरू अथवा राधेश्याम रामायणका श्लोकहरू मीठो लयात्मक स्वरमा पाठ गर्दै गरेको सुनेर आफूले पनि नेपालीमा यसरी रामायण पाठ गर्न नेपालीमा रामायण लेख्न पाए सबैलाई सजिलो हुन्थ्यो, धर्म हुन्थ्यो भन्ने उनले सोचे कि ?" जे होस् जसले जसरी जे गरेर भए पनि भानुभक्त आचार्यले नेपाली भाषामा रामायण लेखेर हामीलाई ठूलो गुन लगाएका छन् । नेपाली भाषासाहित्यको संरक्षण र संवर्द्धन गरिदिएका छन् । अनि तिनै आदिकविका बारेमा लेखिएका र जनमानसमा देखिएका तथ्यविहीन तर्कहरूलाई खण्डन गरेर सत्य निरूपण गर्ने काम नरेन्द्रराज प्रसाईले गरेकामा उनी धन्यवादका

पात्र छन् । निकै परिश्रम गरेर सरल भाषाशैलीमा प्रस्तुत गरिएको भानुभक्तको जीवनवृत्तले अबका अन्य समालोचक र अन्वेषकहरूलाई विवेकपूर्ण ढङ्गले विवेचना गर्न सल्लाह दिएका छन् ।

अब अन्त्यमा म के भन्न चाहन्छु भने कतिपयले नरेन्द्रराज प्रसाई 'आजका मोतीराम भट्ट' भन्ने गर्दछन्; तर यसको सट्टा 'नरेन्द्रराज प्रसाई' नै किन नभन्ने ? र नरेन्द्रराज प्रसाईजस्तै भनेर उदाहरणीय किन नमान्ने ?



**प्रा.गोपीकृष्ण शर्मा**

**जन्म** : १९९७ साल माघ ८ गते (पाल्पा); **शिक्षा** : एमए, व्याकरणाचार्य (प्रथम श्रेणीमा प्रथम); **कृति** : १३ पुस्तक (समालोचना, निबन्ध, कविता, बालसाहित्य, पाठ्यपुस्तक); **पुरस्कार** : भानुभक्त पुरस्कार, जनसेवाश्री पदक, महेन्द्र विद्याभूषण, त्रि.वि. अर्जुन पदक, रूपट पुरस्कार, त्रि.वि. दीर्घसेवा पदक, वीरेन्द्रऐश्वर्य सेवा पदक, भद्र घले पुरस्कार; **प्राध्यापक** : त्रिभुवन विश्वविद्यालय ।

# अद्यावधिक र मानक

नेपाली साहित्यको प्राथमिककालीन वीरधारापछि आफ्नो सशक्त कलमद्वारा कालजयी कविताकाव्य लेख्ने कवि भानुभक्त आचार्य तत्कालीन भक्तिधाराका यशस्वी प्रतिभा हुन् । मोतीराम भट्टले यिनका कृतिहरूको अन्वेषण गरेर प्रकाशनमा ल्याए र आदिकविको सम्मान पनि प्रदान गरे । प्राथमिककालीन केन्द्रीय कवि वा आदिप्रतिनिधि कवि आदि जे भनिए पनि भानुभक्त आचार्य आदिकविका रूपमा प्रतिष्ठित छन् । यिनको जीवनीबारे सोधखोज गरेर सर्वप्रथम मोतीराम भट्टले 'कवि भानुभक्तको जीवनचरित्र' (१९४८) प्रकाशनमा ल्याए । यसपछि भानुभक्तको जीवनीबारे कृति लेख्नेहरूमा

पं.नरनाथ आचार्यको 'कविसम्राट् आदिकवि भानुभक्त आचार्यको सच्चा जीवनचरित्र' (२०१७), मुक्तिनाथ आचार्यको 'आदिकवि भानुभक्त आचार्य : खोजपूर्ण जीवनी' (२०४२) आदि जीवनीकृतिहरू उल्लेखनीय छन् । यसबाहेक पनि भानुभक्त र उनको जीवनीलाई चिन्तन र चर्चा भएका अनेकौँ कृतिहरू प्रकाशित छन् । यिनै शृङ्खलामा साहित्यकार नरेन्द्रराज प्रसाईद्वारा लिखित 'भानुभक्त आचार्यको जीवनवृत्त' (२०७१) प्रकाशनमा आएको छ ।

•

विगत चार दशकदेखि अनवरत रूपमा नेपाली साहित्यिक कृतिहरूको लेखन, प्रकाशन, साहित्य प्रवर्धनात्मक संस्थाहरूको संस्थापन, सञ्चालन तथा राष्ट्रियअन्तर्राष्ट्रिय साहित्यिक गोष्ठीसम्मेलनहरूको व्यवस्थापन, सञ्चालनमा सक्रिय रहने यशस्वी साधक हुन् नरेन्द्रराज प्रसाई (जन्म : २०१२ ताप्लेजुङ; हाल : काठमाडौँ) । सिर्जनातर्फ यिनका गीत, निबन्ध, प्रबन्ध, समीक्षा, समालोचना, जीवनीकृति आदि विविध सङ्कलनहरू प्रकाशित छन् । साहित्यकार प्रसाईका एकहत्तर कृतिहरू प्रकाशनमा आइसकेका छन् र केही प्रकाशोन्मुख छन् । यिनमध्ये चौबीस सङ्ख्यामा जीवनीविषयक पुस्तकहरू सिर्जित छन् र त्यसै शृङ्खलामा प्रस्तुत भानुजीवनी कृति पनि गाँसिन आएको छ । यसका साथै नरेन्द्रराज प्रसाईका दुई श्रव्य सिडी, चार श्रव्य क्यासेट र एक देवकोटा जीवन श्रव्य सिडी पनि सार्वजनिक भएका छन् ।

•

जीवनी साहित्यका समर्थ स्रष्टा नरेन्द्रराज प्रसाईले लेखनको आरम्भिक चरणदेखि नै जीवनी केन्द्रित सिर्जनाहरू गर्दै आएका छन् । नेपाली साहित्य, संस्कृति र कलामा उच्चतम योगदान गर्ने प्रतिभाहरूको जीवनगाथा सरल र सुरुचिपूर्ण शैलीमा प्रस्तुत गर्ने रचनाशिल्प

यिनलाई प्राप्त छ । वस्तुतथ्यलाई अतिरञ्जना नगरेर उपलब्ध सामग्रीका आधारमा यथार्थमा पुग्ने विवेचन क्षमताले पनि प्रसाईको जीवनीकारिता उल्लेख्य बनेको छ । प्रस्तुत 'भानुभक्त आचार्यको जीवनवृत्त' कृतिमा पनि भानुभक्तको जीवनयात्राबारे अनेक लेखकका दृष्टिअनुकूल फरकफरक देखा परेका कतिपय परिघटना, तथ्य र अवस्थितिको सम्परीक्षण गरिएको छ र विविध प्रमाण, तर्क र वस्तुताका आधारमा निष्कर्षमा पुग्ने काम भएको छ ।

सर्वप्रथम युवाकवि मोतीराम भट्टले भानुभक्तको जीवनी लेखे । परवर्ती जीवनी लेखकहरूले त्यसकै आधारमा कतै समर्थन र कतै असहमति जनाउँदै भानुजीवनीको आलेखन गरे । खास गरी आदिकवित्व र घाँसी प्रसङ्गबारे आफ्ना तर्कहरू प्रस्तुत गर्दै संशोधन गर्ने काम पनि भयो । यिनै पृष्ठभूमिमा जीवनीकार प्रसाईले तर्क र प्रमाणहरूका साथ भानुभक्तको जीवनी लेखेका छन् । राज्यस्तरबाट गठित 'आदिकवि भानुभक्त आचार्यको द्विशतवार्षिकी समारोह समिति' (२०७१–२०७२)मा संलग्न भएका सुअवसरको साहित्यिक प्रतिफलका रूपमा नरेन्द्रराज प्रसाईबाट विशेष सोधखोजका साथ यो गहकिलो कृति लेखियो र द्विशतवार्षिकी समारोहको दिगो चिनारीका रूपमा नइ प्रकाशनबाट प्रकाशित पनि भयो । पहिलो भानुजीवनी लेखिएको (१९४८) एक सय तेइस वर्षपछि पूर्वाध्ययनबाट खारिएको तथ्यपूर्ण र प्रामाणिक जीवनीकृतिका रूपमा प्रसाईको यो जीवनीकृति अगाडि आएको छ ।

•

'भानुभक्त आचार्यको जीवनवृत्त' (२०७१) शीर्षक जीवनीकृतिमा कवि भानुभक्तको जीवनयात्राका मुख्यमुख्य भन्ज्याङहरूलाई शीर्षकीकरण गर्दै बाह्र शीर्षक लगाएर जीवनीको आलेखन गरिएको छ । सङ्क्षिप्त रूपमा ती शीर्षकका बारेमा प्रकाश पारिएको छ ।

**(१) भानुभक्त आचार्यको जन्मसन्दर्भ**

यस पहिलो शीर्षकमा भानुभक्त आचार्यको जन्मस्थल र जन्ममितिबारे उठेका मतमतान्तरलाई औँल्याउँदै भानुभक्तको जन्म चुँदीरम्घामा १८६९ सालमा भएको भन्ने पुष्टि गरिएको छ । यति हुँदाहुँदै १८७१ सालको असार २९ गते भानुजयन्ती मनाइँदै आएको लोकले समेत र सरकारले पनि त्यसै मितिलाई समाएर भानु द्विशतवार्षिकी मनाएको हुँदा प्रसाईले भानुभक्तको जन्ममितिलाई अब विवाद नगरौँ भनेर मत दिएका छन् । यस क्रममा भानुभक्तको जन्मस्थल र मितिबारे मोतीराम भट्ट र पं.नरनाथ आचार्यका भनाइहरू पादटिप्पणीमा दिइएका छन् । भानुभक्तकी नातिनी विष्णुमायाले सङ्कलन गरेको 'भानुभक्त मणिमाला' (१९९८)मा उल्लेख भएको भानुभक्तको जन्मकुण्डलीसम्बन्धी अढाई श्लोकको वर्णनचाहिँ भानुभक्तको लेखन नभएर पनि अरूबाट गाँसिएको हुन सक्छ भन्ने तर्क प्रसाईको रहेको छ । समग्रमा भानुभक्तको जन्म, आठ वर्षमा व्रतबन्ध र लगत्तै चन्द्रकान्ता खनालसँग विवाह, विवाहको डेढ वर्षमै चन्द्रकान्ताको निधन भएकाले एघार वर्षको उमेरमा चन्द्रकला खनालसँग विवाह घटना जीवनीसन्दर्भहरू यस शीर्षकमा दिइएका छन् ।

**(२) भानुभक्तको शिक्षादीक्षा**

यस शीर्षकमा भानुभक्तले बाजे श्रीकृष्ण आचार्यबाट घरैमा र पछि बाजेसँगै बनारस गएर पनि भानुभक्तले शिक्षा हासिल गरेको उल्लेख छ । सुब्बा रङ्गनाथ शर्माले भने धेरैजसो शिक्षा बाबु धनञ्जयबाट प्राप्त गरेको र भानुभक्तको अक्षरारम्भ पनि बाबु धनञ्जयबाट भएको उल्लेख गरेका छन् । काशीबाट फर्केपछि भानुभक्तले मामाघर लमजुङ भोर्लेटारमा श्रीमद्भागवत महापुराण सप्ताह वाचन गरेको प्रसङ्ग पनि यहाँ वर्णित छ ।

**(३) भानुभक्तसँग गिरिधारीको झगडा**

यो तेस्रो शीर्षक भानुभक्तको र गिरिधारी रानाभाटको झैंझगडामा केन्द्रित छ । गाउँलेहरूको सल्लाहले गिरिधारीको जग्गाबाट कुलो खन्नुपरेको र चुँदीखोलाको किनारमा रहेको खेतजग्गा मिचेको जस्तो विषयमा भानुभक्तको गिरिधारीसँग झगडा मात्र होइन मुद्दा नै परेको थियो । त्यसैले भानुभक्तलाई मुद्दा खेप्न काठमाडौँ आउनुपरेको र कविता बनाएरै उजुरी दिएर अन्ततः भानुकै जित भएको सन्दर्भ उल्लेख भएको छ ।

**(४) भानुभक्तको जागिर र कुमारीचोकमा थुना**

यस शीर्षकमा भानुभक्त आफैँले जागिर खाएका थिए कि बाबु धनञ्जय आचार्यको सरकारी बाँकी बुझाउन कुमारीचोकमा थुनामा परेका थिए भन्ने मतमतान्तरको वर्णन छ । यहाँ मोतीराम भट्टका मतसँग पूर्ण सहमत हुँदै भानुभक्तले १९०७ देखि जागिरमा प्रवेश गरेका र दुई वर्षपछि खोसिएर स्याहास्रेस्ता फरफारकका क्रममा कुमारीचोकमा पाँच महिना थुनामा परेको पक्षलाई जीवनी लेखक नरेन्द्रराज प्रसाईले युक्तिसङ्गत ठहऱ्याएका छन् । पं.नरनाथ आचार्यले भने भानुभक्तले जागिर नखाएको र बाबुको देहावसानपछि स्याहास्रेस्ता नमिलेकाले छोराले थुनिनुपरेको विचार व्यक्त गरेका छन् ।

**(५) भानुभक्तको सम्मान**

ग्रन्थको यस पाँचौँ शीर्षकमा भानुभक्तलाई अहिलेसम्म प्राप्त सम्मानहरूको सङ्क्षिप्त वर्णन छ । सर्वप्रथम त उनलाई मोतीराम भट्टले 'आदिकवि'को सम्मान दिए । राणाशासक जुद्धशमशेरबाट पनि आदिकवित्वबारे सहमति जनाइयो । दीननाथ सापकोटाले मात्र भानुभक्तलाई 'आदिकवि' नभनेर त्यसपूर्वका रघुनाथ पोखरेल (रामायण सुन्दरकाण्डका पद्यमय नेपाली अनुवादक)लाई आदिकवि मान्नुपर्ने तर्क दिए । यो ठम्याइ नेपाली साहित्यिक वर्गमा मान्य भएन । सूर्यविक्रम

ज्ञवाली, बाबुराम आचार्य, ठाकुर पराजुली, वासुदेव त्रिपाठी आदिको मतलाई समेत मानेर ग्रन्थकार प्रसाईले भानुभक्तलाई आदिकविका रूपमा ग्रहण गरेका छन् । पछि गएर भानुभक्तलाई राष्ट्रिय विभूतिमा गणना गरिनु, विदेश (दार्जिलिङ)मा र स्वदेशमा पनि भानुप्रतिमा स्थापित हुनु, हुलाकटिकट प्रकाशित गर्नु, भानुजन्मस्थलको विकासमा ध्यान दिनु र 'आदिकवि भानुभक्त' शीर्षकमा चलचित्र निर्माण हुनु जस्ता गतिविधिलाई लेखक नरेन्द्रराज प्रसाईले भानुभक्तको सम्मानका रूपमा चर्चा गरेका छन् ।

**(६) भानुभक्तको जीवनमा घाँसी**

यस शीर्षकमा जीवनी लेखक नरेन्द्रराज प्रसाईले मोतीराम भट्टद्वारा उठाइएको घाँसीको प्रसङ्ग भानुभक्तको व्यक्तित्वलाई उजिल्याउन ल्याइएको रोचक काल्पनिक कथा हो भन्ने तर्क प्रस्तुत गरेका छन् । बाबुराम आचार्यको धारणासँग यो तर्क नजिक रहेको छ । अर्कोतर्फ बालकृष्ण सम र लक्ष्मीप्रसाद देवकोटाले समेत आफ्ना साहित्यमा घाँसीको सन्दर्भ जोडेर घाँसीसँगको भानुभक्तको कथालाई जीवन्त तुल्याएको तर्फ पनि प्रसाई सचेत देखिन्छन् ।

**(७) भानुभक्तलाई मोतीरामको खाँचो**

यस सातौँ शीर्षकमा भानुभक्तका भतिजा रामदत्तमार्फत भानुभक्तबारे धेरै पक्षको जानकारी कवि मोतीरामलाई प्राप्त भएको र त्यही आधारमा भानुजीवनी लेखन सम्भव भएको वर्णन छ । यसै गरी भानुभक्तका कृतिको खोजी गरी प्रकाशनमा ल्याउनु, जीवनी प्रस्तुत गर्नु आदि कार्यबाट मोतीरामले भानुभक्तलाई प्रसिद्धिमा ल्याउन गरेको कार्यप्रति सम्मान व्यक्त गरिएको छ ।

**(८) भानुभक्तको कान्तिपुर प्रवेश**

यस शीर्षकमा भानुभक्तले १९०६ सालमा कान्तिपुर अर्थात् काठमाडौँ प्रवेश गरेको र बालाजु तथा कान्तिपुरको अवलोकनसँगै देशप्रेमी सुन्दर कविता रचना गरेको सन्दर्भ दिइएको छ ।

**(९) भानुभक्तको देहावसान**

यस शीर्षकमा भानुभक्तको छपन्न वर्षको उमेरमा १९२५ साल असोज ६ गते आइतबार आश्विन शुक्लपञ्चमीका दिन देहावसान भएको विवरण छ । भानुभक्त स्वेच्छित रूपमा मर्स्याङ्दी नदीको सतीघाटअन्तर्गत गाईथुनेघाटमा स्वर्गीय भएको उल्लेख यस शीर्षकमा गरिएको छ ।

**(१०) भानुभक्तका कृति**

यो दसौँ शीर्षक भानुभक्तका कृतिहरूको विवरणसँग सम्बन्धित छ । यसमा 'भानुभक्तीय रामायण', 'प्रश्नोत्तर' (लघुकाव्य), 'भक्तमाला', 'वधूशिक्षा' जस्ता कृतिका साथै फुटकर कविताको सोदाहरण चर्चा गरिएको छ । यस क्रममा भानुभक्तीय 'वधूशिक्षा'मा मोतीराम भट्ट, विष्णुमाया, बाबुराम आचार्य, नरनाथ आचार्य, व्रतराज आचार्य आदिले दिएका पाठभेदको पनि उल्लेख गरिएको छ ।

**(११) भानुभक्तको जन्मकुण्डली**

एघारौँ शीर्षकमा जन्मकुण्डली दिइएको छ र न्वारनको नाम देवीभक्त आचार्य भनेर उल्लेख भएको छ । यो जन्मकुण्डली विष्णुमायाद्वारा सङ्कलित 'भानुभक्त मणिमाला'मा उल्लिखित जन्मकुण्डली भएको स्रोतको समेत जानकारी दिइएको छ । यहाँ अढाई श्लोकको जन्मलग्नसम्बन्धी कवितासमेत प्रस्तुत भएको छ । प्रसाईले यो जन्मकुण्डलीलाई वैज्ञानिक मानेका छैनन् र भानुभक्तले नै यस जन्मकुण्डलीमा आधारित दुई श्लोक लेखेका होइनन् भनेर प्रमाण पेस गरेका छन् ।

**(१२) भानुभक्तको वंशावली**

यस बाह्रौँ शीर्षकमा श्रीकृष्ण आचार्यदेखि धनञ्जय, भानुभक्त, रमानाथ हुँदै सात पुस्तासम्मको वंशपरम्पराको आरेख प्रस्तुत गरिएको छ ।

•

कृतिको दोस्रो भागमा अनुष्ठानिक शीर्षक दिएर बाँकी रहेका अनुशिष्ट सामग्रीहरू दिइएका छन् । यसअन्तर्गत मोतीराम भट्टद्वारा 'कवि भानुभक्तको जीवनचरित्र' (१९४८)मा प्रस्तुत भएको भानुभक्तको तस्बिरलाई भानुभक्त आचार्यको प्रथम प्रकाशित तस्बिर भनेर दिइएको छ । यसका साथै भानुभक्त आचार्यको हस्तलिपि, मोतीराम भट्टको तस्बिर, भानुभक्तका छोरा पं.रमानाथको तस्बिर र भानुभक्तकी नातिनी विष्णुमायाको तस्बिर दिइएका छन् । यसपछि सन्दर्भस्रोत शीर्षक राखेर इन्द्रबहादुर राईदेखि हृदयचन्द्रसिंह प्रधानसम्म एकतीस साहित्यकारका कृतिहरूलाई प्रस्तुत कृतिको सन्दर्भसामग्रीका रूपमा उल्लेख गरिएको छ । यसरी विशेष अध्ययन र अन्वेषण गरेर प्रस्तुत 'भानुभक्त आचार्यको जीवनवृत्त' तयार पारिएको पुष्टि हुन्छ । सर्वान्तमा ग्रन्थकार नरेन्द्रराज प्रसाईको प्राज्ञिक जीवनी र उनका कृतिहरूको विवरण दिइएको छ । यसअन्तर्गत साहित्यकार प्रसाईद्वारा लिखित जीवनी, निबन्ध, प्रबन्ध र समीक्षा, गीत, अन्तर्वार्ता, लेखन तथा सम्पादन, सम्पादनका कृतिगत शीर्षकहरू रहेका छन् । पत्रिका सम्पादन, श्रव्य सिडी (जीवनी) र गीततर्फ श्रव्य सिडी र श्रव्य क्यासेट पनि साथै उल्लिखित छन् । यस प्रकार ग्रन्थकार नरेन्द्रराज प्रसाईले दोस्रो भागमा जीवनीकृतिलाई परिपुष्ट तुल्याउने अनुशिष्ट सामग्री र आफ्नो व्यक्तिवृत्तसमेत दिएर यसलाई पूर्णता प्रदान गरेका छन् । यो कृति कसरी जन्मन पुग्यो भन्ने सन्दर्भलाई उठाउँदै ग्रन्थकार नरेन्द्रराज प्रसाईले लेखकीयमा स्पष्ट भनेका छन्–

> "'भानुभक्त आचार्यको जीवनवृत्त' लेख्ने क्रममा मैले पाएसम्मका भानुभक्तविषयक कृति अध्ययन गरेर आफ्नो पारा, शैली र गच्छे अर्पण गरेको छु । कतिपय कपोलकल्पित कुराहरूको पनि खण्डन गर्न म विवश भएको छु । अथवा भनौँ, भानुभक्त आचार्यबारे आजसम्म प्रकाशित जीवनीका प्रसङ्गहरूलाई परिमार्जित, विश्वसनीय र परिष्कृत बनाउने मैले प्रयास गरेको हुँ । मेरो जीवनी लेखनको साधनाका अनुभवहरू यसमा खन्याउन

मैले सक्दो बल गरेको छु । आदिकवि भानुभक्त आचार्यबारे विगतमा भएका, गरेका र गराइएका त्रुटिलाई सकेसम्म संशोधन गर्नेतिर र विशेष विश्वसनीय तथा मान्य निर्क्योलतर्फ डोऱ्याउन पनि मैले आफूलाई उभ्याएको छु ।"

उपर्युक्त आत्मस्वीकृतिअनुरूप जीवनीकार नरेन्द्रराज प्रसाईद्वारा लेखकहरूका बीच परस्पर बाझेका मान्यताहरूलाई प्रमाणस्वरूप पादटिप्पणीमा दिएर आफ्नो बौद्धिक विश्लेषण र तर्कद्वारा निर्णायक बिन्दुमा पुग्ने अध्ययन यहाँ हुन पुगेको छ ।

•

साहित्यकार नरेन्द्रराज प्रसाईद्वारा प्रणीत यो 'भानुभक्त आचार्यको जीवनवृत्त' नामक कृति नेपाली साहित्यका आदिप्रतिभा भानुभक्त आचार्यका साथै नेपाली भाषासाहित्यप्रतिको श्रद्धा, निष्ठा र समर्पणको प्रेरणास्पद जीवनी अभिलेख हो । आदिकवि भानुभक्तको जीवनीका बारेमा चर्चा गर्ने क्रम मोतीराम भट्टदेखि नै सुरु भएको हो । अहिलेसम्म पनि भानुभक्तका साहित्यिक तथा वैयक्तिक घटनापरिघटनासँग सम्बन्धित अनेक चिन्तन र तथ्यहरू पनि प्रकाशनमा आएका छन् । यस परिप्रेक्ष्यमा साहित्यकार नरेन्द्रराज प्रसाईले भानुभक्तबारे लेखिएका उपलब्ध कृतिहरूको समेत अध्ययन गरेर आफ्नो जीवनी लेखन शिल्पको उपयोग गरी यो जीवनीकृति तयार पारेका हुन् । सरल, वस्तुनिष्ठ र रुचिपूर्ण भाषामा तयार पारिएको यो जीवनीकृति आदिकवि भानुभक्तलाई चिनाउने आधिकारिक सामग्री हुन पुगेको छ । भनौँ, मोतीराम भट्टले तयार पारेको भानुजीवनीपछि यति गहन रूपमा अध्ययन गरेर तयार पारिएको जीवनीकार प्रसाईको प्रस्तुत कृति गहकिलो अध्ययन भएको आधिकारिक भानुजीवनी पनि हो । भानुजीवनीको लेखनपरम्परामा जीवनीकार प्रसाईको 'भानुभक्त आचार्यको जीवनवृत्त' नामक यो कृति अद्यावधिक मानक कृति हुँदै हो र यस क्षेत्रमा भएको गहकिलो अध्ययन पनि हो ।



**प्रा.डा.घनश्याम नेपाल**

**जन्म** : १९५९ मार्च १३ (सिक्किम, भारत); **शिक्षा** : एमए, पिएचडी; **कृति** : ६ पुस्तक (समालोचना र अन्य); **विभागीय प्रमुख तथा प्राध्यापक** : उत्तर बङ्ग विश्वविद्यालय (भारत) ।

# भानुभक्तीय शृङ्खलाको महत्त्वपूर्ण प्राप्ति

कवि भानुभक्त आचार्यको दुई शतीय जन्मजयन्तीका छेक पारी नरेन्द्रराज प्रसाईले लेखेको र काठमाडौँको नइ प्रकाशनले सन् २०७१ सालमा प्रकाशमा ल्याएको 'भानुभक्त आचार्यको जीवनवृत्त' नामक पुस्तक मेलैमारी पढिसिद्ध्याउने कुनै पनि सचेत पाठक नेपाली जातीय संस्कृतिको उन्नयनमा कवि भानुभक्तको योगदान र महत्त्व सश्रद्धा स्मरण गरी त्यसबारे पुनर्विचारसमेत गर्न प्रेरित नभई रहन सक्तैन ।

भानुभक्तले रामायण लेखेर नेपाली लोकजीवनमा स्फुट चेतना स्वरूप रहेको रामकथालाई ग्रन्थविधानद्वारा एउटा अक्षय सांस्कृतिक अवलम्बन र जातीय स्मारकको रूप प्रदान गरिदिए

जसको सेरोफेरोमा आधुनिक नेपाली संस्कृतिको बहुरङ्गी पुष्पोद्यान खडा भयो । अर्कातिर मोतीराम भट्टले तिनै भानुभक्त आचार्यका जीवनी र कृतित्वको सन्धान र सम्पादन गरी प्रकाशमा ल्याइदिएर उनलाई ओझेलमा पर्नबाट जोगाए मात्र होइन, भानुभक्तलाई आदिकविको सम्मानसहित नेपाली समाजका एक जना सांस्कृतिक नेताको उच्चासनमा प्रतिष्ठित गराई उनको कीर्तिपताका नेपाली जातीय आकाशमा सदासर्वदाका निम्ति फहराइ पनि दिए । त्यसको साटो मोतीराम भट्ट स्वयम् मौलिक कविका रूपमा भन्दा बढी भानुभक्तका जीवनी र कृतिका अनुसन्धाता र प्रतिष्ठाताका रूपमा नेपाली समाजमा चिनिएका छन् । यसै गरी भानुभक्तको साहित्यिक, सांस्कृतिक योगदान र महत्त्वको पुन: पुन: परीक्षणमूल्याङ्कन गर्ने काममा अघिसरा भई आउने प्रत्येक परवर्ती पिँढीका अनुसन्धाता एवम् लेखकहरूले एकातिर भानुभक्तको प्रसिद्धि विस्तारमा आआफ्नो तहबाट योगदान गरिआएका छन् भने अर्कातिर आफ्ना ती कर्मले भानुभक्तको प्रसिद्धिको सुखद ओतमुनि आफ्नै सुनाम र कीर्ति सुनिश्चित गराउन सफल पनि भएका छन् । यसरी भानुभक्त र उनका अनुसन्धाता, लेखक, आलोचकहरूमाऋ सदैव एक प्रकारको दीप्यदीपक भाव सम्बन्ध रहिआएको देखिन्छ । नरेन्द्रराज प्रसाईकृत यो ‘भानुभक्त आचार्यको जीवनवृत्त’ पनि यसै शृङ्खलाको एउटा नवीनतम र सुविचारित रूपमा लेखिएको निकै महत्त्वपूर्ण कडीकृतिका रूपमा हामी पाठकसमक्ष प्रस्तुत छ ।

आधुनिक नेपाली समालोचनाका एक जना शिखर पुरुष प्राध्यापक वासुदेव त्रिपाठीले कृति र कृतिकार दुवैका विषयमाथि चारै सुर बाँधी मुग्धमन्त्रणाले अभिसिञ्चनसमेत गरिसकेपछि अनि प्राध्यापक महादेव अवस्थी र केशव सुवेदीजस्ता समकालीन पुस्ताका विद्वान् समीक्षकद्वयले गुरुको त्यस स्थापनामाथि नातोसमेत बाँधिदिइसकेपछि नरेन्द्रराज प्रसाई र उनको यस कृतिबारे अरू केही भन्न खोज्नु खाली पिष्टपेषणको जोखिम उठाउनु मात्र हुन सक्छ ।

एक्काइसौँ शताब्दीको आगमनसँगसँगै संसारका विभिन्न भाषाका साहित्यमा जीवनी, आत्मवृत्तान्त, नियात्रा र संस्मरण आआफ्ना गतानुगतिक रूप र शैलीबाट अघि बढेर नवलेखनका विविध शैली र विधाउपविधाहरूका रूपमा विशेष प्रयोग र चर्चामा रहेका छन् । उपन्यास र कथाजस्ता आधुनिक युगका साहित्यविधा पनि बितेका तीन शताब्दीभरिको निमेखले स्थापित आधुनिक इतिवृत्तशास्त्र र आख्यान सिद्धान्तको खोल फालेर आफ्नो मुक्तान्त संरचनात्मक स्वरूप र नितनूतनतामुखी प्रवृत्तिअनुरूप जीवनवृत्त, संस्मरणप्रभृति यी नवलेखनविधाहरूका रूप र शैली अवलम्बन गर्न पुगेका देखिन्छन् । यस्तो वर्तमान अन्तर्राष्ट्रिय लेखन परिदृश्यका परिप्रेक्ष्यमा नरेन्द्रराज प्रसाईको यो पुस्तक पनि प्रस्तुति शैली, सङ्कथन विन्यास र निष्कर्ष ग्रहणका दृष्टिले अद्यावधिक कृति ठहरिने देखिन्छ ।

नेपाली र भानुभक्तलाई हेर्ने भारत र नेपालका दृष्टिमाझ एउटा मौलिक अन्तर रहेको छ । त्यो के भने भारतीय दृष्टिमा नेपाली विभिन्न भाषासांस्कृतिक पृष्ठभूमिबाट उठेर अघि आई बितेको अर्धसहस्राब्दीभित्र भूराजनैतिक परिस्थितिहरूद्वारा परस्पर अन्तर्लय हुँदै गठित एउटा बृहत्तर जाति तथा त्यस जातिको सांस्कृतिक संहिताका रूपमा विकसित भाषासमेतको नाउँ हो अनि भानुभक्तचाहिँ त्यही बहुस्रोतागत जातीय सांस्कृतिक नवयथार्थका एकान्वयन बिन्दु र प्रतीकसमेत हुन् । त्यसैले भारतीय दृष्टिमा भानुभक्त जातीय चिनारीका प्रतीक कवि हुन् । नेपालका दृष्टिमा भने नेपाली केवल एउटा भूराजनैतिक परिसीमाभित्र बाँधिएको देशको नागरिकता र ती नागरिकले प्रशासनिक आदि प्रयोजनका लागि प्रयोग गर्नुपर्ने संवैधानिक निर्देश प्राप्त 'राष्ट्रभाषा' बुझाउने शब्द मात्र हो । यसरी भारतमा नेपाली शब्दको प्रयोग विश्वव्यापी बृहत्तर नेपाली जाति र समाज तथा यसको चिनारीका मूल सूचक संस्कृति, भाषा र साहित्य बुझाउन गरिन्छ । यस अर्थमा भानुभक्तको कृतित्वले भारतमा ठूलो अर्थविस्तार

पाएको छ । भानुभक्तलाई जातीय विभूतिका रूपमा हेर्ने र स्वीकार गर्ने दृष्टिकोण नेपालमा विकसित देखिँदैन । 'राष्ट्रिय विभूति' का रूपमा उभ्याएर देशको भौगोलिकताभित्र उनलाई सीमित राख्ने प्रयत्न त्यहाँ देखिन्छ । नरेन्द्रराज प्रसाईको यस पुस्तकले पनि विषयलाई त्यही अवधारणाको सीमितताभित्र राखेर व्याख्या गरेको छ र उनले त्यसो गर्नु स्वाभाविक पनि हो ।

पुस्तकमा वर्णित विषय र तर्कबारे अरू अनेक तर्क पेस भइरहन सक्छन् र त्यही सम्भावनाले भानुभक्तको जीवनी र उनका कृतिको नयाँनयाँ व्याख्याको सम्भावना पनि रहिरहन्छ जसले गर्दा ती कहिल्यै यातयाम ठहरिन सक्तैनन् ।

उनलाई आदिकवित्वको उपाधि मोतीराम भट्टले आवश्यक परिभाषासहित दिएका र दार्जिलिङको नेपाली साहित्य सम्मेलनले प्रशासनिक तोक लिई आवश्यक विधिसम्मत रूपमा त्यसलाई स्वीकार गरेको हुँदा त्यसलाई अस्वीकार गर्न चाहनेहरूले पनि उही विधि र विधान अनुसरण गर्नु आवश्यक हुन्छ । कुनै व्यक्ति वा समूहले यदृच्छया स्वीकार नगर्नाको कुनै अर्थ र महत्त्व हुँदैन । नयाँ अनुसन्धानले नेपाली साहित्यका कुलदीपक भन्न सुहाउने उनका समसामयिक वा पूर्वकालीन अरू अनेक कविहरूका कृति प्रकाशमा ल्याए पनि भानुभक्त लोकसङ्ग्रहले ती सबैभन्दा पृथक् र उच्च तहमा रहेका मणिदीपक हुन् अनि त्यसैले उनी आदिकवित्वको मानद उपाधिका सर्वदा योग्य पात्र छन् । यसबारे अरू विवाद गरिरहनु व्यर्थ हो भन्ने नरेन्द्रराज प्रसाईको मन्तव्य व्यावहारिकतापूर्ण छ ।

भानुभक्त र घाँसीको प्रसङ्गलाई पूर्णत: असत्य वा कपोलकल्पित मानेर पन्छाउनुपर्ने प्रयोजन पनि छैन र त्यसो गर्नु न्यायोचित पनि होओइन । कवि ढुङ्गामा सुस्ताएको, बिउँफँदा एक जना व्यक्ति छेवैमा घाँस काटिरहेको, दुवैमाझ बातचित भएको हुनु कुनै अविश्वसनीय कुरा होइन, तर युवाकवि जीवनीकारले त्यसको इतिवृत्त प्रस्तुत गर्दा

उपयुक्त पदावली प्रयोगगराइमा दोष वा त्रुटि रहेको हुन सक्छ; त्यति मात्र ।

भानुभक्तको जन्मसंवत्बारे उठेको विवादको समाधान नरेन्द्रराज प्रसाईले व्यावहारिक तर्कका आधारमा जुन गरेका छन् त्यो सबैलाई स्वीकार्य लाग्नु युक्तिसम्मत हुन्छ । आङ्किक प्रमाणभन्दा लोकप्रचलनको मर्यादा उच्च छ भन्ने उनको तर्क स्वागतयोग्य छ । तर भूमिकामा प्रा.त्रिपाठीले उल्लेख गरेको भानुभक्त आचार्यको जन्म १८७१ वैशाख २९ मा भएको भन्ने (पृ. १७) कुराचाहिँ मेरा लागि एउटा सर्वथा नौलो र निधो गर्नुपर्ने सूचना नै रहेको छ । भारततिर त्यसो मानिएको भन्ने उल्लेखले त मलाई झनै कौतूहलमा पारेको छ । भारतमा भानुजयन्तीको परम्परा दार्जिलिङको नेपाली साहित्य सम्मेलनले बसाएको हो र त्यो आजपर्यन्त अटुट चलिरहेको छ । २९ असार सबैलाई कण्ठस्थ छ ।

प्रत्येक कृति अरू अनेकौँ पूर्ववर्ती र पश्चाद्वर्ती कृतिहरूको अनन्त शृङ्खलामा एउटा कडी मात्र रहने हुँदा जतिसुकै लामो समय र निमेख लगाएर जतिसुकै बृहद् रूपमा तयार पारेको भए पनि त्यो त्यस विषयको पूर्ण, स्वायत्त र अन्तिम कृति कहिल्यै हुन सक्तैन । त्यसो हुन नसक्नुमा नै त्यसको वैज्ञानिकता, सान्दर्भिकता र सार्थकतासमेत रहेको हुन्छ । आफूपूर्वका अपूर्णताहरूको पूरण क्रममा आएको त्यो कृति अरू कति नयाँ अपूर्णताहरू जन्माइराखेर इतिहासमा सामेल हुन्छ । निकै परिश्रम र बुद्धिमत्तापूर्वक तयार पारिएको नरेन्द्रराज प्रसाईको यो भानुभक्तको जीवनवृत्त ग्रन्थ पनि भानुसाहित्यको विराट् र अन्तहीन शृङ्खलामा देखा परेको त्यस्तै एउटा नयाँ, अद्यावधिक र महत्त्वपूर्ण कडी हो । यस्तो महत्त्वपूर्ण कृति हामी नेपाली भाषासाहित्यका पाठक र भानुभक्त आचार्यप्रति जातीय विभूतिका रूपमा श्रद्धाभाव राख्नेहरूलाई प्रदान गरिदिएकामा लेखक नरेन्द्रराज प्रसाई बधाई र अभिनन्दनका पात्र छन् ।



**प्रा.डा.दयाराम श्रेष्ठ**

**जन्म** : २००० साल कात्तिक ८ गते (धनकुटा); **शिक्षा** : एमए, पिएचडी; **कृति** : १८ पुस्तक (समालोचना, प्रबन्ध, सम्पादन); **पुरस्कार** : भानुभक्त पुरस्कार, रूपट पुरस्कार, पञ्चायत रजतजयन्ती पदक, सैन्यध्वज नन्दकुमारी पुरस्कार, महेन्द्र विद्याभूषण (प्रथम), गद्दीआरोहण रजतमहोत्सव पदक, मदन पुरस्कार, प्रतिभा पुरस्कार; **नेपाली केन्द्रीय विभागका पूर्वप्रमुख तथा प्राध्यापक** : त्रिभुवन विश्वविद्यालय ।

# भानुबारे तथ्यानुसन्धान

हाम्रा आदिकवि भानुभक्त आचार्य सम्पूर्ण नेपाली जातिकै एक मिथक बनिसकेका छन् । त्यसैले संसारका जुनजुन ठाउँहरूमा नेपालीहरू पुगेका छन्, त्यहाँका नेपाली मनमा भानुभक्त आचार्यले ठाउँ पाएका छन् । माध्यमिक कालका भानु मोतीराम भट्टले प्रारम्भ गरेका उनको जीवनवृत्तको खोजलाई धेरै नेपाली हातहरूले क्रमश: अगाडि बढाउँदै लैजाने काम सम्पन्न भइसकेको छ । यसबीचमा उनको आदिकवित्वबारे विवादहरू उठे, उनको पहिलो कविता भनिएको ‘भर्जन्म घाँसतिर मन् दिइ...’लाई लिएर नाना शङ्काहरू उठे, गजाधर सोतीकी घर बूढीको पक्षमा उभिएर उनीमाथि अर्काको चरित्र हत्या गर्ने मान्छे भनेर आक्षेप लाग्यो, ‘वधूशिक्षा’को

प्रसङ्गलाई लिएर उनको जन्मजयन्ती नै नमनाउने काम गरियो आदि । तर यति भइसकेर पनि उनी प्रत्येक वर्ष असार २९ गते नेपाली आकाशमा भानु भएर चम्किरहेकै छन्, अर्थात् उनी देशभित्र सांस्कृतिक एकता र देशबाहिर जातीय एकताको मिथक बनेर नेपाली संसारमा अद्यापि जीवित छन् । त्यस्ता व्यक्तित्वको जीवनवृत्तमा तथ्यानुसन्धान गर्ने जुन अनिवार्य आवश्यकताको काम नरेन्द्रराज प्रसाईले आफ्नो 'भानुभक्त आचार्यको जीवनवृत्त' (सं. २०७१) नामक शोधमूलक कृतिमा गरेका छन्, त्यो प्रशंसनीय छ ।

शोधकर्ता नरेन्द्रराज प्रसाईले आफ्नो पुस्तकमा भानुभक्त आचार्यको जीवनवृत्तसम्बन्धी उठाएका मूलभूत मुद्दाहरू यस प्रकार छन्–

१. भानुभक्त आचार्यको जन्मसाल,
२. उनको जागिरमा बाधक बनेका गिरिधारी रानाभाटको भूमिका,
३. घाँसी प्रसङ्ग,
४. मोतीराम भट्टले पहिलोपल्ट छापेको भानुभक्त आचार्यको फोटो र
५. 'वधूशिक्षा'मा प्रयुक्त 'वेश्या' शब्दको पाठभेद ।

उपर्युक्त पाँच प्रसङ्गहरूबारे विमर्श गरेर नरेन्द्रराज प्रसाईले न त आदिकवि भानुभक्तको छविलाई धमिल्याउने प्रयास गरेका छन्, न त उनको सृजनशील प्रतिभाको अवमूल्यन गर्ने धृष्टता नै गरेका छन् । उनले त बरु भ्रम एवम् शङ्का निवारणार्थ अनेक प्रमाण तथा तर्कहरू दिएर उनले पाउँदै आएको उच्च सम्मानलाई अरू प्रामाणिक र सबल बनाउने काम गरेका छन् । शोधकार्य गर्नु भनेकै प्रचलित तथ्यहरूको प्रशोधन, परिष्करण र संशोधन गरेर तथ्यलाई अद्यावधिक पनि बनाउनु हो । नरेन्द्रराज प्रसाई यस कुरामा चुकेका छैनन् । त्यसैले उनले उठाएका उपर्युक्त मुद्दाहरूसम्बन्धी उनको विमर्श हेरौँ–

**१. भानुभक्त आचार्यको जन्मसाल**

सं. १८७१ असार २९ गते, आइतबारलाई नै भानुभक्त आचार्यको जन्मसाल मान्दै आइएकोमा नरेन्द्रराज प्रसाई भन्दछन्– 'भानुभक्तको जन्मवर्ष १८६९ साल हो ।' उनले यस कुराको पुष्टि कविताका यी पङ्क्तिहरूबाट गरेका छन्–

> **चालिस् वर्ष भञा म पुत्र पनि एक् मात्रै छ आठ् वर्षको ।**
> **आयो काल् व्रतबन्धको नजिकमा बेला त हो हर्षको ॥**

भानुभक्तले चालीस वर्षको उमेरमा कुमारीचोकबाट श्री ३ कमान्डर इन-चीफलाई यो श्लोक लेखी पठाएका थिए । यो सं. १९०९ को कुरो हो । नरेन्द्रराज प्रसाई के भन्छन् भने १८६९ मा ४० जोड्दा सं. १९०९ हुन आउँदछ । उनले जन्मसालसम्बन्धी सही तथ्य प्रस्तुत गर्नका लागि यस्तो तर्क अघि सारेका छन्– "भानुभक्त जन्मेको १२७ वर्षपछि उनको जन्मकुण्डलीको विवरण 'भानुभक्त मणिमाला' मार्फत आउनुलाई सजिलै पत्याउने आधार देखिँदैन । जन्मकुण्डलीबारेमा वर्णन गरिएको यो कविता भानुभक्त स्वयम्ले रचना गरेका थिए भन्ने आधिकारिकता पनि कहीँकतैबाट पुष्टि भएको देखिँदैन ।" शोधकर्ता प्रसाईले 'श्री शालीवाहनका समय षडत्रिंशत् भइकन...' भन्ने दस पङ्क्तिको जन्मकुण्डलीसम्बन्धी कविताको रचनामा नै यसरी शङ्का गरेका छन्– "उल्लिखित श्लोकमा न त उनको नाउँ नै छ; न त गाउँ छ र न त जन्मेको साल नै लेखिएको छ; अनि न मेरा कुण्डलीमा देवीभक्त नाउँ थियो र म भानुभक्त भएँ भन्ने नै उनले लेखेका छन् ।" यसरी भावनामा बहेर होइन र भावुक बनेर पनि होइन, प्रमाण र तर्कलाई समातेर शोधकर्ताले आदिकविको सही जन्ममिति पहिल्याउने काम गरेका छन् ।

**२. उनको जागिरमा बाधक बनेका गिरिधारी रानाभाटको भूमिका**

भानुभक्त आचार्य एक सामाजिक प्राणी नै थिए । त्यसैले 'एउटै सिरान गरेर सुतेपछि गोडा लाग्नु' स्वाभाविकै हो । जग्गाको कुरालाई

लिएर भानुभक्तले गिरिधारी रानाभाटजस्ता पहुँचवाला व्यक्तिसँग झगडा गरेर मुद्दा खेपेखेपे, आफ्नो भएको जागिरमा पनि भूकम्प आएको तथ्यलाई अघि सार्दै शोधकर्ता नरेन्द्रराज प्रसाईले लेखेका छन्– "भानुभक्तले जागिर त खाए; तर त्यो बेहोरा उनको वैरी रानाभाटका लागि मन नपर्नु स्वाभाविकै थियो ।" उनले अरू अगाडि के लेखेका छन् भने उनै रानाभाटले सम्बन्धित निकायमा उजुरी गर्नाको कारणले नै उनको दुई वर्षको जागिर चट भयो । उनी लेख्दछन्– "भाट पनि स्थानीय स्तरका नामी र धनी हुनुपर्छ । यही झगडाका कारण, ईर्ष्या र इख पनि शत्रुभावनाका कारण भाटले आफ्नो पहुँच लगाई र भित्री दाउपेचले भानुभक्तलाई थुनाएको हुन सक्छ ।" शोधकर्ताको यस प्राक्कल्पनाले भानुभक्तको जीवनीको एउटा रोचक पाटो प्रकाशमा आएको छ । जीवनीपरक समालोचनाका लागि यो पक्ष एउटा महत्त्वपूर्ण सामग्री बन्न सक्तछ ।

**३. घाँसी प्रसङ्ग**

"भानुभक्त आचार्यको जीवनमा गाँसिएको घाँसीको प्रसङ्ग भानुभक्तका दुई श्लोक कविताबाट प्रेरित भएको मोतीराम भट्टको सुन्दर कल्पनाको परिणाम थियो ।" नरेन्द्रराज प्रसाई यस्तो निष्कर्ष निकाल्दै भन्छन्– "वाराणसीमा मोतीरामको निकै बसउठ थियो । सायद त्यहाँ घाँसको व्यापार हुने पनि गर्थ्यो होला । वाराणसीमा घाँसको किनबेच भइआएको देख्दै आएका कल्पनाशील मोतीरामले तनहुँमा पनि घाँसको खरिदबिक्री गर्ने घाँसी प्रसङ्ग लेखिदिए । मोतीरामले तनहुँ नटेकी, नसुनी र नबुझी वाराणसीको चालचलनका आधारमा यस कथाको बुनोट गरेको हो कि भन्न सकिन्छ ।" उनले घाँसी प्रसङ्गलाई केवल मिथकीय मात्र मानी यस प्रसङ्गलाई भानुभक्तको जीवनमा गाँसिएको एउटा अटल र रमाइलो सिर्जना मानेका छन् । उनको विचारमा यो प्रसङ्ग तत्कालीन नेपाली समाजसँग मेल नखाने भएकाले "मोतीरामले लेखेको 'कवि

भानुभक्तको जीवनचरित्र'को एक रोचक तर कमजोर प्रसङ्ग यो घाँसी पात्रचाहिँ हुँदै हो ।" यसबाट के प्रमाणित हुन्छ भने प्रथम जीवनीकार मोतीरामजस्ता प्रतिभाले लेखे भन्दैमा त्यसका पछाडि 'हो ! हो !' भन्दै दगुर्ने पक्षमा शोधकर्ता प्रसाई लागेका छैनन् । तथ्यानुसन्धानमा प्रमाण जुटाउनै पर्ने कुरामा उनको विश्वास भएकाले घाँसी प्रसङ्ग सत्य नभएर आख्यान मात्र भएको कुरो उनले दाबी गरेका छन् ।

**४. मोतीराम भट्टले पहिलोपल्ट छापेको भानुभक्त आचार्यको फोटो**

मोतीराम भट्टले सं. १९४८ मा प्रकाशित 'कवि भानुभक्तको जीवनचरित्र'मा छापेको भानुभक्त आचार्यको तस्बिर सक्कली नभएको तर्क शोधकर्ता नरेन्द्रराज प्रसाईले दिएका छन् । उनको निष्कर्ष यस्तो छ, "नेपाली पहाडी ब्राह्मण परिवेशमा फेटा बाँध्ने तत्कालीन चलनको सन्दर्भमा र विशेषत: मोतीरामले छपाएको रेखाचित्र वास्तविक फोटो हो भन्ने धारणासँग सहमत हुन नसकिने दरो अभिमत छ ।" भानुभक्तका अर्का जीवनीकार पं.नरनाथ आचार्यको अभिमतलाई पनि खण्डन गर्दै उनले आफ्नो धारणालाई यसरी पुष्टि गरेका छन्– "ठूलाबडाको 'पोट्रेट' बनाइनेबाहेक जनसाधारणका लागि फोटो सर्वसुलभ नभएको तत्कालीन समयमा भानुभक्त आचार्यको आधिकारिक मुहार कसैले प्रस्तुत गर्ने कुरै थिएन... । त्यतिखेर भानुभक्तको व्यक्तिगत या सामूहिक फोटो नेपालमा खिचिएको भन्न नसकिने आधार पनि स्पष्ट छ ।" मोतीराम भट्टले दिएका भानुभक्तको रेखाचित्र काल्पनिक मात्र भएको निष्कर्ष उनले दिएका छन् । जीवनीमा फोटोले थप आकर्षण बढाउने कुरामा विश्वास गरेकाले जीवनीकार मोतीराम भट्टले सोधीखोजी गरेर काल्पनिक नै भए पनि फोटो दिन उत्प्रेरित भएको हुन सक्तछ । जे होस्, नरेन्द्रराज प्रसाईले 'भानुभक्त आचार्यको जीवनवृत्त'का सन्दर्भमा फोटोविषयक यो मुद्दा चर्चामा ल्याउनु जीवनीलाई प्रकाशमा ल्याउने महत्त्वपूर्ण पक्ष हो ।

### ५. 'वधूशिक्षा'मा प्रयुक्त 'वेश्या' शब्दको पाठभेद

**हाँस्नु छैन कदापि नारिहरुले वेश्या हुन्या हाँस्त छन्**
**वेश्या लौ नहउन् तथापि घरको काम ती सबै नास्त छन् ।**

'वधूशिक्षा'का यी पङ्क्तिहरूमा प्रयुक्त 'वेश्या' शब्दलाई 'वैश्या' वा 'वैश्यै' भनी पछिका संस्करणहरूमा छापिएकोमा नरेन्द्रराज प्रसाईले आपत्ति जनाएका छन् । आदिकविका रूपमा राष्ट्रबाट समेत उच्च सम्मान पाएका कारणले राष्ट्रिय विभूति मानिएका भानुभक्तका दोष र कमजोरीलाई ढाकछोप गरी बचाउने धृष्टतास्वरूप यस्तो पाठभेद गरिएको भन्ने मनसाय यी शोधकर्ताले प्रकट गरेका छन् । तसर्थ यससम्बन्धमा उनका अहम् प्रश्नहरू छन्– "तर 'वेश्या', 'वैश्या' अनि 'वैश्यै'मा त धेरै अन्तर पऱ्यो । यस्तो पाठ कसबाट 'वधूशिक्षा' लेखोट सार्दा गल्ती भयो ? भानुभक्तले आफ्नै हस्ताक्षरले यस्तो गम्भीर पाठभेद गरे त ? यसको वस्तुनिष्ठ गम्भीर निर्क्योल नेपाली प्राज्ञिक जगत्ले गर्नु पर्दैन त ? के भानुभक्तका रचनालाई अझैअझै पनि पाठभेद गरेर नै प्रस्तुत गर्नु न्यायोचित ठहर्ला त ? यी हचुवाका भरमा प्रस्तुत गरिएका विचारले भानुभक्तीय रचनामाथि ठूलै अन्याय गरिएको छ ।" प्रयुक्त शब्द अरू कुनै नभएर 'वेश्या' नै भएको उनको जुन ठहर छ, त्यो शतप्रतिशत ठीक हो । त्यस शब्दको व्यङ्ग्यार्थ नबुझिदिनाले बुज्रुक सम्पादक भनाउँदाहरूले पाठभेद गरी छपाउने धृष्टता मात्र गरेका हुन् ।

निष्कर्षमा के भन्न सकिन्छ भने नरेन्द्रराज प्रसाईद्वारा लिखित 'भानुभक्त आचार्यको जीवनवृत्त'ले हाम्रा आदिकविको तथ्यपरक जीवनी लेखनमा अत्यन्त महत्त्वपूर्ण योगदान दिएको छ । यति मात्र होइन यस कृतिले भानुभक्त आचार्यबारे थप तथ्य खोजी गर्ने बाटो पनि खोलिदिएको छ ।



**डा.देवीप्रसाद सुवेदी**

**जन्म** : २००५ साल मङ्सीर १० गते (लमजुङ); **शिक्षा** : एमए, पिएचडी; **कृति** : १२ पुस्तक (समालोचना, निबन्ध, कथा, पाठचपुस्तक); **पुरस्कार** : नइ ईश्वर बराल पुरस्कार, बालकृष्ण सम पुरस्कार, अनेसास उत्कृष्ट ग्रन्थ पुरस्कार, अस्वीकृत पुरस्कार, साहित्य पत्रकारिता प्रेस काउन्सिल पुरस्कार, भद्र घले पुरस्कार; **सहप्राध्यापक** : त्रिभुवन विश्वविद्यालय ।

# सार्थक उपलब्धि

ऐतिहासिक महत्त्वका महान् पुरुषहरूका विषयका जीवनवृत्तहरू जति पुराना हुँदै जान्छन् तिनका विषयमा अरू पनि काल्पनिक घटनाहरू थपिने सम्भावना बढ्दै जान्छ । यसैले त्यस्ता काल्पनिकताबाट व्यक्तिलाई वास्तविकतामा चिनाउन तिनको ऐतिहासिक व्यक्तित्व र कृतित्वको खोजीको आवश्यकता पर्दछ । इतिहासले तथ्यगत आधारहरू खोज्दछ । नेपाली साहित्यका प्रसिद्ध प्राचीन कवि भानुभक्त आचार्यको जीवनवृत्तसँग सम्बन्धित घटना र चरित्रलाई पनि ऐतिहासिकता प्रदान गर्ने प्रयत्नको शृङ्खला पछिल्ला समयमा आएर अरू बढेको छ । त्यस्ता प्रयतनमध्ये नरेन्द्रराज प्रसाईद्वारा लिखित ‘भानुभक्त आचार्यको जीवनवृत्त’ पनि पर्दछ ।

नरेन्द्रराज प्रसाई नेपाली साहित्यको प्रबन्धविधाअन्तर्गत पर्ने जीवनी उपविधाका प्रखर लेखकको नाम हो । वस्तुनिष्ठता, तार्किकता र प्रामाणिकताका पक्षधर बन्दै छोटाछोटा तर गहन वाक्यविन्यासमा स्वकथ्यलाई अन्तर्घुलित गर्ने उनको जीवनी लेखन आकर्षक र हृदयग्राहीसमेत देखा पर्छ । उनीभित्र निहित गीतिरचनात्मकता, निबन्ध-प्रबन्धकारिता र त्यसभित्र छिपछिपे रहेको समीक्षात्मकताले उनीभित्रको बहुमुखी प्रातिभ व्यक्तित्वको परिचय सहज रूपमा पाइँदै आएको छ र जीवनी लेखनमा उनले छोएको उचाइ नेपाली साहित्यिक इतिहासकै एक उच्चतम प्राप्ति रहेको तथ्यलाई उनका झन्डै दुई दर्जन जीवनीमूलक कृतिहरूले उजागर गरेका छन् । तिनै प्राप्तिमध्येको विशिष्ट कृतिका रूपमा उनको यो पछिल्लो कृति 'भानुभक्त आचार्यको जीवनवृत्त' प्रकाशित भएको छ ।

भानुभक्त आचार्य नेपाली साहित्यमा यति धेरै प्रकाशित र महिमामण्डित हुनुमा माध्यमिककालीन शिखर काव्यपुरुष मोतीराम भट्टको विशेष भूमिका रहेको प्रसङ्ग बहुचर्चित रहँदै आएको हो । उनैको कृति 'कवि भानुभक्तको जीवनचरित्र' (वि.सं. १९४८) को फेर समातेर नेपाली साहित्यकार, इतिहासकार, जीवनीकार, निबन्धकार, समालोचक आदि लेखकहरूद्वारा भानुभक्तका विषयमा आआफ्ना प्रकारका शब्दशब्दावलीहरूमा कतै पुनरावृत्तिकथनद्वारा, कहीँ अत्युक्तिकथनद्वारा, कहीँ अन्वेषणात्मक ढङ्गबाट र कहीँ नीरक्षीर विवेचनात्मक शैलीमा भानुभक्त आचार्य र उनका कृतिहरूलाई श्रद्धापूर्ण अध्ययन गर्ने, अध्ययनपूर्व मनन गर्ने र आआफ्ना पठनमननवृत्तिद्वारा उजिल्याउने कार्य हुँदै आएको छ । त्यस्ता कार्यको पछिल्लो कडीका रूपमा नरेन्द्रराज प्रसाईकृत 'भानुभक्त आचार्यको जीवनवृत्त' लाई लिन सकिन्छ ।

नरेन्द्रराज प्रसाईको प्रस्तुत जीवनपरक कृति खण्डनमण्डनात्मक पद्धतिमा लेखिएको छ । भानुभक्त आचार्यका जीवनीका विषयमा

कलम चलाउने आफ्ना पूर्ववर्ती जीवनी लेखकका कृतिमाथि तार्किक र प्रामाणिक ढङ्गले प्रस्तुत भएको यस जीवनवृत्तले नेपाली जीवनी लेखनको इतिहासमा आफ्नै प्रकारको मानक कायम गरेको छ । अनुष्ठानिक सूची र सन्दर्भस्रोतलाई छाडी बाह्र उपशीर्षकहरूमा बाँधिएको यस जीवनवृत्तले भानुभक्तको जीवनीसन्दर्भमा उठेका कतिपय विवादित विषयहरूलाई तार्किक रूपमा खण्डन र आफ्नो मतको मण्डन गरे पनि यसले भानुभक्तका विषयमा उठेका प्रश्नहरूको समाधानका निम्ति प्रायजसो मोतीराम भट्टकै पदचिह्नलाई पछ्याउने कुरालाई प्राथमिकताका साथ लिएको पाइन्छ ।

प्रथमत: मोतीराम भट्टले आफ्ना अग्रज काव्यप्रतिभा भानुभक्त आचार्यको जीवनी रचना गर्नुका पछाडि भानुभक्तीय काव्य र पूर्वज प्रतिभाप्रतिको श्रद्धाभाव प्रमुख कारक रहेको बुझ्न सकिन्छ । दोस्रोमा मोतीराममा उद्बुद्ध काव्यिक गुणग्राहितालाई लिन सकिन्छ । मोतीरामको भानुभक्तप्रतिको श्रद्धाभावले भानुभक्तको कवित्वको उद्बोधनमा घाँसीको प्रेरणागत घटनावृत्तको परिकल्पनालाई सघायो । अनि 'भर्जन्म घाँस ....' 'चपला-अबला..... ' जस्ता कविताद्वारा भानुभक्तमा निहित सामान्य मानिसबाट समेत जीवनको महान् उत्सर्गमा लाग्ने प्रेरणा लिन सक्ने र आफ्नो मातृभूमिको सौन्दर्यलाई कल्पनाका अलौकिक आँखाले हेर्ने दृष्टि प्रदान गऱ्यो । भानुभक्तका तिनै कृतित्वलाई र सरल र सुबोध नेपाली भाषाका उनको रचनाशिल्पहरूलाई कसीमा पारख पार्दै मोतीरामले भानुभक्तलाई आदिकविको उपाधि दिएको पाइन्छ ।

भानुभक्त आचार्यको उक्त जीवनीसँग जोडेर मोतीरामले उनका कतिपय स्फुटपद्यको आख्यानीकरण पनि गरेका हुन् । जीवनीकार नरेन्द्रराज प्रसाईले भने त्यस प्रकारको आख्यानीकरणलाई लिएर कतिपय सन्देहास्पद प्रश्नहरू पनि उठाएका छन् । यसरी प्रसाईले मोतीराम भट्टद्वारा रचित भानुभक्तको जीवनीसँग सम्बन्धित केही

पक्षहरूमा आफ्नो मौलिक सोचलाई अगाडि बढाउने जमर्कोसमेत गरेका छन् । तर निष्कर्षमा भने उनले भानुभक्तका जीवनीगत तथ्यहरूबारे अनावश्यक तर्कवितर्क गर्नुको प्रयोजनहीनतालाई आँखा चिम्लेर स्विकारेका पनि छन् ।

प्रस्तुत जीवनवृत्तका लेखक नरेन्द्रराज प्रसाईमा पनि भानुभक्त आचार्यप्रति निहित श्रद्धाभावले भानुभक्तविषयक कतिपय विवादस्पद विषयहरूलाई गौण रूपमा पन्छाई भाषासाहित्यका ती प्रतिभाको महानतालाई केन्द्रबिन्दुमा राख्दै उनको जीवनीमाथि प्रकाश दिने मनोभावले प्रमुखता पाएका सन्दर्भमा यस कृतिले जन्म लिएको भन्न सकिन्छ । भानुभक्तको जीवनीका लागि उनका भतिजा रामदत्तद्वारा पाएका सूचनालाई आधार मान्ने मोतीरामको प्रस्तुतिलाई तथ्यगत ठान्नु भानुभक्तकी नातिनी विष्णुमाया र चुँदीरम्घाकै अर्का आचार्यवंशज नरनाथद्वारा लेखिएका भानुभक्तविषयक कतिपय कथ्यहरूलाई मिथ्या मान्नुजस्ता कुराहरूले यस जीवनवृत्तका लेखकले टेक्ने मुख्य आधार मोतीराम नै रहेको देखा पर्छ । त्यसो त मोतीरामद्वारा सिर्जित भानुभक्तको घाँसीसँग सम्बन्धित कथालाई मिथकीय प्रकारको देखाउन जीवनवृत्तका लेखकले इतिहासकार बाबुराम आचार्य र टुकराज-पद्मराज मिश्र आदिका कथनसन्दर्भका साथै तत्कालीन सामाजिक परिस्थितिको समेत लेखाजोखा गरेका छन् । यहाँ पनि प्रसाईले विष्णुमाया-नरनाथप्रभृतिका अभिमत र लेखनको प्रतिवाद गरेका छन् र उनले मोतीराम भट्टको घाँसीविषयक जीवनीअंशसँग नरम शब्दावलीमा असहमतिसमेत व्यक्त गरेका छन् । यस कार्यले घाँसीविषयक दुईश्लोके स्फुटपद्य पनि भानुभक्तको नभई मोतीराम स्वयम्ले भानुभक्तका नाममा लिखित भन्नुपर्ने आधार तयार गर्ने जमर्को यहाँ भएको छ ।

नरेन्द्रराज प्रसाईद्वारा लिखित 'भानुभक्त आचार्यको जीवनवृत्त'ले भानुभक्त आचार्यमाथि दिइएको 'आदिकवि' उपाधिलाई भने उनको

भाषिक योगदानका सन्दर्भमा विशेष विवेचना गरेको पाइएन । उनीभन्दा अघिका वसन्त शर्मा, यदुनाथ, रघुनाथ पोखरेल आदि कविहरूका कवितामा पाइने अन्य आधुनिक भारतीय आर्यभाषाको मिश्रित प्रभावभन्दा पृथक् धारमा रही सर्वप्रथम भानुभक्तले नेपाली भाषाको मानक स्वरूपमा कविताकाव्य रचना गर्नाले उनको आदिकवित्व स्थापित भएको हो । नेपाली भाषाको तत्कालीन मानक स्वरूप भन्नु अन्य भारतीय आर्यभाषाको प्रभावबाट लगभग मुक्त रही लेखिएको शुद्ध स्वरूप हो र भानुभक्त त्यस स्वरूपमा कविता रचना गर्ने प्रथम नेपाली कवि हुन् । यसैले भानुभक्तको आदिकवित्व र लौकिक संस्कृत भाषाका प्रथम कवि वाल्मीकिको आदिकवित्वलाई एउटै अर्थमा लिन मिल्दैन । वाल्मीकिले वैदिक संस्कृत परम्पराभन्दा अघि बढेर पाणिनीय संस्कृत व्याकरणका आधारमा सर्वप्रथम लौकिक संस्कृत भाषामा कविताको रचना गरेका हुन् र भानुभक्तले नेपाली भाषाभित्रै व्याप्त रहेको हिन्दी, गुजराती, बङ्गाली, मराठी आदि नेपालीका भगिनी भाषाहरूको प्रभाव ग्रहण गर्ने परम्पराबाट नेपालीलाई मुक्त राखी कविताको रचना गरेका हुन् । भानुभक्तका कविताको भाषा प्राचीन नेपाली नै हो र त्यसलाई वाल्मीकिको लौकिक संस्कृत भाषाको रचनासँग तुल्य मान्न सकिँदैन । आफ्ना पूर्ववर्ती वा समकालीन अन्य कविहरूभन्दा भानुभक्त यस अर्थमा नेपाली भाषाका प्रथम कवि बनेका हुन् ।

भानुभक्तको घाँसीविषयक स्फुटपद्यलाई झैँ 'चपला अबला....' कवितालाई पनि सन्देहास्पद आँखाले हेर्ने लेखकहरू पनि नभएका होइनन् । 'चपला अबला....' कविताका कवि र 'वधूशिक्षा' का कविका बीच नारीलाई हेर्ने दृष्टिकोणमा पाइने पार्थक्यले पनि त्यस प्रकारको सन्देह उठाएको हुन सक्छ । अथवा पहाडी दुर्गम भेगबाट भर्खर काठमाडौँ प्रवेश गरेका कविले कान्तिपुरी नगरीलाई लन्डन, चीन, भोट, मदरास आदि नगरीसँग तुल्य देख्नुलाई अस्वाभाविक मानेको

हुन सक्छ । तर मोतीरामले भानुभक्तकै भनी ठम्याएका पद्यहरूलाई हामीले कुन आधारमा होइनन् भनी ठम्याउने ? भन्ने प्रश्न पनि पेचिलै छ । पहाडको तनहुँ जिल्लाबाट काठमाडौँ आएका कविले यहाँ प्रवेश गर्दा र बस्दाका क्रममा प्रथमतः आफ्नै बसोबास नजिकको बालाजीको सुन्दर दृश्यलाई रचनामा भित्र्याउने र पछि काठमाडौँको खुला परिवेश र बनारस आउँदाजाँदाको क्रमले उनी लन्डन, दिल्ली, पटना, भोट, चीनसम्मलाई कान्तिपुरीसँग तुल्यता देख्ने तहसम्म विस्तारित बने । यसमा उपर्युक्त नगरीहरूको कल्पनाशीलता एउटा कविका लागि अस्वाभाविक पनि होइन ।

प्रस्तुत जीवनवृत्तमा मोतीराम भट्टरचित ‘कवि भानुभक्तको जीवनचरित्र’को मुख्य स्रोत भानुभक्तकै भतिजा रामदत्त हुन् भन्ने उल्लेख पटकपटक भएको छ । मोतीरामले रामदत्तद्वारा प्राप्त सूचनाबाहेक अन्य स्रोत पाउन नसकेका सन्दर्भमा मोतीरामद्वारा लिखित उक्त जीवनीगत तथ्यलाई पनि आंशिकतामा स्वीकार्नुपर्ने हो कि ? भन्ने प्रश्न पनि नउठ्ने होइन । त्यसमा थप कुरा मोतीरामको कल्पनाशीलता र उनको भानुभक्तप्रतिको श्रद्धाभाव पनि जीवनी लेखनका लागि उत्प्रेरक कारक बन्न पुगेको कुरा पनि सहज अनुमानको विषय हुँदै हो । त्यसमा मोतीरामको कवित्वले फूलबुट्टाको काम गरेको हुने सम्भावना पनि विचारणीय छँदै छ । यिनै सन्दर्भगत विषयसामग्रीको सेरोफेरोमा रही गरिएको चर्चापरिचर्चाले पनि यस जीवनवृत्तमा स्थान पाएको छ । मोतीरामपछि लेखिएका भानुभक्तको जीवनसँग सम्बन्धित ‘जीवनी लेखन र अन्य कतिपय’ लेखकहरूमा पाइने पूर्वाग्रह, पक्षधरता, मनोगतता एवम् पाण्डित्यप्रदर्शनका झिल्काझिल्कीहरूलाई पनि यथास्थानमा कोटयाउँदै प्रसाईले आफ्ना अभिमतहरूलाई अगाडि सारेका छन् । उक्त सन्दर्भमा भानुभक्तको ‘वधूशिक्षा’मा पाइने ‘हाँस्नू छैन कदापि नारिहरुले वेश्या हुन्या हाँस्तछन्’ पद्यपङ्क्तिमा रहेको वेश्या शब्दलाई लिएर चुँदीरम्घाका आचार्य

वंशजहरूले उक्त शब्दलाई भाँचीकुँची गरी भानुभक्तले वैश्या अर्थात् वैश्यावर्णका नारीका अर्थमा प्रयोग गरेका हुन् भनी गरेको बचाउ अर्थहीन रहेको विषयलाई पनि जीवनीवृत्तकार प्रसाईले उधिनेका छन् । भानुभक्तले लेखेका भनी जेजति पद्यसामग्रीहरू प्रकाशमा आएका छन् तिनमा तत्कालीन समाजको प्रतिबिम्ब पाइनु स्वाभाविकै हो । भानुभक्तजस्ता ग्रामीण र कुलीन ब्राह्मण परिवारमा जन्मेहुर्केका कविका कविताले आदिआचार्य मनुका 'नस्त्री स्वातन्त्र्यमर्हति' को परम्परालाई पछ्याउनु स्वाभाविक थियो । अहिलेका सामाजिक परिवर्तनका संवाहक ब्राह्मणहरूका आँखाले भानुभक्तलाई स्त्रीस्वतन्त्रताका विरोधीका रूपमा हेर्नु आफ्नै पुर्ख्यौली इतिहास र वंशपरम्परालाई नबुझ्नु हो र ती पुर्खाका कार्य र कथनलाई अहिलेको सामाजिक स्थितिअनुकूल बलात् सच्याउनु इतिहासलाई बङ्ग्याउने निरर्थक प्रयास मात्र हो ।

प्राक्कथन, भूमिका र सन्दर्भस्रोतबाहेक ७४ पृष्ठ (तस्बिरसमेत) मा लेखिएको नरेन्द्रराज प्रसाईको 'भानुभक्त आचार्यको जीवनवृत्त' मोतीराम भट्ट र उनीपछिका कतिपय जीवनीकार, समालोचक, निबन्धकार आदि लेखकहरूका मतअभिमत, विवेचना, विश्लेषण आदिलाई पर्गेल्दै भानुभक्तको जीवनका सत्यतथ्य पहिल्याउन गरिएका प्रयत्नको सार्थक उपलब्धि हो । तर यो निर्णायक प्राप्ति भने होइन । यस जीवनवृत्तले भानुभक्त आचार्यका विषयमा आउँदा दिनहरूमा गरिने खोज र अनुसन्धानका लागि विशाल मार्ग खोलिदिएको छ । यस कठिन खोजपरक कार्यका लागि वरिष्ठ जीवनीकार नरेन्द्रराज प्रसाई साधुवादका पात्र हुनुहुन्छ ।




**डा.पुष्प शर्मा**

**जन्म** : १९५८ जनवरी १५ (दार्जिलिङ, भारत); **शिक्षा** : एमए, पिएचडी; **कृति** : ४ पुस्तक (समालोचना, सम्पादन, पाठचपुस्तक); **पत्रिका सम्पादन** : क्षितिज, नवदीप, हाम्रो उपहार; **पुरस्कार** : भानुभक्त प्रज्ञा पुरस्कार, भानुभक्त स्वर्णपदक, त्रिमूर्ति पुरस्कार, विश्व नारी नेपाली साहित्य पदक, सिक्किम साहित्य सम्मान; **प्राध्यापन** : सिक्किम विश्वविद्यालय (भारत); भारतका लागि नेपाली साहित्यिक दूत (त्रिमूर्ति निकेतन)।


# तथ्यपरक निष्कर्ष

नेपाली साहित्यका लागि २०७१ साल फलदायी रह्यो । सन् २०१४ मा आदिकवि भानुभक्त आचार्य दुई सय वर्षका भए । यस अवसरमा विश्वभरिका नेपाली भाषाभाषी र जातिहरू भव्यतासँग कविको जन्मजयन्ती मनाउने उद्देश्यमा एक भई जुटे । कविको द्विशतवार्षिकी पालन गर्ने यो एउटा विशाल ऐतिहासिक क्षण थियो । बर्सेनी कविको जन्मोत्सव पालन गरेर नेपाली भाषासाहित्य, संस्कृतिको समृद्ध पहिचानलाई निरन्तरता दिइने पहल पनि निश्चय नै प्रशंसनीय रहेको छ । आदिकविको जन्मजयन्ती अमरीकरणको योभन्दा ठूलो प्रमाण के हुन सक्छ ? नेपालसाहित्यलाई विभिन्न आयामबाट टेवा पुऱ्याउनु सक्रिय रहने नेपाली जातिको समृद्ध

सांस्कृतिक परम्पराको यस्तो दीर्घकालीन प्रमाण र पहिचान अरू के हुन सक्छ ?

आदिकवि भानुभक्त आचार्यको द्विशतवार्षिकीका अवसरमा विशेषतः भारत नेपाल दुवैतिरबाट राज्यस्तरीय, राष्ट्रस्तरीय, अन्तर्राष्ट्रस्तरीय रूपमा भानुभक्त विषयमा विभिन्न साहित्यिक र सांस्कृतिक कार्यक्रम, कार्यशाला, काव्यगोष्ठी, चित्रकला प्रदर्शनी, निबन्ध प्रतियोगिता, वार्ताविमर्श आदिको आयोजना गरिएको प्रायः सर्वविदितै थियो ।

द्विशतवार्षिकीकै छेक पारेर आदिकवि भानुभक्तसम्बन्धी महत्त्वपूर्ण कृतिहरू प्रकाशन गरियो । सन् २०१४ सालमै एकै चोटि तीनतीनवटा उम्दा र उत्कृष्ट पुस्तकहरू प्रकाशन गरियो । यस दिशामा नेपाल सरकारको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले भानुभक्त आचार्य द्विशतवार्षिकी समारोह समितिका सौजन्यमा नइ प्रकाशनबाट नरेन्द्रराज प्रसाई र प्रा.डा.महादेव अवस्थीको सम्पादनमा 'भानु विमर्श' नामक गहन ग्रन्थ प्रकाशन गरायो । प्रस्तुत पुस्तकमा पनि भारत नेपाल दुवैतिरका लेखक समालोचकका महत्त्वपूर्ण आलेखहरू प्रकाशन गरियो । यसरी नै समालोचक रजनी ढकालले 'वधूशिक्षा : विश्लेषण र मूल्याङ्कन' नामक पुस्तक नेपाल सरकारको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सौजन्यमा नइ प्रकाशनबाट प्रकाशित गराइन् । प्रस्तुत पुस्तक 'वधूशिक्षा'माथि प्रथम चोटि लेखिएको सिङ्गो पुस्तक रहेको छ । त्यसैले यसको पनि ऐतिहासिक महत्त्व रहेको छ ।

भारतपट्टिबाट पनि आदिकवि भानुभक्त आचार्यको द्विशतवार्षिकीलाई फलदायी बनाउने उद्देश्यले प्रा.डा.घनश्याम नेपालको सम्पादनमा नेपाली साहित्य संस्थान सिलिगुडीबाट 'भानुभक्तीय कृति: द्विशतीय दृष्टि' प्रकाशित भयो । यसै क्रममा नरेन्द्रराज प्रसाईको 'भानुभक्त आचार्यको जीवनवृत्त' नामक ग्रन्थ नेपाल सरकारको संस्कृति,

पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सौजन्यमा नइ प्रकाशनबाट प्रकाशित गरियो । यस्ता बहुमूल्य पुस्तक लेखन, प्रकाशन नेपाली साहित्यको श्रीवृद्धिका दिशामा अत्यन्त महत्त्वपूर्ण एवम् उपलब्धिपूर्ण मानिन्छ । यस्ता पहलहरूले एउटा समृद्ध र समुच्चा साहित्यको पहिचान दिँदै छ । विश्वसाहित्यको मानचित्रमा नेपाली साहित्यलाई चिनाउने र उठाउने यस्तो प्रयत्न निश्चय नै प्रेरणादायी र प्रशंसनीय मानिन्छ ।

यसै सिलसिलामा नरेन्दराज प्रसाईको 'भानुभक्त आचार्यको जीवनवृत्त'को कृतिबारे समीक्षात्मक अभिमत प्रस्तुत गर्ने तरखरमा लागेकी छु । यससँगै सम्बन्धित जीवनीपरक लेखनको इतिहास परम्परा, आवश्यकता र औचित्यका बारेमा एकक्षण सोच्न सान्दर्भिक ठानेको छु ।

साहित्यमा जीवनीपरक लेखनको छुट्टै महत्त्व र महिमा रहेको छ । नेपाली भाषा र साहित्येतिहासमा जीवनीपरक लेखनको परम्परा मोतीराम भट्टले लेखेका 'भानुभक्त आचार्यको जीवनचरित्र' बाट थालिएको हो भन्ने विद्वान्हरूको भनाइ रहेको पाइन्छ । स्रष्टाले गरेका सिर्जनाको महत्त्व र उपलब्धिलाई मूल्याङ्कन र मान्यता दिइने र स्रष्टाको जीवनचरित्रलाई सार्वजनिक गरिने यो एउटा अत्यन्त उपयोगी पहल हो । स्रष्टाका जीवन र जीवनोपयोगी क्रियाकलाप, तिनले आफ्ना जीवनकालमा कमाएका यश, कीर्ति, वृत्तितृप्तिजस्ता उपलब्धिहरूलाई लिएर धेरै विद्वान्, विचारक, समालोचक तथा जीवनी लेखकहरूले विभिन्न भाषासाहित्यमा जीवनीपरक समालोचनात्मक कृति, निबन्ध आदि सृजना गरेको पाइन्छ । मोतीराम भट्टले सर्वप्रथम कवि भानुभक्त आचार्यबारे भानुभक्तको जीवनचरित्र लेखेपछि पुस्तकाकार रूपमा चाहिँ यस दिशामा लेखनकार्य निकै ढिलाएर मात्रै थालिएको पाइन्छ ।

बाबुराम आचार्यले पृथ्वीनारायण शाहबारे, डा.दयाराम श्रेष्ठ 'सम्भव' ले उदयानन्द अर्यालबारे, पारसमणि प्रधानले पनि कवि

भानुभक्त आचार्यबारे, कमल दीक्षितले कृष्णप्रसाद रेग्मीबारे, जगत छेत्रीले रूपनारायण सिहंबारे लेखेका टिप्पणीमूलक जीवनीका क्रमागत विकास परम्परा र इतिहास हेर्दा नेपाली साहित्यका साहित्यिक युगपुरुषहरूको परिचयसम्म दिन सक्ने जीवनीपरक लेख आदि लेखिँदै आएको देखिन्छ । यसै क्रमलाई अऋ विस्तृति दिएर वैज्ञानिक ढङ्गले प्रस्तुत गरिएको उल्लिखित कृति 'भानुभक्त आचार्यको जीवनवृत्त'को आफ्नो अलग्गै ऐतिहासिक महत्त्व रहेको ठान्दछु ।

'अठतीस अनौठा अनुहार', 'केही चर्चित अनुहार', 'पारिजातको जीवनकथा', 'शताब्दी पुरुष: सत्यमोहन जोशी' 'पारिजात', 'लैनसिंह बाङ्देल', 'दौलतविक्रम विष्ट', 'कोइलीदेवी', 'कीर्तिबाबु', 'महाकवि देवकोटा', 'रोहित' तथा 'वानीरा गिरी' प्रभृति सर्जक कलाकारहरूबारे खोजपूर्ण, अनुसन्धानपरक जीवनीग्रन्थ लेखनले प्रसाईलाई यस दिशामा अग्रणी जीवनीकारका रूपमा चिनाइसकेको छ । यसरी आधुनिक नेपाली जीवनी लेख्ने लेखकहरूमध्ये मूलत: साहित्यका श्रेष्ठ सर्जकहरूका जीवनशैली र तिनका नालीबेली लेख्ने, अनुसन्धान गर्ने, समालोचकका रूपमा उनी धेरै चर्चित रहेका छन् । उनको समालोचनात्मक दृष्टिकोण र प्रवृत्तिमूलक विशेषता प्रभाववादी रहेको छ । उनका सैद्धान्तिक एवम् प्रायोगिक समालोचनाहरू प्राय: विश्लेषणमूलक रहेको छ । ताप्लेजुङमा जन्मेर हुर्केका र काठमाडौँलाई साहित्यको कर्मस्थल बनाइसकेका प्रसाई नेपाली साहित्यका बहुसङ्ख्यक पुस्तक प्रकाशन, पत्रपत्रिका सम्पादन, पुस्तक लेखन कार्यमा समर्पित रहेका छन् । उनको व्यस्तता र साहित्य साधना एउटा अनौठो उत्तरदायित्व र सोख भएर उनीभित्र झाँगिएको बोध हुँदैछ ।

आफ्नो साहित्यिक जीवनयात्रामा विशेषत: जीवनी लेखनमा केन्द्रित रहेर आफ्नो नाउँ स्थापित गरिसकेका जीवनी लेखक प्रसाई सृजनाका अन्य विधा र क्षेत्रमा पनि समानान्तर स्थापित भैसकेका छन् । आजसम्म प्राप्त जानकारीअनुसार प्रसाईकृत निबन्ध, जीवनी,

गीत समीक्षा, पुस्तक सम्पादन गरी जम्मा ६ दर्जनभन्दा बढी पुस्तकाकारका रूपमा प्रकाशित छन् भने आठवटा श्रव्यकृतिसमेत प्रकाशित गरेर सार्वजनिक गराइसकेका छन् । सिर्जनाका यति बृहत् भण्डारका मालिक विभिन्न पद र सम्मानले पनि विभूषित भइसकेका प्रसाई लेखन, सम्पादन र प्रकाशन कार्यमा मात्र सीमित नरहेर साहित्यको श्रीवृद्धिका लागि संस्थागत रूपमा पनि उत्तिकै सक्रिय देखिन्छन् ।

आजका दिनसम्म सबभन्दा अग्रणी भूमिका निर्वाहसँगै सक्रिय रहेका प्रसाई निम्नलिखित क्रियाकलापहरूका कारण प्रचलित रहेका छन्– भाषासाहित्यका उत्तरोत्तर विकास, संरक्षण, संवर्धन हेतु विभिन्न क्रियाकलापमा तीनचार दशकदेखि निरन्तर जुटेर अथक ऊर्जा, श्रम दिने साहित्यगत, समाजगत, संस्थागत र व्यक्तिगत चारै हैसियतमा गुणात्मक, सङ्ख्यात्मक परिणाममा योगदान दिने । जीवनी लेखनलाई एउटा सिद्धान्तमा बाँधेर लेख्ने दीर्घाका प्रथम सूचीका हकदार । साहित्यसाधकहरूका परिचयात्मक जीवनवृत्तका कृतिसङ्ग्रहहरूको प्रकाशन गरेर सबैका आआफ्ना परिचय र मूल्यको कदर गर्ने ।

त्रिमूर्ति निकेतनसँगको तालमेल र सहभागितामा विश्व नारी नेपाली साहित्य सम्मेलनजस्तो बृहत् सम्मेलनको आयोजना गरेर सम्मान दिनेजस्ता महत्तम कार्य गर्नु उनको थप विशेषता रहेको छ त्यसैले प्रसाई थप प्रतिष्ठाका हकदार पनि छन् ।

प्रस्तुत 'भानुभक्त आचार्यको जीवनवृत्त' प्रसाईको २०७१ सालमा प्रकाशित एउटा सिङ्गो जीवनी साहित्य हो । यसका मूलपाठअन्तर्गत जम्मा बाह्र अध्याय रहेका छन् । परिशिष्टमा अनुष्ठानिक सूचीका रूपमा छ ओटा विशेष सामग्री र भानुभक्तका पाण्डुलिपि भएको छायाचित्र, कवि भानुभक्त, कवि मोतीराम भट्ट, कवि भानुभक्तका नाति रमानाथ आचार्य र नातिनी विष्णुमायाका गरी जम्मा पाँच ओटा तस्बिरका प्रतिकृति राखिएका छन् । त्यसपछिका

पृष्ठहरूमा सन्दर्भस्रोतका रूपमा वर्णानुक्रमी सन्दर्भस्रोत र कृतिहरूको विवरण दिइएको छ । उल्लिखित ग्रन्थको बाह्रौँ अध्यायमा कवि भानुभक्तका पुर्ख्यौली नालीबेली केलाउँदै उनका अग्रज र अनुज पिँढीका सन्तानहरूको वंशावलीको पूर्ण विवरण दिइएको छ । यसरी प्रस्तुत ग्रन्थका प्राग्भाग र प्राक्कथनभागपछि क्रमश: मूलपाठका रूपमा भानुभक्तका जीवनीगत विषयसन्दर्भ यस प्रकार दिइएको छ ।

जम्मा १४७ पृष्ठमा संरचित मझौलो आयामको प्रस्तुत ग्रन्थमा आवरण पृष्ठ तथा मुखपृष्ठका आवरण र ऊर्ध्व पृष्ठसहित जम्मा आठ पृष्ठ जोड्न सके १५१ पत्ताहरूमा प्रस्तुत ग्रन्थ संरचित छ । मूलत: नइ प्रकाशनको पक्षमा प्रकाशकीय, विषयसूचीका रूपमा भूमिकाअन्तर्गत नरेन्द्रराज प्रसाईकृत 'भानुजीवनी : सन्दर्भ र अभिमत'मा प्रा.डा.वासुदेव त्रिपाठीले प्राज्ञिक मन्तव्य र विवेचना गरेका छन् । प्रा.डा.महादेव अवस्थीले 'सर्वाधिक गहकिलो र विश्वसनीय कृति' मा नरेन्द्रराज प्रसाईको साधनालाई उपयुक्त न्याय दिँदै उनको कार्यको विशेष सराहना र वकालत गरेका छन् ।

प्रा.केशव सुवेदीले 'भानुभक्तमाथि ऐतिह्य तथ्यहरू' शीर्षकअन्तर्गत खूबै सारगर्भित विवेचना गरेका छन् । ११ पृष्ठदेखि ४५ पृष्ठसम्मका मन्तव्यहरूमा प्रा.डा.वासुदेव त्रिपाठीले नरेन्द्रराज प्रसाईद्वारा लिखित 'भानुभक्त आचार्यको जीवनवृत्त'नामक जीवनीकृतिका अनेक वैशिष्ट्यमध्येको एक मुख्य वैशिष्टच मान्दै मोतीराम भट्टले सन् १९४८ मा प्रकाशित गरेका 'कवि भानुभक्तको जीवनचरित्र'को झन्डै सवा सय वर्षको समयपछि प्रस्तुत हुनुलाई एउटा ऐतिहासिक संयोग, गौरवी पहिचान मानेका छन् । मोतीरामकृत भानुजीवनी भानुबारेको प्रथम जीवनीकृत थियो भने प्रसाईकृत प्रस्तुत भानुजीवनी अद्यावधिक मानक भानुजीवनी हुन पुगेको कुरा प्रा.डा.त्रिपाठीले जाहेर गरेका छन् ।

प्रा.डा.महादेव अवस्थीले प्रस्तुत जीवनीमा प्रसाईले वस्तुनिष्ठ, प्रामाणिक तर्कसङ्गत तथ्य र भानुजीवनीका कतिपय सूचनाको नवीन प्राज्ञिक प्रतिपादन एवम् संस्थापन गरिदिएको कुराको जानकारी दिँदै मोतीराम भट्टकृत 'कवि भानुभक्तको जीवनचरित्र' नामक जीवनी ग्रन्थपछिको यस कृतिलाई सर्वाधिक गहकिलो र विश्वसनीय कृति मानेका छन् ।

प्रा.डा.केशव सुवेदीले आफ्नो मन्तव्यमा प्रसाईद्वारा लेखिएको प्रस्तुत जीवनवृत्त तथ्यपूर्ण रहेको छ भन्ने तर्क पेस गरेका छन् । प्रस्तुत कृति कवि भानुभक्तसँग जोडिएका तथ्यहरूको तार्किक खण्डनमण्डन र भानुले बिताएका जिन्दगीका नयाँ परिधानका तथ्यपूर्ण सूचनाहरूको सम्परीक्षण र परिमार्जन गरिएको जीवनवृत्तान्तबाट पाठक समुदायलाई नयाँ स्वाद र भिन्नै अनुभव दिन्छ भन्ने मत जाहेर गरेका छन् ।

पुस्तकको पछिल्लो पातामा डा.कविता लामाको मन्तव्य पनि सारगर्भित रहेको छ । कवि भानुभक्त आचार्यसम्बन्धी मोतीराम भट्टकृत जीवनीले निर्माण गरेको बलियो घडेरीपछि जीवनी लेखन परम्परालाई गतिशीलता दिँदै लेखिएको प्रस्तुत ग्रन्थ शोधमूलक रहेको र नवीन तथा महत्त्वपूर्ण माइलखुट्टी साबित भएको तर्क डा.लामाले पेस गरेकी छन् । यस प्रकार प्रस्तुत पुस्तक युगसापेक्ष, समयसान्दर्भिक तथा वर्तमान समयको आवश्यकता परिपूर्तिलाई ध्यानमा राखेर लेखिएको हो भन्ने दाबीलाई पुष्टि गर्न माथि उल्लिखित विद्वान्हरूको मतले विशेष बल र समर्थन दिएको अनुभव गर्दछु ।

यसरी प्रस्तुत ग्रन्थका मूल पाठका विषयअन्तर्गत क्रमशः 'भानुभक्तको जन्मसन्दर्भ', 'भानुभक्तको शिक्षादीक्षा', 'भानुभक्तसँग गिरिधारीको झगडा', 'भानुभक्तको जागिर र कुमारीचोकमा थुना', 'भानुभक्तको सम्मान', 'भानुभक्तको जीवनमा घाँसी', 'भानुभक्तलाई मोतीरामको खाँचो', 'भानुभक्तको कान्तिपुर प्रवेश', 'भानुभक्तको

देहावसान', 'भानुभक्तका कृति', 'भानुभक्तको जन्मकुण्डली' र 'भानुभक्तको वंशावली' गरी जम्मा बाह्र ओटा मूलपाठहरू राखिएको छ ।

कवि भानुभक्तका वन्दनामा श्रद्धाञ्जलिस्वरूप कवि पं.शिरोमणि लेखनाथ पौड्यालद्वारा रचित श्लोकबाट थालनी गरिएको प्रसाईको लेखकीयमा 'भानुभक्त केही होइनन् तर उनी नेपाली भाषाका परमात्मा हुन्' भन्ने बालकृष्ण समको भनाइलाई उल्लेख गरेर आफ्नो अडानलाई अझ बलियो, सान्दर्भिक र तथ्यपूर्ण बनाएका छन् । प्रस्तुत जीवनी ग्रन्थलाई पूर्णता दिन भगीरथ प्रयास गरेको कुरा लेखकीयमा सङ्केत गरिएकोबाट पनि थाहा लाग्दछ यो काम बडो लगन र साहसको प्रतिफल रहेको छ । यसअन्तर्गत प्रसाईले भानुजयन्ती मनाइने परम्पराको थालनी कहिलेदेखि भएको हो भन्ने ऐतिहासिक तथ्य र प्रमाण फेला पार्न सर्वेक्षण गरेका कुरा उल्लेख गरेका छन् । उक्त लेखकीयमा विशेषत: २००३ सालदेखि वार्षिक भानुजयन्ती मनाइने परम्परा थालिएका बारे चर्चा गरिएको भए तापनि भानुजयन्ती मनाइने सन्दर्भबारेमा दार्जिलिङबाट पाएको लिखित जानकारीको चर्चा गरिएको छ तर सिक्किममा मनाइने भानुजयन्ती प्रसङ्गको उल्लेख गरिएको छैन । यस सन्दर्भमा उपलब्ध जानकारी अपेक्षित ठान्दछु । 'इन्द्रकील पुष्पाञ्जली' 'भूमिका' (तुलसीबहादुर छेत्री र अन्य सम्पा. आँकुरा प्रकाशन, गान्तोक सन् १९९३ र मोहन पी. दाहाल, हाम्रा संस्था: एक परिचय, नेपाली साहित्य प्रकाशिनी समिति, सिलगडी, सन् १९९२, पृ. ६५) अनुसार अपतन साहित्य परिषद् सन् १९४७ सालको अप्रिल महिनाको १५ तारिखका दिन गोप्य रूपमा स्थापित गरिएको सिक्किमको पहिलो साहित्यिक संस्थाले गान्तोक, सिक्किममा सर्वप्रथम सन् १९४८ मा भानुजयन्ती मनाइएबाट यो परम्पराको थालनी भएको हो । यसै परम्परालाई विकसित गर्दै 'नेपाली साहित्य परिषद्' (नाम परिवर्तनपछि सिक्किम साहित्य परिषद् सन् १९८१ र पछि पुन: नामपरिवर्तनपछि

नेपाली साहित्य परिषद्) ले सुरु गरेको भानुजयन्ती मनाइने परम्परालाई विभिन्न सङ्घसंस्था, शिक्षण संस्था महाविद्यालयीय, विश्वविद्यालयीय स्तरीय र ग्रामीण स्तरमा भानुजयन्ती मनाउने क्रमचाहिँ सन् १९७० का दशकदेखि यता राज्यव्यापी रूपमा नै पालन गर्दै आएको हो भन्ने जानकारी दिन चाहन्छु ।

यसै सिलसिलामा 'भानुभक्तको सम्मान' पाँचौं अध्यायमा चर्चा गरिएको कवि भानुभक्तलाई प्राप्त सम्मानशृङ्खलाको विवृतिको सेरोफेरोमाथि व्यापक सर्वेक्षण र चर्चा गरिएबाट थाहा लाग्दछ– नरेन्द्रराज प्रसाईको प्रस्तुत जीवनीग्रन्थ खोजमूलक रहेको छ । प्रस्तुत अध्यायमा कवि भानुभक्तलाई विभिन्न उपाधिले विभूषित गरिएको प्रसङ्ग, कवि भानुका सम्मानमा बनाइएको हुलाक टिकटदेखि लिएर, भानुका प्रतिमा र सालिक स्थापना, भानुका नाममा स्थानीय गाउँठाउँ, ग्रामनगर, चोकपथलाई भानुकै नाउँमा नामकरण गरिएको, सानाठूला, सामान्य उत्कृष्ट पुरस्कार, छात्रवृत्ति, शोधकार्य, पत्रपत्रिकादिका विशेषाङ्क प्रकाशन, ग्रन्थ, कृति आदि समग्र रूपमा सम्मान गरिएको ऐतिह्य निश्चय नै सम्मानशृङ्खलाको विवृति अत्यन्त अनुसन्धानपरक तथा शोधमूलक रहेको देखिन्छ । सम्मानशृङ्खलाको सेरोफेरोमाथि यति व्यापक र तथ्यपरक सर्वेक्षण गरिएको यो पहिलो कृति हुन सक्ला तर यस महत्तम कार्यलाई थप बल र बुँदा दिन सक्ने सिक्किमको अग्रणी भूमिकालाई यहीँ उल्लेख गर्नु परम उत्तरदायित्व ठानेको छु । जसले गर्दा जीवनी लेखकलाई अर्को संस्करणमा थप सहयोग पनि हुनेछ भन्ने विनयशील अभिप्राय राखेको छु । भानुभक्तको सम्मानशृङ्खलामा केही थप सामग्री सिक्किमको तर्फबाट सविनयपूर्वक चढाउन चाहन्छु– 'सिक्किम साहित्य परिषद्' गान्तोकले भानुजयन्तीका अवसरमा सन् १९८५ देखि 'भानुपुरस्कार', पूर्व सिक्किम सिङ्तामले 'भानुरत्न पुरस्कार', पश्चिम सिक्किम साहित्य प्रकाशनले भानुजयन्तीकै अवसर पारेर दिइने 'स्रष्टा पुरस्कार' आदिको चलन पनि थालेको

पाइन्छ र यसलाई आजपर्यन्त पनि निरन्तरता दिइएको छ । यसका अतिरिक्त (भानुभक्तको चलचित्रसमेत प्रदर्शन गरिएको र भानुकै भूमिका अभिनय गर्ने एन. के. तिवारी सिक्किमका बासिन्दा हुन् ।) पश्चिम सिक्किमको क्योंसामा सन् २०११ मा निर्माण गरिएको विश्वको सबभन्दा अग्लो र बृहत् भानुभक्त आचार्यको १०८ फिट अग्लो सालिक हो । भानुभक्तको सम्मानमा निर्माण गरिएको योभन्दा बहुमूल्य उपहार के हुन सक्ला विश्व नेपाली साहित्यसंसारलाई ?

पूर्व सिक्किम सम्दोङमा निर्माणाधीन 'रामायण बस्ती' विभिन्न महकुमा र जिल्लामा निर्माण भानुसालिक आदिले भानुभक्तप्रति सम्मान र सांस्कृतिक धरोहरकै रूपमा भानुभक्त आचार्यलाई मान्यता दिएकोबाट भानुजयन्ती पालन गर्ने परम्परा र भानुभक्तको सम्मानसँग सिक्किमको गहिरो समन्वय, सम्बन्ध र सम्मान रहेको कुरो सहजै अनुमान लगाउन सकिन्छ । उक्त सालिक अनावरण पश्चिम सिक्किम साहित्य प्रकाशनको भानुजयन्ती आयोजक समितिसँग सिक्किम सांस्कृतिक मामिला तथा धरोहर विभागको संयुक्त आयोजनामा गरिएको हो । १९७ औँ भानुजयन्तीको अवसरमा १३ जुलाई सन् २०११ मा तनहुँबाट कवि भानुभक्त आचार्यका खनाति डा.हरिनाथ आचार्यलगायत विभिन्न स्थानबाट निमन्त्रण गरिएका विद्वान्विदुषीहरूका उपस्थितिमा सिक्किमका वर्तमान सम्माननीय मुख्यमन्त्री पवन चामलिङका बाहुलीबाट नेपाली अनुसन्धान केन्द्रको उद्घाटनसँगसँगै कवि सालिक अनावरण गरेर भानुजयन्ती मनाइने ढाँचा, परिपाटी परिधानमा परिवर्तन आइसकेको तथ्य आकर्षक कार्यक्रमहरूको आयोजना गरेबाट बुझिन्छ । भानुजयन्ती मनाइन थालिएको मात्र होइन तर भानुजयन्तीलाई कसरी मनाउन सकिन्छ भन्नेमा पनि उत्कृष्ट प्राज्ञिक जगत्को ध्यान आकर्षित गर्न चाहन्छु ।

कवि भानुभक्त सम्मानमा 'भानुभक्त समिति', सिलगडी, 'भानुभक्त मञ्च', दार्जिलिङ, 'रवीन्द्रभानु भवन', सिलगडी, 'भानुभक्त

ग्रामीण पुस्तकालय', खरसाङ, 'भानुपथ', सिक्किम, 'भानुपथ' दार्जिलिङ, 'भानुभक्त सरणि', कोलकोता, 'भानुभवन' दार्जिलिङ आदिको निर्माण नेपाली जनसमुदायका लागि ठूलो सम्मान र उपलब्धि मान्नुपर्ने कुरालाई पनि यहीँनेर जोड्न चाहन्छु ।

कवि भानुभक्त आचार्य स्वयम्‌को आत्मपरिचयात्मक उद्धरणबाट थालनी गरिएको प्रस्तुत जीवनी ग्रन्थको पहिलो परिच्छेद आदिकविको जीवनसन्दर्भहरूद्वारा जोडिएको छ । यसअन्तर्गत नरेन्द्रराज प्रसाईले जीवनीनायकसम्बन्धी नालीबेली केलाउने क्रममा कविको जन्मस्थल, पुर्ख्यौली थलो, शिक्षादीक्षाको थालनी, व्रतबन्ध, बिहे, गृहस्थी जीवनमा प्रवेश, सन्तानप्राप्ति आदि वृत्तान्त दिएका छन् । जो अन्य जीवनीलेखकका खोजभन्दा अलग, गम्भीर र सान्दर्भिक रहेको बोध गरिन्छ ।

मोतीराम भट्टले उल्लेख गरेका कवि भानुभक्तको जन्मवर्ष, नरनाथले दिएका बयान, विष्णुमायाद्वारा सङ्कलित 'भानुभक्त मणिमाला' को परिचय आदि उद्धरणहरूलाई यथाशक्य पृष्ठगत पादटिप्पणी उल्लेख गरेर पाठक समुदायका जिज्ञासालाई पनि ध्यानमा राखेर भानुभक्त आचार्यका जीवनीलाई तथ्यपूर्ण, प्रामाणिक तुल्याउने काम प्रसाईले गरेका छन् । आदिकवि भानुभक्तका प्रथम जीवनीकार मोतीराम भट्टलाई नै मानक स्रोत वक्ताका रूपमा समर्थन दिनमा प्रसाई पछि हटेका छैनन् ।

साहित्यका विभिन्न विद्वान् प्राज्ञहरूद्वारा विभिन्न शोधपरक विमर्श, शैक्षिक बौद्धिक तर्क, समीक्षात्मक, विवेचनात्मक कोणबाट भानुभक्तीय जीवनवृत्तबारे कृतिहरू प्रकाशित छन् । सबैका आआफ्नो पक्ष र तर्क आफ्ना ठाउँमा बलिया छन् । सबै चिन्तकहरूका मन्थनलाई पनि नधमिल्याईकन लेखकीयप्रति न्याय गर्न नरेन्द्रराज प्रसाईले मुनासिब ठानेका छन् । विभिन्न वादविवाद, मतभिन्नता, तर्कवितर्कभन्दा माथि उठेर भानुजीवनका तथ्यपरक निष्कर्षलाई चूडान्तसिद्धि दिनका लागि

सूक्ष्म शल्यचिकित्सा गरेर एउटा ठोस विवरण दिने काममा प्रसाई अटल र आस्थावान् रहेका छन् । यस प्रकार प्रसाई आफ्नो साधना र बौद्धिक काव्यचेतद्वारा भानुजीवनलाई सार्वजनिक गराउने काममा धेरै सचेत छन् । तथापि सार्वजनिक गर्नअघि अद्यावधिक सन्दर्भभन्दा नयाँ वैज्ञानिकता, तथ्यपरक ऐतिह्यज्ञान र सृजनात्मक प्रतिमानमा अडानका साथ प्रत्येक प्रश्नको सप्रमाण उत्तरपुष्टि दिन पनि उत्तिकै क्रान्तिकारी हाँकका साथ उनी खडा छन् । यो एक जना जीवनी लेखकमा हुनुपर्ने सबभन्दा बलियो पक्ष हो, जसलाई खूबै औचित्यका साथ न्याय दिन सक्नुपर्ने हुन्छ र लोकका सामु सही कुरा जनाउनुपर्ने हुन्छ ।

प्रस्तुत जीवनी ग्रन्थको दोस्रो परिच्छेदमा भानुभक्तका बाजे (जिबा) श्रीकृष्ण र बाबु (पिता) धनञ्जयका असीम कृपाद्वारा भानुले मूल शिक्षा हासिल गरे भन्ने मोतीराम भट्टको भनाइ, गुरुबाट ज्योतिषविद्या प्राप्त गरे भन्ने रमानाथको भनाइ, धनञ्जयले कानुनीविद्या बाबुबाट पाएका भन्ने शर्वराजको भनाइ, पितृश्राद्ध गराउन नजानेर हीनताबोधले ग्रसित भई अपमानित बनी कास्कीतिर विद्याअध्ययन गर्न गएका भन्ने उल्लेख, विभिन्न लोक अनुश्रुति र नरनाथको मतमुताबिक जिबा ज्याम्मै (बाजेबज्यैसँग) काशी बसी भानुले शिक्षा अध्ययन गरेका भन्ने विभिन्न प्रसङ्गहरू र मतभिन्नताहरूबाट चोखै रहेर सान्दर्भिक उदाहरणहरूद्वारा विभिन्न पादटिप्पणीमार्फत असहमति र आलोचनाभावबाट मुक्त बनी सत्यतथ्यप्रति अटल रही प्रसाईले उपयुक्त कुरा जाहेर गर्न खूबै इमानदारिता देखाएका छन् । यहाँ जीवनीकार आफ्नो जीवनीधर्मिता, सिद्धान्त, उपयुक्त धारणाप्रति अविचल, निष्ठावान्, सन्तुलित तथा दृढ रहेका छन् ।

भानुभक्तका चारित्रिक गुणदोषप्रति सचेत रहेका प्रसाईले भानुजीवनवृत्तको तेस्रो अनुच्छेदमा भानुभक्त र गिरिधारी भाटका

बीचको प्रचलित प्रसङ्ग तथा जमिनको सीमाविवादका कारण झगडाको घटनाक्रम भानुको सकारात्मक नकारात्मक दुवै पक्षतर्फ पनि सङ्केत गरेका छन्, जुन घटना खूबै रोचक र नाटकीय ढङ्गमा प्रस्तुत हुँदै आएको छ र यहाँ पनि यस प्रसङ्गलाई यथावत् नै राखिएको छ ।

चौथो परिच्छेदमा भानुभक्तले सरकारी जागिर खाएको, कुमारीचोकमा सरकारी निगरानीमा थुनामा परेको बखानको चर्चा पनि रोचक पाराले प्रस्तुत गरिएको छ । यहाँनेर जीवनीकार ऐतिहासिक तथ्य र जागिरको सही समय कुनचाहिँ सही भनेर तोक्न मोतीराम भट्ट, विष्णुमाया, रङ्गनाथ शर्मा र बाबुराम आचार्यका मतप्रति विशेष सहमत रहेका छन् र पं.नरनाथ आचार्यका मतप्रति असहमत रहेका छन् । १९०७ मा जागिर खाएको र १९०९ मा जागिर खोसिएको तथ्यमा प्रसाई दृढ रहेका देखिन्छन् ।

प्रस्तुत ग्रन्थको पाँचौँ अध्याय भानुभक्तलाई प्राप्त आदिकविको उपाधि र सम्मानको प्रसङ्गसँग जोडिएको छ । कविलाई सम्मान दिइएको प्रसङ्गहरूको उल्लेख अगावै गरिएकाले यहाँ पुनरावृत्ति गर्न अपेक्षित ठान्दिनँ ।

आफूले जीवनीनायकको द्विशतवार्षिकी विश्वस्तरीय रूपमा मनाउने योजना र प्रस्तावलाई कार्यान्वयन गर्न कुनै कसर नराखेको कुरा पनि आफ्नो आत्मप्रकाशनमा प्रसाईले स्वीकार गरेका छन् । प्रस्तुत ग्रन्थको छैटौँ परिच्छेद सबभन्दा प्रचलित घटना र संवादद्वारा थालनी गरिएको छ जो भानुकै पर्याय बनेर बडो रोचक र दीर्घकालीन सत्य साबित भएर रहेको मानिन्छ । जसलाई एउटा उदाहरणका रूपमा बारम्बार उद्धृत गरिन्छ र कवितालेखन, लोकहितबारे प्रेरणा र उत्साहवर्धक प्रोत्साहनका प्रसङ्ग लिएर खूब चर्चा गरिन्छ ।

**भर्जन्म घाँसतिर मन् दिइ धन् कमायो,**
**नाम क्यै रहोस् पछि भनेर कुवा खनायो ।**

तर यस घटनालाई अरूले जे जसरी भानुभक्तका आधारमा वा जनश्रुतिका माध्यमबाट सही माने पनि जीवनीकारको तर्कमा धेरै दम देखिन्छ ।

प्रस्तुत कथ्य केवल मिथकीय नाटक हो, एउटा अटल र रमाइलो सृजनाको संयोग मात्र । मोतीरामदेखि आजसम्मका लेखकहरू वास्तविकताको गुदी नसमाती आआफ्ना ढङ्गले घाँसी-भानु संवाद र भेटको प्रसङ्गमा स्वप्निल कल्पनातीत कथा जडेका कुरामै रमिरहेका थिए तर प्रसाईले भने यी कुरालाई अस्वाभाविक अप्रासङ्गिक बताउँदै उक्त प्रसङ्गलाई वैज्ञानिक आधारद्वारा उल्लेख गरेर सही सम्भावनाको सङ्केत दिने काम पनि प्रस्तुत पुस्तकमार्फत गरेका छन् । घाँसीसँग भेट, घाँसीबाटै प्रेरणा पाएका आदि संयोगलाई तत्कालीन समयसापेक्षताका कसीमा घोटेर हेर्दा समयसापेक्ष नरहेको बताउँदै वस्तुस्थितिबारेका सम्भावित कुरालाई आफ्ना पक्षमा लिएर जुन बलियो तर्क राखेका छन् सो विभिन्न तर्कवितर्क, अनुकल्पना र आग्रहका चापबाट मुक्त रहेको छ । मोतीरामले लेखेका भानुभक्तको जीवनचरित्र लेखनको सबभन्दा रोचक रहेको तर सबभन्दा कमजोर प्रसङ्ग पनि यही प्रसङ्ग र पात्रलाई देखाएर प्रसाईले आफ्नो लेखनीलाई वादविवाद मुक्त पार्ने प्रयत्न गरेका छन् ।

भानुभक्तलाई मोतीरामको खाँचो रहेको सातौँ अध्याय भानुभक्तका कृतिहरूको खोज, प्रकाशन, जीवनी ग्रन्थ प्रकाशन आदिमा मोतीराम भट्टले देखाएका कुरामा समर्थन दिने काम पनि प्रसाईबाट भएको छ । उपयुक्त जानकारी दिने मोतीरामका ऐतिह्य ज्ञान र तथ्यात्मक कौशललाई उच्च उदात्त हृदयले मोती-भानु सम्बन्धको चर्चा गरेका छन् ।

आठौँ अध्यायमा भानुभक्तको कान्तिपुर प्रवेश, भ्रमण, बालाजु दर्शन, प्रकृतिवर्णन, त्यहाँको मनोरम प्रकृतिवर्णनको आह्लादकारिता, त्यहाँको सौन्दर्यप्रति भानुभक्तको मोह र मोहित भएर रोमान्टिक

बनेका कविबारे कलात्मक ढङ्गले प्रस्तुति दिइएको प्रस्तुत अंशमा खूबै सुन्दर लालित्यमय माधुर्य कविताको चर्चा पनि प्रसाईले गरेका छन् ।

नवौँ अध्याय भानुभक्त आचार्यको भौतिक देह पञ्चतत्त्वमा विलीन भएको दु:खान्त घटनामा आधारित रहेको छ । भानुभक्तको देहावसानको कारुणिक, पीडामय प्रसङ्गमा केन्द्रित रहेको उक्त परिच्छेदमा भानुभक्त मृत्युशय्यामा परेका बखत स्वेच्छाले स्वजनका सहयोगमा मर्स्याङ्दी नदीको सतीघाटमा अर्धजलाशय ग्रहण गरेर प्राणत्याग गर्ने इच्छामुताबिक त्यही पुऱ्याइएका अत्यन्त हृदयविदारक र मर्मस्पर्शी प्रसङ्गलाई पनि प्रसाईले राम्ररी उल्लेख गरेका छन् ।

यसको दसौँ परिच्छेद पनि खूबै रोचक, प्रचलित तर लक्षणायुक्त रहेका गजाधरसोतीकी घरबूढीका नामले चर्चित रहेको छ । यसलाई तत्कालीन सामाजिक व्यवस्था र कुरीति अनि वर्तमानयुगीन नारीपरक कोणबाट पनि हेरिएको छ । यहाँ जीवनीकार बडो चतुऱ्याइँसँग धारमा रहेर सन्तुलन कथनतिर आग्रही बनेर ओभानोमा उत्रन सफल बनेका छन् । यस प्रसङ्गलाई वादविवाद, दोषादोषको दलदलबाट फुत्त निकाल्ने काममा तत्कालीन समाजव्यवस्था, देश, काल, वातावरण, घटना घटेको परिस्थिति र कारक तत्त्व नपाउनुको र बास बस्ने आश्रय नहुँदाको अलपत्रको पिरोलोले रनाहा छुट्नु र रातव्याल, साँझतिर परदेशीबाट हुने भयको सम्भावना र घरमा आइमाई केटाकेटी मात्र हुँदा खै गरिने समाजको औँलाठडचाइ सब संयोग एकै चोटि बज्रिँदाको चक्र नै हो प्रस्तुत कविताको शेष भन्ने सङ्केत केही न केही तर्कसङ्गत लाग्दछ ।

आफ्नो जीवनकालको अन्तिम समयसम्म प्रिय मित्र ज्योतिष सुब्बा धर्मदत्त ज्ञवालीको आग्रहमा छोरा रमानाथलाई टिपाएर अध्यात्मरामायणको 'उत्तरकाण्ड'को अंश भएको 'रामगीता' तयार पारेकोबाट (नराप्र, भानुभक्त आचार्यको जीवनवृत्त, १२५) पुष्टि गर्न

सकिन्छ । कविको कीर्तिमय प्रौढताको सफलताका पछाडि उनका कृतिहरूको के कति भूमिका रहेको रहेछ भनेर ।

संस्कृत भाषाका धुरन्धर विद्वान् रहेका कविलाई नेपाली भाषाप्रति जुन सम्मानभाव र मोह थियो सो कवि किशोरावस्थाका हुँदा नै नेपाली भाषामा कविता कोर्ने प्रतिभा थियो । उनी उन्नाइसवर्षे ठिटो हुँदा काशीको विद्वत्सभामा समेत सृजनात्मक प्रतिभाका रूपमा परिचित भइसकेका थिए ।

सात काण्ड 'रामायण', 'प्रश्नोत्तरमाला', 'भक्तमाला', 'रामगीता', 'वधूशिक्षा', 'वालाज्यू वर्णन' आदि पनि उत्तिकै सञ्जीवनी सन्देश लिएर छाएकोबाट पुष्टि गर्न सकिन्छ । उनी किन अमर रहेका छन् र नेपाली जगत् यही अमरीकरणको सञ्जीवनी पाएर किन गौरवान्वित छन् । कविता लेख्नु, कवितामा बोल्नु उनको विलक्षण प्रतिभाको परिचयात्मकता हुँदै हो । मोतीराम भट्टका जीवन काव्यका आलम्बन "आदिकवि भानुभक्त आचार्य 'रामायण' लेखेर नेपाली संसारमा चिरञ्जीवी मात्र भएनन्, नेपालीहरूका तीर्थपुरुषका रूपमा समेत स्थापित भए ।" (नराप्र. भानुभक्त आचार्यको जीवनवृत्त, ११७) ।

'भानुभक्त पढेर हाम्रो शिक्षा प्रारम्भ हुन्छ र उनलाई हेला गरेर समाप्त हुन्छ' (महाकवि लक्ष्मीप्रसाद देवकोटा, नेपाली साहित्यका इतिहासमा सर्वश्रेष्ठ पुरुष, लक्ष्मी निबन्धसङ्ग्रह) भनेर कविलाई युगकै सर्वश्रेष्ठ युगप्रवर्तकका रूपमा सम्मान जगाउने महाकविको उद्गारलाई प्रसाईले पनि उल्लेख गरेर आफ्नो मतको बललाई अझ सुदृढीकरण गरेका छन् । त्यसै गरी बालकृष्ण समद्वारा लिखित 'भक्त भानुभक्त'मा कवि भानुभक्त आचार्यको सम्मानकै छविलाई चित्रण गरिएको छ । त्यस्ता प्रतिभा जो समग्र नेपाली जातिका मुटुका ढुकढुकी बनेर सबैका रोमरोममा नेपाली रक्त सञ्चारित गर्न समर्पित प्रतिभाको परिचयमा प्रसाई पनि उत्तिकै उदार भएर कविलाई न्याय दिन तैनाथ देखिन्छन् । त्यसैले भानुभक्तका कृति अध्ययनअन्तर्गत

रामायण नेपाली गौरवको आलोकपूर्णको चिन्तामणि र स्वयम् रामायणका रचयिता नेपाली जनमनका एक मात्र पारसमणि हुन् भन्ने तर्कमा जीवनी लेखक अटल छन् । आफू बितेर गएको दुई सय वर्ष बितिसक्दा पनि सजीव बाँचिरहन सक्नुमा कविको तपस्या, सघन साधना, श्रम र चारै पुरुषार्थ, निरन्तर कर्मशीलताको पाठ, दीर्घ अनुभवको प्रताप एकै ठाउँ एकत्रित बनेको छ । त्यसैका प्रतीक हुन् भानुभक्त आचार्य जो एक मात्र थिए र एक मात्र रहनुमा नै उनको पहिचान चोखै बाँचेको पनि हो । यसै अध्यायमा प्रसाई कविलाई न्याय दिने काममा निकै दृढ सङ्कल्पी बनेका छन् र खरो भएर उभिएका पनि छन् । 'वधूशिक्षा' लघुकाव्यमा वर्णित 'हाँस्नू छैन कदापि नारिहरुले वेश्या हुन्या हाँस्तछन् ।' भन्ने 'वेश्या'प्रयोगका सट्टा 'वैश्या' शब्द प्रयोग गर्ने (व्रतराज आचार्य, आदिकवि भानुभक्त आचार्य, आदिकवि भानुभक्तको जीवनी र कविताको सम्परीक्षण, २०५८) ले वधूशिक्षाको लेखोट, भानुभक्तका हस्ताक्षरबाट लिखित उक्त शब्द प्रयोग, नेपाली बृहत् शब्दकोशमा रहेको अर्थ, मोतीराम भट्ट, विष्णुमाया, नरनाथ आचार्य, शिवराज आचार्य, मुक्तिनाथ आचार्य, बाबुराम आचार्य, हृदयचन्द्रसिंह प्रधान, राजनारायण प्रधान, रजनी ढकालप्रभृति विद्वान्‌विदुषीसम्म पनि यही शब्दलाई आआफ्ना पाठमा दोहोऱ्याएका छन् भन्ने प्रमाणका साथ पछार्दै उनले गरेका पाठभेदमा आपत्ति जनाएका छन् र च्याँखे थापेका छन् । यतिन्जेल 'वेश्या' पढ्दै आएका पाठक समुदायको मनमा भानुप्रति राखिएको नकारात्मकता अनुदार सोच हटाउने प्रयास यदि यो हो भने त्यो सबभन्दा ठूलो भूल साबित हुन जानेछ भन्ने कुराको उठान पनि गरिएको छ ।

स्त्रीसमुदायप्रति कवि भानुभक्तले दिएका अर्तीउपदेश अथवा उनीहरूप्रति देखाएका अनुदारी शब्द प्रयोगको भारले नकारात्मक सोचबाट भानुलाई मुक्त पारेर विवादबाट बचाउने कोसिस यदि यो

हो भने पनि कवि र कविताको मौलिकतामाथि ठूलो अन्याय भएको देखिन्छ र शब्दपरिवर्तन गर्ने प्रयत्न नै कविताको गरिमालाई बिथोल्नु हुनेछ भन्ने जीवनीकारको टेक तर्कसम्मत रहेको देखिन्छ । 'वेश्या' शब्दलाई सच्याउनु, संशोधन गरेर मौलिक अर्थलाई बङ्ग्याउने अभिप्राय गरिएको भन्ने कुरामा प्रसाईको जिज्ञासा निकै तिक्खर रहेको छ भने शब्दपरिवर्तनले अर्थ परिवर्तन ल्याउने र भ्रम निम्त्याउने सम्भावनाप्रति सचेत रहेर परामर्शसहित शब्दपरिवर्तनका लागि असहमति जनाएका छन् ।

प्रस्तुत ग्रन्थको एघारौँ अध्यायमा भानुभक्तको जन्मकुण्डली (टिप) सम्बन्धी रहेको छ । यसरी ज्योतिषी विधानबाट जोकोही इच्छुक जिज्ञासुहरूले कविका बारेमा जान्ने अधिकार पनि प्रसाईद्वारा उपलब्ध गराइएको छ, भनौँ कवि भानुभक्तको जीवनको खुल्ला पुस्तक नै सिङ्गो रूपमा खोलिएको छ ।

प्रस्तुत जीवनी ग्रन्थको मूल पाठमा परेको बाह्रौँ परिच्छेद तथा अन्तिम पाठमा कविको वंशको वंशावलीको सम्पूर्ण विवरण दिइएको छ । जसले गर्दा शोधकर्ता विद्यार्थीका लागि यो उपयोगी सन्दर्भ रहनेछ, अथवा अनुसन्धानकर्ताहरूलाई यसले महत्त्वपूर्ण लाभ दिने कुरामा म विश्वस्त छु । अनुष्ठानिक सूची र अनुशिष्टअन्तर्गत कवि भानुभक्तका सुन्दर हस्तलिपि, तत्कालीन चलनचल्तीका भाषा र शब्दप्रयोग, भानुभक्तका प्रथम प्रकाशित तस्बिरको सुन्दर छायाचित्र, मोतीराम भट्टका व्यक्तित्वशाली तस्बिर, पं.रमानाथ आचार्यका तस्बिर, विष्णुमायाको तस्बिर स्रोतसन्दर्भसहित प्रकाशित गरिएको छ । यसरी एक जना बहुचर्चित व्यक्तित्वलाई चिनाउने र भाषासाहित्यका प्रथम प्रणेतालाई मूल्याङ्कन गर्ने सन्दर्भहरूसँग तत्सम्बन्धीका युग, तत्कालीन इतिहास, समाजचेतना, सामाजिक मानसिकता, धर्म, सांस्कृतिक मूल्यमान्यता, परम्परा र तीसँग जनमनका मनोवैज्ञानिक सम्बन्ध, तत्कालीन समाज, साहित्य, संस्कृति र सांस्कृतिक

उच्चता, भूगोल, शासनसत्ता, समाजव्यवस्था, जीवनशैली आदि यावत् स्रोतसन्दर्भ र ऐतिहासिक दस्तावेजहरूको ठूलो सहयोग रहेको छ । त्यसैले यस्ता सन्दर्भस्रोतहरूले कृतिलाई सन्तुलनमा राखेर न्याय दिलाउन र सान्दर्भिक टेकमा रहेर सही जानकारी दिन टेवा दिने आधारलाई जीवनीकारले धेरै कसरतपूर्ण श्रमद्वारा अध्ययन गरेका कुरा जीवनी ग्रन्थको अध्ययनबाट प्राप्त हुँदैछ ।

भानुभक्तबारे ऐतिह्य तथ्यहरूलाई सङ्कलन गरी दीर्घकालीन साधनाद्वारा जीवनी सिर्जनाको अनुभव, अध्ययन, साधना, सोख र तिर्सनाले अभिप्रेरित बनी खूबै यत्नसँग जीवनी प्रस्तुत गर्ने यो उत्तरदायित्वलाई प्रसाईले कुनै कसर नराखी पूरा गरेका छन् । जीवनी लेखन यात्रामा साधकका रूपमा स्थापित बनिसकेका प्रसाई आफ्ना अग्रज जीवनीकारको शैलीभन्दा भिन्न र अलग मत दिन हाँकपूर्वक उभिएका छन् । एक जना दक्ष, क्षमताशील प्रतिभाशाली शोध समालोचकले जस्तो उपयुक्त सन्दर्भहरू जोडेर न्यायसङ्गत एवम् तर्कपूर्ण ढङ्गमा आफ्नो मौलिक खोजलाई पनि नबिटुल्याई प्रस्तुत गर्ने धक हुनु पनि जीवनी लेखकका लागि महत्त्वपूर्ण कसौटी रहन गएको बोध हुन्छ । जो अकाटच, विवादमुक्त, स्पष्टधर्मितालाई शिरमा राखेर अघि बढेको छ ।

प्रस्तुत जीवनवृत्तमा भानुभक्त सम्बन्धका तथ्यहरूको खण्डनमण्डन, समर्थन, विमति सहमतिलाई सूक्ष्मातिसूक्ष्म परीक्षण गरेर निर्णायक सिद्धि दिन ऐतिहासिक तथ्य, अनुकल्पना, जनश्रुति आदि स्रोतहरूलाई केलाउने, परिमार्जन गर्ने, संशोधन गर्ने र सम्परीक्षण गर्ने काम प्रसाईबाट भएको ज्ञात हुन्छ ।

यथाशक्य सरल भाषा प्रयोगद्वारा पाठक समुदायको ध्यान आकर्षित गरेर नयाँ स्वाद चखाई नयाँ बान्की, नयाँ भङ्गिमा, नयाँ ढाँचाका बुनोटले बुनिएको जीवनीवृत्त ताजा र जीवन्त बन्न पुगेको अनुभव हुन्छ । यस पहलमा उनी कतै पनि पूर्वाग्रहग्रस्त नरहेको र

कुनै चाप, राप, तापमुन्तिर बाध्य बनेका देखिँदैनन् । भानुभक्त दिवङ्गत बनेको यति दीर्घ समय बितिसक्दा पनि भानुको द्विशतवार्षिकी जन्मोत्सव मनाउन र विराट् आयोजना सम्पन्न गर्न यिनै जीवनीकारलाई जुरेको साइत नै वास्तवमा अनौठो संयोग हो ठान्दछु ।

यी दुई सय वर्षहरूका अन्तरालमा भानुभक्तका जीवनवृत्तान्तका ऐतिहासिक तथ्य र वैज्ञानिक यथार्थहरूबारे धरमर गर्ने, अनावश्यक विवाद तर्कवितर्क छेड्ने, असहमति असमर्थन गर्ने र विमर्शदेखि परभ्रामक कुरातिर समय फाल्ने कुरा गरिरहनुमा कुनै उपयोगिता, दम, औचित्य र प्रयोजन नै नरहेको अडानमा जीवनीकार आत्मविश्वस्त रहेका छन् र अटलताका साथ खडा रहेका छन् ।

जसरी भानुभक्तको रामायण सामान्यदेखि उच्च बौद्धिक तहका पाठक समुदाय, अपठित निरक्षर समाजदेखि साक्षर शिक्षित बुद्धिजीवीसम्मका लागि पठनीय, मननीय, रुचिकर बन्न सकेको छ; त्यसै गरी प्रसाईले भानुभक्तकै ढङ्गको सरल भाषाशैली र जनजिब्रोकै सहज भाषाशैलीलाई जनहित तथा लोकहितार्थ समर्पण गरेका छन् ।

मोतीरामपछि जीवनी साहित्यको यात्रामा ठूलै भौँप्वाल र व्यवधान निर्माण भइसकेको अवस्थामा उक्त रिक्त स्थान भर्ने गरी एउटा क्रान्तिकारी फड्को मार्ने शक्ति, सामर्थ्य लिएर आधुनिक युगका मोतीराम नरेन्द्रराज प्रसाईले जीवनी लेखनका यात्रामा छलाङ मारेका छन् । प्रसाईको यस कार्यले समग्र नेपाली स्रष्टा, सर्जक एवम् विभूतिहरूका लागि सच्चा श्रद्धासम्मान भएको छ । त्यसै सम्मानका सहभागी सम्पूर्ण नेपाली जगत् पनि उत्तिकै सम्मानका हकदार रहेका छन् भन्ने मेरो विश्वास छ ।

निष्कर्षमा भन्नुपर्दा प्रसाईकृत भानुभक्त आचार्यको जीवनवृत्तलाई एउटा सघन अध्ययनका दृष्टिकोणबाट परख गर्दा यो एउटा नवीन

परिदृष्टिबाट गहन निरीक्षण गरिएर, गम्भीरतापूर्वक लेखिएको जीवनी साहित्य (जीवनलेखन) रहेको छ । जो तत्कालीन कवि बाँचेका युगपरिवेशलाई प्रतिनिधित्व दिन सक्षम छ । वैचारिक तथा सामाजिक, सांस्कृतिक मूल्यका दृष्टिले मनन गर्दा पनि नवअध्यायका रूपमा ऐतिहासिक तथ्यलाई वैज्ञानिकताको रङ्ग र गन्धद्वारा सान्दर्भिक, स्वाभाविकता प्रदान गरिएको छ । त्यसैले नरेन्द्रराज प्रसाई सृजित 'भानुभक्त आचार्यको जीवनवृत्त' ऐतिह्य नैसर्गिकता एवम् सत्यताको पवित्रतालाई कुनै आँच आउनबाट पनि सुरक्षित राखेर अध्ययन गरिएको ग्रहणीय र मननीय ग्रन्थ रहेको छ ।

यसलाई प्रसाईले समीक्षात्मक दृष्टिबाट परीक्षण गरेर तत्कालीन सांस्कृतिक मूल्य, ऐतिहासिक गरिमा एवम् वर्तमान सान्दर्भिक सम्भावना सबै धारलाई यथाशक्य प्रातिबिम्बिक दर्पणका रूपमा साक्ष्य राखेका छन् । जहाँबाट भानुभक्तीय अध्ययनपरम्पराका दिशामा यो एउटा जागरणमूलक क्रान्तिकारी परिवर्तनका सन्देश लिएर देखा परेको छ । जो आफ्नो जीवनी मूल्यमान्यताको गहनतालाई स्वीकार्दै समीक्षकीय समालोचनाको अन्तर्विकासको अग्रणी प्रतिनिधित्व दिन सफल बनेको छ । यो एउटा उत्तरदायित्वपूर्ण, साहसिक कार्य हो जसलाई उनले गर्वसँग अँगाले । यस्तो चुनौतीपूर्ण स्वीकृतिले उनलाई झन् उज्जर बनाएको छ, जो नेपाली साहित्य इतिहासमा यतिन्जेलसम्म गरिएका भानुभक्तमाथिका अनेकौँ शोधकार्यहरूमा एउटा नयाँ उपलब्धि लिएर उदाहरणीय प्रतिनिधित्व दिन समर्थ बनेको छ । त्यसैले पनि युगअध्ययनको अन्वेषणमा यसले कमाएका काव्यिक अनुभव, आत्मविश्वास शोधपरक चिन्तनधर्मिता आआफ्नो धारमा उत्तिकै महत्त्वपूर्ण छँदैछ जसका एक मात्र हकदार आलोच्य जीवनी ग्रन्थकार छँदै छन् ।

प्रस्तुत ग्रन्थ अवश्य पनि आदिकवि भानुभक्त आचार्यलाई द्विशतवार्षिकीको अमूल्य उपहार हुँदै हो । समग्र नेपाली जनसमुदायका लागि पनि यो अमूल्य पारितोषिक हो ।

## सन्दर्भग्रन्थसूची


१. अधिकारी, भद्रवीर (२०६२), 'नेपाली कविताको विकासमा भानुभक्त आचार्यको योगदान' ।

२. आचार्य, बाबुराम (२००२), 'तुलनात्मक सुन्दरकाण्ड' ।

३. आचार्य, बाबुराम (२००३), 'पुराना कवि र कविता' ।

४. उपाध्याय, केशवप्रसाद, 'प्राथमिककालीन कवि र काव्य प्रवृत्ति' ।

५. घिमिरे, भवानी (सम्पा., २०२८), 'भानुभक्त विशेषाङ्क' ।

६. त्रिपाठी, वासुदेव (२०७२), 'भानुसन्दर्भ र नरेन्द्रराज प्रसाईकृत भानुजीवनी : समीक्षात्मक अभिमत' ।

७. देवकोटा, लक्ष्मीप्रसाद 'लक्ष्मी निबन्धसङ्ग्रह' ।

८. दीक्षित, कमल, 'कालो अक्षर' ।


९. प्रसाई, नरेन्द्रराज (२०७१), 'भानुभक्त आचार्यको जीवनवृत्त' ।

१०. प्रसाई, नरेन्द्रराज र प्रा.डा.महादेव अवस्थी (सम्पा., २०१४) ।

११. राई, चन्द्रदास स्थापना (१९८१) 'भानुभक्त स्मारक ग्रन्थ' ।

१२. शर्मा, कविराज पं.नरनाथ (२०१७), 'आदिकवि कविसम्राट् भानुभक्त आचार्यको सच्चा जीवनचरित्र' ।

१३. सर्मा, ताना, 'भानुभक्तदेखि तेस्रो आयामसम्म' ।



**प्रेमप्रसाद तिवारी**

**जन्म** : २०३६ साल पुस २४ गते (पर्वत); **शिक्षा** : एमए; **कृति** : ४ पुस्तक (समालोचना, व्याकरण, इतिहास, पाठ्यपुस्तक); **पुरस्कार** : उत्कृष्ट प्राध्यापन पुरस्कार (वालिङ बहुमुखी क्याम्पस); **उपप्राध्यापक** : त्रिभुवन विश्वविद्यालय, बुटवल बहुमुखी क्याम्पस ।

# प्राशिक समस्याहरूको तथ्यात्मक समाधान

## १. विषय परिचय

नरेन्द्रराज प्रसाई (वि.सं. २०१२, ताप्लेजुङ) नेपाली साहित्यको उन्नयनमा समर्पित रही स्रष्टा तथा द्रष्टा व्यक्तित्व विकास गरेका कुशल शिल्पी हुन् । साहित्यका विभिन्न विधामा कलम चलाउने प्रसाईले जीवनी लेखन कार्यलाई केही दशकदेखि निरन्तरता दिँदै आएका छन् । साहित्य तथा समालोचनाका क्षेत्रमा निरन्तर समर्पित रहेका प्रसाईले पाँच सय ओटाभन्दा बढी सङ्क्षिप्त र दुई दर्जन जति विस्तारित आयामका जीवनी कृतिहरू आमपाठकलाई पस्किसकेको जानकारी पाइन्छ । जीवनी लेखनका मूल्यमान्यतालाई अनुसरण गरी नेपाली साहित्यको

श्रीवृद्धिका लागि समर्पित भएका व्यक्तिहरूको साङ्गोपाङ्गो जीवनयात्रालाई आकर्षक भाषाशैलीका माध्यमबाट प्रस्तुत गरी नेपाली वाङ्मय जगत्मा नित्यनवीन मूल्य मान्यतानुरागी पाठकहरूको प्राज्ञिक बुभुक्षा शमन गर्ने मात्र होइन कुनै निश्चित तह पार गर्ने विद्यार्थीका लागि समेत जीवनी तयार पार्ने कुशल जीवनीकारको उच्चासन प्रसाईले सुरक्षित गरेका छन् । जीवनीकारले कुनै साहित्यिक व्यक्तित्वको जीवनीको सर्वेक्षण मात्र गरेको हुँदैन; अपितु समग्र साहित्यिक परम्परामा उक्त साहित्यकारको स्थान र उसले समग्र वाङ्मयका क्षेत्रमा पुऱ्याएको योगदानसमेत निरूपण गरेको हुन्छ । साहित्यिक जीवनी लेखनका मूल मर्मको अनुपालन गरी निर्माण गरिएको जीवनी नै जीवन्त हुन सक्छ र त्यसले मात्र इतिहास लेख्ने व्यक्तिलाई ऐतिहासिक मार्ग प्रशस्त गर्न सक्दछ । जीवनीकार नरेन्द्रराज प्रसाईमा पूर्वोक्त सम्पूर्ण अभिलक्षण प्राप्त गर्न सकिने भएकाले नै जीवनी लेखनका सन्दर्भमा उनको स्थान उच्च रहन गएको भेटिन्छ ।

## २. कृतिको पृष्ठभूमि

ऐतिहासिक सर्वेक्षक मोतीराम भट्टले १९४८ सालमा 'आदिकवि भानुभक्त आचार्यको जीवनचरित्र' नामक जीवनी सार्वजनिक गरेपछि नेपाली साहित्यको परम्परामा जीवनी लेखनको पृष्ठभूमि निर्माण भएको पाइन्छ । मोतीरामले जीवनी लेखेपछि नै भानुभक्त आचार्यका बारेमा औपचारिक बहसको ढोका खोलिएको हो । यही मोतीरामेली परम्परामा ब्रह्मशमशेर, लेखनाथ पौडचाल, वीरेन्द्रकेशरी सुब्बा, रङ्गनाथ शर्मा, नरनाथ शर्मा आचार्य, विष्णुमाया, बालकृष्ण सम, हृदयचन्द्रसिंह प्रधान, सूर्यविक्रम ज्ञवाली, बाबुराम आचार्य, बालचन्द्र शर्मा, मुक्तिनाथ आचार्य, रघुनाथ उपाध्याय, रामचन्द्र पौडेल, जगत् छेत्री, शिव रेग्मी, वासुदेव त्रिपाठी, गिरिराज आचार्य, कविता लामा, भवानी घिमिरे, व्रतराज आचार्य, शर्वराज आचार्य, शिवराज आचार्य, नरेन्द्रराज प्रसाईलगायतका व्यक्तिहरूले कलम चलाएका छन् । १९४८

सालबाट गतिमान रहेको आदिकवि भानुभक्तका बारेको अध्ययनको लामो परम्पराबाट पनि कतिपय सत्यहरू प्रामाणिक रूपमा स्थापित हुन नसकेको परिप्रेक्ष्यमा ऐतिहासिक अन्वेषक तथा जीवनीकार नरेन्द्रराज प्रसाईबाट भानु द्विशतवार्षिकीको अवसरमा 'भानुभक्त आचार्यको जीवनवृत्त' (२०७१) नामक ऐतिहासिक ग्रन्थ सार्वजनिक गरिएको पाइन्छ । नइ प्रकाशनले प्रकाशन गरेको यस कृतिमा भूमिका खण्ड, लेखकीय खण्ड, अनुष्ठानिक सूची र सन्दर्भस्रोत गरी शीर्षक छुटचाइएका छन् । नरेन्द्रराज प्रसाईको १४७ पृष्ठमा संरचित यस कृतिले भानुभक्त आचार्यका बारेमा रहेका कतिपय प्राज्ञिक अस्पष्टतालाई चिर्दै स्पष्ट मार्ग निर्देशन गर्ने कार्य गरेको छ ।

### ३. जीवनी लेखनका मान्यताका आधारमा 'भानुभक्त आचार्यको जीवनवृत्त'

मोतीराम भट्टले १९४८ सालबाट प्रारम्भ गरेको जीवनी लेखनको परम्परालाई मोतीराममेली मार्गका अनुगामी बन्दै २०७१ सालमा नरेन्द्रराज प्रसाईले निरन्तरता दिने कार्य मात्र गरेका छैनन् अपितु भानुभक्त आचार्यको जीवनीमा विद्यमान कतिपय प्राज्ञिक समस्याहरूको तथ्यात्मक समाधानसमेत पहिचान गर्ने कार्य गरेका छन् । जीवनी लेखनजस्तो गुरुतर कार्यलाई अत्यन्तै सरल, तथ्यात्मक अनि प्रामाणिक स्वरूपमा पस्कने कार्य प्रसाईले गरेका छन् । यसमा नरेन्द्रराज प्रसाईको तीन दशक लामो जीवनी लेखनको परिपक्वताले अहम् भूमिका निर्वाह गरेको स्पष्ट हुन आउँछ । जीवनीमा जीवनी नायकका जीवनका परिघटनाहरूको क्रमबद्ध प्रस्तुतिमा मात्र केन्द्रित हुन खोज्दा त्यस्तो कृति केवल व्यक्तिको इतिहास बन्न पुग्ने खतरा त्यत्तिकै रहन्छ (सुवेदी, २०७१ : ४५) । यस मान्यतालाई ख्याल गर्दै सत्यतथ्यलाई साहित्यिक रागात्मक रूपमा परिणत गर्ने पथमा प्रसाईको जीवनी लेखन अभिमुख भएको पाइन्छ । उनको यस कृतिले जीवनी लेखनका मूलभूत मान्यतालाई पूर्णत: पालन गरेको कारणले यहाँ

काल्पनिकताका तुलनामा तथ्यात्मकताको सघन प्रयोग प्राप्त गर्न सकिन्छ ।

जीवनीकारले जीवनी नायकका जन्म, शिक्षादीक्षा, संस्कार, व्यक्तित्वका पाटाहरू केलाएको हुनुपर्दछ । साहित्यकारको जीवनी लेख्दा उसले अवलम्बन गरेको प्रवृत्ति तथा समग्र साहित्यिक परम्परामा पुऱ्याएको योगदानको मूल्याङ्कन पनि तथ्यात्मक विषय तथा रागात्मक शिल्पसंरचनामा आबद्ध भई प्रस्तुत गरेको हुनुपर्दछ । यिनै मूल्यका आधारमा नरेन्द्रराज प्रसाईकृत 'भानुभक्त आचार्यको जीवनवृत्त' नामक कृतिको समीक्षा यहाँ प्रस्तुत गरिएको छ ।

**३.१ भानुभक्त आचार्यको जन्मसन्दर्भ**

नेपाली साहित्यमा आदिकविको स्थान प्राप्त गर्न सफल भानुभक्त आचार्य नेपाली जातिलाई भाषाका माध्यमबाट एकीकरणको मालामा गाँस्ने एकीकरण कर्ता हुन् । उनीभन्दा अगाडि पनि साहित्य सृजना गर्ने स्रष्टाहरू थिए; यद्यपि साहित्यको मर्म बुझी लेख्ने परम्पराको सूत्रपात यिनै स्रष्टाले गरे । त्यसैले मोतीराम भट्टले लाक्षणिक रूपमा उनलाई 'आदिकवि'को उपाधि प्रदान गरेका थिए । आदिकविको उपाधि प्रदान गर्ने मोतीराम भट्टले नै सर्वप्रथम 'कवि भानुभक्तको जीवनीचरित्र' लेखी उनको जन्ममिति सार्वजनिक गर्ने कार्य गरे । मोतीराम भट्टले भानुभक्तको जन्ममिति १८६९ साल उल्लेख गरेका भए पनि भानुभक्तकी नातिनी विष्णुमायाले 'भानुभक्त मणिमाला' नामक कृतिमा मोतीरामद्वारा प्रस्तुत तथ्यलाई अस्वीकृत गरी १८७१ साल असार २९ गते आइतबार भानुभक्त जन्मेको बेहोरा पेस गरेको कुरा प्रसाईले आफ्नो कृतिमा व्यक्त गरेका छन् । भानुभक्तको जन्ममितिका विषयमा देखिएको यस विवादलाई 'भानुभक्त आचार्यको जीवनवृत्त' नामक जीवनीमा नरेन्द्रराज प्रसाईले तथ्यहरू पेस गरी १८६९ साल नै भानुभक्तको आधिकारिक जन्ममिति रहेको तर्क प्रस्तुत गरेका छन् । यस तर्कका आधारमा जीवनीकारले जीवनी नायकको जन्ममितिको

विवादलाई समाधान गरिदिएका छन् । यही विषयलाई अझ पुष्टि गर्नका लागि कुमारीचोकबाट श्री ३ कमान्डर इन-चीफलाई १९०९ मा भानुभक्तले लेखेको बिन्तीपत्रलाई आधार सामग्रीका रूपमा पेस गर्दै त्यहाँ भानुभक्तले आफू १९०९ मा चालीस वर्ष पुगेको उल्लेख गरेकाले १८६९ मा नै भानुभक्त जन्मेका हुन् भनी जन्ममिति निर्धारण गर्ने तथ्यात्मक कार्यसमेत गरेका छन् । यस कार्यले नरेन्द्रराज प्रसाईको 'भानुभक्त आचार्यको जीवनवृत्त' नामक कृति आधिकारिक भानुभक्तको जीवनी भएको विषय साक्ष्यका आधारमा प्रमाणित गर्न सकिन्छ ।

नेपाली समाज, समालोचना, जीवनी लेखन तथा नेपाल सरकारले समेत भानु द्विशतवार्षिकी मनाइसकेको परिस्थिति भएकाले सत्यतथ्यले जे सङ्केत गरे पनि प्रचलित पद्धतिलाई पछ्याउनुपर्ने बाध्यात्मक अवस्था रहेको र यस विषयमा पुन: प्राज्ञिक बहसको आवश्यकता नरहेको विचार 'भानुभक्त आचार्यको जीवनवृत्त' नामक कृतिमा प्रसाईले राखेका छन् ।

### ३.२ शिक्षादीक्षा

श्रीकृष्ण आचार्यका छ भाइ छोरामध्ये जेठा धनञ्जय आचार्यका छोरा भानुभक्त आचार्यले पाँच वर्षकै उमेरबाट अक्षरारम्भ गरेको विषय नरेन्द्रराज प्रसाईले आफ्नो 'भानुभक्त आचार्यको जीवनवृत्त' नामक कृतिमा उल्लेख गरेका छन् । सप्तश्लोकी, श्री सूर्यकवच, दुर्गाकवच, चण्डी तथा अमरकोशको अध्ययन आचार्यले घरमा नै गरेका थिए । त्यस्तै व्रतबन्धपछि वेद, व्याकरण, साहित्य, दर्शन आदिको अध्ययन पनि बाजे श्रीकृष्णकै सामीप्यमा गरेको जानकारी प्रसाईले दिएका छन् । पछाडि बनारस गई भानुभक्तले वेदान्तको अध्ययन गरेको सन्दर्भ पनि प्रसाईले उल्लेख गरेका छन् । भानुभक्तले बाग्लुङका बद्रीनाथ पन्तनामक गुरुसँग ज्योतिष विद्या पनि आर्जन गरेका थिए भन्ने कुरा प्रसाईले प्रस्तुत गरेका छन् । आफ्ना हजुरबुबाको साथमा काशी पुगेका भानुभक्तले त्यहाँ संस्कृतको राम्रो ज्ञान आर्जन

गरी नेपाल फर्किएको विषय प्रसाईले उल्लेख गरेका छन् । अक्षर आरम्भदेखि विस्तृत अध्ययनसम्मका सम्पूर्ण शैक्षिक गतिविधिलाई यस पुस्तकमा प्रसाईले समावेश गरेका छन् । जीवनीको एउटा महत्त्वपूर्ण पाटो बनेको शिक्षादीक्षालाई यस कृतिमा यथोचित स्थान दिइएकाले नेपाली साहित्यका साहित्यकारका बारेमा लेखिएको पूर्ण आयामयुक्त जीवनीका रूपमा 'भानुभक्त आचार्यको जीवनवृत्त' नामक कृतिलाई लिन सकिन्छ ।

### ३.३ सामाजिक जीवन

भानुभक्तले तत्कालीन समय र समाजको सापेक्षमा उच्च स्थान प्राप्त गरे पनि उनको सामाजिक जीवन त्यति सरल तथा सहज देखिँदैन । छिमेकी गिरिधारी रानाभाटसँग भानुभक्तको लामै समयसम्म विवाद चलेको सन्दर्भ पनि पाइन्छ । जग्गाको विषयमा भानुभक्त र गिरिधारी रानाभाटका बीचमा मनमुटाव सृजना भएको विषय नरेन्द्रराज प्रसाईले आफ्नो कृतिमा प्रस्तुत गरेका छन् । यस सन्दर्भले भानुभक्तको सामाजिक जीवनका विषयमा जानकारी दिएको छ । यी दुईको झगडाको विषय के थियो ? भन्ने कुरालाई अत्यन्तै प्रामाणिक र आकर्षक रूपमा प्रस्तुत गरेकाले 'भानुभक्त आचार्यको जीवनवृत्त' ले भानुभक्तको जीवनको एउटा पाटो मात्र प्रस्तुत नगरी जीवनको सम्पूर्णतालाई समेट्ने कार्य गरेको छ । भानुभक्त के कारणले कुमारीचोकको जेलमा परेका थिए भन्ने सन्दर्भलाई पनि यसले स्पष्ट पारिदिएको छ ।

भानुभक्तको जागिर र कुमारीचोकमा थुना शीर्षकमा प्रसाईले भानुभक्त गिरिधारी रानाभाटकै उजुरीका कारण जेलसम्म जानुपरेको नवीन सन्दर्भ प्रस्तुत गरेका छन् । भानुभक्तको जीवनी लेख्ने कतिपय जीवनीकारले भानुभक्तको जागिरे पाटो ओझेलमा पार्न खोजेको भेटिए पनि भानुभक्तले जागिर गरेको दुई वर्षमा नै जागिर खोसिएको र उनी जेल चलान भएको प्रसङ्ग प्रसाईले प्रस्तुत गरेका छन् । जेलमा

पर्नुअगावै भानुभक्तले रामायणको अनुवादकार्य प्रारम्भ गरिसकेका थिए र उनले कुमारीचोक जेलमा बसेर रामायणका अयोध्याकाण्ड, अरण्यकाण्ड, किष्किन्धाकाण्ड र सुन्दरकाण्ड तयार पारेको सन्दर्भ पनि प्रसाईले आफ्नो कृतिमा उल्लेख गरेका छन् । 'रामायण'का अतिरिक्त यही अवधिमा भानुभक्तले गुनासा, समस्या र श्लोक अनि अनुनय र परिहासजन्य चेतनायुक्त अमर पद्यहरू रचना गरेका थिए भन्ने विषय प्रसाईले जीवनीमा प्रस्तुत गरेका छन् ।

### ३.४ साहित्यिक जीवन

भानुभक्तको साहित्यिक जीवनसँग घाँसीको सन्दर्भलाई जोडेर व्याख्या गर्ने ऐतिहासिक परिपाटी पाइन्छ यद्यपि यो सन्दर्भलाई धेरै जीवनीकारले कृत्रिम रूपमा लिई अस्वीकृत गरेको पनि भेटिन्छ । जीवनीकार नरेन्द्रराज प्रसाईले पनि भानुभक्तको साहित्यिक जीवनको पृष्ठभूमिका रूपमा लिइँदै आएको घाँसीसँगको सन्दर्भ जीवनीकार मोतीराम भट्टले रोचकता प्रदान गर्नका लागि थपेको सत्यलाई सार्वजनिक गर्ने कार्य गरेका छन् । यो सन्दर्भ केवल प्रक्षिप्तांश मात्र रहेको कुरा प्रसाईले प्रस्तुत गरेका छन् । जीवनीकार मोतीराम भट्टले भानुभक्तको जीवनचरित्र कृतिको रचना मात्र नगरी भानुभक्तलाई नेपाली साहित्यको अमूल्य निधिका रूपमा स्थापित गर्ने महत्त्वपूर्ण कार्यसमेत गरेका छन् । संस्कृत साहित्यमा 'अध्यात्मरामायण' रचना गर्ने वाल्मीकिलाई आदिकविको उपाधि प्रदान गरेजस्तै नेपाली साहित्यमा पनि महाकाव्यको रचना गर्ने भानुभक्तलाई आदिकविको स्थानमा विराजमान गराउने अमूल्य कार्य मोतीरामबाटै भएको हो । भानुभक्तको नेपथ्यीय साहित्यिक जीवनलाई मञ्चीय बनाउने कार्य यिनै जीवनीकार मोतीरामबाटै भएको धारणा प्रसाईले आफ्नो जीवनवृत्तमा अभिव्यक्त गरेका छन् । यसैले भानुभक्तको साहित्यिक जीवनलाई उच्च मूल्य प्रदान गर्ने कार्य मोतीरामबाटै भएको धारणा प्रसाईको पाइन्छ । भानुभक्तको समयमा फोटो खिच्ने व्यवस्था पनि थिएन र मोतीरामले

नै भानुभक्तको तस्बिर बनाएर सार्वजनिक गर्ने कार्य पनि गरे । पछाडि यिनै मोतीरामद्वारा बनाइएको तस्बिरलाई नै सबैले मान्यता प्रदान गरेको धारणा प्रसाईले प्रस्तुत गरेका छन् ।

गिरिधारी रानाभाटले जग्गाको मामिलामा दिएको मुद्दा खेप्नका लागि भानुभक्त पहिलो पटक काठमाडौँमा प्रवेश गरेका थिए । यस अवधिमा उनी अत्यन्तै प्रफुल्लित भएको सन्दर्भ प्रसाईले प्रस्तुत गरेका छन् । काठमाडौँको मोहकताबाट मोहित हुँदै भानुभक्तले कान्तिपुरी नगरीको वर्णन गरी कविता रचना गरेका थिए भन्ने विषय प्रसाईले प्रस्तुत गरेका छन् । भानुभक्तले आफ्नो जीवन अवधिभर 'रामायण' (श्रीबालकाण्ड, श्रीअयोध्याकाण्ड, श्रीअरण्यकाण्ड, श्रीकिष्किन्धाकाण्ड, श्रीसुन्दरकाण्ड, श्रीयुद्धकाण्ड, श्रीउत्तरकाण्ड), 'प्रश्नोत्तर' (लघुकाव्य), 'भक्तमाला', 'वधूशिक्षा', 'रामगीता' जस्ता महत्त्वपूर्ण कृतिको रचना गरेका थिए भन्ने कुरा प्रसाईले अभिव्यक्त गरेका छन् । भानुभक्तले कृतिका माध्यमबाट सबै नेपालीहरूका बीचमा एकात्मक भावनाको विकास गर्ने कार्य गरेका छन् ।

नेपाली भाषासाहित्यका महान् उन्नायक भानुभक्त आचार्यको मृत्यु १९२५ साल असोज ६ गते आइतबार हुन पुग्यो । भानुभक्तको भौतिक शरीर नरहे पनि 'रामायण' (महाकाव्य), तीन लघुकाव्य र साना अनि छोटा कविता कृतिका माध्यमले भानुभक्त आचार्य लामो समयसम्म चिरञ्जीवी रहनेछन् ।

जीवनीकार नरेन्द्रराज प्रसाईले भानुभक्त आचार्यका जीवनका सन्दर्भ मात्र प्रस्तुत नगरी जीवनीका आधिकारिकताका लागि उनको जन्मकुण्डली, भानुभक्त आचार्यको वंशावली, भानुभक्त आचार्यको हस्तलिपि, भानुभक्त आचार्यको प्रथम प्रकाशित तस्बिर, भानुभक्तका जीवनीकार मोतीराम भट्टको तस्बिर, भानुभक्तका छोरा पं.रमानाथको तस्बिर, भानुभक्तकी नातिनी विष्णुमायाको तस्बिर र सन्दर्भस्रोत प्रस्तुत गरी आफूले गरेको कार्य अनुसन्धानमूलक रहेको

आधिकारिकतासमेत प्रस्तुत गरेका छन् । जीवनी नायकका जीवनका अधिकाधिक तथ्यात्मक स्रोतको प्रयोग गरेका कारणले पनि हालसम्म सार्वजनिक भएका भानुभक्त आचार्यका जीवनवृत्तमध्ये प्रामाणिक तथा आधिकारिक कृतिको स्थान यसले प्राप्त गरेको विषय निर्विवाद छ ।

## ४. निष्कर्ष

भानु द्विशतवार्षिकीका अवसरमा सार्वजनिक भएको 'भानुभक्त आचार्यको जीवनवृत्त' नामक कृति नेपाल सरकार र नइ प्रकाशनको संयुक्त भूमिकामा प्रकाशन भएको उच्चकोटिको जीवनीमूलक कृति हो । मोतीराममेली परम्परालाई निरन्तरता दिँदै नेपाली साहित्यको फाँटलाई उर्वर बनाउनका लागि समर्पित स्रष्टा नरेन्द्रराज प्रसाईले यस महान् अनुष्ठानलाई सुसम्पन्न गर्ने कार्य गरेका छन् । इतिहासको निर्माण अनि अनुसन्धानात्मक कार्य दुवै अत्यन्त दुष्कर लाग्दछन्; जति दुष्कर छन् त्यति नै चुनौतीपूर्ण पनि तर युग परिवर्तनका लागि अगाडि बढेका साहित्यिक योद्धाका लागि यी अति नै सामान्य रहेछन् भन्ने कुराका प्रत्यक्ष प्रमाणका रूपमा प्रसाई स्थापित भएका छन् । उनले 'भानुभक्त आचार्यको जीवनवृत्त' नामक कृतिका माध्यमबाट इतिहासको अध्ययन अझै बाँकी छ र सत्य इतिहासका लागि आग्रह नभएको तटस्थ अनुसन्धाता एवम् तथ्यात्मक अनुसन्धान पद्धतिको अनुपालना आवश्यक रहेको कुरा औँल्याएका छन् । जीवनीपरक समालोचनाका मानकका आधारमा 'भानुभक्त आचार्यको जीवनवृत्त' कृतिको रचना गरिएकाले यो जीवनी लेखनको महत्त्वपूर्ण ऐतिहासिक दस्तावेज बन्न पुगेको छ । जीवनी नायक भानुभक्त आचार्यका जन्ममिति, शिक्षादीक्षा, सामाजिक जीवन एवम् साहित्यिक जीवनका उल्लेख्य सन्दर्भ प्रस्तुत गरिनु तथा द्विविधामा रहेका पक्षलाई तथ्यका आधारमा परिपुष्टि गर्ने कार्य गरिएकाले पनि यो कृति भविष्यका अनुसन्धाताका लागि समेत मार्गदर्शक बन्ने देखिन्छ ।

## सन्दर्भग्रन्थसूची


१. अधिकारी, अम्बिकाप्रसाद (२०५३), 'साहित्यिक समालोचना', काठमाडौँ : लोकलक्ष्मी अधिकारी ।

२. घिमिरे, भवानी (सम्पा.२०६१), 'आदिकवि भानुभक्त आचार्य', काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

३. त्रिपाठी, वासुदेव (२०७२), 'भानुसन्दर्भ र नरेन्द्रराज प्रसाईकृत भानुजीवनी : समीक्षात्मक अभिमत' काठमाडौँ : नइ प्रकाशन ।

४. प्रसाई, नरेन्द्रराज (२०७१), 'भानुभक्त आचार्यको जीवनवृत्त', काठमाडौँ : नइ प्रकाशन ।

५. भट्ट, मोतीराम (२०५१), 'कवि भानुभक्त आचार्यको जीवनचरित्र', दो.सं., ललितपुर : साझा प्रकाशन ।

६. सर्मा, ताना (२०५०), 'भानुभक्तदेखि तेस्रो आयामसम्म', छैटौँ सं., ललितपुर : साझा, प्रकाशन ।

# सर्वाधिक गहकिलो र विश्वसनीय अभिलेख



**प्रा.डा.महादेव अवस्थी**

**जन्म** : २०१६ साल कात्तिक १० गते (बैतडी); **शिक्षा** : एमए, पिएचडी; **कृति** : ११ पुस्तक (समालोचना, पाठ्यपुस्तक); **सम्पादन** : ३४ पुस्तक (पाठ्यपुस्तक, साहित्यिक किताब) र पत्रिका; **पुरस्कार** : भानुभक्त प्रज्ञा पुरस्कार, भानुभक्त स्वर्णपदक; महेन्द्र विद्याभूषण (प्रथम), लारी स्वर्णपदक, ऊपट पुरस्कार, गद्दीआरोहण रजतपदक, राष्ट्रिय प्रतिभा पुरस्कार, सैन्यध्वज नन्दकुमारी पुरस्कार, नइ ईश्वर बराल पुरस्कार, **पूर्व उपाध्यक्ष** : भानुभक्त द्विशतवार्षिकी समारोह समिति (नेपाल सरकार); **पूर्व कार्यकारी सदस्य** : नेपाल प्रज्ञाप्रतिष्ठान; **प्राध्यापक** : त्रिभुवन विश्वविद्यालय ।

नरेन्द्रराज प्रसाई आधुनिक नेपाली साहित्यको विगत चार दशक (वि.सं. २०३०) यताको परम्परामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा नेपाली भाषासाहित्यका सृजनात्मक लेखन एवम् समालोचनात्मक अध्ययनका परम्परालाई सुदृढ र समुन्नत बनाउन पूर्णकालीन सक्रियताका साथ समर्पित साधकका रूपमा सुपरिचित छन् । उनको त्यो साधना नेपाली भाषासाहित्यप्रति उनका हृदयमा रहेका निष्ठा, श्रद्धा र स्नेहद्वारा आप्लावित रहेको छ । उनी नेपाली भाषाको साहित्यिक परम्परामा एकातर्फ सशक्त कलमवीर सर्जकका रूपमा निरन्तर क्रियाशील देखा पर्छन् भने अर्कातर्फ संस्थागत सङ्गठित

अभियानको सुसञ्चालनद्वारा नेपाली साहित्यको विकासरथलाई कुनै खाल्डोमा नफस्ने गरी सावधानीका साथ हाँक्ने कुशल सारथिको भूमिका वहन गर्नामा पनि अच्युत देखिन्छन् ।

मौलिक सृजनात्मक लेखन र संस्थागत साहित्यिक अभियानको सञ्चालनका दोहरै जिम्मेवारी समालेर प्रसाईले आफूलाई पूर्णकालीन साहित्यसाधक बनाइदिएका छन्; आजीविकाका निम्ति उनले अर्थोपार्जन हुने खालको अर्को पेसाव्यवसायको अवलम्बन गरेको कुरो यस पङ्क्तिकारलाई थाहा छैन । उनी पूर्णत: नेपाली साहित्यका सृजन र समुन्नयनका गतिविधिमा तल्लीन देखा पर्दछन् । उनका त्यसै साहित्यिक तप: साधनाको एक परिणामी प्राप्ति यो 'भानुभक्त आचार्यको जीवनवृत्त' हो ।

नरेन्द्रराज प्रसाईले आफ्ना व्यक्तिगत सृजनकार्यसँगै जनस्तरीय प्रज्ञाप्रतिष्ठान, प्रकाशन गृह र साहित्यिक निकेतनहरूका संस्थापन र सञ्चालनमा महत्त्वपूर्ण क्रियाशीलताका साथ अग्रणी भूमिका खेलेको देखिन्छ । यस्ता साहित्यिक संस्थाका सङ्गठित अभियानको बागडोर स्वयम् समाली नेपाली साहित्यका जीवित प्रतिभारत्नहरूको पहिचान गर्ने र तिनको यथोचित सम्मानका निम्ति पहलकदमी लिई राज्यस्तरबाट र जनस्तरबाट पनि स्रोतसाधनका साथै व्यापक समर्थन पनि बटुली आफ्नो अभियानलाई सफलताका शिखरमा पुऱ्याइछाड्ने सङ्गठक प्रतिभाका रूपमा उनी प्रसिद्ध भइसकेका छन् । त्यसै गरी नेपाली साहित्यका दिवङ्गत महान् प्रतिभाको पहिचान गर्ने, तिनका नाममा पुरस्कार आदिको स्थापना गर्ने र तिनका जन्मशताब्दी, द्विशतवार्षिकी आदिजस्ता समारोहलाई राज्यस्तरबाट र जनस्तरबाट पनि स्रोत समर्थन जुटाई राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय स्तरमा सङ्गठित रूपमा सुचारु ढङ्गले सञ्चालन गरी सफलतामा पुऱ्याइछाड्ने बृहत् योजनाको परिकल्पना र कार्यान्वयनमा उनी सधैँ व्यस्त र अचुक पनि देखिन्छन् ।

नेपाल सरकारले राज्यस्तरबाट 'आदिकवि भानुभक्त आचार्यको द्विशतवार्षिकी समारोह समिति' गठन गरी त्यसका सल्लाहकारको भूमिका प्रसाईलाई दिएको र उनले पनि आलङ्कारिक नभई कार्यकारी सल्लाहकारका रूपमा अग्रणी भूमिका खेली एक कुशल सङ्गठक र सशक्त लेखकका रूपमा समेत आफूलाई प्रतिष्ठित तुल्याएका छन् । साथै उनका त्यसै सशक्त लेखक व्यक्तित्वको नवीनतम उपलब्धि नै प्रस्तुत 'भानुभक्त आचार्यको जीवनवृत्त' हो ।

नरेन्द्रराज प्रसाई नेपाली साहित्यमा संस्थागत साहित्यिक अभियानका अग्रणी सङ्गठकका रूपमा जति प्रसिद्ध छन् त्यसकै हाराहारीमा उनी नेपाली साहित्यका गीतिकविता विधाका साथै खास गरी आख्यानेतर साहित्यिक अन्य विधा र जीवनीविधाको परम्पराका सशक्त हस्ताक्षरका रूपमा विख्यात छन् । उनले नेपाल राष्ट्र र नेपाली जातिका गौरवमय इतिहासमा ज्ञान, कर्म, सृजना आदिजस्ता विभिन्न क्षेत्रमा उल्लेखनीय कार्य गरी महत्त्वपूर्ण योगदान गर्ने महान् व्यक्तित्वहरूलाई चिनी छानी तिनको जीवनीमाथि गहन, विस्तारित र प्रामाणिक प्रकाश पारी समयुगका र आउँदो युगका नेपालीहरूलाई सही पाठ पढाउने एवम् गतिलो ऊर्जायुक्त पोषण प्रदान गर्ने सकारात्मक भूमिका खेलेका छन् । उनले नेपाली संस्कृति, भाषा, साहित्य, कलासङ्गीत, समाजसेवा र राजनीतिजस्ता क्षेत्रमा लागि निष्ठापूर्ण ढङ्गले साधना गर्ने र महत्त्वपूर्ण योगदान पुऱ्याउने अनेकौँ व्यक्तित्वहरूका साहित्यिक वा प्राज्ञिकमध्ये जुन उपयुक्त हुन्छ सोही प्रकारको जीवनी लेखी स्वयम्का निम्ति गौरवमय र अन्यका निम्ति प्रेरणास्पद कार्य गरेका छन् । उनले गरेको त्यस्तै गौरवमय र प्रेरणास्पद अद्यावधिक कार्य हो– 'भानुभक्त आचार्यको जीवनवृत्त' ।

'आदिकवि भानुभक्त आचार्यको द्विशतवार्षिकी समारोह समिति'ले नेपालका राष्ट्रिय विभूति जातीय एकताका प्रतीक आदिकवि भानुभक्त

आचार्यको द्विशतवार्षिकी समारोहलाई २०७०-०७१ र २०७१-०७२ सालमा समेत निरन्तर भव्यतापूर्वक मनाउने निर्णय गरी त्यसअन्तर्गत केही चाहिँ तात्कालिक महत्त्वका भानुभक्तप्रतिका स्मृति, श्रद्धा आदि व्यक्त गरी स्वराष्ट्र तथा स्वजातिका निम्ति सत्कार्य गर्नुपर्छ भन्ने प्रेरणादायी खालका कार्यक्रमहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा सम्पन्न गर्ने ध्येय लियो भने केहीचाहिँ चिरस्थायी महत्त्वका बौद्धिक प्राज्ञिक कार्य गर्नुपर्छ भन्ने लक्ष्य पनि तय गऱ्यो । प्रस्तुत 'भानुभक्त आचार्यको जीवनवृत्त' र 'भानु विमर्श' ग्रन्थ भानुभक्त आचार्यबारे गरिएका प्राज्ञिक अध्ययनमूलक शाश्वत महत्त्वका बौद्धिक उपलब्धि हुन् । नरेन्द्रराज प्रसाईले यी दुवै ग्रन्थका लेखन, सम्पादन र प्रकाशनका सबै पक्षमा आवश्यकतानुसार आफ्नो समय, श्रम एवम् बुद्धि खन्याएका छन् र उनैका बौद्धिक लेखनको नवीन उपलब्धिका रूपमा यो 'भानुभक्त आचार्यको जीवनवृत्त' सार्वजनिक हुन पुगेको छ ।


नरेन्द्रराज प्रसाईले हाम्रा आदिकवि भानुभक्त आचार्यको द्विशतवार्षिकीका अवसरमा गरेको नवीनतम महत्त्वपूर्ण प्राज्ञिक योगदानको प्राप्ति प्रस्तुत 'भानुभक्त आचार्यको जीवनवृत्त' हो भन्ने मलाई लाग्दछ । युवाकवि मोतीराम भट्टले लेखेको 'कवि भानुभक्तको जीवनचरित्र' (वि.सं. १९४८) नै ऐतिहासिक रूपमा प्राय: प्रामाणिक र केही अनुमान कल्पनामिश्रित प्रथम भानुजीवनीका रूपमा विख्यात छ भने त्यस यताका विगत सवा शताब्दीका बीच भानुजीवनीका विभिन्न घटनासन्दर्भलाई उल्थ्याउने र केलाउने प्रयासहरू निकै भए पनि र केही भानुजीवनी लेखिएका देखिए पनि तथ्यनिष्ठ, प्रमाणसिद्ध एवम् तर्कसङ्गत रूपमा भानुभक्त आचार्यका जीवनबारे प्रकाश पार्ने खासै उल्लेख्य प्रयास भएका देखिएनन्; बरु केही तथ्य बङ्ग्याउने र बटार्ने चेष्टा आचार्यवंशीहरूबाटै भएका देखिए । यस परिप्रेक्ष्यमा नरेन्द्रराज प्रसाईले भानुभक्त आचार्यका सबै कृतिको अध्ययन र भानुभक्तका जीवनीसँग सम्बद्ध सबै पूर्वाध्ययनहरूको

सूक्ष्म अवलोकनका आधारमा आफ्नो मेधाशक्तिको प्रचुर उपयोग गरी यो 'भानुभक्त आचार्यको जीवनवृत्त' तयार पारेका छन् ।

प्रसाईले लेखेको प्रस्तुत भानुजीवनी प्राज्ञिक प्रकृतिको नव उपलब्धि बन्न गएको छ; किनभने उनले यसमा भानुजीवनीका कतिपय अशोधित पक्षलाई वस्तुनिष्ठ तथ्य, ठोस प्रमाण र अकाट्य तर्कको उपयोगद्वारा शोधन गरी सत्यापन गर्ने बौद्धिक पथको अनुसरण गरेका छन् । यस जीवनमा प्रसाईले पुराना प्रतिभाहरूका जीवनीलाई कसरी वस्तुनिष्ठ, प्रमाणसिद्ध र तर्कसङ्गत रूपमा प्रस्तुत गर्न सकिन्छ भन्ने पथनिर्देश गर्नुका साथै आदिकवि भानुभक्त आचार्यको जीवनीबारेका कतिपय सूचनाको नवीन प्राज्ञिक प्रतिपादन एवम् संस्थापन गरिदिएका छन् र यस दृष्टिले प्रसाईले लेखेको यो भानुजीवनी मोतीराम भट्टको भानुजीवनीपछिको सर्वाधिक गहकिलो र विश्वसनीय कृति बन्न गएको छ । यस्तो कार्यले समयुगका र आउँदो युगका नागरिकहरूमा स्वराष्ट्र र स्वजातिको गौरव बढाउने खालको प्रेरणा थपिने र ऊर्जा भरिने अनि आफ्नो राष्ट्र र जातिका महान् प्रतिभाहरूलाई चिन्नेचिनाउने, बुझ्नेबुझाउने र तिनका प्रति श्रद्धासम्मानको भाव राख्ने सकारात्मक अभिवृत्तिको विकास भई उच्च मूल्ययुक्त जीवनसंस्कार बस्न जाने हुन्छ । नरेन्द्रराज प्रसाईलाई उनले गरेको यस सत्कार्यका निम्ति म उनका प्रति हार्दिक बधाई ज्ञापन गर्दछु !

वास्तवमा कुनै पनि स्रष्टाको जीवनी उसको व्यक्तिगत विवरण मात्र नभई उसले आफ्ना उमेरगत जैविक अन्तर्विकासका क्रममा प्रातिभ, मानसिक र बौद्धिक-वैचारिक ऊर्जा-क्षमताको आर्जन गर्दै राष्ट्रिय सांस्कृतिक-सामाजिक परम्परा र त्यसका समयुगीन परिप्रेक्ष्य अनि युगीन अन्तर्राष्ट्रिय वातावरणसन्दर्भसँगको सम्बन्धसमेतको बृहत् परिप्रेक्ष्यलाई प्रत्यक्षाप्रत्यक्ष रूपमा आत्मसात् गरी रच्न पुगेको साहित्यिक कृतित्वको अन्तर्बाह्य पूर्वापर क्रम र सहसम्बन्धको

समष्टि रूपरेखा पनि हो । यी सम्पूर्ण कुरालाई र सन्दर्भित हुन आउने अन्य कतिपय पक्षलाई पनि दृष्टिगत गरी कुनै पनि स्रष्टाको जीवनीगत रूपरेखालाई तार्किक सरणिमा व्यवस्थित तुल्याई प्रामाणिक र विश्वसनीय रूपमा प्रस्तुत गर्नुलाई अति महत्त्वपूर्ण प्राज्ञिक योगदानका रूपमा लिने गरिन्छ । नरेन्द्रराज प्रसाईले नेपाल राष्ट्र र नेपाली समाजका निम्ति उल्लेखनीय योगदान पुऱ्याउने विभिन्न व्यक्तित्वहरूको जीवनीलेखनका क्रममा यसभन्दा अगि तथ्यनिष्ठता र आत्मगत हार्दिक रागात्मकताको मिश्रणमय प्राय: साहित्यिक शैलीको अवलम्बन गरेको भेटिन्छ । तर यस 'भानुभक्त आचार्यको जीवनवृत्त'मा चाहिँ तथ्य एवम् तर्कमा आधारित बौद्धिक समीक्षात्मक जीवनीलेखनका प्राज्ञिक पथतर्फको नवअभिमुखता लिएको देखिन्छ । उनी प्राज्ञिक जीवनीलेखनका यस नवपथतर्फ पनि गतिशीलताका साथ अगि बढ्दै गई सफलताका शिखरमा पुग्नेछन् भन्ने सङ्केत प्रस्तुत कृतिले दिएको छ । म उनका जीवनीलेखनयात्राको उत्तरोत्तर समृद्धिका निम्ति हृदयत: शुभकामना व्यक्त गर्दछु । शुभकामना !



**प्रा.डा.माधवप्रसाद पोखरेल**

**जन्म** : २००५ साल मङ्सीर ७ गते (धरान); **शिक्षा** : एमए, पिएचडी; **कृति** : १६ पुस्तक (व्याकरण, निबन्ध, अनुवाद, सम्पादन); **पुरस्कार** : महेन्द्र विद्याभूषण (प्रथम), गोपालप्रसाद रिमाल सम्मान, गणेश भण्डारी पुरस्कार, जापान फाउन्डेसन फेलोसिप एवार्ड, साकाई लाइन्स क्लब एन्ड इमानिसी मेमोरियल फेलोसिप एवार्ड, वाणी पुरस्कार; **प्राध्यापक** : त्रिभुवन विश्वविद्यालय र कोवे विश्वविद्यालय (जापान) ।

# अनुसन्धानको अपरिहार्य दस्तावेज

मोतीराम भट्ट(भट्ट)ले 'कवि भानुभक्तको जीवनचरित्र' प्रकाशित गरेपछि भानुभक्त आचार्य नेपाली भाषा र साहित्यका पाठक र लेखकहरूका बीचमा 'आदिकवि' का उपनामले महत्त्वपूर्ण कविका रूपमा स्थापित भए । मोतीरामले दिएको 'आदिकवि' को पेटालाई दार्जिलिङको 'नेपाली साहित्य सम्मेलन' ले झन् बलियोसँग कसी दियो । बाबुराम आचार्य (ब. आचार्य) ले 'पुराना कवि र कविता' लेखेर भानुभक्तभन्दा पुराना इन्दिरस, विद्यारण्यकेशरी, यदुनाथ पोखऱ्याल, वीरशाली पन्त र वसन्त शर्माजस्ता कविहरू र उनीहरूका रचनाको परिचय दिएर भानुभक्तलाई मोतीराम

भट्टले दिएको 'आदिकवि' पगरीमा जडिएको 'आदि' शब्दको वाच्यार्थमा प्रश्न तेर्स्याइदिएपछि वासुदेव त्रिपाठी (त्रिपाठी, नेपाली कविताको सिंहावलोकन, स. त्रिपाठी, भानुभक्तको आदिकवित्व : केही गौँडा (गल्छिँडाहरू)ले भनेझैँ भानुभक्तलाई लक्षार्थबाट आदिकवि प्रमाणित गर्ने प्रयासहरू सुरु भए । नरेन्द्रराज प्रसाई (प्रसाई) को 'भानुभक्त आचार्यको जीवनवृत्त' मूलत: वासुदेव त्रिपाठीकै मार्ग समातेर गरिएको अनुसन्धानात्मक कृति हो ।

नरेन्द्रराज प्रसाईले जीवनी (२०४१) लेखेर आफ्नो अनुसन्धानपरक समालोचनाको यात्रा थाले र यो चर्चित पुस्तकचाहिँ उनको तेइसौँ जीवनीपरक अनुसन्धानात्मक समालोचना हो । त्यस पछि (२०४३) प्रसाईको अनुसन्धानपरक समालोचना ग्रन्थ सम्पादनतिर लागेको देखिन्छ । समालोचना जीवनीको त्यस विधामा उनले चौबीस ओटा ग्रन्थ प्रकाशित गरिसकेका छन् । यस्ता धेरै सम्पादित ग्रन्थ प्रकाशित गरेर नेपाली समालोचनाविधालाई अनेक सन्दर्भग्रन्थहरू दिएर नरेन्द्रले आफ्नो छुट्टै प्रज्ञा स्थापना गरेका छन् । पछिल्ला वर्षहरूमा उनले विश्वमा नेपाली नारीको कीर्तिपताका फहराउने लक्ष्य राखेर पनि अनेक ग्रन्थ सम्पादन गरेका छन् । केही कृतिपरक समालोचना प्रकाशित गरेर पनि प्रसाईले आफ्नो समालोचकीय प्रतिभाको हस्ताक्षर गरेका छन् । समालोचना र अनुसन्धानका फाँटमा नरेन्द्रराज प्रसाईले रोजेको कुनै कुनै बाटो त नेपाली समालोचनामा अरू समालोचकहरूले जुठ्याएकै छैनन् ।

अनेक निबन्ध, प्रबन्ध र गीतको प्रकाशन गरेर नरेन्द्रले आफ्नो सर्जक व्यक्तित्वको पनि परिचय दिएका छन्, तर यो लेख उनको 'भानुभक्त आचार्यको जीवनवृत्त' भन्ने समालोचनात्मक कृतिमा सीमित छ । यो जस्तो समालोचनाको पनि समालोचनालाई वाइन बुथ (१९७९ ई)ले 'मेटाक्रिटिसिज्म' (उपसमालोचना) (Clippinger) भन्ने नाम दिएका छन् ।

भानुभक्त आचार्यको जीवनीपरक समालोचनामा मोतीराम भट्ट (१९४८) पछि सूर्यविक्रम ज्ञवाली (ज्ञवाली), ब्रह्मशमशेर राणा (राणा), भाइचन्द्र प्रधान (भ.प्रधान), पारसमणि प्रधान (प.प्रधान), हृदयचन्द्रसिंह प्रधान (ह.प्रधान), बालचन्द्र शर्मा (शर्मा), नरनाथ शर्मा आचार्य (न.श. आचार्य), मुक्तिनाथ आचार्य (म. आचार्य), शम्भुप्रसाद ढुङ्ग्याल (ढुङ्ग्याल), व्रतराज आचार्य (व. आचार्य) र जयराज आचार्य (Acharya) ले उल्लेखनीय योगदान गरेका छन् । नरेन्द्रराज प्रसाई (प्रसाई)को प्रस्तुत समालोचना ग्रन्थ त्यसै परम्पराको पछिल्लो पाइलो हो ।

नरेन्द्रराज प्रसाईले यस ग्रन्थमा केही कृतिपरक समीक्षा पनि गरेका छन् । भानुभक्तको कृतिपरक अनुसन्धानमा इन्द्रबहादुर राई (राई), दयाराम श्रेष्ठ 'सम्भव' ('सम्भव'), सुमन ढकाल (स. ढकाल) र मतिप्रसाद ढकाल (म. ढकाल) र रजनी ढकाल (र. ढकाल)हरू उल्लेखनीय छन् । यस शृङ्खलामा पिएचडी स्तरकै अनुसन्धान गर्ने भद्रवीर अधिकारी (अधिकारी) र रामचन्द्र पौडेल 'रम्घाली' ('रम्घाली') का शोधप्रबन्धहरू गम्भीर अनुसन्धानमा पर्दछन् । प्रसाईका कृतिपरक समालोचनाको योगदान यसै परिप्रेक्ष्यमा जोखिनुपर्छ ।

जीवनीपरक समालोचनाका केही नौल्याइँहरू हुन्छन् । जुन मान्छेले कसैको जीवनी लेख्न मन गर्छ, उसले त्यसका जीवनका मुख्यमुख्य घटनाहरू बटुल्छ, किनभने कसैको पनि जीवनीमा उसको जीवनका सम्पूर्ण कुरा त अटाउनै सक्तैनन् । मुख्यमुख्य घटना भनेकै जीवनीकारको चासो र उसकै संस्कृति, भाषा अनि राजनीतिक, सामाजिक र मानसिक स्वार्थअनुसार ठहराइन्छन् । हरेक इतिहासकारले पनि त्यसै गर्छ, बालकृष्ण समले भनेझैँ, ऐतिहासिक आख्यानमा आख्यानकारले इतिहासका करङमा कल्पनाको मासु भर्छ । इतिहासकारको आफ्नै वर्तमानका मसलाले नसाँधी इतिहास नै बन्दैन । वाराणसीमा बसेर भानुभक्तका रामायण र फुटकर रचना फेला पारेपछि मोतीराम

भट्टलाई पनि त्यही समस्या आई लाग्यो । भानुभक्तका कृति र भानुभक्तका साइनेदारलाई सोध्दा भेटेका तथ्यहरूलाई उनेर भानुभक्तलाई महापुरुष बनाउन मोतीराम भट्टले तात्कालिक नेपाली पाठकलाई प्रभाव पार्ने काल्पनिक कथा बुने । सबै इतिहासकारले अहिले पनि त्यसै गर्नुपर्छ, त्यसैले काठमाडौँमा जन्मेहुर्केका र काशीमा पढ्न बसेका मोतीराम भट्टले भानुभक्तको तनहुँका परिवेशको काल्पनिक कथा बुन्दा तनहुँका पाठकलाई केही खिहिऱ्याउने लाग्न सक्छ । त्यसमा मोतीरामले ठूलो गल्ती गरे भन्ने कुनै पनि इतिहासकारले पनि ठान्दैन । मोतीरामले लेखून् कि नरनाथले लेखून् कि विष्णुमायाले लेखून् कि व्रतराजले लेखून् कि शर्वराजले लेखून्, भानुभक्तको जीवनको जिउँदो र साक्षात् रूप त कसैले पनि फेला पार्न सक्तैन । उनीहरूले बनाउने भनेको भानुभक्तका जीवनीको पाठभेद मात्र हो एउटा लोककथाका पाठभेदजस्तै । जीवनी भनेको एउटा ऐतिहासिक गद्य काव्य मात्र हो । इतिहासको यो यथार्थलाई सबै जीवनीकार र इतिहासकारले बुझेका हुन्छन्, तर बाबुराम आचार्य, हृदयचन्द्रसिंह प्रधान, नरनाथ आचार्य, विष्णुमाया (आचार्य), जयराज आचार्य, व्रतराज आचार्य र नरेन्द्रराज प्रसाईजस्ता समालोचकहरूले ती जीवनी नाउँका ऐतिहासिक आख्यानमा आफ्ना पठनमा ती आख्यानका तथ्यहरूमा पुर्पच्छे गर्नै नपाउनेचाहिँ होइनन्, किनभने पाठकपरक समालोचनाअनुसार हरेक कृतिको अर्थ निर्माण पाठकले गर्छ, अनि उत्तरआधुनिक पठनले एउटा साहित्यिक कृतिको एउटा मात्र होइन, अनेक केन्द्रको निर्माण गर्न सक्छ र पाठकका सापेक्षतामा ती सबै केन्द्रले दाबी गरेको सत्यलाई नपत्याउन पाइँदैन । हरेक कृतिका एकल पाठको बहुल अर्थ हुन्छ ।

यस परिप्रेक्ष्यमा नरेन्द्रराज प्रसाई (२०७१) ले भानुभक्तको जीवनीपरक समालोचनाका मोतीरामका केही बुँदाहरूमा असहमति पनि जनाएका छन्, तर मोतीरामका सूचनालाई असत्य प्रमाणित गर्न

पछाडि दाबी गरिएका आचार्य बन्धुहरूका समालोचनाको खण्डन गरेका छन् । साथै, घाँसीको जस्तो प्रसङ्गमा चाहिँ के मानेका छन् भने, घाँसीको प्रसङ्ग अब झुट्टै प्रमाणित भयो भने पनि नेपाली जनमानसमा त्यसले नमेटिने ठाउँ बनाइसकेको छ । यस कुराले पनि नरेन्द्र सन्तुष्ट हुन्छन् । यसरी भानुभक्तको जीवनीपरक समालोचनामा आफ्नो बेग्लै केन्द्र बनाउने उद्योग गरेकामा नरेन्द्रराज प्रसाईको यस कृतिले उल्लेखनीय योगदान गरेको छ ।

भानुभक्तको जीवनीपरक समालोचनाका मन्दिरमा नरेन्द्रराज प्रसाईको यस समालोचनात्मक ग्रन्थले थपेका इँटहरू गन्न यसरी औँला भाँच्न सकिन्छ :

**क. भानुभक्तको जन्मसालबारे**

मोतीराम भट्ट (१९४८) ले भानुभक्तकै भतिजालाई सोधेर भानुभक्तको जन्मसाल १८६९ लेखेका छन्, तर नरनाथ आचार्यले मोतीराम भट्टले लेखेको जीवनीका तथ्यहरूको खण्डन गरेको र भानुभक्तकी नातिनी विष्णुमायाले भानुभक्तको एउटा 'जन्मकुण्डली' छापेर भानुभक्तको सक्कली जन्मसाल १८७१ दाबी गरेपछि नेपाल सरकारले त्यसैलाई सदर गरेर भानुभक्तको द्विशतवार्षिकी पनि मनाई सक्यो । नरेन्द्रराज प्रसाईले यस कृतिमा विष्णुमायाले दाबी गरेको साललाई आफ्ना प्रमाण र तर्कहरूले खण्डन गरेर मोतीरामले उल्लेख गरेको साल (१८६९) लाई नै भानुभक्तको सही जन्मसाल हो भन्ने अभिमत राखेका छन् ।

**ख. शिक्षादीक्षाबारे**

भानुभक्तको शिक्षादीक्षाबारे पनि नरेन्द्रराज प्रसाईले आफ्ना पूर्ववर्ती समालोचकहरू र अन्य स्रोतव्यक्तिहरूबाट बटुलेका पुराना र नौला तथ्यहरू जोडेर आफ्नो निर्णय र मन्तव्य दिएर भानुभक्तका आख्यानको कथानकलाई पूरा गरेका छन् ।

**ग. भानुभक्तको कान्तिपुर प्रवेशबारे**

गिरिधारी भाटसँगको मुद्दा खेप्न पहिलोपल्ट तनहुँबाट काठमाडौँ आउँदा भानुभक्तले पाँचमाने भन्ज्याङबाट कान्तिपुर देखेका थिए भन्ने सूचना प्रसाईले दिएका छन् । यी सूचना यसै गरी जोडिएर यसभन्दा अघि कहिल्यै आएका थिएनन्, तर सूचनाको स्रोत उल्लेख गर्न छुटाएकाले यसबारे अनुसन्धान अघि बढाउन भविष्यका अनुसन्धाताले केही दु:ख पाउनुपर्ने चाहिँ देखिन्छ ।

**घ. गिरिधारी भाटसँगको झगडाबारे**

मोतीराम भट्ट (१९४८) ले दिएको भानुभक्तको आख्यानमा भानुभक्तको झगडिया गिरिधारी भाट एउटा खल पात्रका रूपमा मात्र देखिन्छ, तर नरेन्द्रराज प्रसाईले यस ग्रन्थमा गिरिधारी भाटको एउटा पत्यारिलो आख्यान दिएका छन् । आख्यानको स्रोत उल्लेख नगरेकाले त्यसबारे पनि धेरै भन्न सकिँदैन, तर प्रसाईले भानुभक्तका भविष्यका समालोचकहरूलाई गिरिधारी भाटबारे पनि सहानुभूति पूर्ण खोजी गर्ने विषय थपिदिएका छन् ।

**ङ. भानुभक्तले जागिर खाए नखाएको कुरो**

भानुभक्तका विषयमा लेख्ने समालोचकहरूले भानुभक्तले जागिर खाए नखाएको कुरो बझाएका हुनाले नरेन्द्रराज प्रसाईले यस कृतिमा भानुभक्तले जागिर खाएकै कुरो किटेका छन् र त्यसमा तलमाथि पर्ने कारणमा गिरिधारी भाटको भूमिकालाई जोडेका छन् । गिरिधारी भाटको ओर गरेर प्रसाईले भानुभक्तकै पनि तर्कपूर्ण आलोचना गरेका छन् ।

**च. भानुको सम्मानबारे**

मोतीराम भट्ट (१९४८) ले भानुभक्तलाई 'आदिकवि' भनेर चिनाएपछि दीनानाथ सापकोटा (१९८९) ले रघुनाथ भट्ट (पोखर्याल) का कविता अघि सारेर भानुभक्तको आदिकवित्वमा प्रश्न तेर्स्याइदिए । भानुभक्तको आदिकवित्वमा त्योभन्दा ठूलो झड्का बाबुराम आचार्य

(ब. आचार्य) ले 'पुराना कवि र कविता' (२००३) प्रकाशित गरेर दिए । यसरी नेपाली समालोचना परम्पराले भानुभक्तको आदिकवित्वमा विवाद उठाएपछि वासुदेव त्रिपाठी (त्रिपाठी, भानुभक्तको आदिकवित्व : केही गौँडा (गल्छिँडाहरू)ले 'मधुपर्क' (२०२६) मा अभिधाशक्तिका आधारमा भानुभक्तलाई 'आदिकवि' भन्न नसकिए पनि लक्षणाशक्तिका आधारमा भानुभक्त नै आदिकवि ठहर्ने निर्णय गरेपछि भानुभक्तको आदिकवित्वको विवाद थान्को लाग्यो । नरेन्द्रराज प्रसाईले पनि वासुदेव त्रिपाठीकै मतको समर्थन गरेका छन् ।

**छ. घाँसीको कथानक**

हरेक इतिहासकारले आफ्ना नायकहरूको 'दैवीकरण' (Divination) गर्छ । मोतीराम भट्टले पनि भानुभक्तको दैवीकरण गर्न भानुभक्तसम्बन्धी भेटिएका तथ्यहरू जोडेर भानुभक्तको आख्यान बुन्दा आफ्नै कल्पनाबाट एउटा घाँसी पात्रको सृष्टि गरे । टुकराज पद्मराज मिश्रले तनहुँमा घाँस बेच्ने चलनै नभएको कुरो उठाएपछि र भानुभक्तकी नातिनी विष्णुमायाले समेत त्यसको समर्थन गरेपछि एकातिर घाँसी पात्र काल्पनिक रहेछ भन्ने मोतीरामको पोल खुल्यो भने, अर्कातिर भानुभक्तले भेटेका घाँसीको नाउँ 'चामुनारायण पन्थ' हो भन्ने दाबी गर्ने लेखकहरू पनि आएको कुरो उठाउँदै नरेन्द्रराज प्रसाईले एकातिर घाँसी मोतीराम भट्टको कपोलकल्पित पात्र हो भन्ने पनि माने, तर अर्कातिर असत्य र कपोलकल्पित भए पनि अब घाँसीको अस्तित्वलाई भानुभक्तको डिस्कोर्सबाट मेट्नै नसकिने तथ्य अघि सारेका छन् ।

**ज. भानुभक्तको फोटाको समीक्षा**

भानुभक्तलाई मोतीरामको खाँचो (१०५–१०८) भन्ने अध्यायमा मोतीरामले प्रकाशित गरेको भानुभक्तको फोटामा दाहिने काँधबाट देब्रेतिर जनै लगाएजस्तो तर जनैको उल्टो पारेर लगाइएको साफालाई

विषय बनाएर नरेन्द्रराज प्रसाईले मोतीरामले दाबी गरेको भानुभक्तको फोटो ठीक नभएको अभिमत राखेका छन् ।

### रु. भानुभक्तको देहावसानबारे

भानुभक्तको देह त्याग मर्स्याङ्दी नदीको सतीघाटअन्तर्गत गाईथुनेघाटमा भएको हो भन्ने सूचना नरेन्द्रराज प्रसाईले वासुदेव त्रिपाठीका पिता प्रेमदत्त त्रिपाठीको सूचनालाई आधार मानेर पत्यारिलो ढङ्गले लेखेका छन् ।

### ञ. वधूशिक्षाको 'वेश्या' शब्दबारे

भानुभक्तका कृतिबारे (११३–१२५) लेखिएको अध्याय नै नरेन्द्रराज प्रसाईको सबभन्दा चोटिलो अध्याय हो । आफ्नो 'वधूशिक्षा' भन्ने कृतिमा भानुभक्तले 'हाँस्नू छैन कदापि नारिहरुले वेश्या हुन्या हाँस्तछन्' भनेर लेखेका हुनाले भानुभक्तलाई हृदयचन्द्रसिंह प्रधानले महिलाविरोधी भन्ने आरोप लगाए । त्यो आरोप अहिलेसम्म पनि लागिरहेका बेलामा 'वधूशिक्षा' को आधिकारिक पाठ भनेर 'वेश्या' शब्दलाई 'वैश्या' शब्दले साटेर शुद्ध पाठको दाबी गर्ने केही आधिकारिक संस्था र आधिकारिक व्यक्तिको पनि नरेन्द्रराज प्रसाईले उछित्तो काढेर 'वेश्या' शब्द नै प्रामाणिक भएको ठहराएका छन् ।

### ट. भानुभक्तको जन्मकुण्डली र जन्ममिति

एउटा अध्यायमा मोतीराम भट्टले छपाएको (१८६९ साल) भानुभक्तको जन्मकुण्डली र त्यसलाई खण्डन गर्न भानुभक्तकी नातिनी विष्णुमायाले भानुभक्तले नै आफ्नो जन्मकुण्डलीको ग्रह स्थितिबारे लेखेको श्लोक भनेर उनको 'भानुभक्त मणिमाला' मा भानुभक्तको सक्कली जन्ममिति १८७१ असार २९ गते दाबी गरिएको कुरो दाँजेर मोतीरामले छपाएको १८६९ साल नै सही जन्ममिति हो भन्ने प्रमाण, तर्क र निर्णय (१२६–१२८) दिइएको छ ।

ठ. भानुभक्तको वंशावली (१२९–१३२) को अद्यावधिक भानुभक्तका खनाति श्रीभक्त आचार्यका सहायताले भरेर प्रस्तुत गरिएको छ ।

ड. परिशिष्टमा भानुभक्तको हस्ताक्षर, भानुभक्तको प्रथम प्रकाशित तस्बिर, मोतीरामको तस्बिर, भानुभक्तका छोरा रमानाथको तस्बिर र भानुभक्तकी नातिनी विष्णुमायाको तस्बिर (१३३–१४०) सबै प्रामाणिक स्रोतसन्दर्भ उल्लेख गरेर राखिएको छ ।

यसरी नरेन्द्रराज प्रसाईले भानुभक्तको जीवनीबारे आजसम्म विभिन्न समालोचकहरूका कृतिहरूमा उठेका विवाद र परस्पर विरोधी सूचना र तथ्यहरूलाई आफ्नो विवेक र तर्कले जोड्दै जोख्तै गरेर उनका विचारमा भानुभक्तको जीवनीको अन्तिम र प्रामाणिक पाठ तयार गरेका छन् जसलाई राम्रोसँग नकेलाई पन्छाएर अथवा निच मारेर भविष्यको कुनै पनि भानुभक्तको जीवनीपरक समालोचनाको लेखक अघि बढ्न सक्तैन । यो भानुजीवनीलाई यसरी अनुसन्धानको अपरिहार्य दस्तावेज बनाएकामा नरेन्द्रराज प्रसाईलाई कुनै पनि निष्पक्ष अनुसन्धाताले बधाई नदिई रहन सक्तैन ।

**सन्दर्भग्रन्थसूची**


१. Acharya, Jayaraj (2011), *Bhanubhakta Acharya, His Life an Poems*. Kathmandu: Bidyarthi Prakashan.

२. Clippinger, David (2001), *'Metacriticism', Encyclopedia of Postmodernism.* Edits.Victor E Tailor र Charles E Winquist. London & New York: Routledge, 241-242.

३. अधिकारी, भद्रवीर (२०६९), 'नेपाली कविताका विकासमा भानुभक्त आचार्यको योगदान', काठमाडौँ: भद्रवीर अधिकारी ।

४. आचार्य, नरनाथ शर्मा (२०१७), 'आदिकवि कविसम्राट भानुभक्त आचार्यको सच्चा जीवनचरित्र', चुँदी, तनहुँ: नरनाथ शर्मा ।

५. आचार्य, बाबुराम (२००३), 'पुराना कवि र कविता', काठमाडौँ: ने.भा.प्र.स. ।

६. आचार्य, मुक्तिनाथ (२०४२) 'आदिकवि भानुभक्त आचार्य', चुँदी, तनहुँ: मुक्तिनाथ ।

७. आचार्य, व्रतराज (२०५८), 'आदिकवि भानुभक्त : जीवनी र कविताको सम्परीक्षण', रम्घा: भानुजन्मस्थल विकास समिति ।
८. ढकाल, मतिप्रसाद (२०६४), 'भानुभक्तका लघुरचनाहरू' (पाठभेद), काठमाडौँ : आस्था आगम प्रकाशन ।
९. ढकाल, सुमन (२०४५), 'कवि भानुभक्त र उनका केही साहित्यिक पक्ष', गान्तोक : आँकुरा प्रकाशन ।
१०. ढकाल, रजनी (२०७२) 'वधूशिक्षा : विश्लेषण र मूल्याङ्कन', काठमाडौँ : नइ प्रकाशन ।
११. ढुङ्ग्याल, शम्भुप्रसाद (२०४९), 'आदिकवि भानुभक्त आचार्यको जीवनचरित्र' काठमाडौँ : नीहार प्रकाशन ।
१२. त्रिपाठी, वासुदेव (२०२७), 'नेपाली कविताको सिंहावलोकन', ललितपुर : साझा प्रकाशन ।
१३. ––––––– (२०२६), 'भानुभक्तको आदिकवित्व : केही गौँडा-गल्छिँडाहरू', मधुपर्क : ८७–९४.
१४. पौडेल, रामचन्द्र 'रम्घाली' (२०७०), 'संस्कृत अध्यात्म रामायण र भानुभक्तीय रामायणको तुलनात्मक अध्ययन', काठमाडौँ: नेपाल प्रज्ञाप्रतिष्ठान ।
१५. प्रधान, पारसमणि (सम्पा., २००९), 'भानुभक्त ग्रन्थावली', दार्जिलिङ : भारती कार्यालय ।
१६. प्रधान, भाइचन्द्र (१९५२ ई.), 'आदिकवि भानुभक्त आचार्य', कलकत्ता : प्रधान, रत्नकुमार ।
१७. प्रधान, हृदयचन्द्रसिंह (२०१३), 'भानुभक्त : एक समीक्षा', काठमाडौँ : नेपाल आदर्श हाइस्कुल ।
१८. प्रसाई, नरेन्द्रराज (२०७१), 'भानुभक्त आचार्यको जीवनवृत्त', काठमाडौँ: नइ प्रकाशन ।
१९. भट्ट, मोतीराम (१९४८), 'कवि भानुभक्तको जीवनचरित्र', वाराणसी : रामकृष्ण बर्मा ।
२०. राई, इन्द्रबहादुर, (सम्पा. २०२६), 'भानुभक्तका कृति अध्ययनहरू', दार्जिलिङ : नेपाली साहित्य परिषद् ।
२१. राणा, ब्रह्मशमशेर (१९९५), 'कवि भानुभक्त', वाराणसी : राणा, ब्रह्मशमशेर ।
२२. शर्मा, बालचन्द्र (२०१४), 'भानुभक्त', दार्जिलिङ : नेपाली साहित्य परिषद् ।
२३. श्रेष्ठ 'सम्भव', दयाराम (२०४१), 'रामकथा परम्परा र भानुभक्तीय रामायण', काठमाडौँ : श्री ५ को सरकार सूचना विभाग ।
२४. ज्ञवाली, सूर्यविक्रम (सम्पा., १९२७ ई.), 'कवि भानुभक्तको जीवनचरित्र मोतीराम', दार्जिलिङ: नेपाली साहित्य सम्मेलन ।




**प्रा.डा.मुरारीप्रसाद रेग्मी**

**जन्म** : १९९८ साल असोज ५ गते (रूपन्देही); **शिक्षा** : एमए, पिएचडी; **कृति** : ८ पुस्तक (समालोचना, अनुवाद र सम्पादन); **पुरस्कार** : महेन्द्र विद्याभूषण (प्रथम), रत्नश्री स्वर्णपदक, त्रिवि दीर्घ सेवा पदक, भानुभक्त पुरस्कार; **मनोविज्ञान केन्द्रीय विभागका पूर्वप्रमुख तथा प्राध्यापक** : त्रिभुवन विश्वविद्यालय ।

# भानुजन्मकुण्डली किन बनाइयो ?

नरेन्द्रराज प्रसाईद्वारा लिखित 'भानुभक्त आचार्यको जीवनवृत्त' नामक कृतिमा मुख्य मुद्दा बनाइएको विषयमध्ये भानुभक्तको जन्ममिति र जन्मकुण्डली पनि एक हो । मितिहरूको सत्यापनामा विवाद भएको हुँदा यो कुण्डली भानुभक्त स्वयम्ले बनाएको हो या उनकी नातिनी विष्णुमायाद्वारा बनाउन लगाई प्रस्तुत गरिएको हो, त्यसबारे मेरो भन्नु केही छैन । यदि यो कुण्डली भानुभक्तकालीन समयमा बनाइएको होस् वा भानुभक्त आचार्यद्वारा नै बनाइएको होस् कुण्डलीमा अत्यन्त प्रबल वा तेजस्वी व्यक्तिको गुण देखिन्छ । यदि यो कुण्डली प्रायोजित होस् अथवा विष्णुमायाको उद्देश्यमुताबिक

कुनै ज्योतिषीमार्फत भानुभक्तको इतिवृत्त (इतिहास Historiography) अध्ययनका आधारमा निर्मित गरिएको भए पनि यो कुण्डली बनाउने ज्योतिषीलाई प्रकाण्ड विद्वान् मान्नै पर्छ । किनभने भानुभक्तको विकास, युवावस्थाबाट जसरी अवसान भयो त्यससँग सहसम्बन्धित शक्तिशाली आधार बनाइएको रहेछ । यसको उद्देश्य भानुभक्तको जन्मकुण्डली वा जन्ममृत्युलाई नै वस्तुपरक भन्न खोजेको होइन, मेरो यो लेख यही जन्मकुण्डलीको व्याख्या हो । साथै भानुभक्त १८६९ सालमा जन्मेका हुन् या १८७१ सालमा जन्मेका हुन्, यस लेखको पूर्ण उद्देश्य यो होइन तर १९९८ सालमा विष्णुमायाद्वारा प्रस्तुत 'भानुभक्त मणिमाला'मा उल्लिखित जन्मकुण्डलीलाई कसरी प्रस्तुत गरियो त्यसको शास्त्रीय, मनोवैज्ञानिक विवेचना पनि यस लेखको एउटा उद्देश्य हो । जुनसुकै व्यक्तिको नै भए तापनि प्रस्तुत जन्मकुण्डली तेजिलो छ । १८६९ सालमा भानुभक्त आचार्य जन्मेको तिथिमितिअनुसार यस्तो जन्मकुण्डली भइदिएको भए अथवा मोतीरामले भानुभक्त आचार्य १८७१ असार २९ गते नै जन्मेको लेखिदिएको भए यो जन्मकुण्डली त्यहीअनुसार प्रस्तुत हुन पनि सक्थ्यो र अति सार्थक पनि हुने थियो । तर नरेन्द्रराज प्रसाईले ठोस र अनेक प्रमाण दिएर भानुभक्त जन्मेको मिति १८६९ साल नै हो भनेर ठोकुवा गरेपछि यस जन्मकुण्डलीलाई वैज्ञानिक भनेर किटान गर्न सकिएन । तर हामी यहाँ यो भानुभक्त आचार्यकै जन्मकुण्डली हो भनेर बुझौँ ।



नरेन्द्रराज प्रसाईद्वारा लिखित 'भानुभक्त आचार्यको जीवनवृत्त' (२०७१) एक ऐतिहासिक कृति हो । आचार्यका यिनै जन्म र मृत्युको समयअनुसार भानुभक्त कविको समयक्रमको विभाजन गरिएको छ । यिनै मितिहरू अब अपरिवर्त्यका रूपमा सर्वमान्य भएका छन् । भानुभक्तको जन्मकुण्डली सही हो या गलत हो जे भए तापनि प्रस्तुत गरिएको जन्मकुण्डली विशिष्ट व्यक्तिको मात्र बन्ने गर्छ । यो कुण्डलीअनुसार भन्नुपर्दा उनका लागि सूर्यवारमै जन्ममृत्युचक्र पूरा भएका थिए । उनको पिता धनञ्जय आचार्यको श्रीकृष्ण आचार्यको सुपुत्रका रूपमा जन्म भएको हो । उनी जन्मँदाको समयमा सूर्यको घरमा गुरु अवस्थित थिए । शनि स्वगृही, शुक्र पनि स्वगृही र चन्द्रमा बृहस्पतिको घरमा सुखस्थानी थिए ।

मकरराशिको लग्नबाट दोस्रो स्थानमा शनि छन् भने धेरै धनवान्, मान र भूमिको वृद्धि गर्नेवाला हुन्छन् । मकर लग्नमा राहु अष्टम भावमा छ भने जीवनमा धेरै कष्ट सहन गर्नेवाला पेट र आन्द्राको रोगी हुन्छ । सिंहराशिको गुरु नवौँ भावमा छ भने शास्त्रीय ज्ञान भएको, धार्मिक, ईश्वरभक्त, ठूलो सम्मान पाउने व्यक्ति हुन्छ । भूमि र भवनको सम्पन्न हुन्छ । नम्र र अभिमानी व्यक्ति हुनेछ । मिथुनको सूर्य सप्तम भावमा भएकाले व्यापारमा वृद्धि पाउने हुन्छ । इमानदार व्यापारी हुने खालको देखिन्छ । व्यापारको परिधिमा इमानदार हुन्छ । व्यापारमा अकस्मात् धन प्राप्त गर्ने खालको व्यक्ति हुन्छ । भाग्यवती पत्नी पाउँछ । प्रभावशाली स्त्री प्राप्त गर्नेछ । सूर्य राम्रो स्थानमा छ । पत्नीबाट सुखी हुन्छ ।

चतुर्थ स्थानको चन्द्रमाले मातृस्थानमा केही हानि पाउँछ । छैटौँ स्थानमा शुक्र भएकाले प्रभावशाली र झगडाविवाद मन पराउने हुन्छ । धेरै घुमाउरो चाल चल्नेवाला र क्रोधी प्रकृतिको साहसिक मानिस हुन्छ । सम्भवतः यसै शुक्रले गर्दा परतन्त्र वा जेल गएका

थिए । चलाक व्यक्ति हुन्छ । अष्टम मङ्गलले जीवनमा अशान्ति र आयुमा केही कमी पाउँछ ।

जीवनीकार र समालोचक नरेन्द्रराज प्रसाईको खोज प्रवृत्ति अत्यन्त सजीव र सारगर्भित छ । उनका सप्रमाणित उक्तिहरू सत्यताले ओतप्रोत छ एवम् उनी खरो वार्ताका स्पष्ट प्रवक्ता हुन् । भानुभक्तको जीवन सत्यको अनुसन्धान र अन्वेषण अत्यन्त आनुभाविक र प्रशंसनीय छन् । उनको उक्त कृति अथक परिश्रम र अनुभूतिलाई पुष्पित पार्छ । कविहृदय सम्पन्न प्रसाईमा प्रसाद गुण र प्रवाहमयता गतिमान छ । उनले प्रयासको क्रमलाई लगन र गतिले वेगवान् बनाउँछन् र वास्तविकताको दिग्दर्शन गराउँछन् । भानुभक्तको जन्मकुण्डली झुटो या सत्य जे भए तापनि प्रसाईको लेखनीले चाहिँ कवि भानुभक्त आचार्यको जन्ममृत्युको सत्य मितिहरूलाई प्रस्तुत गरेका छन् । प्रसाईको यस कृतिको महत्त्व भानुभक्तको संशोधित जीवनको अकाटच मानक (True norm) मानिएको छ । अनि यो मानक, मनोवैज्ञानिक तथ्यहरू र संवादले ओतप्रोत र आधारबिन्दु सिद्ध भएको छ । यो कृतिले पूर्णता र वैधता पाएको छ ।

भानुभक्त आचार्यको जन्मकुण्डलीको निर्माणको अध्ययनबाट ज्ञात हुन्छ कि उनी सूर्य राशिगत प्रबल गुरुको प्रतापले धार्मिक र ईश्वर (राम)को अनन्य भक्त भएका हुन् । गजेशरी योग नभए पनि शनिले गर्दा धनवान् र गुरुले गर्दा शास्त्र ज्ञानी भएका हुन् । यिनको शुक्र, स्वगृही भएकाले यिनी अलि बढी रिसाहा थिए । उनीसँग गिरिधारीको झगडा उनको रिसाहा प्रवृत्तिको प्रतीक हो । तर यस कलहको घुम्तीमा गिरिधारी पनि कम रिस भएका तथ्यको के पुष्टि छ ? यी दुवै स्वभावगतभन्दा पनि परिस्थितिगत कलह वा द्वन्द्व थियो भन्न सकिन्छ । कुमारीचोकमा थुनिएको घटना वास्तवमा शुक्रग्रहको विषमताले गर्दा हुन गएको हो । त्यस पाँच महिनाको थुनाइले उनको सम्मानमा धक्का लाग्नु स्वाभाविक थियो । बाबुराम

आचार्य, इतिहासकारको शब्दमा भन्दा उनी गरिब थिएनन् । यो उनको आश्रयदाता कृष्णबहादुर राणाप्रति कृतज्ञताको उच्छाय थियो । उनी खरदार बाबुका भूमिसम्पन्न छोरा पनि थिए । जागिर खोसिएर उनी खेती गर्न बाध्य भएका हुन सक्छन् । अष्टम भावका मङ्गलले पनि यिनको मनमा अशान्ति ल्याएको होला । अर्थात् अवसाद सृजना हुन गएको होला । तर चुँदीरम्घामा भानुभक्तको निकै जमिन थियो । भानुभक्तमा रिसको भावनाको प्रचुरता प्रसाईले पनि स्विकारेका छन् । 'थुनामा रहेको बेला' भानुभक्तका लागि वरदान पनि सिद्ध भयो । किनकि उनले कुमारीचोकमा हुँदा रामायणका चार अध्यायहरूको लेखन गरे । यसका साथै भानुभक्तले त्यसै धवलीमा शोक, गुनासा, व्यङ्ग्य र विविध कविताहरू लेखेर अमर पद्यहरूको सृजना गरेको प्रमाण र व्याख्या प्रसाईको पुस्तकबाट थाहा पाइन्छ ।

भानुभक्तको लेखोटमा व्रतबन्धसंस्कारप्रति र धार्मिक चिन्तनको सन्निकटता र विश्वास जाहेर हुन्छ । यस्तो प्रकृतिगत धर्मको कट्टरता त्यस समयको संस्कृति र चरित्र थियो । भानुभक्तद्वारा नारीको अपमान होइन, परन्तु उनी शिक्षक स्वभावका भएकाले नारीहरूलाई चरित्रवान् बनाउन खोजेको मनोवैज्ञानिक तथ्य भेटाइन्छ । त्यस समयमा कम उमेरमा छोरी सुम्पनु (दान)को अर्थ पवित्रता र धर्मरक्षाका मूल्यहरू हुन् । कौमार्यव्रतको प्रशंसा तत्कालीन कथा, लेख र कविताहरूमा पाइन्छ ।

भानुभक्तको सम्मान भनेको रामायण अर्थात् रामचरित्रको सम्मान गर्नु हो जसमा आध्यात्मिकताको सागर पाइन्छ । सम्भवत: पुराना धर्महरू यसै कारण आराध्य मानिएका छन् । मोतीराम कविले पनि जीवनको किशोरावस्थामा आएर भानुभक्त चरित्रमा सूर्यवत् तेज र ज्ञानको अनुभूति गर्न सकेका होलान् । उनले भानुभक्तको गहिरो चारित्रिक प्रतापको ज्ञान पाए ।

भानुभक्तलाई शाब्दिक रूपमा आदिकवि होइनन् भन्ने विचार लघुताभासको परिचायक हो । मोतीरामले भानुभक्तलाई अभिधार्थक वा गुणार्थक रूपमा आदिकवि मानेका हुन् । यो नाम श्रद्धाको शब्दगङ्गाबाट अवतरित भएको हो । जुद्धशमशेर राणाले नै यिनलाई आदिकवि मानेका हुन् । गुणार्थकताले गर्दा आदिकवि सम्मानार्थक र मनोवैज्ञानिक निर्णय पनि हो ।

घाँसीको प्रसङ्गले गर्दा भानुभक्तमा प्रेरणाको स्फुरण भएको हो र कालान्तरमा अभ्यासबाटै भए पनि उनको कवित्व शक्ति अबाध गतिले अघि बढ्यो । प्रसाईमा पनि मनोवैज्ञानिकताले गर्दा यसको पुष्टि भएको अर्थिन्छ । प्रसाईमा पुनरावर्तन देख्दा उनको स्तर अद्भुत रूपले पल्लवित भएको देखिन्छ । प्रसाईको वर्णनको धारा अनवरत बढिरह्‌यो । भानुभक्तमा मानसिक चित्रहरूको बथान भेटाइन्छ । रामायणमा लोकहित वा कल्याण भेटाइन्छ । उपकारको अर्थमा कुवा खनाउने कार्य ग्रीष्मऋतुका लागि सन्तुष्टि प्रदान गर्ने हुन सक्छ । तिर्खाएका लागि पानी प्राणदानसरह हो । मोतीरामले लेखेको पुस्तकले गर्दा भानुभक्त त सुप्रसिद्ध भए एवम् मोतीराम स्वयम् पनि आदरका पात्र भए । मोतीरामले भानुभक्तको सुवर्णमय चरित्रमा सुहागाको कार्य गरे । मोतीरामले भानुप्रति गरेको श्रद्धाको परावर्तनबाट प्रतिभा प्राप्त गर्न सफल भए । अर्काको इज्जत गर्दा आफ्नो सम्मान बढ्न जान्छ । भानुभक्तको कान्तिपुर आगमनले गर्दा उनकै व्यक्तित्व उज्ज्वल भएको प्रतीत हुन्छ । उनी आफूलाई गौरवान्वित ठान्दथे । 'वधूशिक्षा'मा भानुभक्तले नारीहरूलाई अर्ती दिएको प्रसङ्ग त्यस समयका लागि उत्तम नै मान्नुपर्छ, किनकि यसभित्र सुधारवादिता र सच्चरित्रता बढाउने सन्देश छ । यो लेखको पङ्क्तिकार पनि स्यानो हुँदा, चार वर्षको उमेरतिर गाइहिँड्थ्यो– 'चपला अवलाहरू एक् सुरमा । गुनकेशरिको फूल ली शिरमा' । अझै यो पङ्क्तिकारलाई आफू उफ्रिरहेको सम्झना सजीव छ । 'अमरावती कान्तिपुरी नगरी'

भन्ने शब्दहरू जनमानसमा भिजिसकेका छन् । भानुभक्त पनि सौन्दर्यका उपासक हुन्; शत्रु होइनन् । कविहरू सौन्दर्यका पुजारी हुन्छन् । केही प्रसिद्ध कविहरू जस्तै– शेक्सपियर, वर्डस्वर्थ, शेली, किट्स, टेनिसन, पुस्किन, फ्रस्ट, पाउन्ड, प्रसाद, पन्त, निराला, लेखनाथ, सम, देवकोटा सबै सौन्दर्यका पुजारी थिए ।

तारापतिकी पत्नीको कर्कशा र झगडालु प्रवृत्तिमाथि व्यङ्ग्य प्रहार गर्दै लेखेका बाह्र पङ्क्तिहरू प्रसाईले आफ्नो पुस्तकमा समावेश गरेका छन् । 'वधूशिक्षा'को प्रसङ्गमा नारीले हाँस्नु हुँदैन भन्ने कुरा तथ्यात्मक छ । कसैको उपहास पनि व्यङ्ग्यात्मक हुन जान्छ र आक्षेपित व्यक्ति अपमानित हुन्छ । भानुभक्तका बोलीमा पनि कविताहरू मिश्रित भएका हुन्थे । उनी आशुकविजस्तै धाराप्रवाह कविता फतफताउन सक्थे । यो उनको क्षमताको परिचायक हो । बालकृष्ण सम र देवकोटाले भानुभक्तलाई श्रद्धा अर्पण गरेका छन् । समाजमा अशिक्षा र रूढिवादिताले गर्दा भानुभक्तद्वारा कटुशब्द प्रयोग गरिएको हो । त्यस बेलामा नारी र पुरुष दुवैमा सुलक्षण र कुलक्षणमाथि विचार गरिन्थ्यो । अहिले त केही गरे पनि कुलक्षण शब्द भन्ने चलन छैन र विकृति मानिँदैन । नारी पुरुषका लागि शोभाको पात्र हो, त्यसमा नीचताजस्ता सन्दर्भ लिनु हुँदैन । यसको कारण पुराना संस्कृतिका सङ्कीर्णता झल्किन्छ । आशा छ यसमा पाठकहरूले अतिअर्थ लगाउनु हुन्न । राम्रो छैन भन्दा तटस्थ पनि अर्थ हुन सक्छ । त्यस कारण किन नकारात्मक अर्थ लगाउनु ।

राष्ट्रिय विभूति भानुभक्त आचार्य नारीहरूलाई चारित्रिक उच्च कसीमा खरो उत्रेको हेर्न चाहन्थे । भानुभक्तको महत्त्वपूर्ण कविताहरूबाट ज्ञानका ढोकाहरू खुले भन्ने विचारका लागि समालोचक राजेन्द्र सुवेदी र होम सुवेदी ('प्राथमिक र माध्यमिक नेपाली साहित्यको रूपरेखा', २०५५ मा प्रकाशित)ले लेखेका उत्तम पुस्तक हुन् । यसमा

पूर्वआधुनिक नेपाली साहित्यको इतिहासको वर्णन छ । सुवेदीहरूका अनुसार भानुभक्तका कविताहरूबाट ज्ञानका ढोकाहरू खुले भन्ने वाक्यभित्र सौन्दर्य, अध्यात्म र ईश्वरभक्तिको प्रचार भए । कान्तिपुरी नगरीको अमर सौन्दर्यको वर्णन गरेर मानवीय संस्कारको नवीन धारा प्रवाहित गरे । राजेन्द्र सुवेदीले भानुभक्तलाई उत्कृष्ट सर्जक मानेका छन् । 'रामगीता'मा अवतार पुरुष रामले अनुज लक्ष्मणलाई ईश्वरको उपदेश दिएका छन् । तत्त्वमसीका तीन पद बुझ्नमा जोड दिइएको छ । तीन पद भनेको परात्म, स्व र जीवात्मको एकरूपता हो । प्रस्तुत छन् केही पङ्क्तिहरू–

**आत्मा हो सुख रूप दुःख रुपको संसार् छ उस्मा कहाँ ।**
**अज्ञान्ले गरि मात्र सत्य रुपले झल्कन्छ आत्मा महाँ ॥**
**ज्ञान्ले लिन् पनि हुन्छ डोरिकन साँप् बुझ्न् छ जस्तो फगत् ।**
**तस्तै ईश्वरमा अनेक् तरहको देखिन्छ यस्तो जगत् ॥२९॥**

यी हरफहरूबाट सौन्दर्यको दर्शन पाइन्छ । यसै सौन्दर्यको दर्शन आत्मामा पाइन्छ । राम्रो वस्तुमा रमणीयता हुन्छ । सर्वदा मनोज्ञ हुने वस्तुमा प्रसाधनको आवश्यकता पर्दैन । 'अभिज्ञान शाकुन्तलम्'मा दिएको विचार पढ्नुस्–

**इयमधिक मनोज्ञा वल्कलेनापि तन्वी ।**
**किमिवहि मधुराणां मंडन नाकृतीनाम ॥**

यसको तात्पर्य यो छ कि सौन्दर्यद्रष्टाका लागि राम्रो वस्तु प्रत्येक क्षण नवीन भइरहेको हुन्छ । यो सौन्दर्यको मान्यता कालिदासमा मात्र नभएर पश्चिमी देशहरूमा पनि पाइन्छ । सौन्दर्य अभिव्यक्तिको सम्बन्ध सम्प्रज्ञात समाधिसँग जोडिएको हुन्छ । आनन्दयोग, सविचारयोग र सवितर्क योगमा सौन्दर्याभिव्यक्ति हुन्छ । भानुभक्तको 'रामगीता'लाई पढ्दै जाँदा त्यसमा श्रुतिसारको संज्ञान हुन्छ । र त्यस व्यक्तिले ईश्वरत्व (अमरता) प्राप्त गर्छ । यस प्रकार वेदान्ती विचारले 'रामगीता' ओतप्रोत छ ।

समालोचक नरेन्द्रराज प्रसाईले तीसवर्षे अनवरत प्रयासबाट परिमार्जित जीवनी प्रस्तुत गरेर भानुभक्तलाई नै अमरता प्रदान गरेका छन् । देश, विदेशमा पनि भानुभक्तका प्रतिमा र सालिक स्थापनामा पनि प्रसाईको सेरोफेरो प्रस्तुतिले व्यापक श्रद्धा दर्साएको छ । भानुभक्तलाई नेपाली क्षितिजका ध्रुवतारा मान्न सकिन्छ र यस प्रयासमा प्रमुख शिल्पीका रूपमा प्रसाईको कार्य सराहनीय र प्रशंसनीय मात्र नभएर यसले आदिकवि भानुभक्तलाई अमरत्व प्रदान गरेको छ ।



**डा.मोदनाथ प्रश्रित**

**जन्म** : १९९९ साल असार ६ गते (अर्घाखाँची); **शिक्षा** : आचार्यद्वय, एमए, मानार्थ विद्यावारिधि (खुल्ला विश्वविद्यालय, कजाकस्तान, रुस); **कृति** : ५५ पुस्तक (गीतिकविता, महाकाव्य, निबन्ध, प्रबन्ध, समालोचना, नाटक, अनुवाद, उपन्यास, सम्पादन); **पुरस्कार** : भानुभक्त प्रज्ञा पुरस्कार, भानुभक्त पुरस्कार, भानुभक्त स्वर्णपदक, पृथ्वी प्रज्ञा पुरस्कार, मदन पुरस्कार, देवकोटा पुरस्कार, लेखनाथ पुरस्कार; **पूर्व अध्यक्ष** : देवकोटा शताब्दी महोत्सव; **संयोजक** : त्रिनारी रत्न स्मारक (त्रिमूर्ति निकेतन); **पूर्व शिक्षा, संस्कृति तथा समाजकल्याण मन्त्री** : नेपाल सरकार ।

# विशिष्ट उपलब्धि

जसले इतिहासमा नयाँ कामको थालनी गर्दछ उसले आफ्नो समयको चिन्तन, चेतना र आवश्यकताअनुरूपका सामग्री प्रस्तुत गर्दछ । तीक्ष्ण चेतनाले भावी सम्भावनाको गोरेटो खनेपछि युगीन प्रतिभाहरू त्यसलाई विशाल राजमार्गको रूप दिँदै अघि बढ्दै जान्छन् । त्यसै क्रममा देखा परेको छ 'भानुभक्त आचार्यको जीवनवृत्त ।'

भानुभक्त नेपाली वाङ्मयका अरुणोदय थिए । उनले देशवासीहरूलाई 'जाग र नयाँ सिर्जनामा लाग !' को दूरगामी सन्देश दिए । यही 'नेपाली माटोमा' ७१०० वर्षअघि विश्वकै आदिकवि वाल्मीकिले सीताराम युगलको महाकाव्य लेखेर भावी नेपाल र भारतको साहित्यिक,

सांस्कृतिक सम्बन्धको शिलान्यास गरेका थिए । वाल्मीकिका राम नितान्त मानव थिए । उनले भनेका थिए– 'आत्मानं मानुषं मन्ये रामं दशरथात्मजम्' (म आफूलाई देवता हैन, दशरथको छोरा राम मान्दछु । वाल्मीकि रामायण, उत्तरकाण्ड, अ.११७/११–१२) । त्यस युगमा अवतारवादको कल्पना भएको थिएन । आर्यमूलका रामले द्रविड मूलका प्रतिद्वन्द्वी रावणको वध गरेपछि विन्ध्याचल उत्तरका अधिकांश मानिसले रामलाई महान् वीर भन्न थाले । वीरगाथा चल्दै जाँदा पछि अवतारवादको कल्पना भयो ।

भानुभक्तको युगका राम विष्णुका सातौँ अवतारमा दह्रिसकेका थिए । उनको कृति 'रामायण' साहित्यविद्हरूका लागि पहिलो विशिष्ट नेपाली आदिमहाकाव्य बन्यो भने धार्मिक जनताका लागि भक्तिपूर्वक पाठ गर्ने विषय भयो ।

भानुभक्तको कृति र स्मृतिलाई मोतीराम भट्टले उज्यालोमा ल्याउँदा त्यस समयका कुरा जस्ताको तस्तै आए या कतिपय कल्पनाका पक्ष पनि थपिन आए ? यस्ता प्रश्नका साथै तत्कालीन समयका अन्य विविध पक्षको विस्तृत सोधखोज र विवेचनसहित 'भानुभक्त आचार्यको जीवनवृत्त' प्रस्तुत गरेका छन्– नरेन्द्रराज प्रसाईले ।

नरेन्द्रराज प्रसाई समकालीन नेपाली साहित्यको निबन्धविधामा जीवनी, संस्मरण र समीक्षा क्षेत्रमा अत्यधिक कलम चलाउने अद्भुत जाँगरीका रूपमा प्रस्तुत भइरहेका छन् । त्यही शृङ्खलाको उनको कृति हो– 'भानुभक्त आचार्यको जीवनवृत्त' ।

नेपालका साहित्यकार, साहित्यानुरागी र राष्ट्रलाई विशिष्ट योगदान दिने पूर्वज एवम् समकालीन विविध व्यक्तित्वहरूको खोज, मूल्याङ्कन, प्रकाशन, सम्मान र पुरस्कार आदि क्षेत्रमा प्रसाईको विशिष्ट भूमिका रहँदै आएको विदितै छ । यस्ता विविध कार्यहरूमा नरेन्द्र र इन्दिरा दम्पती अथक रूपमा खटिरहेका देखिन्छन् । उनीहरूले

'नइ प्रकाशन' मार्फत साहित्यका विविध विधाको प्रकाशनका साथै राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका साहित्यसम्मेलन र स्रष्टाहरूको सम्मानका अनेक शृङ्खला सञ्चालन गर्दै आएका छन् ।

भानुभक्त आचार्यको द्विशतवार्षिकी नेपाली साहित्य क्षेत्रको ऐतिहासिक महत्त्वको विशिष्ट महोत्सव थियो । त्यस सन्दर्भमा नरेन्द्रराज प्रसाईले 'भानुभक्त आचार्यको जीवनवृत्त' कृति प्रकाशित गरेका छन् । भानुभक्तको जीवनचरित्र सर्वप्रथम मोतीराम भट्टले प्रकाशित गरेका थिए । मोतीरामले भानुभक्तको जीवनी लेख्नुअघि आदिकविबारे नेपाली समाजलाई केही थाहा थिएन । मोतीरामले भानुभक्तको जीवनी लेखेर उनका कृति प्रकाशित गर्न थालेपछि मात्र भानुभक्त चम्केका थिए । मोतीरामपछि भानुभक्तकी नातिनी विष्णुमायाले पनि 'भानुभक्त मणिमाला' मार्फत भानुभक्तका थप सेरोफेरोलाई अगाडि ल्याइदिइन् । उनीमार्फत पनि कति सत्य कुरा र कति असत्य कुरा जनसमक्ष आए गहिरिएर कसैले त्यसको लेखाजोखा गरेको पनि पाइएन । त्यसपछि भानुबारेका जीवनी लेखक र समालोचकहरूले कतै मोतीराम र कतै विष्णुमायाका लेखनलाई पछ्याउँदै जान थाले । यी व्यहोराले भानुभक्तका जीवनीका केही प्रसङ्ग पनि धमिलो र अपत्यारिलोसमेत हुन थाल्यो । भानुभक्तको व्यक्तित्वका प्रसङ्गलाई बटारबुटुर पारेर प्रस्तुत गरिने होडबाजी हुन थालेपछि पाठकलाई सत्य कुन हो र असत्य कुन हो छुट्ट्याउन गाह्रै भइसकेको थियो । त्यसमाथि पनि भानुभक्तका मौलिक कवितालाई समेत बङ्ग्याएर यो नै भानुभक्तको वास्तविक कविता हो भनेर प्रकाशित गरिनाले भानुभक्तको व्यक्तित्व र कृतित्वमा नै एक प्रकारको अन्योल सृजना भएको थियो । ती सबै भ्रम, शङ्का र उपशङ्कालाई चिरेर नरेन्द्रराज प्रसाईले 'भानुभक्त आचार्यको जीवनवृत्त' लेखेका छन् । यसलाई भानुबारेको सार्थक र विशिष्ट उपलब्धि मान्नुपर्छ ।

भानुभक्तबारे भ्रमका अनेक खेती नभएका होइनन् । मोतीराम भट्टको कृतिमा उनले 'घाँस बेचेर पाएको पैसाले यात्रीहरूलाई पानी

खुवाउन कुवा खनाएको' कुरा जस्ता कतिपय विषय काल्पनिक हुन्, किनभने नेपालका गाउँमा घाँस किनबेच गर्ने चलन थिएन भन्ने जस्ता केही विषय चर्चामा रहँदै आएका थिए । उनका अन्य कतिपय विषय पनि अन्दाजको भरमा लेखिएको भन्ने टिप्पणीसमेत उठ्दै आएका थिए । अन्वेषक लेखक नरेन्द्रराज प्रसाईले त्यसखाले विविध पक्षको सोधखोज गरी तथ्य प्रकाशन गरेका छन् । तत्कालीन भानुभक्तका विविध पक्षको चर्चा सन्दर्भमा प्रसाईले लेखेका मध्ये मेरो मन छोएको एक अंश यस्तो छ–

"यस पृथ्वीमा रहेका नेपाली मनले भानुभक्त आचार्यलाई नेपाली भाषाको एकताका केन्द्रको रूपमा स्वीकार्नेछन् । त्यसैले नेपाली संसारमा भानुभक्त घरघरका खोपादेखि बैठकसम्म र स्कुलकलेजदेखि सभासम्मेलनसम्मका श्रद्धेय महापुरुष बने ।"

प्रसाईको कुरा मलाई विशेष मन पर्नुको कारण हो– बहुचर्चित मार्क्सवादी समालोचक गोविन्द भट्टले लेख्नुभएको छ– "उनको (भानुभक्तको) रामभक्ति नेपाली जनताका निम्ति मुक्तिको ओखती नभएर दासत्वको बन्धन हुन पुगेको छ । यसरी भानुभक्त १९१० देखि यता नेपाली जनताका लागि वरदान नभएर अभिशाप नै सिद्ध भएका छन् ।" (भानुभक्त र आजको नेपाल : 'भानु' भानुभक्त विशेषाङ्क, २०२८, पृ. २२१) ।

के भानुभक्तको युगमा नेपालमा भौतिकवादी चिन्तन व्यापक रूपमा भएको थियो र ? यदि त्यसरी भानुभक्तको आलोचना गर्ने हो भने प्राचीन कालका वेद, उपनिषद्, रामायण, महाभारत आदि सबै ग्रन्थहरूलाई नै जनताका लागि अभिशाप भन्न उचित होला त ?

हामीले सबै महत्त्वपूर्ण प्राचीन ग्रन्थहरूलाई त्यस समयको परिवेश बुझेर मात्र मूल्याङ्कन, विवेचन गर्नुपर्ने हैन र ?

प्रसाईकृत भानुजीवनीमा भानुभक्त नेपाली मानसपटमा कसरी व्याप्त भएका छन् र सर्वत्र श्रद्धेय भई ध्रुवताराझैँ कसरी अटल छन् भन्ने दृढ आस्था व्यक्त भएको छ ।

नेपालमा जातीय र भाषिक विविधता भएको सन्दर्भमा भानुभक्तलाई पराई सम्झने प्रवृत्ति पनि यदाकदा देखा पर्दछ । अधिकांश नेपालीले पूरै या आंशिक रूपमै भए पनि नेपाली भाषालाई साझा भाषाको रूपमा स्विकार्नै पर्ने अवस्था भएकाले क्रमशः समाज त्यस दिशातिर अघि बढ्ने विश्वास रहेको छ लेखक प्रसाईको ।

भानुभक्तले राष्ट्रिय विभूतिको सम्मान पाउनु उनले नेपाली मन र भावनालाई क्रमशः आत्मीय भावमा आबद्ध गर्न सकेको ऐतिहासिक योगदानको परिणाम हो । यही भावनात्मक योगदानको पक्षलाई अझ सुदृढ पार्दै लैजान सरकारले एक करोड रुपियाँ समर्पित गरी भानुभक्तका दुई शताब्दीको जयगान गरेको हो ।

भानुभक्तको द्विशतवार्षिकीलाई भव्य रूपले राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा मनाउने सहज वातावरण बनाउन नरेन्द्रराज प्रसाईले खेलेको विशिष्ट भूमिकाप्रति हामी सबैजसो साहित्यकार सुपरिचित छौँ । यस्ता बृहत् आयामका कार्यक्रम देश र विदेशमा समेत सञ्चालन गर्न विशिष्ट क्षमताको आवश्यकता हुनु नितान्त स्वाभाविक हो । त्यो महान् कार्य सम्पन्न गर्ने सर्जकको नाउँ हो– नरेन्द्रराज प्रसाई । दुई वर्षव्यापी भानुमहोत्सव विश्वका अनेक देशमा फैलिएका सात सयभन्दा बढी वाङ्मयसेवीहरू पुरस्कृत र सम्मानित भएको ऐतिहासिक घटना थियो । नेपालभरि सरकारले भानु महोत्सव गठन गर्‍यो भने विश्वका पच्चीसौँ राष्ट्रमा पनि सरकारद्वारै भानु द्विशतवार्षिकी समारोह समिति गठन गरेको थियो । भानुबारे विश्वभरिबाट दर्जनौँ कृति प्रकाशित भएका थिए । यी सबै कामको परिकल्पना र प्रबन्धन नरेन्द्रराज प्रसाईबाटै भएको थियो ।

भावनात्मक र सिर्जनात्मक प्रेरणा मिल्ने ठाउँलाई तीर्थस्थल मान्दै आएका छन् मानिसहरूले । नेपाली जनमानसमा साहित्यको फूलबारी ढकमक्क सजाइदिने भानुभक्तको जन्मस्थललाई नेपाली साहित्यको प्रेरणादायी तीर्थस्थल बनाउने लेखक प्रसाईको गौरवमय विश्वास छ ।

मैले माथि घाँसीबारे सन्दर्भ उठाएको पनि थिएँ । भानुभक्तलाई उत्प्रेरित गर्ने घाँसीको कथा मेरो विचारमा नेपाली वाङ्मयको गौरवमय गाथा हो । 'घाँस बेचेर जम्मा गरेको पैसा'लाई अभिधाका रूपमा बुझेर त्यसलाई विवादास्पद बनाउने कुरामा लेखकको कलम नचलेको भए हुन्थ्यो भन्ने मलाई लाग्दछ । हाम्रा गाउँघरहरूमा हलोकुटो चलाएर, अरूको गाईभैँसी चराएर, बेसीको घाँस, धान, पराल डाँडामाथि पुऱ्याएर, नुन र कपडाका भारी बोकेर पाएको ज्याला सँगाली स्कुल बनाउन चन्दा दिएका उदाहरण यत्रतत्र भेटिन्छन् । घाँसीले घाँसै नबेचेर कसैको गोठालो बसेको पनि हुन सक्थ्यो कि ! तिनै गोठालोले एकदुई पैसा जोडेर कुवा खनाएको पनि हुन सक्तैन र ?

नरेन्द्रराज प्रसाईले लेखेको यस जीवनवृत्तमा भानुभक्तकालीन र त्यसपछिका साहित्यिक सिर्जना र गतिविधिहरूसम्बन्धी अनेक सूचना लेखको पेटबोलीभित्रै र पादटिप्पणीहरूमा समेत यत्रतत्र व्यक्त भएका छन् । भानुभक्तले साहित्य सिर्जना गरेबाहेकका अन्य व्यावहारिक विषयको पनि चर्चा भएको छ । लेखमा प्रस्तुत पादटिप्पणीहरू पनि भानुभक्त सम्बन्धित विविध विषयका सूचक बनेका छन् । अहिलेसम्म प्रकाशित भानुजीवनीहरूभन्दा प्रसाईद्वारा लेखिएको भानुजीवनीले धेरै सूचना दिएको छ ।



**प्रा.मोहनराज शर्मा**

**जन्म** : १९९७ साल मङ्सिर २५ गते (काठमाडौँ); **शिक्षा** : एमए (द्वय); **कृति** : ३२ पुस्तक (समालोचना, नाटक, कथा, हास्यव्यङ्ग्य, व्याकरण, सम्पादन); **पुरस्कार** : मैनाली कथा पुरस्कार, वासुदेव लुइँटेल पुरस्कार, प्रतिभा पुरस्कार, मदन पुरस्कार, त्रिवि दीर्घसेवा पट्ट, भानुभक्त पुरस्कार; **प्राध्यापक** : त्रिभुवन विश्वविद्यालय ।

# खोजपरक, तथ्यमूलक र विश्लेषणात्मक कृति

भानुभक्त आचार्य (१८७१–१९२५) नेपाली भाषा एवम् साहित्यका प्रथम शक्तिशाली र प्रभावकारी केन्द्रक हुन् । सामाजिक एकीकरणका दृष्टिले उनका कृतिहरू भाषिक एवम् सांस्कृतिक ऊर्जाका नाभिकीय स्रोत भएकाले तिनकै परिधीयतामा अझैसम्म नेपाली साहित्य विकसित हुँदो छ । समाजमा व्यापक प्रभाव पार्ने र गहिरो उत्प्रेरणा जगाउने यस्ता व्यक्तित्वको पहिलो जीवनी मोतीराम भट्टले १९४८ मा 'कवि भानुभक्तको जीवनचरित्र' नामक पुस्तकका रूपमा छपाएका हुन् । त्यसपछि उनका अरू केही जीवनीहरू पनि निस्किए, जसमध्ये नरेन्द्रराज प्रसाईको यो 'भानुभक्त आचार्यको जीवनवृत्त' (२०७१) हालसम्मको नवीन प्रयास हो ।

नेपाली साहित्यमा नरेन्द्रराज प्रसाई एकहत्तर ओटा पुस्तकका लेखक तथा सम्पादकका रूपमा देखिएका छन् । यिनी नेपाली निबन्ध, समालोचना, गीत आदि क्षेत्रका स्थापित व्यक्तित्व हुनाका साथै जीवनीफाँटका पनि अथक साधक हुन् । 'अठतीस अनौठा अनुहारहरू' (२०४१), 'केही चर्चित अनुहारहरू' (२०४२) आदि पुस्तकहरूमा उनले सामूहिक रूपमा विभिन्न महानुभावहरूको जीवनी लेखे पनि विविध क्षेत्रका एक दर्जनजति विशिष्ट प्रतिभाहरू (पारिजात, बाङ्देल, सेतुराम, दौलतविक्रम, कोइलीदेवी, कीर्तिबाबु, देवकोटा, रोहित आदि) को जीवनी तयार पारी सिङ्गासिङ्गै पुस्तकका रूपमा समेत प्रकाशित गरिसकेका छन् । भानुभक्तको यो जीवनवृत्त उनले रचेको नवीनतम जीवनी हो ।

नरेन्द्रराजले भानुभक्तको जीवनी गुणग्राही भएर तयार पारेका छन् । यसमा उनको गुणग्राहिता विशेषत: मोतीराम भट्टप्रति उद्दिष्ट छ । मोतीराम स्वयम्ले पनि भानुभक्तको जीवनी तयार पार्दा उनको गुन र महत्त्वलाई बुझी आफूले प्राप्त गर्न सकेका वास्तविक तथ्यहरूमा केही किंवदन्तीमय प्रसङ्गसमेत जोडेर कृति तयार पारेका हुन् । मोतीरामद्वारा गरिएको भानुभक्तीय गुणवर्णन नि:स्वार्थ भएको हुँदा नरेन्द्रराजले अधिकांशत: (घाँसीका प्रसङ्गका केही कुराबाहेक) गुणग्राही मोतीरामको पक्षधरता लिएका छन् । उनले भानुभक्तबारे मोतीरामले अघि सारेका तथ्य एवम् पक्षहरू सितिमिति नढलून् भनेर दरो पार्न मोतीरामका अभिमतवरिपरि सक्तो वैचारिक किल्लाबन्दी गरेका छन् । यसै कारण नरेन्द्रराजले मोतीरामपछिका भानुभक्तीय जीवनीकारहरूले उठाएका मतमतान्तरहरूको सकेसम्म खण्डन गरेका छन् । प्रस्तुत पुस्तकमा रहेको 'भानुभक्तलाई मोतीरामको खाँचो' शीर्षक लेखले पनि नरेन्द्रराजको मोतीरामतर्फ रहेको यही गुणग्राही ढल्काइलाई प्रकट गर्छ ।

जीवनीकार नरेन्द्रराजले यस कृतिमा भानुभक्तसँग सम्बद्ध विषयवस्तुको छलफल बाह्र ओटा शीर्षकमा गरेका छन् । सर्वप्रथम उनले भानुभक्तको जन्ममितिबारे रहेको मतान्तरलाई पन्छाएर १८६९ लाई उनको जन्मसंवत् कायम गरेका छन् । अथवा मोतीरामले जन्ममिति १८६९ लेखे र त्यहीलाई अकाटच साक्ष्य बनाइएको छ । यही आधारमा नरेन्द्रराजले त्यसपछि उभ्याइएको जन्मकुण्डलीलाई अमान्य गरेका छन् । प्रसाईले भानुभक्तको जन्मका बारे नेपाल सरकारले समेत मान्यता दिएको हुँदा भानुजन्म १८७१ नै निश्चित र निर्धारित हुन पुगेको छ र अब यसलाई नै पछ्याउनुपर्ने स्पष्ट राय दिएका छन् । जन्मसमयको निश्चितता निश्चय नै सकारात्मक कुरो हो, तर उनको जन्मसंवत् मोतीरामले बताएझैँ १८६९ मानिएको भए पनि दुई वर्षको फरकले भानुभक्तको योगदान र महत्त्व घट्ने थिएन ।

भानुभक्तबाट आदिकविको पगरी खोस्न तम्सेकाहरूलाई परास्त गर्दै नरेन्द्रराजले मोतीप्रदत्त यो पगरी जोगाउने प्रयासस्वरूप निकै तर्कवितर्क गरेका छन् । 'भानु' पत्रिकाको भानुविशेषाङ्क (२०२८) मा मैले पनि भानुभक्त आदिकवि हुन् भनेर विमर्श गरेको छु । त्यहाँ मैले आदिकवि 'समयवाचक' (समयका आधारमा प्रथम) नभएर 'मान वा पदवीवाचक' (महत्त्वका दृष्टिले प्रथम) शब्द हो भन्ने स्पष्ट पारेको छु । नरेन्द्रराजले पनि नेपालीका कविहरूमा पहिला शक्तिशाली तथा सामर्थ्यवान् कवि भएका आधारमा उनलाई आदिकवि मान्नुपर्छ भन्ने तर्कपूर्ण अड्डी लिएका छन् । के कुरा स्पष्ट छ भने आदिकविको पगरी नगुताउँदा पनि भानुभक्तको महत्त्वमा ह्रास वा कमी आउने देखिन्न ।

भानुभक्तविषयक घाँसीप्रसङ्ग मोतीरामले रचेर गाँसेको किंवदन्ती हो भन्ने देखिन्छ । स्थानीय तहमा घाँस बेच्ने चलन नभएको हुँदा यो अयथार्थ वा कपोलकल्पित प्रसङ्ग ठहरिए पनि उक्त भेकमा कुवाको अस्तित्व भेटिएको हुँदा त्यस प्रकारको जलाशय

वास्तविक र तथ्यपरक कुरो हो भन्ने पनि देखिन्छ । समाजमा देखिएका प्राय: सबैजसो महान् एवम् प्रेरक व्यक्तित्वलाई गरिमामण्डित गरेर विशिष्ट देखाउनाका लागि किंवदन्ती जोड्ने चलन हरेक संस्कृतिमा रहेको हुँदा मोतीरामले पनि त्यसै गर्न घाँसीप्रसङ्ग ल्याएका हुन् भन्ने स्पष्ट छ । यस प्रसङ्गमा सत्यचाहिँ के मात्र हुन सक्छ भने घाँसीजस्तो कुनै अत्यन्त सामान्य व्यक्तिले अल्लारे भानुभक्तलाई कुवाका सन्दर्भबाट सार्थक कार्यमा लाग्ने प्रेरणा दिई 'रामायण' जस्तो ग्रन्थ रच्ने हुटहुटी जागा गरायो । यस विषयमा पक्ष र विपक्षका अनेक मत केलाई नरेन्द्रराजले आफ्नो दृष्टकोण पनि स्पष्ट पारेका छन् । घाँसीप्रसङ्गलाई किंवदन्तीपरक रचना मान्नासाथ 'मो' शब्दको प्रयोग भानुभक्तीय नभई मोतीराममेली हो भन्ने छर्लङ्ग हुन्छ ।

हाल 'वधूशिक्षा' नारीमैत्री नभई नारीविरोधी रचना हो भनेर भानुभक्तलाई निकै टोकस्ने गरिएको पाइन्छ । उनीमाथि नारीलाई हेय दृष्टिले हेरिएको र हेला गरिएको आक्षेप लगाइन्छ । आधुनिक कालमा विकसित नारीवादी सिद्धान्त र दृष्टिबाट हेर्दा कुरो ठिकै ठहर्ला, तर भानुभक्तकालीन समाज र जीवनपद्धतिलाई हेर्दा 'वधूशिक्षा'मा तत्कालीन यथार्थले अभिव्यक्ति पाएको देखिन्छ । तत्कालीन समाजमा कस्ता नारीलाई ठीक र असल अनि कस्ता नारीलाई बेठीक र कमसल भन्छन् भन्ने जेजस्ता सोच एवम् मान्यता व्याप्त भएर रहेका थिए तिनैलाई उनले 'वधूशिक्षा'मा पद्यात्मक पुनर्लेखन गरी प्रस्तुत गरेका हुन् । उनले यस कृतिमा नारीका लागि तत्कालीन समाजले परम्परित रूपमा निर्धारण गरेको शालीनताको मापदण्डलाई छर्लङ्ग्याएका छन् । उक्त कवितामा प्रयुक्त शब्द 'वैश्या' (वैश्य जातिकी स्त्री) नभएर 'वेश्या' नै हो भन्ने किटान नरेन्द्रराजले दरोसँग गरेका छन् र भानुभक्तले नारीलाई हियाउने काम नगरी आफ्ना समयमा प्रचलित स्त्रीसम्बन्धी युगसत्यलाई कवितात्मक वाणी दिएका हुन् भन्ने मान्यता अघि सारेका छन् । हो पनि, भानुभक्तले 'वधूशिक्षा'मा

सबै नारीलाई होइन त्यत्तिकै हाँस्ने, अकारण छिल्लिने वा बिनसित्ति झगडा गर्ने नारीलाई मात्र लक्षित गरेर 'वेश्या' भनेको हुनुपर्छ ।

भानुभक्तको जीवनीसम्बन्धी आफ्नो पुस्तकमा नरेन्द्रराजले भानुभक्तको जन्म, शिक्षादीक्षा, गिरिधारीसँग झगडा, जागिर र थुना, सम्मान, कान्तिपुरदर्शन, निधन, जन्मकुण्डली, वंशावली आदि विषयमा सविस्तार चर्चा गरेका छन् । साथै उनले यसमा भानुभक्तका पुस्तकाकार काव्य एवम् फुटकर कविताहरूको विवेचना पनि गरेका छन् । 'भानुभक्तका कृति' शीर्षक लेखमा नरेन्द्रले 'भानुभक्तीय रामायण'को विशेष चर्चा र 'प्रश्नोत्तर लघुकाव्य', 'भक्तमाला', 'वधूशिक्षा', 'रामगीता' आदिको आवश्यक चर्चा गरेका छन् । 'रामायण' भानुभक्तको ऐतिहासिक एवम् महत्तम योगदान भएकाले त्यसको अधिकतम व्याख्या र विवेचना हुनुपर्छ ।

भानुभक्तको यस नवीन जीवनवृत्तमा अनुष्ठानिक सूची पनि रहेको छ । नरेन्द्रराजले यस सूचीमा निम्नलिखित पाँचवटा सामग्री राखेका छन् :

(१) भानुभक्तको हस्तलिपिको नमुना,
(२) उनको प्रथम प्रकाशित तस्बिर,
(३) मोतीरामको तस्बिर,
(४) भानुपुत्र रमानाथको तस्बिर र
(५) भानुभक्तकी नातिनी विष्णुमायाको तस्बिर ।

पुस्तकको अन्त्यमा सन्दर्भस्रोत पनि दिइएको छ । यसअन्तर्गत सन्दर्भका रूपमा प्रयुक्त पुस्तक, पत्रिका र लेख गरी अठतीस ओटा कृतिहरूको विवरण पेस गरिएको छ ।

नरेन्द्रराज प्रसाईले लेखेको 'भानुभक्त आचार्यको जीवनवृत्त' नामक यो कृति खोजपरक, तथ्यमूलक र विश्लेषणात्मक भएर पनि सहज र सरल छ । आदिकविको जीवनी, व्यक्तित्व र कृतित्वसँग

गाँसिएका विभिन्न मुद्दामा प्रसाईले गरेका बहस र व्याख्या स्पष्ट र पुष्ट भएकाले यसमा कतै पनि पाठक अलमलिनुपर्ने स्थिति देखा पर्दैन । यो पुस्तकमा भानुका सबै महत्त्वपूर्ण पक्षबारे चाहिँदो विमर्श गरिएको छ र यो कृति भानुलाई समग्र रूपमा चिनाउन र उनीबारे रहेका मतमतान्तर चिरेर वास्तविकतामाथि प्रकाश पार्न समर्थ र सफल छ । यस पुस्तकद्वारा लेखकले हामी सबैका तर्फबाट भानुभक्तलाई आधुनिक युगको श्रद्धाभाव समर्पित गरेका हुँदा कृतिकार नरेन्द्रराजलाई आफ्नो कृतज्ञता ज्ञापित गर्छु ।



**रजनी ढकाल**

**जन्म** : २०२९ साल साउन ३० गते (स्याङ्जा); **शिक्षा** : विद्यावारिधि अध्ययनरत, एमएद्वय, एमफिल, बिएड; **कृति** : ८ पुस्तक (समालोचना, निबन्ध, गीतिकविता, उपन्यास र सम्पादन); **पुरस्कार** : भानुभक्त प्रज्ञा पुरस्कार, भानुभक्त स्वर्णपदक, भानुभक्त निबन्ध पुरस्कार, राष्ट्रिय प्रतिभा पुरस्कार, त्रिमूर्ति पुरस्कार, विश्व नारी नेपाली साहित्यपदक, पद्मकन्या स्वर्णपदक (स्नातकोत्तरमा प्रथम), तीर्थप्रसाद ढुङ्गाना पुरस्कार स्नातकोत्तरमा प्रथम), प्रेमचन्द्र देवकुमारी पुरस्कार; **प्राध्यापन** : नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय ।

# विवाद र शङ्काको निवारण

नरेन्द्रराज प्रसाई (२०१२) नेपाली साहित्यका पूर्णकालीन सेवक हुन् । सिर्जनात्मक लेखनसँगै साहित्यको समुच्चा विकासका लागि सङ्गठनात्मक नेतृत्वदायी भूमिका निर्वाह गर्दै नेपाली साहित्यमा उनले आफूलाई अटल साधकका रूपमा स्थापित गरेका छन् । प्रसाई नेपाली भाषा र साहित्यका अनन्य सेवक बन्न मन, वचन र कर्मको लगानी गर्दै अगाडि बढेको चार दशक नाघिसकेको छ र उनको यो यात्रा अरू युवाजोसका साथ उत्तरोतर विकसित हुँदै छ । साहित्यसाधनाकै हेतुले उनले स्थापना गरेका साहित्यिक प्रतिष्ठानले निजी स्तरबाट जे जति सेवा गरेको छ त्यो नेपाली साहित्यका लागि

महत्त्वपूर्ण रहेको छ । उनका जनस्तरीय प्रज्ञाप्रतिष्ठान, प्रकाशनगृह र साहित्यिक निकेतनहरू यसका साक्षी हुन् । आफूले स्थापना गरेका तथा जिम्मेवारी लिएका संस्था र सङ्गठनलाई कुशल व्यवस्थापन गर्न सक्ने क्षमता मात्रै होइन विश्वभरि छरिएर रहेका साहित्यिक प्रतिभाको पहिचान गरी तिनको यथोचित सम्मान गर्ने कामको जिम्मेवारी समेत उनले वहन गरेको देखिन्छ । उनमा रहेको कुशल सङ्गठक प्रतिभाकै कारणले राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका साहित्यिक सभासमारोह सम्पन्न भएका छन् । राज्यस्तर र जनस्तरबाट समेत व्यापक समर्थन जुटाई उनले बृहत् योजना सफल बनाउने व्यक्तित्वको परिचयसमेत पाएका छन् । खास गरेर यस कार्यमा नइ जोडीको नै सक्रियता महत्त्वपूर्ण देखिन्छ ।

गीतिकविता, निबन्ध र जीवनीविधामा आफ्नो विशिष्ट परिचय बनाएका नरेन्द्रराज प्रसाईको सम्पादनकला पनि उत्तिकै महत्त्वपूर्ण रहेको छ । दुई दर्जन विस्तृत जीवनी कृतिहरूको रचना गरेका प्रसाईले त्यति नै सङ्ख्याका कृतिहरूको सम्पादनकार्य पनि सम्पन्न गरिसकेका छन् । उनका झन्डै ६ दर्जन कृतिहरू नेपाली साहित्यको भण्डारलाई उँचो देखाउन लागिपरेका छन् । आख्यानेतर साहित्यको अन्य विधामा प्रखर देखिएको प्रसाईको लेखन मूलत: जीवनीविधातर्फ विशिष्ट रहेको छ । जीवनी लेखनको यात्रामा तीन दशकभन्दा बढीको यात्रा, पाँच सयभन्दा बढी सङ्क्षिप्त जीवनी र चौबीस ओटा विस्तृत जीवनीका पुस्तकाकार कृति प्रकाशित हुनुले उनको जीवनी लेखनको दक्षता र विशेषज्ञतालाई प्रमाणित गरिदिएका छन् । साहित्य, इतिहास, समाजसेवा, राजनीति, धर्म, विज्ञान आदि विविध क्षेत्रका ख्यातिप्राप्त व्यक्तिहरूको चयन गरी उनले लोकप्रिय जीवनी लेखेका छन् । उनका ललितत्रिपुरासुन्दरी, लक्ष्मीप्रसाद देवकोटा, पारिजात, लैनसिंह बाङ्देल, सत्यमोहन जोशी, सेतुराम, कोइलीदेवी आदिका जीवनीहरू सर्वाधिक चर्चित पनि रहेका छन् । सम्बन्धित व्यक्तिको जीवनका

सम्पूर्ण पक्षप्रति खोज र अनुसन्धान गरी सूक्ष्म रूपमा जानकार भएर त्यसलाई रोचक रूपमा प्रस्तुत गर्ने भाषिक कलाका कारण प्रसाईको जीवनी लेखन पाठकप्रिय रहेको देखिन्छ । सम्बन्धित व्यक्तिसँगको अन्तरङ्ग कुराकानी, उसका जीवनका अनेक आरोहअवरोह तथा व्यक्तिका कमजोरी र सफलतालाई समेत समेट्दै आफन्त, साथीभाइ र चिनजानका व्यक्तिबाट लिइएका तथ्यको कलापूर्ण संयोजनले उनको जीवनी लेखन रोचक बनेको हुन्छ ।

जीवनी लेखन सजिलो विषय होइन । व्यक्तिको सम्पूर्ण विगत र वर्तमानलाई अध्ययन गरी त्यसलाई विश्वसनीय र पाठकमैत्री ढङ्गले लेख्ने काम अझ बढी चुनौतीपूर्ण हुन्छ । बितेका कुराका प्रमाण जुटाउने काम जति गाह्रो हुन्छ व्यक्तिको वर्तमानको सत्य पत्ता लगाउने काम पनि उत्तिकै अप्ठ्यारो विषय हो । गुणको प्रदर्शन गर्नु र अवगुण वा कमजोरी छोप्नु मानवीय स्वभाव हो । जीवनीमा खोजिने यस्ता विषयको सही तथ्य प्राप्तिको समस्या जीवनी लेखकलाई हुन्छ नै । यसका साथै प्राप्त भएका विषयलाई पनि सन्तुलित रूपमा प्रस्तुत गर्नुपर्ने अर्को चुनौती जीवनी लेखकमा सधैँ आउने गर्छ । कुनै पनि व्यक्ति निरपेक्ष र एक्लो हुन्न, ऊ समाजसापेक्ष हुन्छ । ऊसँग उसको परिवार, साथीभाइ र ऊ हुर्केबाँचेको परिवेशका यावत् विषय जोडिएका हुन्छन् । कुनै व्यक्तिका बारेमा इतिहास लेख्दा ऊ स्वयम्ले भनेका कतिपय कुराहरू पनि सत्य नहुन सक्छन् । सत्यता दृष्टिकोण सापेक्ष हुन्छ । एउटाको दृष्टिमा सत्य भएको विषय अर्काको दृष्टिमा फरक बन्न सक्छ । जीवनी लेख्दा यस्ता विषय अत्यन्त संवेदनशील हुने गर्छन् । यस्ता विषयले जीवनी लेखक विवादमा पर्छ । कतिपय जीवनी लेखनमा यस्तै विवादित विषयले चर्चा बटुल्ने भए पनि त्यस्ता संवेदनशील कुराले अरू कसैको जीवनलाई गम्भीर असर पनि पुऱ्याएको हुन सक्छ । लेखनलाई रोचक बनाउने नाउँमा कसैको व्यक्तिगत जीवनमा आँच आउने विषयलाई संवेदनशील रूपमा मनन गर्नु

एउटा जीवनी लेखकको दायित्व हो । आफ्नो अधिकारको प्रयोग गर्दा अर्काको अधिकारको पनि ख्याल हुनुपर्छ भन्ने लोकतान्त्रिक विचारजस्तै कुनै व्यक्तिलाई न्याय दिने नाउँमा अर्को व्यक्तिलाई अन्याय हुन्छ कि भन्नेबारे पनि एउटा जीवनी लेखक उत्तिकै सचेत हुनुपर्छ । प्रसाईको जीवनी लेखनमा पनि यस्ता केही कमजोरी नदेखिएका होइनन् तर पनि उनी आफ्नो साधनाका क्षेत्रमा निरन्तर लागिरहेका छन् । कुनै पनि लेखकको लेखनले आफ्नै लेखनसँग प्रतिस्पर्धा गरिरहेकै हुन्छ । यस सन्दर्भमा प्रसाईको जीवनी लेखन पनि लोकप्रियताको सुरुचिलाई कायम राख्दै कम विवादित हुने मार्गमा निरन्तर लागेको हुनुपर्छ भन्ने आमपाठकको अपेक्षा हो ।

•

आदिकवि भानुभक्त आचार्य द्विशतवार्षिकी समारोहको अवसरमा नरेन्द्रराज प्रसाईले समारोह समितिको कार्यकारी सल्लाहकारको महत्त्वपूर्ण जिम्मेवारी समाल्दै आफ्नो जीवनी लेखकको परिचयलाई नयाँ परिष्कृति दिएका छन् । उनले यसै समयमा 'भानुभक्त आचार्यको जीवनवृत्त' (२०७१) लेखेका छन् । एक व्यक्ति जीवनीमा केन्द्रित भएर लेखिएको विस्तृत जीवनीमा यो उनको तेइसौँ कृति हो । स्मरणीय रहोस्, नेपाली साहित्यमा नरेन्द्रराज प्रसाई नै त्यस्ता साधक हुन् जसले जीवनीका सबैभन्दा धेरै कृतिहरू लेखेका छन् ।

'भानुभक्त आचार्यको जीवनवृत्त' नेपाली साहित्यमा भानुभक्त आचार्यको जीवनीमा केन्द्रित भएर लेखिएको आठौँ कृति हो । सर्वप्रथम मोतीराम भट्टले १९४८ मा 'कवि भानुभक्तको जीवनचरित्र' लेखेर नेपाली साहित्यमा जीवनी लेखनको सुरुवात मात्रै गरेनन् जीवनीपरक समालोचना लेखनलाई पनि अघि बढाए । त्यसपछि भानुभक्तमाथि लेखिएका ब्रह्मशमशेरको 'कवि भानुभक्त' (१९९५), भाइचन्द्र प्रधानको 'आदिकवि भानुभक्त आचार्य' (२००९), बालचन्द्र शर्माको 'भानुभक्त' (२०१४), नरनाथ शर्मा आचार्यको 'आदिकवि कविसम्राट् भानुभक्त

आचार्यको सच्चा जीवनचरित्र' (२०१७), मुक्तिनाथ आचार्यको 'आदिकवि भानुभक्त आचार्य : खोजपूर्ण जीवनी' (२०४२), व्रतराज आचार्यको 'आदिकवि भानुभक्त : जीवनी र कविताको सम्परीक्षण' (२०५८) कृतिहरू प्रकाशित भइसकेका छन् । यसका साथै भानुभक्तको जीवनी र उनका कृतिहरूमाथि थुप्रै अध्ययन तथा स्नातकोत्तर र विद्यावारिधि तहमा अनेक शोधकार्यहरू सम्पन्न भएका छन् । नेपाल र भारतबाट भानुभक्तमाथि अध्ययन भएका कृतिहरूको खोजी गर्ने हो भने यहाँ निकै लामो सूची तयार हुन्छ । भानुभक्तमाथि यति अध्ययन हुँदाहुँदै पनि उनीमाथि रहेका अनेक विवाद र शङ्का, उपशङ्काको निवारणार्थ प्रसाईको 'भानुभक्त आचार्यको जीवनवृत्त' कृति अगाडि आएको छ । प्रस्तुत कृतिले भानुभक्तमाथि रहेका जन्ममिति, घाँसी र भानुभक्तको प्रसङ्ग, भानुभक्तले जागिर खाएको प्रसङ्ग, 'वधूशिक्षा'मा प्रयोग भएको 'वेश्या' शब्द, भानुभक्तको जन्मकुण्डली, भानुभक्तको मौलिक तस्बिर आदि विषयको विवादलाई विश्वसनीय ढङ्गले पुष्टि गरेको छ ।

'भानुभक्त आचार्यको जीवनवृत्त' पुस्तकमा नरेन्द्रराज प्रसाईले भानुभक्तका महत्त्वपूर्ण जीवनी सन्दर्भलाई विभिन्न उपशीर्षकमा राखी लेखनको व्यवस्थापन गरेका छन् । यसमा भानुभक्त आचार्यको जन्मसन्दर्भ, भानुभक्तको शिक्षादीक्षा, भानुभक्तसँग गिरिधारीको झगडा, भानुभक्तको जागिर र कुमारीचोकमा थुना, भानुभक्तको सम्मान, भानुभक्तको जीवनमा घाँसी, भानुभक्तलाई मोतीरामको खाँचो, भानुभक्तको कान्तिपुर प्रवेश, भानुभक्तको देहावसान, भानुभक्तका कृति, भानुभक्तको जन्मकुण्डली र भानुभक्तको वंशावली गरी बाह्र उपशीर्षक रहेका छन् । पुस्तकमा अनुष्ठानिक सूचीअन्तर्गत भानुभक्तको हस्तलिपि, उनको प्रथम प्रकाशित तस्बिर, मोतीराम भट्ट, छोरा रमानाथ आचार्य र नातिनी विष्णुमायाको तस्बिर राखेर जीवनी पुस्तकलाई अझ रोचक बनाइएको छ ।

दुई सय वर्षको इतिहास बोकेका भानुभक्तको जीवनी धेरै लेखिएको र पढिएको विषय हो । नरेन्द्रराज प्रसाईकृत 'भानुभक्त आचार्यको जीवनवृत्त' पुस्तकले भानुभक्तको जीवनीमा मूलभूत रूपमा प्रमाणित गरेका विषयहरूचाहिँ यस प्रकार छन् :

१. यस पुस्तकमा भानुभक्तको जन्ममिति मोतीरामले लेखेकै सदर अर्थात् १८६९ हो भनेर सच्याइएको छ तर अब १८७१ नै जनमानसमा कण्ठाग्र भएको र जनबोलीमा झुन्डिएकाले पछाडि फर्कन नहुने तर्क दिइएको छ ।

२. पुस्तकमा भानुभक्तले जागिर खाएको प्रमाण पेस गरिएको छ । उनले जागिर नखाएको प्रमाण नभएको पुष्टि गरिएको छ ।

३. यस पुस्तकमा विष्णुमायाको 'भानुभक्त मणिमाला'मा दिइएको भानुभक्तको जन्मकुण्डली हचुवामा आएको र त्यसको कुनै वैज्ञानिक आधार नभएको भनी खण्डन गरिएको छ । दिइएको जन्मकुण्डलीको श्लोकको कुनै स्रोत नभएको र 'भानुभक्त मणिमाला'ले मोतीरामको नाउँसम्म उल्लेख नगरेको टिप्पणी गरिएको छ । त्यसै गरी यसै पुस्तकका भूमिका लेखक वासुदेव त्रिपाठीको मन्तव्यमा पनि भानुभक्तले आफ्नो जन्मकुण्डलीको श्लोक लेखेका भए आफ्नै नाउँ छुटाउँदैनथे भन्ने आशय व्यक्त गरिएको छ ।

४. प्रस्तुत पुस्तकले मोतीरामलाई भानुभक्तको असली परिचय दिने नायक र शोधकर्ता ठहऱ्याउँदै आचार्यवंशीले चाहिँ मोतीरामलाई दिनुपर्ने जस दिन नसकेको धारणा प्रस्तुत गरेको छ ।

५. प्रस्तुत पुस्तकले नरनाथ आचार्यद्वारा लिखित भानुभक्तको जीवनीले मोतीराम भट्टका बारेमा झन् विवाद देखाउन

मद्दत गरेको मानेको छ । यस पुस्तकमा आचार्यले मोतीरामले भानुभक्तको जीवनी लेख्दा असम्भव र झुटो कुरासमेत धेरै परेको छ भनेर मोतीरामलाई तलै खसाउने प्रयास गरेको तर्क दिँदै मोतीरामप्रति अन्याय भएको तर्क प्रस्तुत गरिएको छ ।

६. नरनाथ आचार्यले भानुभक्तको तस्बिरलाई मौलिक फोटो हो भनेर तर्क दिएको कुरा ठाडै झुटो भन्ने प्रमाण यस पुस्तकले पेस गरेको छ ।

७. 'वधूशिक्षा'मा रहेको 'वेश्या' शब्दलाई 'आदिकवि भानुभक्त आचार्य : जीवनी र कविताको सम्परीक्षण' पुस्तकमा जबरजस्ती 'वैश्या' बनाइएको भन्दै खण्डन गरिएको छ ।



**प्रा.राजेन्द्र सुवेदी**

**जन्म** : २००२ साल साउन १९ गते (पाँचथर); **शिक्षा** : एमए; **कृति** : ३९ पुस्तक (समालोचना, निबन्ध, उपन्यास, महाकाव्य, सम्पादन); **पुरस्कार** : भानुभक्त प्रज्ञा पुरस्कार, भानुभक्त स्वर्णपदक, ऊपट पुरस्कार, देवकोटा स्मृति पुरस्कार, नेपाली प्रज्ञा सम्मान; **संयोजक** : लेखनाथ पौड्याल काव्यसभा (त्रिमूर्ति निकेतन); **नेपाली केन्द्रीय विभागका पूर्वप्रमुख तथा प्राध्यापक** : त्रिभुवन विश्वविद्यालय ।

# मिथ्याको बहिष्कृति सत्यको स्वीकृति

**१. प्रवेश सन्दर्भ**

नेपाली जीवनी साहित्यका प्रणेताहरूमा वर्तमान समयमा नरेन्द्रराज प्रसाईको कलम प्रखर बनेर आएको छ । प्रसाईद्वारा लिखित र भानुभक्तको द्विशतवार्षिकी समारोहका क्रममा प्रकाशित ‘भानुभक्त आचार्यको जीवनवृत्त’ नामक कृतिमा केन्द्रित प्रस्तुत अध्ययन जीवनी समीक्षामाथिको समीक्षामा केन्द्रित रहेको छ । नेपाल सरकारको तर्फबाट मनाइएको नेपालभित्रका सबैजसो जिल्लामा र नेपालबाहिरका विभिन्न मुलुकमा समेत भानुद्विशतवार्षिकी कार्यक्रमको उत्प्रेरक रहेका प्रसाईको भानुभक्तप्रतिको सद्भाव र भानुअर्चनाको प्रतिफलनका

रूपमा सार्वजनिक भएको कृति पनि हो– 'भानुभक्त आचार्यको जीवनवृत्त' । यस कृतिमा रहेका विभिन्न प्रकरणहरूले आआफ्नै किसिमको भूमिका निर्वाह गरेका छन् । नेपाली भाषा र साहित्यका आर्ष व्यक्तित्व भानुभक्तको जीवनयात्राबाट आरम्भ भएको साहित्यसाधनाको विशिष्ट आरोहण यात्रा आजको चरणमा आइपुग्दा उनले आरम्भ गरेको साहित्य सृजनयात्राले विश्वमा एउटा अलगै धुरी कायम गरिसकेको छ । यस धुरीका केही मूल्यहरू विशिष्ट प्राप्तिमा आकलन गरिनुपर्ने स्थिति देखिएको छ ।

भानुभक्त नेपाली साहित्यका प्रथम र भक्ति साहित्यका आदि तथा आधिकारिक स्रष्टा हुन् । आज भूमण्डलीकरणको स्थितिमा पुगेका नेपाली जाति र यस जातिका वक्ताले बोल्ने भाषा विश्वस्तरमा नै विस्तारित बनिसकेको अवस्थामा भानुभक्तको आध्यात्मिक दृष्टिले र वेदान्त चिन्तनका दृष्टिले शङ्कराचार्य स्तरको दर्शन प्रस्तुत गर्ने स्रष्टा भानुभक्तको सृजनाको तहलाई विश्वस्तरको क्षमतासमेतको स्थिति प्रस्तुत गरेका कारण भानुभक्तलाई विशेषत: वेदान्त दर्शनका परिधिमा, नेपाली भाषामा, महाकाव्यात्मक आयाम र कवित्वको उत्कर्ष पनि प्रदान गर्ने क्षमताका आधारमा भानुभक्त विश्वकविको हैसियत राख्ने व्यक्तित्व वहन गर्न सक्ने प्रतिभा बनेका छन् । सृजनकला र सामाजिक, पौराणिक तथा दार्शनिक विषयगत गरिमा भानुभक्तमा निहित छ । यस शक्तिका साधक भानुभक्तलाई विश्वकविका रूपमा प्रस्तुत गर्नेमा हाम्रो हीनताबोध प्रमुख कारण बनिरहेको स्थिति पनि हामीले स्विकार्नै पर्ने अवस्था छ । हामीहरू बोल्न नसक्ने स्थितिमै रहन विवश बनेका कारण बाउन्ने चिन्तकको प्रतिफल भानुभक्तको सिर्जनात्मक उचाइ, दार्शनिक गहिराइ र कलात्मक मौलिकतालगायतका स्थितिहरूको संवेदना निकै गहन र व्यापक रहेको अवस्था प्रतिपादन भएको छ । भानुभक्तलाई अनुवादक मात्र देख्ने र उनको सृजनात्मक स्थितिलाई परीक्षण गर्न नसक्ने

समालोचकहरूको भीडमा उनको सृजनात्मक उच्चता कहिले ओझेलमा र कहिले प्रकाशमा पर्दै आएको छ । तर 'भानुभक्त आचार्यको जीवनवृत्त'नामक कृतिमा भानुभक्तको सृजनात्मक गरिमालाई उच्चता प्रदान गर्ने ऊर्जा नै प्रक्षेपण भएको छ । यस्ता स्थितिहरूलाई केन्द्रमा राखेर हेरिनुपर्ने प्रतिभाका बारेमा लेखिएको प्रस्तुत जीवनी नै यस अध्ययनको केन्द्रीय विषय रहेको छ ।

**२. प्रस्तुत कृतिका प्रकरणका सन्दर्भहरू**

नेपाली जीवनी साहित्यका सर्जक नरेन्द्रराज प्रसाईको 'भानुभक्त आचार्यको जीवनवृत्त'नामक कृति जम्मा प्रकरणहरूमा पहिलो खण्डमा यसै कृतिको भूमिका रहेको छ । यसमा जम्मा तीनओटा उपप्रकरणहरू व्यवस्थित गरिएका छन् । तीमध्ये पहिलो उपप्रकरण 'नरेन्द्रराज प्रसाईकृत भानुजीवनी : सन्दर्भ र अभिमत' शीर्षकको भूमिका प्रा.डा.वासुदेव त्रिपाठीबाट लेखिएको छ । 'सर्वाधिक गहकिलो र विश्वसनीय कृति' शीर्षकमा प्रा.डा.महादेव अवस्थीले लेखेको सामग्री पनि यहाँ समावेश भएको छ । प्रा.केशव सुवेदीले लेखेको तेस्रो उपप्रकरण 'भानुभक्तमाथि ऐतिह्य तथ्यहरू' शीर्षकको सामग्री समावेश भएको छ । यी तीन ओटै उपप्रकरणहरू भूमिकाका तहमा रहेका सन्दर्भहरू हुन् र भानुभक्त तथा प्रस्तुत कृतिको प्राप्तिकै विषयमा केन्द्रित छन् । यी तीन ओटै उपप्रकरणमा उठाइएका प्रश्नहरू यहाँ निकै सचेत र सतर्कतासाथ उपस्थित बनेका छन् । यहाँ भानुभक्तको सृजनात्मक गहिराइ र प्रस्तुत कृतिले आधार बनाएर निष्कर्ष दिएका कृतिका विषयहरूमाथि भएका समीक्षा पनि आफैँमा एक उच्चता कायम गर्ने किसिमका बनेका छन् । एक सफल जीवनी कृतिका स्रष्टा प्रसाईको कृतिका प्राप्तिमाथि यिनमा सबल र सार्थक दृष्टि प्रक्षेपण भएको देखिन्छ ।

ग्रन्थको प्राप्तिका दृष्टिले दोस्रो उपप्रकरण जीवनीकारकै मन्तव्य 'लेखकीय' शीर्षकमा समावेश भएको छ । चौध पृष्ठ लामो मन्तव्यमा

लेखकले कवि लेखनाथ पौडचालका कविताका चार ओटा पङ्क्तिबाट आरम्भ भएको अभिकथनमा भानु द्विशतवार्षिकी महोत्सवको कार्यक्रमका पूर्वतयारीका सन्दर्भमा विनियोजन भएका कार्यहरू, अथाह व्यवस्थापनका विषयमा भएका प्रयत्नहरू र तिनको बाँडफाँटका प्रश्नहरू यहाँ उल्लेख भएका छन् । विभिन्न जिल्लामा गरिने कार्यक्रमको नियमन र निर्देशन, तिनका निम्ति सरकारी खर्चको नियोजन आदिका सन्दर्भहरू, यहाँ जीवनी लेखनको सन्दर्भ र प्रेरक परिस्थितिलाई आधार मानेर प्रसाईले आफ्ना तर्फबाट आत्मविश्वासका साथ प्रस्तुत गरेका छन् । नेपाल सरकारबाट गठित भानुभक्त द्विशतवार्षिकी समारोह समितिमा नेपाल सरकारका संस्कृति तथा नागरिक उड्डयन मन्त्रालयका सचिव नै अध्यक्ष रहने र इन्दिरा प्रसाई तथा प्रा.डा.महादेव अवस्थी उपाध्यक्षसमेत रहने समितिमा सदस्यसचिवमा संस्कृति मन्त्रालयका सहसचिव भरतमणि सुवेदी रहेको समितिको गठन भएको सन्दर्भ यहाँ प्रस्तुत गरिएको छ । यस महोत्सवको कार्य सुसम्पन्न गर्ने क्रममा आएका व्यवधान र त्यस्ता अवरोध सृजना गरिने स्थितिहरूको अन्वीक्षण गरिएको छ । यस स्थितिमा जीवनीकार प्रसाईलाई कतै बाधाव्यवधानले संवेदित तुल्याएको छ र कतै त्यस्ता व्यवधानलाई चिर्ने हौसला पनि थपिएको छ । यस्तो विषयको अभिलेखन गरिरहँदाको अवस्थामा प्रसाईको लेखन कार्य र महोत्सवको तयारीको व्यस्थापन गर्नुपर्ने स्थितिको जिम्मेदारी पनि वहन गरेको छ । यस प्रकरणका कतिपय तथ्यहरू भावनामा प्रभावित भएर वा अन्य कुनै कारणबाट हो केही छुटेका पनि छन् र कतैकतै सानातिना विषय पनि परेका छन् । यो लेखकको वैयक्तिक तथा भावसंवेगबाट प्रभावित भएका कारणबाट निर्मित हुने कथ्य भएकाले यस्तो स्थिति हुनु अर्घेल्याइँ पनि होइन र अक्षम्य त मानिँदै मानिँदैन ।

भानुभक्तको जीवनवृत्त तयार हुनका निम्ति तयार भएका आदिभूमिहरूको सन्दर्भ यही द्विशतवार्षिकी कार्यक्रम हो । प्रस्तुत

कार्यक्रमको आयोजनाका माध्यमबाट तयार भएको वातावरणमा सीमित खर्चको सदुपयोगमा विभिन्न ग्रन्थको प्रकाशन र तिनको सार्वजनीकरणको मीतव्ययी तथा भव्य कार्यक्रम सम्पन्न गर्न नइ प्रकाशन तथा त्रिमूर्ति निकेतनसमेतको योगदानबाट सम्भव भएको कुरा पनि आफैँमा स्तुत्य रहेको छ । यसरी भानुभक्तको द्विशतवार्षिकी समारोहको सिलसिलामा तयार भएका योजना र यी योजनाहरूलाई पूर्वाधारका रूपमा अनुसरण गरिएका सन्दर्भस्रोतका सामग्री, सहयात्रीका रूपमा आकलन गरिएका स्रोतव्यक्ति, अभिलेख ग्रन्थ सामग्री, लोककथन र लोकसंस्कारले स्विकारेका विषयहरूबाट प्राप्त अवधारणासमेतको उपादेयताका कारण यस द्विशतवार्षिकी महोत्सवबाट नै जीवनी लेखक प्रसाईका निम्ति आधार सामग्री र उत्प्रेरक वातावरण तयार भयो । यसै वातावरण र परिस्थितिको प्रतिफलन 'भानुभक्त आचार्यको जीवनवृत्त' नामक कृतिले आफ्नो कलेवर प्राप्त गरेको छ ।

### ३. 'भानुभक्त आचार्यको जीवनवृत्त'का वैशिष्टच

नरेन्द्रराज प्रसाईद्वारा लिखित साहित्य स्रष्टाको दर्जनको शृङ्खला जीवनीको शृङ्खलामा पर्ने लेखनको यस शृङ्खलामा रहेका कृतिहरूमा उत्कृष्ट जीवनी लेखनको सामग्री यहाँ प्रस्तुत भएको छ । जीवनी लेखन प्रेरक र प्रतिभावान् व्यक्तित्वको जीवनको सामग्री सार्वजनिक भएमा त्यस्तो जीवनी लेखनको उपादेयता सार्थक हुन्छ । जीवनी लेखन विधागत चिन्तनका आधारमा आख्यानेतर गद्यको प्रबन्ध प्रधान विधा हो र यसले परकीय जीवनवृत्तको सृजनात्मक लेखन हो भन्ने तथ्यलाई सिद्ध गर्ने काम गर्दछ । जीवनीमा विषयको योजना कुनै आदर्श तथा उत्कर्ष पुरुषको जीवनवृत्त नै आवश्यक पर्छ भन्ने होइन, के चाहिँ सत्य हो भने जीवनी अध्येताका निमित्त प्रेरक र अनुसरण योग्य भने हुनै पर्ने विषय हो । यसमा आख्यानात्मक तत्त्व प्रबल र निबन्ध तत्त्व क्षीण अवस्थामा उपयोग भएको हुन्छ । आख्यानात्मक

प्रबन्ध विधानमा सिर्जना हुने हुनाले यहाँ चरित्रको विन्यास भएको हुन्छ र चरित्रका तहमा जसको जीवनमा केन्द्रित रहेर समग्र सृजना गरिँदै छ त्यही रचनानायक नै यस प्रविधाको चरित्र मुख्य पात्रका रूपमा उपस्थापन भएको हुन्छ । आख्यानमा जस्तै बाह्य परिवेशको पनि योजना विधान गरिएको हुन्छ र चरित्रका संवेदनालाई अनुकूल हुने गरी नियमन गरी चरित्रको निर्माण गरिएको हुन्छ । विषय अन्वितिको स्थिति उपन्यासमा झैँ प्रस्तुत हुने र प्रस्तुतीकरणको स्थिति चाहिँ निबन्धवत् हुने भएकाले यस किसिमको रचनात्मक पक्ष आख्यान र निबन्धको मध्यबिन्दुमा तयार हुने विधा विशेष हो र प्रबन्ध विधा हो ।

जीवनी लेखनका निम्ति आवश्यक पर्ने तत्त्वहरूलाई आन्तरिक र बाह्य तहमा व्यवस्थापन गरिन्छ । जीवनी नायकको पात्रतामा आँच नआउने गरी लेखन कार्य गरिनु तथा आन्तरिक द्वन्द्वका पक्षहरू पनि साहित्यका अन्य विधाहरूमा जस्तै यहाँ पनि प्रयोगमा आउनु जीवनी लेखनका विशेषता हुन् । कुतूहलता पनि यहाँ विशिष्ट संवेदनाको विषय बनेर रहन्छ । विचार उद्देश्य साहित्यका अरू विषयमा जस्तो स्थिति लिएर प्रकटमा आउने हो यहाँ पनि सोहीअनुसार प्रकटमा आउने विषय बनेर प्रस्तुत हुने गर्दछ । त्यस्तै दृष्टिबिन्दु पनि यहाँ आख्यानमा झैँ तृतीय पुरुषका तहमा प्रयोग भएको हुन्छ अर्थात् तृतीय पुरुषको तहमा मात्र प्रकट हुने गर्दछ । भाषाशैलीको स्थितिको पनि उपयोग निबन्धको सापेक्षतामा निकै वस्तुगत र परपुरुष प्रस्तुतिका आधारमा मात्र प्रयोग गरिने विषयका रूपमा प्रकट भएको हुन्छ । यसरी निरूपण गर्दा जीवनी आत्मजीवनीभन्दा आख्यानको निकटतम र आख्यान सदृश, कतिपय सन्दर्भमा नाटकीय र कवितात्मक संवेग पनि प्रतिपादन गर्ने किसिमको विधाका रूपमा प्रकट हुन्छ भन्ने कुरा पनि यहाँ रचनाको आन्तरिक तत्त्व बनेर रहेको हुन्छ । त्यसरी नै न्यून कल्पना र अधिक तथ्यमा आश्रित लेखनको विधाका रूपमा

जीवनी सृजनात्मक विधा बनेर प्रकटमा आउने विधा विशेष हो भन्ने कुरा सिद्ध हुन्छ ।

प्रस्तुत सृजना आलोचनात्मक पनि हुन्छ । प्रथम लेखनका रूपमा मात्र लेखिँदै गरेको अवस्थामा यो लेखन भइरहेको छ भने जीवनी नायकका कार्य र योगदानको सकारात्मक वा नकारात्मक पक्षको विषयमा केन्द्रित रहेर यसलाई लेखन गरिन्छ । लेखकीय इमानदारी पनि आवश्यक पर्ने सृजन कार्य हो– जीवनी लेखन । जीवनीको नायक व्यक्ति नै हुन्छ– प्रधानतामा र कल्पना र कलात्मकताको पोषणका निम्ति मात्र कल्पनाका कारण जीवनी नायकको पात्रतामा आँच नआउने गरी लेखन कार्य गरिनुपर्छ । जीवनी प्रेरणा प्रदानका निम्ति र ऐतिहासिक सत्यको संरक्षणका निम्ति पनि लेखिने विषय भएका कारण तथा कहिलेकहीँ त जीवन्त पात्रको पनि जीवनी लेखिनुपर्ने भएका कारण पनि यहाँ काव्यिक शिल्प र लेखकीय इमानदारिता तथा तटस्थताको त्रिवेणी हुन वाञ्छनीय ठहर्छ । भानुभक्तको जीवनी लेखनमा दुई सय वर्षपहिले जन्मेका प्रेरणास्पद र आदर्श तथा ऋषितुल्य आप्त पुरुषको जीवनी लेखन कार्य भएकाले र नेपाली साहित्यका धरातलमा टेकेर विश्वकविको दाबेदार बन्न सक्ने प्रतिभाको सृजन कार्य र स्रष्टाको जीवनवृत्तमा केन्द्रित लेखन भएका कारण प्रसाईको प्रस्तुत लेखन निकै जिम्मेदारीपूर्ण विषयका रूपमा प्रतिष्ठापित बनेको देखिन्छ । यिनै आधारभूत तथ्यमा आधारित बनेर जीवनीकार प्रसाईले भानुभक्तको जीवनवृत्त लेखन गरेका छन् र भानुभक्तका बारेमा मोतीरामदेखि वर्तमानसम्म भएका विभिन्न तथ्यहरू समीकरण गर्दै र अतथ्यका जन्जालहरू पन्छ्याउँदै भानुभक्त जीवनीलाई पुनः लेखन, पुनः सन्धान र पुनर्मूल्याङ्कनसमेतको कार्य सम्पन्न गरेका छन् ।

मोतीराम भट्टद्वारा लिखित मोतीरामकृत 'कवि भानुभक्तको जीवनचरित्र' (१९४८) बाट नेपालीमा साहित्यकारको जीवनी लेखनको

कार्य आरम्भ भएको हो । साहित्यिक व्यक्तित्वको केन्द्रमा रहेर लेखिएको हालसम्मको सबभन्दा पछिल्ला जीवनी कृति 'भानुभक्त आचार्यको जीवनवृत्त'सम्म आइपुग्दा चार ओटा त ग्रन्थस्तरका कृति नै तयार भइसकेका छन् । यो पछिल्लो 'भानुभक्त आचार्यको जीवनवृत्त' जम्मा लामा छोटा आयतनमा तयार गरिएका बाह्र ओटा प्रकरणमा तयार गरिएको जीवनीमूलक कृति हो । यसमा १.'भानुभक्त आचार्यको जन्मसन्दर्भ', २. 'भानुभक्तको शिक्षादीक्षा', ३. 'भानुभक्तसँग गिरिधारीको झगडा', ४. भानुभक्तको जागिर र कुमारीचोकमा थुना, ५. भानुभक्तको सम्मान', ६. 'भानुभक्तको जीवनमा घाँसी', ७. 'भानुभक्तलाई मोतीरामको खाँचो', ८. 'भानुभक्तको कान्तिपुर प्रवेश', ९. 'भानुभक्तको देहावसान', १०. 'भानुभक्तका कृति', ११. 'भानुभक्तको जन्मकुण्डली', १२. 'भानुभक्तको वंशावली' समेत जम्मा बाह्र ओटा अध्यायमा ग्रन्थको कार्य निर्माण भएको छ । ग्रन्थनिर्माणको योजना व्यक्तिको जीवनवृत्त र जीवनचर्याका विषयहरूमा रहेका उतारचढाव र आएका अनेक मोडका सन्दर्भहरू यहाँ जीवनी लेखनका विषय बनेका छन् । माथि उल्लेख गरिएअनुसार व्यक्तिको यथार्थ जीवनलाई सिर्जनात्मक आवरण प्रदान गरेर संरचनाको आयतन दिने काममा सफल बनेका जीवनीकार प्रसाईको साहित्य संवेदनाका आयाम ग्रहण गर्न सफल भएको प्रस्तुत कृति निकै विशिष्ट प्राप्तिको विषय बनेर पाठकसमक्ष प्रस्तुत भएको छ ।

भानुभक्तलाई केन्द्र बनाएर लेखिएको जीवनी कृति पहिलोपल्ट मोतीराम भट्टबाटै लेखिएको हो । मोतीराम भट्टको लेखनदेखि वर्तमानसम्मका अवधिमा लेखिएका विष्णुमाया आचार्यद्वारा लिखित 'भानुभक्त मणिमाला' (१९९८), नरनाथ शर्मा आचार्यद्वारा लिखित 'आदिकवि कविसम्राट् भानुभक्त आचार्यको सच्चा जीवनचरित्र' (२०१७), व्रतराज आचार्यद्वारा लिखित 'आदिकवि भानुभक्त : जीवनी र कविताको सम्परीक्षण' (२०५८) समेत चार ओटा जीवनी ग्रन्थहरूको

उपस्थित भएका छन् । यिनै तथ्यहरूमा केन्द्रित रहेर लेखिएका घोषित जीवनीकै ग्रन्थहरू प्रकाशमा आएका छन् । भानुभक्तलाई विद्यावारिधिको अध्ययनकै विषय बनाएर शोधकार्य गर्ने कविता लामा, भद्रवीर अधिकारी र भानुभक्तका काव्यकविता र कवितामा प्रयुक्त भाषा, भाव तथा शिल्पमा केन्द्रित रहेर लेखिएका स्नातकोत्तर तहका अनेक शोधपत्रहरूले सङ्केत गरेका विषयको परिवृत्तमा तयार भएका सामग्रीले पनि नेपाली साहित्यका आदिकविका रूपमा भानुभक्त एक मिथक र किंवदन्तीको तहमा समेत उपस्थित बनिसकेका विषय वा व्यक्तित्व हुन् । देशभित्र र देशबाहिर जहाँजहाँ नेपालीहरू पुगेर बसोबास गरेका छन् ती ठाउँहरूमा भानुभक्त रामभक्ति काव्यका प्रणेता मात्र होइन, स्वयम् रामकै देवतुल्य रूपमा प्रतिष्ठित समेत बनेका छन् भन्ने कुरा उनका सम्मानमा निर्माण भएका प्रतिमा, खुलेका संस्था, स्थापना भएका विद्यालय र विभिन्न अनुष्ठानसमेतले प्राप्त गरेका भानु नामको संज्ञाले सिद्ध गरेका छन् । यस किसिमको प्रतिष्ठामा स्थापत्य बनिसकेका भानुभक्तका विषयमा जीवनी ग्रन्थमा मोतीरामले स्थापना गरेका विषयहरूमा आँच नआउने गरी जीवनी लेखनको पुनः प्रयत्न भएको स्थिति सार्थक रूपमा देखिन्छ ।

(१) **भानुभक्त आचार्यको जन्मसन्दर्भ** : शीर्षकको प्रकरणमा भानुभक्तको पितामह र मातापिता, उनको जन्मस्थान र जन्ममितिको प्रस्तुतिमा केन्द्रित रहेको छ । मोतीराम भट्टले लेखेको जीवनीमा रहेको भानुभक्तको जन्म १८६९, भानुभक्तकै सन्ततिहरूले उल्लेख गरेको १८७१ वि.सं. को मिति र तिनका बारेका बहसलाई केन्द्र बनाएर विवेचना गर्दा र मोतीरामले उल्लेख गरेको मिति नै वैज्ञानिक मानिएको छ । मोतीरामले लेखेको जीवनीमाथि प्रश्न उठ्ने गरी भानुभक्तकै नातिनी विष्णुमायाले लेखेको 'भानुभक्त मणिमाला' नामक ग्रन्थले उठाएका समस्यामूलक प्रश्नहरू खडा गरिदियो । भानुभक्तकै कवितात्मक

पत्रको बेहोराले पनि १८६९ वि.सं. नै सिद्ध हुने सन्दर्भ प्रस्तुत भए पनि नरनाथ शर्मा आचार्यद्वारा लिखित जीवनीमा पनि मोतीराम भट्टले स्थापना गरेका मतहरूमा प्रश्न खडा भएका छन् । यसरी भानुभक्तका जन्मसमय र मितिका विषयमा अनेक प्रश्नहरू उठेका भए पनि प्रसाईले यस कृतिमा मोतीराम भट्ट भानुभक्तको जीवनी लेखनका सिलसिलामा अनिषेध्य साधक हुन् भन्ने कुरा सिद्ध गरेका छन् ।

(२) **भानुभक्तको शिक्षादीक्षा** : शीर्षक दिइएको दोस्रो प्रकरणमा भानुभक्तको व्यक्तित्व निर्माणको विषयलाई केन्द्रमा राखेको स्थिति वर्णित छ । यस प्रकरणमा भानुभक्तले बनारसको पर्यावरणमा प्राप्त गरेको शिक्षा र संस्कार, पितामह श्रीकृष्ण आचार्यको संस्कार र प्रभाव ग्रहण गर्ने अवसर पाएका भानुभक्तको शैक्षिक र संस्कारगत व्यक्तित्वको निर्माण भएको सन्दर्भ पनि यस प्रकरणको विषय बनेको छ । विद्याको पर्यावरण बनेको काशीमा रहेर बाल्य र किशोर जीवन बिताएका कवि भानुभक्तलाई आध्यात्मिक संस्कार प्रदान गर्ने अनुकूल परिवेश बन्यो । यसका निम्ति प्रेरक र आदर्श बिम्ब श्रीकृष्ण आचार्य नै रहे भन्ने कुरा ६/७ वर्षको कलिलो र मायालाग्दो बालक भानुभक्त हजुरबाबाको हात समातेर उहीँ आफ्नो व्यक्तित्व निर्माण गरेको सन्दर्भ पनि यस दोस्रो प्रकरणले प्रस्तुत गरेको छ । नेपाली समाजमा विकसित बन्दै आएको आध्यात्मिक स्रोतको प्रेरक वातावरणमा भानुभक्तको व्यक्तित्व निर्माण भएको सन्दर्भ पनि यस प्रकरणले सिद्ध गरेको छ ।

(३) **भानुभक्तसँग गिरिधारीको झगडा** : प्रस्तुत कृतिको तेस्रो अध्याय भानुभक्त आचार्यको व्यावहारिक जीवन र खेतीपाती तथा इष्टमित्रसँगको व्यवहारको विषयमा केन्द्रित छ । यस अध्यायमा प्रयुक्त विषय भानुभक्तको भावसंवेगलाई तरङ्गित बनाउने किसिमको छ । त्यो प्रसङ्ग हो– गिरिधारी रानाभाटसँग परेको

खेतमा सिँचाइको कुलो निर्माण गर्ने विषय । व्यक्तिका निम्ति होइन, समाजका धेरै कृषकहरूको खेत सिँचाइका निम्ति कुलो निकाल्न गरिएको प्रयासमा अरू सबै कृषकले आफ्नो जग्गा काटेर कुलो निकाल्न स्वीकृति दिए पनि गिरिधारी रानाभाटले भने आफ्नो जग्गाबाट कुलो खन्ने कामको घोर विरोधी थिए । भानुभक्त यस कार्यको अगुवा भएकाले उनलाई मुख्य विपक्षी बनाई मुद्दा दिएर रोक्न प्रयत्न गरेकोमा भानुभक्तले पीडित बन्नुपरेको स्थितिको चर्चा पनि यहाँ भएको छ । आफूलाई विपक्षी बनाएर दिएको मुद्दाको प्रत्युत्तर भानुभक्तले दिइसकेको र त्यस विषयमा पुन: कविताका रूपमा स्पष्ट गरेर दिएको जबाफको सन्दर्भ पनि यहाँ विषयवस्तु बनाइएको छ । भानुभक्तको कवित्वलाई यहाँ अझ उत्कर्षको विषयका रूपमा जीवनीकारले प्रस्तुत गर्दा यथार्थपरक विषयका उपन्यासकारझैँ बनेका छन् ।

(४) **भानुभक्तको जागिर र कुमारीचोकमा थुना** : भानुभक्तले जीवनमा जागिर खाएको सन्दर्भ र त्यसले जन्माएको विडम्बनापूर्ण स्थिति पनि यहाँ विषय बनेको छ । भानुभक्तले जागिर खाएको दुई वर्षभित्रै उनको जागिरमा अनेक समस्या पनि उपस्थित भएका छन् । जागिर अर्थसँग सम्बन्धित रहेको हुँदा हिसाबकिताब दुरुस्त रहनुपर्ने स्थिति त थियो नै । तर हिसाबकिताबको स्याहास्रेस्ता मिलाउन नसकेका कारण भानुभक्तले कुमारीचोकमा थुनिनुपरेको थियो । यस स्थितिलाई विष्णुमायाको कृतिले भानुभक्तले जागिर खाए नखाएको र थुनिनु परे नपरेका बारेमा चर्चा नगरेको स्थितिलाई पनि प्रसाईले चर्चाको विषय बनाएका छन् र आचार्यको जीवनी लेखनमा उनका सन्ततिहरूले मोतीराम भट्टले स्थापित गरेका तथ्यलाई किन निषेध गर्नुपरेको भन्ने प्रश्न पनि प्रस्तुत गरेका छन् । नेपाली समाजको तत्कालको स्थितिमा खरिदारको जागिर पाउन निकै कठिन स्थिति थियो । पाएको जागिर संरक्षण गर्न पनि

धौधौ नै पर्थ्यो । यस आधारमा भानुभक्तले स्वयम् आर्जन गरेका प्रतिष्ठाबाट जागिर पाउनु र जागिरे जीवनकै क्रममा सरकारी उच्च संयन्त्रमा गहिरो पकड भएका कमान्डर कृष्णबहादुर थापासँग नजिकिनु पनि अस्वाभाविक देखिन्न ।

भानुभक्तको जागिरे जीवनको क्रममा नेपाली समाजको एकातर्फ साहित्यिक संवेदनाका पक्षहरू पनि प्रादुर्भाव बन्दै गएको र अर्कातर्फ उनको व्यावहारिक जीवनका पक्षहरू पनि संवेदित बन्दै गएका स्थिति प्रकटमा आएका छन् । भानुभक्तको विनोदी स्वभाव, त्यसमाथि जागिर गएको र थुनामा पर्नुपरेको क्षोक र आक्रामक स्वभावकै प्रतिफलन व्यङ्ग्यमिश्रित भावावेगका कविता लेखेको सन्दर्भ पनि यहाँ प्रसाईले प्रस्तुत गरेका छन् । आफू थुनामा परेको, त्यतिखेरै छोराको व्रतबन्धको समय आइसक्दा पनि मुद्दा नटुङ्गिएका कारण भोग्नुपरेको पीडालाई संवेदना भरेर लेखेका कविताका पङ्क्तिहरूले पनि यहाँ उनलाई छुट्टी मिल्ने र सजाय पनि माफी हुने परिस्थिति सृजना भएको सन्दर्भ प्रसाईको जीवनीले प्रस्तुत गरेको छ । भानुभक्तका सन्ततिहरूले जीवनी लेख्ने क्रममा ओझेलमा राखेका विषयहरू यहाँ प्रकटमा आएका छन् । थुना पर्नुअगावै 'रामायण' काव्य सृजनाको आरम्भ गरेका आचार्यले थुनामा रहेको अवधिमा अयोध्याकाण्ड, अरण्यकाण्ड, किष्किन्धाकाण्ड र सुन्दरकाण्डसम्मको रचना सम्पन्न गरिसकेको र थुनाबाट छुटेपछि युद्धकाण्ड र उत्तरकाण्डको पनि लेखन गरेको सन्दर्भलाई यहाँ विषय बनाइएको छ । यसरी प्रसाईले भानुभक्तको 'रामायण' सृजन र अन्य फुटकर कविता सृजन पनि यसै समयमा भएको सन्दर्भ उल्लेख गरेका छन् । यिनै तथ्यहरूको चर्चाका क्रममा प्रस्तुत प्रकरण समाप्त भएको छ ।

(५) **भानुभक्तको सम्मान** : भानुभक्तका सृजन कार्यको सम्मान मोतीरामको जीवनी लेखनपछि उच्च स्तरमा पुगेको कुरालाई नै

प्रसाईंले सम्मानको केन्द्रीय विषय मानेका छन् । नेपाली वर्णमात्रिक छन्दलाई कविताको रूप दिएर लोकजीवनका गलागलामा पुऱ्याउने काम भानुभक्तले गर्न सकेको सन्दर्भ नै भानुभक्तको कम सम्मानको विषय होइन भन्ने कुरा मोतीरामले प्रकट गरेका छन् । मोतीरामले प्रदान गरेको आदिकविको पगरी पाएका भानुभक्तले जुद्धशमशेरले प्रदान गरेको आदिकविको औपचारिक तथा सरकारी सम्मानको पदबारे पनि यहाँ चर्चा भएको छ । भानुभक्तले प्राप्त गरेको सम्मानका यस्ता विषयहरू प्रतिष्ठा र गरिमाका गौरव बनेको कुरा पनि प्रसाईंले प्रस्तुत गरेका छन् । भानुभक्तलाई नेपाल सरकारले राष्ट्रिय विभूतिको पदवीबाट सम्मान गरेको, नेपालबाहिर र नेपालभित्र पनि भानुभक्तका अनेक प्रतिमा निर्माण भएको तथा भानुभक्तका जन्मजयन्ती मनाउने प्रचलनले निरन्तरता पाएका जस्ता विषय पनि सम्मानका अङ्ग बनेको सन्दर्भ जीवनीमा प्रस्तुत भएको छ । भानुभक्तको नाममा स्थापित बनेका विद्यालय, पुस्तकालय, मार्ग, गाविसजस्ता अनेक पक्षहरू भानुभक्तको सम्मानका नाममा प्रस्तुत भएका विषय हुन् भन्ने कुरा पनि यहाँ प्रस्तुत भएका छन् । हाल नेपाल सरकारले भानुजन्मस्थल विकास समिति गठन गरेर उनीप्रति सम्मानको काम गरेको छ र २०७१ मा आएर नेपाल सरकारको तर्फबाट सम्पन्न भएको भानुभक्तको दुई सय वर्षको उपलक्ष्यमा आयोजित कार्यक्रम पनि भानुभक्तको सम्मानको सर्वाधिक प्राप्तिको विषय बनेको छ भन्ने कुरा यस प्रकरणमा प्रस्तुत भएको छ । भानुभक्तको सम्मानका यी व्यापक आयामहरू समायोजन भएको स्थिति पनि यस अध्यायमा प्रसाईंले विषय बनाएका छन् ।

(६) **भानुभक्तको जीवनमा घाँसी** : भानुभक्तको सृजनाको प्रेरकशक्तिका रूपमा, कारक व्यक्तिका तहमा घाँसीको उपस्थिति भएको प्रश्न मोतीरामले प्रस्तुत गरेका छन् । घाँसी प्रेरणाको स्रोतव्यक्तिका रूपमा सृजना भएका पात्रका रूपमा प्रसाईंले ठम्याएका

छन् । भानुभक्तलाई सिर्जना र समाजको उपकारका निम्ति योगदान गर्न प्रेरित गर्ने काम घाँसीबाट सम्पन्न भएको स्थितिले निकै ठूलो भूमिका निर्वाह गरेको छ । मोतीराम भट्ट र भानुभक्त आचार्य दुवै बनारसको पर्यावरणमा आफ्नो जीवनचरित्र निर्माण गरेका व्यक्ति भएका कारणले र त्यहाँ घाँस पनि बिक्रीको वस्तु बनेको देखेकाले मोतीरामले घाँसको प्रसङ्ग क्षेपकका रूपमा मात्र थपेका हुन् भन्ने मत पनि प्रस्तुत हुने गरेका छन् भन्ने मत जीवनीकार प्रसाईको रहेको छ । तर भानुभक्तको सृजनात्मक प्रेरणाको स्रोतका रूपमा मोतीरामको लेखनबाटै स्थापित बन्दै आएका घाँसीको उपस्थिति र प्रेरणा भानुभक्तको जीवनको अभिन्न तत्त्वका रूपमा स्थापित बनेको छ । यस सन्दर्भलाई पनि अब अनिषेध्य तत्त्वका रूपमा अब स्विकारिँदै आएको सन्दर्भ पनि यहाँ प्रस्तुत भएको छ । भानुभक्तका वंशज शर्वराज आचार्यको भानुभक्तसम्बन्धी अध्ययनमा भने तनहुँ र लमजुङतिर त्यतिखरै पनि घाँस बिक्री हुने चलन रहेको थियो भन्ने प्रसङ्ग आएको छ । यस कुरालाई पनि प्रसाईले यस अध्यायमा चर्चाको विषय बनाएका छन् ।

(७) **भानुभक्तलाई मोतीरामको खाँचो** : भानुभक्तको स्वभावको वर्णन गर्ने क्रममा मोतीराम भट्टले कन्जुसीको व्यवहार नदेखाईकन भानुभक्तको चर्चा गरेका छन् भन्ने कुरा पनि यहाँ जीवनीकारले विषय बनाएका छन् । भावनाको संवेदनशीलताका आधारमा कठोर मान्छे पनि कोमल बन्दछ भन्ने कुरा भानुभक्तको पूर्वार्द्ध जीवनमा रहेको खरोपन बिस्तारै उत्तरार्द्धतिर प्रवेश गरेपछि कोमल र भावुक बन्दै गएको थियो भन्ने मोतीरामले अघि सारेको सन्दर्भलाई पनि प्रसाईले विशेष चर्चाको विषय बनाएका छन् । भानुभक्तले रचना गरेका तर लोकगर्भमा बिलाइसकेका सामग्रीलाई मोतीराम भट्टले सङ्कलन र संयोजन तथा सम्पादन गरेर सन्तुलनमा ल्याएका सन्दर्भहरूबाट जीवनलाई मूर्त रूप दिएको स्थिति र भानुभक्तको

तस्बिर पनि स्केच गरेको प्रसङ्ग पनि प्रसाईले प्रस्तुत गरेका छन् । भानुभक्तलाई देख्नेहरूले भनेका आधारमा स्केच तयार गरी भानुभक्तको तस्बिर तयार भएको स्थितिलाई पनि यहाँ प्रसाईले प्रस्तुत गरेका छन् ।

(८) **भानुभक्तको कान्तिपुर प्रवेश** : भानुभक्त पहिलोपल्ट काठमाडौँ आएको र काठमाडौँमै बसेका धर्मदत्त ज्ञवालीको निवासमा बसेर गिरिधारीसँगको मुद्दा धान्नुपरेको सन्दर्भ पनि यहाँ जीवनीको विषय बनेको छ । बाबु धनञ्जय आचार्यले काठमाडौँमा तत्कालीन सरकारबाट लालमोहर पाएको घरको सन्दर्भ पनि प्रसाईको जीवनीको यस प्रकरणमा वर्णित छ । काठमाडौँ अथवा आफ्नो देशको राजधानीलाई कल्पनाको स्वर्गभन्दा पनि यथार्थ सुन्दर अलकापुरी ठहराएको सन्दर्भ पनि यहाँ वर्णनको विषय बनेको छ । भारतीय परिवेशका विभिन्न सहर देखिसकेका र तिनको विशेषता बुझिसकेका भानुभक्तले कान्तिपुरलाई ती सहरभन्दा कम नभएको सन्दर्भ कविताको कथ्य बनाएर वर्णन गरेका छन् । यी तथ्यलाई पनि जीवनी लेखनको प्रसङ्गमा प्रसाईले संयोजन गरेका छन् । राजधानीका सडक, गल्ली, भवन र उद्यानमा रहेको सुन्दरता स्वर्गीय सुन्दरताभन्दा पनि उच्च रहेको ठहऱ्याउने भानुभक्तको दृष्टिलाई प्रसाईले पनि जीवनी लेखनको यस प्रकरणमा चर्चा गरेका छन् । भानुभक्तको काठमाडौँ आगमन, मुद्दाको सन्दर्भ र कविताको स्फुरण तथा उनको कविता सृजनाको कलासमेतको वर्णन यस प्रकरणको विषय बनेको छ ।

(९) **भानुभक्तको देहावसान** : 'भानुभक्तको देहावसान' शीर्षकको नवौँ प्रकरण रहेको छ । रामायणको रचना स्थगित रहँदै र गतिशील बन्दै समाप्त भइसकेको र अनेक फुटकर कविता तथा काव्य पनि सृजना भइसकेको सन्दर्भमा भानुभक्तको स्वास्थ्य पनि गिर्दै गएको स्थितिमा 'रामगीता'को सृजन कार्य छोरा रामनाथसँगको सहायताबाट समापन गरेको सन्दर्भ पनि यस प्रकरणको विषय बनेको छ ।

भानुभक्तको इच्छाअनुसार नै बिरामीकै अवस्थामा बोकाएर मर्स्याङ्दी नदीको सतीघाटको गाईथुनेघाटमा लगी अर्द्धजलाशयको शय्यामा राखिएको र अन्ततः १९२५ वि.सं. असोज ६ गतेका दिन भानुभक्तको इहलीला समाप्त भएको सन्दर्भ पनि यहाँ वर्णित छ । यसरी भानुभक्त आचार्यको भौतिक चोला अन्त भएको सन्दर्भ यस प्रकरणमा प्रस्तुत गरिएको छ ।

(१०) **भानुभक्तका कृति** : भानुभक्तको सृजनात्मक कवितायात्राका विषयमा केन्द्रित रहेका यस दसौँ प्रकरणमा उनमा रहेको प्रतिभाको प्रारम्भिक प्रस्फुटनको क्षण युवा अवस्थामा प्रवेश गर्दागर्दै आरम्भ भएको स्थिति पनि कासीको विद्वत्सभामा आफ्नो परिचय कवितामै दिएको स्थितिबाट पुष्टि हुन्छ । आफ्नो जीवनको सृजनात्मक सक्रियताको यात्राका झन्डै साढे तीन दशक समय नेपाली भाषाको श्रीवृद्धिका निम्ति नै लगानी गरेको र सिङ्गो 'रामायण'लाई कथाबीज बनाएर प्रबन्ध काव्यको रूप दिएका सन्दर्भलाई जीवनीकार प्रसाईले कलात्मक रूपमा प्रस्तुत गरेका छन् । 'रामायण'का प्रत्येक काण्डका प्रथम कविता प्रस्तुत गर्दै गएर भानुभक्तको प्राप्ति 'रामायण' नेपाली भाषामा गेय काव्यको रूप लिएर नेपालीहरूको घरघर पुगेको सन्दर्भ पनि यसै प्रकरणको विषय बनाइएको छ । १८९५ सालमा आरम्भ गरेको 'रामायण' काव्यको सृजन यात्रा १९१९ सम्मका जम्मा २४ वर्षको अवधिमा १४८४ पद्यको 'रामायण' महाकाव्यको सृजना सम्पन्न भएको सन्दर्भ प्रसाईले जीवनी ग्रन्थमा उल्लेख गरेका छन् । भानुभक्तको काव्य सृजन यात्रा १८८४ मा आरम्भ भएर १९२५ सम्मको अवधिमा 'रामायण', 'प्रश्नोत्तर', 'वधूशिक्षा', 'भक्तमाला' जस्ता लघु काव्य र थुप्रैथुप्रै मुक्तक स्तरका फुटकर कविता सृजना भएका प्रसङ्गलाई पनि यसै प्रकरणमा चर्चा गरेका छन् । यसरी भानुभक्तको सृजन यात्राको प्राप्तिको विवेचनायुक्त अभिमत पनि प्रसाईले यसै प्रकरणमा प्रस्तुत गरेका छन् ।

विविध जाति र भाषाको उद्यान बनेको नेपाली जगत्मा भानुभक्तले 'रामायण'लाई र अन्य कवितालाई पनि सबै मान्छेका स्मृतिको विषय, सबै मान्छेको निष्ठाको विषय र सबै मान्छेको गायनको विषय बनाइदिए । संस्कृत वृत्तानुशासनको छन्द सौन्दर्यलाई पनि भानुभक्तले लोकलयकै तहमा गाइने गरी लोकप्रिय तुल्याइदिए भन्ने पनि जीवनीकार प्रसाईको ठहर छ । दर्शनका गहन विषयलाई सहज र बोध्य बनाएर लेखेको 'रामगीता' ले शङ्कराचार्यद्वारा प्रस्तुत गरिएको दर्शनको जटिल प्रस्तुतिलाई भानुभक्तले सहज, सरस र हृदय ग्राह्य काव्यतत्त्वका रूपमा प्रतिपादन गरेका छन् भन्नेसम्मको सङ्केत पनि यस जीवनीमा पाइन्छ । वासुदेव त्रिपाठीले त अरू भानुभक्तको दार्शनिक चिन्तन स्पष्ट र सहज ग्राह्य पनि छ भन्ने मत प्रस्तुत गरेका छन् । यसरी भानुभक्तलाई काव्य र दर्शनको समायोजनका उत्कर्ष स्रष्टा र श्रद्धाका आसनमा आरोहण गराएर पुज्नुपर्ने दैवी पुरुषको तह मोतीरामले प्रदान गरे भन्ने मत पनि यहाँ प्रस्तुत गरिएको छ । महाकवि देवकोटाले नेपाली साहित्यका सर्वश्रेष्ठ पुरुष ठाने । बालकृष्ण समले सशक्त नाटच विषय नै बनाए । भानुभक्तका कृतिहरूमाथि अनेक किसिमका खेलबाड गर्ने काम पनि भएका छन् भन्ने मत प्रसाईको रहेको छ । भानुभक्तको 'वधूशिक्षा'लाई व्याख्या गर्ने क्रममा अनेक विवादयुक्त पाठभेदहरू पनि प्रस्तुत भएका छन् । 'वधूशिक्षा'को विवेचना गर्ने क्रममा अनेक अड्कलबाजीहरू पनि भएका छन् । अनेक पाठभेदका आधारमा अनेक अपव्याख्याहरू पनि भएका छन् । तिनको निरूपण गर्ने काम पनि जीवनीकार प्रसाईले प्रस्तुत कृतिमा गरेका छन् ।

भानुभक्तको सृजनामा रहेका त्रुटि निराकरण गर्ने दृष्टिले प्रस्तुत भएका पाठभेदमा झन् गम्भीर त्रुटिहरूले जन्म लिएका छन् भन्ने दिशातर्फ पनि प्रसाईको दृष्टि प्रक्षेपित बनेको छ । यसका निम्ति भानुभक्तको 'वधूशिक्षा' को एकै पद्य पङ्क्ति मात्र पनि पर्याप्त हुन्छ :

**हाँस्नू छैन कदापि नारिहरुले वेश्या हुने हाँस्तछन् ।**
**वेश्या लौ नहउन् तथापि घरका काम् ती सबै नास्त छन् ।**

यस पद्यमा रहेको वेश्या शब्द आज केही हेय अर्थ प्रक्षेपण गर्ने र आज त यसै शब्दले यौनकर्मी नामबाट लिने गरिएको स्थितिका आधारमा भानुभक्त, मोतीराम, विष्णुमाया, नरनाथ आचार्य, शिवराज आचार्य, मुक्तिनाथ आचार्य, बाबुराम आचार्य, हृदयचन्द्रसिंह प्रधान, राजनारायण प्रधानसम्मको शृङ्खलाले निरन्तरता दिएको स्थितिलाई व्रतराज आचार्यले तलको पाठभेद प्रस्तुत गरेर झमेला निम्त्याएको कुरा पनि जीवनीकार प्रसाईले प्रस्तुत गरेका छन् । उनको पाठभेद यस्तो रहेको छ :

**हाँस्नू छैन कदापि नारिजनले वैश्या हुने हाँस्तछन् ।**
**वैश्या लौ नहउन् तथापि घरका काम् ती सबै नास्त छन् ।**

व्रतराज आचार्य लिखित जीवनीमा परेको यस उद्धरणमा वेश्याको स्थानमा हुन सक्ने पाठभेद 'वैश्या' प्रस्तुत गरिएको छ । वेश्या नै भनिएको भए पनि यो कथन एक व्यक्ति प्रवृत्तिको मात्र कमजोरी र बाध्यतालाई सम्बोधन गर्ने 'वेश्या' पदलाई सिङ्गै समुदायलाई आक्षेप हुने 'वैश्या' शब्द प्रयोग भएको वैश्यादि वर्गका वणिक् नारीले भने पनि उसले त आफ्नो वृत्ति हाँसेर चलाउनुपर्ने हुन्छ । यहाँ काम नाश हुने त कुरै आउँदैन । नहाँसी गुत्थ पर्ने हो भने त उसको व्यापार झन् चौपट हुन्छ । त्यस कारण पाठभेद प्रस्तुत गरेर एक त्रुटि निराकरण गर्न खोज्दा झन् अर्को गम्भीर त्रुटि जन्मिएको कुरा यहाँ प्रकट भएको छ । यस्ता विषयलाई जीवनीकार प्रसाईले सूक्ष्म समीक्षा दृष्टि दिएर निष्कर्ष निकालेका छन् ।

(११) **भानुभक्तको जन्मकुण्डली** : ग्रन्थको एघारौँ प्रकरणमा प्रसाईले भानुभक्तको ज्योतिषशास्त्रअनुसारको जन्मकुण्डली प्रस्तुत गरेका छन् । तर यस कुण्डलीका विषयमा पनि प्रश्न रहेका सन्दर्भमा भानुभक्त स्वयम्ले १९०९ वि.सं. मा आफू चालीस वर्षको भइसकेको

सन्दर्भ उन्लेख भएको पद्यपत्र लेखेर बिन्तीपत्रका रूपमा तत्कालीन कमान्डर इन-चीफ कृष्णबहादुर थापालाई चढाएको सन्दर्भको हिसाब मिलाउँदा भानुभक्तको जन्म १८६९ नै सिद्ध हुनाले प्रस्तुत जन्मकुण्डली मिथ्या हुन सक्ने दिशातर्फ पनि प्रसाईले प्रश्न उठाएका छन् । मोतीरामले प्रस्तुत गरेको भानुभक्तको जन्म १८६९ नै सत्य सिद्ध हुन सक्ने स्थिति पनि अघि आउन सक्ने अवस्था छ । जन्मका क्रममा जसजसले जे जे भनिरहे पनि आज सरकारी तहबाट नै भानुभक्तको जन्म १८७१ मानेर सरकारले समेत मनाएको द्विशतवार्षिकी कार्यक्रम औपचारिक रूपमा प्रतिष्ठाको विषय बनेको छ । यसबाट कुण्डलीले जेजस्ता मत प्रस्तुत गरे पनि भानुभक्तको जन्ममितिका विषयमा बहस गर्न मिल्ने स्थिति रहँदारहँदै पनि अब भानुभक्तको जन्मलाई १८७१ नै मानिनुपर्ने भएको कुरा जीवनीकार प्रसाईले प्रस्तुत गरेका छन् ।

ग्रन्थको अन्तिम प्रकरणमा भानुभक्त आचार्यको वंश वृत्तान्त प्रस्तुत भएको छ । यस प्रकरणमा भानुभक्तका पूर्वज तथा वंशजका विभिन्न स्थितिलाई प्रस्तुत गर्ने काम पनि यस प्रकरणमा आरेखका रूपमा प्रस्तुत भएको छ । भानुभक्तको हस्तलिपि र ग्रन्थको सन्दर्भस्रोतसमेत उल्लेख गरिएअनुसार प्रकटमा आउने स्थिति पनि यस प्रकरणमा प्रस्तुत भएको छ । यसरी भानुभक्तको जीवनीलाई प्रसाईले विश्वसनीय रूपमा प्रस्तुत गरी निष्कर्ष दिने काम गरेका छन् ।

### ४. निष्कर्ष

जीवनीको सिद्धान्तको स्वत: प्रयोक्ता र प्रेरक सन्देश प्रक्षेपण गर्ने कलाका धनी प्रसाईमा एक किसिमको निजी शैलीकै परम्परा बनिसकेको छ । यस जीवनीको लेखनमा भानु द्विशतवार्षिकी समारोहका क्रममा जन्मिएका ऊहापोह र सरकारी तहबाटै मनाइने जिम्मामा रहेका उक्त कार्यक्रमको सल्लाहकारको तहबाट विशिष्ट भूमिका

निर्वाह गर्नुपर्दाका बाधा तथा व्यवधानका स्थितिहरूको पनि यहाँ चित्रण भएको छ । भानुभक्तको जीवनमा आएका विशेष स्थिति र तिनले प्राप्त गर्न लागेका मिथकीय बिम्ब र बन्न लागेका किंवदन्तीहरूको विश्लेषण गर्दै मिथ्याको बहिष्कृति र सत्यको स्वीकृतिका आधारमा प्रस्तुत ग्रन्थले जीवनीका रूप र सन्देशहरू दिनु नै प्राप्तिका विषय बनेका छन् । यिनै प्राप्तिको विवेचना गर्ने क्रममा तयार गरिएको यस समीक्षालाई पनि यहीँ अन्त गरिएको छ ।



**डा.लक्ष्मणप्रसाद गौतम**

**जन्म** : २०२० साल फागुन ७ गते (बागलुङ); **शिक्षा** : एमए, पिएचडी; **कृति** : २४ पुस्तक (समालोचना, शब्दकोश, सम्पादन); **पुरस्कार** : नारायणी वाङ्मय पुरस्कार, चिसाप प्रतिभा पुरस्कार, रत्न श्रेष्ठ पुरस्कार, रोहिणी अन्तर्राष्ट्रिय सर्वोत्कृष्ट कृति पुरस्कार, चिसाप कृष्णकुमारी स्मृति पुरस्कार, नेपाल विद्याभूषण (प्रथम), नइ ईश्वर बराल पुरस्कार, बलराम वाङ्मय पुरस्कार, भद्रा घले पुरस्कार, त्रिमूर्ति पदक, भानुभक्त स्वर्णपदक; **सहप्राध्यापक** : नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय ।

# अन्तर्मन्थनबाट निस्केको नौनी

नेपाली साहित्यका आदिकवि भानुभक्तका बारेमा अहिलेसम्म धेरै समीक्षा समालोचना लेखिए । केही जीवनीहरू पनि लेखिए । जे होस्, नेपाली भाषासाहित्यप्रति आस्था राख्नेहरूले कुनै न कुनै रूपमा भानुभक्तप्रति आस्था राख्छन् । मोतीरामबाट सुरु भएको भानुभक्तमाथिको चर्चापरिचर्चा अहिलेसम्म निरन्तरित छ र पनि भानुभक्त अझै अध्ययनीय र नित्यनवीन विषय भएका छन् । औपचारिक अनौपचारिक भेटघाटमा वरिष्ठ समालोचक वासुदेव त्रिपाठीले भनेको सम्झन्छु– “भानुभक्तका बारेमा त अहिलेसम्म राम्रो समालोचना भएको छैन, अरूको के कुरा गर्नु !” उनको भनाइमा वास्तवमा गहिराइ छ ।

नेपाली साहित्यमा जीवनी लेखकका रूपमा राम्रो वर्चस्व कायम गरेका वाङ्मयसेवी नरेन्द्रराज प्रसाईले 'भानुभक्त आचार्यको जीवनवृत्त' (२०७१) नामक पुस्तक तयार पारेका छन् । यो पुस्तक मोतीराम, नरदेव, नरनाथ, बालचन्द्र, विष्णुमाया, शर्वराज आदिका भानुभक्तीय जीवनीहरूलाई सिरानी हालेर पनि मौलिक तथ्य, प्रमाण र तर्कद्वारा तथ्यको पुष्टि गरेर लेखिएको कृति हो भन्ने कुरा ढुक्कले भन्न सकिन्छ र महान् स्रष्टाहरूका जीवनी कल्पना, अनुमान र कपोलकल्पित कुराहरूलाई आधार बनाएर लेख्नु हुँदैन भन्ने कुरा प्रसाईले लेखेका विशिष्ट स्रष्टाका जीवनीबाट पनि स्पष्ट हुन्छ । नरेन्द्रराज प्रसाईकृत 'भानुभक्त आचार्यको जीवनवृत्त' भानुभक्तको जीवनीसम्बन्धी अहिलेसम्मका कृतिहरूमध्ये सबैभन्दा प्रामाणिक देखिन्छ भन्नका लागि निम्नलिखित आधारहरू छन्–

(१) यस पुस्तकमा भानुभक्तसम्बन्धी पूर्वाध्ययनहरूको टिप्पणीसमेत दिएर तर्कद्वारा तथ्यपूर्ण मतलाई अग्रसारित गरिएको छ ।

(२) यसमा पूर्वाध्ययनमा देखिएका विवाद र सन्दिग्ध कुराहरूलाई प्रमाणका आधारमा निराकरण गर्ने प्रयास गरिएको छ ।

(३) यसमा कतिपय विवादास्पद कुराहरूको निक्योंलका लागि तथ्यहरू र तर्कहरूलाई साक्ष्य बनाइएको छ ।

(४) यसमा न्यायपरक दृष्टि अवलम्बन गरिएकाले भानुभक्तको जीवनी, व्यक्तित्व र कृतित्वलाई अपपाठ हुनबाट जोगाइएको छ ।

(५) यसमा कुनै पनि आग्रहपूर्वाग्रहलाई स्थान दिइएको छैन र कसरी हुन्छ भानुभक्तबारे सही तथ्य सार्वजनिक गर्ने भन्ने कुरामा मात्र ध्यान दिइएको छ ।

नरेन्द्रराज प्रसाई नेपाली साहित्यमा सर्वाधिक जीवनी लेख्ने व्यक्तित्व हुन् र उनका फुटकर रूपमा पाँच सयभन्दा बढी जीवनी

प्रकाशित छन् भने जीवनीका पुस्तककृति मात्र पनि दुई दर्जन प्रकाशित भएका छन्; लाग्छ– उनी विशिष्ट व्यक्तित्वहरूको जीवनी लेख्नकै लागि जन्मेका हुन् । नेपाली साहित्यमा यति धेरै जीवनी अरू कसैले लेखेका छैनन् । यसै शृङ्खलामा 'भानुभक्त आचार्यको जीवनवृत्त' (२०७१) कृति जीवनीपरक समालोचनाको ऐतिहासिक दस्तावेज बनेर आएको छ । प्रसाईको यो कृति पचास पृष्ठको भूमिकाहरूसहित १४७ पृष्ठको आयाममा विस्तारित छ र बाह्र ओटा शीर्षकहरूमा वितरित छ । चौध पृष्ठ लामो उनको लेखकीयमा भानुभक्त आचार्य द्विशतवार्षिकी समारोहका सन्दर्भहरूको चर्चाका साथै यस पुस्तकलाई पनि त्यसै सन्दर्भसँग जोडिएको छ । वास्तवमा यो कृति भानु द्विशतवार्षिकी समारोहको पूरक तर आवश्यक कृतिका रूपमा देखा परेको छ ।

शीर्षकगत रूपमा हेर्दा 'भानुभक्त आचार्यको जन्मसन्दर्भ' नामक पहिलो खण्ड वा आलेखमा भानुभक्तको जन्मसन्दर्भका साथै उनका बाजेदेखिकै विवरण प्रस्तुत गरिएको छ । यहाँ मोतीराम भट्टले प्रस्तुत गरेको भानुभक्तको जन्ममिति १८६९ लाई नै तथ्यपूर्ण रूपमा स्वीकार गरिएको छ र १८७१ लाई भानुभक्तकै कविताको तर्कद्वारा खण्डन गरिएको छ । भानुभक्तले १९०९ सालमा कुमारीचोकबाट कवितात्मक बिन्तीपत्र लेखेका र सो बिन्तीपत्रमा आफू चालीस वर्षको भएको कुरा (चालिस् वर्ष भऋा म पुत्र पनि एक् मात्रै छ आठ् वर्षको) उल्लेख गरेका छन् ।

> "भानुभक्तको जन्मवर्ष १८६९ हो भन्ने कुरा पनि यस कविताले प्रमाणित गरेको छ; किनभने १८६९ मा ४० जोड्दा १९०९ साल नै हुन आउँछ । ...मोतीरामले भानुभक्तको जीवनी भतिजा रामदत्त आचार्यलाई आधार बनाएर नै लेखे । यति हुँदाहुँदै भानुभक्त कुमारीचोकमा रहँदा उनले 'चालिस् वर्ष भऋा म' भनेरै कविता लेखेको बेहोरालाई समेत सर्लक्कै पन्साएर उनी

जन्मेको अर्को मिति प्रस्तुत हुनुको कारण के थियो ? साथै मोतीरामलाई गलत पार्न केही व्यक्तिहरू एकोहोरो धुरिनुको तात्पर्य के थियो ? भानुभक्त जन्मेको १२७ वर्षपछि भानुभक्तले नै आफ्नो जन्मकुण्डलीबारे कविता रचेका थिए भनेर उनकी नातिनीमार्फत यो कविता कसरी आयो ?" (प्रसाई, ७१)

यी अहम् प्रश्नहरू विचारणीय छन् र यी कुराहरू माथि थाहा नपाएझैँ गरी भाषासाहित्यप्रति र भानुभक्तप्रति आस्था राख्नेहरूले आँखा चिम्लनु समुचित होइन; तसर्थ नरेन्द्रराज प्रसाईले सप्रमाण र तथ्यपूर्ण तरिकाले यथार्थलाई देखाएका छन् ।

'भानुभक्तको शिक्षादीक्षा' नामक दोस्रो शीर्षकमा भानुभक्तको शिक्षादीक्षाको चर्चा छ र नरनाथ आचार्यको कुराप्रति टिप्पणीसमेत गरिएको छ भने 'भानुभक्तसँग गिरिधारीको झगडा' नामक तेस्रो शीर्षकभित्र रहेर त्यस झगडासँगका सन्दर्भलाई प्रस्तुत गरिएको छ । त्यस्तै 'भानुभक्तको जागिर र कुमारीचोकमा थुना' नामक चौथो शीर्षकभित्र रहेर विवादमा आएका कुराहरूलाई समेत टिप्पणी र प्रतिटिप्पणीका साथ निर्णय दिइएको छ । भानुभक्तले जागिर खाएको कुराका सम्बन्धमा उनका कविता नै सप्रमाण हुँदाहुँदै उनले जागिर खाएका थिएनन् भन्नेहरूका तर्कहरूलाई प्रसाईले तथ्यपूर्ण तरिकाले खण्डन गरेका छन् । 'भानुभक्तको सम्मान' यस कृतिको पाँचौँ शीर्षक हो र यसमा भानुभक्तको आदिकवि उपाधिलाई जुद्धशमशेरले अनुमोदन गरेको, २००३ देखि भारतको दार्जिलिङ र नेपालमा भानुजयन्ती मनाउने परम्परा सुरु गरेको देखि लिएर भानुभक्त द्विशतवार्षिकी समारोहसम्मका भानुभक्तप्रति भएका सम्मानहरूको परिचर्चा छ भने 'भानुभक्तको जीवनमा घाँसी' शीर्षकको छैटौँ खण्डमा भानुभक्त र घाँसीका प्रसङ्गलाई अन्धसमर्थन र अन्धविरोध नगरी स्थानसापेक्ष र कालसापेक्ष रूपमा निरूपण गरिएको छ । त्यस्तै 'भानुभक्तलाई मोतीरामको खाँचो' शीर्षकको सातौँ खण्डमा मोतीरामले भानुभक्तलाई

चिनाएको प्रसङ्ग राख्दै भानुभक्तको फोटोका सम्बन्धमा मोतीरामको कल्पना र नरनाथका भनाइप्रति प्रसाईले विमति राखेका छन् । वास्तवमा प्रसाईले भनेझैँ भानुभक्तको फोटो बन्नु त्यति बेला सम्भव थिएन । 'भानुभक्तको कान्तिपुर प्रवेश'को दुई पृष्ठको आलेखमा कान्तिपुरको सौन्दर्यबाट उनी मोहित भएको सन्दर्भ छ भने 'भानुभक्तको देहावसान' नामक नवौँ खण्डमा शीर्षकअनुरूप नै यथातथ्य कुरा उल्लेख गरिएको छ । 'भानुभक्तका कृति' नामक दसौँ खण्डमा भानुभक्तका कृतिहरूको सानो ऐतिह्य छ र 'वधूशिक्षा'को चर्चित श्लोक 'हाँस्नू छैन कदापि नारिहरुले वेश्या हुन्या हाँस्तछन्' पाठलाई व्रतराज आचार्यद्वारा लिखित 'आदिकवि भानुभक्त : जीवनी र कविताको सम्परीक्षण' (२०५८) र भानु प्रतिष्ठानद्वारा प्रकाशित 'भानुभक्तको रामायण' (२०७१)मा 'वैश्या' बनाइएकामा आपत्ति प्रकट गरिएको छ । यस खण्डमा नारीसँग जोडिएका अन्य सन्दर्भ पनि आएका छन् । 'भानुभक्तको जन्मकुण्डली' शीर्षकको एघारौँ खण्डमा विष्णुमायाले 'भानुभक्त मणिमाला'मा दिइएको कुण्डलीको उल्लेख गरी विवादमाथि मन्थन गरिएको छ र त्यसपछि अन्तिम खण्ड 'भानुभक्तका वंशावली'को वंशवृक्ष (आरेख) प्रस्तुत गरिएको छ ।

यी कुराहरू नरेन्द्रराज प्रसाईकृत 'भानुभक्त आचार्यको जीवनवृत्त' पुस्तकभित्रका अन्तर्वस्तु हुन् । तर यस पुस्तकको विशिष्टता जानिएका र सुनिएका यी विषयको प्रतिपादनमा मात्र छैन; त्यहाँभन्दा बढी आदिकवि भानुभक्तसँग जोडिएका विभिन्न प्रसङ्गहरू, सन्दर्भहरू, उनका जन्म, जागिर, नारीप्रतिका दृष्टि, उनका मूलपाठका रचनालाई बङ्ग्याएर अर्थको अनर्थ बनाउने प्रवृत्ति, वंशावलीका भ्रम, भानुभक्त र उनका रचनाप्रतिका अपव्याख्या र अपपाठ आदिको प्रमाण, तर्क र स्रोतसन्दर्भहरूसमेत दिएर खण्डनमण्डन गरिएको छ । यसबाट भानुभक्तसँग जोडिएका र कतिपय अपव्याख्या भएका कुरालाई प्रसाईले सही व्याख्या गरेका छन् । मोतीराम भट्टको

अनुकल्पनासमेत मानिएको घाँसीको प्रसङ्गलाई पनि उनले शतप्रतिशत समर्पण नगरी स्थानकालसापेक्ष रूपमा त्यसलाई लिनुपर्ने धारणा प्रस्तुत गरेका छन् ।

कुनै पनि स्रष्टा र तिनका कृतिको सिद्धान्तनिष्ठ वा अन्य कुनै विशिष्टीकृत अध्ययनमा लेखकको जन्ममिति र उनको जीवनका घटनासन्दर्भहरूले त्यति अर्थ नराख्लान् तर जीवनी साहित्यका सन्दर्भमा त्यस्ता कुराहरूले विशेष अर्थ र महत्त्व राख्छन् र स्रष्टाको सही र तथ्यपरक जानकारी सप्रमाण आउनुपर्छ । विष्णुमायाको 'भानुभक्त मणिमाला' आउनुपूर्वको सवा एक सय वर्षभन्दा बढी समयसम्म आउन नसकेको कुरा १८७१ को जन्मसन्दर्भ र चिना कसरी आयो ? शङ्काउपशङ्का हुनु स्वाभाविक हो र प्रसाईले त्यसलाई निर्भीकतापूर्वक प्रस्तुत गरेका छन् । उक्त चिना भानुभक्तकै हो भन्ने तथ्यगत प्रमाणहरू पनि देखिँदैनन् भन्ने जीवनीकार प्रसाईको तर्क कुन अर्थमा ठीक देखिन्छ भने केही निकटवर्ती समयका मोतीरामले त्यो फेला नपार्नु, भानुभक्तलाई साँच्चै प्रकाशमा ल्याउने भानुभक्तका बारेमा 'भानुभक्त मणिमाला'मा कतैकहीँ केही उल्लेख नहुनुजस्ता कुराबाट मोतीरामको खोजलाई छायामा पारेर आफूहरूले गरेका खोजलाई आधिकारिक भनाउन खोज्ने प्रवृत्ति रहेको तथ्यलाई जीवनीकार प्रसाईले सटीक रूपमा देखाएका छन् ।

भानुभक्तको जीवनी धेरैले लेखे, तीमध्ये कतिपयले मोतीरामले लेखेको जीवनीलाई आधार बनाएर पुष्टि गरे भने कतिपयले मोतीरामको भन्दा भिन्न बनाउने अभिप्रायले लेखे । कतिपयले नयाँ तथ्यका नाममा मोतीरामको खण्डन पनि गरे । विष्णुमायाले त उनको सामान्य उल्लेखसमेत गरिनन् । वास्तवमा कुनै पनि कुराको खोजअनुसन्धान गर्दा पूर्वाध्येताहरूप्रति कृतज्ञता र सम्मान व्यक्त गर्नैपर्छ । कतिपयले त्यो गरेको देखिएन । नरेन्द्रराज प्रसाईले पूर्वाध्येताहरूका अतथ्यपरक र कपोलकल्पित मतको खण्डन गर्ने

क्रममा पनि शिष्ट, शालीन र मर्यादित भाषामा र तिनका राम्रा कुराको पक्षपोषण गर्दै खण्डन गरेका छन् । यो कुशल खोजकर्ताको एउटा विशेषता पनि हो । निर्विवाद भानुभक्तलाई १९९८ देखि अहिलेसम्म नै विवादका चाकाचुली खेलका निमित्त बनाउने प्रयास भएको जस्तो देखिन्छ । स्वार्थ र हठले प्रेरित भइयो भने साँचो जीवनी लेख्न सकिँदैन र यसरी साँचो जीवनी लेख्नु चुनौतीपूर्ण कुरा पनि हो । जीवनीकार प्रसाई यस चुनौतीलाई स्वीकार गर्न तयार छन् भन्ने कुरा यस कृतिबाट थाहा पाइन्छ ।

भानुभक्तका बारेमा यतिका जीवनीहरू लेखिइसकेपछि अहिले नरेन्दराज प्रसाईकृत 'भानुभक्त आचार्यको जीवनवृत्त' किन त ? के छन् यसमा नयाँ कुरा ? यस्ता प्रश्नहरूको जबाफ स्वयम् यो पुस्तक नै हो भन्दा कुरा सकिन्छ; तर त्यतिले पुग्दैन । यस कृतिमा भानुभक्तबारेका भ्रान्तिहरू चिरिएका छन् र ती पनि तथ्य एवम् प्रमाणयुक्त छन् । भानुभक्त र उनका कृतिबारेका अपव्याख्या र अपपाठबाट पाठकलाई मुक्त गराउन यो कृति सक्षम छ । भानुभक्तको 'वधूशिक्षा'को 'हाँस्नू छैन कदापि नारिहरुले वेश्या हुन्या हाँस्तछन्'को 'वेश्या' शब्दलाई 'वैश्या' र 'वैश्यै' बनाएर भानुभक्तका कृतिको अपपाठ बनाउने नियोजित प्रवृत्तिप्रति जीवनीकार प्रसाईको विमति छ र यो भानुभक्तका आमपाठकको विमति हो । 'वैश्या'को अर्थ के ? सामान्य अर्थ लगाउँदा वैश्यको स्त्रीलिङ्गी रूप वैश्या हुन्छ र वैश्यजातिकी स्त्री भन्ने सामान्य अर्थ देखिन्छ तर यसले त्यस सन्दर्भमा के अर्थ बोक्छ ? यसरी नियोजित पाठभेद सृजना गर्नु हुँदैन र सृजना गर्दा त्यसबाट महान् स्रष्टाप्रति अपमान हुन्छ ।

यस कृतिमा जीवनीकार प्रसाईले पूर्ववर्ती जीवनीकारहरूले लेखेका भानुभक्तसम्बन्धी सम्पूर्ण जीवनी पढेर तिनको अन्तर्मन्थन गरेका छन् र यही अन्तर्मन्थनबाट निस्केको नौनी बनेको छ यो कृति । यो नै यस कृतिको महत्त्व र गरिमा हो, प्राप्ति हो र भानुभक्तप्रति

यस कृतिले धेरै न्याय गरेको छ भन्ने आधार धेरै छन् । यहाँ जीवनीकार प्रसाईले वकिल बनेर बहस गरेका छैनन्, बरु न्यायाधीश बनेर न्याय दिएका छन् । यसर्थ पनि यो कृति औचित्यपूर्ण छ । भानुभक्त सार्वभौम र शाश्वत व्यक्तित्व हुन् । उनी देशकालको सीमाभन्दा माथि छन् । त्यस्ता व्यक्तित्वलाई पारिवारिक, वंशानुगत, जातीय आदि कुनै पनि परिसीमाको सानो पोखरीभित्र परिसीमित गर्नु हुँदैन; सबैलाई चेतना भया ।



**डा.लेखप्रसाद निरौला**

**जन्म** : २०२८ साल साउन १ गते (सङ्खुवासभा); **शिक्षा** : एमए, पिएचडी, आचार्य, बिएड; **कृति** : ९ पुस्तक (समालोचना, खण्डकाव्य, निबन्ध, पाठ्यपुस्तक); **पुरस्कार** : सैन्यध्वज नन्दकुमारी पुरस्कार, नेपाल विद्याभूषण (प्रथम), छविलाल बालमाया पुरस्कार, मुकुन्दनाथ भट्टराई निबन्ध पुरस्कार, प्रतिभा पुरस्कार; **सहप्राध्यापक** : नेपाल संस्कृत विश्वविद्यालय ।

# गहकिला तर्क र प्रमाणको दस्तावेज

### १. विषय परिचय

आदिकवि भानुभक्त आचार्य (१८७१–१९२५) नेपाली साहित्यका प्राथमिक कालीन कवि हुन् । यस काललाई नेपाली साहित्य सिर्जनाका दृष्टिले उज्ज्वल भविष्य सङ्केत गर्ने कालका रूपमा लिन सकिन्छ । प्रकाशन तथा मुद्रणका दृष्टिले भने यो अवधि अन्धकारमय रहेको पाइन्छ । यस अवधिमा नेपाली सर्जकभित्रका प्रतिभाहरूलाई जनमानससम्म सम्प्रेषण गर्न अथवा तिनका अमूल्य सिर्जनाहरूलाई तत्काल सुरक्षित किसिमबाट एकीकृत गरी मूर्त रूप दिन निकै चुनौती रहेको देखा पर्दछ । त्यसैको परिणाम स्वरूप भानुभक्त आचार्यको

जीवनकालसँग सम्बन्धित विषयहरू केकस्ता थिए र तिनका कृतिहरूको योगदान केकस्तो थियो भन्ने कुरा केही समयसम्म अन्योलमै रहेको पाइन्छ । भानुभक्तले जेजति साहित्यिक सिर्जनाहरू तयार गरे तिनको तत्काल मुद्रण वा प्रकाशन हुन सकेन । वस्तुत: प्रविधिको पहुँच नभएका कारण पनि यस अवधिका स्रष्टा र साहित्यका सम्बन्धमा तत्काल प्रचारप्रसार एवम् सम्प्रेषणको कार्य हुन सकेन ।

मोतीराम भट्ट (१९२३–१९५३) को आगमन सँगसँगै नेपाली साहित्यले माध्यमिक कालीन युगमा प्रवेश गरिसकेको थियो । यद्यपि उनको जीवनकाल अपेक्षाकृत छोटो मानिन्छ तापनि उनको सक्रियता र बनारसको बसाइले मुद्रणयुगलाई नजिकबाट स्पर्श गर्न थालेको थियो । फलत: मोतीरामले नेपाली साहित्यका ती लुकेका प्रतिभाशाली स्रष्टा र अप्रकाशित सिर्जनाहरूका सम्बन्धमा प्रकाशनका लागि अभिरुचि मात्र देखाएनन् अग्रसरतासमेत दिँदै गए । यसै क्रममा भानुभक्त आचार्य र उनका सिर्जनाहरूका सम्बन्धमा नयाँ तरङ्ग विकसित हुन थाल्यो । मोतीरामले १९४८ मा ‘कवि भानुभक्तको जीवनचरित्र’ नामक जीवनीपरक समालोचनात्मक कृति प्रकाशित गरे । र, उनको सक्रियताकै कारण पनि आदिकवि भानुभक्त आचार्यको जीवनी सन्दर्भबारे नेपाली साहित्य जगत् परिचित हुन पुग्यो ।

आदिकवि भानुभक्तको जीवनीसन्दर्भलाई लिएर बिस्तारै परवर्ती विद्वान्, समालोचकहरूबाट आआफ्ना अभिमतहरू प्रस्तुत गर्ने परिपाटी प्रारम्भ भयो । अनेकौँ विद्वान्, समीक्षकहरूबाट भानुसम्बन्धी विषयहरू प्रस्तुत हुँदै आए । मतमतान्तर र टीकाटिप्पणीको घेराभित्र भानुभक्तको जीवनी र साहित्यिक योगदानका विषयहरू मन्थन हुँदै गए । तत्कालीन मुद्रणयुगको अभावकै कारण शङ्का-उपशङ्का गर्ने वातावरण सिर्जना हुँदै गयो र अन्तत: भानुभक्त आचार्यको जीवनीसन्दर्भ नेपाली साहित्य

जगत्मा सधैँ एउटा गम्भीर बहस तथा खोजअनुसन्धानको विषय बन्न पुग्यो ।

यसरी मोतीराम भट्टको उठानपछि बहसको विषय बन्दै आएका भानुभक्तसम्बन्धी त्यस्ता कतिपय विषय सन्दर्भहरूसमेतलाई सम्बोधन हुने गरी समकालीन समालोचक नरेन्द्रराज प्रसाईद्वारा 'भानुभक्त आचार्यको जीवनवृत्त' (२०७१) नामक कृति तयार भएको छ । नेपाली साहित्यमा दुई दर्जन जति जीवनीपरक समालोचनात्मक कृतिहरू प्रकाशित गरिसकेका प्रसाईको तेइसौँ कृतिका रूपमा यो जीवनीपरक ग्रन्थ प्रकाशित भएको हो । नेपाली साहित्यका चर्चित वा लुप्त प्रतिभाहरू अथवा पुरुष वा नारी स्रष्टाहरू, सबै प्रकृतिका प्रतिभाहरूको छनोट गरी तिनको जीवनीसन्दर्भलाई केलाउँदै जाने योजनाअनुरूप पनि प्रसाईबाट यो कृति तयार भएको देखिन्छ । यसमा नेपाली साहित्यका आदिकवि भानुभक्त आचार्यको जन्मसन्दर्भदेखि वंशावलीसम्मका विषयहरूबारे तथ्यपरक विश्लेषण गरिएको छ । आवश्यकताअनुसार पूर्ववर्ती समीक्षकहरूको सूचना, सामग्री वा तथ्यपरक स्रोत आदिलाई शिष्ट ढङ्गबाट खण्डन वा मण्डन गर्दै भानुभक्त सबैका साझा राष्ट्रिय विभूति हुन् भन्ने कुरामा जोड दिइएको छ । यस कृतिको भूमिकाका सन्दर्भमा प्राध्यापकत्रय वासुदेव त्रिपाठी, महादेव अवस्थी र केशव सुवेदीले प्रकाश पारिसकेका छन् । अझ त्यसमा पनि प्रा.डा.वासुदेव त्रिपाठीको 'नरेन्द्रराज प्रसाईकृत भानुजीवनी : सन्दर्भ र अभिमत' शीर्षकको भूमिका विषयवस्तुको सघनता र आयतनको विस्तृति दुवै कोणबाट उल्लेखनीय रहेको छ । लेखक स्वयम्को विस्तृत लेखकीयले समेत थप सूचनाहरू सम्प्रेषण गर्ने प्रयास भएको पाइन्छ ।

**२. खण्डनमण्डनको कसीभित्र 'भानुभक्त आचार्यको जीवनवृत्त'**

समालोचक नरेन्द्रराज प्रसाईले प्रस्तुत जीवनी कृतिभित्र मुख्यतया बाह्र ओटा उपशीर्षकका माध्यमबाट भानुभक्त आचार्यको

जीवनवृत्तसम्बन्धी विषयमाथि प्रकाश पारेका छन् । उनले भानुको जन्म, शिक्षादीक्षा, गिरिधारीसँगको झगडा, जागिर र थुना, सम्मान, घाँसीसँगको सन्दर्भलगायतका विषयलाई क्रमशः एकदेखि छ परिच्छेदहरूमा समेट्ने प्रयास गरेका छन् । त्यसै गरी सातौँदेखि बाह्रौँसम्ममा भानुभक्तलाई मोतीरामको खाँचो, कान्तिपुर प्रवेश, देहावसान, भानुका कृतिहरू, भानुको जन्मकुण्डली तथा भानुको वंशावलीजस्ता विषयहरूमाथि प्रकाश पारेका छन् । प्रसाईले यी हरेक परिच्छेदहरूको प्रस्तुतिमा विशेष गरी सङ्क्षिप्तता र सरलतालाई आत्मसात् गर्दै विषयगत गहनतातर्फको दिशानिर्देश गरेका छन् । साथै, उनले पनि पूर्ववर्ती जीवनीपरक समालोचकहरूले जस्तै भानुभक्तको जीवनीसँग गाँसिएर आएका चर्चित घटनाक्रमहरूलाई उपयुक्त किसिमबाट खण्डनमण्डनको सुरेखाभित्र उल्लेख गरेका छन् ।

प्रसाईले निर्धारण गरेको पहिलो उपशीर्षक भानुभक्त आचार्यको जन्मसन्दर्भमा भानुभक्तका बाजे श्रीकृष्ण आचार्यको प्रसङ्गदेखि भानुभक्तका कान्छा छोरा शिवशङ्करको चौध वर्षको उमेरमा निधन भएसम्मका विषयहरूलाई समेटेका छन् । उनले पनि श्रीकृष्ण आचार्यका छ सन्तानमध्ये जेठा धनञ्जयका सुपुत्रका रूपमा भानुभक्तको जन्म भएको कुरा उल्लेख गरेका छन् । साथै, धनञ्जयले भानु अर्थात् सूर्यको बाह्र वर्ष लामो पूजाआराधना गरेपश्चात् चालीस वर्षको उमेरमा पुत्रलाभको सुखद अनुभूति गरी न्वारनका आधारमा देवीभक्त नामकरण गरिएको तर भानुको आशीर्वाद स्वरूप जन्मिएकाले भानुभक्तकै नामले बोलाउने गरेको सन्दर्भलाई समेत उनले उठाएका छन् ।

यस प्रसङ्गमा जीवनीकार प्रसाईलाई भानुभक्तको जन्मसम्बन्धी त्यस्ता कतिपय विषयका बारेमा देखा परेका मतमतान्तरहरू त्यति प्रिय लागेको देखिँदैन । उनले पहिलो पटक भानुभक्तका बारेमा जीवनी तयार पार्ने समालोचक व्यक्तित्व मोतीराम भट्टको प्रमाण

सन्दर्भलाई अन्यथा किसिमबाट व्याख्या गरिने प्रवृत्ति ठीक नभएको किसिमबाट अभिव्यक्ति दिएका छन् । उनलाई मोतीरामले भानुभक्तका विषयमा भतिजा रामदत्तको सहयोग लिएकाले मोतीरामको प्रमाण त्यति सजिलै खण्डित नहुनुपर्थ्यो जस्तो लागेको छ । त्यसैले, उनले १९०९ सालमा भानुभक्तले आफू चालीस वर्षको हुँदा कुमारीचोकका श्री ३ कमान्डरलाई लेखेको बिन्तीसन्दर्भको कवितांशसमेत प्रस्तुत गरी भानुभक्तको जन्म समय १८६९ भनिएको कुरा निराधार नभएको सङ्केत गरेका छन् । बरु, भानुभक्तकी नातिनी अर्थात् रामनाथकी छोरी विष्णुमायाले सुब्बा रङ्गनाथलाई लेख्न लगाएको 'भानुभक्त मणिमाला'का आधारमा भानुभक्तको जन्म १८७१ नै मान्नुपर्नेमा समेत अकाटच आधार वा तर्कहरू छन् भन्न नसकिने जिज्ञासा उठाएका छन् । भानुभक्तभन्दा ६७ वर्षपछि जन्मिएकी नातिनीका तर्क र भानुभक्त जन्मेको १२७ वर्षपछि उनी स्वयम्ले लेखेको भनिएको जन्मकुण्डलीसम्बन्धी कविताहरू नै अन्तिम प्रमाण हुन् भन्ने नि:सन्देह आधार नरहेको भन्ने उनको ठम्याइ छ । त्यस्तै सोही मान्यताअनुरूप साझा प्रकाशनको प्रकाशकीय र नेपाल सरकारको निर्णयमाथि पनि पूर्णतया विश्वासै गरिहाल्नुपर्ने अवस्था नरहेको आशय उनले औँल्याएका छन् ।

जे होस्, भानुभक्तको न्वारनको नाम देवीभक्त नै थियो र उनी १९७१ मै जन्मिएका थिए भन्ने मान्यताहरू स्थापित भइसकेको भए पनि मोतीरामचाहिँ निराधार नै थिए भन्ने कुरामा प्रसाई सहमत देखिँदैनन् । त्यसैले, उनको बढी जिज्ञासा वा टिप्पणी मोतीराम भट्टपछि उठेका मतहरूमा केन्द्रित रहेको पाइन्छ । यसबाहेक पनि प्रस्तुत परिच्छेदमा भानुभक्तले आठ वर्षको हुँदा एकै चोटि व्रतबन्ध र चन्द्रकान्तादेवी खनालसँग विवाह गरेको, अठार महिनापछि श्रीमतीको असामयिक मृत्यु भएकाले पुन: एघार वर्षको हुँदा अर्की खनाल थरकै चन्द्रकलादेवीसँग विवाह गरी तिनीबाट रमानाथ र शिवशङ्कर

नामक दुई सन्तानसमेत जन्मिए भन्नेजस्ता विषयहरूलाई प्रसाईले सरल किसिमबाट उठाएका छन् ।

प्रस्तुत कृतिको दोस्रो उपशीर्षक भानुभक्तको शिक्षादीक्षाअन्तर्गत प्रसाईले भानुभक्तले आफ्ना बाजे श्रीकृष्णबाटै १८७५ को श्रीपञ्चमीदेखि अक्षरारम्भ गरेको कुरा बताएका छन् । साथै भानुभक्तले सूर्यकवच, दुर्गाकवच, चण्डी, अमरकोश आदि पढ्ने गरेको तथा ज्योतिष विद्यासमेत सिकेको सन्दर्भ प्रस्तुत गरेका छन् । श्रीकृष्ण आचार्यको व्यक्तित्व र व्यवहारबाट प्रभावित भानुभक्त उनीसँगै काशी गएका र फर्कंदा मामाघरमा पहिलो पटक श्रीमद्भागवत सप्ताह वाचन गरी सार्वजनिक भएको कुरा पनि औँल्याएका छन् । यस क्रममा प्रसाईले प्रेमदत्त त्रिपाठी, रङ्गनाथ शर्मा, डा.जयराज आचार्य, डा.वासुदेव त्रिपाठी र डा.शर्वराज आचार्यबाट प्राप्त सूचनाहरूलाई स्वीकृतिमूलक ढङ्गबाट प्रस्तुत गरेका छन् । तर, यसै प्रसङ्गमा पण्डित नरनाथ शर्मा आचार्यद्वारा मोतीराम भट्टप्रति गरिएको टिप्पणीलाई भने सहज रूपमा स्वीकार गर्न नसकिने किसिमबाट पुन: टिप्पणी गर्दै विवेच्य सन्दर्भलाई टुङ्ग्याएका छन् ।

यस कृतिको अर्को तेस्रो उपशीर्षक भानुभक्तसँग गिरिधारीको झगडामा जीवनीकार प्रसाईले भानुभक्तमा विद्यमान अनेक व्यक्तिगत स्वभावबारे गहकिलो र तर्कपूर्ण भूमिका तयार गरेका छन् । त्यसपछि उनले क्रमश: भानुभक्त र सँधियार गिरिधारी रानाभाटका बीच आआफ्ना जग्गाको साँधसिमानालाई लिएर कहिले चुँदी खोलाका कारण त कहिले कुलो खनिएका कारण पटकपटक मुद्दामामिला गर्ने गरेको प्रसङ्गलाई प्रस्तुत गरेका छन् । यस सन्दर्भमा चाहिँ प्रसाईबाट कसैको मतमतान्तरबारे कुनै किसिमको प्रतिक्रिया जनाइएको छैन ।

त्यस्तै प्रसाईले आफ्नो कृतिको चौथो उपशीर्षक भानुभक्तको जागिर र कुमारीचोकमा थुनाअन्तर्गत केही गम्भीर तर्कहरू अगि

सार्दै भानुभक्तसम्बन्धी थप सूचनाहरू सम्प्रेषण गरेका छन् । त्यस क्रममा उनले १९०७ देखि १९०९ सम्म जागिर खाएको र पछि कुमारीचोकमा थुनिएको सन्दर्भ प्रस्तुत गरेका छन् । भानुभक्तले सरकारी जागिर पाउनुमा बुबा धनञ्जय बिरामी भई १९०७ मा काशी गएकाले उनको खरदारी पद खाली हुनु र एकै चोटि खरदारी नदिएर मेजरको पदमा राखिनुजस्ता तर्कहरूलाई प्रसाईले उठाएका छन् । त्यस्तै गिरिधारी रानाभाटको रिसइबीकै कारण जागिर जानुपर्ने हुन सक्छ भन्ने तर्कलाई पनि प्रस्तुत गरेका छन् ।

यस सन्दर्भमा भानुभक्तले जागिरै खाएका थिएनन् भन्ने आचार्यवंशी मुक्तिनाथलगायतका व्यक्तिहरूको तर्क र कतिपयको मौनताबारे प्रसाईको असन्तुष्टि देखा पर्दछ । उनले मोतीराम भट्ट, बाबुराम आचार्य, डा.दुर्गाभक्त आचार्य, वीरेन्द्रकेशरी, भाइचन्द प्रधान, प्रा.डा.शर्वराज आचार्यलगायतका व्यक्तिहरूको तर्क र प्रमाणलाई अस्वीकार गरी भानुभक्तले जागिर नै खाएका थिएनन् भन्नु निराधार रहेको तर्क अगि सारेका छन् । भानुभक्तले जागिर खाँदा स्याहास्रेस्ता नमिलेकाले थुनामा रहनुपरेको भनाइ आउनु पनि युक्तिसङ्गत देखिँदैन भन्ने उनको ठम्याइ छ । उनले त भानुभक्त आफ्नै जागिरका कारणले थुनिए अथवा गिरिधारी रानाभाटको उजुरी, क्रोसपोल या शक्तिबाट थुनिए भनी आशङ्का गर्ने ठाउँ प्रशस्तै रहेको कुरा औँल्याउँदै भानुभक्तले पाँच महिनासम्म कुमारीचोकमा निगरानीमा बस्नुपरेको कुरा उठाएका छन् । यदि बाबुको स्याहास्रेस्ता फरफारकका कारण भानुभक्त थुनामा परेका थिए भने थुनाबाट छुटेपछि त सो विषयबारे भानुभक्तले यकिन रूपमा आफ्ना कुरा पद्यमार्फत लेख्न सक्थे भन्ने बौद्धिक राय पनि भेटिन्छ भन्दै भानुभक्त थुनिनुमा चर्चा गरिएजस्तो कुनै कारण नरहेको भन्ने उनको विश्वास देखिन्छ । त्यसैले उनले भानुभक्त कुमारीचोकका निगरानीमा पर्दा उनी दिनभरि डुल्न पनि पाउँथे र सुत्न कुमारीचोकमै आउनुपर्थ्यो भन्दै कुनै कडा सजाय भोग्ने क्रममा भानुभक्त नरहेको

सङ्केत गरेका छन् । बरु, भानुभक्त निगरानीमा बस्नुलाई एउटा उपलब्धिका रूपमा लिन सकिन्छ भन्ने उनको तर्क देखिन्छ । भानुभक्तले थुनामा रहेकै बेला पहिले सुरु गरेको बालकाण्डपछिका अयोध्या, अरण्य, किष्किन्धा र सुन्दरकाण्ड तयार पारेका हुन् । अनि छुटेपछि मात्र बाँकी युद्धकाण्ड र पूरै उत्तरकाण्ड तयार पारेका हुन् । त्यसैबीच उनले छोराको व्रतबन्धका लागि पद्यमा निवेदन पनि चढाएको प्रसङ्गलाई प्रसाईले यसै उपशीर्षकमा समेटेका छन् ।

प्रसाईले यस कृतिभित्रको पाँचौँ उपशीर्षक भानुभक्तको सम्मानमा भानुभक्तको रामायणको विशेषता, भाषिक एवम् सामाजिक महत्त्व, मोतीरामको अभिरुचि र भानुभक्तलाई आदिकविका रूपमा विभूषित गर्नुपर्नाका कारणहरूबारे सरल एवम् सटीक किसिमबाट चर्चा गरेका छन् । भानुभक्तलाई आदिकवि उपाधिबाट परिचित गराउने सम्बन्धमा मोतीराम भट्टको अभियानलाई तत्कालीन प्राइमिनिस्टर जुद्धशमशेरद्वारा गरिएको अनुमोदनको प्रसङ्ग उठाएर अथवा समालोचक ठाकुर पराजुलीको आदिकवि उपाधिको सटीक एवम् सघन व्याख्यासमेत उल्लेख गरेर प्रसाईले भानुभक्त आदिकवि नै हुन् भन्ने आशय प्रस्तुत गरेका छन् । नेपाल सरकारबाट पनि भानुभक्तलाई राष्ट्रिय विभूतिका रूपमा सम्मान दिइएको अवस्थाप्रति प्रसाई सन्तुष्ट नै देखिन्छन् । त्यस्तै भानुभक्तको सम्मानमा नेपाल र भारतमा समेत विविध किसिमका कार्यक्रम र अभियानहरू हुँदै आएकोमा उनको सम्मति देखिन्छ । तर, भानु जन्मस्थल विकास समितिको गठन भए पनि अपेक्षाकृत काम हुन नसकेकोमा प्रसाईलाई चिन्ता छ । यति हुँदाहुँदै पनि भानुभक्तको द्विशतवार्षिकीलाई देशव्यापी मात्र नभएर अन्तर्राष्ट्रिय बनाउन नइ प्रकाशन र त्रिमूर्ति निकेतनको सुझाव अविस्मरणीय बनेको उनको ठहर छ । उनी भानुभक्त आचार्य द्विशतवार्षिकी समारोह समितिको सञ्जाल व्यापक हुन पुगेकोमा खुसी देखिन्छन् ।

प्रस्तुत कृतिको छैटौँ क्रममा रहेको भानुभक्तको जीवनमा घाँसी उपशीर्षकमा प्रसाईले मोतीरामद्वारा प्रस्तुत भानुभक्तको घाँसी प्रकरणलाई एक कथात्मक तथा काल्पनिक प्रयोगका रूपमा उल्लेख गरेका छन् । उनले त्यस्तो भानुभक्त र घाँसीको संवादलाई केवल मिथकीय रूपमा मात्र लिएका छन् । उनका विचारमा घाँसीबारेको प्रसङ्ग मोतीरामले नउठाएको भए पनि हुन्थ्यो । मोतीरामको यसै एउटा बेहोराको सन्दर्भले गर्दा नै भानुभक्तीय प्रसङ्गका केही दफामा मोतीरामप्रतिको विश्वासमा विष्णुमायाका पालादेखि नै कटौती आएको भन्ने प्रसाईको प्रस्ट धारणा देखा पर्दछ । उनी जे जसरी भए पनि यस प्रसङ्गलाई मोतीरामले भानुभक्त जीवनचरित्रको एक रोचक तर कमजोर प्रसङ्ग घाँसीपात्रचाहिँ हुँदै हो भन्ने कुरामा विश्वस्त देखिन्छन् । प्रसाईले यस किसिमको धारणा प्रस्तुत गर्नका लागि थप प्रमाणहरू औँल्याउँदै नेपालमा घाँस बेचिँदैनथ्यो भन्ने कुरा टुकराज, पद्मराज मिश्रले पहिलो चोटि उठाएको तथा बाबुराम आचार्यले पनि मोतीरामको घाँसीप्रसङ्गको खण्डन गरिसकेको सन्दर्भ जोडेका छन् । तर, प्रसाईलाई भानुभक्तका नातेदारहरूले समर्थन गरिरहेको कुराप्रति आश्चर्य लागेको बुझिन्छ । उनले त सम्भवतः मोतीरामले वाराणसीमा घाँस बेचेको देखेको हुनुपर्छ भन्दै भानुभक्तलाई प्रेरणा दिने पात्रको परिकल्पना स्वरूप घाँसीको मिथकीय प्रयोग भएको सङ्केत गरेका छन् । यति हुँदाहुँदै पनि प्रसाई के कुरामा स्पष्ट देखिन्छन् भने नेपाली साहित्यमा भानुभक्त र घाँसीको चर्चालाई अलग्याउन मिल्दैन ।

कृतिको सातौँ क्रमका रूपमा रहेको भानुभक्तलाई मोतीरामको खाँचो उपशीर्षकमा प्रसाईले संस्कृतमा वाल्मीकिलाई रामायण लेखेबापत आदिकवि भनिएझैँ भानुभक्तलाई पनि आदिकवि भन्न सकिएको कुरा बताएका छन् । तुलसीदासलाई स्त्रीलम्पटपछि ज्ञान भएजस्तै भानुभक्तसँग घाँसीको सन्दर्भ जोड्दै भानुभक्तलाई प्रेरणा मिलेको भन्नका लागि मोतीरामले सो सन्दर्भ उठाएका हुन् भन्ने उनको

धारणा छ । उनी भानुभक्तको जीवनीमा फूलबुट्टा भरेर पनि मोतीरामले उनलाई प्रसिद्धिको शिखरमा चढाइदिएका हुन् भन्ने ठान्दछन् । तर, उनका विचारमा मोतीरामले आठदस वर्षदेखि भानुभक्त आचार्यको जयकारमा बिताए पनि मोतीरामले भानुभक्तको अन्धभक्तझैँ कुनै कमजोरी नै औँल्याएनन् भन्नेचाहिँ छैन । त्यसैले उनले स्पष्ट रूपमै मोतीरामबाट पनि भानुभक्तका मानवीय कमजोरीलाई लुकाइएको छैन भनेका छन् ।

हो, प्रसाईले भानुभक्तको फोटाका सम्बन्धमा अलि गम्भीर तर्क अगि सार्दै मोतीरामद्वारा प्रस्तुत भानुभक्तको फोटालाई अन्तिम सत्य मान्न सकेका छैनन् । उनले तत्कालीन परिवेशमा नेपालमा फोटो खिच्ने र त्यसलाई लामो अवधिसम्म राख्न सकिने प्रविधिको विकास नभएको तर्क अगि सारेका छन् । यद्यपि मोतीरामले रामदत्त आचार्यबाट मुहारको विषयमा सोधेर काल्पनिक फोटो तयार गरेको प्रसङ्गलाई पं.नरनाथ शर्मा आचार्यले समेत सक्कली मानेको अथवा परवर्ती विद्वान्हरूले पनि त्यसैलाई निरन्तरता दिँदै आएको कुरामा प्रसाई विमति नै राख्दछन् । उनले मोतीरामद्वारा प्रस्तुत भानुभक्तको फोटाका सम्बन्धमा अर्को एउटा तर्क के प्रस्तुत गरेका छन् भने बाहुन जातिले जनै लगाएझैँ गरेर देब्रे काँधबाट दाहिने हाततिर साफा (पगरी) झार्ने चलन थियो तर भानुको फोटामा त्यो साफा (पगरी) दायाँ काँधबाट बायाँतिर झारिएको छ । भानुभक्तले काँधे या साफा लगाएको शैली हिन्दू शास्त्रीय परम्परासँग मेल खाँदैन । यसरी प्रसाईले प्रस्तुत सन्दर्भमा भानुभक्तको परम्परित फोटाप्रति विमति मात्र राखेका छैनन् अपितु कृतिको आवरणमा भानुभक्तको फरक तस्बिर पनि संलग्न गरेका छन् ।

यस कृतिको आठौँ उपक्रममा भानुभक्तको कान्तिपुर प्रवेश शीर्षकलाई स्थान दिइएको छ । यसमा प्रसाईले भानुभक्त आचार्य १९०६ सालमा पहिलो पटक गिरिधारीको मुद्दा खेप्न काठमाडौँ

आएका र पाल्पाली धर्मदत्त ज्ञवालीको लगनखेलस्थित डेरामा बसेको कुरालाई उल्लेख गरेका छन् । साथै, भानुभक्तले तनहुँबाट कान्तिपुर प्रवेश गर्न पाँचमाने भन्ज्याङको मार्गलाई प्रयोग गरेको तथा कान्तिपुर पुगेपछि बालाजुबाट प्रभावित भई कविताहरू लेखेको लगायतका विषयहरूलाई पनि समेटेका छन् । तर, यसै प्रसङ्गमा उनले मोतीरामबाट पनि भानुभक्तका बाबुलाई लालमोहरबाट प्राप्त काठमाडौँको घरका विषयमा उल्लेख गर्न छुटेको कुरा स्मरण गरेका छन् ।

प्रस्तुत कृतिको नवौँ उपक्रमअन्तर्गत भानुभक्तको देहावसान उपशीर्षकमा भानुभक्त आचार्यलाई कालज्वरले मरणासन्न तुल्याएको, उनलाई मर्स्याङ्दी नदीको सतीघाटमा लगिएको र १९२५ असोज ६ मा उनको स्वर्गवास भएको सन्दर्भ उल्लेख गरिएको छ । साथसाथै, भानुभक्तको जीवन अवधिलाई लिएर मोतीराम भट्टले छपन्न वर्ष मानेको तथा रङ्गनाथ र विष्णुमाया आदिले चवन्न वर्ष मात्र मानेको जस्ता दुवै मतलाई समेत उल्लेख गरिएको छ । यसबाट प्रसाईलाई अझै पनि मोतीरामको भानुभक्त जीवन अवधिसम्बन्धी सूचना बिर्सन नमिल्ने भन्ने रहेको देखिन्छ । अथवा, प्रसाईका विचारमा मोतीरामद्वारा प्रस्तुत भानुभक्तको जीवनकाललाई त्यति सजिलै निराधार नै मान्नुपर्छ भन्ने नरहेको बुझिन्छ ।

भानुभक्तका कृति उपशीर्षकको दसौँ उपक्रममा प्रसाईले रामायणको महत्त्व, लेखनको अवधि र प्रकाशनलगायतका विषयहरू निर्विवादित रूपमा रहेको किसिमबाट प्रस्तुत गरेका छन् । त्यसै क्रममा 'रामायण'को भाषिक एवम् साहित्यिक योगदानका विषयमा पनि सटीक रूपमा चर्चा गरेका छन् । त्यस्तै भानुभक्तका अन्य प्रकाशित कृतिहरूअन्तर्गत 'प्रश्नोत्तर', 'भक्तमाला', 'वधूशिक्षा' र 'रामगीता' आदिको पनि उनले यथाक्रममै चर्चा गरेका छन् । तर, 'वधूशिक्षा'को चर्चाका क्रममा भने 'वेश्या' शब्द परिवर्तन गरी 'वैश्या,

वैश्यै'जस्ता शब्दहरू राखिएकोमा भानु जन्मस्थल विकास समितिका तर्फबाट प्रकाशित एवम् व्रतराज आचार्यबाट सम्पादित 'वधूशिक्षा' (२०५८) प्रति प्रसाईले पूर्णतया असहमति जनाएका छन् । त्यस्तै भानु प्रतिष्ठानबाट २०७१ मा प्रकाशित 'वधूशिक्षा'मा पनि 'वैश्या' शब्दको प्रयोग गर्नु भ्रमपूर्ण भएको भन्ने उनको मनसाय बुझिन्छ । बरु, प्रसाईले त्यसरी शब्द परिवर्तन गरिनुभन्दा तत्कालीन नेपाली समाजको पुरुषप्रधान मानसिकतालाई बुझ्न आह्वान गरेका छन् । उनले भानुभक्त आचार्यबाट तत्कालीन पुरुषप्रधान समाजको अभिव्यक्ति स्वरूप यस्तो उल्लेख गरिएकामा अन्यथा पार्नुपर्ने आवश्यकता नै नरहेको धारणा अगि सारेका छन् । यदि भानुभक्त स्वयम् नारीप्रति त्यति असहिष्णु हुन्थे भने किन कान्तिपुरका चपलाहरूको मनोरम वर्णन गर्थे होला भन्ने जिज्ञासालाई समेत उनले उठाएका छन् । प्रसाईका विचारमा 'वधूशिक्षा' तत्कालीन नेपाली समाजमा पुरुषप्रधान सोच र नैतिक उपदेशमा आधारित रचना हो । १९१९ सालमा रचित यस 'वधूशिक्षा'मा 'वेश्या' शब्दको प्रयोगबारे मोतीराम भट्ट, विष्णुमाया आचार्य, नरनाथ आचार्य, शिवराज आचार्य, मुक्तिनाथ आचार्य, बाबुराम आचार्य, हृदयचन्द्रसिंह प्रधान, राजनारायण प्रधान र नेपाल सरकारको राष्ट्रिय अभिलेखालय आदिबाट समेत यथावत् रूपमा स्वीकार गरिएको पृष्ठभूमिमा एक्कासि द्व्यार्थकको सम्भावना भएको शब्द परिवर्तन गरिनुलाई प्रसाईले गलत परम्पराका रूपमा लिएका छन् ।

कृतिको एघारौँ उपशीर्षकअन्तर्गत 'भानुभक्तको जन्मकुण्डली'लाई राखिएको छ । तर, प्रसाईका विचारमा यही नै आदिकवि भानुभक्त आचार्यको जन्मकुण्डली हो भन्ने अकाट्य आधार नरहेको भन्ने पाइन्छ । केवल भानुभक्त आचार्यकै श्लोक हुन् भनेर तिनका आधारमा तयार पारिएको जन्मकुण्डलीलाई नै आफूहरूले मान्नुपर्ने बाध्यात्मक अवस्था रहेको उनको बुझाइ छ । तर पनि, जन्मकुण्डली र श्लोकप्रति उनको पूर्ण अस्वीकृतिचाहिँ देखिँदैन ।

त्यस्तै 'भानुभक्त आचार्यको वंशावली' उपशीर्षकपछि अनुष्ठानिक सूचीअन्तर्गत भानुभक्त आचार्यको हस्तलिपि, भानुभक्त आचार्यको प्रथम प्रकाशित तस्बिर, मोतीराम भट्टको तस्बिर, भानुभक्तका छोरा पं.रामनाथ आचार्यको तस्बिर र भानुभक्तकी नातिनी विष्णुमायाको तस्बिरलाई महत्त्वका साथ संलग्न गर्दै कृतिलाई टुङ्ग्याइएको छ ।

**३. निष्कर्ष**

नरेन्द्रराज प्रसाईले आदिकवि भानुभक्त आचार्यको जीवनवृत्तलाई सङ्क्षेपमा गहकिला तर्क र प्रमाणहरूका आधारमा खण्डनमण्डनपूर्वक प्रस्तुत गरेका छन् । उनले भानुभक्त आचार्यको जन्मदेखि मृत्युसम्मका महत्त्वपूर्ण परिघटना र कृतिगत योगदानका विषयहरूलाई प्रमुख रूपमा उठाएका छन् । ससाना बाह्र ओटा उपशीर्षकभित्र आदिकवि भानुभक्त आचार्यको समग्र जीवनी, व्यक्तित्व र कृतित्वका पाटाहरूलाई आवश्यकताअनुसार कतै अलि बढी तर्क र प्रमाणका आधारमा त कतै सूत्रात्मक रूपमा केलाउने प्रयास गरेका छन् । यस क्रममा उनको जीवनीपरक समालोचकीय प्रतिभाले तटस्थ रूपमा प्रस्फुटन हुने मौका पाएको छ । आदिकवि भानुभक्त आचार्यलाई नेपाली साहित्य जगत्मा स्थापना गराउने मोतीराम भट्टका प्रयासहरू हरेक दृष्टिकोणबाट उल्लेखनीय र अविस्मरणीय मान्नुपर्छ भन्ने उनको आन्तरिक मान्यताले समग्र जीवनीलाई प्रभाव पारेको छ । त्यस्तै भानुभक्त आचार्यलाई कसैले पनि वंशानुक्रम वा अन्य कुनै किसिमको सीमित घेराभित्र राख्नु नहुने भन्ने उनको अपेक्षा रहेको छ । कतिपय सन्दर्भमा समालोचकहरूबाट भानुभक्तलाई अलि बढी नै सङ्कुचित रूपमा मूल्याङ्कन गरिएको प्रति उनको चिन्ता छ । उनले राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय स्तरसम्म ख्यातिप्राप्त नेपालका राष्ट्रिय विभूतिलाई कसैबाट पनि भ्रमपूर्ण किसिमले उपस्थित गराइनु हुँदैन भन्ने आशयलाई प्रस्तुत गर्न नै विभिन्न समालोचकहरूका मान्यता वा प्रमाणहरूको आवश्यकताअनुसार कतै खण्डन र कतै मण्डन गरेका छन् । अफ्र

त्यसमा पनि उनले मुख्यतया भानुभक्तको जन्मकाल, भानुभक्तको कुमारीचोकको बसाइ, वधूशिक्षाको सन्दर्भ र भानुभक्तको तस्बिरका बारेमा यदाकदा देखा परिरहने मतमतान्तरहरूलाई अबउप्रान्त यसै कृतिअन्तर्गत उल्लेख गरिएबमोजिम नै समाधानको अपेक्षा राखेका छन् । यसरी प्रस्तुत कृतिमार्फत नरेन्द्रराज प्रसाईको जीवनीपरक समालोचकीय व्यक्तित्व अझ विशिष्ट प्रकृतिको बन्दै गएको तथा नेपाली राष्ट्रिय विभूति भानुभक्त आचार्यको राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय ख्यातिसँगै देखा परेका शङ्का-उपशङ्काहरू स्वत: समाप्त हुँदै जाने वातावरण सिर्जना भएको मान्न सकिन्छ ।

**सन्दर्भग्रन्थसूची**


१. आचार्य, भानुभक्त (२०७०) 'भानुभक्तको रामायण', सा.सं. ललितपुर : साझा प्रकाशन ।

२. आचार्य, शर्मा नरनाथ (२०१७), 'आदिकवि कविसम्राट् भानुभक्त आचार्यको सच्चा जीवनचरित्र', तनहुँ-चुँदी : लेखक स्वयम् ।

३. कौण्डिन्न्यायन आचार्य, शिवराज (सम्पा., २०६७), 'भानुभक्तकृत भाषारामायण', काठमाडौँ : रत्न पुस्तक भण्डार ।

४. ढकाल, सुमन (२०४५), 'कवि भानुभक्त र उनका केही साहित्यिक पक्ष', सिक्किम : आँकुरा प्रकाशन ।

५. त्रिपाठी, वासुदेव (२०२७), 'सिंहावलोकन', ललितपुर : साझा प्रकाशन ।

६. प्रधान, हृदयचन्द्रसिंह (२०६०), 'भानुभक्त एक समीक्षा', दो.सं., ललितपुर : साझा प्रकाशन ।

७. प्रसाई, नरेन्द्रराज (२०७१), 'भानुभक्त आचार्यको जीवनवृत्त', काठमाडौँ : नइ प्रकाशन ।

८. भट्ट, मोतीराम (१९८४), 'कवि भानुभक्तको जीवनचरित्र', दो.सं., दार्जिलिङ : नेपाली साहित्य सम्मेलन ।

९. शर्मा, बालचन्द्र (सम्पा., २०५८), 'भानुभक्त र उनको युग', 'साझा समालोचना', कृष्णचन्द्रसिंह प्रधान, पाँ.सं., ललितपुर : साझा प्रकाशन ।



**प्रा.डा.वासुदेव त्रिपाठी**

**जन्म** : १९९९ चैत १३ (तनहुँ); **शिक्षा** : एमए, पिएचडी; **कृति** : २५ पुस्तक (समालोचना, निबन्ध, कविता, सम्पादन); **पुरस्कार** : भानुभक्त प्रज्ञा पुरस्कार, भानुभक्त पुरस्कार, आदिकवि भानुभक्त पुरस्कार, भानुभक्त स्वर्णपदक, सुप्रसिद्ध गोरखादक्षिणबाहु, महेन्द्रविद्याभूषण (प्रथम), रत्नश्री स्वर्णपदक, वीरेन्द्र ऐश्वर्य पदक, भूपालमानसिंह कार्की पुरस्कार, ऊषट पुरस्कार, मदन पुरस्कार, गुणराज स्मारक पुरस्कार, उदयानन्द पुरस्कार, महाकवि देवकोटा पुरस्कार; **पूर्व उपकुलपति** : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान; **पूर्व डीन** : मानविकी तथा सामाजिक शास्त्र अध्ययन सङ्काय (त्रिभुवन विश्वविद्यालय); **नेपाली केन्द्रीय विभागका पूर्वप्रमुख तथा प्राध्यापक** : त्रिभुवन विश्वविद्यालय ।

# अद्यावधिक मानक भानुजीवनी

मैले यतिखेर नरेन्द्रराज प्रसाईको 'भानुभक्त आचार्यको जीवनवृत्त' नामक कृतिको पठन गरेँ र यहाँ म नरेन्द्रराज प्रसाईको यही कृतिका बारेमा म मेरा समीक्षात्मक अभिमत प्रस्तुत गर्नेछु । वास्तवमा कुनै पनि जीवनीसिर्जनाको समीक्षण स्थापित जीवनीगत साक्ष्यको अनुपालनका कसीमा जीवनीलेखकद्वारा गरिएका उक्त तथ्यको अनुपालनको पर्याप्तता र त्यस जीवनीकृतिमा देखाइएका सिर्जनात्मक प्रातिभ कौशलको दोहोरो जाँचका आधारमा नै हुन सक्छ ।

यहाँ म मन्तव्य लेख्न लाग्दै छु– भानु द्विशताब्दीसन्दर्भमा नेपाल सरकार (संस्कृति, पर्यटन र नागरिक उड्डयन

मन्त्रालय)सँगका सम्झौता र आर्थिक सौजन्यमा नइ प्रकाशनद्वारा प्रकाशित हुन लागेको र नेपाली साहित्य जगत्का विशिष्ट जीवनीकारका रूपमा सुपरिचित नरेन्द्रराज प्रसाईद्वारा लेखिएको 'भानुभक्त आचार्यको जीवनवृत्त' शीर्षकको जीवनीकृतिका सम्बन्धमा । यसले मलाई एक प्रकारको परितोषकै अनुभव भयो । यहाँ एउटा उल्लेखनीय विशेष संयोग पनि परेको छ र त्यो हो– 'कवि भानुभक्तको जीवनचरित्र' (प्रकाशन: वि.सं. १९४८) का लेखक तथा कविवर भानुभक्त आचार्यका प्रथम जीवनीकार मोतीराम भट्ट (वि.सं. १९२३-५३) रहेकामा यतिखेर नेपाली साहित्यका गीत, निबन्ध, जीवनी आदि अनेक विधाका स्रष्टा र नेपाली साहित्यका विशेष संवर्द्धक मोतीराम भट्ट जस्तै किसिमले नेपाली भाषा र साहित्यको श्रीवृद्धि र संवर्द्धनका विभिन्न क्रियाकलापमा खास गरी विगत दुई-तीन दशकका बीच आफ्ना ढङ्गले अत्यधिक सक्रिय रही संस्थागत र व्यक्तिगत दुवै हैसियतमा अत्यन्त व्यापक परिमाणमा योगदान दिई समयुगीन मोतीरामका नामले समेत चिनिएका नरेन्द्रराज प्रसाईबाट यो भानुभक्तीय जीवनीग्रन्थ प्रकाशित हुनु ।

वि.सं. १९२५ मा भानुभक्त आचार्यको देहावसान भयो भने 'मोतीराम भट्टको जीवनी' भन्ने ग्रन्थ (प्रका. वि.सं. १९९५) लेख्ने नरदेव शर्माका अनुसार १९३७ सालतिरदेखि नै लोकमुखारविन्दबाट नै एक बिहेबटुलोको अवसरमा भानुभक्तका रमाइला श्लोक वाचन गरेको सुनी भानुभक्तीय कृतिका खोजतर्फ मोतीराम प्रवृत्त भएको र कोशिस गर्दा बल्लतल्ल 'भानुरामायण'को 'बालकाण्ड'को लेखोट भेटी १९३८ सालदेखि नै उनी त्यसका प्रकाशनमा संलग्न भई त्यो १९४१ सालमा प्रकाशित भयो । यसै मेसोबाट अगाडि बढी वि.सं. १९४८ सालसम्ममा मोतीरामले एकातर्फ भानुभक्तका सबै कृति प्रकाशित गर्ने सङ्कल्प पूरा गरे भने यसै वर्ष उनको 'कवि भानुभक्तको जीवनचरित्र' पनि प्रकाशित भयो अनि त्यहाँदेखि हालसम्मका सवा

एक सय वर्षका बीच भानुभक्तका जीवनी, कृति र कवित्वबारे जे जति चर्चा भएका छन् ती मोतीरामकै उक्त जीवनीग्रन्थका सूचना र स्थापनासँग सम्बन्धित रहेका अनि भानुकविताका आडमा मोतीरामका भानुकृति र कृतित्वबारेका समीक्षात्मक मान्यता आदिसँग सम्बद्ध रहेका भेटिन्छन् र तीमध्ये कतिमा मोतीरामले दिएका भानुभक्तीय जानकारी र प्रस्तुत गरेका स्थापनाको आंशिक प्रतिवादसमेत गरिएको पाइन्छ ।

हो, भानुभक्तका जीवनीबारेका मोतीराम र उनका परवर्तीहरूका खोज र मननका पूर्वोक्त अनेकौँ स्थापना र विविधखाले कतिपय तीव्र मतमतान्तरका सघन वीथी छिचल्दै प्रतिष्ठित नेपाली भाषासेवी-साहित्यसेवी जीवनीकार नरेन्द्रराज प्रसाईबाट प्रस्तुत 'भानुभक्त आचार्यको जीवनवृत्त' (२०७१) का प्रणयनमा आँटपूर्वक र परिश्रमपूर्वक स्वस्फूर्त आफ्ना सृजनशील सरसता र प्राञ्जल शैलीसौष्ठवसहित सक्दो साधना गर्न कम्मर कसी प्रस्तुत रूपमा यो कृति तयार गरेको मैले पाएँ ।

नेपाली भाषाका कविता र (विशेषत:) गीतका साथै निबन्ध, प्रबन्ध, नियात्रा, संस्मरण, जीवनी, अन्तर्वार्ता आदि आख्यानेतर गद्यविधामा पनि विगतका चार दशकका बीच विशेष साधनाशील रहँदै आएका र समीक्षकीय प्रतिभालेसमेत उत्प्रेरित वरिष्ठ साहित्यकार नरेन्द्रराज प्रसाई (वि.सं. २०१२, ताप्लेजुङ) ले हालसम्म स्वलिखित, सम्पादित र संयुक्त रूपमा लिखित- सम्पादितसमेत गरी ६८ ग्रन्थका साथै सात वटा श्रव्यकृति सार्वजनिक गरिसकेका छन् ।

कुनै पनि लेखकको आफ्नो मूलधन भनेको आफ्नै भावमण्डल (र विचारपरिमण्डल) का साथै आफ्नै शैलीगत मौलिक छविको अन्तर्विकास हुँदै रहनु हो । साहित्यकार नरेन्द्रराज प्रसाईका समष्टि-वैशिष्ट्यमध्ये दृढ देशभक्तिपूर्ण राष्ट्रवादी विचारधाराका साथै रोचक र खिरिलो भाषाशैलीगत र उक्तिगत प्राञ्जलता पनि उनका लेखकीय

मूलधनका अंशका रूपमा रहने गर्दछन् भन्ने म ठान्दछु । उनको सार्वजनिक साहित्ययात्रा कवितामार्फत २०२८ सालतिर उनका जैविक वय:सन्धिकै वेला प्रस्फुटित भई पुस्तकलेखनका क्षेत्रमा २०४० सालतिर देखि सार्वजनिक रूपमा देखा पर्दै खास गरी गीत, निबन्ध र जीवनीविधामा उनी विशेष प्रतिष्ठित रहेको पाइन्छ ।

नरेन्द्रराज प्रसाई जैविक उमेरका दृष्टिले अहिले २०७१ सालमा लगभग पाको उनन्साठी वर्षे उमेरका हुन खोज्दै छन् भने विभिन्न विधागत फुटकर कृतिका लेखन (र प्रकाशन) का प्रारम्भिक चरण २०४० सालतिर पार गर्दै २०४१ सालको 'अठतीस अनौठा अनुहार' नामको र २०४२ सालको 'केही चर्चित अनुहार' नाउँको जीवनीसङ्ग्रहदेखि प्रस्तुत 'भानुभक्त आचार्यको जीवनवृत्त' (२०७१) तथा निकट भविष्यमै प्रकाशित हुन लागेको 'शताब्दी पुरुष : सत्यमोहन जोशी'सम्म आइपुग्दा उनको समुच्चा जीवनीकारिताले तीन दशकको यात्रा पार गरिसक्नेछ र यसबीच अन्य विधाका र भाषान्तरका (अङ्ग्रेजीमा अनूदित ३ ग्रन्थसमेत) उनका विविध प्राज्ञिक फाँट र साहित्यिक विधाका ६८ ग्रन्थ तथा ७ वटा श्रव्य सीडी र क्यासेटसमेत सार्वजनिक भइसकेका छन् । यसो त उनले 'कुटुम्ब', 'उपकार', 'भानुमोती' र 'प्रज्ञापत्र'जस्ता विविध बान्कीका पत्रिकाहरूको पनि सम्पादन गरेका हुन् । उपर्युक्तमध्ये उनका केही ग्रन्थ सम्पादित र अन्तर्वार्तापरक पनि (क्रमश: २३ र २ सङ्ख्यामा) छन् भने ती सम्पादित कृतिमध्ये १९ वटा जति इन्दिरा प्रसाईसमेतका संयुक्तसम्पादनमा प्रकाशित भएका हुन् । उपर्युक्त विस्तृत परिमाणका ग्रन्थ र श्रव्यकृतिको उपस्थितिले स्वयं नरेन्द्रराज प्रसाईको सृजन, सम्पादन र प्रकाशनको मूलस्वरूप बहुमुखी साधनाशीलताले निर्मित हुन पुगेकोतर्फ र त्यसमा अन्तर्निहित अतिपरिश्रमशील र लगनधूनपूर्ण लामो खटाइको निरन्तरता र तीव्रताका साथै परिश्रमगत प्राचुर्यतर्फ पनि इङ्गित गर्दछ– सरदर

प्रतिवर्ष २:३७ जति किताब वा कृति; बत्तीस वर्षमा छयत्तर ग्रन्थ र श्रव्य कृति ।

•••

नरेन्द्रराज प्रसाईको उपर्युक्त बहुमुखी साहित्यकारिताको एक विशेष पहिचान जीवनीकारिता पनि हो र उनी एक अग्रणी जीवनीकारका रूपमा चिनिइसकेका छन् । उनले नेपाली साहित्यकार तथा गीतसङ्गीतकारका साथै नेपाली समालोचक, समीक्षक, भाषासेवी, समाजसेवी र बहुल प्रकृतिका देशसेवक पाँच सयभन्दा बढी विशिष्ट साधकसाधिकाहरूको ससाना परिचयात्मक जीवनवृत्तका एक दर्जनजति कृतिसङ्ग्रहहरूका साथै थप एक दर्जन जति विशिष्ट नरनारी व्यक्तित्वको व्यक्तिविशेषमै केन्द्रित विस्तृत मर्मस्पर्शी जीवनीग्रन्थ पनि सार्वजनिक गरिसकेका छन् । उनका पारिजात, वाङ्देल, दौलतविक्रम विष्ट, कोइलीदेवी, कीर्तिबाबू, महाकवि देवकोटा, रोहित, वानीरा गिरी आदिका बारेका एकसाथ खोजीपूर्ण र रोचक लगभग एक दर्जन उत्कृष्ट जीवनीग्रन्थकै सरणीमा प्रस्तुत ‘भानुभक्त आचार्यको जीवनवृत्त’ नामक ग्रन्थ (२०७१) उनको एक अर्को अभिनव रोचक जीवनीग्रन्थका रूपमा सार्वजनिक हुन लागेको छ ।

लगभग तीन दशकको अन्तर्गतिमय साधनाशीलताकै क्रममा यतिखेर नरेन्द्रको २०४१ सालदेखि थालिएको तीस वर्षे जीवनीकारितायात्रा प्रस्तुत ‘भानुभक्तको जीवनवृत्त’ (२०७१) का समालोचनात्मक र सृजनात्मक उच्च संयम र अभिव्यक्ति सामर्थ्यको विशेष अपेक्षा गर्ने पर्याप्त चुनौतीपूर्ण यात्राबिन्दुसम्म आइपुगेको छ भने अब त्यसकै बारेमा चर्चा गरौँ ।

अब ‘भानुभक्त आचार्यको जीवनवृत्त’ शीर्षकित नामकरण भएको प्रस्तुत भानुभक्तीय जीवनवृत्त ग्रन्थका परिच्छेदयोजनातर्फ दृष्टि दिँदै भानुजीवनीकार नरेन्द्रराज प्रसाईको यस ग्रन्थका प्रमुख परिच्छेदका अन्तर्वस्तु र समुच्चा प्रस्तुतिका वैशिष्ट्यबारे विवेचनात्मक

र समीक्षात्मक चर्चा गरौँ । यस सन्दर्भको चर्चा प्रस्तुत ग्रन्थका सुरुतिरै रहेको 'लेखकीय' को पठन र चर्चा गर्दै सुरु गरौँ–

जीवनीकार नरेन्द्रराज प्रसाईको प्रस्तुत 'भानुभक्त आचार्यको जीवनवृत्त' नामक जीवनीग्रन्थका मूलपाठअन्तर्गत जम्मा बाह्र अध्याय या परिच्छेद छन् र त्यसपछि यहाँ परिशिष्ट रूपमा अनुष्ठानिक सूची भनी छ वटा विशेष सामग्री समेटिएका छन् । यहाँ भानुभक्तीय एक पत्रको लिखतको छायाचित्र र भानुविशेषसामग्री (भानु, मोतीराम, रमानाथ र विष्णुमायाका जम्मा पाँच तस्बिरका प्रतिकृति) यहाँ उक्त अनुष्ठानिक सूचीअन्तर्गत भनी राखिएका छन् । त्यसपछि यहाँ सन्दर्भस्रोतको लेखकीय वर्णानुक्रमी कृतिविवृति दिइएको छ । उसो त यस ग्रन्थको बाह्रौँ अध्याय या परिच्छेदको भानुभक्तको वंशावली पनि मूलपाठको परिपूरक सामग्री नै रहेको छ । यसरी यहाँ यस ग्रन्थका प्राग्भाग वा प्राक्कथनभागपछिका मूलपाठमा भानुभक्तीय जीवनीगत क्रमिक विषयसन्दर्भ यस प्रकारले रहेका छन् भनौँ– 'भानुभक्तको जन्मसन्दर्भ', 'भानुभक्तको शिक्षादीक्षा', 'भानुभक्तको गिरिधारीसँगको झगडा', 'भानुभक्तका जागिर र कुमारी चोकमा थुना', 'भानुभक्तको सम्मान', 'भानुभक्तका जीवनमा घाँसी', 'भानुभक्तलाई मोतीरामको खाँचो', 'भानुभक्तको कान्तिपुर प्रवेश', 'भानुभक्तको देहावसान', 'भानुभक्तको जन्मकुण्डली', 'भानुभक्तका कृति' र 'भानुभक्तको वंशावली' ।

उपर्युक्त मूल पाठगत बाह्र परिच्छेदतर्फ क्रमश: दृष्टि दिने क्रममा यस ग्रन्थको प्रवेशद्वारस्वरूप 'लेखकीय'कै यहाँ चर्चा गर्नु आवश्यक देखियो ।

नरेन्द्रराज प्रसाईको 'भानुभक्त आचार्यको जीवनवृत्त' नाउँ भएको ग्रन्थ नइ प्रकाशनको प्रकाशकीय र विषयसूचीपछि जीवनीग्रन्थकार नरेन्द्रकै 'लेखकीय' बाट सुरु भएको छ । कविशिरोमणि लेखनाथ पौड्यालबाट 'भानुभक्त स्मारकग्रन्थ' (वि.सं. १९९७) का निम्ति

रचिई त्यसमा मूल ग्रन्थका पाठका सुरु पानामा श्री ३ जुद्धशम्शेरको सन्देशभन्दा पहिले (द्वि.सं. २०२६, पृ. १ का मध्यभागमा) 'श्रद्धाञ्जलि' शीर्षकको प्रकाशित एकश्लोके ऐतिहासिक महत्त्वयुक्त कविताको उद्धरण गरी यहाँ यो 'लेखकीय' सुरु भएको छ ।

त्यसपछि यस लेखकीयमा विशेषत: २००३ सालदेखिको वार्षिक भानुजयन्तीको परम्परा थालिएकोबारे चर्चा गरिएको छ । यस भानुजयन्तीका सन्दर्भबारेमा चाहिँ अरू सान्दर्भिक जानकारीसहित चर्चा गरौँ । यहाँ भानुभक्तको जन्म भएको मिति र भानुभक्तको जन्मजयन्ती मनाउन लागिएको बारेमा नै प्रथमत: छानबिन अपेक्षित हुन आयो । जगत् छेत्री (दार्जिलिङ) बाट मैले सन् १९९७।१।४ मा पाएको लिखित जानकारी तथा शिव रेग्मी (भानुजयन्तीका परम्परा, रचना, पूर्णाङ्क ३१, २०७१ असार साउन, पृ.१०६-१०८) अनुसार भारतका दार्जिलिङतिरबाट वैशाख २९ गते भानुजयन्ती मनाउने कार्य प्रथमत: प्रचलित र त्यसपछि स्थापित भयो भनिन्छ । यसरी भानुजयन्ती मनाउने क्रममा सन् १९४६ र १९४७ सालका दुई वर्षका बीचमा भानुभक्तीय खास जन्ममितिलाई विक्रमाब्द र सौरमानको सन्दर्भमा अँगालिएको छ र त्यो हो वि.सं. १८७१ वैशाख २९ गते । भानुजयन्तीका सन्दर्भमा भानुभक्तकी नातिनी विष्णुमायाद्वारा प्रकाशित 'भानुभक्त मणिमाला' ग्रन्थ (वि.सं. १९९८; परिचय, पृ. १४-१६, कवि परिचय: पृ. १२) का सन्दर्भमा रङ्गनाथ शर्मा (र विष्णुमाया) बाट जानकारी प्राप्त हुन आएको अनि त्यहाँ भानुभक्तले प्राप्त गरेका ज्योतिषशिक्षाका खास प्रसङ्गको उपकथासहित दिइएको भानुभक्तको जन्मकुण्डली र उनै भानुभक्तले आफ्ना जन्मकुण्डलीबारे आफै रचेको भनिएको अढाई श्लोकको कविताका आधारमा यो असार २९ का भानुजयन्तीको दिन तोकियो । तर विभिन्न ठाउँमा प्रयुक्त सौरमानका र चान्द्रमानमा आधारित भानुभक्तका जन्मका तिथिमितिमध्ये सौरमान वि.सं. १८७१ वैशाख २९ लाई भानुजन्ममितिको आधाररेखा मानी र

त्यसअनुरूप ग्रेगरी (इस्वी) संवत्‌को महिना तारेख पारी भारतका दार्जिलिङमा प्रथमत: त्यहाँका नेपाली भाषा र साहित्यका प्रेमी अगुवा संस्था र व्यक्तिले यो वार्षिकरूपमा भानुजयन्ती मनाउने परम्परा सुरु गरेको र चालू राखेको अनि प्रसार तथा प्रवर्द्धन गर्दै रहेको पाइन्छ । यसमा अरू संस्थासमेत संलग्न रहे पनि 'नेपाली साहित्य सम्मेलन' दार्जिलिङ र यसका अग्रणीत्रय– सूधपा (सूर्यविक्रम ज्ञवाली, धरणीधर कोइराला र पारसमणि प्रधान) को विशेष उत्प्रेरणा रह्‌यो । नेपालतर्फ पनि सौरमानअनुसार नै वैशाख २९ गते वार्षिक भानुजयन्ती मनाउन थालिएको हो । कतिऔँ वार्षिक भानु जन्मजयन्ती भनी उल्लेख गर्दा भने कुनै असार २९ गते भारततर्फ भानुभक्तको जन्मदेखिको जति वर्षको अवधि पुग्ने हो सोअनुसार र नेपालतर्फ भने उक्त दिनमा भानुभक्त जन्मेको जतिऔँ वर्ष सुरु हुने हो सोअनुसार यतिऔँ जन्मजयन्ती भनी प्राय: गणना गर्ने गरेको पाइन्छ; त्यसैले यस गणनामा पनि प्राय: एक वर्षको फरक हुने गर्दछ ।

मोतीराम भट्टले 'कवि भानुभक्तको जीवनचरित्र' १९४८ सालमा प्रकाशित गर्दा दिएको भानुभक्तको जन्मवर्ष वि.सं. १८६९ बारे केही उल्लेख नगरी रङ्गनाथ शर्मा (समेत) ले भानुभक्तको जन्मवर्ष भनी १८७१ सालका खासखास सौरचान्द्र महिना, गते, तिथि र बारसहित भानुजन्मको तिथिमिति उल्लेख गरेकोमा २००३ सालमा 'पुराना कवि र कविता' प्रकाशित गर्दा नेपालका इतिहासकार बाबुराम आचार्यले रङ्गनाथसमेतले दिएका वर्ष महिना (१९७१ असार) मात्र उल्लेख गरेर उक्त गते र पक्षतिथिका साथै बारका बारेमा अव्यक्त असहमति जनाएको हो कि जस्तो देखिन्छ । पछि भारतको दार्जिलिङमा त्यतिखेर कार्यरत, नेपालका इतिहासकार सूर्यविक्रमलगायत, नेपाली साहित्य सम्मेलन (र सर्वहितकारी समाज आदि) संस्था तथा तिनका अगुवाहरूले पनि १८७१ असार २९ लाई भानुजयन्तीको वर्षाधार मानेपछि यता नेपालतर्फ पनि यही वर्षाधार नै प्राय: संस्थागत र

शैक्षिक-प्राज्ञिक स्तरमा ज्यादा चल्यो र विशेष सोधखोजका क्रममा र खास विद्वद्वर्गमा भने नेपाल भारत दुवैतिर मोतीराम भट्टले उल्लेख गरेको भानुभक्तीय जन्मवर्ष (वि.सं.१८६९) को उल्लेख गरी छलफल गर्ने र ठोस निर्क्योल हुन सके बेस हुन्थ्यो भन्ने प्रवृत्ति तथा भाव रहँदै रह्यो ।

नेपालमा, भारतमा र विश्वकै व्यापक नेपाली जगत्मा भानुभक्तको द्विशतवार्षिकीको कार्यक्रम पनि वि.सं. १८७१ लाई वर्षाधार मानी मनाइयो र नेपाल सरकार पनि संस्थागत रूपमा यसमा सम्मिलित भयो । यो विराट् आयोजन समष्टिगत परिप्रेक्ष्यमा २०० औँ वर्षको सुरुवात र समापनका दुई वर्षबीच स्वदेश तथा विदेशका नाना संस्थाहरूका आयोजनामा र सहभागितामा विविध ढङ्गले सम्पन्न भयो । यसका निम्ति खास गरी नेपालमा (र अन्यत्र पनि) द्विशतवार्षिकीको २-३ वर्ष अगि नै कार्यक्रमको परिकल्पना गर्दै कार्यक्रमिक स्वरूप र रूपरेखा तथा साधन, स्रोत र सहभागिता आदिबारे पनि सोच्न, छलफल गर्न, पूर्वतयारी गर्न र स्रोतपरिचालनको प्रयास गर्न थाले पनि यस विशेष सन्दर्भमा नेपाली शिक्षा परिषद्, भानु प्रतिष्ठान, त्रिमूर्ति निकेतन, नइ प्रकाशन आदि अग्रणी नेपाली साहित्यिक संस्थाहरूका पूर्वतयारीबारे र तिनले नेपाली विद्वत्समाज र नेपाल सरकारसम्म पुग्न गरेका प्रयासक्रमबारेसमेत धेरथोर म पनि परिचित छु । यस क्रममा नेपाली भाषासाहित्यका जल्दाबल्दा कर्मठ सेवी र समयुगीन नव मोतीराम भन्न मिल्ने नरेन्द्रराज प्रसाईका नइ प्रकाशनमार्फतको संस्थागत संलग्नतालाई पनि लिनुपर्ने हुन्छ । नेपाल सरकार (संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय) अन्तर्गत उक्त मन्त्रालयका सचिवको अध्यक्षतामा गठित आदिकवि भानुभक्त आचार्य द्विशतवार्षिकी समारोह समिति (२०७१) को परिकल्पना र प्रबन्धनका क्रममा कार्यकारी सल्लाहकारकार रूपमा रही प्रस्तुत 'भानुभक्त आचार्यको जीवनवृत्त' का लेखक नरेन्द्रराज

प्रसाई खुबै खटेको मलाई थाहा छ; म पनि त्यस समारोह समितिका कार्यक्रमका कार्यान्वयनका उक्त अनेक सल्लाहकारहरूमध्ये एक सल्लाहकार रहेको हुँ । यस क्रममा, उक्त समितिको उक्त द्विशतवार्षिकी समारोहका कार्यक्रमलाई कार्यान्वयन स्तरमा सम्पन्न तुल्याउने क्रममा नरेन्द्रका संस्थागत र वैयक्तिक आफ्ना अनुभव र धारणा तथा स्वमूल्याङ्कन पनि प्रस्तुत जीवनवृत्त ग्रन्थका लेखक नरेन्द्रका 'लेखकीय' अन्तर्गत आउनु स्वाभाविकै हो भन्ने म ठान्दछु । उक्त समिति बृहत् स्तरमा गठन भएको थियो र मन्त्रालयका निकट सम्पर्कमा रही निर्धारित कार्यक्रम सम्पन्न गराउन औधी खट्नु नेपाली भाषासाहित्यका सेवी र प्रवर्द्धक नरेन्द्रको आफ्नो विशेष व्यक्तित्व, स्वभाव र प्रवृत्ति तथा रुचि र कर्मठताको पनि सूचक हुँदै हो । साथै उक्त समितिका कार्यक्रमहरू तय हुँदा निकै अंशमा नरेन्द्रका र नइ प्रकाशनका परिकल्पना र प्रस्ताव परेका थिए । नइ तथा नरेन्द्रराज प्रसाईसँग त्रिमूर्ति निकेतनको सञ्चालन (वि.सं. २०५२ देखि झन्डै दुई दशकको) लगायत 'महाकवि देवकोटा शताब्दी' (२०५६-६६), 'अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन' (२०६६), 'विश्व नारी नेपाली साहित्य सम्मेलन' (२०७१) आदिका बृहत्तर राष्ट्रिय-अन्तर्राष्ट्रिय आयोजनाका सन्दर्भमा सम्पर्कित नेपाली भाषासाहित्यसेवीको विस्तृत संस्थागत सञ्जालको पर्याधारको पनि सहयोग लिइएको बुझिन्छ । यसैले पनि पूर्वोक्त भानुभक्तीय द्विशतवार्षिकी समारोह समितिमा नरेन्द्र सल्लाहकार (कार्यकारी)का रूपमा मन्त्रालय स्तरबाटै सञ्चालित हुने आयोजनामा विशेष सक्रिय रहे । नेपाल सरकारतर्फबाट भानु प्रतिष्ठान र नेपाली शिक्षा परिषद्लगायतका अनेक संस्था तथा कार्यक्रमहरूलाई पनि सहयोग भयो; उक्त समितिका भानुद्विशतवार्षिकीका निर्धारित कार्यक्रममा कार्यान्वयनमा आयोजक मातहत मन्त्रालय स्वयम् पनि सक्रिय रह्यो र तिनमा कार्यकारी सल्लाहकारको पनि विशेष भूमिका रहनु स्वाभाविकै हो ।

नइ अर्थात् नरेन्द्रराज प्रसाईको परिकल्पना र सक्रिय प्रबन्धनसमेतको विशेष सहयोग लिई बृहत् स्तरमा नेपाल सरकार (संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय) ले भानुभक्त द्विशतवार्षिकी समारोहको मूल परिचालन गरेको थियो । नेपाल राष्ट्रका १४ अञ्चल र विश्वका २५ राष्ट्रमासमेत सम्बन्धित समारोह समितिको गठन गरेर मनाइएको यस भानु द्विशतवार्षिकीका कार्यक्रम नेपाली साहित्यका सन्दर्भमा अहिलेसम्मको सबैभन्दा ठूलो संस्थागत सञ्जाल परिचालित भएको कार्यक्रम देखिन्छ । यस अघि नइको संयोजन र अग्रसरतामा त्रिमूर्ति निकेतनबाट भएको 'विश्व नारी नेपाली साहित्य सम्मेलन'मा ७१ जिल्ला र २० राष्ट्रका नारीले भाग लिएका थिए भन्ने पनि यहाँ उल्लेखनीय छ । जे होस्, आदिकवि भानुभक्त आचार्यका जन्मका द्विशतवार्षिक समारोहमा प्रत्यक्ष रूपमा नेपाल सरकार सक्रिय हुनु र अरू संस्थालाई पनि संस्थागत सहयोग गर्नु भने विशेष महत्त्वपूर्ण सन्दर्भ हुँदै हो । प्रस्तुत 'भानुभक्तीय जीवनवृत्त' ग्रन्थका 'लेखकीय' मा नरेन्द्रले आफ्नो ढङ्गले यी आफ्ना क्रियाशीलताको मूल्याङ्कन गरेको यहाँ मैले पाएँ ।

•

प्रस्तुत नरेन्द्रीय भानुजीवनी ग्रन्थको भानुरचित आत्मपरिचयात्मक एक पद्योद्गारको उद्धरण गरी सुरु भएको पहिलो परिच्छेद भानुभक्तीय जन्मसन्दर्भसँग जोडिएको छ भने यहाँ जीवनीकारद्वारा सम्बन्धित कतिपय ऐतिहासिक विवादहरूसमेतका बीचबाट (पृष्ठगत सरल पादटिप्पणी र ग्रन्थगत उद्धरण आदिबाट जटिल कुरालाई समेटेर) भानुका जन्मस्थल र जन्मवर्ष तथा जन्ममितिका बारेमा सरल प्रवाहमय प्राञ्जल शैलीमा प्रथमतः चर्चा गरेको पाइन्छ; अनि त्यसपछि जीवनचरित्रनायक भानुका अक्षरारम्भ, व्रतबन्ध, बिहे र छोराछोरीबारेसमेत पनि उल्लेख गरिएको छ । यहाँ नरेन्द्रले मोतीरामका भनाइ र परवर्ती मतान्तर र थप सूचनाको समेत सक्दो समन्वयात्मक उपयोग गरेको पाइन्छ भने उनका अन्तर्मुद्रामा भने

मोतीरामका भन्दा पृथक् र भिन्न मतान्तरका जानकारीप्रति अन्तर्भावगत र शैलीगत रूपमा अलिकति प्रश्नमुद्रा पनि अङ्कित हुन पुगेको छ । यहाँ नरेन्द्रको प्रस्तुति थोरै शोधोन्मुख र ज्यादा प्राञ्जल अभिव्यक्तिमय रहेको छ ।

यहाँ, प्रस्तुत पहिलो परिच्छेदमा, प्रथम भानुजीवनीकार मोतीराम भट्टभन्दा सत्तरी वर्षपछिका तर आफूलाई अनुवंशीय अनुश्रुतिबाट प्रभावित रहेका ठान्ने अनि मोतीरामका सरस र रोचक गद्यलेखन (आंशिक पद्यलेखन)भन्दा भिन्न खरो गद्यलेखनद्वारा भानुजीवनीका लेखनयात्रामा निकै मात्रामा मोतीरामका श्रद्धालु तर पर्याप्त खण्डनकर्ता अनुपूरकसमेत रहेका नरनाथ आचार्यलाई पृष्ठगत टिप्पणीमार्फत उद्धृत गर्ने र ससम्मान उनीसँग कतिपय कुरामा असहमत नै रहिरहने प्रवृत्तिगत मुद्रामा पनि वर्तमानका भानुजीवनीकार नरेन्द्र रहेका छन् ।

त्यस्तै मोतीरामकृत भानुजीवनी (१९४८) भन्दा आधा शताब्दीपछि (१९९८) मा विष्णुमायाका 'भानुभक्त मणिमाला' को एक आमुखस्वरूप परिचय लेखी भानुभक्तका जन्मवर्षबारे मोतीरामभन्दा पृथक् जानकारी दिने र कतिपय विषयमा (भानुभक्तको खास न्वारानको लग्न नक्षत्रअनुसारको नाउँ, पास्नी, व्रतबन्ध आदि) नयाँ र थप सूचना दिने रङ्गनाथ शर्माका भनाइलाई पनि प्रस्तुत जीवनीकार नरेन्द्रले पृष्ठगत पादटिप्पणी दिई उद्धृत गरेका छन् र धनञ्जय आचार्यको ज्योतिषमा अभ्यास नभएका भए खरदार नहुने, बरु ज्योतिष शिक्षक थिएनन् भनी दह्रै बुँदा पनि पक्रेका छन् । त्यस्तै यहाँ भानुजीवनीकार नरेन्द्रले भानुभक्तभन्दा ६७ वर्षपछि जन्मेकी उनकी नातिनी विष्णुमायाप्रति भानुभक्त जन्मेको १२७ वर्षपछि जन्मकुण्डली प्रस्तुत गरेकोमा 'जादु' को विम्ब प्रयोग गरी सूक्ष्म असहमतिभाव व्यक्त गरेको पनि पाइन्छ । सामान्यत: लेखक वा जीवनीकारका रूपमा पनि आफू असहमत रहेका व्यक्ति विषय तथा कामकुराबारेमा असहमति प्राय: तीव्ररूपमा व्यक्त गर्ने नरेन्द्र

प्रस्तुत भानुजीवनका सन्दर्भमा असहमति व्यक्त गर्दा प्राय: अलि नरम नै रहेको भेटिन्छ । तर उनले आफू सहमत-असहमत जे भए पनि भानुभक्तबारेका सबै थरी सूचनाको सक्दो उपयोग भने गर्न खोजेका छन् ।

नरेन्द्रकृत प्रस्तुत भानुजीवनीग्रन्थका दोस्रा परिच्छेदमा भानुभक्तको शिक्षादीक्षा आदिबारे उनका बाजे श्रीकृष्ण र बाबु धनञ्जयका भूमिकासम्बन्धी र अरू सामान्य तथा विशेष जानकारीसहित चर्चा गरिएको छ । यहाँ भानुभक्त आचार्यबाटै शिक्षाका बारेमा विभिन्न स्रोतबाट केही फरकसमेत जानकारी प्राप्त हुन आएका छन् जसअनुसार बाजे श्रीकृष्णबाटै भानुले मूल शिक्षा पाए भन्ने मोतीराम आदिको भनाइ, बाबु धनञ्जयबाटै भानुले ज्यादाजसो शिक्षा पाए र ज्योतिषशिक्षा चाहिँ गुरुबाट पाए भन्ने रङ्गनाथ शर्माको भनाइ र बाबुबाट कानुनी लेखापढीको शिक्षा धनञ्जयले पाए भन्ने शर्वराजको कथन अनि मामाघरमा श्राद्ध गराउन जानेको छैन भन्नुपर्दा अपमानित अनुभव गरी भानुभक्त कास्कीतिर पढ्न गएको आदि भन्ने शर्वराजसमेतद्वारा उल्लिखित लोक अनुश्रुति र भानुले बाजेबज्यैसँग काशीमा बसी अरू शिक्षा पाए भन्ने नरनाथ आदिको मत मिलाई भानुभक्तको शिक्षाबारे निर्क्योल गर्नुपर्ने अवस्था भने छँदै छ । यहाँ विद्वद्वर्गीय अध्ययन र शोधको तार्किक शुष्कता र जटिलताबाट सक्दो बच्दै र सान्दर्भिक उद्धरण भने छानेर दिँदै मीठो र मर्मस्पर्शी ढङ्गले भावप्रवाहमय शैलीमा सरल शब्दयोजना, वाक्ययोजना र उक्तियोजनासहित विषयलाई पस्कँदै तथा पर्याप्त अनुप्रासीय र परिमित बिम्बालङ्कृतिको उपयोग गर्दै जीवनी लेख्ने आफ्नो मुख्य तरिकातर्फ नै उनी यहाँ विशेष प्रवृत्त र अनुरक्त पनि छन् ।

छोटाछोटा र परस्पर अन्तर्ग्रथित अनुच्छेदप्रवाहका बनोटबाट अनुच्छेदयोजना गरी अगि बढ्दै यहाँ पनि नरेन्द्रले कतिपय जानकारी

र मतान्तरलाई लामैसमेत पृष्ठ-पृष्ठान्तरका पादटिप्पणीमार्फत दिएका छन् । यहाँ एक कुशल व्यङ्ग्यगर्भित र परिहासपुट भएका निबन्धशिल्पीका कलमलाई जीवनीपरक मतान्तरका समीक्षाका क्रममा पनि परिहास र स्मृतिका अन्तर्मुद्राका साथ पनि उनले उपयोग गरेको भेटिन्छ । यस क्रममा कसैप्रति कुनै सन्दर्भमा असहमति र आलोचनाभाव व्यक्त गर्दा पनि उसका अरू गुणगरिमा र प्रदानका पाटाको उन्मुक्त प्रशंसासमेत नरेन्द्रले गरेको पाइन्छ । विशेष गरी भानुभक्तका प्रथम जीवनीकार मोतीराम भट्टपछि उल्लेख्य अनुपूरक जीवनीकार भन्न सकिने नरनाथ आचार्यप्रति नरेन्द्रको यही मिश्रित श्रद्धाभाव यहाँ व्यक्त छ । नरेन्द्रमा सन्तुलनतर्फ चासो छ तर आफ्ना धारणाप्रतिको अविचल निष्ठाभाव पनि छ; वस्तुत: मैले जानेका नरेन्द्र यही मध्यमुद्रामा नै छन् अनि भानुभक्तीय प्रथम जीवनीकार मोतीरामजस्तै उनै मोतीरामका गुणदर्शन-प्रधान परम्पराबाट नरेन्द्र विशेष प्रभावित जीवनीकार त हुँदै हुन् ।

नरेन्द्रकृत प्रस्तुत भानुजीवनवृत्तको तेस्रो परिच्छेद भानुभक्त र गिरिधारीका बीचको झगडासँग सम्बन्धित रहेको छ । भानुभक्तीय जीवनका यस प्रसिद्ध प्रसङ्गको चर्चा गर्दा जीवनीकार नरेन्द्रले भानुभक्तका चरित्रका कतिपय समविषम पक्षतर्फ पनि इङ्गित गरेका छन् र भानुभक्तप्रति केही आलोचनाभाव पनि देखाएका छन् । नरेन्द्रराजले उक्त झगडाको वर्णन गर्दा मोतीरामकृत भानुजीवनी र सम्बन्धित भानुभक्तीय कविता पनि उद्धृत गरेका छन् अनि कतिपय आफ्ना अनुकल्पना पनि मिसेका छन् । यहाँ अलगअलग समयका बगर र साँधसिमानाका तथा कुलोका मुद्दाका बारेमा र तिनमा भानुभक्तले प्राप्त गरेका विजयका बारेमा पनि उनले उल्लेख गरेका छन् । प्रस्तुत भानुभक्तीय जीवनवृत्तमा गिरिधारी भाटका भानुप्रसङ्गलाई एक अलग परिच्छेदको रूप दिई नरेन्द्रले जीवनीगत परिच्छेदको अन्तर्योजना गरेको बेस हो तापनि अझ बढी रोचक अन्तर्नाटकीयता

दिई मनोभावगत चित्रण पनि गर्दै जीवनीलेखन गर्ने सम्भाव्य क्षमताको अधिकतम उपयोग भने किन हो यहाँ उनले गरेनन् । यस प्रकरणमा जीवनीकार नरेन्द्रका प्रतिभाले अरू थप मर्मस्पर्शी बान्की पनि देखाउन सक्थ्यो तापनि यो जीवनी परिच्छेद रोचक नै छ । यहाँ जीवनीकार नरेन्द्रराज प्रसाईले भानुभक्तले जागिर खाएको प्रसङ्गलाई पनि केही छोए तापनि यसबारेमै केन्द्रित भई विशेष चर्चा चाहिँ आगामी चौथो परिच्छेदमा गरेको पाइन्छ ।

नरेन्द्रकृत प्रस्तुत 'भानुभक्तीय जीवनवृत्त' सम्बन्धी ग्रन्थको चौथो परिच्छेद शीर्षक अनुसार भानुभक्तको सरकारी जागिर र त्यसको स्याहास्रेस्ता फरफारकको प्रसङ्ग अनि कुमारीचोकका निगरानी र थुनाका चर्चासँग पनि जोडिएको छ । यहाँ ग्रन्थकार नरेन्द्र प्रथम भानुजीवनीकार मोतीराम भट्ट (१९४८) ले बताएबमोजिम र विष्णुमाया वा रङ्गनाथ शर्मा (१९९८) को पनि असहमति नदेखिएबमोजिम अनि निकै मात्रामा परवर्ती बाबुराम आचार्य (२००३) का भनाइप्रति सापेक्षत: विशेष सहमत रही भानुभक्तले १९०७ सालमा जागिर खाएको अनि १९०९ सालमा खोसिई स्याहास्रेस्ता फरफारकका क्रममा केही महिना कुमारीचोकका निगरानी र थुनामा रही पछि फारकपत्र र पूरा सफाइ पाएको पक्षमा नै उभिएका छन् । यहाँ नरेन्द्र पं. नरनाथ आचार्य (२०१७-१८, २०३६) आदिका भानुभक्तले आफै सरकारी जागिर नखाई बहालमै बाबु धनञ्जय आचार्य बितेपछि एक मात्र (जीवित) छोराका नाताले बाबुको लामो जागिरकालको स्याहास्रेस्ता फरफारक गर्न कुमारीचोकका सामान्य निगरानीमा रहेको आदि अभिमतसँग भने लगभग असहमत रहेको भेटिन्छ र यहाँ नरेन्द्रले कतिपय अरू विशेष तर्क र अनुकल्पना पनि संयोजित गरेको भेटिन्छ ।

प्रस्तुत नरेन्द्रकृत 'भानुभक्तीय जीवनवृत्त' ग्रन्थको पाँचौँ परिच्छेद भानुभक्तको सम्मानप्रसङ्गसँग जोडिएको छ । वास्तवमा

भानुजीवनीकारका रूपमा नरेन्द्रले आफ्ना परिमित सामग्री अध्ययन र प्रस्फुटित समीक्षाचेतलाई दृष्टिगत गरेर नै त्यस परिधिमा रही आफ्नो ३ दशक जति लामो जीवनीसिर्जनाको यात्राको अनुभव र प्रातिभ सृजनकौशलको तादात्म्य यहाँ मुख्यत: दिन खोजेका छन् । यस भानुजीवनी कृतिमा उनले अध्यवसायी शोधकर्ता र सघन समीक्षकको दायित्व काँधमा बोकेरभन्दा नेपाली साहित्यका एक स्थापित साहित्यकार (एवम् जीवनीलेखक) र नेपाली साहित्यका विशेष उत्साही प्रवर्द्धकका आफ्ना अन्तर्व्यक्तित्वलाई अलि बढी अग्रसर तुल्याई आफ्नो क्षमता देखाएका छन् । भानुभक्तले पाएका प्रमुख सम्मानको वर्णन र चर्चा सरसरती यहाँ नरेन्द्रले गरेका छन् । वास्तवमा आदिकवि भानुभक्त नेपाल सरकारलगायत व्यापक राष्ट्रिय-अन्तर्राष्ट्रिय नेपाली जगत्ले नेपाली साहित्यकारको जन्मको द्विशताब्दी उत्सव कार्यक्रम पहिलो पल्ट (सामान्यत: दुई वर्ष जति नै) नाना स्तर र ढङ्गमा विशिष्टतर आयोजना गरी मनाइएका आदि नेपाली साहित्यस्रष्टा हुँदै हुन् । यहाँ नरेन्द्रले विशेषत: मोतीराम भट्टले १९४३-४४ सालतिर खोजप्रवृत्त हुँदै १९४८ सालमा जीवनचरित्र प्रकाशित गरी भानुभक्तलाई अर्पण गरेको र (कम्तीमा) त्यसको चार दशक जति समय बितिसकेपछि दीननाथ सापकोटा (१९८९) प्रभृतिले विमति जनाए पनि बृहत् नेपाली साहित्यजगत्ले प्राय: सकारेको आदिकवि पदको समर्थन नै गरेका छन् ।

भानुभक्त आचार्य वास्तवमा ऐतिहासिक सन्दर्भमा आदिकविको राष्ट्रिय सम्मानप्राप्त यशस्वी कवि हुन् । सरकारी तवरमा नेपालका श्री ३ (प्रधानमन्त्री) जुद्धशमशेरले पनि 'नेपाली साहित्य सम्मेलन' दार्जिलिङका आयोजनामा (र अझ १९९७ सालमा भानुभक्तको स्वर्गारोहण भएको ७० वर्ष पुगेका उपलक्ष्यमा) बाबुराम आचार्यद्वारा सच्याउन खोजिएको भानुको देहावसानको वर्ष वि.सं. १९२६ अनुसार उनको अपार्थिव स्मृतिक्रमको सत्तरी वर्ष पुगेको सन्दर्भमा) प्रकाशित

भएको 'भानुभक्त स्मारक ग्रन्थ' (पूर्ववत्, पृ. १) का सन्देशमार्फत मान्यता दिए जस्ता परिप्रेक्ष्यमा सरकारी तवरमा आदिकवि मानिएकै हुन् भन्ने आशय यहाँ भेटिन्छ ।

श्री ३ जुद्धशमशेरको तोकबोली लेखेजस्तो उक्त सन्देशमा विविध हेतु देखाई "भानुभक्त आचार्य नेपाली भाषाका आदिकवि हुन् भने पनि हुन्छ" भनिएको छ । यहाँ यही नै गाँठी कुरो हो आदिकवि सो भन्ने चाहनेहरूले भने हुन्छ (अनि सो आदिकवि भन्ने मन नपराउनेले चाहिँ नभने पनि हुन्छ र भन्नैपर्छ भन्ने कर छैन) भन्ने पनि हो कि ? १९४८ सालदेखि १९८९ र १९९७ हुँदै अहिलेसम्मका सन्दर्भमा पनि सायद भानुभक्तलाई आदिकवि भन्ने र नभन्ने दोहोरै प्राज्ञिक स्वातन्त्र्य छ (अनि दिवङ्गत भानुभक्तलाई यी र अरू पनि उपाधिको के नै खाँचो !) तर अधिकतर नेपाली साहित्यविद्ले उनलाई आदिकवि नै मान्दै आएको पाइन्छ । नेपाली जनमनले उनलाई आदिकविका रूपमा दिलले चिनिसकेको छ ।

यहाँ नरेन्द्रले बाबुराम आचार्यदेखि वासुदेव त्रिपाठी र उत्तरवर्तिहरू समालोचकहरूको पनि अभिमतको स्तर भानुभक्तका आदिकवित्वका पक्षमा विशेषत: ठाकुरप्रसाद पराजुलीको भनाइको लामो सर्वसार उद्धरण पनि प्रस्तुत गरी आफ्ना ढङ्गले तर्क र जिरह गरेको पाइन्छ । साथै यहाँ यस परिच्छेदमा नरेन्द्रले भानुभक्तप्रतिका अरू कतिपय महत्त्वपूर्ण सम्मान तथा तत्कालीन नेपाल सरकारबाट विकास समिति ऐनअन्तर्गत गठित तनहुँको चुँदीरम्घामा भानुजन्स्थल विकास समिति गठन गरिएको सन्दर्भ र त्यस संस्थासँग सम्बन्धित कतिपय कामकुरामा पनि आफ्नो अवलोकन प्रस्तुत गरेको पाइन्छ ।

मैले पनि तत्कालीन नेपाल सरकारका पूर्वसचिव तथा तत्कालीन निर्वाचन आयोगका एक आयुक्त तथा कवि एवम् विद्वान् (पछि 'अध्यात्म रामायण' र 'भानुभक्तीय रामायण'का 'बालकाण्ड'का विशद तुलनात्मक अध्ययनसमेत प्रस्तुत गर्ने तुलनात्मक समीक्षक) रामचन्द्र

पौडेल (थप कवि उपनाम रम्घाली पनि रहेका लेखक) का अध्यक्षतामा गठित भानुजन्मस्थल विकास समितिको सदस्य रही केही वर्ष त्यस समितिमा आफूले सकेको आफ्नो प्राज्ञिक परामर्श दिएको हुँ र खासगरी त्यस समितिका आयोजनामा निर्मित 'आदिकवि भानुभक्त' चलचित्रको प्राक्कल्पना र कार्ययोजना तथा भानुजीवनी र कृतित्व तथा भानुजीवनकालको नेपाली र स्थानीय समसमयको समाज-संस्कृतिको परिवृत्त, भानुसम्मान आदि बारेका उक्त चलचित्रसम्बन्धी निर्माण समिति र अन्वेषण समितिमासमेत रही काम गरेको हुँ। त्यतिखेर खास गरी अन्वेषण समितिले भानुजीवनी र कृति-कृतित्व आदिबारे धेरै छलफल गरी विद्वान् र स्रष्टाहरूका पूर्वस्थापना अनि बालकृष्ण समको 'भक्त भानुभक्त' नाटकका प्रस्तुतिको पनि समीक्षा गरी एक प्रकारको निकट रूपको संयोजनकारी परिमाप वा परिमिति तयार गरेको र प्राय: तदनुरूप यादव खरेल (सो आदिकवि भानुभक्त चलचित्रका निर्देशक) ले मसँग पनि प्राज्ञिक र सृजनात्मक विमर्श गरी पटकथा लेखेको र त्यसको परिमार्जनमा पनि सो अन्वेषण समिति क्रियाशील नै रहेको हो । त्यस चलचित्रको नाटकीकृत पटकथा (वि.स. २०५६; कतिपय परिशिष्टसहित) भानुजन्मस्थल विकास समिति तनहुँ चुँदीरम्घाद्वारा प्रकाशित भएको पनि छ । परिशिष्ट-५ मा तत्कालीन भानुजन्मस्थल विकास समिति, आदिकवि भानुभक्त चलचित्र निर्माण समिति र अन्वेषण समितिको नाम तथा विवृति (पृ. २७१) पनि दिइएको छ । तर उक्त चलचित्रको र उक्त चलचित्रका पटकथाको दृश्यावली, संवाद आदिको अन्तर्योजना मूलत: कलात्मक र सिर्जनात्मक आधारतलमा भई त्यहाँ अन्तर्निहित रूपमा प्राज्ञिक चेत रहेकाले भानुअध्ययनको एक अर्धप्राज्ञिक परिमितिसम्म चाहिँ यो हुँदै हो । साथै यो प्राज्ञिकताउन्मुख चलचित्र (भानुको प्रथम चलचित्र) पनि राष्ट्र र तत्कालीन नेपाल सरकार (र यसका शिक्षा मन्त्रालयलगायत अरू अङ्ग), नेपाली जनता तथा सुधीसमाजले त्यसताक (भानु

स्वर्गारोहणको १३० वर्ष पुगेका बखत) आदिकवि भानुभक्तका सम्मानमा चढाएको उत्कृष्ट प्राज्ञिक कलात्मक श्रद्धोपहार हुँदै हो ।

•

नेपालका हुलाक टिकटका परम्परामा राजपरिवारबाहेक अरू नेपालीहरूमध्ये सर्वप्रथम भानुभक्त आचार्यको हुलाक टिकट (५ पैसे खैरो रङको हुलाक टिकट) नेपाल सरकारद्वारा २०१९ साल असार २९ गते निकालिएको जानकारी यसका विज्ञ र कुनै बखत हुलाक विभागका महानिर्देशकसमेत रहेका जीतबहादुर मानन्धरका 'हुलाकमा कविहरू भन्ने लेख (हुलाक पत्रिका, वर्ष ४ पूर्णाङ्क १३, २०२३)बाट पाइन्छ ।

वास्तवमा बृहत् नेपाली जगत् (नेपाल, भारत र विश्वका अन्य देशमा फैलिएको नेपाली समाज)ले वि.सं. १९४१-२०७१ का बीचका १३० वर्ष जतिमा नेपाली आदिकवि, राष्ट्रिय विभूति र नेपाली जातीय कवि भानुभक्तका सम्मानमा क्रमश: विविध भूगोल र संस्था, समूह र स्रष्टाजगत् तथा विद्वज्जगत्का तर्फबाट देशविदेशका विभिन्न स्थानमा भानुका प्रतिमा र सालिकको स्थापना, भानुकै नाममा त्यहाँका विविध ठाउँ (गाउँ, नगर, वडा, चोक, मार्ग आदि) को श्रद्धापूर्ण नामकरण र आदिकवि भानुभक्तका नामका विभिन्न ठूलासाना सम्मान, पुरस्कार, छात्रवृत्ति, विद्वद्वृत्तिको स्थापना र सम्मेलन तथा शोधकार्य र उपाधि, ग्रन्थ र पत्रिकाविशेषका विशेषाङ्कको प्रकाशन र लेखरचना तथा शोधअनुसन्धानमा आधारित कृति र ग्रन्थका प्रकाशन आदिको माध्यमबाट व्यक्त गरेको सम्मानशृङ्खलाको विवृतिको सारसंक्षेप एक सानोठूलो पुस्तकमा प्रस्तुत गर्न सकिएला तर नरेन्द्रका भानुजीवनवृत्तपरक यस कृतिमा भने सम्मानको त्यो सेरोफेरो प्रस्तुत गर्नु अति व्यापक कार्य नै ठहर्न जान्छ । केही थप सामग्री सङ्कलन र अध्ययन गरी यस्तो बृहत् कार्य र बृहत्काय ग्रन्थको प्रकाशन अपेक्षित छँदै छ भने सिर्जनात्मक जीवनीकृतिगत एक सानो परिच्छेदमा

तिनको इङ्गितीकरण मात्र सम्भव थियो र त्यही गणेशीय परिक्रमापथमा नरेन्द्रद्वारा यहाँ प्रस्तुत पाँचौँ परिच्छेदमा कार्य भएको पाइन्छ ।

नरेन्द्रकृत प्रस्तुत ग्रन्थको छैटौँ परिच्छेदमा भानुभक्तको 'भर्जन्म घाँस' भनी सुरु हुने कविता र त्यसको टेको लिई मोतीराम भट्टले भानुभक्तबारेका जीवनचरित्र ग्रन्थमा तनहुँ-चुँदीरम्घालगायतको स्थानीय परिवेशसँग उति परिचयविना खडा गरेको घाँसी पात्र र भानुभक्तीय कविताप्रेरणाको प्रसङ्गबारे चर्चा गरेको पाइन्छ । यहाँ नरेन्द्रको दृष्टिकोण मोतीरामभन्दा बाबुराम आचार्य (२००३) प्रभृतिसँग बढी मिल्दछ र नरनाथ आचार्य (२०१७-१८, २०३६) प्रभृतिका घाँसीका स्थानीयकरणका प्रयासप्रति पनि उनी सचेत छन् । श्लोकका उच्चार्य र गेय विभिन्न छन्दका सङ्गीतिप्रवाहलाई नेपाली भाषा (तत्कालीन गोर्खा वा गोरखा भाषा) का अव्याकृत रहेको लोकव्याकरणअनुरूप र छन्दका लघुगुरुका अपेक्षाका सन्दर्भमा अजन्तहलन्त तथा ह्रस्वदीर्घ उच्चार्य स्वरका ह्रस्व, दीर्घ वा हलन्त पनि छन्दगत वाचन हुन सक्ने सृजनतत्त्व राम्ररी नबुझी लेख्य रूपमा र त्यो पनि लोकका वाचनगायन र श्रुतिका शृङ्खलाबाट सुनी लेख्य अङ्कन गर्दाका अप्ठ्यारामा मोतीरामले 'म' लाई 'मो', 'घाँसे' लाई 'घाँसी' आदि गर्दाका कठिनाइ पनि यहाँ छन् । सार कुरा यहाँ यत्ति हो- यी कविता भानुभक्तका हुन् । 'भर्जन्म घाँसतिर मन्' भनी प्रथम श्लोक थालिने यस फुटकर कविताका यी पङ्क्तिका छन्दयोजनाका र पदवाक्य तथा उक्तिगत र छन्दगत चरणका योजनाका र भावयोजनाको सौन्दर्यपूर्ण एवम् परिपक्व सामर्थ्य तथा प्रचुर अनुप्रासीय, अन्त्यानुप्रासीय (अन्त्य, उपादि-मध्य र अन्त्य जस्ता) शृङ्खलालगायतका उच्चतर श्रुतिमाधुर्ययुक्तता भानुभक्तकै सिर्जन हुन् ।

मोतीरामको घाँसी पात्र र सम्बन्धित कथा सम्बन्धित भानुकविताको मूलमर्मअनुरूप खास ठाउँमा नपरेका अनुकल्पनाका

रूपमा नै मुख्यत: यहाँ चर्चित छ । यहाँ नरेन्द्रका तर्क र जिरह पनि आफ्नै ढङ्गले ठाउँमै छन् र ठीकै छन् । साथै तनहुँ र लमजुङ-कास्कीतिरका भैँसी पाल्नेहरूले जङ्गलमा घाँस काट्न जाँदाआउँदा पानी खाने खोबिल्डा र घाँसीकुवा रहेको यथार्थबारे अब जानकारी आउन थालेको छ ।

प्रस्तुत नरेन्द्रकृत भानुजीवनवृत्तसम्बन्धी कृतिको 'भानुभक्तलाई मोतीरामको खाँचो' शीर्षक रहेको सातौँ परिच्छेदमा भानुभक्तका कृतिको खोज, प्रकाशन र जीवनीग्रन्थप्रकाशन अनि भानुभक्तको महिमाको प्रवर्द्धनलगायतका विभिन्न सन्दर्भमा देखिएको मोतीरामको सक्रियता र देनको प्राय: दिल खोलेर नै नरेन्द्रले चर्चा गरेका छन् ।

प्रस्तुत ग्रन्थकै आठौँ परिच्छेद भानुभक्तको कान्तिपुरप्रवेशका सन्दर्भसँग र भानुभक्तका बालाजुदर्शन तथा कान्तिपुरका दर्शन-अवलोकनका क्रममा रचिएका भनिएका सरस र रोचक कविताका मिठासको आस्वादन गर्नगराउन प्रवृत्त रहेको छ । त्यस्तै प्रस्तुत ग्रन्थको नवौँ परिच्छेद, शीर्षकबमोजिम नै, भानुभक्तको देहावसानका बारेमा नै विशेष केन्द्रित छ र भानुभक्तका सिकिस्त अवस्थाका स्वेच्छित र स्वजनले डोलीमा बोकी पुऱ्याइएको मर्स्याङ्दी नदीका (बायाँ किनारको) को सतीघाट गाईथुनेका अर्धजलाशय-ग्रहणका र प्राणत्यागका वर्णनमा विशेष मर्मस्पर्शी छ ।

नरेन्द्रकृत प्रस्तुत भानुभक्तीय जीवनवृत्तपरक ग्रन्थको दशौँ अध्यायमा खोजकर्ता र समीक्षकका गहिराइबाटभन्दा एक जीवनीपरक साहित्यस्रष्टाका ज्ञानको सरसरती किसिमको र कहीँ सुसूचित मसिनो ज्ञान पनि भएको मिश्रित कोणबाट भानुभक्तीय ठूलासाना कृतिप्रति प्राय: श्रद्धामूलक र कतिपय सूचनासन्दर्भपरक भानुभक्तीय अवलोकन उनले प्रस्तुत गरेका छन् । यहाँ उनले विशेषत: भानुभक्तको 'गजाधर सोतीकी घरबुढि' भनी सुरु हुने श्लोकका कविताप्रति ऐतिहासिक र वर्तमानयुगीन अनि नारीपरक कोणबाट पनि हेरेका छन् र यहाँ उनले

देखाएको सन्तुलिततायुक्त प्रस्तुति चाखलाग्दो छ । साथै यहाँ उनले भानुभक्तको 'वधूशिक्षा' लघुकाव्य कृतिको बारे चर्चाको क्रममा भानुभक्तीय 'वधूशिक्षा'का मोतीराम भट्ट, विष्णुमाया, बाबुराम आचार्य, नरनाथ आचार्य आदिले छपाएका 'वधूशिक्षा'का परम्परागत पाठमा 'हाँस्नू छैन कदापि नारिहरूले' भनी सुरु हुने श्लोकका पूवार्द्धका प्रथम र द्वितीय चरण वा पहिलो र दोस्रो पङ्तिमा परेका 'वेश्या' शब्दका दुई पटकका प्रयोगका सट्टामा प्रा.डा.व्रतराज आचार्य (पूर्ववत् २०५८, २०७० र २०७१)बाट पाठान्तर प्रस्तुत भएकोबारे चर्चा गरेको पाइन्छ । व्रतराजद्वारा प्रस्तुत भएको 'वधूशिक्षा'को उपर्युक्त पाठका 'हाँस्नू छैन कदापि नारिहरूले' भनी सुरु हुने श्लोकका ती स्थलमा (र तिनको आधारस्वरूप लेखोटमा पनि) 'वैश्या' र 'वैश्या' अनि 'वैश्यै' र 'वैश्या' आदि भएकोमा नरेन्द्रले व्रतराजद्वारा खोजपूर्वक प्रस्तुत नयाँ लेखोटको पाठमा देखा पर्न आएको पाठगत संशोधनको निहितार्थका बारेमा, भानुभक्तकै परम्परागत प्रचलित पाठगत दृष्टिकोणमा भानुभक्तकै स्वहस्ताक्षरका लेखनमा संशोधन आएको हो कि कुनै लेखोटकारका कारणले पाठभेद हुन आएको हो भनी प्रश्नशील जिज्ञासा अन्तर्व्यक्त गरेको पाइन्छ । साथै उक्त भानुभक्तीय परम्परागत पाठमा हाँस्ने नारीलाई पहिलो पङ्क्तिमा 'वेश्या' भनी दोस्रो पङ्क्तिले त्यसलाई स्वयम् केही मत्थर पारेको हुँदाहुँदै स्वयम् भानुभक्तकै सम्बन्धित परम्परागत 'वधूशिक्षा'गत पाठभन्दा भिन्न उक्त नयाँ पाठ भेटिँदा भानुभक्तले नारीलाई 'वेश्या' नभनी 'वैश्या' भनेका पो रहेछन् भनी पाठकसमाजमा सकारात्मक प्रभाव पर्ला कि या वैश्या (हिन्दू चार वर्णमध्ये वैश्य जातिकी स्त्री) लाई हियाएको भाव आउला भन्ने नरेन्द्रको प्राश्निक जिज्ञासा पनि यहाँ तिक्खर छ र असहमतिमा कडै रूपमा प्रस्तुत हुने नरेन्द्रका विशेष व्यक्तिवैशिष्ट्यका दाँजामा यहाँ नरेन्द्रको प्रस्तुतिको भङ्गिमा वजनपूर्ण र लोचपूर्ण वा लचकयुक्त नै छ भने यसमा नेपाली विद्वान्हरूले पनि ससन्दर्भ प्राज्ञिक विचारविमर्श गर्दा बेसै होला जस्तो मलाई लाग्दछ ।

नरेन्द्रकृत यसै ग्रन्थको एघारौँ परिच्छेद चाहिँ शीर्षकअनुरूप भानुभक्तको त्यस जन्मकुण्डली र तत्सम्बन्धी अरू चर्चासँग सम्बन्धित छ जुन विष्णुमायाकृत 'भानुभक्त मणिमाला' (१९९८) ग्रन्थमा रङ्गनाथ शर्माको 'परिचय' भनिएको कथन र सूचनास्रोत (तथा विष्णुमायाका आयोजन) को 'कविपरिचय'का सुरुमा दिइएको भानुभक्तको भनिएको जन्मकुण्डलीपछि स्वयम् भानुभक्तले बनाएको भनिएको आफ्नै ग्रह, नक्षत्र आदिको जन्मलग्नकुण्डलीगत अवस्थितिको वर्णन गरिएको कविताको विमर्शसँग पनि जोडिएको पाइन्छ । यहाँ विशेषत: निबन्धकार नरेन्द्रको निबन्धकारिताको एक अंश रहेको मिही व्यङ्ग्यप्रहसित चेत पनि अलिकति मुछिएको छ तर यहाँ अन्तिमत: नरेन्द्रले, अरू हामी सबैले जस्तै, 'भानुभक्त मणिमाला'बाट प्राप्त गरेको भानुभक्तीय जन्मको सौरमानअनुसारको तिथिमिति (१८७१ असार २९) लाई भने केही उहापोहसहित स्वीकार नै गरेको पाइन्छ ।

प्रस्तुत नरेन्द्रकृत भानुभक्तीय जीवनवृत्तपरक ग्रन्थको मूल पाठका बाह्रौँ परिच्छेदमा भानुभक्तको वंशावली दिइएको छ । मोतीराम (१९४८) देखि नै भानुभक्तको वंशविस्तारको एक प्रकारको आरेखीकृत प्रस्तुति सुरु भएकोमा उत्तरवर्ती या परवर्तीहरूबाट पनि त्यसको थप विस्तार र अद्यावधिकरण हुँदै आएको पाइन्छ भने यहाँ नरेन्द्रले भानुभक्तका एक खनाति समाजसेवी र साहित्यसेवी श्रीभक्त आचार्यलाई स्रोतव्यक्ति तुल्याएको पाइन्छ र नरेन्द्रद्वारा यहाँ केवल भानुसन्ततिमै केन्द्रित सन्दर्भमा केही थप जानकारी थपिएको पनि छ ।

अवश्य नै प्रस्तुत नरेन्द्रकृत यस कृतिमा भानुभक्तीय जीवनी, कृतित्व र अन्य सन्दर्भसँग जोडिएका कतिपय न्यायदृष्टिपरकभन्दा पक्षदृष्टिपरक विवादग्रस्तता, अनुकल्पना र आग्रह तथा विषमप्राय: विवादग्रस्तताका अन्तर्बौद्धिक चाप र तापका अप्ठ्याराले सृजनात्मक, मनोहारी तथा मानकनिकट जीवनीविधागत सृजनात्मक कृतिमा अपेक्षित जीवनवृत्तको रोचक एवम् सौष्ठवपूर्ण सिर्जनामा जीवनीकार नरेन्द्रलाई

केही सकस परिरहेको छ । तर यी चुनौतीलाई एक सृजनशील जीवनीकारका रूपमा यिनले सकेसम्म समाधान खोज्दै वस्तुगत सन्तुलिततातर्फ र कहिलेकता यो वा त्यो पक्षमा पनि रहेर अनि जटिल अन्तर्विवादका सन्दर्भलाई पादटिप्पणी दिई राखेर पनि आफ्ना सृजनात्मक जीवनीलेखनका शैलीलाई सक्दो उकास्न सृजनात्मक प्रयास गरेको पाइन्छ ।

•

अनुष्ठानिक सूची भनी अनुशिष्ट सामग्रीका रूपमा भानुभक्तको हस्तलिपि र भानुभक्त आचार्यको प्रथम प्रकाशित तस्बिरलगायत मोतीराम भट्ट, पं.रमानाथ आचार्य र विष्णुमायाका तस्बिर पनि स्रोतसहित दिइएको पाइन्छ र यो प्रयास बेसै ठहर्छ । मोतीराम भट्टले आफ्ना उपर्युक्त जीवनचरित्रग्रन्थमा दिएको भानुभक्तको रेखाचित्रात्मक फोटो (छविचित्र) भने भानुभक्तका आकृति आदिबारे अरूका बयान सुनेर मोतीरामद्वारा तयार गराइएको हो भन्ने अभिमतकै पक्षमा नरेन्द्र रहेका छन् । नरनाथ आचार्य आदिले मोतीरामद्वारा प्रस्तुत फोटो भानुभक्तको फोटो नै हो भनी व्यक्त गरेका धारणासँग भने नरेन्द्र असहमत छन् । त्यसपछि यहाँ अपेक्षाकृत अलि सजिलो ढङ्गले तर लेखक वर्णानुक्रमिक अलि सरल स्वढाँचामा नरेन्द्रद्वारा आफ्नो कृतिगत सन्दर्भस्रोत दिइएको पाइन्छ जसले नरेन्द्रको प्रस्तुत ग्रन्थ तयार पार्दाको अध्ययनको परिधितर्फ सङ्केत गर्दछ ।

समुच्चा रूपमा भन्दा नरेन्द्रको यो 'भानुभक्त आचार्यको जीवनवृत्त' कृति आदिकवि भानुभक्तप्रतिको र भानुभक्तका कृति र कवित्वप्रतिको नरेन्द्रको उच्च श्रद्धाभाव र आफूले पढेका सन्दर्भसामग्री र मोटामोटीमा बनाइएका धारणाका योगबाट जन्मेको भानुद्विशतवार्षिकीको पुण्य अवसरको मुख्यत: जीवनीपरक श्रद्धापुष्पोपहार नै हो । भानुभक्तका जीवनीगत र कृतिगत तथा अरू

विभिन्न विषयको शास्त्रार्थस्थलभन्दा सक्दो सन्तुलित ढङ्गले भानुभक्तीय सरल र सरस जीवनवृत्तको सिर्जना गर्ने प्रयास नै यो नरेन्द्रकृति मुख्य रूपमा हो र यो रुचिशील सुधी नेपाली पाठकहरूका निमित्त अति नै मिहिनेतपूर्वक उनीद्वारा सिर्जना गरिएको मैले पाएँ । भानुभक्तका जीवनी, कृति र कवित्वशक्ति आदिबारे सूचना, जानकारी र ज्ञानको सरल बोधपक्षसँगै सरस जीवनीसृजनको बीचमा मैले यो नरेन्द्रकृति पाएँ । यस कृतिका अनेक स्थलमा नरेन्द्रका अध्ययनशीलताका र पर्याप्त संयमित प्रस्तुतिगत प्रयासका साथै मुख्यतः उनका जीवनीलेखनका पाठकोन्मुख सिर्जनात्मक धार र भावरचना तथा शैलीगत प्रस्तुतिका भङ्गिमा र बान्कीबाट यहाँ बढी म पुलकित भएको छु । धेरैले नेपालका शैक्षिक, साहित्यिक र शोधात्मक तथा बौद्धिक र समीक्षात्मक कोणबाट भानुभक्तका जीवनवृत्तबारे थुप्रै लेख, शोधलेख, शोधप्रबन्ध र विचारोत्तेजक तथा पाण्डित्यपूर्ण पनि ठूलासाना अनेकौँ महत्त्वपूर्ण कृति प्रस्तुत गरेका छन् र तिनका आआफ्ना महिमा र शक्ति तथा स्वाभाविक सीमा एवम् न्यायदृष्टि र पक्षदृष्टि पनि छन् भने यो नरेन्द्रकृति चाहिँ मोतीराम भट्टपछि नेपाली साहित्यका रसिक भावकगणका रुचिशील सरस, रोचक र घतलाग्दो साहित्यिक सृजनात्मक चेतसमेत भएको अनि खास शास्त्रार्थीय र अन्तर्बौद्धिक परिचय कम रहेको एकअर्को भानुजीवनवृत्त पाउने विलम्बित सिर्जनात्मक आकाङ्क्षालाई निकै अंशमा परिपूर्ति दिन सक्ने किसिमको अर्को नयाँ साहित्यिक भानुजीवनी ग्रन्थ हो । यहाँ नरेन्द्रले भानुभक्तका जीवनी, कृति आदिसँग सम्बन्धित विशेष छलफल र उद्धरणलाई सकभर पृष्ठगत पादटिप्पणीमा दिई भानुभक्तीय सरल जीवनी पढ्न चाहने पाठकलाई पनि ध्यानमा राखेको म ठान्दछु । यहाँ नरेन्द्रको मूल सोचकेन्द्रमा प्रथम भानुजीवनीकार मोतीराम भट्ट नै हुन् र प्रायः मोतीरामेली भानुजीवनलाई नरेन्द्रले मानक ठानेजस्तो पनि देखिन्छ ।

नेपाली भाषा र साहित्यका प्रवर्द्धनका यात्रामा २०४० साल यताको समयसन्दर्भमा 'समयुगीन मोतीराम' भन्ने चिनारीसमेत बनाएका नरेन्द्रराज प्रसाईले भानुजीवनका अनेक मोतीरामेली र अरू स्थापनाका मर्मलाई पनि मनोयोगपूर्वक चिन्ने र खोतल्ने अनि परिमित समीक्षा गर्ने प्रयास यहाँ गरेको पाइन्छ । निश्चय नै भानुजीवनीका अध्ययन र मननका यात्रामा प्रस्तुत नरेन्द्रराज प्रसाईका कृतिले आफ्नो अलग सोच र सान्दर्भिकतासमेत स्थापित गर्न सकेको छ र यो अर्को अध्येय र मननीय अभिनव भानुजीवनी कृति हुन पुगेको छ । रुक्खा तर्कवितर्कभन्दा सरस प्राञ्जल र सुरुचिपूर्ण गद्यशैलीमा जीवनी लेख्ने विशिष्ट शैलीकारिताका निम्ति पनि प्रसिद्ध रहेका नरेन्द्रराज प्रसाईले भानुजीवनका तथ्यपरक अनेक नव ऊहापोह र चिरफारप्रति पनि धैर्यपूर्ण रुचि राख्दै परिमित खोजीपरक प्रवृत्तिसमेत यहाँ आत्मसात् गरेको पाइन्छ र त्यो भानुजीवनीका अद्यावधिक सन्दर्भमा एक नव सृजनात्मक प्रतिमान हुनाका साथै आगामी अध्ययनका निम्ति पनि पर्याप्त उत्प्रेरक हुन सक्ने बलियो सम्भावना छँदै छ । म भानुद्विशतवार्षिकीका पुण्यसन्दर्भमा प्रकाशित नरेन्द्रराज प्रसाईकृत यस भानुजीवनीलाई द्विशताब्दीक भानुसम्झना महापर्वको एक अवसरोचित विशिष्ट साधनापूर्ण प्रदान पनि मान्दछु ।

नरेन्द्रराज प्रसाईद्वारा लिखित 'भानुभक्त आचार्यको जीवनवृत्त' नामक जीवनीकृतिका अनेक वैशिष्ट्यमध्येको एक मुख्य वैशिष्ट्य मोतीराम भट्टले १९४८ सालमा प्रकाशित गरेको 'कवि भानुभक्ताचार्यको जीवनचरित्र'को झन्डै सवा सय वर्षको समयपछि प्रस्तुत हुन आएको अर्को सृजनात्मक भानुजीवनी कृति हुनाको गौरवी पहिचान पनि हुँदै हो । जहाँ मोतीरामकृत भानुजीवनी भानुबारेको प्रथम जीवनी कृति थियो त्यहीँ नरेन्द्रराज प्रसाईकृत यो भानुजीवनी अद्यावधिक मानक भानुजीवनी हुन पुगेको छ । यसको मानकताको मियो चाहिँ मोतीरामको शोध तथा अनुकल्पना र

समीक्षणतासँगै अन्त:प्रवाहित सरस रोचक जीवनीसृजनका प्राप्तिमध्ये खास गरी सरस अन्तर्भाव र रोचक शैली तथा प्रस्तुतिको मोती–मतनिकट उत्तराधिकारप्राप्ति नै हो भन्ने म ठान्दछु । साथै भानुजीवनीको इतिवृत्तका सन्दर्भमा मोतीरामका स्थापना र परिमितिप्रति विशेष आस्थाभाव राख्ने र अनेक परवर्ती मतान्तर प्रति प्राय: असहमति रहेर पनि प्रचलित मान्यतालाई व्यवहारत: प्राय: मान्ने तर तिनमा आन्तरिक कमजोरीतर्फ इङ्गित गरिरहने एक प्रकारको आत्मदृढता पनि यहाँ नरेन्द्रराजले देखाएको पाइन्छ । यस तात्पर्यमा पनि उनको भानुजीवनी लेखन मोतीरामका मानकका नजिक देखा पर्छ ।

यिनै अन्तर्निहित परिवृत्तका परिधिमा मोतीराम भट्टको 'कवि भानुभक्तको जीवनचरित्र'मा अन्तर्निहित रहेका दुई थरी मूल प्रवृत्तिगत अन्तरपाटाहरू यी हुन्– (क) आधारभूत खोजकारी र कहिलेकहीँ श्रव्यमूलक भानुकविताको लेख्य अङ्कनमा कतैकतै चुकेर र तनहुँको र त्यहाँको चुँदीरम्घालगायतको स्थानीय र समयुगीन सामाजिक, सांस्कृतिक र आर्थिक परिवेशको वृत्तसँग प्राय: कम परिचित रहेर चुक्नसमेत सक्ने अवस्था ठाउँठाउँमा रहनु तर भानुभक्तीय कृतिका समीक्षकीय पारखमा नचुक्नु र (ख) त्यस्तो स्थिति कहीँकतै रहे पनि प्राय: सरस, रुचिकर र रोचक प्रस्तुति तथा शैलीले युक्त गद्यमूलक सिर्जनात्मक जीवनीलेखन गर्नु । मोतीरामका भानुजीवनीगत यी दुई अन्तरपाटामध्ये पहिलोचाहिँ खोजकारी र अनुकल्पनाकारी अनि कृतित्वको पारखी अन्तरपाटोभन्दा मुख्यत: सिर्जनशील, सरस र रोचक तथा मीठो प्रस्तुति तथा शैलीकारिताले युक्त गद्यसृजनाको दोस्रो चाहिँ पाटाको विशेष अनुसरणशील जीवनीकारका रूपमा यहाँ मैले नरेन्द्रलाई विशेष मन पराएको छु ।

भानुजीवनवृत्तपरक यो नरेन्द्रकृत ग्रन्थ यिनै पूर्वोक्त शक्ति र परिसीमाका बीच नेपाली वाग्देवीका चरणमा र आदिकवि भानुभक्तलाई

उनका द्विशतवार्षिक सम्झनाका महापर्व, २०७१ सालमा प्रसिद्ध नेपाली जीवनीकार नरेन्द्रले चढाएको एक उच्च पुष्पोपहार कृतिका रूपमा आएको छ भन्ने म ठान्दछु । नरेन्द्रकृत यस 'भानुभक्त आचार्यको जीवनवृत्त' लाई उपर्युक्त मोतीराममेली शोधखोजकारी र समीक्षाकारी अन्तरपाटोभन्दा सिर्जनात्मक रम्य रुचिकर शैली र प्रस्तुतिको अन्तरपाटाका निकटमानकमा आएको अद्यावधिक निकै रुचिकरजस्तो लेखन भएको पठनीय र सङ्ग्रहणीय किसिमको अर्को भानुजीवनीपरक कृतिका रूपमा म बढी मान प्रदान गर्दछु । अब हामीले एकातर्फ भानुभक्तीय कृतित्व र कवित्वका सघन अध्ययन र समीक्षणमा उत्तरोत्तर प्रगतिमय तथा प्राप्तिमय गुणवत्तायुक्त अनेक ग्रन्थ रचना गर्दै जानु छ भने सँगसँगै अर्कातर्फ ज्यादा विवाद र शास्त्रार्थभन्दा स्वस्थ सन्तुलित खासखास जीवनीगत मानकधारणाका प्रतिमानमा टेकी साहित्यिक र साहित्यप्रेमी नेपाली बृहत् भावक तथा पाठकसमाजप्रति विशेष उन्मुख र मैत्रीशील अत्यन्त रोचक र रुचिकर भानुजीवनीपरक ग्रन्थहरूको पनि उत्तरोत्तर स्तरीय नव सिर्जन र प्रकाशन गर्दै भानुसाहित्यप्रतिका नेपाली लोकरुचिको पोषण र प्रवर्द्धनसमेत गर्दै जानु छ । यस क्रममा यस भानुजीवनी कृतिलाई आगामी संस्करण (हरू) मा नरेन्द्रराजले अझ मानकनिकट र स्तरीय तथा अझ सुन्दर मनोहारी चिरीचिट्ट पुतलीस्वरूपको लोकाकर्षणशील र विचारगत आधार तथा सिर्जनात्मकताका दुवै दृष्टिबाट विशिष्ट कृतिका रूपमा क्रमश: विकसित गर्दै जाने साधना गर्दै रहनु बेस हुने शुभकामनायुक्त अपेक्षा पनि म यहाँ प्रकट गर्दछु ।




**डा.विष्णु के.सी.**

**जन्म** : २०३० साल मङ्सिर ८ गते (रामेछाप); **शिक्षा** : एमए, पिएचडी; **कृति** : १७ पुस्तक (समालोचना, गीत, बालसाहित्य, पाठ्यपुस्तक); **अध्यक्ष** : नेपाल प्राध्यापक सङ्घ (पशुपति बहुमुखी क्याम्पस) ।


# कोसेढुङ्गामा आबद्ध गाथा

## १. विषयप्रवेश

नरेन्द्रराज प्रसाई वर्तमान नेपाली भाषासाहित्यका क्षेत्रमा क्रियाशील विशेष किसिमको नाम हो । नेपाली भाषासाहित्यको श्रीवृद्धिमा व्यक्तिगत, पारिवारिक र संस्थागत रूपमा उनले जुन किसिमका काम गर्दै आएका छन् त्यो जो कसैका निम्ति सुसाध्य काम होइन । सृजनात्मक बहुमुखी लेखनका साथसाथै 'नइ प्रकाशन' र 'त्रिमूर्ति निकेतनको स्थापना', 'अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन', 'विश्वनारी नेपाली साहित्य सम्मेलन', 'देवकोटा शताब्दी महोत्सव', 'सत्यमोहन जोशी शताब्दी महोत्सव' र 'भानुभक्त आचार्य द्विशतवार्षिकी समारोह समिति' (नेपाल

सरकारसमेतको सहयोगमा) जस्ता युगीन महत्त्वका विशेष कार्यक्रमको परिकल्पना एवम् सफल व्यवस्थापनका माध्यमबाट उनले आफूलाई एक कलमवीर, नेपाली भाषासाहित्यका सच्चा सेवक र अग्रजको सम्मानमा समर्पित व्यक्तिका रूपमा चिनाएका छन् । समयुगका प्रतिभाहरूलाई सम्मान गर्ने, प्रेरित गर्ने र हौसला बढाइरहने काममा पनि उनको सक्रियता जारी छ । नेपाली भाषासाहित्यका क्षेत्रमा उनको योगदान यतिमा मात्र सीमित छैन । त्यसका विविध आयाम छन् । उनी एक युगका एक व्यक्ति हुन् । त्यसको मूल्याङ्कन अवश्य नै हुनेछ । जहाँसम्म उनको सिर्जनशीलताको कुरा छ त्यसको एउटा महत्त्वपूर्ण पाटाका रूपमा जीवनी लेखन देखा पर्छ । उनी नेपाली भाषाका सफल जीवनी लेखक हुन् । हालसम्म उनले सङ्क्षिप्त आकारका ५०० भन्दा बढी र पुस्तकाकारका दुई दर्जनजति जीवनी लेखिसकेको तथ्याङ्क फेला पर्छ । यस क्रममा उनको पछिल्लो जीवनी कृतिका रूपमा 'भानुभक्त आचार्यको जीवनवृत्त' देखा परेको छ । नेपालीका आदिकवि भानुभक्त आचार्यको द्विशतवार्षिकीका सन्दर्भमा लेखिएको यो कृति तत्सन्दर्भको सर्वाधिक महत्त्वको कृति हो । यो लेख त्यसैको उपलब्धि निरूपणमा केन्द्रित छ ।

## २. संरचना र विषयवस्तु

जीवनीकार नरेन्द्रराज प्रसाईकृत भानुजीवनीको आवरण शीर्षक 'भानुभक्त आचार्यको जीवनवृत्त' हो । यसभित्र मूल विषयवस्तुलाई बाह्र ओटा शीर्षकसहितको परिच्छेदमा प्रस्तुत गरिएको छ । जीवनी लेखनका मूलभूत सैद्धान्तिक पक्षहरूकै आधारमा ती शीर्षक र परिच्छेद चयन गरिएको देखिन्छ ।

'भानुभक्त आचार्यको जीवनवृत्त'को पूर्ण आकार १५७ पृष्ठको संरचनामा बनेको छ । त्यसमध्ये मूल विषय ६७ देखि १३२ सम्मका पृष्ठमा प्रस्तुत गरिएको छ भने ११ देखि ५० पृष्ठसम्म वासुदेव त्रिपाठी, महादेव अवस्थी र केशव सुवेदीको भूमिका प्रस्तुत गरिएको

छ । त्यसरी नै 'अनुष्ठानिक' शीर्षकअन्तर्गत भानुभक्तको हस्तलिपि, भानुभक्तको तस्बिर, मोतीराम भट्टको तस्बिर, भानुभक्तको छोरा रमानाथको तस्बिर र भानुभक्तकी नातिनी विष्णुमायाको तस्बिर १३३ देखि १४० सम्मका पृष्ठमा राखिएका छन् । बाँकी पृष्ठहरूमा लेखकीय र पुस्तक प्रकाशनसँग सम्बन्धित औपचारिक कुराहरू छन् ।

'भानुभक्त आचार्यको जीवनवृत्त'को विषयवस्तु भनेको भानुभक्त आचार्य नै हुन् । नेपाली भाषा र साहित्यका सन्दर्भमा नेपाली भाषी र नेपाली साहित्यसेवीहरूद्वारा अत्यन्त आदरका साथ आफ्ना आदिकविका रूपमा सम्मान गरिँदै आएका भानुभक्तको आधिकारिक र प्रामाणिक जीवनवृत्त प्रस्तुत गर्नमा यो केन्द्रित रहेको देखिन्छ । यसमा व्यक्तिको जीवन विकासका स्वाभाविक प्रक्रियालाई आधार मानी क्रमबद्ध रूपमा भानुसम्बन्धी जानकारीहरू प्रस्तुत गरिएका छन् । यसको संरचनागत शीर्षकहरूबाटै पनि विषयवस्तु प्रस्तुतिको स्वरूप कस्तो छ भन्ने कुरा आकलन गर्न सकिन्छ ।

भानुजीवनीसम्बन्धी यस पुस्तकको पहिलो परिच्छेद भानुभक्तको जन्म र जन्मस्थानको नालीबेलीमा केन्द्रित छ । भानुभक्तको जन्ममिति र जन्मस्थानबारे यसअघिका अध्ययनहरूले सिर्जना गरेको द्विविधाका सम्बन्धमा आवश्यक प्रमाणहरूसहित प्रस्तुत गरिएको यस परिच्छेदमा भानुभक्तको जन्ममिति मोतीराम भट्टले उल्लेख गरेझैँ वि.सं. १८६९ नै हो भन्ने निष्कर्षमा जीवनीकार पुगेको देखिन्छ । मोतीराम भट्ट, नरनाथ आचार्य, रङ्गनाथ शर्मा र विष्णुमाया आचार्यका भनाइहरू राख्दै स्वयम् भानुभक्तको कविता पङ्क्तिहरूको साक्ष्यमा उनी यो निष्कर्षमा पुगेका हुन् । तर नेपाली प्राज्ञिक परम्पराले भानुभक्तको जन्म १८७१ लाई स्वीकार गरिसकेको र त्यसैलाई आधार मानी नेपाल सरकारले द्विशतवार्षिकी समेत मनाएको सन्दर्भ पनि विचारणीय छँदै छ । त्यसो भए तापनि एउटा प्राज्ञिक प्रामाणिक खोजलाई आधार मानेर विगतमा भएको भूललाई सच्याउँदै जानु प्राज्ञिक संस्कृति हो

भन्ने कुरालाई त्यसै भुल्नु हुने देखिँदैन । साथै यस परिच्छेदमा भानुभक्तको न्वारनको नाम 'देवीभक्त' रहेको र भानुभक्तचाहिँ पछि राखिएको सन्दर्भको रहस्य पनि खोलिएको छ । भानुभक्तको व्रतबन्ध र विवाहको प्रसङ्ग पनि यसमा चाखिलो भएर आएको छ ।

यस ग्रन्थको दोस्रो परिच्छेदमा भानुभक्तको शिक्षादीक्षाको चर्चा छ । खास गरी भानुभक्तले कहाँ र ककससँग शिक्षा लिए भन्ने तथ्यहरूको प्रस्तुति यसमा गरिएको पाइन्छ । भानुभक्त र उनका बाजे श्रीकृष्ण आचार्यको सम्बन्ध निकै निकट रहेको र भानुभक्तको शिक्षादीक्षामा श्रीकृष्णकै भूमिका अहम् रहेको रहस्य यहाँ खोतलिएको छ । यस ग्रन्थको तेस्रो परिच्छेदचाहिँ भानुभक्त र गिरिधारी भाटबीचको झगडा सम्बन्धमा छ । यस परिच्छेदले भानुभक्त सांसारिक रिस, राग र प्रपञ्चजस्ता कमीकमोजरी भएकै मानिस थिए भन्ने देखाएको छ । त्यसै गरी यस ग्रन्थको चौथो परिच्छेदमा भानुभक्तले जागिर खाएको प्रसङ्ग र उनी कुमारीचोकको थुनामा बस्नुपर्नाका कारणहरूसम्बन्धी तथ्यहरू अघि सारिएका छन् । यसमा भानुभक्तले जागिर खाएका सन्दर्भमा उनका वंशजहरूले अस्वीकार गरेका परिप्रेक्ष्य उल्लेख गर्दै सत्य बङ्ग्याउनु नहुनेतर्फ जीवनीकार प्रसाई सचेत देखिएका छन् । यस परिच्छेदमा भानुभक्तले १९०७ मा जागिर खाएको, १९०९ मा जागिर छाडेको, उनी पाँच महिना कुमारीचोकमा जेल परेको जेलमै रहँदा उनले केही हास्यव्यङ्ग्य कवितासहित 'रामायण'का 'अयोध्याकाण्ड', 'अरण्यकाण्ड', 'किष्किन्धाकाण्ड' र 'सुन्दरकाण्ड' लेखेको जस्ता कुराहरू उल्लेख गरिएका छन् ।

प्रस्तुत जीवनी ग्रन्थको पाँचौँ परिच्छेदमा भानुभक्तले पाएको सम्मानको चर्चा छ । यहाँ उनलाई नेपाली साहित्यमा सर्वाधिक सम्मान पाउने स्रष्टाका रूपमा चिनाउँदै उनको आदिकवित्वलाई अभिधा अर्थमा नभई लाक्षणिक अर्थमा सार्थक छ भन्ने तथ्यहरू जुटाइएको छ । आदिकवि, राष्ट्रिय विभूति जस्ता पदवी दिएर, हुलाक

टिकट र सिक्का प्रकाशन एवम् चलचित्र निर्माण गरेर तथा द्विशतवार्षिकी मनाएर उनीप्रति सक्दो सम्मान गरिएको कुरा यहाँ उल्लेख छ । त्यसै गरी यस ग्रन्थको छैटौँ परिच्छेदमा घाँसी र भानुको सन्दर्भ उल्लेख गरिएको छ । यसमा घाँसी र भानुको सम्बन्धका बारेमा जनमानसमा रूढ विश्वास भए पनि त्यो सम्बन्ध प्रामाणिक र सत्य नभई मिथक मात्र हो भन्ने बताइएको छ । यस ग्रन्थको सातौँ परिच्छेदमा समयान्तरले गर्भमा लुकिसकेका भानुलाई मोतीरामले जनमानसमा चिनाएर यथार्थमा भानु बनाइदिएको कुरा उल्लेख छ ।

प्रस्तुत ग्रन्थको आठौँ परिच्छेद भानुभक्त कान्तिपुर प्रवेश गरेको प्रसङ्गमा केन्द्रित छ । यसमा तनहुँका भानुभक्त गिरिधारी भाटसँगको मुद्दाका सिलसिलामा काठमाडौँ छिरेका, उनी धर्मदत्त ज्ञवालीका डेरामा बस्ने गरेका र त्यसै बेला 'कान्तिपुरी नगरी' कविता लेखेका कुरा उल्लेख छ । त्यसै गरी यस ग्रन्थको नवौँ परिच्छेदमा भानुभक्तको देहावसानको सन्दर्भ उल्लेख छ । यसमा भानुभक्त छपन्न वर्षमा कालज्वरका कारण दिवङ्गत भएका, उनले बिरामी अवस्थामै धर्मदत्त ज्ञवालीका आग्रहमा 'रामगीता' लेखेका, 'रामगीता'को लेखनमा छोरा रमानाथले सघाएका र उनको (भानुको) निधन मर्स्याङ्दी नदीको सतीघाटमा १९२५ साल असोज ६ गते आइतबार भएको तथ्यहरू उल्लेख गरिएका छन् ।

प्रस्तुत ग्रन्थको दसौँ परिच्छेद भानुभक्तका कृतिहरूको चर्चामा केन्द्रित छ । यसमा उनका 'रामायण', प्रश्नोत्तर', 'भक्तमाला', 'वधूशिक्षा' र 'रामगीता'को सटीक चर्चा छ । प्रस्तुत ग्रन्थको एघारौँ परिच्छेदमा भानुभक्तको जन्मकुण्डली प्रस्तुत गरी त्यस सम्बन्धमा प्रमाणहरू पेस गर्दै आफ्ना असहमतिलाई जीवनीकारले राखेका छन् । यस ग्रन्थको विषयवस्तु प्रस्तुतिको अन्तिम परिच्छेद बाह्रौँ हो । यसमा भानुभक्त आचार्यको वंशावली छ ।

यसरी १ देखि १२ सम्मका परिच्छेदमा जीवनीकार नरेन्द्रराज प्रसाईले भानुभक्तका बारेमा अधिकांशत: स्थापित सन्दर्भहरूलाई अझ दरो प्रमाणका साथ टेको दिएका छन् भने कतिपय विवादका सन्दर्भहरूलाई भने आवश्यक खाले प्रमाण जुटाई आफ्नो जीवनी लेखनको तीन दशकको अनुभव कौशलको प्रयोग गरेर निष्कर्ष दिएका छन् । यसबाट यो ग्रन्थ एकातिर शोधमूलक बन्न गएको छ भने अर्कातिर नेपाली भाषासाहित्यको प्राज्ञिक परम्परामा भानुसम्बन्धी विवादको प्रामाणिक समाधान दिने काममा हालसम्मको अन्तिम उपलब्धि बनेको छ ।

### ३. विशेषता

भानुभक्त आचार्य नेपाली भाषासाहित्यप्रेमीहरूको आस्थाका केन्द्र हुन् । नेपालीका जातीय कविका रूपमा उनीप्रतिको सम्मानमा प्रत्येक नेपालीको शिर झुक्ने गरेको छ । यस परिप्रेक्ष्यमा उनको जन्मको दुई सय वर्षको सन्दर्भलाई आधार मानेर नेपाल सरकारले 'भानुभक्त आचार्य द्विशतवार्षिकी समारोह समिति'को गठन गरी सरकारी तवरबाटै भानुभक्तप्रति सम्मान प्रकट गर्ने चासो देखायो । यस समितिमा सल्लाहकारको भूमिकामा रहेका नरेन्द्रराज प्रसाईले सक्रियताका साथ काम गरे र सो समारोहको खास ढाँचा, विधि र स्वरूपको परिकल्पनासमेत गर्दै भानुसम्बन्धी अनेक ग्रन्थमालाको प्रकाशनमा केन्द्रीय भूमिका निर्वाह गरे । यसै सिलसिलामा प्रस्तुत 'भानुभक्त आचार्यको जीवनवृत्त' प्रसाई स्वयम्ले लेखेर प्रकाशनमा ल्याएका हुन् । नेपाली भाषासाहित्यका विभूति भानुभक्त आचार्यप्रति श्रद्धासुमन चढाएर यो ग्रन्थ लेख्न पाएकोमा उनले आफूलाई भाग्यमानी ठानेका छन् ।

प्रस्तुत 'भानुभक्त आचार्यको जीवनवृत्त'मा नरेन्द्रराज प्रसाईले आफ्नो जीवनी लेखनको तीन दशकको अनुभवलाई खन्याएका छन् । सकेसम्म आधिकारिक र प्रामाणिक बनाउनेतर्फ उनको पूरापूर प्रयास

भएको छ । भानुसम्बन्धी पूर्वअध्येताहरूले प्रकाशमा ल्याएका तथ्यहरूको अध्ययनविश्लेषण गरी तिनमा रहेका कमीकमजोरीलाई सप्रमाण औँल्याएर सच्याउने काम यसमा भएको छ । आवश्यक ठाउँमा पादटिप्पणीका माध्यमबाट प्रमाणहरू प्रस्तुत गरी बहसमा उतारेर सत्य कुरो अघि सार्ने विधि यसमा अवलम्बन गरिएको छ । यसबाट यो जीवनी ग्रन्थ शोधका गुणहरूले युक्त बन्न गएको छ । ठाउँठाउँमा समालोचकीय र समीक्षात्मक ढाँचाको उपयोग यसमा पाइन्छ भने कतैकतै भावुक रागात्मकताका झिल्काहरू पनि भेटिन्छन् । तर्क र बहसको प्राज्ञिक शैलीले यो रोचक र कौतूहल बनेको छ । पढ्न थालेपछि नसकीकन छाड्न नमिल्ने गरी तथ्य तथ्याङ्कहरूलाई पूर्वापर सम्बन्धमा बाँधेर रोचक ढाँचामा यसको रचना गरिएको छ । यस ग्रन्थले नेपाली भाषासाहित्यका आधिकारिक समालोचकहरू वासुदेव त्रिपाठी, महादेव अवस्थी र केशव सुवेदीको मूल्याङ्कनपरक विशिष्ट भूमिकाको शोभा पाएको छ जसबाट यसले अरू प्रामाणिक र आधिकारिक हुने हैसियत प्राप्त गरेको देखिन्छ ।

भानुभक्तको जीवनी लेखनसम्बन्धी लामै परम्परा पाइन्छ । वि.सं. १९४८ मा मोतीराम भट्टले 'कवि भानुभक्तको जीवनचरित्र' लेखेदेखि यता ब्रह्मशमशेर जङ्गबहादुर राणाको 'कवि भानुभक्त' (१९९५), विष्णुमाया आचार्यको 'भानुभक्त मणिमाला' (१९९८), भाइचन्द्र प्रधानको 'आदिकवि भानुभक्त आचार्य' (२००९), बालचन्द्र शर्माको 'भानुभक्त' (२०१४), नरनाथ शर्मा आचार्यको 'आदिकवि कविसम्राट् भानुभक्त आचार्यको सच्चा जीवनचरित्र' (२०१७), मुक्तिनाथ शर्माको 'भानुभक्त आचार्य : खोजपूर्ण जीवनी' (२०४२), व्रतराज आचार्यको 'आदिकवि भानुभक्त आचार्य : जीवनी र कविताको सम्परीक्षण' (२०५८) तथा शर्वराज आचार्यको 'भानुभक्तीय खोज' (२०६९) जस्ता भानुजीवनीसँग सम्बन्धित कृतिहरू प्रकाशनमा आएका देखिन्छन् । यी र यस्ता अरू पनि विविध खाले प्रयासबाट भानुको जीवनीका

अनेक पक्ष प्रकाशमा ल्याउने प्रयास भएको देखिन्छ । यस क्रममा पछिल्लो प्राप्तिका रूपमा देखा परेको नरेन्द्रराज प्रसाईकृत 'भानुभक्त आचार्यको जीवनवृत्त' (२०७१) अद्यावधिक प्रामाणिक, बौद्धिक र आधिकारिक भानुजीवनीका रूपमा देखा परेको छ । सङ्क्षेपमा यस ग्रन्थमा अनुसन्धानात्मकता, तार्किकता, बौद्धिकता, प्रामाणिकता, समालोचकीयता, समीक्षात्मकता तथा आंशिक रूपमा रागात्मकता जस्ता विशेषताहरू पाइन्छन् ।

### ४. उपलब्धि

जीवनी लेखन त्यति सहज र सरल काम होइन । त्यसमा पनि राष्ट्रिय-अन्तर्राष्ट्रिय महत्त्व भएका र आआफ्ना क्षेत्रका युगनिर्माताहरूको जीवनी लेखनमा हात हाल्नु त बडो जोखिमकै काम हो । तथ्यहरूको प्रस्तुतिमा हुने अलिकता पनि असावधानीले इतिहास बदलिन सक्छ, अनुयायीहरूको भावनामा चोट पुग्न सक्छ र प्राज्ञिक परम्परामा अन्योल उत्पन्न हुन सक्छ । यस परिप्रेक्ष्यमा दुई सय वर्षको इतिहास बनिसकेका भानुभक्त आचार्यको जीवनी लेख्नु र तत्सम्बन्धका द्विविधा र अन्योलहरूलाई चिर्दै प्रामाणिक बहसका माध्यमबाट सर्वमान्य निष्कर्ष दिने काम गर्नु ठूलो काम हो, त्यो काम नरेन्द्रराज प्रसाईले सम्पन्न गरेका छन् । नेपाली भाषासाहित्यको प्राज्ञिक परम्परामा यो कार्य एउटा महत्त्वपूर्ण उपलब्धिका रूपमा देखा परेको छ ।

यस ग्रन्थले भानुभक्तसम्बन्धी दोहोरो अर्थ लाग्ने पूर्वाध्ययनका तथ्यहरूको छानबिन र सत्यापन गरी तार्किक निष्कर्ष दिने काम गरेको छ । खास गरी भानुभक्तको जन्ममिति, घाँसीसँगको सम्बन्ध, जागिर, गिरिधारी भाटसँगको झगडा र जेलजीवनजस्ता कुराहरूका बारेमा स्पष्ट, प्रामाणिक र तार्किक बहस गरेर निष्कर्षसम्म पुग्ने काम यसमा भएको छ । यसबाट, भानुभक्तको जन्म १८६९ मै भएको, घाँसी र उनको बीचको सम्बन्ध मिथक मात्र रहेको, उनले सरकारी जागिर खाएको, उनी पाँच महिना जति जेल परेको जस्ता

कुराहरू प्रस्ट भएका छन् । यसरी नै गिरिधारी भाटसँग भानुको शत्रुताको प्रसङ्गबाट भानुभक्त सांसारिक प्रपञ्च र रिसरागजस्ता कमीकमजोरीले युक्त भएको तथ्य उजागर भएको छ । साथै यसमा भानुभक्तका उत्तराधिकारी वंशजहरूले भानुभक्तमाथि एकाधिकारकै हैसियतमा तथ्यहरूको आफूखुसी प्रयोग गर्दै आएको परिप्रेक्ष्य अघि सारेर भानुभक्त नेपालीका आदिकवि भएकाले उनी सबै नेपालीका साझा भएको र उनलाई सिङ्गो नेपाली भाषासाहित्यका मुकुटका रूपमा सम्मानित गरिएको स्पष्ट धारणा अघि सारिएको छ ।

यी र यस्ता अरू अनेक सन्दर्भबाट जीवनीकार प्रसाईले भानुजीवनी सन्दर्भका कतिपय पुरानै तथ्यहरूलाई अऊ दरो पारी स्थापित गरिदिएका छन् भने कतिपय बाझिएका र द्विविधामा रहेका तथ्यबारे आवश्यक प्रमाणहरू जुटाई स्पष्ट धारणाका साथ निर्क्योल दिएका छन् । यस्तै विविध परिप्रेक्ष्यले गर्दा यो ग्रन्थ भानुअध्ययन परम्पराको अद्यावधिक सर्वाधिक प्राज्ञिक र प्रामाणिक उपलब्धि बन्न पुगेको छ । यसबाट एकातिर नेपाली जीवनीसाहित्यका क्षेत्रमा शोधमूलक, प्रामाणिक प्राज्ञिक जीवनी लेखनको नयाँ गोरेटो खनिएको छ भने अर्कातिर भानुअध्ययन परम्पराको कतिपय विरोधाभासपूर्ण गाँठाहरू फुकेका छन् ।

### ५. निष्कर्ष

नरेन्द्रराज प्रसाई नेपाली जीवनी साहित्यका सशक्त साधक हुन् । आदिकवि भानुभक्त आचार्यको द्विशतवार्षिकी मनाउने सन्दर्भमा उनीबाट भानुभक्तको जीवनीमा आधारित 'भानुभक्त आचार्यको जीवनवृत्त' नामक ग्रन्थ लेखियो र प्रकाशित समेत भयो । प्रसाईकृत भानुजीवनी भानुअध्ययन परम्पराको अद्यावधिक प्रामाणिक र आधिकारिक जीवनी ग्रन्थ हो । यसले भानुअध्ययनको परम्परा र नेपाली जीवनी साहित्यका क्षेत्रमा नयाँ क्षितिज उघारिदिएर कोसेढुङ्गाको काम गरेको छ । नेपाली भाषासाहित्यको प्राज्ञिक परम्परामा यो महत्त्वपूर्ण प्राप्ति हो ।

## ६. सन्दर्भसूची

१. ढकाल, सुमन (२०४५), 'कवि भानुभक्त आचार्य र उनका केही साहित्यिक पक्ष', असाम : साकुरा प्रकाशन ।

२. त्रिपाठी, वासुदेव (२०७१), 'भानुसन्दर्भ र नरेन्द्रराज प्रसाईकृत भानुजीवनी : समीक्षात्मक अभिमत', काठमाडौँ : नइ प्रकाशन ।

३. प्रसाई, इन्दिरा र महादेव अवस्थी (सम्पा., २०७१), 'भानुभक्त दुई सय वर्ष', काठमाडौँ : नइ प्रकाशन ।

४. प्रसाई, नरेन्द्रराज (२०७१), 'भानुभक्त आचार्यको जीवनवृत्त', काठमाडौँ : नइ प्रकाशन ।

५. प्रसाई, नरेन्द्रराज र महादेव अवस्थी (२०७१), 'भानु विमर्श', काठमाडौँ : नइ प्रकाशन ।

६. बराल, ईश्वर र अन्य सम्पा. (२०५५) 'नेपाली साहित्यकोश', काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

७. भट्ट, मोतीराम (२०५५), 'कवि भानुभक्तको जीवनचरित्र' (दो.सं.), ललितपुर : साझा प्रकाशन ।

८. श्रेष्ठ रोदन, श्रीओम, (२०७१), 'निबन्धमा भानु', काठमाडौँ : नइ प्रकाशन ।



**प्रा.डा.शर्वराज आचार्य**

**जन्म** : २००८ साल मङ्सिर २० गते (तनहुँ); **शिक्षा** : एमएड, पिएचडी; **कृति** : २ पुस्तक (समालोचना, व्याकरण); **नेपाली शिक्षा विभागका पूर्वप्रमुख** : पृथ्वीनारायण क्याम्पस, पोखरा ।

# कपोलकल्पित कुराको खण्डन

नेपाल सरकारअन्तर्गत संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट गठित भानुभक्त आचार्य द्विशतवार्षिकी समारोह समितिको सौजन्यमा नइ प्रकाशनबाट प्रकाशित जीवनीकार नरेन्द्रराज प्रसाईद्वारा लिखित 'भानुभक्त आचार्यको जीवनवृत्त' नेपालीसमक्ष आएको छ । यस कृतिमा भूमिका र लेखकीय शीर्षकका अतिरिक्त भानुभक्तको जन्मसन्दर्भ, शिक्षादीक्षा, झगडा, जागिर र कुमारीचोक, सम्मान, घाँसी, उनलाई मोतीरामको खाँचो, कान्तिपुर प्रवेश, देहावसान, कृति, जन्मकुण्डली र वंशावली गरी बाह्र ओटा शीर्षक रहेका छन् । भानुभक्तकालीन मानिसहरूलाई भेटेर लेखिएको मोतीराम भट्टकृत

'कवि भानुभक्तको जीवनीचरित्र' को अडेस लिएर पछिल्ला जीवनीकारका मोतीरामसँग सङ्गति नमिल्ने विचारमाथि ऊहापोह गर्दै जीवनीकार वस्तुनिष्ठता निकट पुग्न प्रयासरत छन् ।

प्रा.डा.वासुदेव त्रिपाठी, प्रा.डा.महादेव अवस्थी र प्रा.केशव सुवेदीहरूद्वारा जीवनवृत्तको भूमिका लेखिएका छन् । नेपाली साहित्यका महासमालोचक त्रिपाठीबाट माध्यमिक कालमा जसरी मोतीराम नेपाली साहित्यको विशेष संवर्द्धक बने, त्यसरी नै संस्थागत र व्यक्तिगत हैसियतले व्यापक परिणाममा योगदान दिने समयुगीन मोतीरामका रूपमा नरेन्द्रराज प्रसाईलाई सम्झना गरिएको छ । शीर्षकगत ऊहापोहलाई त्रिपाठीले आफ्नो ठाउँमा ठिकै भएको र मोतीरामेली सोधखोजकारी र समीक्षाकारी अन्तरपाटोभन्दा रम्य, रुचिकर शैली र प्रस्तुतिको निकट मानकतामा आएको जीवनवृत्त अद्यावधिक, पठनीय र सङ्ग्रहणीय कृति भनी अभिमत दिएका छन् । अवस्थीले भने यसलाई प्राज्ञिक प्रकृतिको नवउपलब्धि तथा सर्वाधिक गहकिलो र विश्वसनीय कृति ठानेका छन् । सुवेदीले चाहिँ जीवनी लेखन अत्यन्त दुष्कर कार्य भन्दै जीवनीकारले भानुभक्तमाथि ऐतिह्य तथ्यहरू प्रस्तुत गरेको भनाइ राखेका छन् । उल्लिखित त्रिभूमिकाबाट भानुभक्त आचार्यको जीवनवृत्तको वैशिष्टचलाई आकलन गर्न सकिन्छ । यी भूमिकाहरूमध्ये त्रिपाठीद्वारा गरिएको शीर्षकगत ऊहापोह भने पठनीय छन् । भानुभक्तको जीवनवृत्त हुनुका कारणले मात्र होइन, पठनीय भूमिकाले गर्दा भानुभक्त र नेपाली साहित्यमाथि श्रद्धानत हुने नेपालीहरूका निम्ति यो कृति सङ्ग्रहणीय हुन पुगेको छ । लेखकीय भित्र नेपाल सरकार र नइ प्रकाशनको भानुभक्तको द्विशतवार्षिकीको औपचारिक प्रसङ्ग दिँदै जीवनीकारले आजसम्म प्रकाशित जीवनीलाई अध्ययन गरी परिमार्जित, विश्वसनीय, मान्य र निर्क्योलतर्फ डोऱ्याउन कपोलकल्पित कुरालाई खण्डन गर्न विवश भएको कुरा शालीनतापूर्वक व्यक्त गरेका छन् । लेखकसँग विगतका बाइस ओटा जीवनी लेखनका

कलात्मक अनुभव छन् । त्यसै अनुभवले सजाएर यो तेइसौँ भानुभक्तको जीवनवृत्त आएको छ । आनुभविक कलाले जीवनवृत्त लेखिनु कृतिको एउटा विशिष्ट पाटो हो । यस विशिष्ट पाटामा भानुभक्त आचार्यबारे पाइने मतमतान्तरको समीक्षा छ । समीक्षा गर्दा मोतीराम भट्टलिखित कवि भानुभक्त आचार्यको जीवनचरित्रको सान्दर्भिक तथ्य र तथ्यको पुनर्व्याख्या गरिएको छ । जीवनवृत्त लेखन र जीवनवृत्तमा तथ्यान्वेषणको पुनर्व्याख्याले पुराना नेपाली भाषासेवी तथा प्रचारक मोतीराम र नयाँ नेपाली भाषासेवी तथा प्रचारक नरेन्द्रबीच सम्पर्कसूत्र स्थापित गरेको छ ।

जीवनवृत्तको पहिलो शीर्षक हो, भानुभक्तको जन्मसन्दर्भ । यसमा कविको जन्मका बारेमा थाहा पाएसम्म सन्दर्भ उल्लेख गरिएको छ । जन्मेको ठाउँ र समयसँग जन्मसन्दर्भ सम्बन्धित हुन्छ । नरेन्द्रले दुवै कुरालाई केलाएका छन् । केलाउँदा भानुभक्त जन्मेको ठाउँ पाल्पा, शिखर कटेरी र तामाकोट हुन सक्ने पूर्वजीवनी लेखकहरूको भनाइ उल्लेख गरिएको छ । कवितामा भानुभक्तले 'घर्मेरो तनहुँ छ बेसी चुँदी हो, गाउँ छ रम्घा भनी' लेखेका छन् । यहाँ एउटा कुरा के छुटचो भने तल्लो रम्घा र उपल्लो रम्घा गरी रम्घा गाउँ दुई ओटा छन् । त्यसैले भानुभक्त जन्मेको ठाउँ तल्लो वा उपल्लो रम्घा हुन सक्ने उल्लेख पनि भेटिन्छ । डाँडाको पश्चिम भागलाई माथि तामाकोट र तल तेर्से पानी भनिन्छ । पश्चिमबाट जारकाटे, मध्यपुर, उपल्लो रम्घा र तल्लो रम्घा भन्दै डाँडैडाँडा पूर्वतर्फ खातथोक, दोरदोरतिर बढिन्छ । डाँडो एउटै देखिए पनि डाँडाको पूर्वी र पश्चिमी भागलाई रम्घा बोलिँदैन । शिखर कटेरी भन्ने गाउँ त उपल्लो रम्घा र चुँदी बेँसीको अधमरो भागमा पर्छ, जहाँ भानुभक्तका बाबुहरू छुट्टीभिन्नपछि बनेको गाउँको घर थियो भनिन्छ । छुट्टीभिन्न नहुँदै बेसीको मूलघर भएको ठाउँ पुरन्डिही त निश्चित छ । छुट्टीभिन्नपछि बेसीमा बनाएको निगालाका भाटा भएको ठूलो घर भएको ठाउँ पनि निश्चित नै हो ।

यदि 'भानुभक्त मणिमाला'मा प्रकाशित जन्ममिति, श्लोक र बर्खामा औलो छल्न ५।६ महिना गाउँमा बस्ने चलनलाई सत्य नठान्ने तथा महामारी वा औलाको प्रकोपपछि डाँडाको फेदमा रहेको ठाउँबाट डाँडाको अलि अग्लो वा शिखरमा सर्ने बाहुन, क्षत्रीको चलनलाई सत्य ठान्ने हो भने भानुभक्तको जन्म पुरन्डिहीमा भएको हुन सक्छ । श्रीकृष्ण आचार्यको समयमा पनि पहाडतर्फ बर्खा लागेपछि बेसीमा बस्ने चलन रहेको अनुश्रुति सुनिन्छ । किनभने त्यस समयमा तनहुँतिर हिउँद र बर्खामा दरै, कुमालजस्ता जाति मात्र बेसीमा बस्दैनथे ।

यसै शीर्षकमा कविको 'चालिस् वर्ष भञा म पुत्र पनि एक् मात्रै छ आठ् वर्षको' भन्ने कविताको अर्थ, मोतीरामले दिएको वि.सं. १८६९ जन्मसाल र विष्णुमायाले 'भानुभक्त मणिमाला'मा प्रकाशित गरेको जन्मसाल वि.सं. १८७१ असार २९ गतेबीच ऊहापोह छ । भानु द्विशतवार्षिकी मनाउने सन्दर्भमा नेपाल सरकार र सङ्घसंस्थाहरूले विष्णुमायाद्वारा प्रकाशित संवत्लाई नै आधार मानेका छन् । यो लोक प्रचलित चलनलाई लेखकले तार्किक अतिक्रमण गर्न सकेका छैनन् । तार्किक अतिक्रमण गर्न त्रिपाठीले भनेझैँ थप खोजको आवश्यकता छ । बरु रामदत्त, जोतिसीसमेत भएका धर्मदत्त र मोतीरामले चासो लिएर लेखिएको जन्म समयलाई (वि.सं. १८६९) विष्णुमायाले 'भानुभक्त मणिमाला'मा बिनाटिप्पणी परिवर्तन गरेका कारण जीवनी लेखक प्रसाई र भूमिका लेखक त्रिपाठीको प्राज्ञिकता मौन बस्न सकेको छैन । सन् १९५२ मा प्रकाशित 'आदिकवि भानुभक्त आचार्य' भन्ने कृतिमा पनि दार्जिलिङका भाइचन्द्र प्रधान पनि मौन बसेका छैनन् । मलाई के लाग्छ भने मोतीरामले भानुभक्तलाई चिनेका र भेटिएका मानिससँग सम्पर्क गरी जीवनी लेखेको उल्लेख गरेका छन् । वि.सं. १९४८ मा जीवनी प्रकाशनपछि कविपुत्र रमानाथ आचार्यसँग मोतीरामले काठमाडौँमा भेटेको र प्रकाशित भानुभक्तको जीवनीमाथि रमानाथको गुनासो नरहेको

उल्लेख पनि भेटिन्छ । यसमा मोतीरामले गरेका कामप्रति भानुभक्तका वंशज र शाखासन्ततिमा कृतज्ञताको भावनाको कमी र मोतीरामलाई फुटो बनाउने प्रयास गरेको समीक्षात्मक अभिमत रहेको छ । उता नेपाली साहित्यका महासमालोचक प्राध्यापक डा.वासुदेव त्रिपाठीले पनि भानुजनहरूको मोतीरामप्रति उपेक्षा भाव पाएको गुनासो पोखेका छन् । भानुजन्म संवत्बारे मोतीरामको भन्दा भिन्न संशोधित धारणाको उचित परीक्षण हुनुपर्ने कि नपर्ने भनी महासमालोचक त्रिपाठीबाट उत्तरवर्ती विद्वान् र भानुका स्वजनहरूमाथि परीक्षण र निर्क्योल गर्ने दायित्व सुम्पिएको छ ।

दोस्रो शीर्षक 'भानुभक्तको शिक्षादीक्षा' अन्तर्गत जीवनीकारले अक्षरारम्भदेखि गणेशस्तोत्र, सूर्यस्तोत्र, दुर्गाकवच, सप्तशती, अमर कोश, व्याकरण, ज्योतिष, वेद, साहित्य, दर्शनहरूको अध्ययन र बाबु धनञ्जयसँग कानुनी शिक्षा पाएको उल्लेख गरेका छन् । उनी काशीमा रहँदा तुलसीकृत रामायण, प्रचलित संस्कृत र हिन्दी वा व्रज भाषाका भक्ति साहित्यसँग परिचित भएको कुरा समकालीन हिन्दी वा व्रज र संस्कृत भक्ति साहित्यको अनुशीलनबाट ज्ञान हुन्छ । भानुभक्त नरनाथ आचार्यले भनेझैँ बिहानबेलुका श्रीकृष्ण र दिउँसो पाठशालामा पढ्थे । तर भानुभक्तको यस्तो सीमित अध्ययन थिएन । भक्तिपरक श्लोकहरूको अध्ययन र श्लोकमा पाइने प्रभावले तत्कालीन हिन्दी भाषाका भक्ति साहित्यको भानुभक्तीय अध्ययनलाई सङ्केत गरेका छन् । भक्ति साहित्यको अध्ययन र लोकहितका निम्ति तुलसीकृत रामायणको प्रभाव देख्दा बनारसदेखि नै भानुभक्तको अन्तर्मनमा रामानन्दकृत रामायण र रामभक्ति लेखनतर्फ प्रेरणा जागृत भएको हुनुपर्छ । श्रीकृष्ण आचार्य र घाँसी जसजसलाई प्रेरक भने पनि तत्कालीन वाराणसीमा प्रवाहित भक्तिधारा वा भक्ति साहित्यको बिनाअवलोकन भानुभक्तीय प्रेरणा स्रोत उद्घाटित हुँदैन । प्रसाईले भानु जीवनवृत्तको दोस्रो शीर्षकमा भानुभक्तीय अध्ययनको

विस्तार र रामभक्ति साहित्य लेखनको प्रेरणाङ्कुरतर्फ सङ्केत गर्नु वाञ्छनीय छ ।

तेस्रो शीर्षकमा गिरिधारीसँगको झगडामा भानुभक्तलाई पण्डित भएर पनि प्रपञ्च रच्न सिपालु र रिसराग प्रतिशोधजस्ता मानवीय प्रवृत्ति भएका मानिस भनिएको छ । तर भानुभक्तले गाउँको गरुँ हित् भनी बराह कुलो खनेर गिरिधारीसँग झगडा गरे । कुलो लामो थिएन, बराहदेखि पिप्लेसम्म छोटै थियो तर कृषकका खेतको सिँचाइ समस्यालाई सम्बोधन गर्ने यो काम प्रतिशोधको भावनाभन्दा चुँदीरम्घाली सामाजिक सेवा थियो । घरमा चिलाउने, कटुस र सालका भाटाले गिरिधारीका थरको उच्चारण निकटता देखाउँछ । उच्चारण निकटतामा पनि प्रतिशोधको भावनाबाट भानुभक्तले निगालो ल्याई घरमा भाटा हाल्नु र सोतिनी बुढी अलच्छिन्की रहिछन् भन्नुले जीवनीकार प्रसाईको भनाइ मानवीय प्रवृत्ति निकट त छन् । तर यसैका कारण लोक्को गरुँ हित् भन्ने भानुभक्तका दया, माया, सहानुभूति, प्रेम, सहयोग र अन्य मानवीय प्रवृत्तिहरू तिरोहित भएका देखिँदैनन् ।

भानुभक्तको जागिर र कुमारीचोकको थुना भन्ने चौथो शीर्षकमा प्रसाईले मोतीरामले झैँ भानुभक्तलाई जागिर खुवाएर, जागिर खोसेर अनि कुमारीचोकमा थुनाएका छन् । पहिले मान वा जागिर दिइयो, अनि खोसियो, खोसेपछि त कहिल्यै नखोस्न्या गरी भुक्तमान् पो थपियो भनी भानुभक्तले कृष्णबहादुरलाई कविता लेखेका छन् । सायद यही अर्थमा जीवनीकार प्रसाई भानुभक्तले जागिर खाएका थिएनन् भन्ने विचार राख्नेहरूलाई पुनर्जन्म लिएका मोतीराम बनेर प्रतिवाद गर्छन् । जागिर खाएको थप प्रमाण नजुटाए पनि प्रसाईले यसको विश्लेषणमा मोतीरामको बिँडो थामेका छन् । एउटा प्रस्ट कुरा प्रकाशमा आएको छ, त्यो के भने वि.सं. १८९८ तिर बाबु धनञ्जय आचार्य शूल रोगले गर्दा अड्डाको काम गर्न असक बने । काममा सहयोग गर्न भानुभक्त आचार्य पाल्पा बोलाइए । डेरा वा बसोबास

पाल्पाली कवि छविलाल नेपालका हजुरबा पं.भवानी शङ्कर नेपाल र पिता दीनानाथ नेपालका घरमा थियो । डेरा मात्र होइन, भानुभक्त र दीनानाथबीच मितेरी साइनोसमेत थियो । भानुभक्तमा मानवीय प्रतिशोधको भावना सजीव भाटसँग मात्र थिएन निर्जीव मानसँग (जागिर) पनि थियो । प्रतिशोधको भावनाले गर्दा भानुभक्तीय लिखतहरूमा नामको अगाडि मानबाट पाएको पद लेखिएन । मान वा जागिरपछि लिखतमा नामको अगाडि सुब्बा, डिट्ठा, खरिदार, बहिदार, बिचारी आदि नलेख्ने राणाकालीन मानिसहरूका पङ्क्तिमा भानुभक्त पनि पर्छन् ।

पाँचौँ शीर्षकमा भानुभक्तको सम्मान लेखिएको छ । यसले हालसम्म लेखिएका भानुजीवनीहरूबाट भानुभक्त आचार्यको जीवनवृत्तलाई भिन्न बनाएको छ । वि.सं. १९४८ मा मोतीरामले सर्वप्रथम आदिकवि लेखे अनि वि.सं. १९९७ मा राणा प्रधानमन्त्री जुद्धशमशेरले पनि घुमाउरो हुकुम प्रमाङ्गी दिएर यो आदिकवि भन्ने पदबाट सम्मान पाएको चर्चा छ । धरानतिर वि.सं. २००३ मा, दार्जिलिङतिर सन् १९४६ (वि.सं. २००३) मा भानुजयन्ती समारोह एक एक पटक भएको र अटुट रूपमा भने वि.सं. २०१० देखि गोपाल पाँडे असीमको नेपाली शिक्षा परिषद्ले भानु जयन्ती मनाएर उनीप्रति अर्को सम्मान प्रकट गरेको उल्लेख छ ।

छैटौँ शीर्षकमा भानुभक्तको जीवनमा घाँसी रहेको छ । जीवनीकार प्रसाईले मोतीरामको घाँसी एक रोचक तर कमजोर प्रसङ्ग ठानेका छन् । मलाई कमजोर प्रसङ्गजस्तो लाग्दैन । भावनाका फूलबुट्टा र कल्पना जरीहरू जडेर भनाइलाई रोचक बनाउन कविहरू खप्पिस हुन्छन् । मोतीरामले घाँसी प्रसङ्गमा कविहरूमा हुने यो खप्पिसपन प्रदर्शन गरेका छन् । कविको खप्पिस स्वभावलाई कसरी कमजोरी भन्ने ? जीवनीकार प्रसाईले मोतीरामको घाँसी र नरनाथ आचार्यको घाँसीको घाँस काट्ने काम पनि फरकफरक

देखाएका छन् । उनले चामुनारायण पन्थ नामधारी घाँसी उभ्याउनेहरूको बेहोरा तत्कालीन तनहुँको नेपाली समाज, जङ्गल र पानी छेलोखेलो भएको हालको घाँसीकुवा भएको ठाउँसँग मेल नखाने बताएका छन् । प्रसाईले व्यास नगरपालिकामा तीन ओटा घाँसीकुवा भनी लेख्नेले घाँसीकुवा किंवदन्ती र घाँसी कविताचाहिँ भावुक अनुभूतिको उत्कृष्ट कविता भएकाले घाँसीकुवा वस्तुगत हुन सक्दैन भन्ने लेखकका भनाइको सार उल्लेख गर्न पनि छुटाएका छैनन् । यता नामधारी घाँसी देखाउने क्रममा कसैले वसन्त पन्थ र कसैले सेते पन्थलाई पनि उभ्याएको देखिन्छ । जीवनीकार प्रसाईले त्यसको उल्लेख गरेका छैनन् तर घाँसी र घाँसीकुवासम्बन्धी गन्जागोले विचारहरूको विश्लेषण गरेर भानुभक्त र घाँसी प्रसङ्ग नेपाली जनमानसको चिरसञ्चित पुँजी भन्ने अभिमत दिएका छन् ।

भानुभक्तलाई मोतीरामको खाँचो भन्ने सातौँ शीर्षकमा पछि वाल्मीकि हुने रत्नाकरको डकैतीपन र पछि हिन्दी भाषाका आदिकवि हुने तुलसीदासको प्रारम्भिक जीवनको स्त्रीमोहजस्तै भानुभक्तमा पनि हेपाहा, रिसाहा र एकोहोरो प्रवृत्ति रहेको उल्लेख छ । शीर्षकभित्र रत्नाकरलाई नारद र तुलसीदासलाई पत्नीले सच्याएजस्तै भानुभक्तलाई मोतीरामले घाँसीमार्फत सच्याउने काम गरे भनी नयाँ तर्क दिइएको छ । तर उल्लिखित नारद र पत्नीले जीवितलाई सच्याउने र उजिल्याउने काम गरे भने मोतीरामले त अजीवित भानुभक्तलाई घाँसीमार्फत सच्याएर उजिल्याउने काम गरे । मलाई के लाग्छ भने भानुभक्तका रामायण र कविताले नै भानुभक्तलाई सच्याउने, उजिल्याउने र बिहानी शुक्रतारा बनाउने काम गरेका छन् । किन्तु मोतीराम त अँधेरी रातको साहित्याकाशमा चम्किलो शुक्रतारा देख्ने पहिलो नेपाली थिए । उनले शुक्रताराको प्रकाश र मुहार जनसमक्ष ल्याएर हेर्न सिकाए । निरन्तर चम्किलो भानुरूपी शुक्रतारा हेर्नेलाई भन्दा भानुभक्तलाई मोतीरामको खाँचो देख्ने प्रसाईको तर्क निरपेक्ष छ ।

वाल्मीकिका नारद र तुलसीदासकी पत्नीसँग भानुभक्तका घाँसीलाई समकक्षी बनाउनु जीवनीकारको मौलिक चिन्तन हो ।

आठौँ शीर्षकमा भानुभक्तको कान्तिपुर प्रवेश रहेको छ । यसमा वि.सं. १९०६ तिर गिरिधारी भाटसँग भएको झगडामा भानुभक्त काठमाडौँ आएको प्रसङ्ग उल्लेख छ । मोतीराममेली लेखनमा बालाजी वर्णन र कान्तिपुर कविता यसै समयमा लेखिएको भन्ने पाइन्छ । यहाँ मोतीराममेली कथनको समर्थन भेटिन्छ । तर रम्घाली आचार्यहरू भीमसेन थापाको पालामा काठमाडौँ आवतजावत गर्थे । काठमाडौँ डिल्लीबजारमा काहिँला काका तुलसीरामका दुई छोरीको विवाह हुनु, भीमसेन थापाकहाँ काकाहरूको आवतजावत हुनु र केही समय जागिर खानुजस्ता अनुश्रुति एवम् महाबौद्धमा निजी घर हुनु आदि कारणले वि.सं. १९०६ तिर काठमाडौँमा पहिलो पाइला राखेका थिए भन्ने भनाइमा सत्यताको मात्रा कम छ । बालाजी कविताले यस भनाइलाई समर्थन गरेको छ । किनभने 'यति दिन पछि मैले आज बालाजि देख्याँ' हरफमा पहिले नै बालाजीमा आएको तर धेरै दिनपछि आज बालाजी देखियो भन्ने आशय व्यक्त छ । अनिश्चित परिमाणवाचक विशेषण यति दिन प्रयोग गरी कविता लेख्दा भानुभक्तको आगमन पहिलो थिएन भन्ने आशय प्रत्यक्ष नै छ । यहाँ झगडाले भन्दा बालाजी र कान्तिपुर कविताले भानुभक्तको कान्तिपुर आगमनलाई महत्त्वपूर्ण बनाएका छन् ।

नवौँ शीर्षकमा भानुभक्तको देहावसान रहेको छ । देहावसान भएको मिति वि.सं.१९२५ असोज ६ गते शुक्लपञ्चमी भन्ने अन्य जीवनी लेखकहरूसँग प्रसाईले विमति राखेका छैनन् । दसौँ शीर्षकमा भानुभक्तका कृतिहरू 'रामायण', 'प्रश्नोत्तर', 'भक्तमाला', 'वधूशिक्षा' र 'रामगीता'हरूको विवेचना, एघारौँ भानुभक्तको जन्मकुण्डली शीर्षकमा भानुभक्तका मित्र धर्मदत्तका नाति बोधराजका छोरा रङ्गनाथले भानुभक्तकी नातिनी रमानाथकी छोरी विष्णुमायालाई

दिएको भानुभक्तको भनिने जन्मकुण्डली र कुण्डलीमाथि मोतीराम बनेर गरिएको वकालत छ । यहाँ भानुमित्र धर्मदत्त ज्ञवालीका नाति र भानुभक्त आचार्यकी नातिनी दुई जना मिलेर बिनाटिप्पणी मोतीरामले लेखेको भानुजन्म संवत् परिवर्तन गर्नुमा जीवनीकार आहत देखिन्छन् ।

बाह्रौँ शीर्षकमा भानुभक्तदेखि चुँदीरम्घामा विद्यमान सन्ततिसम्मको वृक्षरेखा दिइएको छ । जीवनीकार प्रसाईले मोतीरामदेखि बाबुराम, सम, देवकोटा, वासुदेव त्रिपाठी र आफ्ना समेत दृष्टिकोणबाट भानुभक्तीय कृतिहरूलाई विवेचना गरेका छन् । एक जना भानु वंशज आचार्यले 'हाँस्नू हुन्न कदापि नारिहरुले वैश्या हुन्या हाँस्तछन् । वैश्या लौ ति नहुन् .....' भनी वधूशिक्षाको एउटा श्लोकलाई भानुभक्तीय हस्ताक्षर भन्दै वेश्याको वैश्यै र वैश्या पाठान्तर गरेकामा जीवनीकार प्रसाईको आक्रोश छ । यहाँनेर भानुभक्तकालीन नेपाली समाजमा नारीलाई हेर्ने पुरुष दृष्टिकोण मात्र होइन, आदिकवि तुलसीदास र भानुभक्तको प्रश्नोत्तरीमा नारीलाई हेर्ने दृष्टिकोणसँग समेत जीवनीकार नरेन्द्रराज प्रसाई परिचित देखिन्छन् । लोकले सत्य मानेको भानुजन्म वि.सं. १९७१ लाई समर्थन गर्ने तर मोतीरामले लेखेको भानुजन्म वि.सं. १८६९ लाई सत्य ठान्ने जीवनीकार प्रसाईले एघारौँ शीर्षकमा पनि जन्मसालको पुन: विवेचना गरेका छन् । यसै शीर्षकमा पनि चारौँ शीर्षकमा परेको भानुभक्तको जागिरको पुन: चर्चा गरिएको छ । चर्चामा भानुभक्तले लेखेको 'जागीर् छैन धनी म छैन ......' भन्ने कवितामाथि फुत्ती खेल्ने र मोतीरामको भनाइ फुटो बनाउने रम्घाली आचार्यहरूसँग विमति जनाइएको छ । यस शीर्षकमा विमति जनाउँदा प्रसाईले जागिर खाएका थिए भनी लेख्ने र बोल्ने आचार्यहरूको नाम भने भुसुक्कै बिर्सेका छन् । जन्मसन्दर्भ र जागिर दुवै प्रसङ्गलाई दोहऱ्याउनु, पहिलेका तत्तत् शीर्षकमा नै जन्मकुण्डली र जागिरका कुरा उल्लेख गरे पुग्नेमा फेरि अलग शीर्षक दिनु कृतिमा देखिने पुनरावृत्ति हो । पुनरावृत्तिले भानुभक्तको जन्मसमय र जागिरका

सम्बन्धमा थप विश्लेषणको विस्तार खोजेको प्रस्टै छ । यसरी बाह्रौँबाहेकका शीर्षकहरूमा लगभग विभिन्न मत उपस्थापन र प्राय: टिप्पणी दिँदै र विश्लेषण गर्दै जीवनवृत्त लेखिएकाले यस कृतिको शीर्षकले पनि 'भानुभक्त आचार्यको विश्लेषणात्मक जीवनवृत्त' भन्ने नामकरण खोजेको छ । त्रिपाठीको भूमिकासहित जीवनीकार प्रसाईको यस कृतिले भानुभक्तका बारेमा थप अध्ययन गर्न चाहने पाठकहरूका लागि प्रवेश द्वारसमेत खोलेको छ ।

अन्त्यमा भन्नुपर्दा नरेन्द्रराज प्रसाईले पूर्वजीवनीकारहरूको मतलाई समीक्षाको कसीमा घोटेर जीवनी लेखनका आनुभविक शिल्प प्रदान गर्दै 'भानुभक्त आचार्यको जीवनवृत्त' भन्ने कृतिलाई नम्बरी सुन बनाउन खोजेका छन् । भानुभक्तलाई सर्वप्रथम नेपाली साहित्याकाशमा ल्याउन अप्रत्यक्षत: रामदत्त आचार्य र प्रत्यक्षत: मोतीराम भट्टको ठूलो योगदान रहेको छ । प्रसाईले योगदानप्रति पछिल्ला जीवनीकार र जीवनी उद्घाटकले गरेका उपेक्षा र अमिल्दा विषय मिश्रणलाई खरो प्रतिवादको आगो फुकेर खारेका छन् । यस प्रतिवादले भट्टलिखित 'कवि भानुभक्तको जीवनचरित्र' भन्ने कृतिलाई पुन: ताजगीकरण गरेको छ ।



**शान्तिमाया गिरी**

**जन्म** : २०२९ साल वैशाख २२ गते (नवलपरासी); **शिक्षा** : एमए, एमफिल, विद्यावारिधि अध्ययनरत; **कृति** : २ पुस्तक (समालोचना); **पुरस्कार** : विश्वनारी नेपाली साहित्य पदक, त्रिमूर्ति पुरस्कार; **प्राध्यापन** : नेपाल मेगा केलज ।

# ज्ञान र सूचनाको केन्द्र

नरेन्द्रराज प्रसाई (वि.सं. २०१२, ताप्लेजुङ) नेपाली भाषासेवी तथा साहित्यसेवी हुन् । विगत चार दशकदेखि कविता, गीत, निबन्ध, प्रबन्ध, नियात्रा, संस्मरण, जीवनीविधामा कलम चलाउँदै आएका प्रसाईका एकल तथा संयुक्त रूपमा लिखित तथा सम्पादित गरी छ दर्जनजति कृति प्रकाशित छन् भने सात ओटा जति श्रव्यकृति पनि सार्वजनिक भइसकेका छन् ।

नरेन्द्रराज प्रसाईद्वारा लिखित तथा नइ प्रकाशनद्वारा प्रकाशित 'भानुभक्त आचार्यको जीवनवृत्त' (२०७१) शीर्षकको पुस्तक पनि भानुभक्तबारेको उच्चकोटिको अध्ययनबाट प्राप्त भानुभक्तीय सूचनामूलक ज्ञानको

ग्रन्थ हो भने आदिकवि भानुभक्त आचार्य द्विशतवार्षिकीको एउटा उपलब्धि पनि हो ।

यस ग्रन्थमा जीवनीकार प्रसाईले भानुभक्त आचार्यले जनप्रियता बटुल्नु र जनमाझ सम्पूज्य हुनुको कारणबारे पुष्टि गर्ने प्रयत्न गर्दै भानुभक्त आचार्यलाई सर्वव्यापक एवम् साझा कविका रूपमा चिनाएका छन् । नेपाली समाजलाई मर्यादा पुरुष रामको महिमागान गरी नैतिकताको पाठ सिकाउनु, रावणको पराजयको कथामार्फत समाजलाई रामझैं असल भएर विजयी बन्ने प्रेरणा दिनु, नेपाली भाषामा रसिलो, मीठो भाषाशैली र छन्दलयमा प्रस्तुत गर्ने सृजनात्मक सामर्थ्य हुनु, नेपाली जाति र भाषाको एकतासूत्र बन्नुजस्ता नेपाली भाषा र समाज उपयोगी कार्य गरेका व्यक्तित्वका रूपमा प्रसाईले भानुको मूल्याङ्कन गर्नुले पाठकसामु भानुको चरित्र र जीवनादर्शको सम्प्रेषण भएको छ ।

आदिकवि भानुभक्तलाई नेपाल सरकारले नेपालको राष्ट्रिय विभूतिको सम्मान दिएको, भारतको दार्जिलिङमा सरकारी बिदासहित जनस्तरमा भानुजयन्तीको परम्परा व्यापक बनेको, फाटफुट वार्षिक भानुजयन्ती मनाउने कार्य नेपालमा २००३ सालदेखि र राजधानी काठमाडौँमा २०१० सालदेखि थालिएको, सर्वप्रथम भानुभक्तको सालिक २००६ सालमा दार्जिलिङको चौरस्तामा स्थापना भएको र २०१६ सालमा काठमाडौँको दरबार हाइस्कुलको पर्खालमा टाँसेर भानुभक्तको सालिक निर्माण गरिएको, भानुभक्तका सालिक देशका विभिन्न भूभाग र विदेशहरूमा पनि प्रतिष्ठापित हुन थालेको, देशविदेशका विभिन्न क्षेत्रका नगर, गाउँ आदिका अनेक ठाउँ, चोक आदिको नामकरणसँग भानु जोडिन पुगेको, भानुभक्तको सम्मानमा नेपाल सरकारबाट हुलाक टिकट र नेपाल राष्ट्र बैङ्कबाट सिक्कासमेत निकालिएको, यादव खरेलको सक्रियतामा 'आदिकवि भानुभक्त' शीर्षकको चलचित्रसमेत निर्माण भएको, नेपाल सरकारले भानुभक्तको जन्मस्थललाई नेपाली साहित्यको तीर्थस्थलका रूपमा विकास गर्ने

योजना बनाएको, 'भानु जन्मस्थल विकास समिति २०५२' को स्थापना भएको जस्ता सूचना प्रस्तुत गर्दै लेखक प्रसाईले भानुभक्तलाई नेपाली साहित्यप्रेमीहरूको शिरको ताजको रूपमा चित्रण गरी उनलाई प्रतिष्ठित र आदरणीय अग्रज साहित्यिक व्यक्तित्वका रूपमा पाठकबीच थप श्रद्धा जगाएका छन् । भानुलाई प्रचुर संवेदनशीलता एवम् स्वाभिमानी प्रवृत्तिका रूपमा तथ्य, प्रमाणसहित वर्णन गरी राष्ट्रिय गौरव, श्रद्धा, महिमा र गरिमाका रूपमा पुष्टि तथा मूल्याङ्कन गरेका प्रसाईले धेरै नै भानुभक्तविषयक कृति अध्ययन गरी यो पुस्तक तयार गरेको कुरा प्रस्तुत पुस्तकको अध्ययनबाट थाहा हुन्छ ।

भानुभक्त आचार्यसम्बन्धी कतिपय कपोलकल्पित, विवादित, भ्रमात्मक कुराहरूको पनि खण्डन गर्दै भानुभक्त आचार्यबारे आजसम्म प्रकाशित जीवनी प्रसङ्गलाई पनि लेखक प्रसाईले नवीन तथ्य, प्रमाण तथा वैज्ञानिक तर्क समेटी परिमार्जित, विश्वसनीय र परिष्कृत तुल्याएको पाइन्छ । आदिकवि भानुभक्त आचार्यको जन्म वर्ष १८७१ साल कायम भएको सन्दर्भमा लेखक प्रसाईले भानुभक्तले चालीस वर्षको उमेरमा कुमारीचोकबाट श्री ३ कमान्डर इन-चीफलाई १९०९ सालमा कवितामा बिन्तीपत्र लेखेको साक्ष्य र सन्दर्भ प्रस्तुत गर्दै १८६९ मा ४० जोड्दा १९०९ साल नै हुन आएको तर्क दिँदै भानुभक्तको जन्म वर्ष १८६९ साल हो भनी पुष्टि गरेका छन् । त्यसै गरी भानुभक्तीय समयमा तनहुँको बसोबास जङ्गलैजङ्गल र घाँसैघाँसको माझमा भएको, वनमा र खेतबारीमा घाँस प्रशस्त पाइने हुँदा कतै त झारपात र घाँस खेताला लगाएर फाल्नुपरेको, भानुभक्तको समयमा कुनै पनि गाउँ या सहरमा नगदमा घाँस बिक्री हुने चलन नभएको जस्ता अरू पनि भानु सम्बद्ध तर्कसङ्गत धारणा र तथ्यहरूलाई साक्षी राखेर भानुको जन्मदेखि उनको शिक्षादीक्षा, स्वभाव, विचार, क्रियाशीलता, कृति, आर्थिक-पारिवारिक अवस्था, पेसा, जन्मकुण्डली, वंशावली, तस्बिर, हस्तलिपिदेखि देहावसानसमेतको जानकारी दिई भानुसम्बद्ध

सबै पक्षतिर ग्रन्थकार नरेन्द्रराज प्रसाईले ध्यान पुऱ्याई अनुसन्धान कार्य गरेको कुरा उनको ‘भानुभक्त आचार्यको जीवनवृत्त’ कृतिको अध्ययनबाट थाहा पाइन्छ । तल उल्लिखित प्रसाईका भानुसम्बन्धी अरू पनि विभिन्न अभिव्यक्तिगत तथ्य र साक्ष्यहरूबाट प्रस्तुत कृति अनुसन्धानमूलक रहेको ठम्याउन सकिन्छ ।

प्रस्तुत कृतिका अनुसार कविराज पण्डित नरनाथ शर्मा आचार्यले लेखेको भानुको जीवनीमा कल्पनाको पनि प्रयोग पाइएको कुरा प्रसाईले ठम्याएका छन् । ‘असम्भव र झुटो कुरो धेरै परेको’ भन्दै मोतीरामले लेखेको भानुभक्तको जीवनीलाई नरनाथले झुटो साबित गरेको विषयप्रति लेखक प्रसाईले तार्किक ढङ्गले असन्तुष्टि प्रकट गरेका छन् । भानुभक्तको भौतिक चोला सकिएको बाइस वर्षपछि मोतीरामले लेखेको भानुको जीवनीलाई गलत ठान्नु, भानुभक्त बितेको बयानब्बे वर्षपछि छापिएको नरनाथको कृतिलाई चाहिँ विश्वसनीय ठहऱ्याउनु वैज्ञानिक एवम् वस्तुगत आधार होइन भन्ने प्रसाईको ठहर छ । हुन पनि हो, भानुभक्तसँग थर मिलेकै आधारमा भानुभक्त आचार्यको वंशमा नै नपरेका कविराज पण्डित नरनाथ शर्मा आचार्यको कुरा खोजमूलक र आधिकारिक छ भनी विश्वास गर्न एक पटक विचार गर्नै पर्दछ । वंशपरम्परागत कतिपय अनुश्रुतिलाई र सोधीखोजीका कतिपय व्यहोरालाई हेर्दा नरनाथले लेखेका कुरा सबै असत्य हुन् भन्न नसकिए तापनि नरनाथद्वारा कुन कुरा सत्य लेखिए र कुन कुरा तथ्यहीन रूपमा प्रस्तुत भयो भन्ने कुरामा अझ पनि खोजमूलक ढङ्गले अघि बढ्नु हामी सबैको दायित्व भएको प्रसाईको धारणा छ ।

मोतीराम भट्ट, बाबुराम आचार्य वा रमानाथ र विष्णुमाया, दुर्गादत्तपछिका आचार्य खलकहरूमध्ये भानुभक्तबारे लेख, किताब लेख्ने प्राय:ले चाहिँ भानुभक्तले जागिर खाएका थिएनन् भनेर दाबी गर्दै आएको कुरालाई पनि प्रस्तुत ग्रन्थमा प्रसाईले खण्डन गरेका

छन् । भानुभक्तद्वारा रचित श्लोकलाई नै उल्टोपाल्टो व्याख्या गरेर भानुभक्तले जागिर खाएका थिएनन् भन्ने कुरालाई नरेन्द्रराज प्रसाईले विभिन्न साक्ष्य, प्रमाणका आधारमा तथ्यपरक र तार्किक ढङ्गले जागिर खाएका थिए भन्ने कुरालाई पुष्टि गरेका छन् ।

**जागीर् छैन धनी म छैन घरको केबल् कुदालो खनी ।**
**खान्थ्याँ दुक्ख गरेर चाकरी गर्‍याँ मान् पाउँला की भनी ॥**
**एक् मन् चित्त लगाइ चाकरि गर्‍याँ खूसी भया छन् हरी ।**
**मान्माथी पनि भुक्तमान् थपि दिया कैल्ह्यै नखोस्न्या गरी ॥**

भानुभक्तको कविता, भानुभक्तको सुब्बा धर्मदत्त ज्ञवालीसँगको मित्रता र ज्ञवालीको राणाहरूसँगको सम्पर्क तथा भानुभक्त आफैँले कमान्डर इन-चीफ कृण्णबहादुर राणाका चाकडी गरेका आधारमा या भनौँ बाबु धनञ्जय अशक्त हुँदै गएपछि उनका स्थानमा भानुभक्तले जागिर खाएका तथा कमान्डर इन-चीफ कृष्णबहादुर राणाको चाकरी गरेबापत १९०७ साल वैशाखमा भानुभक्तले मदेसमा गई काम गर्ने अवसर पाएको सन्दर्भलाई आधार बनाएर भानुभक्तले जागिर खाएका थिए भन्ने कुरालाई प्रसाईले पुष्टि गरेका छन् । त्यसै गरी जागिर खोसिएको रनाहामा र थुनुवा जीवनमा लेखिएको कविता छँदाछँदै भानुभक्तको जागिरै थिएन भन्नुलाई प्रसाईले अवैज्ञानिक तर्क ठान्दै भानुभक्तले जागिर खाएकोमा भानुभक्तका वंशजले हीनताबोध गर्नुको कुनै कारण नै नभएको बौद्धिक राय पनि व्यक्त गरेका छन् ।

आदिकवि भानुभक्त आचार्यले १९१९ सालमा रचेको 'वधूशिक्षा' को श्लोकमा प्रयोग गरेको 'वेश्या' शब्दलाई 'वैश्या' शब्दको प्रयोग गरी भानुभक्तले नारीलाई वेश्या भनेको नभई वैश्य भनेको आशय प्रस्तुत हुने गरी वैश्या शब्द राखिएको श्लोक परेको 'वधूशिक्षा' प्रकाशनमा आएको विषयबारे नरेन्द्रराज प्रसाईले कसरी यस्तो पाठभेद हुन आयो भन्ने जिज्ञासा उठाउँदै यतिका वर्षपछि आएर भानुभक्तको मौलिक रचनालाई झन् विवादमा पार्नु उपयुक्त नभएको विचार

व्यक्त गरेका छन् । यसको वस्तुनिष्ठ गम्भीर निर्क्योल नेपाली प्राज्ञिक जगत्‌को दायित्व भएको बताउँदै हचुवाको भरमा प्रस्तुत गरिएका विवरणले भानुभक्तीय रचनामाथि अन्याय हुन जाने कुरा प्रसाईले प्रस्तुत कृतिमा बताएका छन् । प्रसाईका उपर्युक्त विभिन्न प्रश्नशील तार्किकताले गर्दा अझै पनि भानुभक्त आचार्य सम्बद्ध खोजमूलक र वैज्ञानिक अध्ययनको सम्भावना बाँकी नै रहेको कुरालाई हामीमाझ बोध गराएको छ ।

विष्णुमायाको 'भानुभक्त मणिमाला' मा कविपरिचयअन्तर्गत प्रस्तुत भएको भानुभक्त आचार्यको जन्मकुण्डलीको वास्तविकताबारे पनि नरेन्द्रराज प्रसाईले तार्किक जिज्ञासा राखेका छन् । भानुभक्तको शेषपछिको पौने एक शताब्दी भुक्तान हुन लाग्ने बखतमा भानुभक्तको जन्मकुण्डली र सोबारेकै भानुभक्तको कविता प्राप्त हुनुको वास्तविकताप्रति पत्यार गर्ने बलियो आधार के हुन सक्छ भन्नेबारे प्रसाईको जिज्ञासा छ । भानुभक्त आचार्यको जन्मकुण्डलीको सत्यता-असत्यताबारेको पुष्टयाइँका लागि पनि प्रसाईले तार्किक तथ्य प्रस्तुत गरेका छन् :

> **चालिस् वर्ष भञ्या म पुत्र पनि एक् मात्रै छ आठ् वर्षको**
> **आयो काल् व्रतबन्धको नजिकमा बेला त हो हर्षको**

कुमारीचोक थुनामा पर्दा त्यस बखतका कमान्डर इन-चीफ कृष्णबहादुर राणालाई भानुभक्तले लेखी चढाएको कविताको रचनाकाल १९०९ हुनु र प्रस्तुत कवितांशअनुसार त्यस बेला भानुभक्तको उमेर चालीस पुग्नु, १९०९ मा ४० घटाउँदा १९६९ साल हुन आउनुले भानुभक्तको जन्मकुण्डली अप्रामाणिक तथा अवैज्ञानिक छ भन्ने मत नरेन्द्रराज प्रसाईले व्यक्त गरेका छन् । हिन्दू धर्मशास्त्रअनुसार मानिसको मृत्यु भएपछि उसको जन्मकुण्डली पनि घरमा राख्नु हुँदैन र त्यसलाई कि चितासँगै जलाउने कि कुनै नदीमा लगेर बगाइदिने सनातन मान्यता रहेको छ । भानुभक्त आचार्य

ब्राह्मण कुलका र सनातन धर्ममा आस्था राख्ने परिवारका भएका हुँदा त्यति बेलाको समयमा उनको जन्मकुण्डली नजलाई वा नबगाई सुरक्षित नै राखियो होला भन्ने अनुमान तथा विश्वास गर्न सकिँदैन । त्यसैले विष्णुमायाद्वारा 'भानुभक्त मणिमाला' मा प्रस्तुत भानुभक्तको जन्मकुण्डली अप्रामाणिक, अवैज्ञानिक र फुटो हुन सक्ने भनी नरेन्द्रराज प्रसाईद्वारा व्यक्त तर्क, अनुमान, धारणासँग जोसुकै बौद्धिक पाठक पनि पूर्णत: सहमत हुने देखिन्छ ।

नेपाली भाषासाहित्यको बहुल क्षेत्रमा वर्तमान समयसम्म नै सक्रिय रहेका प्रसाईले जीवनीपरक समालोचनाका माध्यमबाट अनुसन्धान पद्धतिको महत्त्वपूर्ण आधार बनाएर भानुको जीवनीसँग सम्बन्धित नमुना पाठहरू प्रस्तुत गर्दै 'भानुभक्त आचार्यको जीवनवृत्त' ग्रन्थ तयार गरिएको हुँदा भानुको जीवनचरित्र बढी प्रामाणिक सिद्ध हुन गएको देखिन्छ । प्रस्तुत ग्रन्थ वस्तुगत, तर्कसङ्गत र यथार्थनिकट तुल्याई संयोजित गरिएका सूचनाले विश्वसनीय बन्न पुगेको छ । यसरी नेपाली भाषासाहित्यमा भानुभक्तले पुऱ्याएको योगदानको उच्च मूल्याङ्कन गरी लेखिएको प्रस्तुत ग्रन्थले भानुभक्तसम्बन्धी जिज्ञासा राखी अध्ययन गर्न चाहने साहित्यप्रेमी जिज्ञासु पाठकहरूलाई धेरै नै लाभान्वित तुल्याउने देखिन्छ । प्रामाणिक सूचना, ज्ञान, विश्लेषण र वैज्ञानिक तर्कद्वारा भानुभक्त आचार्यको जीवनी र उनको साहित्यिक व्याप्तिलाई सम्प्रेषण गर्न सफल हुनु यस ग्रन्थको विशेषता हो । यस ग्रन्थद्वारा भानुभक्तसम्बन्धी पूर्वप्राप्त सूचना ज्ञानका सापेक्षतामा प्रामाणिक, परिमार्जित, विश्वसनीय र परिष्कृत एवम् प्राज्ञिक ज्ञान, सूचना थप्ने काम भएको छ भने भानुभक्त सम्बद्ध थप अनुसन्धानको अझै पनि आवश्यकता रहेको कुरालाई पनि बोध गराइएको छ ।



**शालिकराम पौडयाल**

**जन्म** : २०३३ साल चैत २२ गते (रूपन्देही); **शिक्षा** : एमए (नेपाली, प्रथम श्रेणीमा प्रथम; **कृति** : ९ पुस्तक (समालोचना तथा पाठ्यपुस्तक); **पुरस्कार** : लारी स्वर्णपदक, महेन्द्र विद्याभूषण (दोस्रो), नरेन्द्र वाङ्मयनिधि पुरस्कार; **उपप्राध्यापक** : त्रिभुवन विश्वविद्यालय, बुटवल बहुमुखी क्याम्पस ।

# ऐतिहासिक पुनरुत्खनन

## १. विषयप्रवेश

नरेन्द्रराज प्रसाई नेपाली साहित्य समालोचनाका क्षेत्रमा २०४० को दशकदेखि कलम चलाउँदै आएका स्रष्टा एवम् द्रष्टा हुन् । साहित्यिक फाँटका अन्य विधालाई अलग्याएर जीवनीकारिताका सन्दर्भमा उनले पुऱ्याएको योगदान विशेष स्मरणीय छ । नेपाली भाषासाहित्यका सेवकहरूलाई परिचित गराउने महान् उद्देश्य बोकी त्यस यज्ञभूमिमा निरन्तर साधनारत प्रसाई व्यक्ति र संस्था दुवै हुन् । यसै सिलसिलामा नेपाल सरकारको राज्यस्तरबाट आदिकवि भानुभक्त आचार्यको द्विशतवार्षिकी मनाउने सन्दर्भमा गठित समितिको क्रियाशील सल्लाहकारका रूपमा रही आफ्नो अहम् भूमिका निर्वाह

गरी त्यस कार्यलाई सफलीभूत पार्नुका साथै सोही सन्दर्भमा भानुभक्त आचार्यका बारेमा मोतीराम भट्ट १९४८ सालदेखि हालसम्म भएका अध्ययनअनुसन्धानलाई सूक्ष्म रूपमा पुनरावलोकन गरी खण्डन र मण्डनसहित भानुभक्तसम्बन्धी सत्यतथ्य जानकारी प्रकाशनमा ल्याउने महान् कार्यको परिणतिस्वरूप जन्मेको कृति हो नरेन्द्रराज प्रसाईको– 'भानुभक्त आचार्यको जीवनवृत्त' (२०७१) । साहित्यको इतिहास लेखन एउटा जटिल कार्य हो भने त्यही इतिहासअन्तर्गत देखा परेका स्रष्टाको जीवनीका पाटाहरूलाई केलाएर जीवनी लेख्नु झनै चुनौतीपूर्ण कार्य हो । अझ दुई शताब्दीअघि जन्मेका भानुभक्त आचार्यका बारेमा भएका अध्ययन-अनुसन्धानहरूलाई पुनरावलोकन गरी जीवनी लेख्ने कार्य अझ चुनौतीपूर्ण कार्य हो । यस कार्यमा नरेन्द्रराज प्रसाईले जुन कौशल, सामर्थ्य र धैर्य देखाएका छन् त्यो महत्तम उपलब्धि हो र यसले भानुभक्तका बारेमा सार्वजनिक भएका तथ्यका बारेमा पुनर्विचार गर्न झकझकाएको छ । यहाँ प्रस्तुत कृति 'भानुभक्त आचार्यको जीवनवृत्त' (२०७१) का बारेमा सङ्क्षेपमा परिचयात्मक अध्ययन प्रस्तुत गरिएको छ ।

## २. कृतिसन्दर्भ

'भानुभक्त आचार्यको जीवनवृत्त' (२०७१) नरेन्द्रराज प्रसाईकृत जीवनीविधाको अनुपम कृति हो । नेपाली साहित्यका आदिकवि भानुभक्त आचार्यको द्विशतवार्षिकीका सन्दर्भमा प्रकाशमा आएको प्रस्तुत मूल्यवान् कृतिले नेपाली जीवनी परम्परामा एउटा नयाँ आयाम ल्याएको छ । मोतीराम भट्टले 'कवि भानुभक्तको जीवनचरित्र' (१९४८) मा पहिलो पटक प्राथमिक कालका सशक्त कविका रूपमा रहेका भानुभक्तलाई नेपाली साहित्य जगत्मा चिनाउने प्रयास गरे । भानुभक्त आचार्य नेपाली कविताको प्राथमिक कालमा देखा परी वाल्मीकिको 'अध्यात्म रामायण'लाई नेपालीमा अनुवाद गरेर नेपाली जनमानससमक्ष पुऱ्याउने र नेपाली भाषाका माध्यमबाट सामाजिक सुधारको सन्देश

दिने नेतृत्व कर्ता हुन् । यिनै भानुभक्तका बारेमा नेपाली साहित्य समालोचना परम्परामा अहिलेसम्म थुप्रै अध्ययनअनुसन्धानहरू सम्पन्न भइसकेका छन् । भानुभक्त आचार्यको व्यक्तित्व र कृतित्वको अध्ययन विश्लेषणको प्रारम्भ सर्वप्रथम मोतीराम भट्टको १९४८ मा 'कवि भानुभक्तको जीवनचरित्र' प्रकाशमा आएपछि भएको हो । मोतीराम भट्टको यही कृतिबाट नै नेपाली समालोचनाको थालनीसमेत भएको मानिन्छ । यसपछि भानुभक्तका बारेमा अध्ययनअनुसन्धान गर्ने परम्पराको थालनी भयो । ब्रह्मशमशेरको 'कवि भानुभक्त' (१९९५), गुमानसिंह चामलिङको 'कविवर भानुभक्ताचार्यको उपाधि र आदिकविको प्रश्न' (१९९७), नेपाली साहित्य सम्मेलनले प्रकाशन गरेको सम्पादकद्वय सूर्यविक्रम ज्ञवाली र जगत् क्षेत्रीको 'भानुभक्त स्मारक ग्रन्थ' (१९९७) ले भानुभक्तका विषयमा अध्ययन गर्ने कार्यलाई निरन्तरता दिँदै गयो । मोतीरामले भानुभक्तका बारेमा जुन प्रभावपरक समालोचना गरे त्यसैअनुसार सूर्यविक्रम ज्ञवाली, पारसमणि प्रधान, बाबुराम आचार्य, ईश्वर बराल, बालचन्द्र शर्मा आदि विद्वान्हरूले भानुभक्तका गुण पक्षकै प्रशंसा गरे । यस्तै गरी विष्णुमायाको 'भानुभक्त मणिमाला' (१९९८), बाबुराम आचार्यको 'पुराना कवि र कविता' (२००३), भाइचन्द प्रधानको 'आदिकवि भानुभक्त आचार्य' (२००९), पारसमणि प्रधानको 'भानुभक्त ग्रन्थावली' (२००९), हृदयचन्द्रसिंह प्रधानको 'भानुभक्त : एक समीक्षा' (२०१३), बालचन्द्र शर्माको 'भानुभक्त' (२०१४), धरणीधर कोइरालाको 'भानुभक्त श्रद्धाञ्जली' (२०१६), नरनाथ आचार्यको 'आदिकवि कविसम्राट् भानुभक्त आचार्यको सच्चा जीवनचरित्र' (२०१७), नारायणदत्त शास्त्रीको 'भानुको सम्झना' (२०१७), सम्पादक इन्द्रबहादुर राईको 'भानुभक्तका कृतिका अध्ययनहरू' (२०२६), सम्पादक तुलसीबहादुर क्षेत्री र जगत क्षेत्रीको 'भानुभक्त स्मारक ग्रन्थ' (२०२६), सम्पादक भवानी घिमिरेको 'आदिकवि भानुभक्त आचार्य' (२०६१) आदि तथा 'भानुभक्त विशेषाङ्क' (२०२८) एवम् चन्द्रेश्वर दुबेको 'भानुभक्त र घाँसी' खण्डकाव्य

(२०२०), बालकृष्ण समको 'भक्त भानुभक्त' नाटक (२०००) पनि भानुभक्तका बारेमा लेखिएका पुस्तकहरू हुन् । त्यस्तै गरी रङ्गनाथ शर्मा, अगमसिंह गिरी, आनन्ददेव भट्ट, इन्द्र सुन्दास, कमला सांकृत्यायन, कुमारबहादुर जोशी, वासुदेव त्रिपाठी, कृष्णचन्द्रसिंह प्रधान, कृष्णप्रसाद ज्ञवाली, केशवप्रसाद उपाध्याय, गाब्रियल लामा, गोपाल पाण्डे असीम, चूडामणि बन्धु, जगदीश थापा, ठाकुरप्रसाद पराजुली, तानासर्मा, महानन्द सापकोटा, रामकृष्ण शर्मा, सनतप्रसाद पोखेल, शिवराज आचार्यलगायतका थुप्रै लेखकहरूले भानुभक्तका विषयमा कलम चलाएका छन् साथै विश्वविद्यालय तहमा स्नातकोत्तर तह तथा विद्यावारिधि उपाधिका निम्ति भानुका बारेमा अनुसन्धान गर्ने थुप्रै अनुसन्धाताहरू रहेका छन् । यही लामो पृष्ठभूमि र परम्पराबाट दीक्षित हुँदै विगतमा भानुभक्त आचार्यका बारेमा भएका सोधखोज र अध्ययनलाई आधार सामग्रीका रूपमा लिई भानुका विषयका कतिपय प्रसङ्गलाई खण्डन गर्दै एवम् सत्यतथ्य कुरालाई मण्डन गर्दै जीवनीकार नरेन्द्रराज प्रसाईले एक सय पच्चीस वर्षको भानुभक्तीय अध्ययनको निचोडलाई यस कृतिमा उल्लेख गरेर जीवनी ग्रन्थका रूपमा प्रकाशमा ल्याएका छन् जुन भानुभक्तको द्विशतवार्षिकीका सन्दर्भमा प्रकाशित भई जीवनी परम्परामा एउटा सशक्त कृतिका रूपमा स्थापितसमेत भइसकेको छ ।

### ३. कृतिमा अन्तर्निहित पक्षहरू

प्रस्तुत 'भानुभक्त आचार्यको जीवनवृत्त' (२०७१) कृतिमा भूमिका, लेखकीय र मूल खण्ड गरी तीन खण्ड रहेका छन् । भूमिका खण्डमा डा.वासुदेव त्रिपाठीको 'नरेन्द्रराज प्रसाईकृत भानुजीवनी: सन्दर्भ र अभिमत', डा.महादेव अवस्थीको 'सर्वाधिक गहकिलो र विश्वसनीय कृति' तथा केशव सुवेदीको 'भानुभक्तमाथि ऐतिह्य तथ्यहरू' शीर्षकका तीन ओटा लेख रहेका छन् । यी तीन जना प्राज्ञिक विद्वान्हरूको ओजस्वी भूमिकाले कृतिको गुणवेत्ता जाहेर गरेकै छन् साथै प्रसाईको

जीवनी लेखनतर्फको चेष्टा र चासोको विषयलाई प्रकाश पारेका छन् । भूमिकाकारहरूले प्रस्तुत कृतिलाई मोतीराममेली सोधखोजकारी र समीक्षाकारी अन्तरपाटोभन्दा सिर्जनात्मक रम्य रुचिकर शैली र प्रस्तुतिको अन्तरपाटाका निकट मानकमा आएको अद्यावधिक निकै रुचिकर जस्तो लेखन भएको पठनीय र सङ्ग्रहणीय कृतिका रूपमा (त्रिपाठी, २०७१:३७), भानुजीवनीका कतिपय अशोधित पक्षलाई वस्तुनिष्ठ तथ्य, ठोस प्रमाण र अकाटच तर्कको उपयोगद्वारा शोधन गरी सत्यापन गर्ने बौद्धिक पक्षको अनुसरण भएको कृतिका रूपमा (अवस्थी, २०७१:४२) तथा भानुभक्तको जीवनकथासँग जोडिँदै आएका कतिपय तथ्यहरूको तार्किक खण्डनमण्डन र भानुभक्तले जिएको जिन्दगीका नयाँ परिघटनातर्फ सङ्केत गरिएको अनि परम्परामा बाझिएका कतिपय तथ्यहरूको सम्परीक्षण र परिमार्जन गरिएको कृतिका रूपमा (सुवेदी, २०७१:४९) लिएका छन् ।

लेखकीय खण्डमा भानुभक्तको द्विशतवार्षिकीका सन्दर्भ, सो क्रममा आइपरेका सम तथा विषम परिस्थिति र कृति तयार पार्दा सामग्री सङ्कलनमा सहयोग गर्नेदेखि लेखनकार्यलाई होस्टेमा हैँसे गर्ने र भूमिका लेखिदिनेप्रति धन्यवादका शब्दगुच्छा अर्पण गरिएको छ । प्रस्तुत कृतिको मूल खण्डमा भानुका बारेमा विभिन्न शीर्षकमा अध्ययन गरिएको छ भने अन्तिममा अनुष्ठानिक सूची र सन्दर्भस्रोत उल्लेख गरिएको छ ।

प्रस्तुत कृतिको प्रथम अध्याय ‘भानुभक्त आचार्यको जन्मसन्दर्भ’ शीर्षकमा भानुभक्तको जन्ममितिका सन्दर्भमा देखिएको विवादलाई प्रस्तुत गरिएको छ । भानुका बारेमा सर्वप्रथम अध्ययन गर्ने मोतीराम भट्टले वि.सं. १९४७ मा भानुभक्तका भतिजा रामदत्तसँग सोधपुछ गरी भानुभक्त वि.सं. १८६९ मा जन्मेको कुरा बताएको प्रति प्रसाई सहमत देखिन्छन् । प्रसाई लेख्छन्– भानुभक्तले कुमारीचोकबाट श्री ३ कमान्डर इन-चीफलाई १९०९ मा लेखेको कवितात्मक बिन्तीपत्रमा

आफू चालीस वर्षको भएको उल्लेख गरेका र १८६९ मा ४० जोड्दा १९०९ हुन आउने भएकाले भानुभक्त वि.सं. १८६९ मा जन्मेको कुरा पुष्टि हुन्छ । तर भानुभक्तकी नातिनी विष्णुमायाले कवितात्मक श्लोकमा भानुले जन्मकुण्डली आफैँले लेखेको सन्दर्भ दिई १८७१ साल असार २९ गते भानु जन्मेको भनी लेखेको कुरालाई प्रसाईले पृष्ठगत सन्दर्भ दिई जन्ममिति १८७१ असार २९ गतेप्रति संशय व्यक्त गरेका छन् तर यही मितिले जरा गाडिसकेको र यसैलाई आधार मानी द्विशतवार्षिकी मनाइसकिएकाले स्विकार्नुपर्ने धारणा राखेका छन् । प्रसाई लेख्छन्– "भानुभक्त जन्मेको १२७ वर्षपछि उनको जन्मकुण्डली र उनी आफैँले रचना गरेको भनिएर उनकै जन्मकुण्डलीको विवरण 'भानुभक्त मणिमाला'मार्फत आउनुलाई सजिलै पत्याउने आधार देखिँदैन । ....तर पनि रङ्गनाथ शर्मा र विष्णुमायाले प्रस्तुत गरेको 'भानुभक्त मणिमाला' कृतिमा भानुभक्तको जन्ममिति, जन्मकुण्डली, देवीभक्त आचार्य (भानुभक्तको चिनाको नाउँ) र त्यसबारेको श्लोक राखिँदा त्यही तिथिमितिले नेपाली समाजमा जरा गाडिसकेको छ । अर्थात् समालोचक, जीवनी लेखक र जनजीवनले समेत भानुभक्तको जन्म १८७१ असार २९ गते नै कायम गरिसकेका छन् । साथै नेपाल सरकारले समेत भानु द्विशतवार्षिकी मनाइसकेको छ र भानुभक्तको यही जन्ममितिलाई नै स्विकारिसकेको छ" (पृ.७३) ।

दोस्रो अध्याय 'भानुभक्तको शिक्षादीक्षा' शीर्षकमा भानुभक्तको शिक्षादीक्षाका बारेमा अध्ययनकर्ताहरूले राखेको दृष्टिकोणलाई प्रस्तुत गरेका छन् र यसका बारेमा थप अनुसन्धान आवश्यक हुनेतर्फ अप्रत्यक्ष सङ्केत गरेका छन् ।

तेस्रो अध्यायमा 'भानुभक्तसँग गिरिधारीको झगडा' शीर्षकमा भानुका छिमेकी गिरिधारी रानाभाटसँग विभिन्न घरायसी तथा सामाजिक प्रसङ्गमा झगडा भएको र मुद्दामामिला चलेको सन्दर्भ कोटचाएर भानुका जीवनका रोचक प्रसङ्ग र बानीबेहोरा केलाएको देखिन्छ ।

साथै भानुले इजहार दिँदा कवितात्मक श्लोकबाट व्यक्त गरेको कुराबाट उनले कवि भानुको कवित्वको प्रातिभज्वार र आशुकवित्वको पहिचान गराएका छन् । चौथो अध्यायको 'भानुभक्तको जागिर र कुमारीचोकमा थुना' शीर्षकमा भानुभक्तले जागिर खाएका थिएनन् भन्ने मतको खण्डन गर्दै जीवनीकार प्रसाईले मोतीराम भट्ट र बाबुराम आचार्यको मतसँग सहमति जनाउँदै १९०७–१९०९ सम्म जागिर खाई केही परिस्थितिका कारण थुनामा परेको र पछि सफाइ पाएको नै आधिकारिक हुने राय व्यक्त गरेका छन् । साथै भानुले थुनामा पर्नुपूर्व 'रामायण' लेख्न सुरु गरेका, कुमारीचोकमा थुनामा रहँदा 'अयोध्याकाण्ड', 'अरण्यकाण्ड', 'किष्किन्धाकाण्ड' र 'सुन्दरकाण्ड' तयार गरेका तथा थुनाबाट छुटेपछि 'युद्धकाण्ड' र 'उत्तरकाण्ड' लेखिसकेका अनि अनेक पद्यहरू पनि रचना गरेका कुरा उल्लेख गरेका छन् । यसै अध्यायमा भानुभक्तको मुख्य शत्रु गिरिधारी रहेको र मनोवैज्ञानिक शत्रुभावले भानुभक्तलाई सरकारी रकम हिनामिना गरेको आरोप गिरिधारीले नै लगाएको हुन सक्ने आशङ्कासमेत प्रकट गरेका छन् । प्रसाई लेख्छन्– "भानुभक्तको जीवनी पढ्दा उनको देखिने शत्रु भनेको गिरिधारी भाट नै हुन् । यहाँ शत्रुताको मनोविज्ञानबाट हेर्दा गिरिधारी भाटमाथि पनि शङ्का गर्न सकिएला । यो कोणबाट हेर्दा भानुभक्तले खरिदारी जागिर पाएपछि गिरिधारी रानाभाटलाई सहिनसक्नु हुनु स्वाभाविकै थियो, किनभने भाट भानुभक्तका कट्टर शत्रु थिए । त्यसै कारणले मनोवैज्ञानिक शत्रुभावले भानुभक्तले सरकारी रकम हिनामिना गरेको अनुमान गिरिधारी रानाभाटले लगाएको हुन सक्छ । अनि मौकामा शत्रु परास्त पार्नुपर्छ भन्ने मनसायमा भानुभक्तलाई भ्रष्टाचारको अभियोग लगाउन गिरिधारी राना भाट भित्रभित्रै सक्रिय भए कि भनी आशङ्का गर्न सकिन्छ । गिरिधारी भाटका नातागोता र चिनेका मान्छे पनि सरकारी ठूलठूला ओहोदामा भएकाले उनले यो फाइदा उठाएको पनि हुन सक्छ ।" (पृ.८४) । प्रसाईको यस भनाइले भानुभक्तको कुमारीचोकको थुनाको वास्तविकतामाथि थप अनुसन्धान गर्नुपर्ने देखिन्छ ।

पाँचौँ अध्यायको 'भानुभक्तको सम्मान' शीर्षकमा भानुभक्त नेपाली साहित्यका आदिकवि हुन् भन्ने सन्दर्भमा पनि थुप्रै चर्चा, परिचर्चा र विवादहरू भएका कुरा उल्लेख गरेका छन् । भानुभक्तका बारेमा सर्वप्रथम खोजी गर्ने व्यक्ति मोतीराम भट्टले "गोर्खा भाषामा हुन त धेरै नामका कवि भानुभक्त भन्दा पहिले भए तर कविताको मर्मजानी भाषा पद्य लेख्ने कविहरूमा आदिकवि भानुभक्त नै हुन्" भन्दै सर्वप्रथम आदिकविको उपाधि दिए भने तत्कालीन राणा प्रधानमन्त्री श्री ३ जुद्धशमशेरबाट समर्थन जनाइयो । मोतीरामले लगाएको आदिकविको पगरी खोस्ने पहिलो योद्धा भने दीनानाथ सापकोटा हुन् । यसरी उनको आदिकवित्वका पक्ष र विपक्षमा थुप्रै बहसहरू भएका छन् । जीवनीकार प्रसाईले "....अभिधेय अर्थबाट साहित्यमा फटचाइँ गर्ने हजारौँ बखेडा निकाल्न त सकिन्छ तर त्यसबाट व्यञ्जित अभिप्राय पहिल्याउन त किमार्थ सकिँदैन । वाल्मीकिलाई आदिकवि भनिन्छ र उनको काव्यलाई आदिकाव्य मानिन्छ । यसको अर्थ वाल्मीकिभन्दा पहिले कुनै कवि थिएनन् भन्ने खोजेको होइन । वाल्मीकिभन्दा सयौँ वर्षअगाडि ऋग्वेदजस्तो विश्वप्रसिद्ध कविताभण्डार तयार भइसकेको थियो । भानुभक्तका सम्बन्धमा यही कुरा लागू हुन्छ" भन्ने समालोचक ठाकुर पराजुलीको मतलाई प्रस्तुत गरी भानुभक्त नै नेपाली साहित्यका आदिकवि हुन् भन्ने दृष्टिकोण अघि सारेका छन् । सामाजिक संस्कार, प्रकृति प्रेम, आध्यात्मिक चेतनाले ओतप्रोत भएका विचार र भावनाहरू समाजलाई दिएर साहित्यको माध्यमबाट सबैको मन छुने, नेपाली जनमानसमा साहित्यको रसास्वादन गराउने काम भानुले नै गरे । हलो जोत्ने किसान, घाँस काट्ने घाँसी, खेताला, गोठाला, गृहिणी आदि सबैका मुखमा भानुभक्तका कविताहरू गुञ्जे । आजभन्दा सवा सय वर्षअगाडि भानुका कविताले जति महत्त्व राख्दथे आज पनि त्यति नै महत्त्व राखेका छन् । तर केही समालोचकहरूले नेपाली सभ्यता र संस्कृतिलाई बलमिचाइँ गर्न, भानुले नेपाली भाषा, संस्कृतिको संरक्षण गरेको आरोप लगाउँदै,

नेपालीहरूलाई भाषिक एकीकरण गरेकोमा डाहा गर्दै उनको आदिकवित्वमाथि शङ्का उब्जाएका छन् । भानु आदिकवि होइनन् भनेर तर्क पेस गर्नु नेपाली भाषासाहित्यलाई अपमान गर्नु हो र समालोचनाको धर्मलाई कुल्चनु हो जस्तो लाग्दछ । भानुभक्तका बारेमा भएका अध्ययन कार्यहरूलाई हेरी नेपाली भाषाका माध्यमबाट एकीकरण गराउने काम भानुभक्तका रचनाले नै गरेका हुन् तथा उनका कवितामा देशप्रेम, देशभक्ति, मौलिकता, सरलता र सरसताजस्ता गुणहरू रहेका छन् भन्ने कुरा स्मरण गर्दै उनको कवित्वप्रतिभाको आधारमा उनलाई लाक्षणिक अर्थमा आदिकविको उपाधि दिनु सान्दर्भिक नै ठहर्दछ । यसै अध्यायमा प्रथम पटक सन् १९४६ मा दार्जिलिङमा भानुजयन्ती मनाइएको, फाटफुट रूपमा नेपालमा २००३ सालदेखि र काठमाडौँमा २०१० सालदेखि मनाउन थालिएको अनि भानुभक्तको सालिक प्रथम पटक २००६ सालमा दार्जिलिङको चौरस्तामा र २०१६ सालमा काठमाडौँको दरबार हाइस्कुलमा निर्माण भएको ऐतिहासिक सन्दर्भलाई उल्लेख गरिएको छ र अहिले आएर भानुभक्तका नाममा विभिन्न संस्था, पुरस्कार, स्थानको नामकरण गरेर भानुभक्तलाई उच्च स्थान र सम्मान दिएको चर्चा गरिएको छ । साथै भानु जन्मस्थलको विकासका योजना बनाइए पनि कार्यान्वयन नभएको प्रति जीवनीकारको असन्तुष्टि देखिन्छ । यसमा नइ प्रकाशन र त्रिमूर्ति निकेतनको सुझावअनुसार नेपाल सरकारले भानुभक्त द्विशतवार्षिकीको कार्यक्रम मनाएको भनी दुवै संस्थालाई जस दिएको समेत देखिन्छ र भानुभक्त आचार्य द्विशतवार्षिकी समारोह समिति नेपाली भाषासाहित्यको इतिहासमा महत्त्वपूर्ण कदम भएको जीवनीकारको ठम्याइ रहेको छ ।

छैटौँ अध्यायको ‘भानुभक्तको जीवनमा घाँसी’ शीर्षकमा भानुभक्तको जीवनमा घाँसीले पारेको प्रभावका बारेमा अनेक खालका टीकाटिप्पणी भएको उल्लेख गर्दै घाँसीको प्रसङ्ग तत्कालीन नेपाली समाजसँग मेल नखाए पनि र घाँसी पात्र किंवदन्ती भए पनि भानुभक्त

घाँसी संवादमा सन्देह गर्न नहुने तर्क जीवनीकारले व्यक्त गरेको पाइन्छ– "मोतीरामले भानुभक्तका कविताको आड लिई बयान गरेको घाँसीको कथाको स्थानीयकरण गर्ने नगर्ने पक्षविपक्षमा अनेक समालोचक आआफ्ना ढङ्गले उभिएका पनि छन् । घाँसीप्रसङ्गलाई ठीक छ भनेर त्यसैलाई मान्यता दिनेहरूको लर्को पनि छ । यति हुँदाहुँदै पनि भानुभक्त घाँसी संवादबारे बनेको यो सुन्दर कल्पना अब नेपाली जनमानसको चिरसञ्चित पुँजी बनिसकेको देखिन्छ"(पृ.१०४) । सातौँ अध्यायको 'भानुभक्तलाई मोतीरामको खाँचो' शीर्षकमा मोतीरामले खोजअनुसन्धान गरेर भानुलाई प्रकाशमा ल्याउने जुन योगदान नेपाली साहित्यमा पुऱ्याए त्यसको जीवनीकारले मुक्तकण्ठले प्रशंसा गर्दै भानुभक्तको तस्बिर र तत्कालीन समयको साफा लगाउने हिन्दू शास्त्रीय परम्परा मेल नखाने भए पनि पं.नरनाथ आचार्यले भानुकै तस्बिर साँचो भएको तर्क दिएको सन्दर्भ दिँदै प्रसाईले रामदत्त आचार्यको बयानका आधारमा मोतीरामले भानुको आकृति बनाएको हुँदा वास्तविक तस्बिर नमानी काल्पनिक र मौखिक बयानका आधारमा बनाइएको आकृति मान्नु उपयुक्त हुने मान्यता व्यक्त गरेका छन्– "...तत्कालीन समयमा भानुभक्त आचार्यको आधिकारिक मुहार कसैले प्रस्तुत गर्ने कुरै थिएन । कल्पनामा बनाइएको सो तस्बिरलाई साँच्चै भानुभक्तकै स्वरूपको छाया प्रति भन्न उपयुक्त छैन । रामदत्त आचार्यको बयानका आधारमा मोतीरामले भानुभक्तको आकृति निर्माण गरेका थिए भन्नुचाहिँ तर्कसङ्गत र न्यायिकसमेत हुनेछ । त्यतिखेर भानुभक्तको व्यक्तिगत या सामूहिक फोटो नेपालमा खिचिएको भन्न नसकिने आधार पनि स्पष्ट नै छ" (पृ. १०८) ।

आठौँ अध्यायको 'भानुभक्तको कान्तिपुर प्रवेश' शीर्षकमा भानुभक्त कान्तिपुर (हालको काठमाडौँ) आएपछि त्यहाँको परिवेशबाट प्रभावित बनी कविता रचना गरेको सन्दर्भ जीवनीकारले कोटचाएका छन् । नवौँ परिच्छेदको 'भानुभक्तको देहावसान' शीर्षकमा भानुभक्तले

जीवनको अन्तिम घडीमा 'रामगीता' को रचना गरेका र १९२५ साल असोज ६ गते आइतबार आश्विन शुक्लपञ्चमीका दिन मर्स्याङ्दी नदीको सतीघाटअन्तर्गत गाईथुनेघाटमा स्वर्गीय भएको उल्लेख गरेका छन् । दसौँ अध्यायको 'भानुभक्तका कृति' शीर्षकमा भानुभक्तले आफ्नो परिचय कविताबाटै दिने गरेको सन्दर्भदेखि उनका 'रामायण', 'प्रश्नोत्तर', 'भक्तमाला', 'वधूशिक्षा', 'रामगीता' कृतिहरूको चर्चा गरिएको छ । 'वधूशिक्षा'को मूल पाठमा पाठान्तर भई 'वेश्या' को सट्टा 'वैश्या' शब्द प्रयोग गरिएकाले यसप्रति जीवनीकारको असन्तुष्टि व्यक्त भएको छ ।

एघारौँ अध्यायको 'भानुभक्तको जन्मकुण्डली' शीर्षकमा विष्णुमायाको 'भानुभक्त मणिमाला' मा प्रस्तुत भएको जन्मकुण्डलीलाई प्रस्तुत गरी उनको जन्मको तिथिमितिका बारेमा मोतीराम भट्टले प्रस्तुत गरेको १८६९ साल भानुकै कविताका आधारमा पुष्टि भए पनि भानु जन्मेको सवा एक शताब्दीपछि जन्ममिति सच्याएकामा जीवनीकार असन्तुष्ट देखिए पनि सरकारद्वारा १८७१ असार २९ लाई नै आधिकारिक मानी द्विशतवार्षिकी मनाउने घोषणा गरेपश्चात् (अहिले मनाइसकिएको) अब यसमा मथिङ्गल खियाउन नहुने राय व्यक्त गरेका छन् । बाह्रौँ अध्यायमा भानुभक्तको वंशावली प्रस्तुत छ भने अनुष्ठानिक सूचीमा भानुभक्त आचार्यको हस्तलिपि, प्रथम प्रकाशित तस्बिर, मोतीराम भट्टको तस्बिर, भानुभक्तका छोरा रमानाथ आचार्यको तस्बिर र भानुभक्तकी नातिनी विष्णुमायाको तस्बिर प्रस्तुत गरिएको छ ।

### ४. निष्कर्ष

प्रस्तुत 'भानुभक्त आचार्यको जीवनवृत्त' नेपाली जीवनी साहित्यको परम्परामा एउटा नवीन कृति हो जसले नेपाली साहित्यका आदिकवि भानुभक्त आचार्यका बारेमा भएका अनेकन् अध्ययन-अनुसन्धानको सार लिई यथाशक्य सत्यतथ्य कुरालाई प्रकाशमा ल्याएको छ । यसमा जीवनीकार नरेन्द्रराज प्रसाईले आफ्नो शोधक्षमताको उपयोग

गरी सकेसम्म भानुका बारेमा भएका अध्ययनलाई सूक्ष्म निरीक्षण र अध्ययन गरी अप्रासङ्गिक र मिथ्या कुराहरूलाई चिर्ने प्रयास गरेका छन् भने कतैकतै परम्पराले स्वीकार गरेकालाई स्वीकार गर्नु नै उपयुक्त ठान्ने मान्यतासमेत देखाएका छन् । प्रस्तुत कृतिमा जीवनीकार प्रसाईले प्रायजसो घटना, परिघटना र प्रसङ्गमा मोतीरामेली पथलाई पछ्याएका छन् भने कतिपय स्थानमा मोतीरामपछिका अध्येताले प्रस्तुत गरेका कुरालाई खण्डन र मण्डन गरेका छन् । भानुका कृतिको पाठान्तर भएकोमा प्रसाईले ठूलै आक्रोश व्यक्त गर्दै प्राज्ञिक वर्गलाई सत्यताका लागि बहस गर्न झकझकाएका छन् । भानुभक्तका बारेमा प्रथम पटक सोधखोज गरी भानुभक्तको जीवनचरित्र तयार पार्ने मोतीरामका मान्यताहरूका विपक्षमा अनेक चलखेलहरू भए पनि मोतीरामेली पथमा हिँडी सकेसम्म प्रसाईले भानुविषयक कृति र अनुसन्धानलाई अवलोकन गरी प्रस्तुत कृति तयार पारेर भानुका बारेमा अब कुनै विवाद नगरी यिनै कुराहरूलाई स्वीकार गर्न तथा कतिपय कुराका बारेमा पुनर्विचार गर्न प्राज्ञिक समुदायलाई सुझाव दिएको अनुभूति हुन्छ । प्रस्तुत कृतिमा मोतीराम मतका विपक्षीका तर्कलाई पाठगत टिप्पणी दिई कतिपय औचित्यहीन तर्कलाई दरैसँग खण्डन गरिएको छ भने युगानुकूल, जनमानसले स्वीकार गरिसकेका तथ्यका बारेमा बौद्धिक बाझाबाझ आवश्यक नरहेकाले तिनलाई सम्पत्तिका रूपमा स्वीकार गर्नुपर्ने तथ्यसमेत प्रस्तुत गरिएको छ । अन्त्यमा, तनहुँका पाखामा जन्मेका एउटा बाहुनचरी आफ्ना अमर कृतिहरूमा कालजयी बनेका छन् । जबसम्म नेपाल रहला हिमालयको छहारीमा, नेपाली रहलान् यस धरतीमा तबसम्म भानु भानु भई गगनमा रहनेछन्, शुक्रताराझैं चम्केलान् नेपाली गगनमा । रामकथाको अमरवल्ली नेपाली माटोमा रोपेका भानु नेपाली भाषाका आदिकवि, रामगाथाका गायक, भक्तिधाराका प्रतिनिधि हुन् । नेपाली भाषालाई तुच्छ ठान्ने, अपहेलना गर्नेहरूले भानुलाई तिरस्कार गर्लान्, महत्त्व नदेलान् तर सच्चा नेपाली जो हो उसले भाषाभक्त, रामभक्त,

देशभक्त, संस्कृतिभक्त भानुलाई अवश्य पनि सधैँ सम्झिरहनेछ । यसरी भानुभक्तले नेपाली साहित्यमा पुऱ्याएको योगदानको उच्च मूल्याङ्कन गर्दै भानु यस धराधाममा प्रकट भएको दुई शताब्दी पूरा भएकोमा उनीप्रति हार्दिक श्रद्धासुमन व्यक्त गरी उनका बारेमा केही नवीन तथ्य खोजी गर्ने कार्य यस कृतिले गरेको पुष्टि हुन जान्छ ।

**सन्दर्भग्रन्थसूची**


१. अधिकारी, अम्बिकाप्रसाद (२०५३), 'साहित्यिक समालोचना', काठमाडौँ : लोकलक्ष्मी अधिकारी ।

२. उपाध्याय, केशवप्रसाद (२०६०), 'प्राथमिककालीन कवि र काव्य प्रवृत्ति', ललितपुर : साझा प्रकाशन ।

३. घिमिरे, भवानी (सम्पा., २०६१), 'आदिकवि भानुभक्त आचार्य', काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

४. त्रिपाठी, वासुदेव (२०२७), 'सिंहावलोकन', ललितपुर: साझा प्रकाशन ।

५. त्रिपाठी, वासुदेव (२०७२), 'भानुसन्दर्भ र नरेन्द्रराज प्रसाईकृत भानुजीवनी : समीक्षात्मक अभिमत', काठमाडौँ : नइ प्रकाशन ।

६. पहाडी, वामदेव (२०५४), 'आलोचनाको वृत्त', काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

७. प्रधान, कृष्णचन्द्रसिंह (सम्पा., २०५२), 'साझा समालोचना', चौथो सं., ललितपुर : साझा प्रकाशन ।

८. प्रसाई, नरेन्द्रराज (२०७१), 'भानुभक्त आचार्यको जीवनवृत्त', काठमाडौँ : नइ प्रकाशन ।

९. भट्ट, मोतीराम (२०५१), 'कवि भानुभक्त आचार्यको जीवनचरित्र', दो.सं., ललितपुर : साझा प्रकाशन ।

१०. सर्मा, ताना (२०५०), 'भानुभक्तदेखि तेस्रो आयामसम्म', छैटौँ सं. ललितपुर : साझा, प्रकाशन ।




**डा.सुकुम शर्मा**

**जन्म** : २०२७ साल साउन २० गते (स्याङ्जा); **शिक्षा** : एमए, पिएचडी; **कृति** : २५ पुस्तक (समालोचना, कविता, उपन्यास, निबन्ध, बालसाहित्य); **पुरस्कार** : नेपाल विद्याभूषण (प्रथम), उत्कृष्ट निबन्ध पुरस्कार, पारिजात बालसाहित्य पाण्डुलिपि पुरस्कार, होमनाथ सुवेदी स्मृति पुरस्कार, मनकुमारी केदार शर्मा पुरस्कार; **सहप्राध्यापक** : नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय ।


# जीवनवृत्तको मूल्यबोध

भानुभक्त आचार्यका बारेमा जीवनीपरक अध्ययन गर्नेमा मोतीराम भट्ट (१९४८) को लेखनपछि परम्परा नै निर्माण भएको छ । मोतीराम भट्टको जीवनीपरक अन्वेषणात्मक लेखन परम्परामा पछिल्लो पटक नरेन्द्रराज प्रसाई (२०७१) को 'भानुभक्त आचार्यको जीवनवृत्त' प्रकाशनमा आएको छ । झन्डै १२५ वर्ष यस यात्रामा मोतीरामले स्थापना गरेको जीवनीपरक मूल्यको स्थापन र सम्परीक्षणकै प्रतिक्रियामा भानुभक्तको जीवनवृत्तको मूल्यबोध हुँदै आएको छ । यही मूल्यबोध र मोतीरामकृत जीवनीको पुनर्कथन र तथ्यगत पुस्टयाइँ नै प्रसाईको जीवनवृत्तको परिसीमा हो । यही

सीमाभित्र प्रसाईकृत जीवनवृत्तको मूल्यबोध यस प्रसङ्गमा गरिएको छ ।

जीवनी लेखनको मूल आधार नै जीवविकासको गतिबोध हो । यसमा भौगोलिक आधारभित्र सामाजिक, सांस्कृतिक पृष्ठभूमि, सामाजिकीकरणको आधार, व्यक्तितत्व विकास, व्यक्तितत्वको फैलावटसँगै कृतित्वभित्र जोडिएको पक्षभित्र नै जीवनी लेखक व्याप्त हुने गर्छ र योगदानको मूल्यबोध गर्छ । जीवनयात्राको अनुरेखाङ्कनभित्र जीवनी लेखक सिर्जनात्मक पक्षसँग जोडिँदा ऊ केही कलात्मक प्रभावमा परे पनि तथ्यबाट टाढा भने रहन सक्दैन । त्यही जीवनयात्राको सिर्जन स्पर्शसहित तथ्यबोध गराउने र व्यक्ति जीवनका गरिमा र महिमाभित्र लुकेका कमजोरीको अनुशीलनमा जीवनी लेखक सचेत रहन्छ । यसर्थ जीवन यथार्थको समन्विति नै जीवनीपरक लेखनको आधार हो । यही जीवनीपरक लेखनको आडमा जीवनीपरक कृतिको मूल्यबोध या विश्लेषणको आधार सहज हुने देखिन्छ ।

जीवनी लेखक कुनै पनि जीवनी लेखनका क्रममा लेखन योजनासहित तथ्य सङ्कलनमा लागि पर्छ । तथ्यको सङ्कलनपछि ती तथ्यको संश्लेषण गर्दै जीवनीको प्रस्तुतिगत योजनाको खाकाभित्र पुनः सिर्जनात्मक आधारको खोजी गरिन्छ र यस खोजीमा पद्य या गद्यको भाषिक सीमाको चयनसँगै विधागत सीमा र प्रस्तुतिगत आधारको पनि खाका कोरिन्छ । चयनको यस केन्द्रमा विधागत साहित्यिक रसता र जीवनको अन्तर्विकासात्मक चेतनाको संश्लेषणमा नै जीवनी लेखनको मूल्यबोध हुन्छ । जीवनी लेखक मूल्यबोधमा जति सचेत छ त्यति नै सन्दर्भगत पुस्टचाइँ र निर्णयात्मक निष्कर्षमा नै जीवनी लेखनको कलागत पक्षसहित जीवनीको आधार खडा गर्न सचेत रहन्छ । यही सचेत आधारभित्र रहेर प्रसाईकृत भानुभक्त आचार्यको जीवनवृत्तको मूल्यबोध गर्नु उपयुक्त हुन्छ ।

भानुभक्त आचार्यका जीवनीको पहिलो लेखन मोतीराम भट्टको 'कवि भानुभक्तको जीवनचरित्र' (१९४८) हो । यही कृतिको प्रकाशन र जीवनी लेखनको आधारगत पक्षलाई मनन गरेर प्रसाई भानुभक्तको जीवनी लेखनमा लागिपरेको देखिन्छ । भानुभक्तको द्विशतवार्षिकीका समारोहगत पक्षलाई मनन गर्दै भानुभक्तको जीवनीको पुनर्कथनको योजना प्रसाईले बनाएको देखिन्छ । यस योजनामा उनी आफूपूर्व भानुभक्तका बारेमा लेखिएका जीवनीको चञ्चु खोजीसँगै मोतीरामको जीवनीकार्यलाई आधार मान्दै भानुभक्तको जीवनी लेखनमा लागिपरेका छन् । पूर्वपरम्परामा भिन्न तथ्य र मोतीरामले स्थापना गरेका केन्द्रवरिपरि रहेर उनी जीवनी लेखनको तथ्यगत खाका निर्माण गर्छन् । यही लिखित परम्पराको तथ्यभित्र मौखिक तथ्यको पनि खोजीमा प्रसाई लागिपरेको पाइन्छ । उनले प्रेमदत्त त्रिपाठीको र भानुभक्तका खनातिसँगको थप नवीन सूचना जीवनी लेखनका क्रममा उपयोग गरेका छन् । यही तथ्यभित्र रहेर जीवनीको रूपरेखा यस कृतिमा आएको छ । जीवनी लेखनका क्रममा ऐतिहासिक कार्यकारण सम्बन्धको तथ्यगत आधार उपयोग गर्दै जीवनवृत्तको प्रस्तुतिमा यसका लेखक लागिपरेका छन् । यसरी प्रसाईकृत भानुजीवनीको मूल स्रोतसामग्री मोतीराम भट्टको 'कवि भानुभक्तको जीवनचरित्र' नै हो । त्यसले स्थापना गरेका मूल्यको पुन: पुष्टि र त्यसमा रहेका त्रुटि या काल्पनिक कथनको तथ्यगत आधारको खोजी गर्दै मोतीरामले स्थापना गरेका मूल्यको पहिचान र त्यसमा फरक परेका तथ्यको व्याख्यासहित स्वमतको स्थापनामा उनी लागिपरेका छन् । यस योजनामा उनी केही हदसम्म सफल पनि देखिन्छन् ।

भानुभक्तको जीवनी लेखनको पूर्वपरम्परामा मोतीरामलाई केन्द्र बनाएर भानुभक्तको जीवनीको अन्तर्विकास के कसरी विकसित भए भन्ने संश्लेषणात्मक आधारसहित प्रसाई भानुभक्तको जीवनी लेखनमा लागिपरेको देखिन्छ । यही संश्लेषणात्मक आधारमा गद्य लेखनको

आख्यानात्मक र निबन्ध तथा समालोचनाको मिश्रित शैलीमा रहेर जीवनी प्रस्तुतिमा उनी लागिपरेका छन् । यसो भए पनि मोतीराम भट्टको प्रस्तुतिगत योजना र प्रसाईको योजना भिन्न देखिन्छ । मोतीराम भट्ट आख्यानात्मक लेखन योजनामा रहेर पारिवारिक सन्दर्भबाट प्रवेश गरी मृत्युसन्दर्भसम्म *(हेर्नू समालोचक मोतीराम भट्ट, २०६५)* विस्तार हुँदा जीवनीका सम्पूर्ण पक्ष समेट्छन् । जीवनीबाहेकका तथ्य फरक शीर्षकमा समेटेर ती पक्षको पारख गर्दै समीक्षात्मक विश्लेषण यस जीवनवृत्तमा उपयोग गरेको देखिन्छ । प्रसाईको जीवनीगत योजना भने भानुभक्तका जीवनका मुख्य पक्ष समेटिने गरी शीर्षकीकरण गर्नु र ती शीर्षकभित्र पूर्वजीवनीकारको फरक मतको समीक्षा गर्दै आफ्ना मतको प्रस्तावना अनि मोतीरामकृत जीवनीको उपादेयता स्थापना गर्ने देखिन्छ । यिनका लेखनमा अपनाइएको शीर्षकीकरणमा पनि केही जीवनीपरक सन्दर्भभन्दा पृथक् चर्चा पनि रहेको छ । यस क्रममा 'भानुभक्तको सम्मान' र 'भानुभक्तलाई मोतीरामको खाँचो' शीर्षकको चर्चा भानुभक्तको जीवनीको अन्तमा अर्थात् कृतित्वपछि समावेश हुँदा जीवनीको अन्तर्विकास र कृतित्वको मूल्यबोधसँगै उनको सम्मान र मोतीरामको योगदान पनि स्पष्ट हुने देखिन्छ । समग्र जीवनीको प्रस्तुतिमा अपनाइएको यो शीर्षकीकरणमा अर्को संस्करणमा सुधार गर्दा पठनमा सहज हुने यथार्थ पनि बिर्सन मिल्दैन ।

आख्यानमिश्रित समालोचनात्मक लेखनभित्र प्रसाईको सिर्जनात्मक स्पर्श यस जीवनीका लेखनमा देखिन्छ । भानुभक्तको जन्मसन्दर्भमा मोतीरामले केन्द्र बनाएको सूचनामा थप तथ्यको जसरी समालोचनात्मक ढङ्गले चर्चा गरिएको छ त्यसरी नै अन्य शीर्षकमा चर्चा गरिएको छैन । यसले पछिल्ला अध्याय र पहिलो अध्यायका बीच पठनगत अन्तर पारेको छ । यस्तै शिक्षादीक्षा र भानुभक्तको सामाजिकीकरणको पक्ष अनि पुराणवाचक व्यक्तित्वका सन्दर्भपछि या यसकै सेरोफेरोमा भानुभक्त नेपाली साहित्यका क्षेत्रमा प्रवेश

गरेको आधार देखाउन सकिने तथ्य यस जीवनीका लेखनमा ओझेल परेको छ । पृष्ठभूमिमा कविता लेखनको सन्दर्भ सङ्केत भए पनि मोतीरामेली कल्पनाभित्रको घाँसी प्रसङ्ग यहीँनेर आवश्यक पर्ने र पछिल्ला अध्ययनमा देखिएको फरक मतको पनि सहज समीक्षा हुने आधार यहीँनेर स्मरणीय छ *(हेर्नू, समालोचक मोतीराम भट्ट, २०६५)* । यसर्थ यस पाठमा जीवनी लेखनको अन्तर्विकासात्मक आधार र साहित्यिक व्यक्तित्व निर्माणको स्पष्ट आधार आएको छैन । भानुभक्त कविता लेखनतर्फ कसरी आकर्षित भए र उनमा के कसरी कृतित्वको साधनामा एकोहोरिने उत्प्रेरणा थियो भन्ने पक्ष पनि समायोजन हुन सकेको छैन । जीवनीका प्रस्तुतिमा १८८३ सालदेखि १९०६ सम्मको फड्को तथा 'रामायण' लगायतको कृति लेखनको यो समय शीर्षकीकरणभित्र नपर्नु जस्ता पक्ष यस जीवनवृत्तमा पनि खट्किएको छ । भानुभक्तको जीवनमा घाँसी शीर्षकमा प्रस्तुत विचार यहीँनेर जोडेर जीवनीको पूर्वापर सम्बन्ध, कविता लेखनको उत्प्रेरणात्मक पक्षको खोजी तथा कृतित्वको लेखनगत विकासको मूल्यबोधसँगै यस जीवनवृत्तको पाठगत संयोजन गर्दा उपयुक्त हुने स्थिति पनि बिर्सन मिल्दैन । जीवनवृत्तमा आएको मुद्दा प्रकरण, कान्तिपुर प्रवेश, जागिरप्रसङ्ग भने शृङ्खलित र पूर्वापर प्रसङ्गमा बाँधिएकै छ । कृतित्वको मूल्यबोध छुट्टै दिएर यस पाठमा कृतित्वप्रतिको दृष्टिकोण प्रस्तुत गरिएको छ । यही प्रस्तुतिगत योजनामा यो जीवनवृत्त समायोजन भएको छ ।

प्रस्तुत जीवनी आख्यान तथा निसमालोचनाको मिश्रणमा नै साहित्यिक रसतायुक्त बनेको छ । आख्यानात्मक सन्दर्भमा उनी जीवनी आरम्भ गर्दै लेख्छन्– "भानुभक्त आचार्यका बाजे श्रीकृष्ण आचार्य तनहुँको चुँदी रम्घाका प्रतिष्ठित पण्डित तथा जमिन्दार थिए । श्रीकृष्णका छ भाइ छोरामध्ये खरदार धनञ्जय आचार्य जेठा थिए ।" यस किसिमको आख्यानात्मक आधारबाट सुरु भएको जीवनी

कथन भानुभक्तको जन्ममितिमा प्रवेश गरेपछि निसमालोचनामा बदलिन्छ । यस सन्दर्भमा उनको शैली यस्तो छ– "भानुभक्त जन्मेको तिथिमितिबारे भानुभक्तका भतिजा रामदत्त आचार्यले अन्दाजैमा लेखाएका थिएनन् भन्ने बुझिन्छ । किनभने भानुभक्तले चालीस वर्षको उमेरमा कुमारीचोकबाट श्री ३ कमान्डर इन-चीफलाई १९०३ सालमा कवितामा बिन्तीपत्र लेखेका थिए :"

**चालिस् वर्ष भञा म पुत्र पनि एक् मात्रै छ आठ् वर्षको**
**आयो काल् व्रतबन्धको नजिकमा बेला त हो हर्षको ।**

"भानुभक्तको जन्म वर्ष १८६९ साल हो भन्ने कुरा पनि यस कविताले प्रमाणित गरेको छ । किनभने १८६९ मा ४० जोड्दा १९०९ साल नै हुन आउँछ ।" यसरी पछिल्ला सन्दर्भसँग जोडिँदा समीक्षात्मक ढङ्गले प्रस्तुत हुनु र त्यसमा उत्सुकता ल्याउन निबन्धात्मक रसता भर्नु यिनको जीवनी लेखनको शैलीगत पक्ष हो भन्न सकिन्छ । यहाँनेर प्रसाईले उठाएको कुरा उपयुक्त देखिन्छ । माथि लेखिएको श्लोकमा अठतीसभन्दा पनि कवितामा कुनै फरक नपर्ने देखिन्छ । यसरी सिङ्गो जीवनको आख्यानात्मक घटनाको अन्तर्विकास योजनामा शीर्षकीकरण गरी त्यसलाई सहज बनाउन पनि जीवनी लेखक लागिपरेका छन् । यसो भए पनि उनका व्यक्तित्वका अनेक पक्ष, कृतित्वको लेखनगत विकास अनि जीवनीका अनेक घुम्ती र ती घुम्तीमा देखिएका प्रसङ्गको अन्त: क्रम नहुनु यस पाठको सीमा हो । यसरी नै भानुभक्तका ज्योतिष, कवि, जागिरे, धार्मिक आदि व्यक्तित्वको प्रसङ्ग भने यस जीवनवृत्तमा पनि आएको छ । यस जीवनवृत्तमा जीवनयात्राको अन्तर्विकासात्मक सन्दर्भ र साहित्यिक चेतनाको मूल्यबोधमा भने अझै अन्तरक्रिया गर्ने ठाउँ छ । भानुभक्तका जीवनयात्राको सामाजिक सन्दर्भ र तत्कालीन यथार्थको आधारबाट उनको योगदानको डोरेटो कोर्ने जुन प्रयास छ त्यो पर्याप्त र तथ्यगत विश्लेषण हुन भने सकेको छैन ।

जीवनीकारले भानुभक्तको जीवन प्रसङ्ग र साहित्यिक योगदानको मूल्यबोध गर्दा सन्दर्भगत प्राप्तिमा जोड दिएको पाइन्छ । यो जीवनी लेखनको उल्लेख्य पक्ष हो । यो मूल्यबोध समाजसँग जोडिन्छ र सांस्कृतिक सन्दर्भमा पनि आएको हुन्छ । त्यसको सांस्कृतिक संरचनाभित्र पुराना सामग्रीको पाठभेद गरी विवाद सिर्जना गर्ने प्रवृत्तिको भने यस जीवनवृत्त लेखनका क्रममा आलोचना गरिएको छ । भानुभक्तका जीवन तथा कृतित्वको मूल्यबोध तत्कालीन समाज, सांस्कृतिक सन्दर्भ र समकालीन कविहरूको चेतनागत तुलनाबाट स्पष्ट हुने आधार बाबुराम आचार्य (२००३) ले देखाएका छन् । यस पक्षमा जीवनवृत्तकार सचेत भए पनि त्यसतर्फको मूल्यबोध भने यस कृतिमा आउन सकेको छैन । समाज र सांस्कृतिक सापेक्ष मूल्यबोध गर्दा चेतनाको अन्तर्विकासात्मक तह र अन्तर्विकसित दृष्टिकोणको बोधसहित जीवनी लेखनमा समग्र योगदानको स्थापना र त्यसको युगीन मूल्यको खोजी सहज हुन्छ । यसतर्फ पनि जीवनवृत्तका लेखकको दृष्टि पुगेको छ । यस सन्दर्भमा यो तथ्य हेर्न सकिन्छ : "भानुभक्त तनहुँबाट पहिलोपल्ट पाँचमाने भन्ज्याङ भई कान्तिपुर प्रवेश गर्दा कान्तिपुरको मोहमा डुब्नु डुबे । उनी यसै कान्तिपुरसँग मोहित भए । अनि उनका पाइला बालाजुतिर लागे । त्यहाँ पुगेपछि त्यहीकै पाखाले उनलाई छोयो । अनि उनले यहाँको वर्णनमा कविता लेखे । वधूशिक्षामा नारीलाई कठोर अनुशासनको शिक्षा दिने भानुभक्तले यहाँचाहिँ सुन्दरीको गाथा पनि गाए ।" यस प्रकार फरक जीवनसन्दर्भमा फरक चिन्तन र त्यसले जीवनका चेतनामा पारेको प्रभावको पारखमा नै जीवनी लेखकको क्षमता बोध हुने तथ्य पनि बिर्सन मिल्दैन । यसतर्फको सङ्केतात्मक प्रवेश यस जीवनीमा भएको छ ।

भानुभक्तको जीवनवृत्तमा निर्णयात्मक पक्ष उल्लेख्य नै रहेको छ । विविध सन्दर्भबाट आफ्नो विचार पुष्टि गर्ने र त्यसलाई प्रामाणिक

मूल्य दिन यसका लेखक लागिपरेको पाइन्छ । प्रमाणले खण्डन भएको विषय पनि प्रचलनले गर्दा स्विकार्नुपरेको मत उनले जन्ममितिका प्रसङ्गमा यसरी प्रस्तुत गरेका छन्– "गैरजिम्मेवारी ढङ्गबाट जन्ममृत्युबारे नै यसरी उधिन्ने, खोतल्ने र सुमसुम्याउने तरिकाले पाठक मनमा भानुभक्तका अनेक सन्दर्भले विश्वासको सङ्कटले कुन्यौ लगाउने गर्छ भन्ने सर्वस्वीकृत मान्यता रहिआएकै छ । तर जजसले यस विषयमा चलखेल गरे तापनि अब भानुभक्त जन्मेको मिति यही नै सदर भयो । नेपाल सरकारले पनि भानुभक्तको द्विशतवार्षिकी मनाई यसै मितिलाई स्विकाऱ्यो । अर्थात् आदिकवि भानुभक्त आचार्यको जन्म १८७१ साल असार २९ गते आइतबार नै कायम भयो ।" लोकमान्यताको कदर गर्दैगर्दा ऐतिहासिक तथ्य पनि ओझेल पर्न नहुने यिनको मान्यता स्मरणीय नै देखिन्छ । यस्तै अर्को ठाउँमा लेखिएको छ– "भानुभक्तको कविता पनि र घाँसीकुवा पनि ठीकै होला तर मोतीरामले लेखेका कवि भानुभक्तका जीवनचरित्रको एक रोचक तर कमजोर प्रसङ्ग यो घाँसीपात्रचाहिँ हुँदै हो ।" यस्तै निर्णयात्मक लेखन मोतीरामले छपाएको भानुभक्तको तस्बिरका बारेमा पनि देखिन्छ । "मोतीरामको मानस कल्पनामा रहेको भानुभक्तको तस्बिरका बारेमा लेखिएको यो पक्ष पनि कल्पनामा बनाइएको सो तस्बिरलाई भानुभक्तकै स्वरूपको छाया प्रति भन्न उपयुक्त छैन । रामदत्त आचार्यको बयानका आधारमा मोतीरामले भानुभक्तको आकृति निर्माण गरेका थिए भन्नुचाहिँ तर्कसङ्गत र न्यायिक समेत हुनेछ । त्यतिखेर भानुभक्तको व्यक्तिगत वा सामूहिक फोटो नेपालमा खिचिएको भन्न नसकिने आधार पनि स्पष्ट नै छ ।" यस किसिमको मूल्य निर्णयमा सचेत भएर नै भानुभक्तको यो जीवनवृत्त प्रकाशनमा आएको छ । यसले धेरै हदसम्म भानुभक्तका जीवनीमा देखिएका विरोधाभास र जोडिएका कुथुङ्ग्रीलाई हटाउन मदत गर्ने नै छ । यसलाई तथ्यपरक पार्दै जीवनीका विरोधाभास हटाउनु पनि आजको अपेक्षित पक्ष नै हो ।

'भानुभक्त आचार्यको जीवनवृत्त' मोतीरामेली जीवनी लेखनकै परम्परामा आएको पछिल्लो प्राप्ति हो । यस कृतिमा भानुभक्तका नाममा जोडिएका अनेक पक्षको तार्किक रूपमा प्रश्न उठाउँदै ती प्रश्नमा तथ्यको प्रमाण र निजी मान्यताको पनि प्रस्तावना गरिएको छ । जीवनी लेखनका मान्यतामा यस कृतिका पनि आफ्नै सीमा रहेका छन् । यस कृतिमा उठाइएको लोकमतको कदर गर्ने र तथ्यपरक सामग्रीलाई पाठभेद गरी प्रस्तुत गर्ने कार्यको विरोध गर्ने पक्ष उपयुक्त नै देखिन्छ । नेपाली साहित्यपरम्परामा यस किसिमका कार्यको सचेततापूर्वक परिष्कार गर्दै ती तथ्यका आधारमा नै साहित्यकारको जीवनयात्रा खोजी हुनुपर्ने विषय पनि स्मरणीय रहेको छ । यही परिसीमाभित्र 'भानुभक्त आचार्यको जीवनवृत्त'को ऐतिहासिक मूल्य बोध गर्न सकिन्छ ।



**ज्ञानु अधिकारी**

**जन्म** : २०३५ (चितवन); **शिक्षा** : एमए, एमफिल, बिएड; **कृति** : ११ पुस्तक (समालोचना, पाठ्यपुस्तक); **पुरस्कार** : नारायणी अञ्चल सर्वोत्कृष्ट कविता पुरस्कार, नारायणी अञ्चल सर्वोत्कृष्ट कृति पुरस्कार, कालीगण्डकी साहित्यकला पुरस्कार, गुञ्जन प्रतिभा पुरस्कार, भीमनिधि तिवारी पुरस्कार, चिसाप प्रतिभा पुरस्कार, नारायणी अञ्चल सर्वोत्कृष्ट पुरस्कार (अनेसा), भद्र घले पुरस्कार, विश्वनारी नेपाली साहित्य पदक, भानुभक्त स्वर्णपदक; **प्राध्यापन** : कोटेश्वर बहुमुखी क्याम्पस ।

# भानुभक्तमाथिको मूल्यवान् प्राप्ति

## १. विषयप्रवेश

नेपाली साहित्यमा जीवनीपरक समालोचना लेख्ने परम्परा मोतीराम भट्टबाट सुरु भयो र आजसम्म धेरै जीवनीकारहरूले धेरै किसिमका जीवनीहरू लेखेका छन् । साहित्यिक र साहित्येतर दुवै किसिमका जीवनीहरू नेपालीमा देखिएका छन् र एक जना जीवनीकारले एकदुई जनाको मात्र जीवनी लेखेका स्थितिहरू धेरै छन् । यस परिप्रेक्ष्यमा नेपाली साहित्यका विभिन्न विधामा कलम चलाएर चालीसभन्दा बढी स्वलिखित कृतिहरू र दुई दर्जनभन्दा बढी सम्पादित कृतिहरूसमेत गरी सत्तरी ओटा जति कृति लेखिसकेका नरेन्द्रराज

प्रसाईले दुई दर्जन कृतिहरू त जीवनी नै लेखेका छन् भने उनका फुटकर जीवनीपरक आलेख पनि छ सय जति छन् । उनको पछिल्लो जीवनीपरक कृति 'भानुभक्त आचार्यको जीवनवृत्त' (२०७१) केही नवीन मूल्यका साथ आएको छ र यसै कृतिका केही विशिष्ट पक्षमा यो आलेख केन्द्रित छ ।

## २. कृतिमा अन्तर्निहित विषयसन्दर्भ

नेपाली साहित्यका विशिष्ट जीवनीकार नरेन्द्रराज प्रसाईद्वारा प्रणीत 'भानुभक्त आचार्यको जीवनवृत्त' (२०७१) उनको तेइसौँ जीवनीपरक कृति हो भने आदिकवि भानुभक्तको जीवनीकै रूपमा लेखिएका नेपाली साहित्यका एक दर्जनजति कृतिहरूमध्ये कालक्रमका दृष्टिले पछिल्लो कृतिका रूपमा देखिन्छ । यो कृति भूमिका र लेखकीय खण्डसहित १४७ पृष्ठको आयाममा संरचित छ । भानुभक्त द्विशतवार्षिकी समारोहका सन्दर्भमा प्रकाशित यस कृतिमा भानुभक्तको वंशावलीको आरेखसहित बाह्र ओटा शीर्षकहरू रहेका छन् । कृतिलाई प्रा.डा.वासुदेव त्रिपाठी, प्रा.डा.महादेव अवस्थी र प्रा.केशव सुवेदीका भूमिकाहरूले थप उजिल्याएका छन् भने जीवनीकार नरेन्द्रराज प्रसाईको चौध पृष्ठ लामो लेखकीय नै पनि स्वयम्मा भानुभक्तसँग सम्बन्धित र सन्दर्भित एउटा गहन आलेख बन्न गएको छ ।

## ३. विवादहरूको शल्यक्रिया र मानक निर्धारण

भानुभक्त आचार्यबारे कतिपय कुराहरू यथार्थ र तथ्यपरक छन् । कतिपय कुराहरू अनुश्रुति वा किंवदन्तीका रूपमा आएका छन् । कतिपय कुराहरू कपोलकल्पित पनि छन् । आजसम्म नेपाली पाठकहरूले यी सबै कुराको सोलोडोलो रूपमा भानुभक्तलाई बुझेका छन् र बुझ्न विवश छन् । अझ अर्को कुरा थप्नुपर्छ– भानुभक्त र उनका कृति तथा पाठहरूका कतिपय अंश, शब्द आदिलाई बङ्ग्याउने र बटार्ने काम भएका कुराहरू पनि देखिए र भानुभक्तसम्बन्धी कतिपय कुराहरू विवादित भए । जब तथ्य कुराहरूमाथि भ्रमहरूको

आवरण लाग्न थाल्छ, त्यति बेला तथ्य छोपिने सम्भावना हुन्छ र विवादहरू जन्मन्छन् । जीवनीकार प्रसाईले 'भानुभक्त आचार्यको जीवनवृत्त' पुस्तक लेखेर भानुभक्तका बारेमा सार्वजनिक भएका विवादहरूको शल्यक्रिया गरेका छन् । चिकित्सा विज्ञानमा शल्यक्रिया उपचारका लागि गरिन्छ भने जीवनीकार प्रसाईको यस कृतिले तिनै विवादहरूको उपचार गरेको छ । भानुभक्तको जन्मवर्षदेखि लिएर उनको जीवनका विभिन्न घटनावली र प्रसङ्गहरूका साथै उनका कृतिहरूमा नयाँ पाठभेदहरू सृजना भएका कुरासम्मका विवादहरूको किनारा लगाउने काम यस कृतिमा भएको छ । यसर्थ पनि यस कृतिको उपादेयता स्वत: स्पष्ट हुन्छ ।

जब विवाद र मतान्तरहरू किनारा लाग्छन्, तब त्यसबाट मानकको निर्धारण र स्थापना हुन्छ । जीवनीकार प्रसाईको प्रस्तुत पुस्तकले मानकको स्थापना गरेको छ र त्यो मानकता मोतीराम भट्टले गरेको खोजलाई आदर्श मानेर भएको छ । यदि तथ्यरहित र भ्रामक कुराहरू रूढि भइसकेर प्रचलनमा आएका रहेछन् भने पनि तथ्यगत कुराहरू सप्रमाण अगाडि आएपछि इतिहासमा पनि संशोधन हुन्छ भने नेपाली साहित्येतिहासकारहरू पनि अब यस दिशामा प्रवृत्त हुनुपर्छ र प्राज्ञिक, शैक्षिक निकायहरू पनि भानुभक्तजस्ता विशिष्ट स्रष्टाका सम्बन्धमा रूढि र अतथ्य कुराभन्दा तथ्यका आधारमा मानकको स्थापना गर्नतिर लाग्नुपर्छ । भानुभक्तका सन्दर्भमा यो कृति त्यसै दिशातिर अभिमुख छ भन्न हिचकिचाउनु पर्दैन ।

### ४. भानुभक्तको नारीदृष्टि, वधूशिक्षा र पाठभेद

भानुभक्तको नारीप्रतिको दृष्टिकोणलाई लिएर पछिल्लो समयमा उनको आलोचना गर्नेहरू पनि भए र विशेषत: प्रगतिवादी खेमाका लेखक समालोचकहरूमा त्यो बढी देखियो । खास गरेर भानुभक्त नारीप्रति अनुदार थिए भन्ने कुरा गजाधरकी घरबूढीको प्रसङ्ग,

तारापतिका घरमा भएको सासूबुहारीको झगडाको प्रसङ्ग र 'वधूशिक्षा'को 'हाँस्नू छैन कदापि नारिहरुले वेश्या हुन्या हाँस्तछन्' भन्ने जस्ता कुरालाई लिएर भानुभक्तलाई नारीविरोधी मान्नेहरू पनि प्रशस्त छन् । यसै कारणले पनि उनलाई नारीविरोधी भनिएको पाइन्छ । भानुभक्तको आलोचना भएको यस कुराका कारण हुनुपर्छ– भानुप्रतिष्ठानद्वारा प्रकाशित 'भानुभक्तको रामायण' (२०७१) र भानुजन्मस्थल विकास समितिद्वारा प्रकाशित 'आदिकवि भानुभक्त : जीवनी र कविताको सम्परीक्षण' (२०५८) जस्ता कृतिमा 'वधूशिक्षा'को उपर्युक्त श्लोकको 'वेश्या' शब्दलाई पाठभेद गरेर 'वैश्या' र 'वैश्यै' बनाइएकामा जीवनीकार प्रसाईले जुन तार्किक विमति राखेका छन्, त्यो युक्तिसङ्गत देखिन्छ । नारीलाई आदर्श अनुशासनमा राख्न खोज्ने त्यति बेलाको समाज, सामाजिक मान्यता आदिका दृष्टिले भानुभक्तले 'वेश्या' शब्द नै प्रयोग गरेका हुन्, जुन कविता/श्लोकको र सिङ्गो 'वधूशिक्षा'कै सबै प्रसङ्गसँग मेल खान्छ । 'वैश्या' वा 'वैश्यै'ले कुनै पनि सान्दर्भिक अर्थ दिँदैन । भानुभक्तका रचनामा धेरै ठाउँमा धेरै किसिमका पाठभेद पाइन्छन् । मूल प्रतिबाट सार्दा अक्षर नबुझेर, सार्दा गल्ती भएर, टङ्कण कम्पोज गर्दा गल्ती भएर पाठभेद हुनु स्वाभाविक हो; तर अहिले आएर जबर्जस्ती पाठभेद गराइनु राम्रो होइन, जब कि पूर्ववर्ती सम्पूर्ण पाठहरूमा 'वेश्या' नै छ र सार्थक ठाउँ र प्रसङ्गमा छ । यसरी प्रायोजित रूपमा गरिएको पाठभेदले भानुभक्तप्रति न्याय हुँदैन भन्ने जीवनीकार प्रसाईको धारणाप्रति सहमति जनाउन हिचकिचाउनु पर्दैन । फेरि अर्कातिर भानुभक्तले नारीले हाँस्नु हुन्न र हाँस्ने जति सबै वेश्या हुन् भन्न खोजेका पनि होइनन् । नारीका लज्जा र शालीनतालाई लिएर छिल्लिएर नहाँस, त्यसरी त वेश्या मात्र हाँस्छन् भनेका हुन् । शालीन मुस्कानको विरोध उनले गरेका छैनन् । भानुभक्तलाई आजको आँखाले होइन त्यति बेलाको आँखाले हेर्नुपर्छ भन्ने स्पष्ट धारणा यस पुस्तकले राखेको छ ।

## ५. समापन

धेरै व्यक्तिहरूमाथि जीवनी लेखेका जीवनीकार नरेन्द्रराज प्रसाईले 'भानुभक्त आचार्यको जीवनवृत्त' लेखेर भानुभक्तको जीवनवृत्तलाई जुन किसिमले केलाउने प्रयास गरेका छन्, त्यो प्रशंसनीय छ । यस जीवनीकृतिमा एकातिर पूर्ववर्ती भानुजीवनीकारहरूका तथ्यपरक खोजप्रति सम्मान व्यक्त गरिएको छ भने अर्कातिर सन्दिग्ध कुरा र प्रायोजित पाठभेदप्रति विमति प्रकट गरिएको छ । त्यस्तै भानुभक्तको जीवनीसँग सम्बन्धित भएर आएका अनुश्रुतिहरूको तथ्यसापेक्ष व्याख्या पनि यसमा छ भने पूर्ववर्ती जीवनीकारहरूका कतिपय मान्यता, अनुकल्पना आदिप्रति असहमति पनि प्रकट गरिएको छ । जे होस्, भानुभक्तमाथि केन्द्रित भएर यो कृति आएको छ, त्यो नेपाली वाङ्मयका लागि प्राप्तिपूर्ण कुरा हो ।